
नेपाली किम्बदन्तीमाला



कृष्णप्रकाश श्रेष्ठ

नेपाली किम्बदन्तीमाला



कृष्णप्रकाश श्रेष्ठ

नेपाली किम्बदन्तीमाला

ने भन्ने मुनिले गर्दा पालना न्यायपूर्वक,
यहाँ अस्तित्वमा आयो देश नेपाल नामक ।
नेपाल माहात्म्य, (श्लोक ११ : ६१)

कृष्णप्रकाश श्रेष्ठ

नेपाली किम्बदन्तीमाला

कृष्णप्रकाश श्रेष्ठ

प्रकाशक :

प्रथम प्रकाशन
वि.सं. २०६३(ई.सं. २००६)
१००१ प्रति

विदुर गौतम, वालिका गिरी

रू ८००|-
मुद्रकः ए.पि.एस. प्रेश

NEPALI KIMBADANTI MALA
(Myths & Legends of Nepal in Verse)
by Krishna Prakash Shrestha

प्रकाशकीय

तन्नेरी प्रकाशनले नेपाली साहित्यका अमूल्य रत्नहरूको खोजी र प्रकाशन कार्य गरेर पाठकहरूलाई सक्तो पठनसामग्री प्रदान गर्ने क्रममा यसपटक विशिष्ट साहित्यकार श्री कृष्णप्रकाश श्रेष्ठको **नेपाली किम्बदन्तीमाला** प्रकाशन गरेको छ । यसको प्रकाशन गर्ने जिम्मा हामीलाई दिएकोमा श्री श्रेष्ठप्रति हामी नतमस्तक छौँ ।

देश भनेको एउटा भावनात्मक सम्बन्धद्वारा बाँधिएका मानिसहरूको समूह हो । त्यस्तो सम्बन्ध परम्परादेखि मानिआएर त्यसले संस्कृतिको स्वरूप धारण गरेको हुन्छ । संस्कृतिमा तार्किक एवम् विश्वासमा अडेका अनेकौं पक्षहरू समेटिएका हुन्छन् । तीमध्येको एउटा महत्त्वपूर्ण पक्ष हो - किम्बदन्ती । यसले जनमानसको धारणा र गहिरो विश्वास बोकेको हुन्छ । कतिपय ठाउँका नामहरू, देवीदेवताहरू, प्रचलनहरू आदि पनि किम्बदन्तीमा जीवित कथा भएर बाँचेका हुन्छन् । यसले तत्तत् पक्षसित मानवीय र भावनात्मक सम्बन्धलाई प्रसार मात्र नगरी तिनलाई जनइतिहासका रूपमा संरक्षण गर्ने कामसमेत गर्दछ । नेपाल त एउटा समृद्ध बहुसाँस्कृतिक, बहुभाषिक र बहुजातीय देश भएकोले यहाँ यस्ता विभिन्न सांस्कृतिक सरोकारका विषयले बढी महत्त्व पाउनु स्वाभाविकै हो ।

कृष्णप्रकाश श्रेष्ठ रुसमा बसेर नेपाली भाषा, लोकसाहित्य, संस्कृति एवम् अनुवादका क्षेत्रमा निरन्तर सक्रिय व्यक्तित्व हुन् । प्रस्तुत कृति उनको अध्यवसायको सुन्दर सोपान हो ।

यस कृतिको सङ्कलनमा लेखकले गरेको मिहिनेत तथा विषयलाई अनुष्टुप् छन्दमा सरल र सरसताका साथ बाँध्न सक्नुलाई जति प्रशंसा गरे पनि थोरै हुन्छ । त्यसैले प्रस्तुत कृतिको सबैबाट स्वागत हुनेछ भनी आशा गर्नु हामी आफ्नो कर्तव्य सम्झन्छौं ।

आउँदो समयमा पनि यस्तै दूर महत्त्वका कृति प्रकाशन गरी पाठकसमक्ष पुऱ्याउने वाचा गर्दै प्रस्तुत कृति विशेषज्ञ एवम् जिज्ञासु पाठकलाई समर्पण गर्दछौं ।

प्राक्कथन

नेमिना मुनिना यस्मात् पालितम् पुण्यकर्मणा ।
क्षेत्रं हिमवतः कुक्षावतो नेपालसंज्ञकम् ॥

'. 'लमाहात्म्य, अ. ११, श्लो. ६१

चार वर्ण र छत्तीस जातको फूलबारी भनिने नेपाल बहुभाषी र बहुराष्ट्रिय देश हो । यहाँ बसोवास गर्ने विभिन्न जनजातिहरूका आआफ्नै जीवनपद्धति, रीतिरिवाज, किम्वदन्ती र दन्त्यकथाहरू छन् । भनिन्छ, नेपालमा जे जति दन्त्यकथा र किम्वदन्तीहरू प्रचलित छन् ती सबैलाई टिपेर माला गुँथ्ने हो भने हिमालय पर्वतलाई १०८ पल्ट त्यसले बेर्न सकिनेछ । यो पनि एउटा किम्वदन्ती नै हो ।

यहाँनेर दन्त्यकथा र किम्बदन्तीमा के अन्तर छ भन्ने विषयमा केही चर्चा गर्न चाहन्छु । कारण के त भने कतिपय नेपाली विद्वान्हरूले लोककथा र दन्त्यकथामा एकातिर कुनै भेद देखाउने गरेका छैनन् भने अर्कोतिर कतिपय अध्येताहरूले किम्वन्तीलाई ऐतिहासिक कथा मानेका छन् । अवश्यमेव यी दुवै विधालाई लोककथाको रूपमा लिन नसकिने होइन, तर किम्बदन्ती ऐतिहासिक कथा चाहिं अवश्य होइन । बाहिरी रूपमा त्यतिसारो अन्तर नभए तापनि के दन्त्यकथा र के किम्बदन्ती दुवै नै आख्यानविधा हुन् र तिनमा कथातत्व अवश्य रहेको हुन्छ । परन्तु किम्बदन्ती र दन्त्यकथाको मूल भेद चाहिं कथ्यप्रति मानिसहरूको आस्था र अनास्थामा छ । किम्बदन्तीको कथानकलाई सत्यकथाको रूपमा आस्था राखेर विश्वास गरिन्छ भने दन्त्यकथाको कथानक कल्पनाप्रसून मानिन्छ र त्यसको सत्यतामा कसैले विश्वास गर्दैन । वास्तवमा चाहिं यी दुवै विधामा कल्पना र अलौकिकताको प्राचूर्य रहन्छ ।

पछिल्लो समयमा नेपाली विद्वान्हरूबाट सैद्धान्तिक रूपमा दन्त्यकथा र किम्वदन्तीको भेद खुट्याउन थालिएको पाइन्छ । उदाहरणार्थ, तुलसी दिवसले किम्वदन्तीलाई सगोलमा सांस्कृतिक ऐतिहासिक लोककथा भन्ने नाम दिंदै यसअन्तर्गत 'ऐतिहासिक एवं सांस्कृतिक व्यक्ति, स्थान तथा घटनाको विवरण, चाडपर्व, उत्सव आदिको उत्पत्ति र प्रचलन हुनाको कारण र विभिन्न देवीदेवताका मन्दिर निर्माणको प्रसंगसंग सम्बन्धित नेपाली लोकजीवनमा प्रचलित

किम्वदन्ती, जनश्रुति, आख्यायिका तथा अवदानहरू' (दिवस, २०३९, पृ. ३०) समाविष्ट गरे तापनि उनले किम्बदन्तीको स्पष्ट व्याख्या प्रस्तुत गरेका छैनन् । उनको मत के छ भने 'ऐतिहासिक तथा सांस्कृतिक तथ्य हुँदाहुँदै पनि धेरैजसो यी कथाहरूमा लोककल्पनाले लौकिक व्यक्ति तथा घटनाको सम्वन्ध आधिभौतिक तथा अलौकिक शक्तिहरूसंग देखाइएको पाइन्छ । यति हुँदाहुँदै पनि यी कथाहरू जातीय तथा स्थानीय सामाजिक सांस्कृतिक इतिहास अध्ययनको निर्मित्त उपयोगी र महत्वपूर्ण हुन सक्छन्' (दिवस, २०३९, पृ. ३० : ३१) । चूडामणि वन्धुले चाहिं 'भन्दा सत्य रूपमा भनिने र सुन्दा पनि साँचो मानेर सुनिने कथाहरू' (मिथककथा वा पौराणिक कथा, ऐतिहासिक कथा) लाई किम्बदन्ती वताएका छन् । उनले किम्बदन्तीलाई लोककथाकै एक प्रकार मानेका छन्, तर लोककथाको विशेषताको चर्चा गर्दै यसका दुई रूपहरूबीच तात्विक अन्तर स्पष्ट पारेका छन् । वास्तवमा यसलाई क्रमशः किम्बदन्ती र दन्त्यकथाको संज्ञा दिनु युक्तिसंगत हुनेछ । सत्यको रूपमा भनिनु पहिलोको विशेषता हो भने मनोरञ्जनका रूपमा भनिनु चाहिं दोस्रोको अभीष्ट हो । यी दुवैका बीच यस मूल भिन्नताका अतिरिक्त नेपाली विद्वान्ले अरु छ बुँदाहरू प्रस्तुत गरेका छन् (बन्धु, २०५८, पृ. २८६ : २८७) । यस प्रकार उनको कथनअनुसार किम्बदन्तीहरू 'परापूर्व कालमा' भनेर थालिने र खास गरी बूढापाकाहरूले भन्ने-सुन्ने भए तापनि आधारभूत रूपमा तिनका मौलिक विशेषतासम्बन्धी निम्न बुँदाहरूलाई ग्रहण गर्न सकिन्छ : (१) समाजको संस्कृतिसंग जोडिएको हुनु, (२) समाजका पुराना धारणा, मान्यता र विश्वासको अभिव्यक्ति हुनु, (३) भाषाको प्राचीनतम रूप भेट्टिनु (खास गरी लोकगाथा वा लोककाव्य र लोकनाटकमा), (४) सृष्टिका तथ्यहरूको व्याख्या हुनु आदि ।

लोकवार्ताविद् लाउरी होन्कोको हवाला दिंदै चूडामणि बन्धुले लोकाख्यानहरू छुटचाउन पवित्रता र यथार्थता जस्ता दुई मानकहरूको चर्चा गरेका छन् । यसको आधारमा के सिद्ध हुन्छ भने 'पवित्रता र काल्पनिकताको मिश्रणबाट मिथक वा पुराकथाको निर्माण हुन्छ । पवित्रताको मात्र अंश हुँदा त्यो पवित्र इतिहास हुन्छ भने काल्पनिकताको मात्र अंश हुँदा परिकथा बन्दछ । किम्बदन्तीको स्थिति बीचमा रहन्छ । यसमा केही काल्पनिकताको र केही पवित्रताको अंश पनि पाइन्छ, तर पुराकथामा भन्दा कम । बीचको स्थितिमा रहेको किम्बदन्तीका विविध भेदहरू हुन सक्छन् । यथार्थताको प्रबलता भएको ऐतिहासिक कथा हुन्छ भने काल्पनिकताको प्रवलता भएको उत्पत्तिकथा हुन्छ' (बन्धु, २०५८, पृ. ३१) । किम्वदन्तीका अन्य विभेदहरूमध्ये उनले कल्पना र पवित्रताको अंश वढी भएको सन्तकथा, पवित्रताको मात्र प्रवलता भएको विश्वासकथा र यथार्थ तथा कल्पनाको बीचको स्थितिमा रहेको मन्त्रकथा आदिको पनि चर्चा गर्दै आख्यानहरूको वर्गीकरणको आधार भन्ने एउटा तालिका नै प्रस्तुत गरेका छन् । त्यस तालिकामा एकातिर कल्पनाप्रसून

परीकथा (भनौं दन्त्यकथा) र अर्कोतिर पवित्रताप्रसून पुराकथा (पुराण) को मध्य भागमा केही काल्पनिकता र केही पवित्रताको अंश भएको किम्वदन्तीलाई विराजमान गराइएको छ । यसरी हामीलाई सरोकार भएको किम्बदन्ती र पुराकथाको मौलिक भेदतिर यहाँ औंल्याउन खोजिएको छ । आस्थामूलक अभिव्यक्तिका रूपमा पुराकथालाई नै शास्त्रीय अर्थमा पुराण (पौराणिक कथा) वा लौकिक अर्थमा मिथक पनि भन्न नसकिने होइन भन्दै उनले के पनि स्पष्ट पारेका छन् भने 'पुराणहरूलाई पवित्र मानेजस्तै मिथकहरूलाई पनि पवित्र मानिन्छ । मिथकलाई लोकले सत्यका रूपमा ग्रहण गरेको हुन्छ र आस्थापूर्ण मनले स्वीकार गरेको हुन्छ । पुराणहरूजस्तै मिथकहरू पनि अनुष्ठानहरूसंग सम्बन्धित हुन्छन्' (बन्धु, २०५८, पृ. ३१) ।

पौराणिक कथा, ऐतिहासिक क ा र पुराकथाबीच रहेको अन्तरतर्फ पनि चूडामणि बन्धुले अंगूलीनिर्देश गरेका छन् । पुराकथा (Myths) र किम्बदन्ती (Legends) बीच भिन्नता छुट्ट्याउन गाह्रो हुने तथ्यतर्फ औंल्याउँदै उनले 'पुराकथाहरू पुराना भए पनि वर्तमानमा पनि उत्तिकै सजीव र सक्रिय छन् र भविष्यमा पनि रहनेछन्' भन्ने निष्कर्ष निकालेका छन् । यस्ता कथाहरूलाई पौराणिक नभनेर मिथककथा भन्नु उपयुक्त हुने राय प्रकट गर्दै 'मिथक कथाहरूमा लोकमानसको आदिम रूप रहन्छ र प्राचीनतम समाजका मूल्य, मान्यता र आस्थाको अभिव्यक्ति यिनमा हुन्छ' (बन्धु, २०५८, पृ. २८५) भन्ने उनको विचार छ । पराशक्तिको उपस्थिति हुँदैमा कुनै कथा मिथक नबन्ने तथ्यतर्फ संकेत गर्दै उनले मिथक पनि प्रकृतिसम्बन्धी, सृष्टिसम्बन्धी र नायकसम्बन्धी आदि विभिन्न प्रकारका हुन्छन् भन्ने जनाएका छन् । उनको भनाइअनुसार 'प्राकृतिक शक्तिहरूको (मेघ, सूर्य, जल, वृक्ष, पशु, पक्षी, अग्नि) नाटकीकरण विभिन्न मिथककथाहरूमा पाइन्छ । संसारको सृष्टि, प्रलय तथा संसारका विभिन्न वस्तुहरूको रचनासम्बन्धी मिथकहरू सृष्टिसम्बन्धी मिथकअन्तर्गत पर्दछन् । नायक मिथकअन्तर्गत विभिन्न देवीदेवता र दिव्य पुरुषहरू असाधारण व्यक्तित्वमा प्रकट भएका पाइन्छन्' (बन्धु, २०५८, पृ. २८५) । जे होस्, चूडामणि बन्धुले नेपाली पुराकथा र किम्बदन्तीहरूको सांङ्गोपाङ्ग विवेचना प्रस्तुत नगरे तापनि मेरो विचारमा नेपाली विद्वान्हरूमध्ये सर्वप्रथम लोकसाहित्यको यस विधावारे कतिपय सैद्धान्तिक मान्यताहरूको उद्घाटन गरेका छन् । निसन्देह नै हाम्रो जस्तो बहुजातीय समाजमा 'जहाँ विभिन्न भाषाभाषीका आआफ्ना मिथकहरू छन्, त्यहाँ एक अर्काका आस्था र विश्वासको समुचित सम्मान गर्दै तिनको सही पहिचान र विवेचना गर्नु आवश्यक छ' (बन्धु, २०५८, पृ. ३१) भन्ने चूडामणि बन्धुको कथन मननीय छ ।

नेपाली किम्वदन्तीहरूको स्रोतवारे पनि दुई शब्द भन्नु आवश्यक छ । माथि भनिएझैं यसको मूल स्रोत त जनआस्था नै हो । यसैउसले किम्बदन्तीहरूमा विभिन्न अलौकिक शक्तिहरूको वर्णन परेको हुन्छ,

जस्तै देवदेवीहरूको उत्पत्ति, तिनीहरूको क्रियाकलाप, अलौकिक वर्णन इत्यादि । यस दृष्टिले किम्वदन्तीहरू जनमानसद्वारा स्वीकारिएका धारणाहरूमा आधारित हुन्छन् भन्न सकिन्छ । तैपनि स्रोतहरूको कुरा गर्दा मौखिक रूपमा हामीसम्म निसृत भएर आएका पौराणिक कथा, अनुश्रुति, पुराकथा आदिको चर्चा आवश्यक हुन जान्छ । कुन कुरा पनि उल्लेखनीय छ भने अठार पुराण, महाभारत, रामायण, वौद्ध जातककथा आदि मात्र नेपाली किम्वदन्तीहरूका स्रोत होइनन् । नेपाली किम्वदन्तीहरूवारे चर्चा गर्दा नेपालमा बसोवास गर्ने विभिन्न जनजातिहरूमा प्रचलित पुराकथाहरूलाई समेत ध्यानमा राख्नु जरुरी हुन्छ । यस अर्थमा हिमवत्खण्ड र नेपाल माहात्म्य, स्वयम्भूपुराण र स्वस्थानी आदिका साथै किरात जातिको वेद मानिने मुन्धुम इत्यादि विभिन्न जनजातिहरूका धार्मिक ग्रन्थहरूका अतिरिक्त मौखिक परम्परामा जीवित रहेका किम्वदन्तीहरूलाई पनि नेपाली किम्वदन्तीहरूको स्रोतको रूपमा लिनुपर्दछ ।

फेरि नेपालमा मुख्यतः हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साथै अद्यापि लोकधर्मको अवलम्बन गर्ने मानिसहरूको बसोवास रहेको हुँदा पौराणिक श्रोतहरूमा आधारित नेपाली किम्वदन्तीहरूलाई पनि यिनै धर्महरूका लिखित वा मौखिक अनुश्रुति र आख्यानहरूले हिमाली भेकको माटो सुहाउँदो मलजल दिई हुर्काएको देखिन्छ । जे होस्, विभिन्न पुराण (मृगस्थली, तीज), महाभारत (दमौली), रामायण (मिथिला, धनुषा, दुग्धवती), जातक (हारति, नमोबुद्ध), त्रिपिटक (बौद्धभिक्षु, कपिलवस्तु) आदि शास्त्रीय धार्मिक ग्रन्थहरूबाट सापट लिइएका कथानकहरू समेत नेपाली किम्वदन्तीमा रूपान्तरित हुँदा आफ्नै विशेषताले युक्त मौलिक चरित्रका बनिसकेका हुन्छन् भन्नु अत्युक्ति हुँदैन । अझ भन्ने हो भने नेपालमा रचिएका वंशावली, माहात्म्य आदि ऐतिहासिक तथा धार्मिक महत्व राख्ने ग्रन्थहरू वस्तुतः किम्वदन्तीमय बनेका पाइन्छन् भन्दा अत्युक्ति होवैन । यस अर्थमा हिन्दू तथा बौद्ध धर्मका अनुश्रुतिमूलक धार्मिक ग्रन्थहरू मात्र नभई संस्कृत, नेवारी (नेपालभाषा) र नेपाली भाषाहरूमा लीपिबद्ध गरिएका विभिन्न धार्मिक ग्रन्थ, माहात्म्य र वंशावलीहरू समेत नेपाली किम्वदन्तीहरूका अजस्र स्रोतको रूपमा रहेका छन् ।

नेपालको इतिहास लेखनमा वंशावलीकारहरूले प्राग्ऐतिहासिक कालको इतिवृत्तमा तारतम्य मिलाउन स्वयम्भूपुराण तथा नेपाल महात्म्यलगायत विभिन्न पौराणिक अनुश्रुति र किम्वदन्तीहरूलाई नै आधार तुल्याउने प्रयास गरेको पाइन्छ । वर्तमान समयका नेपाली इतिहासकारहरूले पनि सुदूर अतीतको त्यस युगलाई पौराणिक र अनुश्रुतिकाल (शर्मा, २०२२, पृ. ५३ : ७७) वा 'परम्पराको निर्वाहको रूपमा' पौराणिक काल (भण्डारी, २०१५, पृ. १५ : २२) भन्ने नाम दिएका छन् । सत्ययुगदेखि कलियुगसम्मको वर्णन गरिएको यस

कालखण्डमा विभिन्न अनुश्रुति तथा किम्वदन्तीहरूको चर्चा गरिएको छ। नेपालको इतिवृत्तलेखन मुख्यत: नेपाल उपत्यकाभित्र मात्र सीमित रहेको पाइनुका साथै खास गरी स्वयम्भूपुराणमा वर्णित बौद्ध आख्यानलाई प्रमुख आधार मानेको पाइन्छ। प्रस्तुत संग्रहमा समाविष्ट स्थाननामसम्बन्धी केही किम्वदन्तीहरू यिनै आख्यानहरूमा आधारित छन्।

यहाँ किम्वदन्ती, अनुश्रुति, पुराकथा आदि विभिन्न विधाहरूको विवेचना गर्नपट्टि नलागेर यति मात्र भन्न चाहन्छु कि नेपालीमा मुख्यत: किराती, नेवारी (नेपालभाषा), नेपाली भाषाहरूमा किम्वदन्तीहरू हाल केही मात्रामा लिपिबद्ध भएका छन्। विभिन्न पत्रपत्रिकाहरूमा छिटपुट रूपमा प्रकाशित नेपाली किम्बदन्तीहरूका अतिरिक्त विभिन्न संग्रहहरूमा पनि नेपाली पुराकथा र किम्बदन्तीहरू समाविष्ट गरिएका छन्। यस परिप्रेक्ष्यमा ललितजंग सिजापतिको पुस्तक नेपाली ऐतिहासिक कथासंग्रह (काठमाडौं, वि.सं. २०११) को अग्रगण्य स्थान रहेको छ भन्नुपर्दछ। संकलनकर्ताले ऐतिहासिक कथा भन्ने संज्ञा दिए तापनि यस संग्रहमा मुख्यतथा किम्बदन्तीहरू नै लीपिबद्ध गरिएका छन्। यस पंक्तिकारले प्राप्त गरेको पं देवीप्रसाद लंसालबाट सम्पादित भाषावंशावली, द्वितीय भाग (काठमाडौं, वि.सं. २०२३) मा र राइटद्वारा अंग्रेजी भाषामा नेपालको इतिहास शीर्षकमा प्रकाशमा ल्याइएको नेपालको वंशावलीमा आधारित कृति (Wright D. History of Nepal, Cambridge, 1877) मा समेत नेपालका कतिपय किम्बदन्तीहरू परेका छन्। नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित नेपाली लोककथा (सम्पादक : तुलसी दिवस, काठमाडौं, वि.सं. २०३९) मा सांस्कृतिक ऐतिहासिक लोककथाहरू भन्ने उपशीर्षकअन्तर्गत ९ ओटा किम्बदन्तीहरू परेका छन्। किराती किम्बदन्तीहरू चाहिं मुन्धुमग्रन्थमा संग्रहित भए तापनि केही समयअघिसम्म इमानसिंह चेमजोडको सत्प्रयासबाट देवनागरी लीपिमा किराती र नेपाली भाषामा प्रकाशित किरात मुन्धुम (किरातको वेद, चम्पारण, ?) को एउटा संस्करण मात्र उपलब्ध थियो भने हालसालै वैरागी काइँलाको अग्रसरतामा सिरिजंगा लीपिमा मूलपाठसहित देवनागरीमा लिप्यान्तरण र नेपालीमा रूपान्तरण समेत भएको चङःत् मुन्धुम (सृष्टिवर्णन, काठमाडौं, २०६०) प्रकाशमा आएको छ। इमानसिंह चेमजोडको लेखनीबाट निसृत किराती दन्त्यकथा (काठमाडौं, २०२१) का साथै नीमा तकनीलमूलिखित लेप्चाजातिको उत्पत्ति औ सृष्टिको एक झल्को (दार्जीलिंग, ?) तथा सोनाम छिरिड लेप्चासंग मिलेर उनले लेखेको पुस्तक लेप्चा लोककथा संग्रह (दार्जीलिंग, ?) मा पनि किरात जातिका किम्बदन्तीहरू समाविष्ट छन्।

नेपालमा मनाइने चाडवाडहरूप्रति समर्पित पुस्तकहरूमा पनि प्रकारान्तरले केही किम्बदन्तीहरू लिपिबद्ध भएका छन्। यसको उदाहरणको रूपमा नेपालीमा पुण्यरत्न बज्राचार्यलिखित हाम्रो चाडपर्व (काठमाडौं, २०२०), लीलभक्त मुनंकर्मीलिखित हाम्रा सांस्कृतिक पर्व र

जस्तै देवदेवीहरूको उत्पत्ति, तिनीहरूको क्रियाकलाप, अलौकिक वर्णन इत्यादि । यस दृष्टिले किम्वदन्तीहरू जनमानसद्वारा स्वीकारिएका धारणाहरूमा आधारित हुन्छन् भन्न सकिन्छ । तैपनि स्रोतहरूको कुरा गर्दा मौखिक रूपमा हामीसम्म निसृत भएर आएका पौराणिक कथा, अनुश्रुति, पुराकथा आदिको चर्चा आवश्यक हुन जान्छ । कुन कुरा पनि उल्लेखनीय छ भने अठार पुराण, महाभारत, रामायण, वौद्ध जातककथा आदि मात्र नेपाली किम्बदन्तीहरूका स्रोत होइनन् । नेपाली किम्बदन्तीहरूबारे चर्चा गर्दा नेपालमा बसोवास गर्ने विभिन्न जनजातिहरूमा प्रचलित पुराकथाहरूलाई समेत ध्यानमा राख्नु जरुरी हुन्छ । यस अर्थमा हिमवत्खण्ड र नेपाल माहात्म्य, स्वयम्भूपुराण र स्वस्थानी आदिका साथै किरात जातिको वेद मानिने मुन्धुम इत्यादि विभिन्न जनजातिहरूका धार्मिक ग्रन्थहरूका अतिरिक्त मौखिक परम्परामा जीवित रहेका किम्बदन्तीहरूलाई पनि नेपाली किम्बदन्तीहरूको स्रोतको रूपमा लिनुपर्दछ ।

फेरि नेपालमा मुख्यतः हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साथै अद्यापि लोकधर्मको अवलम्बन गर्ने मानिसहरूको बसोवास रहेको हुँदा पौराणिक श्रोतहरूमा आधारित नेपाली किम्बदन्तीहरूलाई पनि यिनै धर्महरूका लिखित वा मौखिक अनुश्रुति र आख्यानहरूले हिमाली भेकको माटो सुहाउँदो मलजल दिई हुर्काएको देखिन्छ । जे होस्, विभिन्न पुराण (मृगस्थली, तीज), महाभारत (दमौली), रामायण (मिथिला, धनुषा, दुग्धवती), जातक (हारति, नमोबुद्ध), त्रिपिटक (बौद्धभिक्षु, कपिलवस्तु) आदि शास्त्रीय धार्मिक ग्रन्थहरूबाट सापट लिइएका कथानकहरू समेत नेपाली किम्बदन्तीमा रूपान्तरित हुँदा आफ्नै विशेषताले युक्त मौलिक चरित्रका बनिसकेका हुन्छन् भन्नु अत्युक्ति हुँदैन । अझ भन्ने हो भने नेपालमा रचिएका वंशावली, माहात्म्य आदि ऐतिहासिक तथा धार्मिक महत्व राख्ने ग्रन्थहरू वस्तुतः किम्बदन्तीमय बनेका पाइन्छन् भन्दा अत्युक्ति होवैन । यस अर्थमा हिन्दू तथा बौद्ध धर्मका अनुश्रुतिमूलक धार्मिक ग्रन्थहरू मात्र नभई संस्कृत, नेवारी (नेपालभाषा) र नेपाली भाषाहरूमा लीपिबद्ध गरिएका विभिन्न धार्मिक ग्रन्थ, माहात्म्य र वंशावलीहरू समेत नेपाली किम्वदन्तीहरूका अजस्र स्रोतको रूपमा रहेका छन् ।

नेपालको इतिहास लेखनमा वंशावलीकारहरूले प्रागऐतिहासिक कालको इतिवृत्तमा तारतम्य मिलाउन स्वयम्भूपुराण तथा नेपाल महात्म्यलगायत विभिन्न पौराणिक अनुश्रुति र किम्बदन्तीहरूलाई नै आधार तुल्याउने प्रयास गरेको पाइन्छ । वर्तमान समयका नेपाली इतिहासकारहरूले पनि सुदूर अतीतको त्यस युगलाई पौराणिक र अनुश्रुतिकाल (शर्मा, २०२२, पृ. ५३ : ७७) वा 'परम्पराको निर्वाहको रूपमा' पौराणिक काल (भण्डारी, २०१५, पृ. १५ : २२) भन्ने नाम दिएका छन् । सत्ययुगदेखि कलियुगसम्मको वर्णन गरिएको यस

कालखण्डमा विभिन्न अनुश्रुति तथा किम्वदन्तीहरूको चर्चा गरिएको छ। नेपालको इतिवृत्तलेखन मुख्यत: नेपाल उपत्यकाभित्र मात्र सीमित रहेको पाइनुका साथै खास गरी स्वयम्भूपुराणमा वर्णित बौद्ध आख्यानलाई प्रमुख आधार मानेको पाइन्छ। प्रस्तुत संग्रहमा समाविष्ट स्थाननामसम्बन्धी केही किम्वदन्तीहरू यिनै आख्यानहरूमा आधारित छन्।

यहाँ किम्वदन्ती, अनुश्रुति, पुराकथा आदि विभिन्न विधाहरूको विवेचना गर्नपर्ट्टि नलागेर यति मात्र भन्न चाहन्छु कि नेपालीमा मुख्यत: किराती, नेवारी (नेपालभाषा), नेपाली भाषाहरूमा किम्वदन्तीहरू हाल केही मात्रामा लिपिवद्ध भएका छन्। विभिन्न पत्रपत्रिकाहरूमा छिटपुट रूपमा प्रकाशित नेपाली किम्वदन्तीहरूका अतिरिक्त विभिन्न संग्रहहरूमा पनि नेपाली पुराकथा र किम्बदन्तीहरू समाविष्ट गरिएका छन्। यस परिप्रेक्ष्यमा ललितजंग सिजापतिको पुस्तक नेपाली ऐतिहासिक कथासंग्रह (काठमाडौं, वि.सं. २०११) को अग्रगण्य स्थान रहेको छ भन्नुपर्दछ। संकलनकर्ताले ऐतिहासिक कथा भन्ने संज्ञा दिए तापनि यस संग्रहमा मुख्यतथा किम्बदन्तीहरू नै लीपिबद्ध गरिएका छन्। यस पंक्तिकारले प्राप्त गरेको पं देवीप्रसाद लंसालबाट सम्पादित भाषावंशावली, द्वितीय भाग (काठमाडौं, वि.सं. २०२३) मा र राइटद्वारा अंग्रेजी भाषामा नेपालको इतिहास शीर्षकमा प्रकाशमा ल्याइएको नेपालको वंशावलीमा आधारित कृति (Wright D. History of Nepal, Cambridge, 1877) मा समेत नेपालका कतिपय किम्बदन्तीहरू परेका छन्। नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित नेपाली लोककथा (सम्पादक : तुलसी दिवस, काठमाडौं, वि.सं. २०३९) मा सांस्कृतिक ऐतिहासिक लोककथाहरू भन्ने उपशीर्षकअन्तर्गत ९ ओटा किम्बदन्तीहरू परेका छन्। किराती किम्बदन्तीहरू चाहिं मुन्धुमग्रन्थमा संग्रहित भए तापनि केही समयअधिसम्म इमानसिंह चेमजोडको सत्प्रयासबाट देवनागरी लीपिमा किराती र नेपाली भाषामा प्रकाशित किरात मुन्धुम (किरातको वेद, चम्पारण, ?) को एउटा संस्करण मात्र उपलब्ध थियो भने हालसालै वैरागी काइँलाको अग्रसरतामा सिरिजंगा लीपिमा मूलपाठसहित देवनागरीमा लिप्यान्तरण र नेपालीमा रूपान्तरण समेत भएको चङ्‌त् मुन्धुम (सृष्टिवर्णन, काठमाडौं, २०६०) प्रकाशमा आएको छ। इमानसिंह चेमजोडको लेखनीबाट निसृत किराती दन्त्यकथा (काठमाडौं, २०२१) का साथै नीमा तकनीलमूलिखित लेप्चाजातिको उत्पत्ति औ सृष्टिको एक झल्को (दार्जीलिंग, ?) तथा सोनाम छिरिड लेप्चासंग मिलेर उनले लेखेको पुस्तक लेप्चा लोककथा संग्रह (दार्जीलिंग, ?) मा पनि किरात जातिका किम्बदन्तीहरू समाविष्ट छन्।

नेपालमा मनाइने चाडबाडहरूप्रति समर्पित पुस्तकहरूमा पनि प्रकारान्तरले केही किम्बदन्तीहरू लिपिबद्ध भएका छन्। यसको उदाहरणको रूपमा नेपालीमा पुण्यरत्न वज्राचार्यलिखित हाम्रो चाडपर्व (काठमाडौं, २०२०), लीलभक्त मुनंकर्मीलिखित हाम्रा सांस्कृतिक पर्व र

जात्राहरू (दोस्रो संस्करण, काठमाडौं, २०४३), सत्यमोहन जोशीलिखित नेपाली चाडपर्व (काठमाडौं, २०३९) तथा नेवारी (नेपालभाषा) मा चुन्दा वज्राचार्यलिखित नेवा:तजिलजिइ नख:चख: (नेवारजातिका चाडवाडहरू, काठमाडौं, २०५७), ईश्वरमान प्रधानलिखित झीगु तजिलजिइ नख: व जात्रा (हाम्रा चाडपर्व र जात्रा, काठमाडौं, २०५८) आदिको नामोल्लेख गर्न सकिन्छ । यसका अतिरिक्त केही शोधग्रन्थहरूमा समेत नेपाली किम्वदन्तीहरू समाविष्ट भएका छन् । उदाहरणार्थ, चूडामणि बन्धुलिखित नेपाली लोकसाहित्य (काठमाडौं, २०५८) मा कतिपय किम्बदन्तीहरूको सार प्रस्तुत गरिएको छ भने तेजप्रकाश श्रेष्ठलिखित नेपाली लोकसंस्कृति : केही सम्पदा, केही परम्परा (काठमाडौं, २०६०) मा देवोत्पत्तिसम्बन्धी केही किम्बदन्तीहरू एवं गौतमवज्र वज्राचार्यलिखित हनूमानढोका राजदरबार (काठमाडौं, २०३३) अन्तर्गत संस्कृति खण्डमा विभिन्न जात्रासम्बन्धी उत्पत्तिकथाहरू समाविष्ट छन् ।

किम्बदन्तीका पात्रहरू प्रायश: अलौकिक चरित्रका नै हुन्छन् र तिनमा देवदेवी, नागनागिनी, दैत्यदानव आदिको वर्णन गरिएको पाइन्छ । तर मानव पात्रहरू पनि किम्बदन्तीका नायक बन्न नसक्ने होइनन् । कतिपय यस्ता पात्रहरू काल्पनिक नभई ऐतिहासिक व्यक्तित्वहरू समेत हुने गरेका छन् । नेपालको इतिहासमा महत्वपूर्ण स्थान राख्ने राजा, रानी, मन्त्री, भारादारहरूका साथै विद्वान्, पण्डित, पुरोहित, साधु, महात्मा, भिक्षु, लामा, तान्त्रिक, भरिया, ज्यापु, गोठालो आदि पनि किम्बदन्तीका पात्र बनेका पाइन्छन् । नेपाली किम्बदन्तीहरूमा दैवी तथा अलौकिक पात्रहरूको तिलस्मीपूर्ण र अद्भुत क्रियाकलापको वर्णन पाइए तापनि तिनमा नेपाली जनजीवनकै प्रतिबिम्ब उत्रेको हुन्छ भन्नु अत्युक्ति हुने छैन । हरेक किम्बदन्तीमा नेपालीहरूको धार्मिक आस्था मात्र झल्केको नभई तिनीहरूको मनोविज्ञान र दर्शन, विचारधारा र चिन्तन, हर्षविषाद र सुखदु:खको अभिव्यक्ति पाइन्छ । देवदेवी तथा दैत्यदावनहरूको चरित्रमा समेत मानवजातिको निम्ति स्वाभाविक करुणा, दया, प्रेम, वात्सल्य, लोभ, मोह, क्रोध, अहंकार, विद्वेष, घृणा, मद, मात्सर्य, विद्रोह, संघर्ष नै प्रतिविम्बित भएको पाइन्छ । अन्ततोगत्वा न्याय र सत्यको जय तथा अन्याय र असत्यको पराजयकै संकेत तिनको अभीष्ट रहेको छ ।

नेपाली पुराकथा एवं किम्वदन्तीहरूलाई विधागत दृष्टिले पनि विभाजन गर्न नसकिने होइन, यद्यपि अधिकांश किम्वदन्तीहरू माहात्म्य र गाथा, व्याख्या र वर्णनमूलक छन् । नेपाली पुराकथा र किम्वदन्तीहरूमा हामी पहाड र खोलाको सृष्टि, देवदेवीको प्रादुर्भावसम्बन्धी उत्पत्तिकथाका साथै स्थान वा देवदेवी विशेषका माहात्म्य र पौराणिक तथा ऐतिहासिक कथा आदि पाउँछौं । नेपालका किम्वदन्तीहरूलाई विषयवस्तुको आधारमा निम्नानुसार विभिन्न वर्गहरूमा विभाजित गर्न सकिन्छ :

१. पौराणिक स्रोतहरूमा आधारित पौराणिक किम्बदन्तीहरू,
२. ऐतिहासिक व्यक्तित्व वा धटनाहरूमा आधारित ऐतिहासिक किम्बदन्तीहरू,
३. देवदेवीहरूको उत्पत्तिसम्वन्धी किम्बदन्तीहरू,
४. स्थाननामहरूसित सम्बन्धित किम्बदन्तीहरू,
५. जातिनामसित सम्बन्धित किम्बदन्तीहरू,
६. तान्त्रिकहरूसित सम्बन्धित किम्बदन्तीहरू,
७. उत्सवपर्व र जात्राहरूसित सम्बन्धित किम्बदन्तीहरू,
८. पशुपक्षीसित सम्बन्धित किम्बदन्तीहरू,
९. वनस्पतिसित सम्बन्धित किम्बदन्तीहरू,
१०. भूतप्रेतसित सव्बन्धित किम्बदन्तीहरू,
११. दिव्य पुरुष र असाधारण व्यक्तित्वसित सम्बन्धित किम्बदन्तीहरू आदि इत्यादि ।

उपरोक्त आधारमा मोटामोटी रूपमा विषयगत वर्गीकरण गर्ने हो भने स्थाननाम, जातिनाम, देवदेवी, उत्सवपर्व, अलौकिक घटना आदि विभिन्न विषयसित सम्बन्धित किम्बदन्तीहरूको बेगलाबेग्लै समूह छुट्याउन सकिन्छ । कथातत्वको तात्पर्यमा समानताको आधारमा पनि किम्बदन्तीहरूको विश्लेषण गर्नु युक्तिसंगत हुनेछ । भविष्यमा यस क्षेत्रमा अनुसन्धानकर्ताहरू संलग्न हुने आशा राखिन्छ ।

यस संग्रहमा नेपाली किम्बदन्तीहरूलाई विषयवस्तुका दृष्टिले मोटामोटी रूपमा नौ अध्यायमा विभाजित गरिएको छ । ती हुन् : १. स्थाननाम, २. जलनाम, ३. वास्तुनाम, ४. देवनाम, ५. देवीनाम, ६. उत्सवपर्व, ७. नृवंशनाम, ८. तान्त्रिकनाम तथा ९. विविध । यो सजिलोको निम्ति गरिएको विषयगत वर्गीकरण मात्र हो । तसर्थ एउटा वर्गभित्र पर्न सक्ने विषय आंशिक रूपमा अर्को वर्गमा पनि पर्न जानु स्वाभाविकै हुन्छ । उदाहरणार्थ, छिटपुट स्थाननामको व्याख्या नृवंशनाम वा देवनामअन्तर्गत पनि भेटिन्छन् भने देवनाम वा देवीनाम चाहिं उत्सवपर्वअन्तर्गत पर्नु पनि सामान्य कुरा हो । तर हरेक सिङ्गो किम्बदन्तीलाई विषयगत वर्गीकरणको परिधिभित्र राख्ने प्रयास गरिएको छ भने निर्दिष्ट विषयबाहिर पर्ने विभिन्न खालका किम्बदन्तीहरूलाई विविध अन्तर्गत समेटिएको छ । द्रष्टव्य के पनि छ भने नेपालका सबै पुराकथा र किम्बदन्तीहरूलाई यस संग्रहमा समाविष्ट गर्न सकिएको छैन र अहिलेलाई यो सम्भव पनि देखिंदैन । छिटपुट रूपमा पूर्व मेची र पश्चिम महाकालीसम्म चहार्ने केही हदसम्म प्रयास गरिए तापनि यहां मुख्यतया वागमती उपत्यकाको नै किंचित् प्रतिनिधित्व भएको पाइने छ । नेपालका विभिन्न भेकहरूमा प्रचलित विभिन्न भाषाका कैयौं किम्बदन्तीहरू अझैं वैज्ञानिक ढंगबाट लीपिबद्ध भइ नसकेको अहिलेको

अवस्थामा नेपाली र नेवारी (नेपालभाषा) मा प्रकाशित भएकै समेत सबै किम्बदन्तीहरू यहाँ प्रस्तुत हुन नसक्नुको आफ्नै औचित्य छ । उदाहरणार्थ, किरातजातिका पुराकथा र किम्बदन्तीहरूकै चर्चा गर्न सकिन्छ, जो आंशिक रूपमा नेपाली भाषामा उपलव्ध छन् । प्रस्तुत संग्रहको सन्दर्भमा एउटा उल्लेखयोग्य कुरा के पनि छ भने अहिलेसम्म नेपालीमा एउटै गाताभित्र सवासय (एकसय पच्चीसवटा) नेपाली किम्बदन्तीहरू समेटिएको ग्रन्थ प्रकाशमा आएको छैन । प्रस्तुल संग्रहले यस अभावको पूर्ति गर्ने आशा राखिएको छ ।

प्रस्तुत संग्रहमा नेपाली किम्बदन्तीहरू श्लोकबद्ध हुन पुग्नुको आफ्नै कथा छ । कुरा के त भने रुसी भाषामा नेपाली दन्त्यकथा र किम्बदन्तीहरूको सग्रह निकाल्ने उद्धेश्यले तीन दशाव्दीभन्दा पहिलेदेखि नै यस पंक्तिकारको प्रयास रहिआएको थियो । यसको परिणामस्वरूप रुसी विदुषी ल्युदमिला आगानिनाको समेत सहभागितामा तीन दशकअघि नै रुसी भाषामा यमलोकमा जिउँदो मान्छे (मास्को, ई.सं. १९७१) भन्ने शीर्षकमा नेपाली लोककथा संग्रह प्रकाशमा आयो । त्यसपछि अझ गहकिलो नेपाली दन्त्यकथा र किम्बदन्ती संग्रह प्रकाशनार्थ तयार पारिएको थियो, परन्तु सोभियत संघको विघटनपश्चात् प्रकाशनगृहबाट त्यसको पाण्डुलीपि अप्रकाशित रूपमै फिर्ता गरियो । यसैको समानान्तर रूपमा नेपाली भाषामा किम्बदन्तीहरूको जुन संकलन टंकण गरिएको थियो त्यो पनि अप्रकाशित नै रहन गयो । एकपल्ट काष्ठमण्डप शीर्षकको एउटा छोटो किम्बदन्ती पुनः संपादन गर्न खोज्दा एकाएक श्लोकबद्ध विकल्प प्रादुर्भाव भएको पाइयो । त्यस अप्रत्याशित घटनापश्चात् नेपाली किम्बदन्तीहरूका गद्यमय पाठको संशोधन गर्नपट्टि नलागेर पद्यबद्ध सम्पादन गर्ने निधो गरियो । यसैको परिणामस्वरूप प्रस्तुत काव्यमय नेपाली किम्बदन्तीमाला अस्तित्वमा आएको छ ।

प्राचीन अनुश्रुति, पुराकथा र किम्बदन्तीहरूको आधारमा नेपालका साहित्यकारहरूको लेखनीबाट उपन्यास (विश्वेश्वरप्रसाद कोइरालालिखित सुम्निमा) र काव्य (दिनेश अधिकारीरचित इन्द्रजात्रा, बिक्रम सुब्बारचित पारुहाङ सुम्निमा) जस्ता मौलिक साहित्यिक कृतिहरूको पनि रचना गरिएको तथ्य उल्लेखनीय छ । नेपालको बहुभाषी साहित्यमा रामायण तथा महाभारत आदि ग्रन्थमा आधारित सम्पूर्ण साहित्यिक कृतिहरूको त नामोल्लेख गर्न समेत यहाँ सम्भव छैन । उदाहरणार्थ, भानुभक्त आचार्यको रामायण, लक्ष्मीप्रसाद देवकोटाको सकुन्तला, चित्तधर हृदयको सुगत सौरभ, बालकृष्ण समको प्रल्हाद, जगदीश शमशेर राणाको नरसिंह अवतार, सिद्धिचरण श्रेष्ठको उर्वशी आदिको नामोल्लेख गर्नु पर्याप्त हुनेछ । नेपाली साहित्याकाशमा झुल्कन पुगेको प्रस्तुत किम्बदन्तीमालाले अतीतको उत्तरदेनलाई भविष्यको निम्ति किंचित् जगेर्ना गर्न सक्यो भने यस पंक्तिकारको श्रम खेर नगएको अनुभूति हुनेछ ।

प्रस्तुत पुस्तकमा नेपालको फूलबारीमा फुलेका पूर्व मेचीदेखि

पश्चिम महाकालीसम्मकै कतिपय किम्वदन्तीहरूलाई अनुष्टुप छन्दले बाँधी एउटै पद्यमय सूत्रमा उनेर काव्यमाला गाँस्न खोजिएको छ । पुछारमा टिप्पणीको रूपमा शब्दानुक्रमणिका तथा प्रस्तुत किम्वदन्तीहरूको स्रोत र टिप्पणी लेखनका लागि सहायक सामग्रीको रूपमा उपयोग गरिएका सन्दर्भ ग्रन्थहरूको सूची समेत साभार समाविष्ट छ । लोकसाहित्यजस्तो नेपाली संस्कृतिको एक महत्वपूर्ण पक्षको अध्ययन र अनुसंधानमा संलग्न समस्त ग्रन्थकार विद्वान्हरूप्रति विशेष आभार प्रकट गर्नुका साथै यस संग्रहको प्रकाशनमा विभिन्न प्रकारले सघाउनुहुने सबै महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । हाम्रो किम्वदन्तीहरूको यो संग्रह नेपाली पाठकको करकमलमा सुम्पन पाउँदा अपार हर्षको अनुभव भइरहेको छ । पाठकवृन्दबाट नेपाली किम्वदन्तीरूपी काव्यमाला ग्रहण गरिने छ भन्ने आशा राखिन्छ । सहृदयी पाठकहरूको स्नेह पाउन सके भविष्यमा पनि यसरी नै अन्य किम्बदन्तीहरूको माला गुँथ्दै जाने अठोटसहित विज्ञ पाठकवृन्दमा यो काव्यमय नेपाली किम्बदन्तीमाला अर्पण गर्दैछु । विज्ञ पाठकबाट समीक्षा र टीकाटिप्पणीको अपेक्षा राख्दै यस संकलनमा जानी नजानी रहन गएका सम्पूर्ण कमीकमजोरी र त्रुटिहरूका लागि क्षमाप्रार्थी छु । अस्तु ।

- कृष्णप्रकाश श्रेष्ठ

७ नभेम्बर २००४
मास्को, रुस महासंघ

विषयसूची

अध्याय दुई

जलनाम

अध्याय तीन

वास्तुनाम

अध्याय चार

देवनाम

अध्याय पाँच

देवीनाम

अध्याय छ

उत्सवपर्व

अध्याय सात

नृवंशनाम

अध्याय आठ

तान्त्रिकनाम

अध्याय नौ
विविध

अस्त्युत्तरस्यां दिशि देवतात्मा
हिमालयो नाम नगाधिराजः ।
पूर्वापरौ तोयनिधी वगाह्य
स्थितः पृथिव्या इव मानदण्डः ॥
(कालिदास, कुमार संभवम्)

अध्याय -एक

स्थाननाम

नेपाली किम्वदन्तीमाला/२

हिमालय

प्रारम्भमा थियो भन्छन् जताततै जलैजल,
पृथिवी सिर्जना गर्न तम्सिए अनि ईश्वर ।
आज्ञा पोरोमियोम्फामी बोलाई सृष्टिको दिए,
मुसेखासेखाना माछो तुरुन्त नै बनाइए ॥

पींधमा राखियो माछो पानीको गहिराइमा,
त्यसैमाथि रह्यो फेरि त्यै मुजिंनाखियोंगना ।
र तेस्रो ओकवानामा भन्ने माछो पनि बन्यो,
त्यसैमा पृथिवी थाम्न चाहिने क्षमता थियो ॥

पेटमा त्यस माछोको राखियो भव्य पत्थर,
मुपुग्लुंगथेपुग्लुंग भन्ने ढुंगो भयो स्थिर ।
त्यस्मा पहाडझैं अग्लो कडा चट्टान राखियो,
सुरोप्लुंगखोरोप्लुंग नाम त्यस्को त्यहाँ भयो ॥

पानीमाथि उठ्यो वल्ल देखिंदै त्यसकै चुली,
छोपे चट्टानको टुप्पो माटो सिर्जेर नौ थरी ।
वालुवाकणको सेतो ठूलो मैदान देखियो,
हरियो चौरको निम्ति दुबोझार उमारियो ॥

पृथिवी रचियो यस्तो पटमैदान सम्थर,
समुद्र देखिए चार त्यस्का चारै दिशातिर ।
पूर्वमा छ पोसंथार, पुर्णिला पर्छ पश्चिम,
थोसिंग उत्तरी सिन्धु, तेमेन चाहिं दक्षिण ॥

असीम फाँटझैं सम्म नीलो समुद्रको जल,
अग्लो होचो कतै नाहीं, देखियो सम्म भूतल ।
लाग्यो पोरोमियोम्फामीलाई सृष्टि उराठिलो,
चाहे पर्वत होस् भन्ने कतै सानो, कतै ठूलो ॥

सियाक्पे भनियो थुम्को, तेम्वे सम्म धरातल,
रचिए चुचुरा अग्ला सिंगार्नकन भूतल ।
क्रमशः कांगपालुंग, कोहिजोंग खडा भए,
अन्त्यमा ह्यूंचुली आठ धरामा फेरि सिर्जिए ।
हिमाच्छादित ती सारा श्रृंखला लुंगमा भए,
धर्तीको चम्किलो ताज मानौं हो यै हिमालय ॥

** (चेमजोड, २०२१, पृ. २१ : २२)

जातमात्रोच्च
(जामाचो)

गरे ईश्वरले सृष्टि सुमेरु वा हिमालय,
काखमा त्यसकै सृष्टि भयो एक जलाशय ।
थियो नागहरूको त्यो वासस्थान मनोहर,
तसर्थ भनियो नागह्रद दिव्य सरोवर ॥

आए वन्धुमतीवाट विपस्वी सत्ययुगमा,
वसे पश्चिमको डाँडामाथि त्यस्कै किनारमा ।
मानौं कमलझैं नीलो नभमा जून टल्कियो,
त्यसैको विम्वले नागह्रद सुरम्य देखियो ॥

रोपे कमलको वीज विपस्वीले त्यसै दिन,
पूर्णको जूनझैं उम्रोस् तलाउमा भनीकन ।
भनियो जातमात्रोच्च तसर्थ नै पहाड त्यो,
उभिएर जहाँ वीज विपस्वीवाट रोपियो ॥

युगहरू विते कैयौं र नागार्जुनपादको
तपस्यास्थल यो नागार्जुन डाँडो प्रसिद्ध भो ।
डाँडामा वन्न गो एक सय आठ गुफा जहाँ,
वज्रयानीहरू वस्थे ध्यानमा मग्न भै त्यहाँ ॥

(शर्मा, २०२२, पृ. ५५)

**

ध्यानोच्चगिरि

विपस्वीवुद्ध फर्केर गए स्वदेश नै पुनः,
रोपेको पद्मको वीज छिटै लाग्यो टुसाउन ।
फूल कमलको नागह्रदमा दिव्य फक्रियो,
पुष्पको मध्यमा भव्य स्वयम्भूज्योति झल्कियो ॥

माथि गगनमा पूर्णचन्द्र आश्विन मासको,
तल तलाउमा चाहिं प्रकाशपुञ्ज पद्मको ।
फैलियो महिमा दिव्य स्वयम्भूको सर्वैतिर,
अरुणपुरीका वुद्ध सिखी आए यतैतिर ॥

पुगे पर्वतमा एक मेषसंक्रान्तिका दिन,
गरे उन्ले त्यहींवाटै ज्योतिको अवलोकन ।
ध्यानमग्न भई भक्ति स्वयम्भू ज्योतिको गरे,
सिखीवुद्ध समाधिस्थ भई तत्काल नै तरे ॥

सिखीवुद्ध गरी ध्यान समाधिस्थ भए जहाँ,
ध्यानोच्चगिरिकै नाम लिई प्रसिद्ध भो यहाँ ।
तपस्या पार्वतीवाट हुँदा घोटेर चन्दन,
रह्यो चन्द्रागिरि नाम पाईंदा शिवदर्शन ॥

**

फुलोच्चगिरि
(फुलचोकी)

सत्य युग विती त्रेता युगको सुरु भो क्रम,
विश्वभूवुद्ध आएथे देशवाट अनूपम ।
देखे उन्ले यहाँ नागह्रदको तटमा स्थित
डाँडा सम्पूर्ण नै फूलैफूलद्वारा सुशोभित ॥

झरेका भुइँमा एक लाख फूल टिपीकन
गरे सभक्ति सम्पूर्ण स्वयम्भूप्रति अर्पण ।
उन्ले शिष्यहरूसामु भविष्यवाणि यो गरे :
'प्रसिद्ध हुन्छ यो डाँडो फुलोच्चगिरि नामले ।
छेडो काटी सुकाएर भविष्यमा सरोवर
उपत्यका यहाँ एक वन्नेछ अति सुन्दर ॥'

पर्खालझैं सवैतर्फ डाँडाकाँडा हराभरा,
वीचमा नदीनाला औ वगैंचा, खेत उर्वरा ।
विश्वभूवुद्धले यस्तो भविष्य कल्पना गरे
अनि शिष्यहरूसाथ उनी स्वदेशमै फिरे ॥

**

पद्मगिरि

मञ्जुश्री नामका एक बोधिसत्व थिए कुनै,
सुदूरको महाचीनबाट आए हिंडिकनै ।
महामण्डप डाँडामा तीन रात बसे उनी,
स्वयम्भू ज्योति हेरेर योजना मनमा गुनी ॥

चाहे पहाड काटेर जलाशय सुकाउन,
चारैतिर गरे नागह्रदको नै निरीक्षण ।
दक्षिणी भागमा देखे होचो पहाडश्रृंखला,
गर्ने भो चाहना काटी निकास जलको खुला ॥

मोक्षदा, वरदा आफ्ना दुई शक्ति दुईतिर
फुलोच्च अनि ध्यानोच्चगिरिमा राखिए स्थिर ।
रहेर मध्यमा आफू होचो ठाउँ निधो गरी,
उजाए खड्ग ताकेर प्रहार गर्न वेसरी ॥

खड्गले काटिंदा गल्छी गहिरोसंग भासियो,
पाई निकास पानीको प्रवाह तल हुर्रियो ।
काटिएथ्यो जहाँ डाँडो भनियो कटुवाल त्यो,
नदीको रुपमा पानी त्यै वाटो तल वैरियो ॥

पानीसंगै वगी नाग लागे निस्कन वाहिर,
हुन्थ्यो उपत्यका सुक्खा मरुभू नागबेगर ।
मञ्जुश्री नागका राजा कर्कोटक पछ्याउन
कुदे वेतोडले आफै मेषसंक्रान्तिका दिन ॥

'नागराजा !'
गरे विन्ती :
'नजाऊ छोडी यो स्थल !
वासस्थान वनोस् तिम्रो ठूलो तलाउको जल ।
आफ्नै स्वामित्वमा राख सारा यो देशको धन,
उर्वरा भूमिमा वस्ने सदा सुखी रहून् जन ॥'

अनुरोध सुनी मञ्जुश्रीको नाग खुशी भयो,
कर्कोटकदह भन्ने नाम त्यो कुण्डको रह्यो ।
वस्यो उपत्यकाभित्रै कर्कोटक सपत्तिक,
वासस्थान वन्यो उस्को ठूलो तलाउ : टौदह ॥

पानी निस्केपछि सारा सरोवर सुक्यो जब,
प्रादुर्भाव भयो पद्मगिरि ज्वाज्ज्वल्यमान् तब ।
देखियो पद्म डाँडामा, पींधमा पद्मको जरा,
स्वयम्भूज्योति औ गुह्येश्वरीको बीचमा खडा ॥

रोपे वृक्षहरू मञ्जुश्रीले गुह्येश्वरीनिर,
बनाए पहिलो वस्ती मञ्जुपत्तन आखिर ।
वन्यो भिक्षुहरू निम्ति विहार, चैत्य सुन्दर,
मञ्जुपत्तनमा रम्य बने गृहस्थका घर ॥

उपदेश दिई धर्माकर राजा बनाइए,
मञ्जुश्री त महाचीनतर्फै आखिर फर्किए ।
बनाए मञ्जुश्रीचैत्य सबै शिष्य मिलीकन,
त्यहाँ प्रस्तरमा देख्छौं मञ्जुश्रीपाद अंकन ॥

**

मृगस्थली

जब शिष्यहरूसाथ क्रकुच्छन्द झरे तल,
लागे गुह्येश्वरीतर्फ गर्दै अध्यात्म छल्फल ।
छिचोल्दा मञ्जुश्रीद्वारा रोपेको वन सुन्दर,
मृगरूपी त्यहाँ देखे ब्रह्मा, विष्णु, महेश्वर ॥

स्वच्छन्द वनमा डुल्ने औंल्याई मृगको दल,
वताए शिष्यमा क्रकुच्छन्दले कर्मको फल :
'त्रिदेव वनमा आए विहार गर्न खातिर,
मृग भै पद्मपाणिको आज्ञा गरी शिरोपर ।
मृगस्थली भनी होला प्रख्यात यै धरातल,
कलिमा पूज्य बन्नेछन् पशुपति उमेश्वर ॥'

चारै वर्णव्यवस्थाको बुझाई सारवर्णन,
उन्ले शिष्यहरूलाई लगाए रोज्न जीवन ।
उन्का शिष्यहरूमध्ये भिक्षु विहारमा पसे,
गृहस्थ जो बने ती नै मञ्जुपत्तनमा बसे ॥

**

मणिचूड गिरि

गर्थे राज्य मणिचूड नृपति शंखपुरमा,
वडा दानी थिए, खर्च गर्दथे धर्मकर्ममा ।
भए प्रसिद्ध धर्मात्मा र दानी नृप हुन् भनी,
मणिचूड रह्यो नाम हुँदा ललाटमा मणि ॥

एकपल्ट भए राजा स्वमांस दिन तत्पर
दैत्यलाई त्यही निस्क्यो जो यज्ञकुण्डवाहिर ।
अर्कोपल्ट भए राजी रानी पद्मावतीकन
मरीची ऋषिलाई नै दानको रुपमा दिन ॥

त्यसै ताका महामारी फैलेर कुष्टरोगको,
वन्यो शिकार खोप्रिंग देश सीमा नजीकको ।
मच्चियो देशमा ठूलो हाहाकार जतातते,
पाएनन् देशवासीले वच्ने उपाय नै कतै ॥

चिन्ताग्रस्त भए ज्यादै खोप्रिंग राज्यका जन,
दिए आदेश राजाले उपाय पहिल्याउन ।
ग्रहदशा विचारेर जोखना गरियो अनि
राजालाई परामर्श दिए ज्योतिषले पनि :
'कुष्टरोग निको पार्ने उपाय एक मात्र छ,
मणि ललाटको धोई पानी छर्कनुपर्दछ ॥'

सुनी निर्णय खोप्रिंग नरेश सोचमा परे,
चार व्राह्मण वोलाई विचार व्यक्त यो गरे :
'छिमेकी राज्यका राजा छन् अति दानशील रे,
उन्को निधारमा नामी मणि टल्किरहन्छ रे ॥

त्यही मणि पखालेको पानी छर्केर पावन,
सकिन्छ सहजै गर्न कुष्टरोग निवारण ।
मागेर मणि त्यो ल्याऊ महामारी हटाउन,
प्रजाको हितका लागि गर्न दुःख निवारण ॥'

मणिचूड त्यसै वेला चढी उत्तरको चुली
तपस्यामा थिए मग्न, समस्या जगको भुली,
त्यही पर्वतचोटिमा उक्लेर चार व्राह्मण
राजासामु भुकी दुःख लागे सारा सुनाउन ॥

विनम्र हात जोडेर माग्दै मणि निधारको,
अचूक औषधि के हो ? बताए कुष्टरोगको :
'तिम्रो त्यो मणि धोएको पानी बन्दछ अमृत,
रोगव्याधि हटी सारा हुनेछ जनको हित ॥'

सुनी ब्राह्मणको विन्ती आनाकानीबिना कुनै,
दान गर्न भए राजा मणि आफ्नो तुरुन्त नै :
'लैजाओ मणि, आराले चिरी मेरो निधार ल,
रोगव्याधि निको पार छर्केर त्यसले जल ॥'

आरा ल्याउन राजाले अह्राए भई तत्पर,
चार ब्राह्मणका सामु स्वयं थापिदिए शिर ।

जसै निधार राजाको चिर्न ठिक्क परीकन
त्यहाँ ब्राह्मणले थाले भव्य आरा चलाउन ॥

झकमक्क भयो सारा प्रकाशपुञ्ज फैलिई,
मानौं तारा झऱ्यो स्वर्गवाट तत्काल हुर्रिई ।
झिलिक्क चम्कियो ज्योति तडित्झैं वेगवान् वनी,
प्रादुर्भाव भइन् देवी दिप्तिवान् वज्रजोगिनी ॥

'देखाइस्, हे मणिचूड, पुरुषार्थ ठूलो अति,
लोकको हितको निम्ति मणि त्याग्ने गरिस् मति ।
नहच्केर भइस् राजी ललाट नै चिराउन,
रोगपीडितको सारा गर्न दुख निवारण ॥

जनमानसमा गर्ला तेरो ललाटको मणि
दयाको भाव संचार, आशाको ज्योतिझैं वनी,
तपस्यास्थल तेरो होस् मणिचूडगिरि भनी
प्रख्यात, म यहीं वस्छु वनेर मणिजोगिनी ॥'

दायाँमा खड्ग, देव्रेमा पुष्पमाला लिईकन
झलक्क झल्किई उग्रतारा लोप भइन् पुनः ।
धर्मात्मा नृपको नाम राख्दै अमर सर्वदा,
यहाँ छ आजपर्यन्त मणिचूडगिरि खडा ॥

**

धान्यगिरि (वाडों)

शोणितपुरमा वस्थ्यो उहिले एक राक्षस,
थुपार्थ्यो धान ऊ धेरै गरेर खूव कोशिश ।
रहेन पहिले जस्तो उस्को शरीरमा वल,
सोच्यो आरामका साथ गुजार्ने दिन केवल ॥

'पुग्ला के धानको रास धान्न सम्पूर्ण जीवन ?
वुढेस कालमा भोको पेट वस्नु परोइन ?'
गणना धानको गर्ने एकपल्ट भयो मन,
लगायो धानको भाग गनेर आयुको दिन ॥

नपुग्ने देखियो एक छाकको निम्ति अन्न त,
तसर्थ सोचमा डुव्दै भयो राक्षस चिन्तित ।
'वुढेस कालमा भोकै मर्नुभन्दा त आजको
एक छाक नखाएरै टार्नु वल छँदै निको ॥'
यसरी तर्कना गर्दै वित्यो राक्षसको दिन,
छिटै साँझ परी लाग्यो चारैतिर अँध्यारिन ।
एक छाक नखाएरै सुत्ने लिएर निर्णय,
भोकै राक्षस पल्टेथ्यो रात काट्न निरामय ॥

किन्तु राक्षस जागेन भोलिपल्ट विहान त,
विशाल धानको रास माटोमा भो परिणत ।
खेतको माझमा वाडों वा धान्यगिरि नामक,
माटो भै धानको थुप्रो रहेकै छ अझैतक ॥

**

श्लेषमान्तकवन

वाणासुर थियो दैत्य शोणितपुरको नृप,
असीम शौर्यले गर्दा यहाँ प्रख्यात भो खुव ।
शंकासुर, दुदघर्ष, कच्छपासुर नामक
थिए पुत्रहरू उस्का शूरवीर र रक्षक ॥

शिवको वर पाएर तप ठूलो गरीकन
इन्द्रलाई जिती जेठो भयो महेन्द्रदमन ।
दिए सल्लाह व्रह्माले, स्वर्गवाट झर्‍यो तल,
सुप्रभामा गर्‍यो राज्य पाई त्रिलोककै वल ॥

सुप्रभापुरीमा वस्न लाग्यो दुर्जय दानव,
महेन्द्रदमनै नाउँवाट प्रसिद्ध भै अव ।
कोही सक्तैनथ्यो हाँक उस्लाई दिन विश्वमा,
चल्थ्यो हैकम उस्को नै स्वर्ग, पाताल, मर्त्यमा ॥

प्रभावती थिई उस्की बहिनी अति सुन्दरी,
जलक्रिडार्थ वैनीको विशाल योजना गरी ।
थुन्यो वाग्मतीको पानी जलाशय वनाउन,
गर्‍यो भाईहरूसंग ताल रक्षार्थ चिन्तन ॥

कच्छपासुरको जिम्मा तालको रेखदेख भो,
निकास पानीको हेर्न शंकासुर खटाइयो ।
मञ्जुपत्तन, संकास्यनगरी जलमा डुवे,
यत्रतत्र गए मान्छे भागेर जेजति वचे ॥

डुंगा चढेर ढुंगाको भीमसेन कुनै दिन,
जलविहारमा आए तालको गर्न दर्शन ।
प्रभावती डराइन् रे देखेर रुप भीमको,
भीमको स्मृतिमा भीमडुंगा किनारमै रह्यो ॥

छ प्रभावतीको रुपलावण्य अति सुन्दर,
भन्ने संसारमा ख्याति भयो व्याप्त सवैतिर ।
गर्दा नारदले यस्को प्रद्युम्नसामु वर्णन,
पुगे जलक्रिडा हेर्न मृगेन्द्रगिरि तत्क्षण ॥

देखेर एक अर्काको रुप छक्क दुवै परे,
प्रभावती र प्रद्युम्न दुवैले मन्त्रणा गरे ।
भयो विवाह गान्धर्व विधिपूर्वक तत्क्षण,
स्वयं कृष्ण त्यहाँ आए गर्न यो अवलोकन ॥

खोल्न निकास तोडेर सेतुबन्ध भयावह
वाग्मतीले गरिन् कृष्णसामु विनम्र आग्रह ।
पुगे प्रद्युम्न तत्कालै निकास खोल्न खातिर,
मल्लयुद्ध पऱ्यो शंकासुरसंग त्यहींनिर ॥

जलमा, थलमा कैयौं क्रम संग्रामका चले,
वायुयुद्ध गरी मारे दैत्यलाई प्रद्युम्नले ।
भाइको वधको लागि तत्कालै बदला लिन
आयो क्रुद्ध भई ज्यादै स्वयं महेन्द्रदमन ॥

दैत्य मार्नु थियो अस्त्रशस्त्रद्वारा असम्भव,
शिरमा वज्रमुक्काको प्रहार गरियो तब ।
कृष्णको चक्रले सेतुबन्ध छेदनको फल :
निकास खोलिंदा तीव्र गतिले हुर्रियो जल ॥

रीसले चूर भो देखी दृश्य यो कच्छपासुर,
अग्ला पहाड तेर्स्याई प्वाल थुन्ने लियो सुर ।
दोलाचल तथा स्वर्णश्रृंग पर्वत वेसरी
हल्लायो हातले च्यापी उखेल्ने योजना गरी ॥

स्थिर राख्न दुवै डाँडा चुलीमा अनि कृष्णले
कीलेश्वर तथा स्वर्णेश्वरको स्थापना गरे ।
उखेल्न नसकी डाँडा क्रुद्ध भो कच्छपासुर,
प्रद्युम्नसंग नै युद्ध गर्न आयो ऊ आखिर ॥

मल्लयुद्ध भयो, किन्तु दैत्य वीर थियो अति,
सकिदैन थियो मार्न उस्लाई रणमा जिती ।
'उत्तानो पेटको रक्त झिकी मार्नु छ सम्भव,
कछुवा त्यो हुँदा मार्नु जलभित्र असम्भव !!'

बुझे रहस्य यो चाँडै प्रद्युम्नले लडाईमा,
जलवाट झिकी ताने दैत्यलाई जमीनमा ।
कच्छपासुर उत्तानो परेको पर्खंदै क्षण,
झिकेर पेटको रक्त गरियो शिरच्छेदन ॥

कच्छपासुर पल्टेर एक पर्वत देखियो,
त्यही नै कछुवातुल्य कच्छपालगिरि भयो।
जल मुक्त गरी कृष्ण द्वारिकातर्फ फर्किए,
प्रभावती र प्रद्युम्न दुवै नै साथमा थिए॥

तलाउको सुक्यो पानी बग्दै गएर वाग्मती,
मलिलो भूमिमा उम्रे लतावृक्ष वनस्पति।
मृगादि पशुपक्षीको सुनिन्थ्यो नित्य गुञ्जन,
लप्सीधारी हुँदा नाम भयो श्लेष्मान्तकवन॥

**

गोकर्ण

वेश्यापुत्र थियो एक दन्तुर नामको कुनै,
गिल्ला गर्दै सबै भन्थे :
'छैन तेरो त बाबु नै!'
पुग्यो दुखित भै खोज्दै ऋषि पुलहको कुटी,
मनको बह पोखेर सुनायो वेदना जति॥

भए ऋषि द्रवीभूत सुनी दन्तुरको कथा,
दिए सल्लाह उस्लाई वुझेर मनको व्यथा :
'वाग्मती तटमा तीर्थ छ पितामह नामक,
त्यहाँ स्नान गरी पिण्डदान गर्नु छ सार्थक॥

भाद्र कृष्ण अमावास्या पितृपर्व अपार छ,
गोकर्णेश्वरको पूजा गर्नाले मुक्ति मिल्दछ।'
पाई यस्तो परामर्श ऊ तीर्थस्थलमा पुग्यो,
स्नानादि कर्म सम्पन्न गरी आसनमा बस्यो॥

लिएर हातमा अर्घ, तिल औ कुशको तृण,
पितृको नाममा पिण्ड गर्न लाग्यो समर्पण।
प्रादुर्भाव भए पितृहरू सारा त्यहींनिर,
पुत्रको हातको पिण्ड खान लागे सरासर॥

अकमक्क पऱ्यो वेश्यापुत्र दन्तुर निश्चय,

उस्ले 'को हो पिता ?' भन्ने सकेन लिन निर्णय ।
विश्रवा ऋषिको योगसाधनाले खिंचीकन
त्यहाँ आए स्वयं व्रह्मा उस्लाई दिन दर्शन ॥

गराए भेट व्रह्माले दन्तुरकन पितृको,
दन्तुरले गऱ्यो दान विधिपूर्वक पिण्डको ।
गोकर्णेश्वरमा पिण्डदानको पुण्यले गरी
वन्यो ऊ देशको चक्रवर्ती राजा जुनीभरि ॥

चिनिन्छ तीर्थ यो आज गोकर्ण नामले किन ?
ऋषि पुलहले यस्तो गरे माहात्म्य वर्णन :
पाञ्चाल देशमा पैले वृषकर्ण थिए नृप,
पुत्र उन्को थियो उस्तै स्वाँठ गोकर्ण नामक ॥

पिता औ पुत्रका बीच नित्य हुन्थ्यो भनाभन,
'नर्कको वास होस् !'
भन्दै सराप्थे ती मनैमन ।
मृत्युपश्चात् पितापुत्र दुवै यमपुरी पुगे,
नभन्दै नर्कको वास - श्रापकै फल हो सके ?!
वृषकर्ण र गोकर्ण खोज्दै उपाय मुक्तिको,
पुकारा गर्दथे बोधिसत्व गगनगञ्जको ।
वोधिसत्व स्वयं आए दुख गोकर्णको सुनी,
पितृउद्धारका लागि उपदेश दिए अनि :
'वाग्मती तटमा चन्द्रभागा मिल्ने छ संगम,
मुक्तिका लागि त्यो मात्र व्रह्मतीर्थ छ उत्तम ।
श्रापमोचनका लागि शिवलिंग वनाउनू,
पितृउद्धारका लागि पिण्डदान त्यहाँ दिनू !!'

आज्ञानुसार गोकर्ण वाग्मती तटमा गयो,
गोकर्णेश्वर भन्ने नै शिवलिंग खडा भयो ।
गोकर्णले गऱ्यो पिण्डदान मुक्त स्वयं वनी
रह्यो गोकर्ण नै नाम त्यो तीर्थस्थलको पनि ॥

**

दमौली

मादी र सेती गंगाको छ दोभान जहाँनिर,
तपस्या गर्दथे शान्त गुफाभित्र पराशर ।
एकपल्ट त्यहाँ जाग्यो एक्कासि ऋषिको मन,
तपस्यास्थलको गर्न चाहे उन्ले निरीक्षण ॥

पुगी अर्को किनारामा नदी पार गरी उनी
हेर्ने वाहिरको दृश्य चाहना मनमा गुनी,
डुंगाको खोजमा लागे नदी तर्न भयंकर,
अकमक्क परे देखी रमणी संगमैनिर ॥

माझीपुत्री थिई डुंगा ख्याउँदै मझधारमा,
डुंगा चलाउँदै आई ऋषिछेउ किनारमा ।
रमणीको हिसी देखी ऋषि आश्चर्यमा परे,
गोडा उन्का अनायासै डुंगातर्फ स्वयं सरे ॥

माझीपुत्री भई राजी नदी तार्न ऋषिकन,
विस्तारै वहना चाल्दै लागी डुंगा खियाउन ।
माझीपुत्री थिई ज्यादै आकर्षक र सुन्दरी,
पराशर भए मुग्ध ठिटीको मोहमा परी ॥

प्रेमालाप चल्यो तिन्को नदीकै मझधारमा,
विस्तारै वहँदै नौका छेउ लाग्यो किनारमा ।
त्यहाँ पर्दा तुवाँलोको ऋषिले सिर्जना गरे,
कुहिरोभित्र के के भो ? देख्ने कोही भएन रे ॥

मादी औ सेती गंगाको जहाँ पर्दछ संगम,
ढाकिएको सरी हुन्छ हुस्सु लागेर हर्दम ।
त्यसै दोभानको नाम दमौली राखियो अतः,
आसपास त्यहाँ वस्छन् माझीकै सन्तति नित ॥

**

मिथिला

गंगा हिमवतोर्मध्ये नदी पंच दशान्तरे ।
तैर भुक्तिरिति ख्यातो देशः परमपावन ॥
कौशिकी तु समारभ्य गण्डकी मधि गम्य वै ।
योजनानि चतुर्विंशत व्यायामः परिकीर्तितः ॥

वृहद्विष्णुपुराण, मिथिला खण्ड

यज्ञ गर्ने भयो इच्छा महाराज निमिकन,
वशिष्ठ ऋषिले पाए राजावाट निमन्त्रण ।
निम्तो वशिष्ठले पाए इन्द्रवाट त्यसै क्षण,
इन्द्रले पनि चाहेथे महायज्ञ गराउन ॥

बशिष्ठ स्वर्गको निम्तो स्वीकारेर उतै गए,
निमि गुरुविना यज्ञ सम्पन्न गर्न तम्सिए ।
पुरोहित वने उन्का याज्ञवाल्क्य र गौतम,
यथासमयमै पूर्ण गरियो यज्ञको क्रम ॥

इन्द्रको यज्ञ सिद्धाई आए वशिष्ठ हत्पत,
प्रतीक्षा नगरी उन्को सिद्धिसकेछ यज्ञ त ।
भए क्रुद्ध उनी ज्यादै यजमान निमिसित,
दिए सराप तत्कालै भएर अपमानित :
'पुरोहितविना यज्ञ फलदायी कतै नहोस् !
मानहानि भयो मेरो, तेरो शरीर नाश होस् !'
गुरुको श्रापले गर्दा देहहीन निमि भए,
राजाविना भयो देश, निःसन्तान उनी थिए ॥

त्यहाँ महामुनि सारा परे प्रगाढ सोचमा :
'तपस्या कसरी गर्ने राजाविहीन देशमा ?'
भरद्वाज, भृगु, याज्ञवाल्क्य, वाल्मिकी, गौतम
गरेर सरसल्लाह लिए निर्णय अन्तिम ॥

आवाहन गरी गंगा आदि नदीहरू सव,
गंगासागरको सृष्टि गरिएथ्यो त्यहाँ जव ।
अगाध जलमा राखी निष्प्राण निमिको तन,
महामुनिहरू लागे सम्पन्न गर्न मंथन ॥

शिशु उत्पन्न भो एक मथ्दा समुद्रको जल,
त्यसैले शिशुले पायो मिथि नै नाम उज्ज्वल ।
मिथिको राज्यको नाम मिथिला देश राखियो,
देहहीन निमिपुत्रबाट नाम विदेह भो ॥

**

धनुषा

गरी जनकले भेला मिथिलामा कुनै दिन,
सोधे विद्वान्हरूसंग :
'उपाय क्यै छ कि ? भन !'
सन्तान नहुँदा ज्यादै चिन्ताग्रस्त उनी थिए,
गरी शास्त्रार्थ विद्वान्ले रायसल्लाह यो दिए :
'सन्तानोत्पत्तिका लागि यज्ञ गर्नुपर्‍यो ठूलो,
शुभमुहूर्तमा खेत जोत्नू आफै लिंई हलो !'
ज्योतिषीहरू डाँकेर ठम्याई यज्ञको दिन,
लागे जनकले जोत्न हलोले खेत तत्क्षण ॥

जमीनबाट एक्कासी स्वर्णसन्दुस निस्कियो,
नवजात शिशु एक त्यसैको भित्र देखियो ।
भूमिमा फालीको डोबबाट बाहिर निस्कँदा,
बत्तीस गुणले युक्त बालिका भनिइन् सीता ॥

राजा जनकले पाल्दा जानकी भनिइन् उनी,
चन्द्रझैं दिनहुं बढ्दै हुर्किन् रूपवती बनी ।
भयो विचार राजाको गर्ने उन्को स्वयम्वर,
प्रतिस्पर्धा हुने भव्य पिटे भ्याली सबैतिर :
'शिवको धनुमा ताँदो जो सक्नेछ चढाउन
कन्यादान गरी दिन्छु सीतालाई उसैकन ।'
मिथिलामा भए भेला राजपुत्रहरू सब,
पुरानो धनुमा ताँदो हाल्ने होड चल्यो जब ॥

कस्को सामर्थ्य हुन्थ्यो र उचाल्ने शिवको धनु ?
हल्लाउनै पर्‍यो गाह्रो, कहाँ ताँदो चढाउनु ?!

नदेखिंदा त्यहाँ कोही सामर्थ्यवान् महावीर,
राजा जनकलाई पो पर्नुसम्म पऱ्यो पीर ॥

त्यहाँ वाल्मिकिका साथ थिए राम र लक्ष्मण,
गुरुआज्ञा सुनी राम पुगे धनु उठाउन ।
ताँदो चढाउनै लाग्दा जीर्ण त्यो धनु भाँचियो,
सीताको रामका साथै स्वयम्बर हुने भयो ॥

राजा जनकको राजधानी जनकपुरमा
हर्षोल्लास भयो ठूलो सीता-राम विवाहमा ।
अद्यापि देख्न पाइन्छ ढुंगाको धनु खण्डित,
त्यसैले आज त्यो स्थान भनिन्छ धनुषा स्वतः ॥

**

कपिलवस्तु

आक्काक नामका राजा कुनै वेला यहाँ भए,
पाँच पुत्री तथा चार पुत्रका ती पिता थिए ।
विजिता, विजितसेना, आनन्दा, सुप्रिया, प्रिया :
पाँचै राजकुमारीको थियो नाम निकै प्रिय ॥

उल्कामुख, करकण्डु, हस्तीनिक, सिनीसूर :
राजपुत्रहरू चारै थिए अत्यन्त सुन्दर ।
अग्निको फोहरा छुट्थ्यो नृपको बोलीमा अतः,
ओकल्ने अग्निको ज्वाला भन्ने नाम रह्यो स्वतः ॥

फेरि रुपवतीसंग विवाह नृपको भयो,
जन्म्यो पुत्र पनि चाँडै, जन्तु नै नाम राखियो ।
भई प्रशन्न राजाले वाचा गरे दिने वर,
राज्य नै रानीले मागिन् पुत्रको निम्ति सत्वर ॥

राजा ओक्काकले गर्न वाचावन्धन पालन
वताए वाध्यता आफ्नो राजपुत्रहरूकन :
'मन्त्री आठ लिई जाऊ अन्यत्र नै तिमीहरू,
मेरो शेषपछि आऊ लिन यो राज्य नै वरु ॥'

आज्ञापालनका लागि राजपुत्रहरू गए,
लावालश्कर औ पाँचै वहिनी साथमा थिए ।
चहार्दै वनमा खोज्न कतै स्थान सुरक्षित
लावालश्कर ली तिन्ले लिए उत्तरको पथ ॥

सहजै जित्न सक्थे ती त्यहाँ राज्य कुनै पनि,
किन्तु पिर्नु अरुलाई हो अधर्म सीधै भनी,
घुम्दै जाँदा कहीं देखे सुरम्य सालको वन,
गृहत्याग गरी बस्थे जहाँ कपिल ब्राह्मण ॥

तलाउ तटमा उन्को पर्णशाला थियो खडा,
कैयौं भूजन्य विद्याका उनी ज्ञाता थिए बडा ।
उन्ले राय दिए :
यो नै गुणसम्पन्न स्थान छ,
जो यहाँ बस्छ त्यो व्यक्ति शक्तिसम्पन्न वन्दछ ॥'

सुनी कपिलको व्याख्या गरे आवाद जंगल,
राजधानी बन्यो रम्य गुल्जार र सुमंगल ।
नाम कपिलवस्तु नै वस्तीको निम्ति रोजियो,
एकान्त स्थलमा शान्त कुटी कपिलको बन्यो ॥

**

हेटौंडा र भीमफेदी

पञ्चपाण्डवले हारे जुवामा राज्यवैभव,
वनवास पऱ्यो वस्नु चौद्ध वर्ष पूरै तव ।
भीमसेन त्यसै वेला लागे उत्तर पन्थमा,
पुग्ने लक्ष्य थियो उन्को रम्य नेपाल देशमा ॥

घना जंगलको वाटो पुगे पहाडको तल,
हिडम्वा दैत्यले उन्को वाटो छेक्यो त्यहींनिर ।
जम्काभेट हुँदा यस्तो घनघोर लडाईं भो,
हिडम्वाको भयो हार, जीत भो भीमसेनको ॥

हिडम्बाकी थिई बैनी हिसीदार र सुन्दरी,
त्यही भुटनदेवी नै सुम्पिदिने निधो गरी,
रोक्यो युद्ध हिडम्बाले सन्धि गर्न तयार भै,
नचल्दा जोर क्यै आफ्नो हार स्वीकार्न बाध्य भै ॥

भए प्रस्ताव स्वीकार्दै भीमसेन सरासर
बिहे भुटनदेवीको साथमा गर्न तत्पर ।
जीतको स्थल जिम्मामा हिडम्बाकै लगाइयो,
अतः भूमि हेटौंडाकै नामले चिनिने भयो ॥
चढी पहाडको बाटो उक्लेर उच्च पर्वत,
देखे उपत्यका रम्य डाँडाको फेदीमा स्थित,
भीमसेन पुगे, साँझ पऱ्यो, वास बसे उनी,
प्रसिद्ध त्यो भयो ठाउँ भीमफेदी स्वयं बनी ॥

**

सिम्रौनगढ

नान्यदेव थिए राजा प्रख्यात लोकमा अति,
सधैं ती चाहना राख्थे देशको गर्न उन्नति ।
चाहन्थे गर्न निर्माण एक जब्बर दूर्गको,
शत्रुको हमलाबाट सुरक्षा गर्न देशको ॥

राजकोष थियो रित्तो युद्धको मारमा परी,
सकेनन् नृपले हाल्न किल्लाको जग क्यै गरी ।
लंकाबाटै कुनै दैत्य आउँदो रैछ रातमा,
दर्वारकै सुसारेको परेर मोहपाशमा ॥

मीठो भोजनका साथै कुरा गर्दै मिठोसित
प्रेमिका दैत्यको नित्य गर्दथी भव्य स्वागत ।
दैत्यले प्रेमिकालाई भन्यो अति प्रशन्न भै :
'प्यारी, दिन्छु खुशीसाथ, भन, चाहिन्छ आज क्यै ?!'
वढार्ने गर्दथी नित्य सुसारे राजवैठक,
सम्झिएर कुचो थोत्रो भनी उस्ले हकाहक :
'अभाव अहिले छैन, सबै कुरा यथेष्ट छ,
कूचोको गतिलो एक मात्र खाँचो मलाई छ ॥'

भोलिपल्टै त्यहाँ आई कोसेली दैत्यले दियो,
कूचो त्यो झल्झलाकार टल्कने सुनको थियो ।
सुसारेले सफा पारी खोपी दंग परीकन,
राजा जिल्ल परे देखी भुईंमा सुनका कण ॥

सोधपूछ गरी सारा कुरा पत्ता लगाइयो,
हो कालीगड त्यो दैत्य भन्ने संकेत पाइयो ।
'होला के दूर्ग निर्माण गर्न सक्षम दैत्य त्यो ?'
सुसारेलाई नै बुझ्न लगाउने निधो भयो ॥

त्यसै राति सुसारेको पाई अपूर्व स्वागत,
'माग केही !'
भन्यो फेरि भएर दैत्य मोहित ।
'सबै थोक पुगेकै छ, छैन खाँचो मलाई त,
यदि दिन्छौ भने माग्छु अरुकै निम्ति आज त ॥'

दैत्यमा खुल्दुली जाग्यो प्रेमिकाको कुरा सुनी,
सोध्यो तुरुन्त :
'माग्छ्यौ के ? कस्को लागि तिमीं ?' भनी ।
'दिन्छु पक्कै पनि ।' भन्ने सुनेर दैत्यको प्रण,
दैत्यसामु सुसारेले गरी यथार्थ वर्णन :
'कालीगड तिमी रैछौ निर्माणविधिका धनी,
गढ निर्माण गर्नेछ चाहना नृपको पनि ।
शत्रुको हमला रोक्न राजधानी सवैतिर,
सुरक्षा देशको गर्न वनोस् पर्खाल जव्वर !!'

अनुरोध यही एक प्रेमिकाको पुऱ्याउन
दैत्य तत्पर भैहाल्यो, भन्यो उस्ले त्यसै क्षण :
'हुन्छ, तिम्रो इरादा यो पूरा गर्न तयार छु,
भोलिकै रातमा सारा काम फत्ते म गर्दछु ॥

किन्तु यौटै म राख्नेछु सर्त निर्माण खातिर,
यहाँ मानिस क्वै राति ननिस्कोस् घरवाहिर ।
आँखा पऱ्यो भने हाम्रो काममा हुन्छ गड्वड,
कोही देखापरे राति अधूरै रहला गढ ॥'

राजालाई सुसारेले बताई जब सर्त यो,
खाजा सय मुरी च्यूरा झरोखर पुऱ्याइयो ।
झ्याली पिटेर राजाज्ञा सबैलाई सुनाइयो,
राति बाहिर निस्केर घुम्न रोक लगाइयो ॥

चकमन्न पऱ्यो रात, छायो शान्ति त्यसै क्षण,
लंकाबाट सीधै आयो अपार दैत्यको गण ।
खाजा खाई, त्यहाँ काम सुरु भयो धमाधम,
रोकियो अधकल्चोमै गढ निर्माणको क्रम ॥

कसैको घरमा एक मरेछ शिशु रातमा,
जति गर्दा पनि धैर्य सकेनन् थाम्न शोकमा ।
रुवावासी चलिहाल्यो एकाएक कतैतिर,
काम अपूर्ण नै छाडी फर्कियो दैत्यको दल ॥

बिहानै नृपले देखे दूर्ग अत्यन्त जब्बर,
निरीक्षण गरी हेर्दा पाइयो अधूरै तर,
बुझे कारण राजाले सोधपूछ गरीकन,
छिटै लगाइयो पत्ता : 'अधकल्चो रह्यो किन ?!'
गरे प्रयत्न मान्छेले कतिपल्ट अघि सरी,
बाँकी काम पूरा गर्न सकिएन कसै गरी ।
नामबाट सुसारेकै इशारा त्यो बजार भो,
अधकल्चो हुँदा दूर्ग सिम्रौनगढ नाम भो ॥

**

(भाषावंशावली, २०२३, पृ. ३३,
सिंजापति, २०११, पृ. ४९ : ५२,
श्रेष्ठ, २०३३, पृ. १० : १३, श्रेष्ठ, २०६०, पृ. ३९)

भाटभटेनी

अघि कुनै जमानामा व्रह्मदेव हुँदा नृप,
जोईपोइ दुई बस्थे विशालनगरीबिच,
सुदेवी पत्नीको नाम, सुदेव नामका पति,
थिए भाटभटेनीको नामले नै प्रसिद्ध ती ॥

मागी जमीनको टुक्रा भूपतिसंग दम्पति
चलाउँथे कृषिकार्य गरी जीवनको गति ।
खेतमा वीज रोपेर फलाई अन्न उत्तम,
हातमुख दुई छाक जोर्थे गरी परिश्रम ॥

आए तिर्हुतका शुद्धदेव नामक ब्राह्मण,
बोकेर लौहको डण्डा भित्र जस्को थियो सुन ।
बसे रातभरि वास सुदेव भाटकै घर,
तीर्थ गर्न भनी भोलिपल्टै हिंडे कर्तैतिर ॥

साथको मालमत्ता औ डण्डा फलामको पनि,
जिम्मा भाटभटेनीकै लगाएर हिंडे उनी ।
नेपालभरिका तीर्थस्थलको गर्न दर्शन
आएका ती थिए धर्मकर्ममा चित्त दीकन ॥

भाटदम्पतिको जन्म्यो आठ वर्षपछि सुत,
नवजात शिशु भिल्ल नामले भो विभूषित ।
सुत्केरीखर्चको निम्ति नहुँदा घरमा धन,
बेचियो लौहको डण्डा व्यवहार चलाउन ॥

वाह्र वर्षपछि तीर्थ नेपालका घुमी सव,
शुद्धदेव फिरे नासो राखेको लिन वास्तव ।
फेरि भाटभटेनीकै घरमा फर्किए उनी,
मागियो लौहको डण्डा र सामानहरू पनि ॥

के भन्ने ? के नभन्ने ? भै धर्मसंकटमा परी,
भाटले अन्कनाएर दियो उत्तर यस्तरी :
'वाह्र वर्ष वित्यो, मालमत्ता सडिगयो सव,
मक्कियो लौहको डण्डा लागेर घुन वास्तव ॥'

शुद्धदेव रहे मौन सुनी असत्य वर्णन,
बोल्नु कुतर्कको सामु व्यर्थ ठान्दै मनैमन :
'मालमत्ता सड्यो होला, गरौं विश्वास नै, तर
फलाममा पनि घुन के कहीं लाग्न सक्छ र ??'

अपार तन्त्रविद्यामा सिद्धहस्त थिए उनी,
बसे भाटभटेनीकै घरमा पाहुना बनी ।
दुर्बोध ग्रन्थको नित्य गर्थे पठनपाठन,
भिल्लको साथमा खेल्थे हुँदा फुर्सद क्यै क्षण ॥

घरमै पाहुनासामु छोरो छोडेर घट्टमा
पिठो पिंध्न पुगे भाटभटेनी एक भोरमा ।
आयो गिद्ध उडी कुन्नि कताबाट त्यहाँतक,
भिल्ललाई लग्यो गाँजी आकाशमा अचानक ॥

छिमेकीहरूले रक्षा शिशुको गर्न खातिर,
'हा ! हा !' गरे कराएर निकाल्दै कंकला स्वर ।
भिल्ललाई टिपी गिद्ध भयो अलप व्योममा,
शुद्धदेव त्यहाँ मानौं परे बिखलबन्दमा ॥

सुने भाटभटेनीले समाचार भयंकर,
लगेको गिद्धले गाँजी छोरो बादलमास्तिर ।
पिठोको पुन्तरो फाली जथाभावी दलानमा,
विलाप गर्न ती लागे छाती पिटेर शोकमा ॥

सहनै नसकी पुत्रवियोग भाटदम्पति,
पुगे दर्वारमा ब्रह्मदेवको माग्न सम्मति :
'महाराज, भयो यस्तो अनर्थ राज्यमा किन ?
सिनु मात्र छुने गिद्ध पुग्यो बालक झम्टिन ??
यस्तो अनर्थको दोषी हुन्छ शासक नै स्वतः,
मेरो सराप लाग्ने छ, नपाए पुत्र जीवित ।'
धर्ना कसी बसे भाटभटेनी दरवारमा,
'के वित्यास पर्‍यो ?' भन्दै डुबे नृपति सोचमा ॥

'यस्तो अनर्थको केही हुनै पर्दछ कारण,
अन्यथा गिद्धले ज्यूँदो गाँज्दो हो शिशु नै किन ?
राज्यको काममा केही दोष पक्कै छ केही त,
पत्ता लगाउनै पर्छ यस्को तात्पर्य निश्चित ॥'

अनि भाटभटेनीको चित्त केही बुझाउन,
राज्यमा पिटियो झ्याली राजाज्ञा यो सुनाउन :
'जस्ले भाटभटेनीको भिल्ल नामक नन्दन
पत्ता लगाउला उस्ले इनाम पाउला धन !!'

झ्याली पिटी प्रजालाई गरियो जव सूचित,
शुद्धदेव भए राजप्रासादमा उपस्थित ।
चढाए विन्ती राजाको सामु उन्ले झुकीकन :
'महाराज, यहाँ दोषी छैन कत्ति प्रशासन ॥'

सुनाई घटना सारा त्यहाँ विस्तारपूर्वक,
वताए :
'गिद्धले गाँज्यो किन जीवित वालक ?
जसरी लौहको डण्डा घुन लागेर मक्कियो,
त्यसरी गिद्धले ज्यूँदो शिशु आकाशमा लग्यो ॥'

सुनी वयान राजाले वुझे रहस्य सार्थक :
'दोषारोपण हो भाटभटेनीको निरर्थक ।'
जोईपोइ दुवैलाई भने दिँदै नसीहत :
'नासो पचाउँदा हुन्न कदापि लोकमा हित ॥

घुन लाग्यो भनी लौह डण्डा बेच्यौ कुनै दिन,
गिद्धले पुत्र गाँज्दा भो राजा नै दोषभाजन ?
फिर्ता फलामको डण्डा गर तत्काल नै वरु,
नासोको वदला पासो पाउने छौ तिमीहरू ॥'

सुनेर नृपको न्याय भाटदम्पति तर्सियो,
आर्तनाद गरी छाँद हाल्दै गरे पुकार यो :
'टारियो गर्ज डण्डाले जस्को थिएन मालिक,
दिन्छौं फलामको डण्डा, दिलाइपाऊँ वालक !!'

गरे मन्जुर यो सर्त तत्कालै शुद्धदेवले,
ल्याए फलामको डण्डा अर्को भाटभटेनीले ।
पन्जामा शिशु च्यापेको नभमा गिद्ध देखियो,
नृपलाई दया जाग्यो सुनी चित्कार भिल्लको ॥

'शुद्धदेव, छुटाएर गिद्धबाट शिशुकन
आमाको काखमा चाँडो राखिदेऊ तिमी पुनः !'
सुनेर नृपको आज्ञा भाटदम्पति हाँसियो,
किन्तु पेस गरे शुद्धदेवले शिघ्र तर्क यो :
'अनुचित यहाँ के हो ? औ को उचित के यहाँ ?
हुन्छ त्यो दण्डको भागी भेद बुझ्दैन जो यहाँ ।
थोपर्न खोज्छ अर्काको थाप्लोमा दोष आफ्नु जो,
कपटी मनको हुन्छ, बेइमान कहिन्छ त्यो ॥

भन्थ्यो 'सराप दिन्छु म नृपलाई' अघि यहाँ,
साखुल्ले बन्न खोज्दैछ अहिले धूर्त भै यहाँ ।
मेरो फलामको डण्डा हैन, ल्यायो यहाँ जुन,
भरिएको थियो मेरो डण्डाभित्र सुनैसुन ॥

नासो बेचेर अर्काको खानु हुन्न कदाचित,
इहलोक न सप्रन्छ, न हुन्छ वंशको हित ।
सराप दिन्छु, जो नासो मासेर खान्छ लोकमा,
त्यस्को निम्ति नहोस् स्थान कतै विशाल भूमिमा !!'

उठ्यो भाटभटेनीको शरीर भूमिमास्तिर,
बिस्तारै भिल्ल गाँजेको झर्‍यो गिद्ध धरातिर ।
फैलाए हात आकाशतर्फ छोरो समाउन,
मानौं भाटभटेनीले उड्न खोजेर तत्क्षण ॥

राजा खुशी भए शुद्धदेवको कार्यले अति,
निष्कलंक बने आफू उन्कै सुनेर सम्मति ।
दिए आज्ञा :
'छ के इच्छा, माग, दिन्छु भने जति,
परामर्श दिँदै गर्नू देशको गर्न उन्नति !!'

भने ब्राह्मणले बिन्ती बिसाई ब्रह्मदेवमा :
'महाराज, मलाई क्यै चाहिन्न यस लोकमा ।
बरु दृष्टान्त होस् भावी पुस्ताको निम्ति यो श्रुति :
नासोको लोभ गर्नाले लोकमा हुन्छ दुर्गति ॥'

गाँजेको गिद्धले भिल्ल तथा भाटभटेनीको
देह झुण्ड्याइयो व्रह्मायणी मन्दिरभित्र त्यो ।
आज्ञा कालान्तरैसम्म राख्ने यो नृपको थियो,
अझै भाटभटेनीको नामले छ प्रसिद्ध त्यो ॥

**

(सिजापति, २०११, पृ. १७ : २०)
(१५ नभेम्वर २००३, शनिवार)

बत्तीसपुतली

स्वयंव्रती थिए नामी विशालनगरी नृप,
सधैं उपासना गर्थे मणिजोगिनीको रुप ।
दरिद्रहरूमा दान दिन्थे प्राप्त हुने धन,
तसर्थ कहलाएथे स्वयंव्रती भनीकन ॥

आई दक्षिणका एक विक्रमाजीत वीरले,
गरे नरेशको सेवा असीम भक्तिभावले ।
'पाउँछन् कसरी राजा दानको निम्ति साधन ?'
वुझे रहस्य यो उन्ले वितेपछि निकै दिन ॥

एक रात कराहीमा घिउ उमाल्नमा जुटे,
हालेर मसला आफ्नो देह त्यस्मै स्वयं भुटे ।
मणिजोगिनीले पाइन् मसलादार भोजन,
द्रव्यवृक्ष दिइन् सुम्पी पुनः व्युँताई जीवन ॥

पाएर द्रव्यकै वृक्ष विक्रमाजीत फर्किए,
राजा स्वयंव्रती चाहिं देवीको स्थानमा गए ।
घोप्टिएको कराहीमा उन्को दृष्टि पऱ्यो जव,
रिझाएछ अरुले नै देवी भन्ने वुझे तव ॥

चिन्ताग्रस्त भए राजा व्रत टुट्ने भयो भनी,
भन्न लागिन् त्यहाँ आई स्वयं नै मणिजोगिनी :
'तेरो सेवकको सेवावाट प्रशन्न भैकन
द्रव्यवृक्ष पनि मैले सुम्पिदिएं उसैकन ॥'

सुनेर देवीको वाणी वैराग्य लाग्न गो अति,
भाग्यको खेल सम्झेर फर्के राजा स्वयंव्रती ।
विक्रमाजीतलाई नै राज्य दान दिईकन
वानप्रस्थ लिई राजा स्वयंव्रती पसे वन ॥

विक्रमाजीतले द्रव्यवृक्षवाट लिई धन,
सम्पूर्ण देशवासीको तिरिदिए सवै ऋण ।
उपाधि विक्रमादित्य पाएर नृपले स्वतः
सम्वत्सर चलाए जो वन्यो विक्रमसम्वत ॥

मणिमाणिक्यले युक्त देवीदत्त सिंहासन,
जडिएका थिए जस्मा परी वत्तीस लक्षण
राखिया, न्यायकर्ता भै त्यसैमा वस्दथे नृप,
विशालनगरीनेरै वनाई न्यायमण्डप ॥

फैलियो जगमा कीर्ति विक्रमाजीतको अति,
कसैले रोक्न सक्तैन परन्तु कालको गति ।
विक्रमाजीतको शेषपछि राजा अरु भए,
न्याय सिंहासनारुढ हुन ती सव हच्किए ॥

वनेथे नृपति कालान्तरमा भोज नामक,
'न्यायमूर्ति म हुँ राजा'
भन्दथे गर्वपूर्वक ।
विक्रमाजीतको सिंहासनमा नै कुनै दिन
तम्सिएथे जसै वस्न, जागे वत्तीस लक्षण ॥

जीवन्त पुतली वन्दै मूर्तिरूपी परीहरू
वखान गर्दथे वीर विक्रमाजीतकै वरु ।
पुरुषार्थ वताएर भोजलाई पुनः पुनः,
पखेटा फर्फराएर उडे वत्तीस लक्षण ॥

भोजले हठ त्यागेनन्, वसिछाड्ने ढिपी लिए,
सिंहासनै उचालेर परी भुर्र उडी गए ।
विक्रमाजीतको न्याय सिंहासन जहाँ थियो,
त्यही पवित्र ठाउँ नै वत्तीसपुतली भयो ॥

**

टुँडिखेल

अकस्मात् टोलमा थाले केटाकेटी हराउन,
छिमेकी गर्दथे प्रश्न :
'भयो यस्तो यहाँ किन ?'
चेवाचर्चा लिदै जाँदा छिटै रहस्य खुल्न गो,
चोर्दो रैछ गुरुमापा केटाकेटी सुटुक्क पो ॥

छिमेकीहरूले पक्रे चोरलाई कुनै दिन,
रीसको झोंकमा आँटे झुंड्याई प्राण नै लिन ।
'नमार, देशवासी हो, विराएँ, माफ पाऊँ म,
मार्ने छैन कसैलाई, खाना पाउँछु नित्य म ॥

केशचन्द्र जहाँ भन्छन् त्यहीं वस्न तयार छु,
कान्तिपुरनिवासीको रक्षा सहर्ष गर्दछु ।'
वाँध्यो राक्षसले वाचा :
'गर्दिनँ शिशुभक्षण,
पस्दिनँ कहिल्यै देशभित्र, गर्छु सुरक्षण !!'

देशवाहिर तत्कालै ठूलो चौर वनाइयो,
त्यही उस्लाई सुम्पेर देशरक्षार्थ राखियो ।
टुँडिखेल रह्यो नाम गुम्सेको भातवाट नै,
वस्न थाल्यो गुरुमापा त्यही विशाल चौरमै ॥

त्यही मैदानमा घुम्दै भन्न लाग्यो ऊ हर्घडी :
'व्यर्थै वसी विना काम विताऊँ दिन के गरी ?'
नपाओस् गुरुमापाले सोच्ने फुर्सद नै भनी
गरे सल्लाह साराले, उपाय सोचियो पनि :
'चहुरमा कतै तीन ढुंगा एकत्र देखिंदा
छुट्याइदिनु पर्नेछ अविलम्व यदाकदा ।'
अह्राए काम उस्लाई यस्तो नगण्य देखिने,
किन्तु जैले पनि काम गर्नमै दिन टुंगिने ॥

तीन ढुंगा संगै पर्दा गुरुमापा छुट्याउँछ,
हरेक वर्ष रांगो र भात अध्यापि पाउँछ ।
घोडेजात्रा मनाइन्छ घोडा दौडाई लश्कर,
घोडाको टापले ठोक्न नउठाओस् भनी शिर ॥

**

ललितपत्तन

घाँसी एक थियो ज्यादै कुरूप तनको तर
काटेर घाँस बेच्थ्यो ऊ नित्य मध्यलखुतिर ॥
घाँस काट्दै थियो, थाकी नोल गाडेर ऊ कतै
तिर्खा मेट्न भनी लाग्यो पानी खोज्न जतातत्तै ॥
भेट्टायो ललितारण्यछेउमै जलकुण्ड र
प्यास मेटेर पानीमा पस्यो ऊ स्नानखातिर ।
कुण्डमा स्नानले गर्दा त्याग्यो उस्ले कुरूपता,
उखेल्न क्यै गरी उस्ले सकेन किन्तु नोल ता ।
बाँधेर घाँसको भारी बोकी खर्पनबेगर
लाग्यो मध्यलखुतर्फ सदाझैं बेच्न खातिर ॥

वीरदेव त्यहाँ राजा रहन्थे दरबारमा,
प्रजाको हेर्दथे चाला बसेर नित्य झ्यालमा ।
देखी कुरूप घाँसीको त्यस्तो सौन्दर्य त्यो दिन,
तुरुन्तै झ्यालकै छेउ डाँके छक्क परीकन :
'ए घाँसी, कसरी तेरो रूप एक्कासि फेरियो ?
कुरूप जो थियो आजै रूपवान् के गरी भयो ?'
बिसायो घाँसीले बिन्ती हात जोडी झुकीकन,
घटेथ्यो जे जति सारा पोख्यो यथार्थ वर्णन ॥

ज्यादै खुशी भए राजा, कथा विचित्र त्यो थियो,
रूपवान् त्यस घाँसीको नामै ललित राखियो ।
हितैषी मित्र राजाको बन्यो ललित आखिर,
पुगे दुवै किनारामा कुण्डको त्यो मनोहर ॥

कीर्ति रहोस् पछिसम्म भन्ने सोचेर ध्यानमा
डुबेका नृपले यस्तो सुने वचन स्वप्नमा :
'हे राजा, तीर्थ हो त्यो नै गौरीकुण्ड भनिन्छ जो,
सर्वेश्वर म हुँ, खोज दूरीमा आठ हातको !
नोल सिद्ध भयो मेरो कामेश्वर बनीकन,
त्यहीं नै नगरी एक बनोस् ललितपत्तन ॥'

खटाए नृपले आज्ञा दिएर ललितैकन
वाग्मतीपारि फाँडेर वन वस्ती बसाउन ।

लोहँकर्मी, डकर्मी औ सिकर्मीको चल्यो सुर,
ललितारण्यमा रम्य निर्माण गरियो पुर ॥

वन्यो नगरको मध्यभागमा पोखरी ठूलो,
नागपूजा गरी माथि ल्याइयो जलको कुलो,
पोखरी माथि नै चैत्य वन्यो, धारा वनाइयो,
गणेश औ महाकाल, शिवलिंग ठड्याइयो ॥

मणिजोगिनीको भक्त हुँदा ललितले खुव,
गणेश, चैत्य, तालाव, धारा, कुमार, मण्डप,
शिवलिंग, महाकाल, मणिगाल सवैकन
दियो नाम लगाएर मणिको नै विशेषण ॥

दर्वार, धर्मशाला औ विहार, घर, मन्दिर,
वीस हज्जार मान्छेको भो वासस्थान सुन्दर ।
रक्षार्थ राखिए आठै दिशामा अष्टमातृका,
चारैतर्फ रहेका छन् वौद्ध स्तुप अशोकका ॥

कथा ललित ज्यापुको छ जीवन्त अझै यहाँ,
नोल उस्को छ अद्यापि शिलाको रुपमा त्यहाँ ।
ललितारण्यको वस्ती वन्यो ललितपट्टन,
ललितपुर भो नाम, भनिन्छ आज पाटन ॥

**

(भाषावंशावली, २०२३, पृ. १ : ३)

नमोबुद्ध

पांचाल देशमा तीन रहन्थे राजयुवक,
महासत्व, महादेव, महाप्रसाद नामक ।
एकपल्ट गए तीनै राजपुत्र शिकारमा,
पुगे जंगलले युक्त योगाकुल पहाडमा ॥

देखिई वाघिनी यौटी भोकले अति पीडित,
भोका भर्खर व्याएका पाँचोटै डमरुसित ।
हप्तौंको भोकले गर्दा थिएन तिनमा वल,

सक्तैनथी त्यहाँ गर्न वघिनी कत्ति हल्चल ॥

देखी वच्चा र आमाको विचल्लीपूर्ण हालत,
द्रवीभूत भए कान्छा महासत्व कुमार त :
'सकिन्न परहितार्थ गर्न जीवन आहुति
भने जीवन पाएकै हुन्छ तात्पर्य के कति ?!'
मनमा तर्कना गर्दै महासत्व वढे अगि,
एक्कासि रोकिए टक्क वघिनीसामु नै पुगी ।
आफ्नै शरीरको मासु खुवाए वघिनीकन,
भोकपीडितको निम्ति स्वयं वनेर भोजन ॥

क्षुधातृप्त गरी आफ्ना डमरु साथ लीकन
त्यहाँवाट गई अन्तै वघिनी खोज्न भोजन ।
महासत्व समाधिस्थ भए त्यागेर जीवन,
परोपकार यो भन्दा हुन सक्थ्यो ठूलो कुन ?।
नसक्ता भाइको रक्षा गर्न सल्लाह दीकन,
राजपुत्र दुवै फर्के शोकसन्तप्त भैकन ।
सुनेर शोकसन्देश पांचाल देशका जन
शोकाकुल भए सारा गर्दै विलाप, रोदन ॥

मन्त्रीहरू लिई साथ स्वयं राजा महारथ
पुगे तत्काल नै योगाकुलपर्वत मन्मथ ।
घटनास्थलमा एक पाइयो अस्थिपञ्जर,
सुनको पात्रमा राखी गाडियो त्यो त्यहींनिर ॥

परोकारको निम्ति आत्मोत्सर्ग गरे अत:
महासत्व भई मोक्ष वोधिसत्व वने स्वत: ।
महासत्वस्मृति राख्न एक स्तुप वनाइयो,
योगकुलगिरि भव्य चैत्यद्वारा सिंगारिया ॥

तपस्या गर्नका लागि लिएर शिष्य साथमा
पुगे वुद्ध स्वयं एकपल्ट यै रम्य ठाउँमा ।
स्तुपसामु गई वुद्ध भएथे नतमस्तक,
भनिन्छ त्यो नमोवुद्ध तसर्थ नै अझैतक ॥

**

(अमात्य, १९९१, पृ. ११ : १०२)

अध्याय - दुई

जलनाम

त्रिशुली र गोसाइँकुण्ड

चाहे देव तथा दैत्य दुवै थरी मिलीकन,
झिक्न अमृतको गाग्रो गरी समुद्र मन्थन ।
अनि बस्न पुगे विष्णु सिन्धुमा कछुवा वनी,
सुमेरुको मदानी नै ठडियो पीठमा पनि ॥

शेषनाग बन्यो डोरी मदानी बेर्न खातिर,
लागे दानव औ देव तान्न डोरी दुवैतिर ।
आलोपालो गरी तान्दा मदानी फन्फनी घुम्यो,
पानी समुद्रको मथ्दा अमूल्य निधि निस्कियो ॥

निस्के उच्चैश्रवा अश्व औ ऐरावत कुन्जर,
पाएर ईन्द्रले सोझै पुऱ्याए स्वर्ग आखिर ।
पद्मको पुष्पमा लक्ष्मी निस्किन् समुद्रवाहिर,
लगे वैकुण्ठमा माथि विष्णुले नै सरासर ॥

अन्त्यमा निस्कियो सिन्धुवाट अमृतको घडा,
देव-दानव तत्कालै हुर्रिएर भए खडा ।
विष्णुले मोहिनी रुप लिएर नखरा गरी
घडा अमृतको हात पारे दैत्यहरू छली ॥

देवताहरूमा बाँडिदिए केवल अमृत,
हिस्सिए भाग पर्खेर वसेका दैत्य वस्तुतः ।
रीसले चूर भै दैत्यहरू देवहरूसित
जुटे फेरि मथी सिन्धु निकाल्न सार : अमृत ॥

शेषनाग निकै थाक्यो डोरी मदानीको वनी,
दैत्यले मथ्न छाडेनन् समुद्र चाहिं तैपनि ।
कोही शिर समाएर तान्दथ्यो, कोही पुच्छर,
निस्क्यो अमृतको सट्टा सिन्धुवाट हलाहल ॥

समुद्र, भूमि, आकाश डढेलोमा पऱ्यो सव,
हाहाकार गरी भाग्न थाले देव र दानव ।
अन्त्यमा शिवको सामु इन्द्रादि देवतागण
हात जोडेर रक्षार्थ लागे विन्ती विसाउन ॥

एकैपल्ट लिई सास लगाएर निकै बल,
डढेलो शिवले सोसे निली सारा हलाहल ।
विश्व संहारकारी नै थियो त्यो विष वस्तुतः,
डढेर घाँटी नै नीलो शिवको हुन गो अतः ॥

औडाहा विषको साम्य पार्न खोजेर शीतल,
पुगे रन्थनिदै, झुल्दै शिव हिमालको तल ।
कडा पर्वतमा आफ्नो गोपे त्रिशूल वेसरी,
चेतशून्य भई पल्टे लम्पसार त्यहीं परी ॥

जलधारा बगे तीन त्रिशूल गोपियो जहाँ,
प्रादुर्भाव भयो शुद्ध त्रिशुलीगण्डकी त्यहाँ ।
जमेर खोंचमा पानी सुरम्य कुण्ड देखियो,
शिव पल्टिरहेकाले गोसाइँकुण्ड त्यो भयो ॥

**

वागमती र केशवती (विष्णुमती)

स्वयम्भूज्योति औ गुह्येश्वरी दर्शन खातिर
आए क्षमावतीबाट क्रकुच्छन्द यतातिर ।
लिएर साथमा सातसय शिष्यहरूकन
चढे उत्तरको डाँडो गर्दै माहात्म्य वर्णन ॥

'के छ भिक्षु र गृहस्थ हुनुको बीच अन्तर ?
सिद्धान्त धर्मको के हो ?'
पारे खुलस्त आखिर ।
भिक्षु बन्ने गरे इच्छा शिष्यका दलले जब,
गुरुले अभिषेकार्थ पाएनन् जल नै तब ॥

पुकारे सहसा उन्ले स्वयम्भू र गुह्येश्वरी,
चट्टानमा बुढीऔंलो स्वाट्ट गोपेर वेसरी :
'हे गंगा, जलको धारा पवित्र एक सिद्ध होस् !
यहाँ यो छिद्रको बाटो प्रवाह जलको बगोस् !!'
फुट्यो मुहान पानीको सानो छिद्र बन्यो जहाँ,
जलस्रोत बनी गंगा प्रादुर्भाव भइन् त्यहाँ ।

जलद्वार बन्यो क्रकुच्छन्दको वाक्यको गति,
वाग्द्वारवाट निस्केको नदी भनिन्छ वाग्मती ॥
वौद्धभिक्षु वने सातसय शिष्यहरू सवै,
अभिषेक गरे क्रकुच्छन्दले जल छर्किंदै ।
काटी कपालको केश, गरी सम्पन्न मुण्डन,
दीक्षादान गरे उन्ले मेषसंक्रान्तिका दिन ॥
त्यहाँ चैत्य बन्यो एक जहाँ क्यै केश गाडियो,
त्यहाँ उत्पन्न भो पानी जहाँ क्यै केश फालियो ।
रह्यो केशवती नाम केशोत्पन्न हुँदा नदी,
वनी विष्णुमती लिन्छ वाग्मती नदीकै गति ॥

**

प्रभावती र रत्नावती

सुप्रभापुरमा दानासुर शासन गर्दथ्यो,
वाग्मती तटमा घोर तपस्या गर्न ऊ बस्यो ।
वाह्र वर्ष अहोरात्र जप, ध्यान गरीकन,
वर प्राप्त गऱ्यो उस्ले सतांश इन्द्रको धन ॥
मनोवांक्षा भई पूरा रमायो दैत्य निश्चित,
तपस्यास्थलको नाम प्रमोदतीर्थ भो अतः ।
इन्द्रको ढुकुटी फोर्न पस्यो ऊ सुदृ स्वर्गमा,
बोकी ल्यायो जति सक्थ्यो मणिमाणिक्य काँधमा ॥

रक्तपत्थरको भित्ता, छानाका भिंगटी : सुन,
मणिमाणिक्यको भव्य बन्यो दर्वार काञ्चन ।
राजधानी बन्यो रम्य शोणितपुर नामको,
वचेको धनसम्पत्ति दानवेगर व्यर्थ भो ॥
लुकायो धन गाडेर नचोरोस् अरुले भनी,
दानागार रह्यो नाम अतः त्यो स्थानको पनि ।
चाल पाई हराएको आफ्नो भण्डारको धन,
गुहारे इन्द्रले नागराज कर्कोटकैकन :
'कहाँ छ ? लौ न, खोजेर पठाऊ धनसम्पति,
एक चौथाई काटेर अरु वाँकी रहे जति ॥'
कर्कोटक जुटे खोज्न इन्द्रको सम्पदा धन,

झिके सम्पूर्ण रत्नादि दानागार खनीकन ।
चतुर्थांश लिई आफ्नो भाग टौदहमा लगे,
खोला सृष्टि भयो, बाँकी रत्न त्यै जलमा बगे ॥
रत्नावती रह्यो नाम तसर्थ नदीको अब,
प्रमोदतीर्थकै बाटो वाग्मतीमै पुग्यो सब ।
नदीप्रवाहका साथै बग्दैगयो सबै धन,
अनाज खेतमा फल्छ भएर जलसिंचन ॥

गरेर झगडा दानासुरकी पत्नी निस्किई,
वाग्मती तटमा घोर तपस्या गर्न ऊ गई ।
भईन् वसुन्धरादेवी अति प्रशन्न आखिर,
दिइन् रुपवती एक पुत्री जन्माउने वर ॥
फुलोच्चगिरिको घाँचबाट उत्पन्न भो नदी,
पुत्रीको रुपमा नाम रह्यो त्यस्को प्रभावती ।
तपस्यास्थलमा बग्दै मिल्यो त्यो वाग्मतीसित,
नदीसंगमको नाम जयतीर्थ रह्यो स्वतः ॥

**

रोषमती (रोसी)

यता पाटनका राजा, उता पनौतीका नृप,
पुग्दथे फुलचोकीमा नित्य उक्लेर पर्वत ।
फुलोच्चगिरि देवीको प्रार्थना गर्दथे दुवै,
दिन्थे दृष्टि चुलीबाट स्वराष्ट्रतर्फ फर्कंदै ॥

फुलोच्चगिरिमा देखे जलस्रोत कुनै दिन,
आआफ्नो राज्यमा पानी लाने गरेर चिन्तन,
खन्न थाले कुलो राजाहरू प्रश्न गरीकन :
'पानीमा हक कस्को छ ?'
'पाउने तिमीले किन ?'
दुवै राजाहरूलाई दिई तत्काल दर्शन
फुलोच्चगिरिकी देवी लागिन् आज्ञा सुनाउन :
'जो पैले सुन-चाँदीको माला लिएर आउला,
उस्को नै राज्यमा भोलि पानीको स्रोत फर्कला !!'
आआफ्नो राज्यमा दौडे राजा दुवै सरासर,
बनाई सुन-चाँदीको माला ल्याउन खातिर ।

पुगी पाटन राजाले दिए आदेश तत्क्षण,
सुरम्य सुनचाँदीको माला एक बनाउन ॥

पनौती नृपको अर्कै उपाय सिर्जना भयो,
मूला औ तोरीको फूल टिपी माला वनाइयो ।
पहिले नै पुगी सेता पहेंला पुष्पनिर्मित
माला गरे फुलचोकीमाईप्रति समर्पित ॥
पुगेथे सुन-चाँदीको माला लिएर उज्ज्वल,
किन्तु पाटनका राजा हिस्सिए मात्र केवल ।
चलाकी दाउले माई रिझाएको कुरा गुनी,
पनौती नृपका सामु मुर्मुरिंदै थिए उनी ॥

दिइन् दर्शन माईले एकपल्ट त्यहाँ पुनः,
सान्त्वनापूर्ण वाणीको भयो आदेश गुञ्जन :
'शिल्पमा सुन-चाँदीको होला प्रख्यात पाटन,
पनौतीतर्फ उब्जेला मूला-तोरी टनाटन ।
पनौतीलाई नै खाँचो पानीको देख्दछु म त,
पनौतीतर्फ नै मोडिदिन्छु प्रवाह यो अतः ॥
रुष्ट पाटनका राजा हुँदा उत्पन्न यो नदी,
वनी रोषमती बग्ला उर्लंदै रोषले अति...,,
भए सन्तुष्ट देवीको तर्कबाट दुवै नृप,
पनौती भेंकमै रोसी बगेको छ अझैतक ॥

**

उग्रतीर्थ

थिए ब्राह्मण क्वै एक ऋषि च्यवन नामक,
गर्दथे वशमा क्रोध, प्राणीका प्रतिपालक ।
तीर्थाटन गरी आए स्कन्दपर्वतको मुनि,
गरेथे शिवको लिंग थुम्कोमा स्थापना पनि ॥
निराहार वसी मात्र वनेर वायुभक्षक,
जीतेन्द्रिय वनी ध्यान गरे वाह्र शरद्तक ।
योगासन जमाएर तपस्या शिवको गरे,
कैलाशवाट जो सोझै उन्कै आश्रममा झरे ॥
मुहूर्त त्यो थियो रम्य असोज शुक्ल अष्टमी
आज्ञा च्यवनका सामु शिववाटै भयो गमी :

'हे ब्राह्मण, तपस्याले तिम्रो भएँ प्रशन्न म,
इच्छावर तिमीलाई दिन आएँ सहर्ष म ।'
भुकेर शिवका सामु बिन्ती च्यवनले गरे, :
'मुक्तिको चाहना राख्छु, वर मुक्ति मिलोस्, हरे !!'
'तथास्तु !'
शिवले भन्दै तत्काल नै दिए वर,
ज्योति स्वरुप देखाए, उज्यालो भो सवैतिर ।
ज्योतिलिंग बनी शिघ्र अन्तर्ध्यान भए शिव,
लिन आए ऋषिलाई शिवका गणले सव ॥
विमानमा चढाएर लगे च्यवनलाई त,
शिवलोक पुगी मुक्त भए ब्राह्मण वस्तुतः ।
गरे च्यवनले उग्र तयस्या जुन ठाउँमा
उग्रतीर्थ भनी त्यो नै भयो प्रसिद्ध विश्वमा ॥

**

कुम्भेश्वरकुण्ड (क्वन्तितीर्थ)

उहिले एक व्यापारी ललितपुरमा थियो,
गोसाईंकुण्डको यात्रा गर्न तत्पर ऊ भयो ।
हिंड्यो ऊ तीर्थयात्रार्थ कान्छी पत्नी संगै लिई,
कारोबार सबै जेठी पत्नीको हातमा दिई ॥
कतै पहाड उक्लेर, कतै भरेर खोंचमा,
कतै वास बसी भोकै पेट थाकेर साँझमा,
डाँडाकाँडा गरी पार वाटो हिंडेर दुर्गम,
जोईपोइ परे दंग देखी कुण्ड मनोरम ॥

मनमोहक देखिन्थ्यो दृश्य गोसाईंकुण्डको,
शिव पल्टिरहेकाले शिवल्हुति भनिन्छ जो ।
विर्सेर तीर्थयात्राका दुःखकष्टहरू सवै,
आँखा चिम्लेर गोसाईंकुण्डमा हेलिए दुवै ॥
पत्नीको सुनको औंठी हीराजडित सुन्दर,
स्नान गर्दा खस्यो फ्यात्त कुण्डको पींधमा तल ।
सुँक्कसुँक्क गरी पत्नी आँसु भारेर वर्वर,
भन्न लागी पतिलाई निकाली कंकला स्वर :
'लौ न नि ! अब के गर्ने ? खस्यो औंठी त कुण्डमा,

औठी नै नारीको निम्ति अमूल्य हुन्छ लोकमा ॥'
खोजे दुवै मिली औठी, गोता पनि लगाइयो,
प्रयास सब भो व्यर्थ, त्यहाँ केही नपाइयो ?
व्यापारीले भन्यो पत्नीलाई क्यै सान्त्वना दिँदै:
'नरोऊ ! जो हरायो सो पाइन्न लोकमा रुँदै ॥
भएमा शिवको इच्छा जुर्दछन् गहना सब,
जो गुम्यो त्यसकै पीर लिनु नै व्यर्थ हो अब ।'
गुमेको अब रोएर पाईंदैन यहाँ भनी,
बुझाई चित्त पत्नीले पतिको सान्त्वना सुनी ॥

वर्षवृत्त घुमी फेरि आयो श्रावण पूर्णिमा,
जेठी पत्नी गई प्रातःस्नानार्थ क्वन्तितीर्थमा ।
पर्‍या चमक हीराको नेत्रमा मनमोहक,
देखियो सुनको औठी जलभित्र अचानक ॥
साहुनीले लिई स्वर्णऔंठी टिपेर हातमा,
हेर्दा वल्टाईपल्टाई परी बिखलबन्दमा ।
कुण्डमा स्नान गर्दै ऊ औंठीकै सोचमा परी :
'सौताको हातको औंठी खस्यो यहाँ कसो गरी ??'
कुरा खेलाउँदै उस्ले लिई निर्णय निश्चित :
'मौकामा दिनु नै पर्छ सौतालाई नसीहत !'
सौताको स्वर्णऔंठी त्यो हीराजडित सुन्दर,
आफूले नै लगाएर फर्की निश्चिन्त भै घर ॥

फर्केर दम्पति आए तीर्थयात्रा गरीकन,
व्यापारी शिघ्र संलग्न भयो व्यापारमै पुनः ।
हीराले दृष्टि कान्छीको तानिहाल्यो अचानक,
जेठीको हातमा औठी देख्दा आफ्नो परी छक ॥
रीसले चूर भै आँखा तिर्मिराएसरी भयो,
चोरीको दोष थोपर्दै सौतालाई झपारियो :
'औंठी मौका ढुकी चोरिस् नमानेर कुनै धक,
औंठीचोर्नी, फुका औंठी ! तेरो त्यस्मा छ के हक ??'
चाला देखेर कान्छीको जेठीलाई असह्य भो,
नसीहत दिँदै उस्ले भनी शान्त भएर यो :
'रहेन भुईमा खुट्टा लोग्नेले पुल्पुल्याउँदा,
पाउँदा हक खोज्ने तँ, रहिस् मौन हराउँदा ??'
वाभन लागे दुवै सौता, भयो चर्कै भनाभन,
राजाकहाँ पुगी कान्छी न्याय माग्न भनीकन ।

भए दर्वारमा जम्मा सारा पंचभलादमी,
सुनियो जेठीको तर्क, व्यापारीले भन्यो गमी :
'कान्छी पत्नी खस्यो भन्थी औंठी गोसाइँकुण्डमा,
भेट्टाई जेठीले कुम्भेश्वरको जलकुण्डमा ।
अचम्म ! सुनको औंठी हीराजडित सुन्दर,
भित्रभित्रै वगी आयो जलसंगै सरासर ?!'
व्यापारीको सुनी व्याख्या विश्वास सवमा भयो,
अकाट्य तर्क जेठीको हुने निश्चय देखियो ।
सुनी सल्लाह राजाले दिए निर्णय आखिर :
'औंठीमा पाउनेको नै हक लाग्छ निरन्तर ॥'

जेठी प्रफुल्ल देखिन्थी, कान्छी निदाउर्रा बनी,
जेठीले सुनको औंठी कान्छीलाई दिँदै भनी :
'गोसाइँकुण्डमा औंठी हराएको थियो जुन,
तिम्रै हो यो, लगाऊ लौ, सदैव सम्झनू गुन !!'

**

(श्रेष्ठ, ११०६, पृ. २ : ३)
२२ जून, २००४ (मंगलवार)

कालीगण्डकी

थिईं वाला कुनै काली नामकी एक रूपसी,
वेश्यावृत्ति गरी पेट पाल्दथी घरमै बसी ।
किन्तु ग्राहकलाई नै पतिदेव ऊ मान्दथी,
पतिकै तुल्य उस्को ऊ सेवासत्कार गर्दथी ॥
पतिव्रता थिई एकै रातकी मात्र तैपनि,
कलंक मेट्न खोज्थी ऊ वेश्या वन्नु परे पनि ।
कालीको नाम औ काम चर्चामा आउँथ्यो सदा,
प्रशंसा नै वढी हुन्थ्यो वेश्या विचित्रकी हुँदा ॥

घीनलाग्दो थियो पेशा वेश्या भै जिउनु तर
गर्थे चर्चा चले उस्को मान्छे विशेष आदर ।
द्वारिकामा पुगे एकपल्ट टुप्लुक्क नारद,
सभामा कालीकै चर्चा चाहन्थे गर्न सायद ॥
किन्तु नैतिकताप्रेमी वलदेव त्यहाँ थिए,
वेश्याको काम के सुन्थे ? नामै सुनेर झोक्किए :

'कतै वेश्या पनि हुन्छे सतीतुल्य पतिव्रता ?'
तम्सिए वाजी नै ठोक्न अनि नारदले उता ॥
प्रतिकार ऋषिवाट सुनी आफ्नो विरोधको,
वलदेव भए राजी परिक्षा लिन कालीको ।
वूढो वाहुनको रुप लिएर साँझमा उती,
वेश्याकै घरदैलोमा पुगी मागे बिसाउनी ॥

वाटो हेर्दै थिई काली गाहकीको सधैंसरी,
असक्त वृद्धलाई नै सत्कार पतिझैं गरी ।
बिसाई काँधको कुम्लो कोठाभित्र वूढो पस्यो,
खानपीन गरी मीठो सफा आसनमा वस्यो ॥
सम्मान पतिको पाई परेथ्यो मक्ख वाहुन,
अकस्मात् पेट पोलेर पखालाले पिऱ्यो किन ?
गरी सुसार कालीले भरारात रुजु रही,
लागेन ओखती, हाल विरामीको रह्यो उही ॥
जति रात बित्यो रोग उत्तिकै चर्किंदै गयो,
विहान कुखुरा वास्दा बिछ्यौनामै बूढो मऱ्यो ।
रुन थाली अनि वेश्या डाँको छोडेर वेसरी,
शवयात्रासंगै लागी सती जान अघि सरी ॥

वूढो वाहुनका लागि बन्यो चिता मसानमा,
वेश्या काली वसी त्यस्मा पति लिएर काखमा ।
मलामीहरूमा वादविवाद चर्कियो अनि,
दागवत्ती दिने कस्ले वेश्यालाई यहाँ भनी ॥
आए कुन्नि कतावाट टुप्लुक्क ऋषि नारद,
वूढोलाई भने उन्ले धाप मारेर सायद :
'वलदेव, भयो, ब्यूँझ ! जाँच गर्न पुगेन के ?
कालीसंगै चितामा नै जल्ने इच्छा भयो कि के ??'
दाहसंस्कारको वेला सुनी नारदको कुरा,
वृद्ध व्राह्मण जागेर चितावाट भयो खडा ।
व्रलदेव लिई आफ्नै रूप, वोकी हलो पनि
वरदान दिए वेश्यालाई स्नेहालु नै वनी :
-'काली, तैंले सतीतुल्य गरिस् कर्तव्य पालन,
पवित्र नदी भै वग्नू सिंचेर जल पावन !
नदीको तटमा काला शालिग्रामहरू रहोस्,
कालीगण्डकीको नाम भई प्रख्यात फैलियोस् !!'

**

(नेपाली, २०३१, पृ. ३ : ६)

महाकालीनदी

राम गर्दै थिए वार्तालाप योद्धाहरूसित,
चल्यो चर्चा अनायासै लंकाविजयको स्वतः ।
प्रशंसा एक दोस्रोको वीरताको भयो त्यहाँ,
भनियो :
'दाँज्नु कोसंग रामको शूरता यहाँ ?!'
हाँसिन् मुसुमुसु सीता वार्ता यस्तो त्यहाँ सुनी,
सोधेथे रामले 'सीता, किन हाँस्यौ तिमी ?' भनी ।
टार्न खोजेर सीताले दिइन् संक्षिप्त उत्तर :
'विनाकारण नै आयो हाँसो, के हाँस्नु हुन्न र ??'
वारम्वार हुँदा रामवाट त्यै प्रश्न सोधनी,
भनिन् मुसुक्क हाँसेर सीताले नम्र भै अनि :
'गर्नु के गर्व मारेर लंकेश त्यो दशानन ?
सहस्त्र शिरले युक्त छ ज्यूँदै अहिरावण ॥'
सुनेर वाक्य सीताको भए स्तव्ध त्यहाँ सव,
भन्न थाले :
'मिलोस् मौका शौर्य देखाउने अब !'
अहिरावणको झार्न घमण्ड राम तम्सिए,
तैयारी युद्धको गर्न सेनापति खटाइए ॥

तम्तयार भयो सेना युद्धमा जान खातिर,
दृश्य संग्रामको हेर्ने सीतालाई चढ्यो सुर ।
जव राम लिई सेना चढे पुष्पकयानमा,
गरिन् आग्रह सीताले लिएर जान साथमा ॥
गर्‍यो प्रस्थान सेनाले शस्त्रास्त्र धारिला भिरी,
रामसंगै सीता शिघ्रै पुगिन् विमानमा उडी ।
थियो तल्लीन निश्चिन्त अहिरावण यज्ञमा,
आकस्मिक हुँदा धावा खडा भो रणक्षेत्रमा ॥

देख्यो वाँदर औ भालु रामको फौजमा जव,
पर्‍यो अचम्ममा साह्रै अहिरावण वास्तव ।
अट्टहास गरी हाँस्यो थर्काई विश्व तत्क्षण,
हज्जार शिर हल्लाई सोच्यो गम्भीर भैकन :
'होम्मिन्छन् किन यी व्यर्थ भुसुनातुल्य वाँदर ?

विचराहरूको प्राण के लिनु युद्ध खातिर ?
बलमिचाइको युद्ध हुँदैन न्यायसंगत,
बरु फर्काइदिन्छु म यिन्लाई घर नै अत: ॥'
वायव्यास्त्र झिक्यो यौटा ठोक्रोबाट सरासर,
चढाई धनुमा ताँदो गऱ्यो प्रहार आखिर ।
वाणको गतिका साथै अन्धाधुन्ध चल्यो हुरी,
एक्कासि रामको सैन्य पुग्यो आकाशमा उडी ॥
लंकामै सैन्यका साथ पुऱ्याइए विभीषण,
अयोध्यानगरीमा नै सेनाका साथ लक्ष्मण,
अनि अंगदको सेना किष्किन्धा नै पुऱ्याइयो,
सीता औ रामका साथ मात्र पुष्पक त्यैं रह्यो ॥

मुस्कान ओठमा ल्याई दिई दृष्टि क्षितीजमा,
हेरिन् पुलुक्क सीताले गरेझैं व्यंग्य राममा ।
तत्काल नै दुवैतर्फबाट शस्त्रास्त्र बर्षियो,
अहिरावणका साथ भिडन्त रामको भयो ॥
दिव्यास्त्र रामको छुट्दा प्रतिरोधकझैं बनी,
प्रहार गर्दथ्यो वाण अहिरावणले पनि ।
प्रहार शत्रुले गर्दा धावा रोक्ने लिई मति,
त्यहाँ उस्ले पुऱ्याएन रामलाई कुनै क्षति ॥
अहिरावण मार्ने नै रामको चाहना भयो,
ठोक्रोबाट झिके रामवाण अचूक जो थियो ।
त्यो थियो त्यही नै अस्त्र सुम्पेथे उहिले जुन,
अगस्त्य ऋषिले गर्न भनी संहार रावण ॥
तानी धनुषको ताँदो गरेर अभिमन्त्रित,
प्रहार गरियो वाण अहिरावणमा अत: ।
गरी हुंकार गर्जेर समाती वाण घातक,
पाऱ्यो उस्ले दुई टुक्रा बंग्याएर पकापक ॥
हुँदै रुष्ट भन्यो गर्जी अहिरावणले अनि :
'लगाऊ अब अन्दाज लौ मेरो शक्तिको पनि !'
छोड्यो दिव्यास्त्र छातीमै गरेर लक्षभेदन,
अचेत भै पुगे राम भूमिमा तल वज्रिन ॥

देखेर पतिको हाल सीता क्रुद्ध भइन् अति,
उग्र रुप लिई लम्किन् शत्रु नास्ने लिई मति ।
लिएर हातमा खड्ग, पाश, घण्ट र खप्पर,

महाकाली वनी युद्ध गर्न लागिन् सरासर ॥
भए प्रकट तत्कालै हजारौं योगिनी पनि,
अहिरावणको सैन्य संहार गरियो अनि ।
टेकेर छातीमा उफ्री उध्मुन्ट्याएर तल्तिर,
मूला काटेसरी काटिन् अहिरावणको शिर ॥

नाच्न उन्मत्त भै लागे योगिनीहरू सत्वर,
लत्याएर भकुण्डोझैं अहिरावणको शिर ।
रणोन्मत्त महाकाली नाचिन् निम्त्याई संकट,
जलमग्न भयो धर्ती डुव्दा समुद्रको तट ॥
नृत्यले खस्कियो भूमि, विश्वब्रह्माण्ड थर्कियो,
उर्ली प्रलयको वाढी हाहाकार ठूलो भयो ।
गरे ब्रह्माण्ड यो थाम्न ब्रह्माले शिवका स्तुति :
'प्रभो, रोक्नुपर्‍यो चाँडै संहारनृत्यको गति !!'
नाच्दै थिइन् महाकाली मनाई विजयोत्सव,
त्यहीं पुगेर तत्कालै लम्पसार परे शिव ।
शिवको नक्षमा पाउ राख्दा उन्मत्त भैकन,
महाकाली अनायासै भइन् सतर्क तत्क्षण ॥

हात जोडेर व्रह्माले विनम्र भै गरे स्तुति :
'महाकाली, भई साम्य, सम्हाल जगको स्थिति !'
आराध्यदेवलाई नै देखेर पाउको मुनि,
भन्दिभइन् महाकाली भुतुक्कै लाजले वनी :
'उग्र रुप लिएँ मैले हुँदा अचेतमा पति,
एकै गाँस गरी निल्ने विश्वब्रह्माण्ड भो मति ।
फर्केमा रामको होस आफ्नै स्वरूप लिन्छु म,
महाकालीनदी वन्दै वगुँला भोटवाट म ॥'
व्रह्माको स्पर्शले राम निद्रावाट उठेसरी
जुरुक्क व्युँझिई लागे सीता खोज्न वरिपरि ।
व्रह्मा औ शिवका साथ महाकाली थिइन् जहाँ,
अतीत सम्झना गर्दै पुगे राम पनि त्यहाँ ॥

वयान रामले व्रह्मावाट सुन्दा यथाक्रम
सीताको रामले पाए थाहा सारा पराक्रम ।
व्रह्मा र शिवका सामु झुकेर वन्दना गरी
भन्न लागिन् महाकाली रामसंग अघि सरी :

'सधैं हुन्छु महाकाली वनी उत्तरमा स्थित,
महाकालीनदी बन्छु त्यहींबाट प्रवाहित ।
बनेर सरयु बग्छु अयोद्याको वरिपरि,
हुन्छु सागरमा लीन गंगासंगै अघि सरी ॥'
बग्न थालिन् महाकाली नदीको रुप लीकन,
प्रादुर्भाव भइन् सीता रामकै छेउमा पुनः ।
महाकाली गई सीधै पुगिन् मानसरोवर,
नदीको रुपमा बग्दै झर्छिन् सागरमा तर ॥

(गौतम, २०४८, पृ. ३३ : ३५)
(२१ जुलाई २००३, सोमवार)

दुग्धवती

उहिले गर्दथ्यो राज्य लंकामा रावणासुर,
ऋषिमुनिहरूवाट पनि उठाउँथ्यो कर ।
लिइन्यो रक्त नै तिन्को जो हुन्थ्यो अति निर्धन,
अतः रक्तपिपासुको लाग्यो उस्मा विशेषण ॥
भरिपूर्ण ठूलो घ्याम्पो रक्तसंचयले भयो,
ऋषिमुनिहरू जम्मा भई दिए सराप यो :
'घ्याम्पोको ढकनी खोल्न खोज्ला रावणले जब,
हाम्रो यो रक्तले उस्को सत्यानाश गरोस् सब !!'
करसंचयकर्ताले ऋषिश्राप सुनाउँदा,
तर्सियो अरुमै श्राप सार्न रावण सर्वथा ।
चल्दा शास्त्रार्थको चर्चा राजा जनक सम्मुख,
हारेर कसरी रातै भएथ्यो लाजले मुख !'
सम्झ्यो रावणले नूर गिरेको दृश्य झल्झल,
सोच्यो जनकमै सार्ने ऋषिको श्रापको फल ॥

अभिसप्त हुँदा घ्याम्पो थियो संत्रस्त रावण,
भारादारहरूलाई दियो आदेश तत्क्षण :
'ऋषिमुनिहरूवाट घ्याम्पो छ अभिशप्त जो,
लगेर मिथिलाभित्र गाडिदेऊ सुटुक्क त्यो !!'
रावणासुरको आज्ञा भयो तामेल तत्क्षण,
तत्काले देखियो यस्को खराव सव लक्षण ।

राजा जनकको राज्य मिथिलाको सवै थलो,
उजाड देखियो पर्दा अनिकाल निकै ठूलो ॥
तसर्थ घोर चिन्तामा राजा प्रजा दुवै परे,
भेला विद्वान्हरू सारा राजाले देशमा गरे ।
बाराह यज्ञ सम्पन्न गर्ने सल्लाह पाइयो,
राज्यमा यसका लागि चाँजोपाँजो मिलाइयो ॥

सुनको हलमा गोरु नारी कृषक भैकन
जोती जनकले खेत गरे यज्ञ समापन ।
हलोको डोवमा एक भइन् प्रकट वालिका,
अत: नाम रह्यो सीता - धर्तीकै दिव्य रक्षिका ॥
नवजात शिशु धर्तीबाट उत्पन्न भो जव,
भयो तत्काल नै कामधेनुको पनि उद्‌भव ।
दुग्धधारा पऱ्यो सोझै सीताको मुखमा अनि
पोखिएथ्यो जति दूध, बग्यो दुग्धवती बनी ॥

**

(२५ जनवरी २००३, शनिबार)

रत्नसागर

कुनै महन्तले एकपल्ट भोज खुवाउन
साधुसन्तहरूलाई पठाएथ्यो निमन्त्रण ।
सामग्री भोजको निम्ति जोरजाम गऱ्यो तर
पुग्दैन कि कतै भन्ने लाग्न गो मनमा डर ॥
जसै नजिकिँदै आयो भव्य त्यो भोजको दिन,
ज्यादै आतुर औ व्यग्र भयो महन्तको मन ।
चिन्ताले ग्रस्त भै निस्क्यो कमण्डलु लिई अनि,
भौंतारिँदै रह्यो व्यर्थ निकै रात विते पनि ॥

जाँदा जाँदा निरुद्धेश्य वाटोमा वस्तीवाहिर,
भेटिइन् वालिका सानी एकाएक त्यहींनिर ।
'कता जान हिंडेका हौ ?'
कन्याको प्रश्न यो थियो ।
एकान्त स्थलमा गुञ्ज्यो महन्तको जवाफ यो :
'खै, के भनूँ ? कता जाऊँ ? सकिएन जुटाउनै
सामग्री भोजको निम्ति, व्यग्र छु म तसर्थ नै ।

साधुसन्तहरू धेरै निम्त्याएँ भोज ख़्वाउन,
सामानको पर्‍यो गाह्रो चाँजोपाँजो मिलाउन ॥
भोलि स्वागत निम्तारुहरूको कसरी गरुँ ?
लाज मर्नु हुनुभन्दा वेस जोगी हुनु वरु ...'
मनको बह पोखेर महन्त टक्क रोकियो,
देखी नावालिका कन्या सामुमा छक्क ऊ भयो ।
दया लागेर कन्याले भनी दिएर सान्त्वना :
'महन्त, लौ, सीधै पक्र वाटो नैऋत्यको कुना ।
नजीकैको तलाउमा देखौला सुनको घडा,
लिनू झिकी त्यसैबाट चाहिन्छ जे जति सदा !!'
पुग्यो महन्त तत्कालै किनारमा तलाउको,
पायो त्यहाँ घडाभित्र ठूलो भण्डार रत्नको ।
झिक्यो रत्नहरू खाँचो टार्न नै चाहिने जति,
किन्यो सामान चाहिन्थ्यो भोज ख्वाउन के कति ?।
सबै तृप्त भए साधुसन्त जो भोजमा थिए,
निम्तारुहरू सत्कार पाई ज्यादै खुशी भए ।
'बालिका हुन् सीतादेवी !'
सवैको सुनियो स्वर,
रत्नपूर्ण घडायुक्त ताल भो रत्नसागर ॥

**

सुर्मासरोवर

शिवजीका थिए सोह्रवटी पत्नीहरू अरे,
अन्त्यमा शिवले रानी सुर्मासंग विहे गरे ।
कान्छी पत्नी थिइन् राम्री, हिसीदार र सुन्दरी,
कतै फोहोर देखेमा नाक थुन्थिन् घृणा गरी ॥
कान्छी नै शिवकी प्यारी पत्नी रानी सरी हुँदा,
सौताहरू सवै गर्थे सुर्माको डाह सर्वदा ।
चिप्लो घसी कुरा गर्दै शिवलाई लठ्याउँथे,
दोष खोजेर सुर्माको सधैं चुक्ली लगाउँथे ॥

एकपल्ट परे कुष्टरोगको मारमा शिव,
विदीर्ण देखियो देह पाकेर खटिरा सव ।
घीन लागेर सुर्माले फर्काइन् मुख पल्तिर,

थारको भेषमा लागिन् विरक्तिएर उत्तर ॥
जांदा जांदा पुगिन् सुर्मा लेकमा अति सुन्दर,
काखमा गिरिको एक थियो रम्य सरोवर ।
गोडा चिप्ली लडिन् सुर्मा ओर्लने क्रममा मुनि,
सुर्मा लोटिन् जहाँ त्यो नै ठाउँ भनिन्छ लोटनी ॥

वल्लतल्ल पुगिन् सुर्मा खोच्याउँदै किनारमा,
एकान्त स्थल रोजेर भइन् तल्लीन ध्यानमा ।
जहाँ किनारमा सुर्मा समाधिस्थ भइन् स्थिर,
त्यही कुण्ड भयो ज्ञात बनी सुर्मासरोवर ॥

**

मातातीर्थ

गोठालो चौरमा नित्य गाईवस्तु चराउँथ्यो,
कुण्डको तटमा खाजा खाँदै ऊ गीत गाउँथ्यो ।
शोकाकूल हुँदै एकपल्ट मातृवियोगमा,
आमा सम्झेर रोटीको चढायो वलि कुण्डमा ॥
पसारिन् हात आमाले निकाली शिर बाहिर,
टिपिन् रोटी चढाएको पुत्रले मातृ खातिर ।
पाई दर्शन आमाको गोठालो छक्क त्यो पऱ्यो,
रोटी अर्पण श्रद्धाले आमाकै हातमा गऱ्यो ॥

भई संतुष्ट अत्यन्तै श्रद्धा पाएर पुत्रको,
विलायो कुण्डमै फेरि मुहार दिव्य मातृको ।
झुम्मिए सब गोठाला अचम्ममा परी अति,
फालेर कुण्डमा रोटी हेर्दथे मातृ आकृति ॥
पुत्रको रोटी आएर लिन्थिन् आमा दिवंगत,
किन्तु देखिन्नथिन् आमा जो थिए अझ जीवित ।
सर्वत्र फैलियो ख्याति यस्तो विचित्र कुण्डको,
सबै आए त्यहाँ हेर्न रूप स्वर्गीय मातृको ॥

सुनेर घटना यस्तो भए दाखिल नेमुनि,
वैशाख कृष्ण औंसीको दिन हो मातृको भनी,
राखियो कुण्डको नाम मातृतीर्थ त्यसै क्षण,
स्वर्गीय मातृमा पिण्ड त्यहाँ गरिन्छ अर्पण ॥

वर्षेनी मातृऔंसीमा मातृविहीन सज्जन,
आमाको स्मृतिमा गर्छन् त्यहाँ गै जलतर्पण ।
सबैको घरमा हुन्छ आमाको मान त्यो दिन,
आमाको मुख हेरेर ख्वाउँछन् मिष्ठ भोजन ॥

(जोशी, २०३९, पृ. ७९ : ८०)

स्वप्नतीर्थ

पाटीमा बस्दथे टोखा नजिकैको कुलोनिर
दीनहीन महारोगी जोईपोइ दुई नर ।
मागी भीख सधैं पत्नी पतिको प्राण धान्दथी,
कुष्टरोगी पतिको ऊ सुश्रुषा नित्य गर्दथी ॥

भीख माग्न गई पत्नी, खाटमा पति पल्टियो,
छोप्यो झपक्क निद्राले, एक्कासि स्वप्नमा सुन्यो :
'महौषधिसरी होला भोलि यो स्रोतको जल,
स्नान त्यस्मा गरे भोलि हुनेछ देह निर्मल ॥'
जब जाग्यो महारोगी बिर्सियो स्वप्नको कुरा,
येनकेन प्रकारेण उस्को दिन बित्यो पूरा ।
भोलिपल्ट गई पत्नी गाउँमा गरी चिन्तन :
'पाइनेछ बढी भिक्षा मेष संक्रान्तिका दिन ॥'

गाई लिएर गोठाला आए त्यहाँ चराउन,
कुलोको छेउमा खेल खेल्दै लागे रमाउन ।
फटेंग्रो एक उफ्रेर गालामा एकको बस्यो,
प्याट्ट हानेर पुछ्दा त्यो फटेंग्रो भुईंमा खस्यो ॥
फटेंग्रो भाचिंदा खुट्टा अशक्त लँगडो भयो,
भुईंबाट टिपी फुत्त कुलोमा नै ऊ फालियो ।
कुलोबाट फटेंग्रो त्यो उफ्रेर निस्कियो जब,
देखी सद्दे जीउ त्यस्को अचम्ममा परे सब ॥

गोठालाहरूले ल्याए फेरि अर्को कीरोकन,
गोडा भाँचेर मिल्काए कुलोमा जाँच्न तत्क्षण ।
एक्कासि त्यो पनि निस्क्यो सद्दे भएर बाहिर,

हेर्दै थियो तमाशा यो महारोगी कुलोनिर ॥
सपनाको कुरा उस्ले झल्याँस्स सम्झियो अनि,
घिस्रिंदै ऊ पुग्यो बल्लतल्ल किनारमा पनि ।
निकै बल लगाएर पानीभित्र ऊ हेलियो,
विश्वास गर्न नै गाह्रो चमत्कार त्यहाँ भयो ॥
पहिलेको महारोगी, कुरुप तनको नर,
निस्कँदा त कुलोबाट बन्यो अत्यन्त सुन्दर ।
शरीरमा कतै चिन्ह थिएन कुष्टरोगको,
हृष्टपुष्ट हुँदा देह झल्कन्थ्यो तेज कान्तिको ॥

गाउँबाट लिई भिक्षा पत्नी फर्केर आउँदा
कुलोनेर महारोगी बस्थ्यो पर्खेर सर्वदा ।
किन्तु आज त्यहाँ उस्ले देखी पुरुष सुन्दर,
नदेखेर पतिलाई मनमा उब्जियो डर ॥
वरिपरि चहारेर अकमक्क निकै परी,
सोध्न लागी उसैसंग नहुँदा क्वै वरिपरि :
'बस्थे एक महारोगी पत्नीसंग सधैं यतै,
कहाँ आज गए कुन्नि ? देख्यौ कि तिमीले कतै ?'
मुसुक्क मुस्कुराएर बोल्यो पार्दै अचम्भित :
'चिनिनौ कि कसो ? तिम्रो म नै हुँ पतिदेव त !'
पत्नीले थर्र कामेर भनी क्रोधित भैकन,
'अधर्मी ! परनारीको लिने हुर्मत, दुर्जन !!'
नदेखेर महारोगी पतिलाई कतै पनि,
आँसु बर्बर झारेर रुन लागी दुःखी बनी ।
पतिले नम्रतासाथ बतायो घटना स्वतः,
किन्तु पत्नी भई उस्को कुराबाट सशंकित ॥
'मनमा पाप यस्को छ, राम्रो छ यद्यपि तन,
चिप्लो घसी कुरा गर्दै चाहन्छ यो फकाउन ।'
यस्तो तर्क गरी उस्ले गुहारी गाउँले सब,
भन्न थाली लगाएर उस्मा आरोप वास्तव :
'हेर, लौ, गाउँवासी हो, मेरो सत्य डगाउन,
आएको छ यहाँ दुष्ट बनेर अति सज्जन ।
मेरा पति महारोगी पाऱ्यो यस्ले कतै गुम,
स्नान गर्दा गयो रोग भन्छ निर्लज्ज भैकन ॥'
दूधपानी अलग्याई टुंगो लगाई विग्रह,
न्याय दिलाउने उस्ले गरी विनम्र आग्रह ।

खोरण्डो गाउँमा वस्थ्यो अशक्त गर्न हल्चल,
बोकी ल्याए उसैलाई कुलोको जाँच्न त्यो जल ॥
हेर्दाहेर्दै सबै सामु खोरण्डो जो अघि थियो,
बनी सुन्दर औ स्वस्थ जलबाहिर निस्कियो ।
विकलांगहरू आए सुनी यस्तो चमत्कृति,
हृष्टपुष्ट भई निस्के स्नान गर्नेहरू जति ॥
देखी सबूद निस्केका नुहाउने सबै जन,
पत्नीमा कुष्टरोगीको भयो विश्वास तत्क्षण ।
नुहाएर कुलोमा नै भए स्वस्थ पति भनी,
ख्वाई भात पकाएर क्षमा माग्दै सुखी बनी ॥

कुलोको त्यो चमत्कार राजाको कानले सुन्यो,
गर्ने अपांग उद्धार तत्काले योजना बन्यो ।
खोरंडा, लंगडा, लुला अपांग सब डाँकिए,
चमत्कारी कुलोमा त्यै स्नान गर्न पठाइए ॥
कुलाको जलमा पस्दै गरे स्नान त्यहाँ जब,
हृष्टपुष्ट भई निस्के विकलांगहरू सब ।
स्वप्नमा कुष्टरोगीको हुँदा मुहूर्त निश्चित,
कुलोको नाम नै स्वप्नतीर्थ पर्न गयो स्वतः ॥

भयो प्रसिद्ध सर्वत्र टोखाको खहरे कुलो,
लाग्न थाल्यो त्यहाँ ताँती स्नानार्थीहरूको ठूलो ।
भोलिपल्ट भने यस्तो देखिएन प्रभाव क्यै,
थियो मुहूर्तको वेला मेषसंक्रान्ति मात्रकै ॥

**

(सिजापति, २०११, पृ. २४ : २६)

भौल्वापुखु

आनन्द मल्ल राजाले नयाँ वस्ती वसाउन
खोजे जमीन घोडामा स्वयं सवार भैकन ।
भेटे कुनै वूढीलाई हनुमन्ते किनारमा,
वसेकी वनको माझ्र परेर घोर शोकमा ॥
राजा नर्जीक गै सोधे :
'आमै, को हौ तिमी, भन !
घना जंगलमा एक्लै वसेकी छ्यौ यहाँ किन ?'

भन्न लागिन् वूढी यस्तो भएथ्यो जब सोधनी :
'विपरीत कुरा देख्छौ जाँदा उत्तरमा तिमी ॥'
राजा अचम्म मानेर लागे तत्काल उत्तर,
भद्रकाली हुँदा वृद्धा भइन् लोप त्यहींनिर ।
पुगेर एक ठाउँमा नृपति टक्क रोकिए,
तानी लगाम घोडाको त्यहीं नै सट्ट ओर्लिए ॥

देखें भिडन्त मूसा र विरालाको त्यहाँ अनि,
मूसा सानै थियो, ढाडे विरालो त्यो हुँदा पनि ।
भएथ्यो विजयी मूसो, विरालो भो पराजित,
यस्तो विचित्रता देखी भए राजा अचम्भित ॥
पछि लागेर राजाले चेवा मूषकको लिए,
विरालोलाई मूसाले घिसारेतिर हेलिए ।
वनको वीचमा अग्लो रुख एक भएतिर
प्वालभित्र पसी सुट्ट भयो मूसो अगोचर ॥
हुतिहारा विरालो त्यो तान्दै लगी दुलोनिर
अदृश्य भो जहाँ सानो मूसो एक्कासि आखिर ।
प्वालवाट चियाएर भित्र हेर्दा त कञ्चन
गणेश मूर्तिको पाए नृपले दिव्य दर्शन ॥

त्यहाँ गणेशको एक वन्यो सुरम्य मन्दिर,
छुँम्हगणेश भन्ने नै राखियो नाम सुन्दर ।
भयो भिडन्त मूसा र विरालोवीचमा जहाँ,
वनेको देखियो एक ठूलो खाडल नै त्यहाँ ॥
अकमक्क परे राजा, लगत्तै फर्किए उनी,
विरालो र मूसोवीच लडाइँकै लिई ध्वनि ।
जहाँ मूसो विरालाको भिडन्तजन्य खाडल,
त्यहाँ भौल्वापुखु भन्ने पोखरीको जम्यो जल ॥

भविष्यमा वने आसपास मानिसका घर,
भौल्वाछें नै रह्यो नाम टोलकै पनि आखिर ।
चौवीस टोल राजाले वनाए भक्तग्राममा,
थापिए देशरक्षार्थ मातृका आठ पीठमा ॥

**

अध्याय तीन

वास्तुनाम

काष्ठमण्डप

पुग्यो लगनमा अग्लो मत्सेन्द्रनाथको रथ,
लोकको हितका लागि पूरा गर्न मनोरथ ।
स्वर्गवाट झरी आयो कल्पवृक्ष स्वयं तल,
मानवाकृति ली लाग्यो हेर्न जात्रा सर्वतिर ॥
मनोकांक्षा पूरा गर्ने वृक्ष भन्ने चिनेर नै
पक्रेर पाखुरा तान्यो चंख विसेतले कुनै ।
'छोडिद्यौ !'
वृक्ष भन्दो भो :
'जान्छु त्यागी म भूतल ।'
किन्तु विसेत चाहन्थ्यो निर्माण गर्न सत्तल ॥
'हुन्छ, सत्तलका लागि दिनेछु रुख एक म,
ठूलो मण्डप नै एक निर्माण गर उत्तम !'
किन्तु विसेतले वाचा बधाउनै गऱ्यो कर :
'जानेछौ स्वर्गमा आफू, पाउने काठ के भर ?
नून औ तेलको भाउ जब होला वरावर,
गर्नेछु म प्रतिष्ठा र फर्किजानू तिमी घर !'
कल्पवृक्ष भयो राजी, वाचावन्धन वाँधियो,
शिघ्र नै मुक्तिका लागि उस्ले उत्तर यो दियो :
'काठ हो दिव्य, पर्दैन प्रतिष्ठाको जरुरत,
शोभा त्यो राजधानीको वन्ला भविष्यमा स्वत: !'
वाचा वाँधी भई मुक्त पञ्जावाट विसेतको,
कल्पवृक्ष सिधै उक्ल्यो वाटोमा स्वर्गतर्फको ॥

विसेत भोरमै व्यूँझ्यो - अहो, कस्तो अचम्म यो ?
विशाल सालको वृक्ष आँखासामु खडा थियो ।
राजावाट लिई आज्ञा वन्न गो एक सत्तल,
काष्ठमण्डप त्यस्को नै रह्यो नाम समुज्ज्वल ॥
स्वर्गीय काठको भव्य वन्यो मण्डप सुन्दर,
वचेको काठको सानो वन्यो पाटी र मन्दिर ।
काठमाडौं रह्यो नाम काष्ठमण्डपवाट नै,
स्थापना गरिए भित्र वावा गोरखनाथ नै ॥
समान छैन अद्यापि मोल नून र तेलको,
प्रतिष्ठाको प्रतीक्षामा छ सके कल्पवृक्ष त्यो ?
जानेछ स्वर्गमा सोझै प्रतिष्ठा भो भने तर
अत: प्राणप्रतिष्ठाको अद्यापि छैन तर्खर ॥

**

विक्रमशील विहार

काशीमा वस्दथे एक धर्मश्रीमित्र पण्डित,
जो थिए अति विख्यात तन्त्रविद्याविशारद ।
रहन्थे विक्रमशील विहारमैं सदा उनी,
प्राचीन ग्रन्थको गूढ अर्थ खोज्थे गुनीगुनी ॥
गर्दैथिए उनी पाठ मन्त्रको वाह्रअक्षरी,
सकेनन् त्यसको अर्थ पहिल्याउन क्यै गरी ।
मञ्जुश्रीवाट नै त्यस्को अर्थ वुझ्ने गरी मन,
गरे प्रस्थान नेपालतर्फ उन्मुख भैकन ॥

उत्तराखण्डका डाँडाकाँडा पार गरे अनि
पुगे आखिरमा दिव्य स्वयम्भूक्षेत्रमा उनी ।
मञ्जुश्रीले थाहा पाए, ध्यानयोगी उनी थिए,
स्वयं नै चीन छाडेर नेपालतर्फ लम्किए ॥
नारेर हलमा एक जोर सिंह र सार्दुल,
जोत्न लागे कतै वाँझो खेत वाटोअगिल्तिर ।
धर्मश्रीमित्र देखी यो दृश्य अचम्ममा परे,
हलीको छेउमा पुग्न तत्कालै पाइला सरे ॥
झुकाई हलीको सामु धर्मश्रीमित्रले शिर सोधे :
'के चीन पुग्छु म, हिंडी वाटो यतैतिर ?'
हलीले जोत्न रोकेर दियो तत्काल उत्तर :
'यही हो चीनको वाटो, जान्छ यो म्यूँचुली पर ॥
वाटोमा पर्दछन् धेरै पहाड, खोंच दुर्गम,
पाहुना हौ, तिमीलाई आजको वास दिन्छु म !'
धर्मश्रीमित्रका साथ हली पुग्यो विहारमा,
गरी आतित्यसत्कार सुत्न गो भित्र रातमा ॥

गुन्दै विचित्रता सारा विचारमग्न भैकन
सकेनन् पाहुना चाहिं राति मस्त निदाउन :
'हली विहारमा वस्ने, खेत जोत्ने अचम्मको,
स्वयम्भूक्षेत्र नेपाल रहेछ यो अपारको... !!'
वार्तालाप सुने भित्र मञ्जुश्री पति-पत्नीको,
धर्मश्रीमित्रले सारा वुझे - हली रहेछ को ?
जाग्राम नै वसे रातभरि संघारमैं उनी,

दीक्षादान लिए भोलिपल्टै विहारमै अनि ॥
वाह्र अक्षरको मन्त्र दीक्षामा पाउँदा स्वत:
मञ्जुश्रीले स्वयं त्यस्को गराए अर्थबोध त ।
धर्मश्रीमित्र अत्यन्तै भए प्रशन्न आखिर,
स्वयम्भूक्षेत्रमै उन्ले वनाए वौद्धमन्दिर ॥

चलाएथे हलो मञ्जुश्रीले जो खेत त्यो पनि
सावावुँ भनियो, चिन्छन् 'भगवान् खेत' हो भनी ।
धर्मश्रीमित्रको वासस्थान विहार जो थियो
विख्यात विक्रमशील विहार नामले भयो ॥

**

नारायणहिटी र खाष्टीबौद्ध

विक्रमादित्यले एक वनाए विष्णुमन्दिर,
धर्मागत नृपतिको स्मृति राख्न सधैं स्थिर ।
त्यसैको दक्षिणीछेउतर्फ धारा पनि वन्यो,
पवित्र तीर्थको नाम नारायणहिटी भयो ॥
जलको स्रोतमा एक थुंगा फूल वगी सदा,
झर्दथ्यो दिनहुँ धारावाट नै जल निस्कँदा ।
गरेर स्नान धारामा हुन्थे तिर्थालु निर्मल,
निहालै वन्दथ्यो त्यो जो पाउँथ्यो मणिको फूल ॥

वाह्र वर्षपछि राजा विश्वदेव वनाइए,
अनेकौं कीर्ति राखेर विक्रमादित्य फर्किए ।
केही कालपछि धारा ठ्याम्मै सुक्यो अचानक,
पुग्यो व्यापक चिन्ताको सूचना नृपतितक ।
धारा वन्द हुँदा राजा परे अत्यन्त सोचमा,
प्रजाले गर्न पाएनन् स्नानादि कर्म तीर्थमा ॥
'रोकियो जलको स्रोत एक्कासि कसरी, किन ?'
कसैले पनि जाहेर सकेन गर्न कारण ।
'वेस होला अरुभन्दा जोखना हेर्नु नै वरु...'
दर्वारमा भए भेला दैवज्ञ ज्योतिर्षीहरू ॥
पाटी राखेर सामुन्ने रेखा कोर्न अघि सरे,
ग्रहदशा विचारेर मौनता धारणा गरे ।

मुखामुख गरी वोल्न दच्केको स्पष्ट देखियो,
तसर्थ अन्त्यमा राजावाट नै सोधनी भयो :
'नडराऊ यहाँ भन्न निस्कियो शास्त्रवाट जो,
आउला कसरी पानी ? वताऊ, लौ, उपाय त्यो !'
भनौं कि नभनौं भन्ने परेर दुविधा रुकी,
चढाए नृपमा विन्ती ज्योतिषीहरूले भुकी :
'महाराज, अरु जुक्ति देखिंदैन कुनै पनि,
भन्नै पऱ्यो यहाँ आज कठोर यो छ तापनि ।
आठ चौको जति हुन्छ त्यत्ति लक्षणयुक्तको,
नरवलि दिनै पर्ने गणनावाट सिद्ध भो ॥'
यति विन्ती विसाएर ज्योतिषीहरू फर्किए,
विश्वदेव भने ज्यादै चिन्ताग्रस्त हुँदा भए ।
'वत्तीस लक्षणैद्वारा युक्त भेटे पनि नर,
वलि चढाउनु सोझै न्यायसंगत हुन्छ र ??
अन्याय गर्नुभन्दा त प्राण नै त्याग्नु हो भलो,
जनहितार्थ नै आत्मवलि सत्कार्य हो ठूलो !'
राज्याधिकार सुम्पेर पुत्रकै काँधमा भरे,
आत्मोत्सर्ग स्वयं गर्ने अठोट नृपले गरे ॥

भए जव पितासामु मानदेव उपस्थित,
आज्ञा पाए सधैं गर्ने निस्वार्थ जनको हित :
'वावु, वन्द भयो धारा छेक्दा पिशाचले जल,
देख्नेछौ भोलि त्यस्लाई धाराकै मुनि निश्चल ॥
पल्टिरहन्छ त्यो ओढी सेतो वस्त्र शरीरमा,
व्यूँझेर भोरमा जान्छ, आएर मध्यरातमा ।
खुल्नेछ जलको धारा मारिए त्यो निशाचर,
झिस्मिसेमै गई सीधै काटिद्यौ त्यसको शिर !!'
मानदेव गए गर्दै पितृआज्ञा शिरोपर,
विश्वदेव भए आत्मोत्सर्गको निम्ति तत्पर ।
सेतो वस्त्र लिई राजपाट त्यागेर रातमा,
धारानेर गए सुत्न ओढेर वस्त्र देहमा ॥

मध्यरातपछि राजकुमार खड्ग लीकन
धारानेर पुगे सोझै नृपाज्ञा गर्न पालन ।
ढाकेर वस्त्रले सेतो पल्टेका नृपको शिर,
एकै प्रहारमा काटे उजाई खड्ग आखिर ॥

सुनेर जलको नाद हुदै हर्षित सत्वर,
धारासामु पुगे सोझै मानदेव सरासर ।
धाराको नागको मूर्ति बोल्यो फर्काउँदै मुख :
'पर्नु छैन निको पापी पितृघातक सम्मुख... !!'
मानदेव परे छक्क सुनेर नागको कुरा,
लागेर मनमा शंका जान्न खोजे सबै पूरा ।
सुनेर नागको वाणी मानदेव उत्तर्सिए,
'को हो पिशाच ?' यो हेर्न शिर मृतकको लिए ॥
पितृहत्या भएकोले हातैमा टाँसियो शिर,
अपसोच गरी ज्यादै फर्के दर्वार आखिर ।
सुम्पेर सुशीलादेवी मुमामा राज्यशासन्,
परे शरणमा इष्टदेवीको मुक्ति पाउन ॥

स्तुतिगान सुनी मानदेवको वज्रयोगिनी,
हुँदै प्रशन्न प्रत्यक्ष भई आज्ञा गरिन् अनि :
'मानदेव, भयो हत्या तँवाट पितृको जुन,
अज्ञानवश भन्दैमा हुँदैन पापमोचन ॥
टाँसियो शिर जो तेरो हातमा सो रहोस् यहीं,
छुट्दैन पितृहत्याको पाप वास्तवमा कहीं ।
प्रायश्चित्त गरिस् तैंले, मिटाइदिन्छु पाप म,
यहाँवाट सुनापंछी उड़ाइदिन्छु आज म ॥
जहाँ त्यो वस्छ त्यै ठाउँ रोजेर अति सुन्दर,
वनाउनू त्यहाँ एक वुद्धको भव्य मन्दिर !'
तत्काल नै त्यहाँवाट सुनापंछी उडिगयो,
मानदेव पछि लाग्दै गए जहाँ चरो उड्यो ॥

सीधै पश्चिमको एक खेतमाझ ऊ उत्रियो,
वौद्धमन्दिरका लागि त्यही नै ठाउँ रोजियो ।
छिटै नै खनियो यन्त्राकारमा वलियो जग,
शीलान्यास भयो त्यस्को वास्तुविद्या विधिसंग ॥
किन्तु निर्माणको काम रोकिने भो अचानक,
खडेरी पर्न गै सुक्दा नदी, धारा, कुवातक ।
लागेर पितृहत्याको पाप राजकुमारमा,
वाह्र वर्ष अनावृष्टि रह्यो सम्पूर्ण देशमा ॥

पानी कतै नपाएर हाहाकार भयो अति,
रातमा शीतको थोपा जम्मा गर्ने भयो मति ।

विछ्याई कपडा सारा खेत, मैदान, फाँटमा,
शीतवाट झिकी पानी भयो प्रयोग काममा ॥
माटो मुछी वन्यो ईंट, वज्रलेप लगाइयो,
रंगरोगनको काम गरी चैत्य सिंगारियो ।
बाह्र वर्ष लगाएर बनेथ्यो वौद्धमन्दिर,
खाष्टीवौद्ध त्यही चैत्य भनिदैछ निरन्तर ॥

**

(सिंजापति, २०११, पृ. ४ : ८)

काठेसिम्भु

एकपल्ट पुगे काशी समन्तभद्र तान्त्रिक,
तीर्थाटन गरी स्नान गर्दै गंगानदीतक ।
देखे त्यहाँ अति भव्य बनेको जैनमन्दिर,
ठूलो मैदानको माझ, वाराणसी तटैनिर ॥

वरिपरि थियो हुल हजारौं जनको त्यहाँ,
थिए संलग्न ती सारा चर्को वादविवादमा ।
थियो प्राणप्रतिष्ठाको निम्ति सम्पूर्ण साधन,
किन्तु विवाद चर्केको सुनिन्थ्यो, किन हो किन ?!
समन्तभद्र सोझै नै विवादस्थलमा पुगे,
जिज्ञासा मनमा राख्दै सवैको सामुमा झुके ।
एकै स्वर गरी सारा भन्न लागे उनैकन :
'लौ न, प्राणप्रतिष्ठा यो गरिद्यौ आज, सज्जन !!'
जैन धर्मावलम्वीको बुझी सम्पूर्ण आशय,
समन्तभद्रले विन्ती गरे स्वीकार निश्चय ।
पुगी किनारमा स्नान गंगाको जलमा गरे,
ल्याई अञ्जुलिमा गंगाजल मन्दिरमा छरे ॥
हुलतर्फ गरी लक्ष भने तान्त्रिकले यसो :
'भयो प्राणप्रलिष्ठाको विधि सम्पन्न, वन्धुहो !'
सुनी यस्तो कुरा जैनहरू भए अचम्भित :
'छैन प्राणप्रतिष्ठाको सामग्री जरुरी कि त ?
झारा टार्ने गरी काम हुन्छ के शुद्ध मन्दिर ?
अनन्त कालसम्मन् नै रहला के यहाँ स्थिर ?'
समन्तभद्रले धैर्यसाथ प्रश्नहरू सुने,

सबै आश्चर्यमा पर्ने योजना मनमा गुने ॥
भने विनम्रतासाथ जैनको हुलसम्मुख,
जो परस्परमा व्यस्त थिए गर्दै मुखामुख :
'यदि विश्वास लाग्दैन भने शास्त्रार्थ गर्नु के ?
म आफ्नै देशमा लग्छु सिंगै मन्दिर, हुन्छ के ??'
कुरा यस्तो सुनी जैन भए अत्यन्त विस्मित,
सोच्न थाले :
'कतै यस्को विवेक नै गुम्यो कि त ?
कसरी लग्छु भन्दै छ यत्रो विशाल मन्दिर ?'
सुनियो हुलमा खालि यस्तै संदेहको स्वर ॥
समन्तभद्रले सोधे :
'लागेन के पत्यार र ?'
थपे उत्तरमा सुन्दा शंकाकै भाव केवल :
'बाँध मन्दिर डोरीले, वेसरी तान भूमिमा,
उखेली जग नै लान्छु उडाएर स्वदेशमा ॥'
यस्तो हाँक त्यहाँ एक अदना व्यक्तिको सुनी,
लागे जैनहरू सोच्न शंका हुँदाहुँदै पनि ।
'घमण्ड तोड्न लौ, यस्को हेरिहालौं करामत,
हो गफाष्टक भन्ने त छिटै हुनेछ निश्चित ॥'
दरिलो डोरी ल्याएर बाँधियो जैनमन्दिर,
हुल सारा मिली ताने झुम्मिएर सबैतिर ।
समन्तभद्रले गंगाजल लिएर हातमा,
मन्त्रोच्चारणका साथ गरे तीन परिक्रमा ॥
वजाए अन्त्यमा तीनैपल्ट चुट्की सरासर,
लाग्यो आकाशमा उड्न जगैसहित मन्दिर ।
अकमक्क परी डोरी समाती जैनको दल,
तान्न थाल्यो लगाएर न्वारानदेखिको वल ॥
असमर्थ भए किन्तु रोक्न मन्दिरको गति,
झुण्डिदै डोरीमा उड्न लागे आकाशमाथि ती ।
सबैसंग विदावारी भई तत्काल तान्त्रिक,
उडे मन्दिरका साथै विस्तारै संगमैतक ॥
देखेर खतरा ठूलो, बुझी प्रयत्न निष्फल,
उत्र्यो मैदानमा हिस्स परेर जैनको दल ।
हेरे मुसुमुसु हाँस्दै समन्तभद्रले तल,
आकाशमार्गमा उड्दै पुगे नेपालमण्डल ॥

काशीवाट सीधै आयो स्वयम्भूतुल्य मन्दिर,
रह्यो काशीस्वयम्भू नै नाम त्यस्को सरासर ।
सुनाउँदै चमत्कार काठेसिम्भू भनिन्छ त्यो,
अद्यापि सम्झना त्यस्ले दिन्छ समन्तभद्रको ॥

**

पारावत महाविहार

केशचन्द्र थियो नामी जुंवाको लतले अति,
पाऱ्यो उस्ले सवै स्वाहा पिताको धनसम्पति ।
भयो कंगाल सर्वश्व गुमाई खालमा सव,
जुवाडे भै नसक्ने भो छाक टार्न पनि अव ॥

विहान-वेलुका जान्थ्यो खान ऊ दिदीको घर,
परिवार थियो जस्को ठमेलमा निकै पर ।
भाइको हाल देखेर दिदी दुःख मनाउँथी,
सुनको थालमा भात पस्केर ऊ खुवाउँथी ॥
हरेक दिन ऊ थाल, कचौरा पनि लग्दथ्यो,
जित्ने आशा लिई थाप्दा जुवामा सव हार्दथ्यो ।
भाइको लतले गर्दा दिदी हैरान पर्दथी,
किन्तु भोजनले उस्को नित्य स्वागत गर्दथी ॥

जुवामा थाल हारेर एकपल्ट ऊ आउँदा,
दिदीले भुइँमै भात पस्की थाल नपाउँदा ।
लाजले भुइँको भात सकेन खान तत्क्षण,
लुकायो पटुकाभित्र भात सारा टिपीकिन ॥
सुटुक्क घरवाटै ऊ गयो निस्केर वाहिर,
ज्यादै व्यग्र भई लाग्यो वनतर्फ सरासर ।
असह्य भोकले गर्दा भई आकुलव्याकुल,
भात खान वस्यो एक ठाउँमा रुखको तल ॥
गुम्सिई पटुकाभित्र भात ज्यादै गिलो थियो,
सुकाई घाममा भात पछि खाने निधो भयो ।
मिलाई सम्म ढुंगामा फैलायो भातका सिता,
ढुंगाकै छेउमा पल्ट्यो आराम लिन आफू ता ॥

मस्तसंग निदायो ऊ निद्राको काखमा पुगी,
परेवाहरूले आई भात खाइदिए ठुँगी ।
भोक जाग्यो र निद्राले छोड्यो उस्लाई आखिर,
व्यूँझेर हेर्छ ता ढुंगा पाइयो भातवेगर ॥
भाग्यको खेल सम्झेर रोयो ऊ ग्लानिले खुव,
बिलौना गर्न ऊ लाग्यो सम्झेर पूर्व वैभव ।
भोक औ शोकले गर्दा उस्को साह्रै दुख्यो मन,
रुँदारुँदै निदायो ऊ थाकेर लस्त भै पुनः ॥
परेवाहरूमा जाग्यो दया उस्को व्यथा सुनी,
आइ भुर्र उडी फेरि ढुंगामाथि बसे अनि ।
'भातको वदला यस्को गरौं दुःख निवारण !'
कुर्लंदै तिनले थुप्रै बिस्ट्याए सुनका कण ॥

आँखा मिच्दै उठ्यो केशचन्द्र निद्रा छुट्यो जब,
सपना हो भनी ठान्यो देखेर स्वर्णवैभव ।
छक्क पर्दै रमाएर बटुली सुनका कण,
अकमक्क पर्‍यो केशचन्द्र देखेर त्यो धन ॥
असमर्थ थियो बोक्न एक्लै सम्पूर्ण त्यो सुन,
'कसोरी घर लाने हो ?' गर्न लाग्यो ऊ चिन्तन ।
त्यत्तिकैमा गुरुमापा भन्ने राक्षस देखियो,
'मीठो बास्ना छ मान्छेको !'
भन्दै झम्टन लम्कियो ॥
देखी राक्षस आएको केशचन्द्र झसंग भो,
कालको सामु यो जुक्ति झिक्तै आँट गरी भन्यो :
'सुन्यौ, राक्षस राजा, म भोको छु आज वेसरी,
एक गाँस पनि तिम्रो निम्ति हुन्न म क्यै गरी ॥
आहारा खोज्नु पर्नेछ चहार्दै दिनका दिन,
बसेर मोजले खाने गर्दैनौ जुक्ति नै किन ?
हेर, यो सुन वेचेर खान पुग्छ मजासित,
मलाई र तिमीलाई जिन्दगीभर निश्चित ॥
मुरी चामलको भात, राँगो सिंगै दिनैदिन,
पाउने छौ तिमी खान, हिंड, लौ, वोक यो सुन !'
गुरुमापा पर्‍यो दंग, गर्‍यो यो शर्त मञ्जुर,
काँधमा सुनको भारी वोकी हिंड्यो सरासर ॥

घरमा सुन भित्र्याई केशचन्द्र धनी भयो,
छिंडीमा गुरुमापाको वस्ने ठाउँ वनाइयो ।

दिनहूँ एक राँगो र मुरी भात ऊ पाउँथ्यो,
कवूल गरिएजस्तै केशचन्द्र पुऱ्याउँथ्यो ॥
परेवाको दयावाटै केशचन्द्र धनी भयो,
चारा दिन परेवाको निम्ति गुठी पनि रह्यो ।
विहार जो परेवाको धनवाट वनाइयो,
केशचन्द्रकृत पारावत महाविहार भो ॥

**

(सिंजापति, २०११, पृ. ५३ : ५५)

भीमसेनस्थान

दोलखामा थिए एक राजा स्वनामधन्य रे,
रूपसी छोरीको निम्ति वर खोज्ने निधो गरे ।
कुलीन कुलमा कान्तिपुरमा पाइयो वर,
कन्यादान भयो अग्नि साक्षी राखेर आखिर ॥
निम्त्याई दोलखावासी ठूलो भोज खुवाइयो,
इष्टमित्रहरूवाट कोसेली खूब पाइयो ।
विदा डोली चढाएर कन्यालाई दिए जव,
भरियाहरूले वोक्न सकेनन् दाइजो सव ॥
थपिंदा भरिया फेरि दाइजो वोक्न त्यो कुनै,
रहन्थ्यो एक भारीको वोझ वाँकी सदैव नै ।
अन्त्यमा दाइजो वोक्यो वृद्धले एक जर्जर,
हर्षोल्लास गरी लाग्यो जन्ती कान्तिपुरीतिर ॥

दोलखे भरिया वूढो अल्छीको पिण्डझैं थियो,
खाना खान्थ्यो, अरु वेला सुतेर नै विताउँथ्यो ।
धान रोप्न भनी खेत खन्नुपर्ने भयो क्षण,
वूढोलाई अह्राएको अह्रायै क्यै विते दिन ॥
भरिया गर्दथे काम पुगेर कान्तिपुरमा,
वूढो जुम्रा टिपी वस्थ्यो ढाड सेकेर घाममा ।
आनीवानी वुझी क्रुद्ध भरियानाइके भयो,
रोपाईं गर्न उस्लाई खेत खन्न पठाइयो ॥
वूढोले खेतमा चारैतर्फ दृष्टि दिईकन,
वसेर डीलमा खाजा खायो तृप्त भईकन ।
भरियानाइके आयो गर्न काम निरीक्षण,

खेत बाँझै रहेकोमा झपार्‍यो झोक्किईकन :
'किन बाँझै रह्यो खेत ? कस्तो हो कामको ढव ?
भोलि विहान रोपाईं गर्ने लौ कसरी अब ?'
भन्यो उस्ले बूढोलाई झिकी आदेशको स्वर,
अह्राएको पूरा गर्ने काम देखाई जाँगर ॥
'चाहे रातभरि जागै रहेर पनि खेत यो,
विहानसम्ममा पक्कै खनिसिध्याउनै पर्‍यो !...'
बोलेन क्यै पनि बूढो, हप्कीदप्की सवै सह्यो,
मानौं बूझ पचाएझैं गरी बूढो वसिरह्यो ॥
राति के के भयो, कुन्नि ? किन्तु भोलि विहान त,
खेत रोपाईंको निम्ति तैयार पाइयो स्वतः ।
बूढोको के कुरा गर्ने ? राति त्यो खेत खन्न ता,
दशौं जवान लाठेको चल्दैनथ्यो कुनै वुता !!

गाइँगुइँ चल्यो हल्ला छिटै कान्तिपुरीभरि :
'भीमसेन स्वयं आए वृद्धको रुप नै धरी !'
लागे तैयारीमा कान्तिपुरवासी सवै जन,
वृद्धको रुपमा भीमसेनको गर्न पूजन ॥
'भीमसेन महाराज !'
सर्वत्र गुञ्जियो स्वर,
सवैको सामुमा वोल्यो अन्त्यमा वृद्ध जर्जर :
'हो, कान्तिपुर यो हेर्ने चाहना मनमा लिई,
आएको हुँ, धरी रुप वृद्धको, भरिया भई ॥
मेरो भेद खुल्यो, वस्नु यहाँ देखिन्न सम्भव,
तसर्थ लोप भै फेरि फर्कन्छु दोलखै अव ।
स्थापना मूर्तिको गर्नू टेक्नेछु फर्कंदा जहाँ,
मेरो दर्शनका लागि सक्छौ गर्न पूजा त्यहाँ !!'
लम्किएर गयो वृद्ध पाउ सार्दै सरासर,
वने ती स्थानमा भीमसेनका भव्य मन्दिर ।
भीमसेन रहे इष्टदेवतातुल्य नै वनी,
सवै आराधना गर्छन् व्यापार वृद्धि होस् भनी ॥

**

विरुपाक्ष

धर्मदत्त थिए राजा सुवर्णपुरीमा जहाँ,
उनैको राज्यमा वस्थ्या विरुपाक्ष कुनै त्यहाँ ।
विरुपाक्ष भयो नामी तपस्या शिवको गरी,
दिए दर्शन उस्लाई शिव नै सामुमा परी ॥
'तपबाट भएँ तेरो, विरुपाक्ष, प्रशन्न म,
के छ इच्छा ? ल, भन् चाँडो, पूरा गर्छु तुरुन्त म !'
भई गद्‌गद ज्यादै नै सुनेर शिवको स्वर,
भन्न लाग्यो विरुपाक्ष जोल्ट्याएर दुवै कर :
'आज्ञा होस्, भावीले कस्तो कोर्‍यो जीवनको गति ?
जान्ने छ चाहना कर्मरिखाको गूढ पद्धति ॥'
भक्तको शिवले हेरे कर्मरिखा ललाटमा.
वताए विधिले जस्तो कोर्‍यो प्रारव्ध माथमा :
'विरुपाक्ष, छ तेरो यो कर्मरिखा अनुपम,
होस् जस्को पुत्र त्यै आमासंग होला समागम !!'
वताई कर्मरिखाको रहस्य अल्पिए शिव,
विरुपाक्ष परी जिल्ल डुव्न गो सोचमा अव :
'हो महापाप सोच्नु नै आमासंग समागम,
सुवर्णपुर यो आजै वरु त्यागेर जान्छु म ॥'
यस्तो अठोटका साथ गृहत्याग गरीकन,
विरुपाक्ष फिरन्ता भै हिंड्यो विदेश तत्क्षण ।
यताउति चहारेर पुग्यो कान्तिमतीतट,
वस्यो छाप्रो ठड्याएर धान्न जीवन वस्तुत: ॥
'नदिई सुइँकोसम्म भो विरुपाक्ष लापता,
विदावारी कसैसंग नभएर गयो कता ?'
सवैको मुखमा यौटै मात्र यो प्रशन झुण्डियो,
छोरो हराउँदा एक्ली आमाको मन कुँडियो ॥

एक मात्र थियो छोरो सहारा त्यो गुम्यो जव,
जागी वैराग्यको ज्वाला मन भरंग भो तव ।
घरवार सवै छाडी आमा वनेर जोगिनी
गेरुवा वस्त्रमा घुम्न लागी विक्षिप्तझैं वनी ॥
वाह्रवर्षे महामेला लाग्यो कान्तिमतीनिर,
फकीर, फकडा, जोगी जम्मा हुन्थे त्यतैतिर ।

जोगिनी भेषमा आमा मेला भर्न पुगी त्यहाँ,
बस्थ्यो छाप्रो बनाएर विरुपाक्ष पनि जहाँ ॥
सहवास भयो यौटै छाप्रोमा महिनौंतक,
न आमाले चिनी छोरो, न छोरोले मातृको मुख ।
रतिक्रीडा भयो आमाछोरावीच कुनै दिन,
गर्न सक्थ्यो र को कर्मरेखालाई उलंघन ??

कराउँछ धुरीबाट पाप भन्ने उखान छ,
महापाप लुकाएर के कतै छिप्न सक्तछ ?
रहस्य खुल्न गो आमा छोराको पापको त्यहाँ,
जोइपोइ बने आमाछोरा वास बसे जहाँ ॥
त्रिकाल स्नान हज्जार वर्षसम्म गरी सदा
आमा मुक्त भई घोर पाप धोएर सर्वथा ।
कान्तिमतीनदी कर्मनाशा बन्न पुग्यो अनि,
पाप टाँसिन्छ रे स्नान गर्दा त्यै जलमा पनि ॥

छोरो चाहिं विरुपाक्ष वाग्मतीतटमा गयो,
तपस्या शिवको गर्न ध्यानमग्न त्यहीं भयो ।
कुनै दिन अनायासै चहार्दै श्लेषमान्तक
विरुपाक्ष भए ठाउँ पुगे शिव अचानक ॥
धिक्कारेर स्वयंलाई पापको निम्ति बेसरी,
भन्न लाग्यो विरुपाक्ष शिवको पाउमा परी :
'अजानमा भयो पाप, उद्धार होस्, महेश्वर,
उपाय जे छ सो आज्ञा पापमोचनको गर !!'
'आमा जो जन्मदात्री हुन् उनैसंग समागम,
जानेर वा नजानेर गरिस्, यो हुन्छ अक्षम ।
भो महापाप, यस्बाट मुक्तिको जुक्ति एक छ,
आफ्नै देहजति तामा पगाली प्युनुपर्दछ ॥'
पापमोचनको जुक्ति बताई अल्पिए शिव,
विरुपाक्ष पगालेर तामो सोच्न पुग्यो तव ।
अनेकौं तर्कना गर्दै गहिरो सोचमा परी,
गर्न लाग्यो त्यहाँ शंका उपशंका थरी थरी :
'देहप्रमाणको तामो पग्लेर छ प्रज्ज्वल्लित,
यो घटाघट प्युँदा नै हुनेछ मृत्यु निश्चित ।
पिएर तप्त यो तामो होला के पापमोचन ?
प्रायश्चित हुनु सट्टा व्यर्थ गुम्नेछ जीवन ॥'

तानेर तर्कको त्यान्द्रो विरुपाक्ष कहालियो,
आफ्नै जीवनको माया उस्मा वलवती थियो ।
तामा तरल पग्लेको छोडेर दव्दवाउँदो,
खोज्न उपाय अर्को नै विरुपाक्ष उठी हिंड्यो ॥

घुम्दाघुम्दै विरुपाक्ष पुग्यो तान्त्रिकको घर,
भन्यो शरणमा पर्दै :
'आचार्य, पाप यो हर !'
सुनी पुकार पापीको पग्ल्यो तान्त्रिकको दिल,
जपमाला दिंदै जुक्ति सिकायो मुक्तिको मूल ॥
'तामो जो छ त्यसैबाट शिवलिंग वनाउनू,
ताम्रेश्वर भनी त्यस्को सामुमा नै खडा हुनू !
शिवकै नामको गर्नू जपमाला लिई जप,
शेषसूत्र हुँदा पाप काटिनेछ यहाँ सव ॥'
अनि ताम्रेश्वर शिवलिंगको स्थापना गरी,
जप्न थाल्यो विरुपाक्ष शिवको नाम वेसरी ।
खिइएन जपमाला हज्जार वर्षसम्म नै,
पापमोचनको चिन्ह देखिएन त्यहाँ कुनै ॥
सोच्न लाग्यो विरुपाक्ष : 'जपूँ नाम सधैंभरि ?
रहला कहिले सूत्र मात्र वाँकी र यस्तरी ??'
अधीर भै जपमाला राखेर शिवलिंगमा,
फिरन्ता भै विरुपाक्ष लाग्यो चहार्न लोकमा ॥

पुगेथ्यो पोखरीनेर, भँगेरा एक देखियो,
चञ्चुमा पानीको थोपा ओसार्न व्यस्त जो थियो ।
'किन लग्छस् भँगेरा तँ यसरी पानीको कण ?'
पऱ्यो छक्क विरुपाक्ष प्रत्युत्तर सुनीकन :
'झम्टिंदा वाजले मेरी भँगेरी जलमा परी,
सय वर्ष वित्यो आज जसै ऊ विचरी मरी ।
सुकाई कुण्डको पानी लास उस्को झिकीकन
म उस्को गर्न चाहन्छु क्रियाकाज कुनै दिन ॥'
भँगेराको सुनी यस्तो प्रेरणापूर्ण उत्तर,
फर्क्यो सोच्दै विरुपाक्ष जप गर्न सरासर ।
'धन्य हो, गर्छ क्या आँट यस्तो जावो चरो पनि,
हतोत्साही हुनु मान्छे भई धिक्कार हो जुनी ॥'
हज्जार वर्ष फेरि ऊ वस्यो गर्न भनी जप,

हेर्दा त्यो जपमालाको ज्यूँका त्यूँ देखियो रूप ।
शिवलिंगसंगै राखी माला उत्सुकतावश,
पुग्यो हेर्न भँगेराको कति बाँकी छ साहस ??
जलकुण्ड सुकाएको भँगेराले थियो जहाँ,
सुख्खा खाल्डो परी भव्य यज्ञकुण्ड बन्यो त्यहाँ ।
ओसार्दा कुण्डको पानी जमेको ठाउँमा अव,
तलाउ देखियो व्याघ्रकुण्ड नामक वास्तव ॥
'भँगेराले गरी धैर्य काम फत्ते गऱ्यो भने
भई अधीर व्यर्थैमा म मात्रै किन हच्कने ?'
सोचेर यो विरुपाक्ष जप गर्न गयो पुनः,
हज्जार वर्ष पर्यन्त गरेर धैर्य धारण ॥

साक्षात्कार भयो ताम्रेश्वरमै शिवको पुनः,
आज्ञा भयो विरुपाक्षलाई प्रशन्न भैकन :
'विरुपाक्ष, गुफा एक छ आर्यतीर्थ छेउमा,
गुफाभित्र जमेको छ पवित्र जल पींधमा ॥
तँ बस्नू त्यै गुफाभित्र कुण्डको पहरा दिई,
आउनेछु कुनै वेला म रूप मृगको लिई ।
पाउलास् एकवाजि तँ मलाई स्पर्शको क्षण,
छुन सकिस् भने तेरो हुनेछ पापमोचन ॥
मौका चुकिस् भने मेरै पछि लागी सरासर,
कुण्डभित्र सिधै पस्नू हाम फाली विनाडर ।
कुण्डको पींधमा पुग्दा दुवै वन्छौं शिला तर,
निस्कौला भूमिमा सुक्ला जहिले कुण्डको जल ॥
जल चढाउलान् भक्तजनले मृगमूर्तिमा,
तेरो पाप पनि छुट्दै जाला हरेक स्पर्शमा ।
निस्कँदा धर्तीमा पाउ तेरो भै पापमोचन,
दिव्य रूप लिई जालास् शिवलोक त्यसै क्षण ॥
होला युगान्तकारी त्यो मुहुर्त निश्चयै पनि,
कलियुग विती सत्ययुगको थालनी वनी ।'
शिव लोप भए यस्तो दिई सन्देश आखिर,
सुरक्षा कुण्डको गर्दै विरुपाक्ष भयो स्थिर ॥

केही वर्ष पछि आयो मृग दौडी अचानक,
छुने मौका विरुपाक्षले गुमायो अनाहक ।
जिल्लाराम भयो पाले, कुण्डमा मृग हेलियो,

सम्झेर शिवको आज्ञा विरुपाक्ष सम्हालियो ॥
कुण्डमा हाम फालेर मृगलाई पछ्याउँदै,
विरुपाक्ष भयो शिला पुगेर पींधमा सिधै ।
पानी सुकेपछि कालान्तरमा भूमि देखियो,
शिलामूर्ति त्यहाँ मृग औ विरुपाक्षकै थियो ॥

मृगेश्वर बनी बस्छन् वाग्मतीतटमा शिव,
महापाप पनि नित्य हर्दछन् भक्तको सब ।
मृगको मूर्तिमा तीर्थयात्री जल चढाउँछन्,
दहीच्यूरा विरुपाक्षलाई पनि खुवाउँछन् ॥
अर्धदेह विरुपाक्ष खडा छ आर्यघाटमा,
पापमोचनका लागि छ विश्वस्त ऊ अन्त्यमा ।
जहिले निस्कला पाउ धर्तीमा विरुपाक्षको,
होला सत्ययुगारम्भ वितेर कलि आजको ॥

**

(सिजापति, २०११, पृ. ५८ : ६१)
(१४ नभेम्बर २००३, शुक्रवार)

भेडासिङ

ललितपुरमा कोही थिए राजा पराक्रमी,
प्रजाको बुझ्दथे चाला रातमा चरझैं घुमी ।
डुल्डाडुल्दै पुगे एकपल्ट ती काजीको घर,
नाठोसंग सुने वार्ता कजिनीको त्यहींनिर ॥
'काजी सुतिसके, आऊ माथि सुटुक्क, प्रीतम,
झुण्ड्याइदिन्छु झ्यालैमा पटुका तिमीलाई म !'
'काजी छन् खोपीमा माथि आऊँ म कसरी त्यहाँ ?'
नाठो र कजिनीवीच कुरा चल्दैथियो त्यहाँ ॥
न नाठो उक्लने माथि, कजिनी ओर्लने न त,
अन्त्यमा पोइको हत्या कजिनीले गरी अतः ।
त्यस्पछि मात्र खोपीमा पुग्यो नाठो सरासर,
राजा दर्वारमा फर्के वुझी चाला भयंकर ॥

रसरंग गरी नाठो विताई रात फर्कियो,
विहानै कजिनीद्वारा कोलाहल मचाइयो :
'चोरले काजीको हत्या गऱ्यो आएर रातमा,

पऱ्यो वैधव्यको वज्रपात दुर्भाग्यले ममा...!!'
कजिनीको रुवावासी सुनी छिमेकका जन,
भन्न लागे :
'कठै, हत्या काजीको गरियो किन ?'
नातेदारहरूद्वारा भरियो घरआँगन,
दाहसंस्कारको लागे चाँजोपाँजो मिलाउन ॥
कजिनी तम्सिई जान काजीकै निम्तिमा सती,
राजा वक्साउनुपर्थ्यो सतीको गर्न सद्गति ।
बिन्तीपत्र लिई दूत राजदर्वारमा पुग्यो,
राजावाट सती जाने आज्ञाको तोक लागिगो ॥
बुझि नसक्नुको हुन्छ नारीचरित्र वास्तव,
सोह्र श्रृंगारको ढोंग कजिनीले गरी अव ।
शवयात्रा चलाएर गर्दै सिन्दूर उत्सव,
चितामाथि बसी, राखी काखमा पतिको शव ॥

यत्तिकैमा पुगे राजा उस्को नाठो लिईकन,
सोधे एकान्त पारेर कजिनीसंग कारण ।
आफ्नो कर्तुतको निम्ति लाचार कजिनी थिई,
राजाको कानमा यस्तो सुटुक्क सूचना दिई :
'महाराज, चियोचर्चो नगर्नू नारीको निको,
आउला रानीका साथ वेला आफ्नै विछोडको !'
परे छक्क सुनी यस्तो कुरा राजा स्वयं अनि
कजिनीले सवै भेद वताई रानीको पनि :
'विताऊ भोलिको रात चढी पीपल वृक्षमा,
देखौला रानीको सारा क्रियाकलाप सामुमा !'
कजिनीको सुनी धृष्ट कुरा नरेश झोक्किए,
चितामा कजिनीसंगै नाठोको आहुति दिए ॥

फर्के दर्वारमा राजा मनमा खुल्दुली लिई,
विताए दिन वेचैन रातको क्षण पर्खिई ।
रानी सुतेपछि सुटृ निस्के दर्वारवाहिर,
चढी पीपलको वोट, लुके हाँगापछिल्तिर ॥
मध्यरात हुँदा रानी पुगिन् पीपलको मुनि,
वालेर दस औंलामा रंगीचंगी दीयो पनि ।
तत्कालै मन्त्रिणी आइपुगी त्यहाँ त्यसै गरी,
'फू वाचा उडिजा !'

यस्तो फुके मन्त्र दुवै मिली ॥
उड्यो वायुगतिद्वारा चौतारासहितै रुख,
उत्र्यो समुद्रको पारि यौटा नगर सम्मुख ।
रानी र मन्त्रिणी भित्र कुनै दर्वारमा पसे,
ओर्लेर भुइँमा राजा प्रतीक्षामा त्यहीं बसे ॥

र्यात्तिकैमा त्यहाँ आयो जन्ती वाजा वजाउँदै,
राजालाई सिंगारेर लगे व्यौला वनाउँदै ।
भयो राजकुमारीको उनैसंग विहे जहाँ,
मढ्यौली रुपमा देखे रानी र मन्त्रिणी त्यहाँ ॥
स्यूँदोमा दुलहीलाई सिन्दूर हालियो जव,
राजाले दुलही सामु खोले रहस्य वास्तव ।
अनि हतारिँदै फर्के त्यही पीपल बोटमा,
छिटै रानी पनि आइन् मन्त्रिणी लिई साथमा ॥
फेरि राजासंगै रुख स्वदेशतर्फ फर्कियो,
त्यहीं जहाँ थियो पैले पुगेर टक्क उत्रियो ।
सल्लाह साउती गर्दै हिंडे रानी र मन्त्रिणी,
दर्वारमा छिटै राजा पुगे बनेर अग्रणी ॥

जव आइपुगिन् रानी, व्यूँझेको गरी नक्कल
सुनाई सपना सोधे राजाले स्वप्नको फल :
'हो, प्रिय, जलधि तर्नु चढी पीपलको रुख,
राजकन्या विहे गर्नु पक्का नै शुभसूचक ॥'
सुनेर रानीको यस्तो ओंठे निर्लज्ज उत्तर,
तानी चुल्ठो अँठ्याएर धकेले नृपले पर ।
लिई सल्लाह मन्त्रीको राजाले ती दुवैकन,
गरे देश निकाला नै चुल्ठो काटी त्यसै क्षण ॥

नवविवाहिता रानी कसरी ल्याउने भनी
राजा सोच्दै थिए दूर देश जाने कुरा पनि ।
त्यसै वेला कुनै सिद्ध आई टुप्लुक्क द्वारमा,
भन्यो :
'शक्ति ममा सार्ने छ प्राण मृत देहमा ॥'
राजाको मनमा झट्ट फुऱ्यो विचार सुन्दर :
'चरा वन्न सके पार हुन्थ्यो उडेर सागर ।'
प्राण सार्ने सिके विद्या सिद्धवाट नरेशले,

परीक्षा लिन राजाको मार्‍यो कुक्कुर सिद्धले ॥
'लौ, अभ्यास गरी हेर !'
सिद्धको सुनियो स्वर,
सारेर प्राण तत्कालै बने नृपति कुक्कुर ॥

गद्दामा नृपको देह देखेर प्राणवंचित,
चाहना नृप बन्ने भो सिद्धको मनमा स्वत: ।
राजाको देहमा प्राणसंचार सिद्धको भयो,
नास्ने कुक्कुरको वंश उस्ले आज्ञा पनि दियो ॥
सिपाहींहरूले खेदे राज्यका सब कुक्कुर,
मारे निर्ममतासंग ढुंगामूढा गरी, तर
भागी कुक्कुरको रुप लिएका नृप उम्किए,
सुगाको शवमा प्राण हुली भुर्र उडी गए ॥

पुग्यो समुद्र नाघेर सुगा नरोकिई कहीं,
जहाँ बस्थिन् नयाँ रानी बस्यो ऊ झ्यालमा त्यहीं ।
हेरी टुलुटुलु रानीतर्फ च्याएर सर्वथा,
सिद्धको पोल खोलेर बतायो मनको व्यथा ॥
झ्यालबाट सुगालाई लगेर भित्र खोपीमा,
दानापानी दिइन् खान सुम्सुम्याएर माथमा ।
भयो सल्लाह तत्कालै सिद्धलाई झिकाउने,
उस्को कर्तुतको निम्ति जुक्तिले बदला लिने ॥
लेखियो पत्र रानीको भाकाले :
'प्रिय स्वामित,
भयो सिन्दुर हालेको एक वर्ष पूरै अत:,
आइस्योस् लिन चाँडै नै भए मेरो जरुरत,
अन्यथा पाचुके पाऊँ, विहे गर्छु अरुसित ॥'
झुण्ड्याई पत्र घाँटीमा परेवाको पठाइयो,
सभामा मन्त्रीबाटै त्यो पत्र बाची सुनाइयो ।
त्यहाँ राजा हुने सिद्ध नबुझेर पर्‍यो छक,
सुझायो मन्त्रीले - कैले भयो बिहे अचानक ॥
आँ गर्दा नै अलंकार बुझ्ने सिद्ध छँदै थियो,
आउनेछु छिटै भन्ने पत्रोत्तर पठाइयो ।
पाई जवाफ चाहेको जस्तै दंग पर्‍यो सुगा,
छिटै सिद्ध पनि आयो लगाई राजसी लुगा ॥

पारंगत हुँदा मन्त्रविद्यामा जलधि तरी
सहजै सिद्ध आएथ्यो आकाशमार्गमा उडी ।
दुलहा आउँदा राज्यभरि हर्षबडाईं भो,
लाग्यो दर्बारमा लाम ठूल्ठूला भारदारको ॥
रानीले भव्यतासाथ उस्को गरेर स्वागत,
भनिन् :
'विहे हुँदा देख्न पाइएन मुहार त ।
किन्तु मर्जी भएथ्यो जो त्यस्को छ पूर्ण सम्भना,
गरिस्योस् प्राण सारेर आफ्नो वचन पालना ॥'
रानीले नखरा पार्दै गरी प्रेमप्रदर्शन,
औंल्याएर सभातर्फ केही शब्द थपिन् पुनः :
'होइसिन्छ पतिदेव मेरो पक्का हजुर नै
भन्ने पत्यार पर्नेछ, शंका नराखियोस् कुनै ॥'
रानीको रूप देखेर सिद्ध मुग्ध छँदै थिये,,
भेडा मारी त्यसैभित्र प्राण हुल्न ऊ तम्सियो ।
राजाको देहमा सार्‍यो सुगाले प्राण तत्क्षण,
भेडालाई समातेर बाँधियो बदला लिन ॥

नयाँ रानी लिई फर्के राजा ललितपुरमा,
काटियो बलिवेदीमा भेडा त्यो शंखमूलमा ।
एक तान्त्रिक बोलाई शान्तिस्वस्ति गराइयो,
भेडाको टाउको कान्तिपुरतर्फ सिधै गुड्यो ॥
लिएर अक्षता मन्त्र जप्दै तान्त्रिक दौडियो,
दोबाटोनेर भेडाको टाउको टक्क रोकियो ।
मन्त्रेर अक्षता फाल्दा शिला बनी भयो स्थिर,
भेडासिङ रही नाम अद्यापि छ त्यहीँनिर ॥

**

(सिजापति, २०११, पृ. ३५ : ४०)
(१७ नभेम्बर २००३, सोमवार)

मत्स्यदेवता (न्याद्यः)

स्वनन्द नृपको कन्तिपुरमा राज्य चल्दथ्यो,
वरामी नामका एक त्यहाँ ज्योतिष बस्दथ्यो ।
'बुढेस कालमा सेवा, मृत्युपरान्त सद्गति,
गर्ला को नभए छोरो ?'
भन्ये ज्योतिषदम्पति ॥
येनकेन प्रकारेण वर्ष पीर लिंदै वित्यो,
गर्भ ज्योतिषपत्नीमा नभन्दै अन्त्यमा रह्यो ।
लागी गर्भवती पत्नी व्यथाले छट्पटाउन,
भयो प्रफुल्ल यस्वाट त्यहाँ ज्योतिषको मन ॥

प्रसूतिकक्षमा घण्ट भुण्ड्याएर दलीनमा,
अह्रायो दिन संकेत तुरुन्तै शिशुजन्ममा ।
घुलोको पत्र पाटीमा सम्याएर लिई खरी,
चकटीमा बसी हेर्न लाग्यो ज्योतिषले घडी ॥
दिए घण्ट बजाएर सूचना पुत्र जन्मको,
बरामीले टिप्यो वेला गणना गर्न कर्मको ।
घडी, पला विचारेर हेर्दै नक्षत्रको गति,
जन्मकुण्डलीमा कोर्‍यो शिशुको कर्मको स्थिति ॥
विचार्दै जोखना गर्दा चिन्ह अशुभ देखिए,
जारपुत्र भनी टुंगो ग्रहनक्षत्रले दिए ।
हर्षको बदला ग्लानि भएथ्यो पुत्रजन्ममा,
कर्मलाई दिंदै दोष पर्‍यो ज्योतिष सोचमा :
'नाठो खेलाउने पत्नी हुन्छ नै कुलनाशक,
जारपुत्र भई जन्म्यो तसर्थ आज बालक ।
यस्तो कलंक बोकेर चाहन्न घर धान्न म,
बरु जोगी भई फिर्नु परदेश छ उत्तम ॥'
मनमा तर्कना गर्दै त्याग्यो जोतिषले घर,
झोलीतुम्वा भिरी लाग्यो विदेशतर्फ आखिर ।
नवजात शिशु बढ्न लाग्यो दिन बढेसरी,
सोची ज्योतिषपत्नीले अत्यन्तै पीरमा परी :
'पति कहाँ गए कुन्नि ? छोरो हुर्किन्छ के गरी ?
न्वारानको भयो वेला नाम राख्ने कसो गरी ?'
आमाले नै दिइन् नाम डाक्नको निम्ति अन्त्यमा,
डाक वढ्दै गयो मानौं शुक्लको हो कि चन्द्रमा ॥

वर्ष बित्दै गए, ज्ञानी बनेर डाक हुर्कियो,
छिटै ज्योतिषविद्यामा पारंगत पनि भयो ।
वावुको खोज गर्ने नै विचार मनमा लिई,
देश छाडी गयो डाक आमासंग बिदा भई ॥

डाँडाकाँडा गरी पार, हिंडी मैदान सम्थर,
जाडो गर्मी सही, भोकै रही, घुम्दै सबैतिर ।
जाँदा जाँदा पुग्यो डाक पाटलीपुत्र अन्त्यमा,
जहाँ अशोक राजाको गुञ्ज्यो आदेश कानमा :
'हाम्रो छ चाहना गर्ने तीर्थाटन क्रमैसित,
हेरुन् ज्योतिष जम्मा भै यात्राको शुभ साइत ।
जो छ ज्योतिषविद्यामा पारंगत यथार्थत:
तिन्को दर्वारमा भोलि हुनेछ भव्य स्वागत ॥'
भोलिपल्ट पुग्यो डाक दर्वारमा सरासर,
पाटीमा अंक कोरेर निकाल्यो ग्रहको फल ।
घोषणा गरियो डाकवाट अशोक सम्मुख :
'मुहुर्त दूर यात्राको भेद्रियो सुखदायक ॥'
शुभ साइतको वेला जो त्यहाँ डाकले दियो,
त्यही नै वेस हो भन्ने निष्कर्ष सवको थियो ।
सर्वसम्मतिले डाक रोजियो राजज्योतिष,
राजा अशोककै साथ रहन्थ्यो ऊ अहोनिश ॥

अशोक निस्किए तीर्थाटन गर्न भनीकन,
लिएर साथमा डाक, भारादार, महाजन ।
डाक ज्योतिष विद्यामा देखिंदा नै धुरन्धर,
वरामी पनि राजाकै पछि लाग्यो सरासर ॥
वुद्धोपदेशका साथै राखेर कीर्ति उज्ज्वल,
घुमे अशोक सर्वत्र चहार्दै वुद्धको स्थल ।
तीर्थाटन गरी सारा देश भारतवर्षको,
पुग्यो नेपाल भूमिमा दल राजा अशोकको ॥
मुकाम हुन गो राजधानी ललितपट्टन,
निर्माण गरिए चारै दिशामा स्तुप पावन ।
नेपालभूमिमा चैत्य, विहार छन् अनेकन,
अशोकस्तुपले चार गर्दैछन् युगद्योतन ॥
वन्यो चारुमतीवाट विहार एक काञ्चन ॥

गरिन् अशोकपुत्रीले भव्य एक विहार जो,
सबैबाट भयो मान्य चारुमतीविहार त्यो ।
चावही नामले चैत्य छ अद्यापि खडा पनि,
पवित्र स्थल चाभेल रहन्छ स्मृतिझैं बनी ॥

गऱ्यो वरामीले विन्ती डाकसामु झुकी अति,
खार्न ज्योतिषविद्याका ज्ञान आफ्नो अलिकति ।
'कहाँ के खस्छ आकाशबाट जोग परे कुन ?'
भेद ज्योतिषविद्याको डाक लाग्यो सिकाउन ॥
कति पोख्त भयो शिष्य खगोलशास्त्रमा भनी
परीक्षार्थ वरामीको सोधेथ्यो डाकले पनि :
'आगामी जोग के पर्छ ? कस्तो छ भोलिको क्षण ?
आकाशबाट वर्षन्छ कहाँ के ? हेर लक्षण !!'
वरामीले लगाएर हिसाब अन्त्यमा भन्यो :
'आकाशबाट माछा नै वर्षने जोग देखियो,
छ कान्तिपुरमा अन्नपूर्णाको स्थल पावन,
चार हात यता त्यस्कै माछा खस्ने छ लक्षण ॥'
शिष्यको गणना ठीकै छ भन्ने ठहऱ्याइयो,
तर ठाउँ भने माछा खस्ने अन्तै बताइयो ।
भोलिपल्ट भए जम्मा सारा असनचोकमा,
चिनो लगाइयो माछा वर्षने दुई ठाउँमा ॥
'अचूक निस्कला कस्को भविष्यवाणिको फल ?'
सबै नै हेर्न चाहन्थे मत्स्यावतरणस्थल ।
आकाशमा दिंदै दृष्टि हेर्न लागे सबै जन,
जब नजिकिंदै आयो पूर्वनिश्चित त्यो क्षण ॥
ढाक्दै आकाश सम्पूर्ण कालो बादल फैलियो,
हेर्दाहेर्दै पऱ्यो पानी, एक्कासि मेघ गर्जियो ।
दुई फ्याँक तडित्‌द्वारा पारियो झिल्ल बादल,
चम्किंदा बिजुली माछा झरेको देखियो तल ॥
आकाशबाट त्यो माछा खस्यो ताकेर त्यै स्थल,
जहाँ चिन्ह थियो डाकद्वारा निर्दिष्ट निश्चल ।
श्रेष्ठ ज्योतिषविद्यामा निस्किएन अरु कुनै,
वरामीले गुरु मान्यो सहर्ष डाकलाई नै ॥

बिदाबारी भई चाडैं वरामी फर्कियो घर,
जहाँ उस्कै प्रतीक्षामा थिई पत्नी निरन्तर ।

'छोरो कहाँ छ खै ?'
प्रश्न बरामीबाट सोधियो,
उसैको खोजमा छोरो गयो भन्ने बताइयो ॥
छोरोको नाम हो डाक भन्ने सुनी अचानक,
अकमक्क परी साह्रै बरामी पो पर्‍यो छक ।
'डाक भन्ने त मेरा छन् गुरु भर्खरकै ठिटा,
आएका छन् उनी राजा अशोकसंग नै यता...'
बेलीविस्तार यात्राको बरामीले गर्‍यो सब,
टुप्लुक्क घरमा आइपुग्यो डाक पनि तव ।
भयो देखी गुरुलाई बरामी ढोग्न तत्पर,
आमाको पाउमा पुत्र ढोग्न लाग्यो सरासर ॥
घरमा नै भयो भेटघाट पिता र पुत्रको,
बाँधिएका थिए पैले नातामा गुरुशिष्यको ।
कस्ले कस्लाई ढोग्ने हो भन्ने वादविवाद भो :
'गुरु छोरो, पिता शिष्य ? मान्य आखिर हुन्छ को ??'
त्यहाँ विवादको टुंगो लागेन जब क्यै गरी,
राजा अशोकका सामु पुगे शिघ्र दुवै थरी ।
सुनेर तर्क राजाले दिए निर्णय सत्वर :
'मान्यताक्रममा पाको पिता नै हुन्छ आखिर ॥'
पिताको पाउमा पर्दै प्रणाम डाकले गर्‍यो,
दैवज्ञ पुत्रले सारा शंका बरामीको हर्‍यो ।
दुवै ज्योतिषविद्याका थिए ज्ञाता धुरन्धर,
रहे कान्तिपुरीमा नै पितापुत्र पुगी घर ॥

धरावतरण माछाको नभबाट भयो जहाँ,
शिलामा मूर्ति माछाको कुँदेर राखियो त्यहाँ ।
सिद्ध ज्योतिषविद्याको गर्छ त्यस्ले अचूकता,
अद्यापि देख्न पाइन्छ न्याद: वा मत्स्यदेवता ॥

**

(सिजापति, २०११, पृ. ३५ : ४०,
श्रेष्ठ, १९५७, पृ. २०० : २०५)
(२३ मई २००४, आइतवार)

स्थितोहं पशुरुपेण श्लेष्मान्तकवने यत: ।
अत: पशुपतिर्लोके मम नाम भविष्यति ॥
नेपाल माहात्म्य, अ. १, श्लोक २६

अध्याय - चार

देवनाम

पशुपतिनाथ

जलमग्न थियो विश्व कुनै वेला अतीतमा,
पल्टिएका थिए विष्णु निदाई शेषनागमा ।
उत्पन्न विष्णुको नाभिबाट पद्म भयो जहाँ,
प्रादुर्भाव भए व्रह्मा फक्रेको फूलमा त्यहाँ ॥
व्रह्मा र विष्णुका वीच वार्तालाप जसै भयो,
दुईमध्ये ठूलो को हो भन्ने विवाद चर्कियो ।
चम्कियो शिवको ज्योति दुवैको माझ तत्क्षण,
आज्ञा भा आदि औ अन्त्य त्यस्को गर्ने निरुपण ॥
'यो ज्योतिर्लिंगको फेद औ टुप्पो भेट्न सक्छ जो,
हुनेछ जगमा सर्वोपरि देवाधिदेव त्यो ।'
जब यस्तो दुवै सामु घोषणा शिवले गरे,
स्वर्गतर्फ उडे व्रह्मा, विष्णु पातालमा झरे ॥

चाहन्थे पुग्न टुप्पोमा व्रह्मा चढेर मास्तिर,
विष्णुको तल ओर्लेर फेद खोज्ने थियो सुर ।
न टुप्पो भेटियो माथि, न फेद तल देखियो,
ज्योतिर्लिंग अनादि औ अनन्त वस्तुतः थियो ॥
भेट्टाए वीच वाटैमा व्रह्माले केतकी फूल,
एक्लै त्यो व्योममा माथिवाट झर्दै थियो तल ।
'कहाँवाट तँ झर्दैछस् ?'
व्रह्माको प्रश्न यो सुनी,
दियो जवाफ तत्कालै केतकीफूलले पनि :
'एकाएक झरें ज्योतिर्लिंगको शिरवाट म,
उड्दै छु व्योममा नित्य अनन्त कालदेखि म ।'
व्रह्माले केतकीवाट स्वीकारोक्ति सुने जव,
सोचे :
'पुग्न छ टुप्पोमा यथार्थमै असम्भव ॥
मौकाले केतकीसंग गरायो भेट आखिर,
वरु वनोस् त्यही साक्षी मेरो निम्ति सरासर !'
शिवसामु पुगे व्रह्मा लिई केतकीको फूल,
मानौं पत्ता लगाएझैं विश्वव्रह्माण्डको मूल ॥
प्रमाण केतकीको नै देखाई गर्वपूर्वक भने :

'उडी पुगें ज्योतिर्लिंगको म शिरैतक ।'
केतकीले गऱ्यो ब्रह्मवाक्यको अनुमोदन,
झूटो बोल्दा दिए श्राप शिवले ती दुवैकन :
'ब्रह्माको नगरोस् पूजा कसैले जगमा अब,
नचढोस् देवतानिम्ति केतकी पनि वास्तव !'
रहस्य नबुझी ज्योतिर्लिंगको विष्णु फर्किए,
सत्यवादी हुँदा विष्णु पूजनीय सदा भए ॥
असत्यवादी ब्रह्माको गरियो गर्वमर्दन,
स्वीकारेर महादेव गरियो शिवपूजन ।
शिवकै रुपमा ज्योतिर्लिंग पूज्य बन्यो अनि
यावत् जीवन्त वस्तुका स्वामी पशुपति बनी ॥

सुनेर महिमा ज्योतिर्लिंगको काशीका नृप,
पुगे पशुपतिक्षेत्र त्यागेर राज्यवैभव ।
तपस्यामा थिए लीन मणिचूढ पहाडमा,
एकपल्ट सुने वाद्यवृन्दको नाद रातमा ॥
हतारिंदै पुगे राजा दर्शनार्थीहरूसित
सोझै पशुपतिनाथ रहेको ठाउँमा स्वतः ।
किन्तु दिक्पालले पस्न दिएनन् भित्र क्यै गरी,
तपस्यामै भए लीन फेरि फर्की त्यसै घडी ॥
धर्मदत्त भनी राजा भए प्रख्यात आखिर,
धर्मेश्वर रिझाएर गरे प्राप्त ठूलो बल ।
दिक्पालहरूको घेरा तोडी भित्र पसीकन
काशीनरेशले पाए अन्त्यमा शिवदर्शन ॥
पाई पशुपतिनाथबाट आज्ञा कुनै दिन,
स्थापना गरियो एक विशालनगरी पुनः ।
गर्न थाले उनी नित्य धर्मपूर्वक शासन,
प्रजालाई खुशी पार्दै लगाई शिवमा मन ॥

ठूलो भूकम्पले ध्वस्त हुन गो घरमन्दिर,
पुरिएर भयो लोप ज्योतिर्लिंग कतैतिर ।
हेक्का रहेन कालान्तरमा स्थानको पनि,
रह्यो पशुपतिनाथ मात्र खण्डहरै बनी ॥
ने भन्ने गाई पालेको थियो गोपालले कुनै,
बियाउँदा पनि बाछो दिन्नथी किन्तु दूध नै ।
शंका लागेर ग्वालाले चियोचर्चो लिंदै गयो,

गाईले थूनको दूध छर्कने स्थान देखियो ॥
गोपालहरूका नेता भुक्तमान पुग्यो त्यहाँ,
थाल्यो जमीनमा खन्न के रहेछ भनी त्यहाँ ।
छिटै पशुपतिनाथको ज्योतिर्लिंग देखियो,
ज्वालाको तेजले भुक्तमान भष्म त्यहीं भयो ॥
प्रादुर्भाव भयो ज्योतिर्लिंग भन्ने कुरा सुनी,
पुगे दर्शनका लागि त्यहाँ तत्काल नेमुनि ।
अनि बनाइए भुक्तमानका पुत्र शासक,
स्वयं पशुपतिनाथ तोकिए देशरक्षक ॥

ने भन्ने मुनिले गर्दा पालना न्यायपूर्वक,
यहाँ अस्तित्वमा आयो देश नेपाल नामक[1] ।
गोपालवंशको राज्य चल्यो नेपालदेशमा,
जहाँ पशुपतिनाथ बने प्रसिद्ध लोकमा ॥

**

(१४ जून २००३, शनिवार)

गोकर्णेश्वर

पशुयोनी लिई घुम्दै वनकुञ्जहरू सव,
वनविहारमा लागे मृगको रुपमा शिव ।
पुगे आखिरमा श्लेष्मान्तक वनप्रदेशमा,
जताततै भयो खोजी शिवको नै त्रिलोकमा ॥
अत्तोपत्तो नपाएर इन्द्रादि देवता सव,
चिन्ताग्रस्त भई खोज्न निस्के जताततै शिव ।
व्रह्मा, विष्णु तथा इन्द्र पुगे श्लेष्मान्तकवन,
जहाँ शिव मृगलीला गर्दै थिए घुमीकन ॥
जाँदा जाँदा त्यहाँ देखे मृग एक विलक्षण,
शिरमा एउटै उस्को उम्रिएको थियो सिङ ।
'मृगरुपी शिव चाहिं हुनुपर्छ अवश्य त्यै !'
लिई निर्णय तत्कालै समात्न दगुरे तीनै ॥
समात्दा वलियोसंग सिङ एक्कासि भाँचियो,
तीन टुक्रा पर्‍यो हात व्रह्मा, विष्णु र इन्द्रको ।
मृग लोप हुँदा एक आकाशवाणि घन्कियो :
'श्रृंग त्रिलोकमा लग्नू स्थापनार्थ शिवांश त्यो !!'

एक टुक्रा पुग्यो स्वर्ग इन्द्रको साथमा उडी,
अर्को टुक्रा पुग्यो विष्णुसंग पातालमा झरी ।
ब्रह्माको हातको टुक्रा मर्त्यमण्डलमै रह्यो,
वाग्मती तटमा स्थिर गोकर्णेश्वर त्यो भयो ॥

**

(९ फरवरी २००३, आइतवार)

इन्द्रेश्वर

अहल्याको भयो सृष्टि ब्रह्माद्वारा कुनै दिन,
ब्रह्मा स्वयं भए मुग्ध देखी सौन्दर्य काञ्चन ।
आसक्तिमा परी होला पापकर्म भनी कुनै,
छोरी सुम्पिदिए उन्ले ऋषि गौतमलाई नै ॥

थियो ब्रह्मपुरीनेर ऋषि गौतमको कुटी,
अहल्याले उनैलाई स्वीकारेकी थिइन् पति ।
एकपल्ट अहल्याको सुनी सौन्दर्य वर्णन,
मिथिलामा झरे इन्द्र रूपको गर्न दर्शन ॥
रुखको आडमा लुक्दै कुटीतर्फ चियाउँदा,
देखे फूलहरूमाझ दिव्य सौन्दर्यको छटा ।
अहल्या अप्सरातुल्य वाटिकामा समुज्ज्वल
पतिको नित्यपूजाको निम्ति टिप्दै थिइन् फूल ॥
ऋषि गौतम त्यै वेला स्नानादि कर्म खातिर
कमण्डलु लिई जाँदै थिए सोझै नदीतिर ।
विहानैदेखि नै इन्द्र मौकाको ताकमा थिए,
लिएर ऋषिको रुप अहल्यासामु देखिए ॥
मानौ गौतमकै जस्तै हावभाव गरीकन
नक्कली ऋषिले साँच्चै गरे प्रेमप्रदर्शन ।
मीठामीठा कुरावाट देखाई कामभावना
यौनेच्छातृप्तिको लागे विनम्र गर्न याचना ॥
पतिवाट कुवेलामा गरिंदा यौनआग्रह,
एक्कासि देखियो रूप अहल्याको भयावह ।
कामेच्छा पतिको टार्न नसक्ता क्यै गरे पनि
अहल्या र ऋषि भित्र पसे आश्रममा अनि ॥

विर्सी स्नानपछि फेर्ने धोती नै साथमा लिन,

सक्कली ऋषि त्यै वेला कुटीभित्र पसे पुन: ।
देखे गौतमले भित्र कल्पनातीत दृश्य जो,
कोरा शव्दहरूद्वारा गर्न वर्णन सक्छ को ??
नसोचेको कुरा आँखासामु देखेर गौतम
आगो वन्न पुगी बोले थर्काईकन आश्रम :
'अरुकै तँ अँगालोमा पति छैन यहाँ भनी
नाठो खेलाउँदै वस्छेस् बिहानैदेखि, डाँकनी ?!
केलिकीडा गरी रम्छेस् कुटीमा नहुँदा पति,
सतीत्व नै डगाएर मोज गर्ने लिइस् मति ?
जो पायो त्यै अँगालेर लिई सानन्द चुम्बन,
तम्सिइस् नवुझी को हो भन्ने यथार्थ नै किन ??'
एकाएक पतिसंग जम्काभेट भयो जव,
सतीतुल्य अहल्याको सातोपुत्लो उड्यो सब ।
उठी थर्थर कामेर भनी जोडी दुवै कर,
'भ्रममा परियो, स्वामी, अवला हुँ, क्षमा गर !!'
पत्नीको कृत्य देखेर ऋषि असाध्य झोक्किए,
अहल्यातर्फ फर्केर तत्कालै श्राप यो दिए :
'हज्जार वर्षपर्यन्त वनी निष्प्राण पत्थर
यहाँ भोग्नुपरोस् तैंले कठोर पापको फल !!'
छाँद हाल्दै अहिल्याले ऋषिको पाउमा परी
अजानमा हुँदा भूल क्षमाको याचना गरी ।
भने गौतमले फेरि दया जागेर चित्तमा,
'पाउलिस् पूर्वको रूप रामको पाउस्पर्शमा ॥'
भयो देह अहल्याको शिलामा परिवर्तित,
इन्द्रलाई दिए श्राप हुँदै अत्यन्त क्रोधित :
'परस्त्री नभनी तैंले कामासक्त वनीकन
ऋषिआश्रममै आई गरिस् कुकृत्य यो किन ?!
यौनाचार गरी हिंड्छस् कामातुर भई खुव,
देखियोस् देहमा तेरो सहस्त्र योनिको रुप !'
देखिंदा योनिको छिद्र शरीरमा जतातत‍ै,
देवराज लुके जान नसकी लाजले कतै ॥

पतिको रुप देखेर शची विस्मयमा परिन्,
गुरु वृहस्पतिसंग सल्लाहसाउती गरिन् ।
'लीलावती तथा रुद्रावती संगममा गई,
शिवलिंग ठड्याएर ध्यानमग्न सदा भई,
इन्द्रले गर्नुपर्नेछ तपस्या वन्न काञ्चन,
गरेमा शिवको पूजा हुनेछ श्रापमोचन ॥'

शची औ इन्द्र तत्काले पुगे निर्दिष्ट स्थानमा,
शिवलिंग ठड्याएर भए तल्लीन ध्यानमा ।
भयो आखिर साकार हजार वर्षको तप,
कलंक मेटियो सारा ऋषिको श्रापको सब ॥
इन्द्र औ शचीले पाए अन्त्यमा शिवदर्शन,
सहस्त्र योनिको दाग मेटिंदा स्वच्छ भो तन ।
मात्र निधारको छिद्र नेत्रमा भो परिणत,
तसर्थ इन्द्रको नाम सहस्त्राक्ष रह्यो स्वतः ॥

पद्मावती नदी बन्दै भइन् प्रकट पार्वती,
प्रसिद्ध भो शचीतीर्थ त्यस्कै किनारमा अति ।
स्थापना गरियो लिंग नदीसंगममा जुन
प्रसिद्ध त्यो छ अद्यापि इन्द्रेश्वर भनीकन ॥

**

(मानन्धर, २००२, पृ. ५३ : ५६)
२५ अप्रील २००३

भीमेश्वर (भीमसेन)

वस्दथ्यो सुनखानीमा धनाड्य एक सज्जन,
वेसाउन त्यहाँ आयो वेसाहा एक निर्धन :
'हजूर, घरमा मेरो छ भोकै परिवार त,
पाऊँ आधा मुरी धान प्राण रक्षार्थ सापट ॥'
त्यहाँ धनिकले यस्तो अनुरोध सुन्यो तर
दिन चाहेन सित्तैमा वेसाहा श्रमवेगर ।
'हुन्छ, लौ, दिउँला धान, गोडिदे खेत फाँटको !'
हिंड्यो गरीब यो आज्ञा पूरा गर्न धनाड्यको ॥

थियो खेत निकै ठूलो, गोड्न लाग्थ्यो पूरै दिन,
किन्तु गरीव फर्कर आयो तत्काल नै पुनः ।
'खेत गोडिसकें, पाऊँ धान धोक्रोभरि अव !'
विसायो विन्ती ढाक्रेले धनीसामु सगौरव ॥
खेत तीस मुरी धान लाग्ने गोडी छिटोसित
देख्दा गरीव फर्केको धनी भयो अचम्भित ।
धान भर्न भनी भित्र भण्डारमा गयो धनी,

धोक्रो भर्नै पर्‍यो गाह्रो भण्डारै रित्तिंदा पनि ॥
धनी छक्क पर्‍यो देखी यस्तो विचित्रको कुरा,
बल्लतल्ल जुटाएर धान बाचा गर्‍यो पूरा ।
कुम्ल्याई धानको धोक्रो गयो गरीब तैपनि
खुल्दुली मनमा जागी सोचमा पर्न गो धनी ॥
'क्या अचम्म ? कतै ढाक्रे चमत्कारी परेछ कि ?
वेसाहा गर्न आयो ऊ किन ? छ क्यै रहस्य कि ?'
चियोचर्चो लिई गर्न आफ्नो शंका निवारण,
भैरे नोकर डाँकेर अह्रायो काम तत्क्षण :
'को हो त्यो धान लैजाने ढाक्रे ? पीछा गरेर जा !
कहाँ जान्छ ? कहाँ वस्छ ? गर्छ के ऊ ? वुझेर आ !'
पछ्याउँदै गयो भैरे गरी आज्ञा शिरोपर,
चाल पाएन ढाक्रेले को छ भन्ने पछिल्तिर ॥

विसायो धानको भारी वनको मध्य भागमा,
मान्छे कुन्नि कताबाट तत्कालै वैरिए त्यहाँ ।
पकाए भात भाँडोमा, धान ओखलमा कुटी,
केराको पातमा भाग लगाइयो सबै जुटी ॥
हरेक भागको सामु वसे आसनमा सवै,
एक भाग वढी देखी वोल्यो ढाक्रे अचम्म भै :
'कस्को यो भाग उव्रेको ? खान आएन को किन ?'
हेर्‍यो यताउति चारैतर्फ दृष्टि दिईकन ॥
चेवाचर्चा गरी भैरे लुकेथ्यो रुख पल्तिर,
सुन्यो आह्वान ढाक्रेको :
'ए भैरे, आ अगिल्तिर !
किन त्यहाँ लुकी वस्छस् ? भाग तेरै रहेछ यो,
खानुपर्छ यहाँ भोज हामीसंगै वसेर पो ॥'
स्नेहयुक्त सुनी वोली भैरे लम्क्यो लुरुलुरु,
भागसामु वसी भोज खान लाग्यो खुरुखुरु ।
भात खाएपछि लाखापाखा लागे सवै तर
भैरे वसिरह्यो आफ्नै ठाउँमा खोज्न उत्तर ॥
ढाक्रे मात्र रह्यो वाँकी त्यहाँ, उस्ले भन्यो अनि :
'हेर् भैरे, जे जति देखिस्, कसैलाई नभन्नु नि !
भीमसेन म हुँ, वस्छु यहीं रक्षार्थ लोकको,
मर्नेछस् रक्त छादेर वताइस् कि रहस्य यो...'
वोल्दावोल्दै वन्यो ढाक्रे कालो निर्जीव पत्थर,

भैरे चकित भै फर्क्यो गाउँतर्फ सरासर ।
गर्नु निमकको सोझो - काल निम्त्याउनु थियो,
नखोल्नु भेद - कर्तव्यच्युत वन्नु सरी न हो ?।
'के गर्ने ? के नगर्ने ?' यो दुविधामा परीकन
लियो अठोट भैरेले गर्ने कर्तव्यपालन ।
वतायो घटना सारा देखेथ्यो वनमा जुन,
छादेर रक्त भैरेले गऱ्यो प्राण विसर्जन ॥

एकपल्ट त्यही कालो ढुंगाको वगलैनिर
दुई ढुगा अड्याएर चुल्हो वनाइयो तर
चम्का उत्तरपट्टिको त्यहाँ पुर्लुक्क पल्टियो,
वटुवाहरूको भात हरेक पल्ट पोखियो ॥
काँचो कसौंडीको भात त्यै ढुंगोतर्फ देखियो,
झोकको झोंकमा पन्यूँ ढुंगामाथि वजारियो ।
वेसरी वजिंदा पन्यूँ ढुंगा चिरिक्क भै फुट्यो,
थोपा थोपा गरी मानौं प्रवाह रक्तको छुट्यो ॥
लाग्यो आश्चर्य तिन्लाई : 'तल के छ यहाँ ?' भनी
लागे खोस्रन धारिलो खुकुरीले शिलामुनि ।
एक्कासि रक्तको धारा वग्यो जमीनवाहिर,
काटिंदा खुकुरीद्वारा त्यही नै कृष्णपत्थर ॥
परे छक्क सवै देखी त्यहाँ यस्तो विचित्रता
वटुवाहरूले पाए ढुंगोमा एक देवता ।
गरी सल्लाह क्यै वेर, लिइयो पूर्ण निर्णय :
'जागेको त्यो शिला साक्षात् हो भीमसेन निश्चय ॥
थिए वाह्रजना ढाक्रे त्यहाँ भात पकाउने,
गरे भाकल वर्षेनी वोका वाह्र वलि दिने ।
पुर्खाको पालना गर्दै कवोल सन्ततिहरू
दिंदैछन् वाह्र वोकाको वलि अझै पनि वरु ॥

आयो सोच्दै कुनै मान्छे वोकी प्रशस्त सुन्तला,
'यै एक भारीले मूर्ति सहजै के न छोपुंला ?'
खन्यायो सुन्तला उस्ले मूर्तिमा भीमसेनको,
किन्तु मूर्ति भने त्यस्तै रह्यो जस्तो अघि थियो ॥
ल्याउँदा सुन्तला वोकी जतिपल्ट पनि त्यहाँ,
अहंकार गरी यस्तो छोपिन्थ्यो मूर्ति त्यो कहाँ ?
यसैको सम्झना गर्न वहाई धार दूधको,
वर्षेनी सुन्तला ल्याई छोप्न खोजिन्छ मूर्ति यो ॥

**

ईशानेश्वर

करापुटारमा पैले थियो रे ताल सुन्दर,
देखियो रे सुकी पानी बेंसी एक मनोहर ।
तालको पींधको माटो ज्यादै नै मलिलो थियो,
घाँसले ढाकिंदा सारा फाँट त्यो रम्य देखियो ॥

चिसंकुगाउँमा बस्थ्यो घिमिरे एक ब्राह्मण,
चाहन्थ्यो फाँटमा राम्रो अन्नवाली फलाउन ।
बोलाएर हलीलाई गोरु दुई दिईकन,
पठायो बेंसीको बाँझो फाँट जोत्न कुनै दिन ॥
काँधमा ऊ हलो बोकी गोरु धपाउँदै हिंड्यो,
खाजा पनि लिई साथै सुरम्य फाँटमा पुग्यो ।
जुआमा नारिए गोरु, अनौं पनि समातियो,
जोत्न थाल्दा हलो फाली भूमिमा भित्र गाडियो ॥
कुन्नि के भो ? कतावाट ज्योति झिलिक्क चम्कियो ?
भूमिभित्र महानाद मेघ गर्जे सरी भयो ।
एक्कासि रिंगटा लागी ढल्यो निश्चेत भै हली,
लमतन्न परी गोरु फाँटमा नै मरे ढली ॥

चिसंकुगाउँमा माथि घिमिरेको थियो तन,
कल्पनामा डुवी उस्को वेंसीमा पुग्दथ्यो मन ।
वाँझोको ठाउँमा खेत देख्थ्यो ऊ शस्यश्यामला,
रंगीन चित्रझैं खुल्थ्यो मानौं प्रकृतिको कला ॥
झुलेर धानका बाला बयेंली खेल्दथे कतै,
तोरीका फुल्दथे फूल पहेंलो फाँटमा कतै ।
माहुरी भुन्भुनाएर चुस्दथे रस फूलमा,
सपना वा विपना के हो ? पऱ्यो यो शव्द कानमा :
'वाँझो त्यो फाँट हो सारा ईशानेश्वरको स्थल,
पठाएर हलीलाई खेत जोत्ने गरिस् वल ।
फालीको चोटले गर्दा भएँ म आज जागृत,
मेरो प्रकोपले तेरा हली, गोरु भए मृत ॥
मेरो एक शिलामूर्ति पाउनेछस् खनी जहाँ,
देवालय वनोस् भव्य ईशानेश्वरको त्यहाँ ।
सुरम्य मलिलो फाँट अन्नले टन्न ढाकियोस्,
खेती अनाजको गर्ने स्थान उत्तम त्यो वनोस् !!'
झऱ्यो मान्छेहरूसाथ फाँटमा तल व्राह्मण,

घाँसले टन्न वाँभ्कोमा लाग्यो ऊ भूमि खोस्रन ।
हलोको डांवमा खन्दा शिलाको मूर्ति पाइयो,
त्यहाँ नै घिमिरेवाट देवालय बनाइयो ॥

निसन्तान हुँदा चिन्ता परेथ्यो घिमिरेकन,
ईशानेश्वरले राति दिए स्वप्न कुनै दिन :
'वत्स ! ब्राम्हणीले तेरो बस्नुपर्छ महाव्रत,
पर्वमा शिवरात्रिको राखी श्रद्धा ममा नित ॥
अखण्ड नौसुते वत्ती वालेर लिई हातमा,
वसोस् ऊ उभिई ठाडै जाग्राम भर रातमा ।
भोलिपल्ट सखारैमा गरोस् पूजा र अर्चना,
सन्तानप्राप्तिको होला अवश्य पूर्ण चाहना ॥'
स्तम्भझैं उभिई ठिंग, बत्ती लिएर हातमा,
ईशानेश्वरको पूजा गरी जागेर रातमा ।
घिमिरेपत्नीले मागी सन्तानप्राप्तिको वर,
मातृत्वसुखले चम्क्यो आमाको मुखमण्डल ॥

पुत्रलाभ हुँदा दंग पऱ्यो ब्राह्मण-दम्पति,
फाँटमा अन्न उब्जाई जोरियो धनसम्पति ।
गर्न थाले सवै पूजा ईशानेश्वरको पनि,
प्रसिद्धि फैलियो चाँडै सन्तानेश्वर हुन् भनी ॥

**

(श्रेष्ठ, २०६०, पृ. ३ : ८)

लुकुमाद्यो

मद्यमांस चढाएको खान्थिन् सदैव पार्वती,
घृणा शंकरले गर्दा भइन् क्रोधित रे अति ।
लिई पिशाचको रुप उन्को चित्त बुझोस् भनी
लुकेर शिवले खाए मद्यमांस स्वयं पनि ॥

प्राचीन कालमा एक थियो दैत्य अजम्बरी,
वर प्राप्त गऱ्यो उस्ले तपस्या शिवको गरी ।
जे छुन्थ्यो ऊ त्यही हुन्थ्यो खरानीमा परिणत,
भष्मासुर भनी उस्को रह्यो नाम पनि अतः ॥
नाम उस्को सुनी काम्थे जगमा सब थर्थर,
भागाभाग गरी लुक्थे देव, दानव औ नर ।
युद्ध नै नगरी दैत्य सर्वेसर्वा बन्यो स्वतः,
किन्तु देख्यो तगारोझैं बाटोमा शिव वस्तुतः ॥
अगाडि लम्कियो भष्म पार्न ऊ शिवलाई नै,
सुरक्षार्थ अरु जुक्ति देखेनन् शिवले कुनै ।
डराई भाग्न लागेको देखेर शिव आखिर,
भष्मासुर पछि लाग्यो पीछा गर्दै सरासर ॥
डाँडाकाँडा गरी पार पुगे नेपालमा शिव,
दिई वास छिंडीमा नै लुकाए जनले तब ।
चढाए शिवमा मद्य-मांस चौरासी व्यञ्जन,
शिवले स्वाद मानेर खाए लुकीछिपीकन ॥

भष्मासुर पनि सोझै भयो हाजिर तत्क्षण,
ढोकासामु बसी मौका ढुकेर पहरा दिन ।
विष्णुलाई भयो ज्ञात शिवको गुप्तवासको,
भने प्रकट भै शिघ्र परेर सामु दैत्यको :
'हे दैत्यराज, के गर्दै वसेका छौ तिमी यहाँ ?
पऱ्यो कारण के बस्ने द्वारपालसरी यहाँ ?'
वतायो दैत्यले आफ्नो चाहना गर्वपूर्वक :
'काँढाझैं शिव पन्छ्याई विश्वकै वन्छु मालिक ॥'
दैत्यको शिवलाई नै खाक पार्ने कुरा सुनी,
भने मुसुक्क हाँसेर तत्कालै विष्णुले पनि :
'दैत्यराज, तिमी व्यर्थ भ्रममा किन पर्दछौ ?

स्पर्शले भष्म पार्नेछ भनी के गर्व गर्दछौ ?
लठ्ठिदै धतुरो खाई दिएको शिवले वर,
मिथ्या बक्बक मात्रै हो, त्यो कतै सिद्ध हुन्छ र ?
नछामी कान हाहामै हुन्न काग पछ्याउन,
विश्वस्त हुन आफ्नो नै शिर छामेर हेर न !!'
विष्णुको तर्क ठीकै हो भन्ठानी दैत्यले कर
पुर्‍यायो शिरमा जाँच वरको गर्न खातिर ।
शिवको वर व्यर्थैमा के जान्थ्यो ? सत्य निस्कियो,
डढेर भष्म तत्काले भष्मासुर स्वयं भयो ॥

विष्णुवाट सुनी दैत्य वनेको भष्म आखिर,
'वल्ल त्राण मिल्यो !'
भन्दै निस्किए शिव बाहिर ।
छिंडीमा लुक्न आएका रहेछन् शिव पो भनी
हर्षोल्लास गरे देशवासीले गद्‌गदै बनी ॥

**

(१८ जून २००३, बुधवार)

सूर्यविनायक

देवपाटननेरैको वनभित्र थियो कुटी,
वस्दथ्यो उहिले त्यस्मा एक ब्राह्मणदम्पति ।
पतिव्रता थिइन् लीलावती नामक ब्राह्मणी,
राख्दथे धर्ममा चित्त द्विज गुणनिधि पनि ॥
वाग्मतीनदीमा स्नान गरी शुद्ध वनीकन,
सूर्योदय हुँदा गर्थे सूर्यमा जल अर्पण ।
ध्यानमग्न भई नित्य गर्दथे सूर्यको जप,
सूर्यझैं चम्किलो पुत्र जन्मियो सत्य भै तप ॥

तेजिलो पुत्र पाएर दुवै दंग थिए अति,
दैवसंयोगले किन्तु गुम्यो जीवन्त सम्पति ।
आमाले भुईंमा राख्दा लागी थकाइ वालक,
तुरुन्तै वाण लागेझैं पर्‍यो मुर्च्छा अचानक ॥
गरियो औषधिमूलो शिशुलाई वचाउन,
परन्तु कालले फिर्ता गरेन शिशु जीवन ।
शोकग्रस्त भयो मानौं देवपाटनको वन,

सर्वत्र सुनियो आमावावुको मात्र रोदन ॥
'किन्तु रोदनले मात्र मरेको बाँच्न सक्छ र ?'
अतः पशुपति सम्झी गरे पुकार आखिर :
'पशुपति, तिमी रक्षा गर्दछौ प्राणिमात्रको,
आएर प्राण संचार गरिद्यौ आज पुत्रको ॥'
पुकार शोकसन्तप्त दम्पतिको सुने जव,
शिवबाट भयो आज्ञा दिएर सान्त्वना तव :
'गणेशको परी दृष्टि भयो वालक मुर्छित,
सूर्योदयसंगै होला भोलि बिहान जागृत ॥
राख्नू रातभरि देह पुत्रको त्यस ठाउँमा,
सूर्यको पहिलो स्पर्श जहाँ हुन्छ प्रभातमा !
गर्नू गणेशको राति प्रार्थना भक्तिपूर्वक,
सूर्यकै बिम्बमा होला साक्षात्कार विनायक !!'
दिएर सान्त्वना यस्तो अन्तर्ध्यान भए शिव,
पुगे दम्पति थुम्कोमा वोकेर शिशुको शव ।
जाग्राम नै रही राति गरे गणेशको स्तुति,
आँखा तिर्मिर भो पर्दा सूर्यको पहिलो द्युति ॥

पाए गणेशको सूर्योदयकै साथ दर्शन,
मागे दम्पतिले पुत्रदानको वर तत्क्षण ।
'तथास्तु !'
सुनिया एकाविहानै स्वर गुञ्जन,
निद्रा छुटेसरी पुत्र व्युँझियो भोरमा पुनः ॥
पुत्रमा प्राण संचार हुँदा व्राह्मणदम्पति
स्वयं शिशुसरी खेल्न लागे रमाउँदै अति ।
सूर्यको द्युतिका साथै गणेश देखिए जहाँ,
गणेश सिद्ध भै शिला स्थापना गरियो त्यहाँ ॥

प्रसिद्ध हुन गो त्यो नै वनी सूर्यविनायक,
जो आज लोकमा सच्चा मानिन्छन् शिशुरक्षक ।
गर्छन् गणेशको पूजा सन्तानप्राप्ति खातिर,
फुट्छ रे शिशुको वोली छोडे एक्लै यतातिर ॥

**

(१३ जून २००३ शुक्रबार)

चाँगुनारायण

मञ्जुश्रीले सुकाएथे जब रम्य सरोवर,
वास उठ्ठा भयो नागहरूको नभई जल ।
बग्न बाध्य भए पानीसंगै नाग अनाहक,
डँस्न लाग्यो जथाभावी रिसाईकन तक्षक ॥
रीसको झोंकमा टोक्यो नागले यसरी जब,
विष लागी मरे धेरै निरपराध मानव ।
वृथा निर्दोष मान्छेको बन्यो तक्षक दुश्मन,
यसै कुकर्मले गर्दा कुष्टरोगी पऱ्यो हुन ॥
होश आएपछि उस्ले आफ्नो दोष बुझ्यो जब,
गोकर्णमा पुग्यो प्रायश्चित्त गर्न भनी तब ।
तपस्या गर्न लाग्यो ऊ बसी नदी किनारमा,
निराहार रही पाप पखाल्दै नित्य ध्यानमा ॥

आकाशमार्गमा जाँदा देख्यो गरुडले तल,
ध्यानमग्न भई पल्टिरहेको नाग निश्चल ।
सोझै गरुडले आई आकाशबाट झम्टियो,
निकै बेर हुँदा युद्ध जीत तक्षककै भयो ॥
किन जान्थ्यो त्यसै खेर नागको तपको फल ?
तान्यो गरुडलाई नै पानीभित्र सरासर ।
नदीमा नागले तान्दा आच्छु आच्छु निकै पऱ्यो,
देखी गरुडले अन्त्य पुकार विष्णुको गऱ्यो ॥
देख्दा संकटमा ठूलो परेको निज वाहन,
विष्णु तत्काल नै आए गर्न कष्ट निवारण ।
ताकी तक्षकलाई नै लक्ष गर्दै सुदर्शन,
विष्णु ठिक्क परे गर्न नागको शिरच्छेदन ॥
रक्षा तक्षकको गर्न आए भएर तत्पर,
पद्मपाणि बोधिसत्व आर्यावलोकितेश्वर ।
स्वागतार्थ भए विष्णु खडा देखाई शिष्टता,
भयो गरुड औ नागबीच घनिष्ठ मित्रता ॥
विष्णुले काँधमा बोके आर्यावलोकितेश्वर,
राखेर पीठमा विष्णु उड्यो गरुड सत्वर ।
चारु पर्वतमा उत्र्यो हरिहरि सवार भै,
घाँटीमा पद्मपाणीको रह्यो तक्षक हारझैं ॥

चारु पर्वतमै विष्णु रहेका छन् निरन्तर,
पुगी त्यहाँ भए लोप आर्यावलोकितेश्वर ।
चाँपको वनले गर्दा चाँगु भनिन्छ पर्वत,
तसर्थ भनिए विष्णु चाँगुनारायण स्वतः ॥

**

(५ जुलाई २००३, शनिवार)

बूढानीलकण्ठ

किसानहरूले काटे धानबाली कुनै दिन,
थुपारे खेतमै एक ठाउँमा त्यो सुकाउन ।
चुटेर धानका बाला खेतमै एक ठाउँमा
सुनौला धानका गेडा थुपारे खलिहानमा ॥
बाली भित्र्याउने काम किसानहरूले गरे,
ओसार्दै धानका बोरा भकारी घरको भरे ।
रित्तिएन खलिहान त्यहाँ अचम्म यो भयो,
खलिहानभरि टन्न धान बाँकी रहिरह्यो ॥

हालेर धान बोरामा लगे खर्पनमा भरी,
धानको रास ओसार्नै सकिएन कसै गरी ।
जति झिक्यो त्यति बाँकी रहन्थ्यो अन्न खेतमा,
अचम्मको कुरा विन्ती चढाए दरवारमा ॥
हेर्न त्यो ठाउँ राजाको सवारी खेतमा भयो,
किसानहरूको विन्ती सर्वथा सत्य देखियो ।
कुनै अद्भुतको वस्तु हुनुपर्छ त्यहाँ भनी
खनेर हेर्न त्यो ठाउँ राजाज्ञा दिइयो पनि ॥
किसानहरूले खन्दै जाँदा माटो भकाभक,
देखियो रक्तको चिन्ह कोदालीमा अचानक ।
'के रहेछ त्यहाँ यस्तो जीवात्मा भूमिको मुनि ?'
कोदाली अलि बिस्तारै चलाएर खने अनि ॥
कोदालीको परी चोट भई रक्त प्रवाहित,
गोडाको काटिई औंला देखियो रक्तरञ्जित ।
माटो पन्छ्याउँदै जाँदा शैय्यामा शेषनागको
पल्टेका विष्णुको भीमकाय शरीर देखियो ॥

भई निस्लोट पल्टेको श्यामवर्ण हुँदा तन,
राजाले शिव पल्टेको ठाने विषाक्त भैकन ।
नीलकण्ठ भनी आराधना तत्काल नै गरे,
देखेर विष्णुको मूर्ति राजा अचम्ममा परे ॥
किसानहरूले चाहिं गरेथे बुद्धवन्दना,
बुद्ध निर्वाणमा प्राप्त भएको गरी कल्पना ।
बुद्ध औ शिवको एकाकारमा नाम जोडियो,
विष्णुको नाम नै बूढानीलकण्ठ यहाँ भयो ॥

राजाज्ञाले खनी माटो भेद पत्ता लगाइनु,
काटिएर बूढीऔंला विष्णुको रक्त निस्कनु :
कस्तो संकेत हो भन्ने चिन्ताले ग्रस्त भैकन
सकेनन् रातमा राजा मस्तसंग निदाउन ॥
डुब्दै विचारसिन्धुमा निदाए नृप भोरमा,
सुनियो विष्णुको आज्ञा तन्द्रामा हो कि स्वप्नमा :
'राजाले नगरून् मेरो अबउप्रान्त दर्शन,
मकहाँ नृपति आए हुनेछ मृत्यु तत्क्षण ॥'
भयो नकाम नै भन्ने राजाको मनमा परी,
वनी वैष्णव राजाले पश्चाताप पनि गरी,
स्थापना विष्णुमूर्तिको राजदर्बारमै गरे,
जाँदिनन् नृपति बूढानीलकण्ठ तसर्थ रे !!

** *(३ मार्च २००३, सोमबार)*

तिलमाधव

उहिले वनिया एक वस्दथ्यो कान्तिपुरमा,
जीविका धान्न ऊ घुम्थ्यो सौदा लिएर गाउँमा ।
इमान्दार र सन्तोषी, मृदुभाषी पनि थियो,
त्यसैले नाउँ नै उस्को धर्मदत्त यहाँ रह्यो ॥

एकपल्ट गयो वेच्न आधा भारी लिई तिल,
मात्र ठाउँ चहार्दैमा गयो त्यो दिन निष्फल ।
र्भोलपल्ट पनि उस्को विकेन तिल क्यै गरी,
उस्ले ग्राहक पाएन कैयौं दिन यसै गरी ॥
नविक्ता तिल क्यै टाढा गई वेच्ने निधो गऱ्यो,

बोकेर तिलको धोक्रो सवेरै वनिया हिंड्यो ।
वाग्मती र हनुमन्ते नदीसंगम तीर्थमा,
प्रात:स्नान गरी लाग्यो भक्तग्राम ऊ भोरमा ॥
सात वाटो जहाँ मिल्थ्यो त्यही प्रांगणमा पुगी,
खन्यायो तिलको धोक्रो भुइँमै देखिने गरी ।
घटायो मोल सौदाको चाँडो विकोस् भनी तिल,
जम्मा भयो वनियाको सामु ग्राहकको हुल ॥
मीठो वोली सुनी उस्को भए मुग्ध त्यहाँ सव,
तिलको माग गर्नेको लाग्यो लाम त्यहाँ जव,
वेच्न लाग्यो ऊ पाथीले भर्दै तिल धमाधम,
रोकिएन असर्फीको धोक्रोमा भरिने क्रम ॥
दिन वित्दैथियो किन्तु जति वेचे पनि तिल,
देखियो सिद्धिनु सट्टा वढेको मात्र केवल ।
निहार्दै तिलको रास धर्मदत्त पर्‍यो छक,
विष्णुको गर्न लाग्यो ऊ प्रार्थना वेलुकीपख ॥

एक्कासि तिलको थुप्रो छताछुल्ल त्यहाँ भयो,
तिलको रासमा नारायणको रूप देखियो ।
गन्धर्वहरूको गीत आकाशभरि गुञ्जियो,
नभबाट त्यसै वेला पुष्पवृष्टि पनि भयो ॥
अन्तर्ध्यान भए विष्णु वनियामा दिई वर :
'मेरो दर्शनले इच्छापूर्तिको प्राप्त होस् फल !'
धर्मदत्त वनियाले वनायो एक मन्दिर
तिल वेचेर पाएको धन खर्चेर सुन्दर ॥
स्थापना गरियो नारायणको मूर्ति वास्तव,
तिलोत्पन्न हुँदा नाम राखियो तिलमाधव ।
प्रादुर्भाव जहाँ विष्णु तिलमाधवको भयो,
अद्यापि तौमढी चोक तसर्थ नै भनिन्छ त्यो ॥

**

(११ फरवरी २००३, मंगलवार)

मत्सेन्द्रनाथ (बुंगद्यो)

मत्सेन्द्रं योगिनां मुख्या: शाक्ता: शक्तिं वदन्ति यम् ।
बौद्धा लोकेश्वरं तस्मै नम: ब्रश्मस्वरुपिणे ॥
बुंगमतीको अभिलेख,
ने.सं. ७९२ (ई.सं. १६७२)

भन्छन्, नेपालमा ठूलो अनावृष्टि अघि भयो,
अनिकाल परी हाहाकार सर्वत्र मच्चियो ।
नरेन्द्रदेव राजाले अनिकाल हटाउन
गराए देवदेवीको शान्तिस्वस्ति र पूजन ॥
दर्वारमा भई भेला विद्वान्, ज्योतिष, तान्त्रिक,
दिन थाले परामर्श, रायसल्लाह व्यापक ।
गरियो यज्ञयागादि धरामा वृष्टि होस् भनी
सुक्नै आँटे नदीनाला, पानी परेन तैपनि ॥

उपाय बुझ्नका लागि घुम्न थाले स्वयं नृप,
रात्रिवार्ता पनि सुन्थे चेवाचर्चा लिई खुब ।
घुम्दाघुम्दै पुगे राजा दैलोमा वन्धुदत्तको,
कुराकानी सुने उन्ले रातमा जोईपोइको ॥
प्रश्न गर्दै थिई पत्नी :
'अनावृष्टि भयो किन ?
पानी नपर्नुको होला अवश्यै पनि कारण !'
ज्यादै ढिपी लिई सोध्न थाल्दा कारण पत्नीले,
खडेरी पर्नुको हेतु सुनाए वन्धुदत्तले :
'आई नेपालमा भिक्षा मागे गोरखनाथले,
यहाँ एक मुठी अन्न पाएनन् दान साधुले ।
भिक्षा नपाउँदा सोझै मृगस्थली पुगीकन,
नागराजहरू डाँकी वनाए एक आसन ॥
वसेका छन् उनी त्यस्मै गरेर नागसाधन,
यही नै हो अनावृष्टि हुनाको मूल कारण ।'
पतिबाट खडेरीको व्याख्या यस्तो सुनी जव,
अर्को प्रश्न गरी वन्धुदत्तकी पत्नीले तव :
'के नागासनमै वस्लान् सधैं गोरखनाथ र ?
उठ्न बाध्य हुनै पर्ने कुनै उपाय छैन र ?'
सोधिंदा यसरी जुक्ति अनावृष्टि हटाउने,
जिज्ञासा पत्नीको शान्त पार्दै गुभाजुले भने :

'एक थोपो पनि पानी नपर्नु यतिका दिन,
के कतै जगमा यस्तो हुन सक्छ अकारण ?
छ जुक्ति, तर ज्यादै छ गाह्रो गर्न क्रियान्वित,
मत्सेन्द्रनाथ ल्याएमा होला वृष्टि यहाँ स्वतः ॥'
सोधी आचार्यपत्नीले :
'के यो सम्भव हुन्छ र ?'
दिए आचार्यले शंका हटाई प्रष्ट उत्तर :
'छ कामरुप कामाक्षा भन्ने देश निकै पर,
मत्सेन्द्रनाथको वास रहेको छ त्यतैतिर... ॥'
वार्तालाप सुनी यस्तो गुभाजु जोईपोइको,
बुझे कारण राजाले पानी पर्दै नपर्नुको ।
नरेन्द्रदेवको आज्ञा भोलिपल्टै सुनाइयो,
राजदर्बारमा वन्धुदत्तलाई झिकाइयो ॥

सकिन्छ कसरी रोक्न अनावृष्टि भनी जव
दिएथे नृपमा वन्धुदत्तले राय वास्तव,
सुनेर रायसल्लाह खडेरी रोक्न खातिर
राजा स्वयं भए दूर यात्राको निम्ति तत्पर ॥
त्यो कामरुप कामाक्षा देश पुग्ने निधो गरी,
राजाले ललिते ज्यापू र वन्धुदत्त साथ ली,
गरे प्रस्थान मत्सेन्द्रनाथ खोजेर ल्याउन,
नेपालमा खडेरीको हाहाकार हटाउन ॥
डाँडाकाँडा गरी पार साकार पार्न योजना,
धेरै दिन लगाएर पुगे बल्ल तीनै जना,
त्यो कामरुप कामाक्षा देशमा दूर प्रान्तको,
जहाँ अतीतमा जन्म भयो मत्सेन्द्रनाथको ॥
राजा, ज्यापू र आचार्य सामान्य भेषमा सब,
त्यै कामरुप कामाक्षा देशसम्म पुगे जव,
परदेशीहरू देख्दा भए सतर्क वस्तुतः
मत्येन्द्रनाथकी आमा मत्स्यकन्या विशेषतः ॥
नछोडी कहिल्यै एक्लै छायाजस्तै पीछा गरी,
म्त्सेन्द्रनाथको गर्दै हेरचाह सधैंभरि,
राति सुत्दा पनि भित्र नपाओस् पस्न क्वै भनी
मत्स्यकन्या सधैं सुत्थिन् आफू संघारमै अनि ॥
वन्धुदत्त वसी नित्य एकान्त ठाउँमा कुनै,
मत्सेन्द्रनाथको गर्थे आह्वान मन्त्रवाट नै ।
मन्त्रको वशमा पर्दै मत्सेन्द्रनाथ आखिर,

सधैं निस्कन चाहन्थे नाघी संघार बाहिर ॥
व्युँभिए रातमा एकपल्ट मत्सेन्द्रनाथ र
खाटवाट अनायासै उठे निस्कन खातिर ।
ढोकासम्म पुगे सोझै लम्की निस्कन चोकमा,
पल्टिएकी थिइन् वाटो छेकी आमा संघारमा ॥
निस्कने मूल वाटो नै छेकिएको थियो यता,
मत्सेन्द्रनाथ तानिन्थे मन्त्रको बलले उता ।
ननाघी देह आमाको जानु असम्भवै थियो,
नाघ्नु शरीर आमाको पाप मोल्नुसरी थियो ॥
राति संघारमै आमा पल्टिएकी हुँदा नित,
असमर्थ थिए मुक्त हुन बन्धनवाट त ।
उपाय खोज्नमा लागे गरेर दीर्घ चिन्तन,
यौटै मात्र सुझ्यो जुक्ति निस्कने तोडी बन्धन ॥
निकै सतर्कतासाथ एक एक गरीकन,
पन्छ्याई केश आमाको बनाए पथ उम्कन ।
निस्के संघार नाघेर मत्सेन्द्रनाथ वाहिर,
नाघिंदा मातृ रौं एक कुष्ठरोगी बने तर ॥

नाघी संघार मत्सेन्द्रनाथ वाहिर निस्किए,
मन्त्रको बलले सोझै मण्डपैतिर तानिए ।
घुसे कलशमा सुटृ लिई भ्रमरको रुप,
थिए यस्कै प्रतीक्षामा वन्धुदत्त तथा नृप ॥
मन्त्रोच्चारणमा लीन वन्धुदत्त हुँदातक,
पर्दथ्यो छोप्नु राजाले शिघ्र कलशको मुख ।
टुनाको बलले छोप्दा गुमाई सव चेतन
निदाए किन्तु राजा नै भुसुक्कै पो त्यही क्षण ॥
मौकामै भमरारूपी मत्सेन्द्रनाथ वाहिर
भए तत्पर निस्केर उडी जान सरासर ।
किन्तु तत्काल नै रोके उडान वन्धुदत्तले
पस्न वाध्य गरे फेरि कलशैभित्र मन्त्रले ॥
टुनाले मत्स्यकन्याको निदाए नृपति पुनः,
तेस्रो पल्ट पनि लाग्यो फेरि भ्रमर उम्कन ।
गुभाजुले दिए धक्का गोडाले नृपमा तव,
व्युँभिए जुर्मुराएर नरेश जंगिदै खुव ॥
'राजाको देह गोडाले छुने धृष्ट गुभाजु यो,
स्वदेशमा भए हुन्थ्यो भागी नै प्राणदण्डको !'

व्युँझेका नृपले यस्तो सोचे आचार्य सम्मुख,
तुरुन्तै वस्त्रले ढाकिदिए कलशको मुख ॥

मत्सेन्द्रनाथ कोठामा नदेखेर उपस्थित,
चहार्दै मत्स्यकन्याले खोजी भएर चिन्तित ।
ध्यान गर्दा खुल्यो सारा रहस्य पुत्रलोपको,
भमरा भै जो थियो वन्दी घडामा वन्धुदत्तको ॥
आएर मत्स्यकन्याले वाटो पत्ता लगाउन
गरी आग्रह आचार्यसंग नम्र वनीकन :
'आएका हौ कहाँवाट ?
कति बस्छौ यहाँ तिमी ?
कुन मार्ग हुँदै जान्छौ स्वदेश कहिले तिमी ??'
बुझेर मत्स्यकन्याको सवाल, सोचमा परी
वन्धुदत्त रहे मौन सुनेको नसुन्यै गरी ।
ल्याएर वीउको थैलो आचार्यलाई सुम्पन,
अनुरोध गरी मत्स्यकन्याले अन्त्यमा पुन: :
'छरिद्यौ पथमा देवदारुको वीज फर्कंदा,
त्यहाँ हराभरा होला स्वर्गको तरु सर्वदा !'
तुरुन्तै मत्स्यकन्याको बुझे तापनि आशय,
छर्ने वाचा गरी वीजहरू आचार्यले लिए ॥
वोकाई ललिते ज्यापुलाई कलश काँधमा,
हिंडे आचार्य औ राजा छिटै पुग्न स्वदेशमा ।
अनि निकालियो जुक्ति प्रतीज्ञा गर्न पालन
वाटोमा देवदारुको छर्ने बीज भुटीकन ॥
भुटेको बीज रोपेर वृक्ष सक्छ र उम्रन ?
के सक्थी मत्स्यकन्याले वाटोको भेउ पाउन ?
रहेन मत्स्यकन्याले पीछा गर्ने कुनै भय,
कतै नरोकिई जाने तैपनि गरियो तय ॥

वाटो देखाउँदै लागे आचार्य नै अघिल्तिर,
गर्दै कलशको रक्षा राजा लागे पछिल्तिर,
हिंड्यो ललित वाटोमा कतै नरोकिईकन,
विसायो काँधको भारी कटुवाल पुगीकन ॥
त्यहाँ कलश ज्यापुले भुईंवाट उठाउँदा ,
'वु' शव्द सुनियो जन्म मत्सेन्द्रनाथको हुँदा ।
त्यो ठाउँ भनियो वुंग, मत्सेन्द्रनाथ - वुंगद्यो,
मत्सेन्द्रनाथ जन्मेको स्थान वुंगमती भयो ॥

स्वागतार्थ त्यहाँ आए देवदेवीहरू सव,
मत्सेन्द्रनाथको गर्न भव्य स्वागत उत्सव ।
रोप्दै आचार्यले मत्स्यकन्याप्रदत्त वीजन
गरे कलशयात्राको शुभारम्भ त्यहाँ पुनः ॥
सफा गर्दै गए ब्रह्मा वाटो मत्सेन्द्रनाथको,
ओढाए इन्द्रले छाता घडामास्तिर स्वर्गको ।
पताका वायुले वोके, चम्काए अग्निले द्युति,
वाटोभरि हिंडे छर्दै कुवेर धनसम्पति ॥

मत्सेन्द्रनाथको जात्रा पुग्यो नेपालमा जव,
चल्यो कलशको स्थान तोक्ने विवाद वास्तव ।
गई सुदूर यात्रामा मत्सेन्द्रनाथ ल्याउने
म हूँ राजा भनी सोच्दै नरेन्द्रदेवले भने :
'हुनेछ राजधानी नै मत्सेन्द्रनाथको स्थल,
भक्तपुर जति राम्रो स्थान अन्त कतै छ र ?'
मन्त्रले वशमा पारी ल्याउने त म हुँ भनी
झिक्तै तर्क भने बन्धुदत्त आचार्यले पनि :
'श्रेष्ठता मन्त्रविद्याको सवैले मान्नुपर्दछ,
मत्सेन्द्रनाथको निम्ति कान्तिपुर सुयोग्य छ ॥'
किन मौन रहन्थ्यो र त्यहाँ ललित ज्यापु नै,
किमार्थ सुन्न चाहेन उस्ले तर्क अरु कुनै :
'देवता काँधमा वोकी ल्याएँ मैले यहाँतक,
ललितपुरकै हुन्छ मत्सेन्द्रनाथमा हक ॥'
राजा, आचार्य औ ज्यापु थाके विवादमा जव,
पाको र वृद्धको वाणी मान्न राजी भए सव ।
डाँकिए राज्यमा बस्ने बूढापाका सवै जन,
ललितपुरमै निस्क्यो अत्यन्त वृद्ध सज्जन ॥

जहाँ छ सात दोवाटो मिलेको संगमस्थल,
एकमाथि रह्यो अर्को त्यहीं नै सात ओखल ।
कुप्रो वूढो त्यही अग्लो मञ्चमाथि चढाइयो,
वूढोको फैसला सुन्न हुल जम्मा त्यहीं भयो ॥
राजा, आचार्य औ ज्यापु उभिए सुन्न निर्णय,
के हुन्थ्यो मर्न आँटेको वृद्धलाई पनि भय ?
माथि हात उठाएर गर्न लाग्यो ऊ फत्फत,
'वोकेर ल्याउनेको नै तर्क हो न्यायसंगत ॥'

पक्षपात गरी उस्ले वोल्दा अन्यायको स्वर,
मऱ्यो मञ्च ढली बूढो भाँचिईकन कम्मर ।
भयो वाचा गरेजस्तै बृद्धवाणी शिरोपर,
बूढोको फैसला लागू गरिने भो सरासर ॥

राखियो भमरायुक्त घडा मत्सेन्द्रनाथको,
बूढोको फैसला मान्दै इच्छामाफिक ज्यापुको ।
जहाँ कलशको बन्धुदत्तले स्थापना गरे,
ललितपुरमा आज 'येंपी बही' भनिन्छ रे ॥
मत्सेन्द्रनाथको मूर्ति स्थापना गरियो जहाँ,
देवालय पनि एक बनाइयो पछि त्यहाँ ।
छिटै मृगस्थलीसम्म शुभसन्देश यो पुग्यो :
'मत्सेन्द्रनाथको प्रादुर्भाव नेपालमा भयो !!'
सुनी सन्देश यो पंचकुमारीबाट तत्क्षणै,
पुगे नागासनै छोडी त्यहाँ गोरखनाथ नै ।
मत्सेन्द्रनाथको गर्न भनी दर्शन वस्तुतः,
नागराजहरू मुक्त हुँदा वर्षा भयो स्वतः ॥

बाह्र वर्ष अनावृष्टि हुँदा दुर्भिक्षमा परी
बचेन अन्नको बीज खेतमा रोप्न क्यै गरी ।
गर्दा आराधना राजा र आचार्य मिलीकन,
मत्सेन्द्रनाथको पाए अन्त्यमा दिव्य दर्शन ॥
'सप्त धान्यादिको वीज लिएर धान्यकुण्डको
उव्जाई खेतमा वाली बचाऊ प्राण लोकको !'
मत्सेन्द्रनाथको यस्तो आज्ञा पाएर तत्क्षण,
अह्राए ललिते ज्यापुलाई नै बीज ल्याउन ॥
धान्यकुण्ड पुगी ल्यायो ज्यापुले अन्नको वीज,
सहवुंगा भनी कुण्ड छ प्रसिद्ध यहाँ अझ ।
सप्त धान्यादिको वीज खेतमा जव रोपियो,
फलेर अन्नको वाली सहकाल शुरु भयो ॥
हाहाकार खडेरीको हुँदा साम्य तुरुन्त नै,
खेतमा अन्नको वाली लागेन वेर उम्रनै ।
मनाए देशवासीले जात्रा उपत्यकाभरि
मत्सेन्द्रनाथको तानी रथ राजा-प्रजा मिली ॥
वन्धुदत्त भए वृद्ध वर्ष वित्दै गयो जव,
देह क्षीण हुँदा वाँच्ने रहेन चाह वास्तव ।

सम्झे त्यो घटना फेरि घटेथ्यो उहिले जुन,
छोपेर भमरारूपी मत्सेन्द्रनाथ ल्याउन ॥
दिएथे पाउले धक्का नृपलाई जगाउन,
तसर्थ नृपले उन्को लिने ज्यान गरे मन ।
पुगे दर्वारमा वन्धुदत्त व्यूँझेर भोरमा,
हात जोडी गरे विन्ती विनम्र भै नरेशमा :
'महाराज, क्षमा पाऊँ ऊँचनीच कुनै भए,
मत्सेन्द्रनाथ छोप्दाको कुरा एक्कासि सम्झिएँ ।
चिताएथ्यौ कुनै वेला प्राणदण्ड दिने कुरा,
मर्न तैयार छु, आजै राजेच्छा गरियोस् पूरा !!'
सुनेर गुरुको वाक्य द्रवीभूत भए नृप,
पखाल्न मनको तुस अनुरोभ गरे खुव ।
समाधिस्थ भई प्राण त्यागन आचार्य तम्सिए,
मत्सेन्द्रनाथको दायाँ पाउमा लीन भैगए ॥
'दुखाई चित्त वाँचेछन् आचार्य भरजीवन,
दम्भ तोड्न भनी मेरो गरे प्राण विसर्जन ।'
यस्तो सोचेर राजाले लिए अन्तिम निर्णय,
मत्सेन्द्रनाथको वायाँ पाउमा भैगए लय ॥

मत्सेन्द्रनाथ छ मैन्हा वस्छन् वुंगमतीतिर,
उत्तरायणको वेला ललितपुरकै घर ।
तानी वुंगमतीवाट मत्सेन्द्रनाथको रथ,
ललितपुरमा ल्याई मनाइन्छ महोत्सव ॥

**

(भाषावंशावली, २०२३, पृ. ५ : १६)
(१जुलाई २००३, सोमवार)

बाघभैरव

पञ्चकूटगिरिनेर गोपालहरू वस्दथे,
गोठाला चौरमा आफ्ना भेडावाखा चराउँथे ।
मनोरञ्जनका लागि खेल्थे खेल सधैं डुली,
वनाए वाघको मूर्ति एकपल्ट सवै मिली ॥
वाघको मुखमा जिव्रो हाल्न वाँकी रह्यो जव,
माटाको मूर्तिका सामु त्यहाँ जम्मा भए सव ।
गरे आपस्तमा केही वेर सल्लाह साउती,
पात खोज्ने निधो गर्दै भन्छन् वाघ समक्ष ती :
'वाघ, हामी सवै जान्छौं जिव्रोको खोजमा वन,
भेडावाखा सवै हाम्रा हेर्नू यहीं वसीकन !'
जिव्रो सुहाउँदो पात खोज्न भैकन तत्पर,
लागे चहार्न गोठाला वनभित्र सवैतिर ॥

वाघको भव्य मूर्तिमा जाग्यो तत्काल भैरव,
भेडावाखाहरू उस्ले स्वाहा पाऱ्यो त्यहाँ सव ।
गोठालाहरू फर्केर आए पात लिई यतै,
तिन्ले परन्तु देखेनन् भेडावाखाहरू कतै ॥
'खै, हाम्रा वस्तु ?'
गोठाला ज्यादै अचम्ममा परे,
वाघको मूर्तिलाई नै तसर्थ प्रश्न यो गरे :
'कहाँ गए ? वता, हाम्रा भेडावाखाहरू अव ?
तेरै जिम्मा लगाएथ्यौं नासोको रुपमा सव ॥'
मुसुक्क मुस्कुराएर किंचित् व्यंग्य गरे सरी,
वाघको मूर्तिले आफ्नो उघाऱ्यो मुख वेसरी ।
हाव्रो उस्को थियो आलो रक्तले पूर्ण रञ्जित,
भेडावाखा चपाएको वोध भै हाल्दथ्यो स्वतः ॥
'तैंले खाइदिइस् हाम्रा भेडावाखाहरू सव,
वाएको मुख तेरो त्यो वाएकै होस् सधैं अव !
जिव्रो पनि नहोस् तेरो मुखभित्र निरन्तर,
माटोको मूर्ति तेरो यो सदैव होस् यहीं स्थिर !!'

यस्तो सराप पाएथ्यो गोठालाहरूको जब,
मुख बाई बिनाजिब्रो स्थिर भो बाघभैरव ।
पालुवा जीवजन्तुको आज गर्छ ऊ रक्षण,
गोठालाहरूको इष्टदेवता नै बनीकन ॥

**

(वासुपासा, २०४९, पृ. १ : २),
राइट, १८७७, पृ. १६१ : १६२)
(२० जनवरी २००३, सोमवार)

आकाशभैरव (आजुद्यः)

किरातवंशको राज्य हुँदा नेपाल देशमा,
यलम्बर थिए ज्यादै प्रसिद्ध नृप लोकमा ।
शिवको अंशले युक्त हुँदा वीर थिए उनी,
उनैको नामले दूर्ग यल नै भनियो पनि ॥

महाभारतको युद्ध हुँदा द्वापर कालमा,
भए सेनाहरू जम्मा सम्पूर्ण कुरुक्षेत्रमा ।
एकातिर थिए कृष्ण सारथीसंग पाण्डव,
अर्कोतिर थिए योद्धाहरूका साथ कौरव ॥
चार अक्षौहिणी सेना लिई राजा यलंम्बर,
कुरुक्षेत्र पुगे ठूलो संग्राम हेर्न खातिर ।
सोधे श्रीकृष्णले :
'कस्को लिन्छौ पक्ष, यलम्बर ?'
दिए किरात राजाले गर्वका साथ उत्तर :
'यहाँ छन् आज आएका योद्धा अनेक देशका,
अश्व, हात्ती, रथ, सैन्य खडा छन् दुईतर्फका ।
तटस्थ नै रही युद्ध हुनेछ हेर्नु उत्तम,
जो हार्छ रणमा त्यस्कै पक्ष रोजेर लड्छु म ॥'
किरात नृपको यस्तो सुनेर स्पष्ट उत्तर,
युद्धको कृष्णले देखे परिणाम भयंकर :
'हुन्छ पाण्डवको जीत भन्ने त्यसै छ निश्चित,
हार्नेको पक्ष्यमा लड्न छ यलम्बर उद्धत ॥
लडे कौरवको पक्ष लिई किरातको दल,
पराजीत भई होलान् पक्कै पाण्डव निष्फल ।

चार अक्षौहिणी सेना मर्न-मार्न छ तत्पर,
हुनेछ जीत उस्को नै जता लाग्छ यलम्बर ॥'
सोचे समयमै गर्ने प्रतिकार उपाय र
कृष्णले नृपको काटे तत्कालै चक्रले शिर ।
संग्रामस्थल थर्काई ढल्यो वीर यलम्बर,
प्रहार चक्रको पर्दा हुत्तियो शिर मास्तिर ॥

रोकियो नभमै माथा हेर्दै विस्मित भै तल,
जहाँ गर्दै थिए युद्ध दुवै नै पक्षका दल ।
रथ अर्जुनको हाँक्दै थिए कृष्ण सरासर,
तानिन्थ्यो धनुको ताँदो, वर्षन्थ्यो वाण झर्झर ॥
कुरुक्षेत्रभरि घुम्दै गरी युद्ध निरीक्षण,
माथि आकाशमा उड्दै हेरी संग्राम भीषण,
आकाशमार्गमा घुम्दै फर्क्यो शिर स्वदेशमै,
किरात नृपको देह रह्यो त्यै कुरुक्षेत्रमै ॥

हुनाले शिवको अंश बनी आकाशभैरव,
उडेर देशको चाला अद्यापि हेर्छ वास्तव ।
आजुद्यः भनिई पूज्य रहेका छन् यलम्बर,
छ इन्द्रचोकमा जस्को अजेय मुखमण्डल ॥

**

(वज्राचार्य, ११२०, पृ. ९१)
(२५ डिसम्बर २००३, विहीवार)

चन्दननाथ र भैरवनाथ

कुनै वेला थियो जुम्ला दहको रुपमा स्थित,
वीचको चौर टापुझैं थियो त्यहाँ अवस्थित ।
प्रत्येक दिन राजाको घोडा आएर चौरमा,
हिन्हिनाउन थाल्थ्यो रे सुँघेर एक ठाउँमा ॥
'हिन्हिनाउँछ घोडा त्यो किन ?
के छ त्यहाँ मुनि ?'
गाउँलेहरूले हेर्न चाहे त्यो ठाउँ नै खनी ।
शिवको पादुकायुक्त एक पत्थर पाइयो,
चारपाटे हुँदा ढुंगा चौघानचौड त्यो भयो ॥

घुम्दै काश्मिरका सिद्ध दुई आए कुनै दिन,
चौघानचौडमा तिन्ले जमाए पद्म-आसन ।
गरी आपसमा गुप्त वार्ता छकाउँदै जन,
विभिन्न रूपको तिन्ले लागे गर्न प्रदर्शन ॥
लोकरञ्जनका लागि लुकामारी चल्यो त्यहीं,
एक सिद्ध भए लुप्त अज्ञात ठाउँमा कहीं ।
जुम्लामा गरियो उस्को खोज सर्वत्र तैपनि,
विलुप्त सिद्धको चिन्ह भेटिएन कतै पनि ॥
सवैको सामुमा दोस्रो सिद्ध आसनमा झुक्यो,
मन्त्रोच्चारणका साथै काठ श्रीखण्डको झिक्यो ।
निस्क्यो त्यै काठका टुक्रावाट विलुप्त सिद्ध त्यो,
त्यसैकारणले उस्को नाम चन्दननाथ भो ॥

अव पालो थियो लुक्ने अर्को अनाम सिद्धको,
हेर्दाहेर्दै सवैवाट तत्कालै सिद्ध अल्पियो ।
उस्को पनि भयो खोजी जुम्लाभरि सवैतिर,
पाइयो ऊ न झोलामा, न भित्र, न त वाहिर ॥
पानीको वटुका एक लियो चन्दननाथले,
प्रादुर्भाव भयो त्यस्मा लुकेको सिद्ध मन्त्रले ।
लुकेको वटुकाभित्र थियो भैरव वास्तव,
त्यसैले नाम नै उस्को रह्यो वटुकभैरव ॥

पहाड खड्गले काटी सुकाए सिद्धले जल,
त्यहाँ उपत्यका रम्य देखियो अति उर्वर ।
सिद्धले धानको वीज दिए वनेर शिक्षक,
फलाइन्छ त्यहाँ धान कालीमार्सी अझैतक ॥
भिजाई धानको वीज थैलाको मुख नै थुनी,
सुकाई घाममा वीज राखेर स्याउलामुनि ।
छरिन्छ वेन्नुमा धान टुसाएपछि जेठमा,
हरेक वर्ष रोपाई गरिन्छ सिद्ध-खेतमा ॥

**

कानाबराह र रानाबराह

वराह वस्दथ्यो गुर्जागाउँको एक कुण्डमा,
थियो ऊ निर्विवेकी र निरंकुश अतीतमा ।
उस्कै त्रस्त भई गर्थे पूजा मान्छेहरू सव,
मान्छेकै ऊ वलि लिन्थ्यो स्वयं भेट्याउँथ्यो जव ॥
कुनै मानिस आएमा कुण्डमा जल नै लिन,
पक्रेर खाइहाल्थ्यो ऊ अति क्रुद्ध भईकन ।
गर्दा मानिसको हत्या पानी तलाउको तव,
आलो रगत पाकेर भरियो पीपले सव ॥

रानावराह माथिल्लो तालको तल ल्याइयो,
वरिपरि घुमी स्वच्छ जलको कुण्ड खोजियो ।
ठूलो तलाउमा रानावराह स्थापना गरे,
गुनासो दुःखको पोख्दै भक्तिले अर्चना गरे ॥
रानावराह मान्छेको भक्तिवाट खुशी भयो,
दुःख मानिसको हर्न पीपको कुण्डमा गयो ।
रानावराह औ दुष्ट वराहविच युद्ध भो,
नगर्ने वध मान्छेको वाचा गर्दा ऊ छोडियो ॥
झिकिदियो दुवै नेत्र रोक्न दोष कुदृष्टिको,
कानावराह भो नाम नेत्रहीन बराहको ।
कुदृष्टिमुक्त मान्छेको भयो दुःख निवारण,
रानावराहले पायो श्रद्धाभक्ति र पूजन ॥
मान्छेको भक्तिले गर्दा भयो प्रसन्न त्यो अति,
इच्छामाफिक वर्षायो धनधान्य र सम्पति ।
सुखशान्ति मिल्यो ठूलो, दुःखदैन्य हट्यो जव,
परेन यातना कत्ति भोग्न मानिसले अव ॥

मर्नाचिन्ते थियो एक ओडार कुण्डको तल,
चिताए जति पाइन्थ्यो त्यहाँ अनाज औ फल ।
भाँडाकुँडाहरू सारा ओडारैवाट झिक्दथे,
भोजभतेर सिध्याई त्यहीं फेरि पुर्‍याउँथे ॥

कुण्डबाटै सबै लिन्थे नित्य अमृतझैं जल,
गर्मीको याममा चल्थ्यो त्यहाँ बतास शीतल ।
रानाबराहको गर्दै भक्तिपूर्वक पूजन,
बिताउँदै थिए मान्छेहरू सुखद जीवन ॥

अनुकम्पा हुँदा रानाबराहको त्यहाँ अनि
ओडारबाट पाइन्थ्यो भाँडाकुँडाहरू पनि ।
सकिन्थ्यो लिन चाहेको वस्तु तत्काल नै सब,
अभाव दूर भो, इच्छापूर्ति हुनेभयो जब ॥
एकपल्ट लिई भाँडाकुँडा भोज ठूलो गरी,
लगेछ सुनको पर्न्यूँ कसैले लोभमा परी ।
नपाइने भयो भाँडाकुँडा एक पनि तब,
ओडारमै रहे ढुंगा बनेर सुन वास्तव ॥

रानाबराह जाडोमा बस्छ ठूलो तलाउमा,
गर्मी लागेपछि जान्छ धुरी चढेर लेकमा ।
तलाउबाट निस्केको हुस्सुले ढाक्छ पर्वत,
भेडाबाखा र गोठाला उक्लिन्छन् रे उसैसित ॥
झरेथ्यो जसरी लेकबाट ठूलो तलाउमा,
पुग्छ त्यसै गरी माथि धुरी काटेर तालमा ।
लेकबेंसी गरी डुल्छ उभौली र उँधौलीको,
सुरक्षा जगमा गर्छ रानाबराह लोकको ॥

जान्छ गर्मी हुँदा लेक, झर्छ हिउँदमा तल,
तलाउबाट निस्केर डाँडामा लाग्छ बादल ।
उभौली र उँधौलीमा लेक बेसी गरिन्छ नै,
रानाबराहको मान्छे पाउन्नन् अब दर्शनै ॥
लेक जाँदा उभौलीमा डाँडामा भुक्छ कुक्कुर,
भेडाबाखा कराएको सुनिन्छ मात्र रे स्वर ।
दोहोरिन्छ उँधौलीमा यही दृश्य त्यहाँ पुनः,
किन्तु मानिसको चल्छ आज सामान्य जीवन ॥

**

(२३ डिसम्बर २००३, मंगलवार)

बान्नीमष्टो

वझांगको कुनै मान्छे तीर्थ गर्न भनी हिंड्यो,
बद्रीनारायणधामसम्म त्यो अन्त्यमा पुग्यो ।
घर फर्कन लाग्यो ऊ, ढुंगो आकाश रंगको
कसरी हो कताबाट कुम्लोको भित्र पर्न गो ॥

पहिलो वासमै देख्यो वेकम्मा एक पत्थर,
सुट्ट फ्याँकिदियो उस्ले कुम्लोबाट झिकी पर ।
हरेक वासमा उस्को आँखाको भ्रमझैं बनी,
भेट्टिइन्थ्यो त्यही ढुंगो जति मिल्काउँदा पनि ॥
घरमा यसरी ढुंगो पुग्यो बझांगसम्म नै,
तीर्थयात्री सुत्यो मस्तसंग थाकेर लस्त भै ।
स्वप्नमा देखियो ढुंगो, आकाशवाणीझैं भयो :
'म हुँ मष्टो, घर तेरै मबाट अब रोजियो ॥
मिल्काइस् व्यर्थमा तैंले बाटोभरि जहाँतहाँ,
नफालेको भए राजा तँ नै हुने थिइस् यहाँ ।
मिल्किएँ म जतिपल्ट त्यति पुस्तापछि अब,
तेरो सन्ततिले मात्र पाउला राज्य वैभव ॥'
भोलिपल्ट त्यही ढुंगो कुम्लोमा पाइयो पुनः,
गरेन अब त्यो ढुंगो उस्ले मिल्काउने मन ।
वेदीमा राखियो ढुंगो नित्यपूजा गरीकन,
वान्नीमष्टो रह्यो नाम बद्रीको धाम सम्झन ॥

निकै पुस्तापछि राजा बन्यो सन्तति वस्तुतः,
त्यहाँ दर्वारका साथै गरियो दूर्ग निर्मित ।
राजधानी थियो पैले एक गाउँ छ आज जो,
मष्टोकै नामले गर्दा वान्नीकोट भनिन्छ त्यो ॥
आयो ढडारको मान्छे मष्टोको गर्न पूजन,
वान्नीमष्टो गयो उस्कै पछि लागेर तत्क्षण ।
स्थापना गरियो मष्टो ढडार गाउँमा पनि,
रह्यो ढडारमष्टोकै नाउँले पूज्य त्यो बनी ॥

इच्छा ढडारमष्टोको चहार्ने भूमिमा भयो,
एकपल्ट बनी ढाडे विरालो घुम्न त्यो गया ।

गाउँलेहरूले देखे बिरालो अति सुन्दर,
घर लैजानका लागि खोजे समात्न आखिर ॥
जालमा पर्न नै लाग्दा बिरालो सुटृ अल्पियो,
अर्को नै गाउँमा उस्को प्रत्यक्ष रूप देखियो ।
क्युण्डालगाउँवासीले बनाए एक मन्दिर,
लाटोमष्टो भनी पूजा गर्न थाले निरन्तर ॥
घुम्दाघुम्दै पुग्यो लाटोमष्टो अनेक ठाउँमा,
रानाडे, अवले, पिनालेक, जुलेक गाउँमा ।
वस्कोट गाउँमा उस्ले शिलाको रूप नै लियो,
विशाल त्यो शिला सानो रूपको पहिले थियो ॥

ब्राह्मणी पुत्रीले एकपल्ट दूध चढाउँदा,
वढ्यो हलक्क त्यो शीला पोसिलो दूध पाउँदा ।
सिंगमर्मरझैं सेतो हुँदा पाषाणको द्युति,
मष्टो त्यो दुग्धशीलाको नामले पूज्य भो अति ॥

**

(७ जनवरी २००४, मंगलबार)

दाह्रे मष्टो र कुदाह्रे मष्टो

उहिले स्वर्गमा वस्थे रूपसी दुई अप्सरा,
झरे भूतलमा एकपल्ट हेर्न भनी धरा ।
विशाल वनको माझ देखियो चम्किलो धुनी,
दिदीवैनी दुवै ताप्न लागे आगो त्यहीं अनि ॥
धुनी त्यो तेजले आफ्नो वालेका शिवले थिए,
तसर्थ अप्सरा चाँडै दुवै ती गर्भिणी भए ।
दश मैन्हा वसे वास वनमा अप्सराहरू,
हुर्काए गर्भका वच्चा खाई कन्द तथा तरु ॥

दिदीले दाँत निस्केका जन्माई वाह्र सन्तति,
दाह्रेमष्टो भनी नाम पाई भए प्रसिद्ध ती ।
वहिनी अप्सरावाट जन्मे दर्जन पुत्र जो,
कुदाह्रे भनिए दाँत नहुँदा मुखभित्रको ॥
जन्माई वालवच्चा ती अप्सरा स्वर्ग उक्लिए,
मिलेर चौवीसै भाइ शिवको धाममा गए ।

सोधे :

'यो जिन्दगी धान्न जाऔं हामीहरू कता ?
के गर्ने ?
कसरी बाँच्ने ?
जन्मियौं किन ? हे पिता !!'
'जाओ तिमीहरू सिंजा !'
आज्ञा यो शिवले दिए,
गरेर देशको रक्षा पूज्य ती लोकमा भए ।
फलफूल तथा अन्न नित्य ती बलि पाउँथे,
गरी रञ्जन औ खेल मष्टोहरू रमाउँथे ॥

भएन मानमर्यादा स्थानीय भूतप्रेतको,
बलि नपाउँदा ज्यादै जागेथ्यो भोक भूतको ।
एक एक गरी पक्री मष्टो ती दुई दर्जन,
बाँधेर भूतले राखे खोरभित्र थुनीकन ॥
नरसंहारकै लागि भएर भूत तत्पर,
फैलाए रोगव्याधिको महामारी सबैतिर ।
मृत्युको दन्किंदा ज्वाला भयभीत सबै भए,
भूतले यसरी मानहानिको बदला लिए ॥

लामाजु मुगुमा बस्थे तन्त्रविद्या विशारद,
पुगे मान्छेहरू माग्न सहयोग उनैसित ।
सिंजा पुगेर तत्कालै भगाई भूतको गण,
सिंजालीहरूको दुःख गरे उन्ले निवारण ॥
लामाजुले सबै मष्टोलाई मुक्त गरे जब,
मनाए हर्षले सिंजावासीले विजयोत्सव ।
भने मष्टोहरूलाई लामाजुले त्यसै क्षण :
'पराक्रम छ के कस्तो ? गर शौर्य प्रदर्शन !!'
चौबीसै भाइ मष्टोले पशुपक्षी बनीकन,
लामाजुसामु देखाए रूप आफ्नो अनेकन ।
चर्न मष्टोहरू लागे भेडा बनेर आखिर,
लामाजुले लिए रूप बाघको नै भयंकर ॥
देखेर बाघ सामुन्ने भेडाहरू उतर्सिए,
'मा... मा...'
स्वर निकालेर गुफामा लुक्न ती गए ।
सबै मष्टोहरूबाट मामाको साइनो सुनी,

लामाजुले लिए पूर्वरूप भानिज हुन् भनी ॥
लामाजु पाउँथे मान सिंजाको रक्षकै बनी,
मामाको रूपमा मान गर्थे मष्टोहरू पनि ।
सिंजालीहरूका पूज्य बनेर ती रहे सव,
भूतप्रेतहरूवाट रहेन भय नै अब ॥

लिए लामाजुले गर्ने तपस्या जव निर्णय,
दूरवर्ती थलो रोजी तप गर्न उनी गए ।
मष्टोहरू बने हर्ताकर्ता सिंजाभरि अनि,
पाएर लोकको पूजा सर्वत्र फैलिए पनि ॥
थियो मष्टोहरूमध्ये जेठोवाँठो ढडार नै,
वस्नै सक्तैनथ्यो खेलवाड ऊ नगरी कुनै ।
लामाजुझैं ऊ चाहन्थ्यो हेर्न नक्षत्रको गति,
सुटृ लामाजुकै पात्रो चोर्ने उस्को भयो मति ॥

हिंड्यो ढडारमष्टो त्यो बुदुवाट सरासर,
पुग्यो बाटो गरी पार लामाजुकै कुटीनिर ।
लामाजु देखिंदा ध्यानमग्न नेत्र थुनीवरी,
चोर्न खोज्यो त्यहाँ पात्रो मौका ढुकी अघि सरी ॥
देखेर दिव्य चक्षुले पात्रोमा हात चोरको,
समाते नाडीमै ट्याप्प लामाजुले ढडारको ।
सोधे :

'पुगी यहाँसम्म पात्रो तँ चोर्दछस् किन ?
नलाग्ने वात चोरीको तँलाई म त देख्दिनँ ॥'
दियो ढडारमष्टोले हात जोडेर उत्तर :
'म हुँ भानिज, मामाको वस्तुमा हक हुन्न र ?
भाञ्जालाई दिनैपर्छ मामाले उपहार त,
पात्रो पाए म जान्नेछु खगोलकै गति स्वतः ॥'
लामाजुले भने :

'हुन्छ, पात्रो तेरै भयो अव,
अधर्म हो भनी जान्नू ढाँट्नु र चोर्नु वास्तव ।
ग्रहगति विचारेर सत्कार्य गर्नू हर्घडी,
लोकमाथि दया राखी न्याय गर्नू सधैंभरि ॥'

आयो ढडारमष्टो त्यो फर्केर वुदु गाउँमा,
दाईसंगे भई सारा रहे मष्टो अधीनमा ।

पायो मष्टोहरूबाट नेताकै मान्य आदर,
भाइराजा भयो उस्को उपाधि पनि आखिर ॥
कामदार थिए उस्का दुई भान सहायक,
नाम तिन्को फुटाशीला, छरीढुस्के छ सार्थक ।
फुटाशीला भयो त्यो जो उत्पन्न भो शिला फुटी,
छरीढुस्के रह्यो नाम छाँगो नै जलको टुटी ॥
बन्न सक्थ्यो फुटाशीला सर्प, मान्छे र कुक्कुर,
कालो गुना बनी हिंड्थ्यो छरीढुस्के त केवल ।
बनी ढडारमष्टोको विश्वासपात्र वाहन,
दोषीलाई दिई दण्ड गर्थे ती न्यायपालन ॥

**

(७ जनवरी २००४, मंगलबार)

हरेलोदेवता

लमजुङ्ग कुनै वेला थियो एक रियासत,
राज्य गर्थे त्यहाँ राजा मिलिजुली प्रजासित ।
राजदर्वारमा एक हरे भन्ने थियो हली,
एकपल्ट बन्यो सुर्ती खाने ऊ लतको बलि ॥

सम्यायो हलीले खेत, पानीको खोलियो कुलो,
पारियो खेतको माटो धान रोप्न भनी हिलो ।
रोपाईंको भयो रानीखेतमा गीत गुञ्जन,
धान रोप्दै थिइन् रानी पनि रोपारु भैकन ॥
हलीले जोत्न सिध्याई गोरु फुक्का गरिदियो,
खेतको डीलमा उस्को हलो पनि ठड्याइयो ।
खेत जोतीवरी लाग्यो आराम गर्न त्यो हली,
सोच्यो : 'अव मजासंग सुर्ती खानुपऱ्यो अलि !!'
रानीसंग हुनै पर्छ सुर्ती भन्ने लिई मति,
हलीले नम्र भै माग्यो :
'सुर्ती पाउँ, अलिकति !'

धान रोप्दै थिइन् रानी हिलोमा निहुरीकन,
लगाई दस औंलामा हिलोकै रंगरोगन ॥
पाउ चाल्दै पुगिन् रानी सोझै हली भएतिर,
उभिइन् खेतमा ठिङ्ग पसारी हात मास्तिर ।
बाँधिएको तनोतर्फ संकेत शिरले गरी,
हलीलाई भयो आज्ञा रानीबाट त्यसै घडी :
'हिलाम्य हात मेरो छ, झिकूँ सुर्ती कसो गरी ?
सुर्ती आफै झिकी लेऊ गोजीबाट तिमी, हली !'
चौवन्दी चोलीको भित्री गोजीमा सुर्ती जो थियो,
आफै हात घुसारेर हलीले खोतली लियो ॥

चोली फोएर रानीको हरेले सुर्ती लीकन
मलेर मुखमा हाल्यो निकै फुर्ती झिकीकन ।
हेर्दै थियो परैबाट खेतालो सब दृश्य यो,
चुक्ली लाउन दौडेर छिटै राजाकहाँ पुग्यो ॥
'अनर्थ भो, महाराज ! मर्यादा भो उलंघन !
हलीको हात रानीको चोलीभित्र पर्‍यो किन ?'
खेतालाको सुनी चुक्ली राजा अत्यन्त जंगिए,
प्राणदण्ड हलीलाई दिने आज्ञा त्यहाँ दिए ॥
हुँदा ज्यानै लिने आज्ञा राजाबाट अनाहक,
बेकसूर हली सोच्न थाल्यो वनेर भावुक :
'म आज दण्डको भागी बिरामै नगरी वनें,
बरु मर्नु निको आफै न्याय हुन्न यहाँ भने !
अपराधविना वन्नु दण्डको किन भाजन ?
वरु गर्छु म यो ज्यान मर्स्याङ्दीलाई अर्पण ॥'
नचाही दण्ड वेहोर्न बिरामै नगरी हरे,
मर्स्याङ्दीमा हलो-गोरु लिएर हेलियो अरे !
उस्ले सकार्न चाहेन कलंक अपराधको,
उर्लंदो भेलमा ठान्यो हाम्फाल्नु वरु हो निको !!

फैलियो जव सर्वत्र हलीको मृत्युको कथा,
अनायासै त्यहाँ जाग्यो राजाको मनमा व्यथा ।
चिन्ताग्रस्त भई राजा सक्तैनथे निदाउन,
आँखा झिम्म हुनासाथै सुन्दथे मात्र क्रन्दन :
'न स्वर्ग जान पाइन्छ, न नर्कवास भो कतै,
पऱ्यो फर्कनु मैले ता आत्मघाती हुँदा यतै ।
न पाएँ वस्न नै ठाउँ, न केही खान पाउँछु
मेरो बिराम क्यै छैन, ठूलो संकष्टमा म छु ॥'
हरदात बिलौनाको सुनिंदा स्वप्नमा स्वर,
स्वप्नमा नै भयो आज्ञा राजाबाट सरासर :
'भत्काइदे कुलो, कान्ला खेतका फोडिदे सव,
बिरुवा, बालीमा लाग्ने कीरा भै रहनू अव !!'
नभन्दै विपनामा नै साकार सपना भयो,
बाली नष्ट हुँदा हाहाकार सर्वत्र मच्चियो ।
अनिकाल निकै ठूलो परेको देशमा सुनी
सपनाको कुरा सम्झे एक्कासि नृपले पनि ॥

त्यसै राति पुनः देखे राजाले स्वप्नमा हली,
भन्दै थियो ऊ पाएको आफूले अन्नको वलि ।
हली र नृपका बीच हुँदा सम्वाद स्वप्नमा,
राजाबाट हलीसंग अन्त्यमा मागियो क्षमा :
'अज्ञानवश अर्काको चुक्लीको भरमा परें,
मबाट हुन गो गल्ती, क्षमाप्रार्थी म छु, हरे !..
नगरोस् खेतको बाली नष्ट कीटपतंगले,
तँलाई खानको निर्म्ति देलान् सिधा किसानले ।
व्यर्थ भौंतारिनु सट्टा चिन्तामा भोकको परी,
आरामसंग बस् राम्रो सुरक्षा देशको गरी !'
लमजुङ्गभरि भोलिपल्टै झ्याली पिटाइयो,
हरेलो देवता मान्ने राजाज्ञा यो सुनाइयो :
'नविग्रोस् खेतको बाली, राम्रो होस् अन्न उब्जनी,

नलागोस् अन्नमा कीराफटेंग्रा र मुसा भनी !
कृष्णाष्टमीपछि पर्ने पैलो मंगलवारमा,
हरेलोको पूजा गर्नू यहाँ हरेक सालमा !!'
हलीको स्मृतिमा पूजा हरेलोको हुने भयो,
हलीको नामबाटै त्यो हरेलो कहलाइयो ।
किसानहरूले पूजा सभक्ति गर्दछन् अब,
हरेलोदेवता मान्छन् यहाँ हलीहरू सब ॥

**

(श्रेष्ठ, २०६०, पृ. १३७ : १३८)

(११ अक्टोबर २००४)

अध्याय - पाँच

देवीनाम

बज्रजोगिनी
(ह्याउँखवामैजु)

पहरामा परी वज्र एक धाँजो पऱ्यो जहाँ,
रश्मिको रुपमा वज्रजोगिनी निस्किइन् त्यहाँ ।
प्रचण्ड तेजभैं आदिज्योति वाहिर निस्कँदा
उग्रतारा भनी नाम रह्यो ती देवीको सदा ॥

भयभीत मयासुर दैत्यवाट थिए सव,
देवीको सामुमा आई ब्रह्मा, विष्णु तथा शिव ।
बज्रजोगिनीमा सुम्पे शक्तिको अंश क्यै अत:
दैत्य नाश गरी मुक्ति दिलाइन् देवीले स्वत: ॥
रातो, नीलो तथा सेतो रंगका मुखमण्डल,
दाहिने करमा खड्ग, देव्रेमा पद्मको फूल ।
साक्षात्कार हुँदा शक्ति त्रिनेत्रयुक्त देवीको,
पायों दर्शन श्रद्धालु भक्तले विश्वरुपको ॥
वज्राचार्य थिए जोगदेव नामक तान्त्रिक,
गर्दथे देवीको नित्य वन्दना भक्तिपूर्वक ।
धूप, दीप र नैवेद्य चढाई देवीमा उनी,
रिझाउँथे पुजाहारी वनेर वज्रजोगिनी ॥

नित्य मन्दिरमा वस्नुपर्दा एक्लै निरर्थक,
देवी उराठ लागेर घुम्न निस्किन् अचानक ।
चढ्न लाग्दा मणिचूड पहाडमा सरासर,
कानवाट खस्यो ढुंग्री हीराजडित सुन्दर ॥
देवीको गहना दिव्य खसेथ्यो जुन ठाउँमा,
फुटेर जलको स्रोत भयो संग्रह कुण्डमा ।
हीराको गहना खस्दा निस्किएथ्यो मुहान जो,
मणिकुण्ड लिई नाम छ अद्यापि प्रसिद्ध त्यो ॥
नदेख्दा कानको ढुंग्री वरिपरि त्यहाँ कतै,
पहाड उक्लँदै देवी खोज्न लागिन् जतातते ।
अधीर हुन गै रातो मुहार देवीको भयो,
तसर्थ जगमा उन्को नाम नै ह्याउँख्वा रह्यो ॥

उक्लँदा पाइलैपिच्छे मणिचूड पहाडमा,
चुँडेर रुखका पात गाड्न थालिन् जमीनमा ।
रोपिथिन् देवीले पात यत्रतत्र जहाँतहाँ,
जडीबुटीहरू नाना टुसाई उम्रिए त्यहाँ ॥
थाकेर लस्त भै एक विशाल वृक्षको मुनि,
वसिन् विश्रामका लागि क्यै वेर वज्रजोगिनी ।
वनाइन् मृत्तिकावाट शिशुको मूर्ति सुन्दर,
भरी प्राण त्यहीं छाडिन् फर्कंदा निज मन्दिर ॥

जोगदेव नदेखेर देवीलाई कतै पनि,
सोच्न लागे :
'कता लागिन् आज यी वज्रजोगिनी ?'
पुजाहारी भए चिन्ताग्रस्त देवी हराउँदा,
'कहाँ थियौ यति वेर ?'
सोधे फर्केर आउँदा ॥
दिइन् मुसुक्क हाँसेर देवीले पनि उत्तर :
'प्रफुल्ल मन यो पार्न गएँ घुम्न निकै पर ।
निहार्दै दृश्य विस्तारै उक्लें म मणिचूडमा,
रमें म पाइलैपिच्छे कल्पनाजन्य खेलमा ॥
जहाँ ढुंग्री खस्यो मेरो उत्पन्न कुण्ड भो त्यहाँ,
जहाँ पात छरें मैले उम्र्यो जडीवुटी त्यहाँ ।
वृक्षको मुनि विश्राम क्यै वेर गरियो जहाँ,
मवाट सिर्जियो एक नवजात शिशु त्यहाँ ॥
पुगी त्यै स्थलमा प्राप्त गर वालक सुन्दर,
वनी धर्मपिता त्यस्को हुकाई पालना गर !
पाउनेछौ तिमी त्यस्मा सवै वत्तीस लक्षण,
वन्ला भविष्यमा राजा प्रजाको गर्न पालन ॥'
घर ल्याए शिशुलाई जोगदेव त्यहाँ गई,
हुर्कियो शुक्लको चन्द्रसरी छिटै युवा भई ।
काम ऊ खेतमा गर्थ्यो गाउँदै गीत रञ्जन,
डाँडाकाँडा घुमी गर्थ्यो रम्य दृश्यावलोकन ॥

एकपल्ट त्यसै डुल्दै वनमा वज्रजोगिनी,
पुगिन् दृश्यहरू हेर्दै सोझै पीपलको मुनि ।

देखिन् त्यहाँ उही सृष्टि भयो लक्काजवान जो,
बनाइयो त्यही राजा आज्ञा पाएर देवीको ॥
गाउँबस्ती मिलाएर छरिएका वरिपरि,
राजधानी बन्यो भव्य शंख आकारको गरी ।
शंखपुर रह्यो नाम, आज साँखु भनिन्छ त्यो,
शंखदेव रह्यो नाम राजाकै त्यस देशको ॥

**

२७ मार्च २००३ (विहीवार) :
२ मार्च २०००४ (मंगलवार)

भद्रकाली (लुँमडी)

चन्द्रकेतु थिए राजा, शान्तिप्रेमी पनि थिए,
किन्तु चारै दिशावाट असंख्य शत्रु वैरिए ।
सकेनन् उनले गर्न शत्रुको दृढ सामना,
सकेनन् उनले हेर्न प्रजाको दुःख यातना ॥
गुप्तवास वसे बाह्र वर्ष एकान्तमा उनी,
दुई रानीहरूसाथ, झ्यालढोका सबै थुनी ।
शत्रु नाश गरी रक्षा देशको गर्न खातिर
भारदारहरूमध्ये कोही भएन तत्पर ॥

त्यसैताका थिए वन्धुदत्त नामक तान्त्रिक,
ध्यानमग्न भई चाला बुझ्दथे लोकको सब ।
तीर्थाटन गरी घुम्दै फिर्दै पञ्चनदीनिर,
स्नान गर्दै पढ्ने वज्रजप ली हातमा जल ॥
झल्के तान्त्रिकको दिव्यदृष्टिमा राजदम्पति,
वुझे मुलुकको उन्ले अभूतपूर्व दुर्गति ।
पञ्चरश्मि निकालेर आफ्नो सम्पूर्ण देहको,
फ्याँके दर्वारमा, सारा खोपी नै झलमल्ल भो ॥
झसंग झस्किए राजा आँखा तिर्मिर भैकन,
निस्के वाहिर तत्काले तेजको वुझ्न लक्षण ।
पुगे संगममा पञ्चनदीको तेजपुञ्जमा,
विचारै नगरी ह्वात्तै खोजे हेलिन सिन्धुमा ॥
समाते हात राजाको वन्धुदत्त खडा भई,
फर्के दर्वारमै राजा राय तान्त्रिकको लिई ।

कामनीगिरिमा वन्धुदत्त लागे सरासर,
देशरक्षार्थ कालीको गर्न आह्वान आखिर ॥

पूजाको निम्ति सामग्री जे जति चाहिने थियो,
सो सवै नृपले जम्मा गर्ने जिम्मा लगाइयो ।
मन्त्रको वलले देवीलाई साथै लिईकन,
वन्धुदत्त पुगे राजधानीको छेउमा पुनः ॥
देखिएनन् त्यहाँ राजा, पूजाकै न त तर्खर,
स्वाथतार्थ न देवीको आयो कोही त्यतातिर ।
देवीलाई कतै राखी खेतकै मध्यभागमा,
वन्धुदत्त पुगे सोझै राजाकै दरवारमा ॥

यता काली लिई रुप वालिकाको बसिन् रुँदै,
भोक औ प्यासले गर्दा एकलै छट्पटाउँदै ।
खेतमा कामको निम्ति हिंडेको ज्यापु देखियो,
अनकन्टारमा भेटी वालिका टक्क रोकियो ॥
शिशु खर्पनमा वोकी ज्यापु हल्लाउँदै शिर,
नवलिं नामको खेततर्फ लाग्यो सरासर ।
आलीनेर बिसाएर भारी, शिशुसंगै वसी,
रोटी र जाँड वाँडेर खायो, मान्दै अति खुशी ॥
चर्को घाम हुँदा राख्यो छायामा वालिकाकन,
ज्यापु तत्काल नै लाग्यो खेतको काममा पुनः ।
अचम्ममा पऱ्यो ज्यापु फर्की काम सकीवरी,
नदेख्दा वालिकालाई त्यहाँ कतै वरिपरि ॥
भोक मेट्न भनी ज्यापु लाग्यो पोको फुकाउन,
ज्यापुले सुनका रोटी पायो त्यहाँ टनाटन ।
वालिकालाई ज्यापुले साक्षात् देवी भनी चिन्यो,
सुनको रोटीले गर्दा लुँमडी देवी नै भन्यो ॥

खेतमै फर्किए वन्धुदत्त राजा लिईकन,
देशरक्षार्थ कालीको शोभायात्रा चलाउन ।
पाएनन् किन्तु कालीको अत्तोपत्तो कतै त्यहाँ,
दुवैजना पुगे खोज्दै काली लोप भइन् जहाँ ॥
ज्यापुवाट सुनी सारा कथा सुवर्ण रोटीको,
आवाहन गरे वन्धुदत्तले भद्रकालीको ।
भव्य स्वागतका साथ पूजापाठ र अर्चना

गरियो देवीको पीठ त्यहीं गरेर स्थापना ॥

फैलियो कालीको तेजपुञ्ज दशैंदिशातिर,
तत्काले डरले भाग्यो सम्पूर्ण शत्रुको दल ।
सुखशान्ति भयो व्याप्त राज्यमा चन्द्रकेतुको,
पीठमा नै बन्यो एक विहार बन्धुदत्तको ॥
कामनीगिरिका क्रोधदेवता दश ल्याइए,
अष्ट श्मसान औ अष्ट पीठमा सव राखिए ।
भोटवाट महाकाल ल्याई उत्तरपूर्वमा,
राखियो देश रक्षार्थ पवित्र त्यही पीठमा ॥
स्थापना गरियो पद्मान्तक नामक भैरव,
दशै दिशाहरूतर्फ राखिए देवता सब ।
पीठमा भद्रकालीको गर्दछन् सव प्रार्थना,
भन्दछन् लुँमडी गर्दै सुनको रोटी सम्भना ॥

**

(राइट, १८७७, पृ. १३७ : १३८)

इन्द्रायणीदेवी
(लुतिमरु अजिमा)

दिदीवैनी थिए आठजना प्राचीन कालमा,
मिलिजुली रहन्थे ती सदैव सुखदुःखमा ।
गर्थे सन्ततिको हेरचाह असंख्य जो थिए,
सगोलमा सवै अष्टमात्रिका अजिमा भए ॥

एकपल्ट भयो एक देवीवाट निमन्त्रण,
सातै वैनीहरूलाई पासाचड्इ मनाउन ।
पहिरेर लुगा राम्रा, गहनाहरू देहमा,
वालवच्चासँगै आए ठाँटिई सव भोजमा ॥
किन्तु इन्द्रायणीसंग थिएन धनवैभव,
वालवच्चाहरू प्रायः भुत्रेभाम्रे थिए सव ।
नहुँदा घरमा केही मूल्यवान् गहनाहरू,
दिदीवैनीहरू गर्दै गिल्ला भन्थे :

'लुतिमरु !!'

थिएन गतिलो चोलो, पछ्यौरा, फरिया अनि,
कान वुच्चै थियो उन्को नहुँदा गहना पनि।
सिउँरी फूलको थुंगा वाटिएको कपालमा,
आइन् इन्द्रायणी भोका लिई सन्तति साथमा॥

ढोकासम्म पुगी निम्तो दिने देवी यथोचित
आमन्त्रितहरूलाई गर्थिन् सम्मान स्वागत।
डाँकी भित्र सबैलाई चकटीमा वसाइयो,
तर लुतिमरुलाई ढोकानेरै उभ्याइयो॥
लहरै सबले आफ्नो लिएथे जब आसन,
ल्याइयो टपरी भर्दै मीठा चौरासी व्यञ्जन।
भित्र भोज चल्यो भव्य, खुशीको गुञ्जियो स्वर,
लुतिमरु परिन् भोकै बिनासम्मान बाहिर॥
'भोक लाग्यो !'
त्यहाँ लागे लालाबाला कराउन,
निस्किन् निम्त्याउने देवी कोलाहल सुनीकन।
'कस्ता अलच्छिनी रैछन् !'
भन्दै हप्काई बेसरी,
फेरि भित्र पसिन् चूप लाग्ने आज्ञा दिईवरी॥
रुवावासी गरे बालबच्चाले भोकमा परी,
भरिन्थ्यो पेट के हप्कीदप्की खाएर वेसरी ?
सुकेका रोटी ल्याएर हुर्‍याइन् क्रुद्ध भै भनी :
'लौ खाओ, खानकै धन्दा गर्दछौ, खन्चुवा वनी !!'
एक शव्द नवोलेर रहिन् मौन लुतिमरु,
वसिन् चित्त दुखाएर अपमान सही वरु।
नगर्दा ख्वाउने भोज कसैले पनि तर्खर,
फर्किन् भोकै उनी वालवच्चा साथै लिई घर॥

भोज खान भनी जाँदा अतृप्तै रहँदा क्षुधा,
'भोक लाग्यो !'
भनी वच्चा कराए घर फर्कंदा,
फर्सी एक किनी ल्याइन् वाटैमा देवीले घर,
पकाउँदा कसौडीमा फर्सी सर्प वन्यो तर॥

'स्वादिष्ट भोजको सट्टा तर्कारी फर्सीको पनि
नपाइने भयो खान, रहेछु म अभागिनी !'
साह्रै चित्त दुखाएर रोइन् त्यहाँ लुतिमरु,
झरे फ्याँक्दा कसौडी नै साप्ला पो सुनका वरु ॥
चमत्कार हुँदा देवी परिन् साह्रै अचम्ममा,
बटुल्दै सुनका साप्ला पोको पारिन् रुमालमा ।
बनाइन् गहनापात, साँटिन् अन्न दिई सुन,
जुटाइन् वालबच्चाको लागि पौष्टिक भोजन ॥

अर्को साल पनि आयो पासाचह्रे घुमीफिरी,
बोलाइए दिदीवैनीहरू निमन्त्रणा गरी ।
आफ्ना सन्ततिको निम्ति लुगा र गहनाहरू,
ठिक्क पारी भईन् व्यस्त सिंगार्नमा लुतिमरु ॥
सोह्र श्रृंगारले गर्दा देखिए दिव्य वास्तव,
लाग्दथ्यो स्वर्गका देव धरामा उत्रिए सब ।
झकिझकाउ पोशाक पहिरी ठाँटिईकन
पुगिन् लुतिमरु आफ्ना लालावाला लिईकन ॥
कानमा सुनका मुन्द्री, औंलामा औंठी काञ्चन,
हीराको हार घाँटीमा, बाजुमा पनि कंकण ।
मणिमाणिक्यले युक्त शिरताज ललाटमा,
पाउपोश पनि नाना मणिजडित पाउमा ॥
रुपलावण्य देखेर सबै अचम्ममा परे,
भव्यतासाथ सत्कार भोजमा सबले गरे ।
दिए लुतिमरुलाई भोजको मुख्य आसन,
टपरीहरूमा राखी ल्याए चौरासी व्यञ्जन ॥

दिदीवैनीहरूवाट अनुरोध हुँदा पनि,
लुतिमरु रहिन् मौन ध्यानभग्न स्वयं वनी ।
नछोएरै बसे लालावाला समेत जाफत,
अकमक्क परे सातै दिदीवैनीहरू स्वत: ॥
'मीठो व्यञ्जनका लागि नूनतेल पुगेन कि ?
असन्तुष्ट हुनुपर्ने अभिप्राय कुनै छ कि ?
मौनता किन हो यस्तो ? कुनै सेवा पुगेन कि ?
हामीवाट कुनै आज हुन गो भूलचूक कि ??'

निमन्त्रणा दिने देवीवाट यस्तो कुरा सुनी,
फुकाली गहनापात, शरीरका लुगा पनि
हुर्र्याउँदै बजारेर भोजका टपरीतिर
भन्न लागिन् लुतिमरु यस्तो दिएर उत्तर :
'लौ, खाओ भोज यो हाम्रा लुगा औ गहनाहरू,
मीठो व्यञ्जनको स्वाद लेऊ लौ भोजमा वरु !
हाम्रो निम्ति हुँदै हैन भोजको यो निमन्त्रण,
हो यो स्वागत सत्कार लुगा र गहनाकन ॥'
दिदीवैनीहरू सातै भई ज्यादै अचम्भित,
मुखामुख गरी सोध्न थाले लुतिमरुसित :
'बहुलाभैं कराएर मिल्काउँदै सबै सुन,
लुगा हुर्र्याई उत्पात मच्चाइवक्सियो किन ?'
आउँदा पहिलोपल्ट भोजमा पाहुना बनी,
भएथ्यो कसरी हेला बताइन् देवीले पनि ।
अनि लुतिमरु आफ्ना लालावाला लिईकन,
भोकै फर्किन् नछोएर भागको मिष्ठ भोजन ॥

भोको पेट लिई फर्के लालावाला सरासर,
अर्ति लुतिमरुवाट पाए यस्तो पुगी घर :
'जहाँ वास्ता गरिदैन निमुखा र गरीवको
निम्तारु भै त्यहाँ जानु हुँदैन कहिल्यै निको ॥
भोज खानु निको छैन भएर अपमानित,
आडम्वरीहरूसंग नपरोस् गर्न संगत ।
वरु खोले पकाएर खानु नै बेस हो यहाँ,
पक्षपात जहाँ हुन्छ नपरोस् जान नै त्यहाँ !!'
लुतिमरु त्यसै वेलादेखिन् अलगिगई स्वतः,
छुट्टिएर वसिन् सातै दिदीवैनीहरूसित ।
मनाउँछन् गरी जात्रा पासाचह्रे सवै अरु,
वालाचतुर्दशी एक्लै मनाउँछिन् लुतिमरु ॥

**

१३ जुलाई २००३ (आइतवार)

आकाशजोगिनी
(बिनासःद्यो)

पाञ्चाल देशमा एक वज्राचार्य थिए गुणी,
ठूला विद्वान् हुँदा ख्याति फैलिएको थियो पनि ।
विद्या आर्जनको निम्ति प्रशस्त आउँथे जन,
बाँडिदिन्थे सबैलाई सहर्ष ज्ञानको धन ॥
गर्थे आदर सत्कार विद्या हासिल गर्न नै,
ज्ञानार्जनपछि उन्को वास्ता गरिन्नथ्यो कुनै ।
परिवार थियो ठूलो, थिएन अन्य आर्जन,
जहान पाल्न नै धौधौ पर्न थाल्यो प्रतिक्षण ॥

देह जर्जर भो वृद्धावस्थाको रोगले अनि,
दुई छाक पनि टार्न असमर्थ भए उनी ।
दयनीय स्थिति यस्तो देखेर कुढियो मन,
पोखे विरक्ति पत्नीको अगाडि नै कुनै दिन :
'गुजारा चल्न गाह्रो भो हाम्रो यहाँ बसी जब,
कमाइ गर्न जान्छु म अन्यत्र नै कतै अब ।
परदेश गई टाढा कमाई धन आखिर
फर्कनेछु म चाँडै नै, सम्हाल तिमी यो घर !!'
घुम्दाघुम्दै पुगे वज्राचार्य निर्मलतीर्थमा,
भाचाखुसी नदी बग्ने एकान्त त्यो किनारमा,
बस्न थाले बनाएर फुसको एक आश्रम,
भिक्षाटन गरी नित्य प्राण धान्ने चल्यो क्रम ॥
पवित्र तीर्थमा स्नान गरेर प्रातःकालमा,
बालुवाको बनाएर चैत्य नदी किनारमा,
वज्राचार्य सधैं गर्थे ध्यानमग्न भई जप,
प्रपञ्च जगको त्यागी, सम्झी ईश्वरको रूप ॥

त्यसैताका थिए कान्तिपुरमा एक ब्राह्मण,
बालिका पुत्रीको गर्थे उनी पालनपोषण ।
हिसीदार बनिन् पुत्री वय चढ्दै गयो जब,
तारुण्यसाथ सौन्दर्य रूपमा थपियो अब ॥
परन्तु ब्राह्मणीपुत्री जान्थिन् कुन्नि कतातिर,
मध्यरात हुँदा सुट्ट निस्केर घरबाहिर ।

'सुटुक्क रातको वेला डुल्छन् के तरुनी कतै ?'
यस्तो आश्चर्यको चर्चा चल्न थाल्यो जतातते ॥
तरुनी पुत्रीको चाला मान्थे पिता निको किन ?
सम्झाउँथे, वुझाउँथे, हप्काउँथे पुनः पुनः ।
किन्तु व्राह्मणपुत्रीले छोडिनन् लत क्यै गरी,
पिताले नै चियोचर्चो लिन थाले अघि सरी ॥

एकपल्ट सधैंजस्तो पुत्री वाहिर निस्कँदा,
चाल मारी पछि लागे पिता राख्दै सतर्कता ।
सधैं भाचाखुसीसम्म निरुद्देश्य घुमीकन
फर्कने पुत्रीको चाला भयो बोध पिताकन ॥
पिताले पुत्रीको राम्रै व्यवहार वुझे जव,
खोजीनिती न ता हप्कीदप्की गर्थे उनी अब ।
घरवाट सधैंजस्तो निस्केर रातमा घुमी
फर्कन्थिन् व्राह्मणीपुत्री एकान्त दृश्यमा रमी ॥
हरेक रात घुम्थिन् ती भाचाखुसीवरिपरि,
विहानपख फर्किन्थिन् स्नानादि तटमा गरी ।
एकाविहान जो जान्थे सदा निर्मलतीर्थमा,
रूपसी सुन्दरीलाई देख्थे सदैव भोरमा ॥

देखेर रूपलावण्य व्राह्मणीपुत्रीको स्वतः
स्वाभाविकै थियो वन्नु तन्नेरीहरू मोहित ।
इच्छा गरे फकाएर लैजाने युवतीकन,
नमाने वलजफ्ती नै घिसार्ने हुन गो मन ॥
भए कामुक देखेर रूप तिन्को युवाहरू,
सोच्न थाले लिई नाना पाप पो मनमा वरु :
'को होली त्यो ? कहाँ वस्छे ? सधैं घुम्छे यहाँ किन ?
गर्दैछे खोजी कस्को ऊ ? सकिन्छ कि फकाउन ??'
मिलेमतो गरी केही तन्नेरीहरू तम्सिए,
व्राह्मणीपुत्रीको वाटो छेक्न तैयार ती भए ।
कोही गर्दै मीठो वार्ता मात्र जिस्क्याउँथे उता,
कोही झम्टन नै आँटी आए दौडीकनै यता ॥
घेरामा पार्न खोजेर तन्नेरीहरू वैरिए,
व्राह्मणीपुत्रीको चारैतिर पर्खालझैं भए ।
देखी यो व्राह्मणीपुत्री लागिन् उक्लन व्योममा,
उड्दै भाचाखुसीमाथि पुगिन् आकाशमार्गमा ॥

षोडषी हिस्स पारेर एकाएक उडिन् जव,
अप्रत्यासित यो दृश्य देखी छक्क परे सव ।
युवाहरू भए मौन खल्वलै नगरी रति,
माथि वाल्ल परी हेर्दैथिए आकाशतर्फ ती ॥

बज्राचार्य थिए स्नान गर्दै निर्मलतीर्थमा,
देखे उन्ले पनि रुपवती सुन्दरी व्योममा ।
आकाशगामिनी देवी ठान्दै गरेर प्रार्थना,
रोके भाचाखुसीमाथि गरेर मन्त्रसाधना ॥
आकाशमार्गमा टक्क अडियिन् दिव्य सुन्दरी,
असमर्थ थिइन् उड्न मन्त्रको वशमा परी ।
सोध्न लागे त्यहाँ बज्राचार्य पाएर दर्शन :
'देवी, को हौ तिमी ?
जान्छ्यौ कहाँ ?
आयौ यहाँ किन ??'
देखे षोडषीमा उन्ले आकाशजोगिनी रूप,
देवीलाई खुशी पारे श्रद्धाभक्ति गरी खुव ।
वज्राचार्य रमाएथे पाएर दिव्य दर्शन,
तत्काल नै भयो उन्को दुःखकष्ट निवारण ॥

आकाशजोगिनी मान्दै बज्राचार्य र ब्राह्मण,
बिजयेश्वरीको आज गर्दछन् सव पूजन ।
आकासजोगिनी किंवा विजासःद्यो भनीकन ।
अद्यापि प्रार्थना गर्दै सम्झना गर्दछन् जन ॥

**

(नःघःभनी, ?, पृ. ७ : ८)
(१६ मार्च २००३, आइतवार)

तलेजु

'रामोवेति नलो वेत्ति वेत्ति राजा पुरुरवा,
अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति ॥'

(भाषा वंशावली २, २०२३, पृ. ३२,
सिजापति, २०११, पृ. ४९)

अयोद्यामा थिए राजा सूर्यवंशी अतीतमा,
भौंतारिनुपर्‍यो तिन्कै सन्तानले विदेशमा ।
नान्यदेव पुगे त्यागी अयोद्यानगरी स्वतः,
वाह्रमल्लारको रम्य चन्द्रभागानदी तट ॥
माता पिता थिए वृद्ध, बीसको वय केवल,
पर्‍यो मार गरीबीको काँधमाथि सुकोमल ।
जीविका धान्नका लागि नोकरी खोज्न आखिर
परिवार लिई लागे दिल्लीतर्फ सरासर ॥
केही काल गरे सेवा दिल्लीका वादशाहको,
आमावावु विते चाँडै परी कुदृष्टि दैवको ।
दिल्लीको नोकरी त्यागी लिएर मनमा पीर,
फिरन्ता भै उनी लागे अयोद्यानगरीतिर ॥

जीविका धान्नका लागि भौंतारिंदै सर्वैतिर,
कैयौं देश गरे पार खोज्दै काम निरन्तर ।
एकपल्ट पुगे घुम्दै सरयूको किनारमा,
सुन्दरीले कुनै एक भनी आएर स्वप्नमा :
'इन्द्रको तपले ज्यादै प्रशन्न शिवजी भए,
तुलजादेवीको मन्त्रतन्त्रपद्धति नै दिए ।
स्वर्गमा इन्द्रले राखे पूजा गरी श्रीयन्त्र यो,
आई रावणको पुत्र जिती स्वर्ग लुटी लग्यो ॥
सीताको मुक्तिका लागि लंका जितेर युद्धमा,
विजयी रामले ल्याए श्रीयन्त्र पनि साथमा ।
रामदेखि पुरुरवासम्म पूज्य वनेर म,
अयोद्यामै रहें सूर्यवंश रक्षा गरेर म ॥
पूजाविधि र श्रीयन्त्र राखेको डिवियाकन,
सरयूमा डुवाएथें अलर्कले कुनै दिन ।

भित्रको सुनको डव्बामा मेरो गोप्य यन्त्र छ,
पूजापद्धति तामाको वाहिरी पत्रभित्र छ ॥
इष्टदेवी म हुँ तेरा पुर्खावाट सुसेवित,
सरयूनदीको वीच धारमा छु अवस्थित ।
जलमाथि जहाँ होला भमराहरूको दल,
पाउनेछस् मलाई तँ त्यसैको पींधमा तल !!'
सपनावाट व्यूँझेर भोलिपल्ट सखारमा
नान्यदेव पुगे सोझै सरयूको किनारमा ।
भमराहरूको झुण्ड देखियो वीच धारमा,
डुबी गोता लगाएर खोजे सर्वत्र पींधमा ॥
पेटारो धातुको एक नदीवाट निकालियो,
निरीक्षण गरी हेर्दा विर्कोमा श्लोक देखियो :
'थाहा छ रामलाई झैं नल, पुरुरवाकन,
नान्यदेव सुखी होलान् पाई अलर्कको धन[1] ॥'
खोलियो स्वर्ण पेटारो डेरामा जव ल्याइयो,
पूजापद्धतिको ग्रन्थ तथा श्रीयन्त्र पाइयो ।
विधिविधानले पूजा गर्दै वित्यो निकै दिन,
सुन्दरी स्वप्नमा आई दिइन् सल्लाह यो पुनः
'हे नान्यदेव, देखेर भक्तिभाव खुशी म छु,
हुँ म नै तुलजादेवी, यन्त्रको रुपमा म छु ।
पाइस् सुवर्ण पेटारो नदीमा जव त्यै दिन
समाप्त भैसक्यो तेरो दरिद्रता र दुर्दिन ॥
अव जा उत्तराखण्डतर्फ जहाँ छ जंगल,
त्यहीं राज्य गरी वस्नू वनाई एक मन्दिर !'
पाएर स्वप्नमा आज्ञा नान्यदेव तुरुन्त नै
हिंडे वोकेर पेटारो सन्देह नगरी कुनै ॥

घुम्दैफिर्दै चहारेर गाउँवस्ती अनेकन,
नान्यदेव पुगे सोझै उत्तराखण्डको वन ।
सुने नाग त्यहीं वस्थ्यो एक ज्यादै भयंकर,
जो जान्थ्यो वनमा उस्को प्राण लिन्थ्यो सरासर ॥
नान्यदेव त्यहीं जान तम्सेका देखिए जव
सवैले भय देखाई वताए हाल वास्तव ।
कसैको नसुनी राय वडो साहसपूर्वक

पसे जंगलमा नान्यदेव एक्लै विना धक ॥
यताउति चहारेर पुगे भव्य शिलानिर
त्यसैलाई बनाएर रातको निम्ती आसन ।
पल्टे उनी पटेरो त्यो राखेर शिरको मुनि,
सोच्दै अतीतको आफ्नो विषादपूर्ण जीवनी ॥
छट्पटाइरहे नान्यदेव तर्कवितर्कमा,
वृक्षको तोडकावाट निस्केर मध्यरातमा,
शिरको मणिले अन्धकार चिर्दै, सुसाउँदै,
आयो फणा उठाएर नाग घातक घिस्रिँदै ॥
थिए निशस्त्र पल्टेका नान्यदेव अझैतक,
देखेर काल आएको सामुमा नै अचानक,
के गर्ने र कसो गर्ने भनेर तर्कना गरे,
तुलजादेवीको नाम जप्दै शरणमा परे ॥
रातमा सुनियो यस्तो आकाशवाणी तत्क्षण :
'नान्यदेव, बसेको छस् यहाँ प्रस्तरमा जुन,
त्यस्कै मुन्तिर राखेको छ दैवी खड्ग काञ्चन,
उजाएर त्यसैले गर् नागको शिर छेदन !!'
जुरुक्क उभिई नान्यदेव उफ्रेर झट्पट,
पल्टाएर शिला प्राप्त गरे खड्ग सुरक्षित ।
प्रहार जव भो दिव्य खड्ग त्यो नागमाथि त,
गिर्दै जमीनमा भन्न लाग्यो नाग हताहत :
'कर जम्मा गरी राजसूय यज्ञ गरौं भनी,
आर्जेको धन गाडेर राखियो वनमा अनि ।
जान्थ्यो जो वनमा त्यस्को प्राण हर्ने गरी प्रण,
रहें यहाँ सुरक्षार्थ राजा अलर्कको धन ॥
इनार सात छन् चारैतिर शिलावरिपरि,
पुरिएका थिए पैले असंख्य द्रव्यले भरी ।
झिकेर लिन जो सक्छ मेरो यो शिरको मणि,
राज्य भोग गरी होला त्यही सम्पत्तिको धनी ॥
होला प्राप्त यहाँ राजधानी निर्माणको धन,
तँलाई नृप पाएर सुखी होलान् प्रजाजन ।
होओस् मन्दिर निर्माण तुलजादेवीको अनि
सूर्यको ज्योतिले चम्कोस् त्यस्कै गजूरमा मणि !!'
वताई धनको भेद नान्यदेव समक्ष यो,

दिव्य रुप लिई नाग कुवेर लोकमा गयो ।
वनको वीचमा पाई असंख्य धनसम्पति,
नान्यदेव भए धन्य तुलजादेवीका प्रति ॥

देवीको अनुकम्पाले पाई खड्ग र सम्पति,
नान्यदेव वने राज्य खडा गरेर भूपति ।
त्यही जंगलका वीच राजधानी वनाउन
झिकाइए स्वजातीय वाह्रमल्लारका जन ॥
फाँडियो खेतवारी र वस्तीको निम्ति जंगल,
काठका झ्यालढोका र ढुंगावाट वने घर ।
गरियो शिघ्र निर्माण अत्युच्च भव्य मन्दिर,
जडी गजूरमा दिव्य नागको मणि सुन्दर ॥
एक राक्षस लंकाको आउँथ्यो रातमा नित,
प्रेमासक्त थियो रे ऊ राजाकी सेविकासित ।
त्यसै राक्षसले रातभरि किल्ला वनाउँदा,
सिम्रौनगढ भो त्यस्को नाम अपूर्ण नै हुँदा ॥

राजकाज त्यहाँ नान्यदेवकै वंशमा रह्यो,
प्रादुर्भाव हरिसिंहदेवको अन्त्यमा भयो ।
नान्यदेवपछि पाँचौं पुस्ताका नृपतिकन,
आई सुन्दरीले आज्ञा सपनामा दिइन् पुनः :
'धावा यहाँ गरी खर्च गर्ने संचय सैन्यको,
मनसाय रहेको छ दिल्लीका वादशाहको ।
व्वाँसोसंग नभिड्दा नै हुनेछ मृगको हित,
यहाँवाट छिटै लैजा नेपालमा मलाई तँ !!'
स्वप्न पाई हरिसिंहदेव दोधारमा परे,
तुलजादेवीको यथाक्रम आराधना गरे ।
आकाशवाणी राजाको कानमा गुञ्जियो तव :
'नेपाल जानुमा मात्रै आत्मरक्षा छ सम्भव ॥'
लावालश्करका साथ लिएर धनदौलथ,
लागे शिघ्र हरिसिंहदेव उत्तरको पथ ।
वसे जंगलमा वास नदीनाला तरीकन,
पाएनन् किन्तु राजाले नित्यपूजा चलाउन ॥
वलि दिन पशु खोज्न सारा जंगल धाइयो,

हाँस, बोका परै जाओस्, मृग नै न त पाइयो ।
'गर्ने हो कसरी पूजा ?'
राजाले चिन्तना गरे,
अर्चना देवीको गर्दै निद्राको वशमा परे ॥
'गर्दा प्रस्थान जे जन्तु भेटिन्छ प्रातःकालमा,
समातेर त्यसैलाई सुम्पनु बलिवेदीमा !'
स्वप्नमा नृपले यस्तो सुने आदेशको स्वर,
सवेरै गर्न प्रस्थान भयो तैयार लश्कर ॥
बाटोमा भेटियो एक अर्ना प्रभात कालमा,
चढाइयो त्यसैलाई पक्रेर बलिवेदीमा ।
भोजमा ग्राह्य भो मांस अर्ना-महिषको पनि,
बाँडेर सबले खाए प्रसाद देवीको भनी ॥
अर्नाको बध गर्नेको कसाहीं राखियो थर,
लगायो भोग जस्ले त्यो सुवाल भनियो नर ।
थिए ब्राह्मण, आचार्य, बैद्य, तेली त साथमा,
अनि लुगा धुने चाहिं मिले रजिक जातमा ॥

नेपालमा हरिसिंहदेव आइपुगे जब,
जयभीम त्यही बेला थिए नेपालका नृप ।
पाई स्वागत सत्कार पुगेर भक्तग्राममा,
रोजे मन्दिरका लागि जमीन एक ठाउँमा ॥
त्यहाँ कुटी बनाएर नित्यपूजा गरीकन,
अग्निहोत्री कुनै बस्थ्यो दक्षिणी एक ब्राह्मण ।
न जग्गा साँट्न भो राजी, न उस्ले द्रव्य नै लियो,
कुटी आफ्नो नछोड्ने नै अड्डी ब्राह्मणको थियो ॥
'के कतै नृपको इच्छा अमान्य हुन सक्छ र ?'
लिए निर्माण गर्ने नै देवीको भव्य मन्दिर ।
बलपूर्वक राजाले कुटी भत्काउनै पऱ्यो,
किन्तु ब्राह्मण तत्कालै गला सेरी त्यहीं मऱ्यो ॥
गर्न थाले दुबै राजा भई चिन्तित तर्क यो :
'ब्रह्महत्या भयो, पाप कसरी छुट्न सक्छ यो ?
जहाँ ब्राह्मणको रक्त बग्यो त्यो स्थल के अब,
दिव्य मन्दिरका लागि योग्य होला र वास्तव ??'
अपसोच गरी एक सप्ताहसम्म आखिर,

उपवास बसे राजा त्यागेर अन्न औ जल,
सुन्दरीले दिइन् आज्ञा आएर फेरि स्वप्नमा :
'नगरी पाप नै चिन्ता गर्दैछौं किन व्यर्थमा ॥
हत्या नै नगरी पाप लाग्दैन जगमा कुनै,
बरु ब्राम्हण हो साक्षात् गणेश अवतार नै,
मेरो मन्दिरकै सामु मूर्ति गणेशको रहोस्,
मेरो पूजाअघि उस्कै अर्चना भक्तले गरोस् !!'
त्यहीं मन्दिर निर्माण तुलजादेवीको भयो,
त्यसैको द्वारसामुन्ने गणेशमूर्ति राखियो ।
तलेजु नामले मल्लवंश रक्षा गरीकन
सुम्पिन् सत्ताईसौं पुस्तासम्मको राज्यशासन ॥

**

(भाषा वंशावली २, २०२३, पृ. २९ : ३४,
सिजापति, २०११, पृ. ४९ : ५२)
(३० नभेम्बर २००३, आइतबार)

कुमारीदेवी

तुलजादेवी हुन् मल्लवंशका इष्टदेवता,
मल्ल राजाहरू गर्थे वार्तालाप पनि सदा ।
यस्तै थियो, सबै भन्छन्, रीतिथिति युगौंतक,
कुन्नि किन भईन् लोप इष्टदेवी अचानक ?!
चाहन्थे यो सबै जान्न त्रैलोक्य मल्ल नृपति,
तुलजादेवीका सच्चा थिए अनन्य भक्त ती ।
पुस्तौंदेखि हुँदा लुप्त तुलजादेवी आखिर,
देवी जगाउने मन्त्र चाहे जान्न सरासर ॥

न्यासध्यान गरी मध्यरातदेखि उषातक
तुलजादेवीको सेवा गर्दथे भक्तिपूर्वक ।
भई प्रशन्न त्रैलोक्य मल्लको भक्तिभावमा,
तुलजादेवीले आज्ञा दिइन् आएर स्वप्नमा :
'शास्त्रोक्त विधिले मेरो प्रतिमा स्थापना गर,
त्रिपाशा खेल्न जागेर आउँला म निरन्तर ।
आराधना सधैं मेरो गर्नू नित्य प्रभातमा,

राख्नू स्त्रीजातिले देख्न नसक्ने गुप्त स्थानमा !!'
त्रैलोक्य मल्लको आज्ञा पाई हतारिँदै अनि,
पुगे दर्वारमा दीक्षागुरु के पर्न गो भनी ।
सपनाको कुरा दीक्षागुरुलाई वताइयो,
गर्नुपर्नेछ के भन्ने प्रष्ट सल्लाह पाइयो :
'प्रभु, छिन् तुलजादेवी प्रशन्न भक्तिले अत:
छिटै नै सपना वन्छ विपनामा परिणत ।
विहानै देवीको गर्दै गोप्यपूजा निरन्तर,
आवाहन गरे देवी आउनेछिन् अगल्तिर ॥'
पाई दीक्षागुरुवाट चाहिने सव मन्त्रणा,
गरियो गोप्यपूजाको निम्ति मण्डप स्थापना ।
तत्पश्चात् इष्टदेवीको नृपले विधिपूर्वक
आवाहन गरे देवी प्रत्यक्ष नहुँदा तक ॥

गोप्यपूजा गरी राजा देवीलाई जगाउँथे,
वार्तालाप गरी नित्य त्रिपासा पनि खेल्दथे ।
सदैव माग्दथे रायसल्लाह चाहिने सव,
थियो राज्यभरि व्याप्त सुखशान्ति र वैभव ॥
सुनेर नारीको वाणी कोठाभित्र अचानक,
त्रैलोक्य मल्लकी पुत्री गंगादेवी परिन् छक ।
भित्रवाट थियो आग्लो लागेको वन्द द्वारमा,
त्रिपासासंग गुञ्जन्थ्यो नृपको स्वर कानमा ॥
दिनमा व्यस्त भै राजा राजकाज चलाउँथे,
तसर्थ गोप्य कोठामा भोटेताल्चा लगाउँथे ।
मौका पाएर साँचोले खोलेर द्वार तत्क्षण
गंगादेवी पसिन् भित्र देवीको गर्न दर्शन ॥
खोपामा सुनको वट्टा, पूजासार्जाम पल्तिर,
थियो मण्डपमा स्निग्ध त्रिपासा अति सुन्दर ।
गुप्त कोठा चहारेर खोज्दा पनि सर्वैतिर,
तुलजादेवीको भेद पाइएन रतिभर ॥
साक्षात् दर्शनको राख्दै इच्छा भएर भावुक,
गरिन् आराधना राजपुत्रीले भक्तिपूर्वक ।
जिज्ञासा मनको आफ्नो केही शान्त गरीकन,
पूर्ववत् राजपुत्रीले गोप्य कोठा थुनिन् पुन: ॥

भोलिपल्ट सखारै नै देवीको गर्न दर्शन,

त्रैलोक्य मल्लले पूजा गरे निश्चिन्त भैकन ।
नृपवाट भयो कैयौंपल्ट आह्वान तैंपनि
सधैं झैं आइनन् देवी पुकार नृपको सुनी ॥
त्रैलोक्य मल्लले सोचे चिन्ताग्रस्त भई पुनः,
'के भयो ?
किन आइनन् देवी ?
क्यै छ कि कारण ?'
तुलजादेवीको गर्दा आवाहन निरन्तर,
देवीको गोप्य कोठामा गुञ्जियो अन्त्यमा स्वर :
'राजन्, आज तिमीवाट वाचावन्धन तोडियो,
प्रवेश राजपुत्रीको कोठाभित्र हिजो भयो ।
पाउनेछौ तिमी मेरो अवउप्रान्त दर्शन,
मात्र चाण्डालपुत्रीमा कुमारी रुपले पुनः ॥'
डाँकी दीक्षागुरुलाई दर्वारमा त्यसै दिन,
सुनाए नृपले गर्दै घटनावली वर्णन :
'चाण्डालपुत्रीमा मात्र छ देवी देख्न सम्भव,
आह्वान इष्टदेवीको गर्ने लौ कसरी अव ??'
त्रैलोक्य मल्लको सारा वृतान्त ध्यानले सुनी,
सके रहस्य देवीकै वाणीमै छ कि क्यै भनी ।
परे दीक्षागुरु केही वेर प्रगाढ सोचमा,
उनैको नृपले पाए यस्तो सल्लाह अन्त्यमा :
'ज्यादै पवित्र मानिन्छ धातुको वर्गमा सुन,
पगाल्छ, पिट्छ जो स्वर्ण हो चाण्डाल त्यही जन ।
सुनको गहना वेच्ने वाँडाकै कुलमा अव,
कन्याको रुपमा इष्टदेवीको हुन्छ उद्भव ॥'
वाँडाकै कुलमा कन्याकुमारी खोजियो अनि,
विनाखोट थियो जस्मा वत्तीस लक्षणै पनि ।
राजदर्वारकै छेउ वनाई एक मन्दिर,
कुमारीदेवीको पूजा हुन थाल्यो निरन्तर ॥

निष्कलंक रहुन्जेल कन्याको हुन्छ पूजन,
सजीव देवीको दृष्टि सदैव हुन्छ पावन ।
हरेक वर्ष सुम्पन्छिन् नृपमा राज्यशासन,
कुमारीको रथजात्रा मनाइन्छ मिलीकन ॥

**

(३० डिसम्बर २००३, मंगलवार)

कुमारी र लाखे

मञ्जुपट्टनमा बस्थ्यो उहिले एक राक्षस,
लाखे नाम रह्यो उस्को हुनाले मांसभक्षक ।
उस्को प्रेम बस्यो श्वेतकालीकी पुत्रीमा अरे,
कुमारीको पनि लाखे बनेथ्यो प्रेमपात्र रे ॥

लाखे तथा कुमारीमा बाँधियो प्रेमबन्धन,
किन्तु भेट दुवै गर्थे सधैं लुकीछिपीकन ।
प्रेमांकुर पलाएर जब वृक्ष बन्यो ठूलो,
रहस्य श्वेतकालीमा छोरीको प्रेमको खुल्यो ॥
'कस्तो कुरुप त्यो लाखे ? कुमारी कति सुन्दरी ?
हुनै सक्तैन यो जोडी वरवधू कसै गरी ।
मांसभक्षक त्यो लाखे छोरी कुमारीको पति ?...'
विचार मात्रले रुष्ट श्वेतकाली भइन् अति ॥
'कुरुप तनको लाखे, तेरो रुप छ सुन्दर,
तेरो निम्ति कतै हुन्छ लाखे सुहाउँदो वर ?
अपहत्ते गरी मर्छु लाखे रोजिस् भने त म,
लाखेसंग हुनै दिन्नँ तेरो बिहे कदापि म ॥'
मातृ वाणी सुनी यस्तो ठूलो दोधारमा परी,
कुमारी स्तव्ध भै लागिन् त्यहाँ सोच्न घरिघरि :
'ममाथि पर्न गो कस्तो धर्मसंकट यो ? अहो !
कर्तव्यच्यूतभन्दा के विश्वासघात वेस हो ??'
एकातिर थियो आमाप्रति कर्तव्य भावना,
अर्कोतिर थियो लाखेप्रतिको प्रेमभावना ।
यी दुवै भावनामध्ये पर्दथ्यो रोज्नु एउटा,
इच्छा नै जन्मदाताको हुन्छ सर्वोपरि सदा ॥
त्यागेर दुविधा गर्दै मातृआज्ञा शिरोपर,
भयो निधो : 'कुमारी नै रही बाँच्ने जुनीभर !'
आमाको दूधको भारा तिर्नका लागि आखिर,
गरिन् कुमारीले त्यागन दाम्पत्य सुख मञ्जुर ॥

यत्तिले मात्र आमाको हटेन मनको पीर :
'रुपलावण्यले युक्त छोरीको हुन्छ के भर ?

भेट्नेछन् गोप्यतासाथ प्रेमी औ प्रेमिका सके,
होला लाखे नमारेर दुवैको छुटनाम के ??'
छोरी नै परचक्रीको बाँधिदा प्रेमपाशमा,
आमाले गर्न सक्थिन् के लाखेको पो विरोधमा ?
कुमारी चाहिँ लाखेमा थिइन् अत्यन्त मोहित,
कसैमा वध लाखेको गर्ने थिएन हिम्मत ॥
तसर्थ श्वेतकालीले गरिन् विचार वस्तुतः
'सक्छे कुमारीले मात्र लाखे मार्न मजैसित ।
निश्चिन्त भै कुमारीको बाँधिंदा प्रेमपाशमा,
लाखेलाई हुने छैन शंका खड्ग प्रहारमा ॥'
यो कार्य पनि छोरीमै सुम्पने चाहना गरी
थमाई हातमा खड्ग कुमारीको अजम्बरी,
बिस्तारै श्वेतकालीले छोरीलाई भनिन् पुनः,
मौका छोपेर लाखेको स्वयं मिति पुर्‍याउन :
'छोरी, राक्षस हो शत्रु देवता र मनुष्यको,
तसर्थ नलगा दाग कुलमा तँ कलंकको ।
हुनेछ जिन्दगी मेरो तँबिना अति निरस,
देवउद्धार गर् छोरी, बरु मारेर राक्षस !!'
लाखेसंग हुँदा भेट अर्कोपल्ट कुनै दिन,
प्रेमाभिव्यक्तिको वेला, अति उत्कर्षको क्षण,
लाखेको छातीमा खड्ग प्रहार जोडले गरी,
एक्कासी प्रेमीको प्राण कुमारीले लिइन् हरी ॥

प्रेमीको मातृ आज्ञाले गरिंदा वध यस्तरी,
गर्दै विलाप रोएर पश्चात्ताप ठूलो गरी,
कसैसंग पनि प्रेम नगरी भरजीवन,
अविवाहित भै बस्ने कुमारीले गरिन् प्रण ॥
बुझाई श्वेतकालीमा खड्ग त्यो रक्तरंजित,
बताइन् मनको इच्छा आमासामु सफासित ।
'मबाट मारियो लाखे विश्वासघातपूर्वक,
म उस्कै सतमा बस्छु अब प्राण छँदातक ।
विहे अब कसैसंग गर्ने छैन कदापि म,
प्रायश्चित्त यहाँ गर्न कुमारी नै रहन्छु म ॥
लाखेकै सतमा बस्ने छ मेरो दृढ निश्चय,

ममाथि गाड्छ जो नेत्र त्यस्को तत्काल होस् क्षय ।
आजन्म नै कुमारी भै चाहन्छु म विताउन,
प्रेमकै निम्ति आफ्नो म गर्छु जीवन अर्पण ॥'
बाँधिन् वाचा कुमारीले रहने प्रेमवंचित,
कुमारी जो भयो उस्को विहे हुन्न कसैसित ।
कुमारी रुपमा पूजा हुन्छ जीवित देवीको,
राज्यसत्ता तिनैमाथि रहेको हुन्छ देशको ॥

**

बालकुमारी

भई कोप कुमारीले एकपल्ट जतातत
फैलाएर महामारी गरिन् उत्पात नै कतै ।
लागी छेरावटी रोग गाउँवासीहरू मरे,
अनि रोक्न महामारी खोजी तान्त्रिकको गरे ॥
आई तान्त्रिकले आफ्नो गऱ्यो विद्या प्रदर्शन,
बुझ्यो वालकुमारीको क्रोधको गोप्य कारण ।
अन्त्य उत्पातको गर्न सोच्यो उपाय एउटा,
जोऱ्यो तान्त्रिकले वालकुमारीसंग मित्रता ॥
जगाई मन्त्रले वालकुमारी लाडिलो वनी,
सुनायो लोकको चाला, दियो सल्लाह यो पनि :
'द्वेषपात्र वनेका छौं हामी मानवजातिको,
वेलैमा वेस हो गर्नु प्रवन्ध गुप्तवासको ॥'
वालिका नै हुँदा देवी पूर्ण विश्वासमा परी,
दिइन् सल्लाहमा चल्ने सहजै पूर्ण मञ्जुरी ।
तत्कालै गहिरो एक खाल्डो तान्त्रिकले खन्यो,
सांग्लो फलाम औं जौंको पीठोवाट दुई वन्यो ॥
लाग्यो वालकुमारीमा लौहको दृढ वन्धन,
पीठोको डोरीले वाँध्यो आफ्नो तान्त्रिकले तन ।
अनि खाडलमा हामफाल्ने जोड दिईकन,
भन्यो तान्त्रिकले वालकुमारीलाई तत्क्षण :
'भटमास भुटी रोप्दा उम्रला खेतमा जव,
खोलाका लोहडा वन्लान् पाकेका आँप वास्तव ।
भंगेरो पाइला सार्दै हिंडेको देखिंदातक,

हाम्रो जीवनको डुंगा डुब्ने छैन अचानक ॥'
गर्दै अचम्मका तीन कुराको मात्र तर्कना,
खाल्डोको पींधमा हाम फाली पुगे दुवैजना ।
पीठोको सिक्रीले गर्दा निस्क्यो तान्त्रिक वाहिर,
फलामे सिक्रीमा वालकुमारी त रहिन् तल ॥
अनि तान्त्रिकले खाल्डो माटोद्वारा पुरिदियो,
छिटै वालकुमारीको स्थान सिद्ध त्यहाँ भयो ।
रोगव्याधिहरू रोक्न गर्छन् पूजा निरोधक,
वनिन् वालकुमारी नै रोगहर्ता र रक्षक ॥

**

(६ जुलाई २००३, शनिवार)

तारिणीदेवी
(तानाद्यो)

ठकुरी वंशको सत्ता सर्न गो मल्ल वंशमा,
तारिणीदेवीको स्थानान्तर भयो तलेजुमा ।
आइन् भक्तपुरीवाट तुलजादेवी सत्वर,
तानावहालकै छेउ वन्नें भो भव्य मन्दिर ॥
यन्त्राकार वन्यो अग्लो तुलजादेवीको घर,
किन्तु विहान भत्केको पाइयो नव मन्दिर ।
भोलिपल्ट पनि यस्तै देखियो घटनाक्रम,
विज्ञको जोखनावाट हट्यो रहस्यको तम ॥
होचो मन्दिरमा तानावहालस्थित तारिणी
थकूजुजुहरूकी जो इष्टदेवी थिइन् पनि ।
अग्लो मन्दिर वन्नाले असन्तुष्ट भई स्वतः,
भत्काउँथिन् सधैं राति नयाँ मन्दिरको छत ॥
कवूल गरियो राजावाट पशुवलि दिने,
राँगा तीन सय साठी देवीलाई बुझाउने ।
अनि मात्र तलेजुको वन्यो विशाल मन्दिर,
अग्ला अट्टालिकायुक्त वन्न थाले त्यहाँ घर ॥

**

(भाषावंशावली, २०२३, पृ. ५८)

चण्डेश्वरी

चण्डिकायै महादैव्यै: चण्डरुपा नमोस्तुते,
चण्ड दैत्या महापाप प्रणाशिन्यै: नमोनम:[१] ॥

चण्ड भन्ने थियो एक पुत्र अन्धक दैत्यको,
चाहन्थ्यो पार्न ऊ साँच्चै आफ्नो सार्थक नाम यो ।
सकिन्छ कसरी गर्न इच्छा साकार यो भनी,
गर्न थाल्यो सबैसंग चण्डले नित्य सोधनी ॥
'कठोर तप गर्नाले बसेर उग्रतीर्थमा
पाए च्यवनले इच्छावर समेत अन्त्यमा !'
एकपल्ट सुन्यो उस्ले ऋषि भार्गववाट यो,
चाहना पाउने इच्छावर उस्मा पनि भयो ॥

स्कन्द पर्वत फेदीमा उग्रतीर्थ पुगीकन
स्नान उस्ले गर्‍यो चैत्र नवमी शुक्लका दिन ।
पंचोपचारले पूजा गरेर शिवलिंगको,
लाग्यो गर्न तपस्या ऊ शिवकै ज्योति रुपको ॥
शिवलिंगअगाडि नै पातालदृष्टि खातिर
अधोमुख गरी एक गोडाको मात्र ली भर,
धूलो एक मुठी मात्र खाएर गर्दथ्यो तप,
उभिएर अहोरात्र गरी शंकरको जप ॥
अवश्य नै तपस्या यो कठोर खालको थियो,
चण्डको तपले प्रादुर्भाव शंकरको भयो ।
संवोधन गरी दैत्यलाई उन्ले भने त्यहाँ :
'हे चण्ड, तपले तेरो आएँ प्रशन्न भै यहाँ ॥
चाहन्छस् के ? तँ माग् मात्र, छु पुर्‍याउन तत्पर,
तँ आजै पाउलास् आफ्नो इच्छानुसारको वर !'
रमायो दैत्य साह्रै नै पाएर शिव दर्शन,
नम्र भै हात जोडेर भन्यो उस्ले झुकीकन :
'हे प्रभु, वशमा मेरो रहोस् विश्व चराचर,
स्वर्ग, मर्त्य र पाताल त्रिलोककै मिलोस् वर !!
फेरि शक्ति मिलोस् ठूलो, देव, दानव औ नर,
कसैले नसकून् जित्न मलाई जिन्दगीभर !

नसकून् सामना गर्न मेरो वाणप्रहारको,
डराएर सवै भागून् देख्दैमा रुप चण्डको !!
मेरै नाउँ सदा काल जोडियोस् शिवलिंगमा,
जस्को सामु गरें मैले तपस्या उग्रतीर्थमा !'
सुनेर चण्डको इच्छा त्रिलोकै थर्हरी हुने,
परिणाम नसोचेर तत्कालै शिवले भने :
'तथास्तु !
पूर्ण होस् इच्छा !!
चिताएको पुगोस् सव !!!'
वरदान दिई लीन भए त्यै लिंगमा शिव ॥
पाएर चण्डले यस्तो इच्छामाफिकको वर,
चाह्यो अचूकता त्यस्को परीक्षा गर्न आखिर ।
लिएर सैन्य एक्कासि हमला स्वर्गमा गऱ्यो,
देवताहरूका साथ इन्द्रले भाग्नु नै पऱ्यो ॥
लखेट्यो दैत्यले सातै लोकमा देवताकन,
लुटी नागहरू ल्यायो सप्त पातालको धन ।
फर्केर पृथिवीतर्फ खूव देखाउँदै वल,
जिती राजाहरू कव्जा गऱ्यो यो मर्त्यमण्डल ॥

स्वर्ग, मर्त्य र पाताल तीनै लोकविषे अव,
चण्डको नामले मात्रै त्राहित्राहि भए सव ।
चिन्तामग्न भयो दैत्य लड्नभिड्न नपाउँदा,
ठान्यो जीवन निःसार शान्त भै वस्नु सर्वदा ॥
लाग्यो खोज्न कुनै मौका देखाउने पराक्रम,
सोच्यो : 'को छ अझै वाँकी मसंग लड्न सक्षम ?'
देख्यो कंटकझैं वाँकी वाटोमा मात्र शंकर,
अनुग्रह हुँदा जस्को पाएथ्यो चण्डले वर ॥
सोच्यो आनन्दले वस्ने हराई शिवलाई नै,
शिवलाई जिते मात्र वाधा रहन्नथ्यो कुनै ।
सरासर पुग्यो चण्ड विहानै उग्रतीर्थमा,
पूजाविधि सक्याएर गऱ्यो लिंग परिक्रमा ॥
जपेर शिवको नाम गऱ्यो विनम्र आग्रह,
'हे विभो, पोख्न आएँ म लिएर मनको वह ।
मनुष्य, दैत्य औ देव जितिसकें यहाँ सव,

कोसंग म गरूँ युद्ध विश्वमा अव ? हे शिव !!
चौद्धै भुवन औ तीनै लोकमा छैन क्वै अरु,
मैले बाँकी रह्यो जित्न एक शंकर नै बरु ।
इच्छा मलाई भो आज गर्ने संग्राम आखिर,
किन लुक्छौ ? बरु होऊ युद्धका लागि तत्पर !!'
गर्वोक्तिपूर्ण आह्वान चण्डबाट सुने जव,
देखिए लिंगकै सामु उग्र रुप लिई शिव ।
त्रिशूल बेसरी च्याप्दै नेत्र पारी भयंकर,
दैत्यसंग भए युद्ध गर्न तैयार शंकर ॥

सिंहनाद गरी चण्ड संग्राम गर्न तम्सियो,
धनुष्टंकारका साथै प्रहार वाणको भयो ।
सहसा शिवको हातवाट त्रिशूल फ्याँकियो,
प्रहार छातीमा पर्दा दैत्य त्यो भूमिमा गिऱ्यो ॥
चण्डले शिवलाई नै झम्ट्यो उठेर तत्क्षण,
दैत्यलाई त्यहाँ घेर्दै वैरिए शिवका गण ।
पर्दा शस्त्रास्त्रको मार चण्ड क्रोधित भैकन,
लाग्यो पहाड नै फ्याँक्न उखेल्दै गरी गर्जन ॥
हुँदा पहाडको वर्षा शिरमाथि निरन्तर
शिवका गण भागेर भए तितरबितर ।
देखेर लड्न नै कोही नआएको अघि सरी,
हुऱ्यायो चण्डले डाँडो शिवकै तर्फ वेसरी ॥
'शिवको वरले गर्दा छ चण्ड अजरामर,
रणमा जित्न उस्लाई सक्ने आखिर को छ र ?'
गरी सल्लाह एकत्र भएर उग्रतीर्थमा,
शिवका गणले विन्ती विसाए शिवलिंगमा :
'हे विभो, दैत्यले ठूलो तपस्या प्रभुको गरी,
इच्छावर यहाँ पाई वनेको छ अजम्वरी ॥
जवसम्म यहाँ उस्ले पाउला शिवदर्शन,
वर नष्ट हुने छैन उस्को कसै गरीकन ।
भयो दिग्विजयी चण्ड जिती पाताल, स्वर्ग, भू,
अन्यत्र राज होस् लोप यहाँवाट भई, प्रभु !!'
आफ्नै गणहरूवाट सुनी पुकारको स्वर,
अन्तर्ध्यान भए शिवलिंगकै साथ शंकर ।

चण्डको नसकी गर्न सामना रणक्षेत्रमा,
गुफा औ कन्दरा खोज्दै लुके गण पहाडमा ॥

युद्धको खोजमा लम्क्यो चण्डासुर सर्वैतिर,
पुग्यो जंगलमा खोज्न भगुवा शिवको दल ।
भागेका देवता जम्मा भएर एक ठाउँमा,
सल्लाह गर्नमा व्यस्त थिए अनेक प्रश्नमा :
'जाने कता ?
कहाँ बस्ने ?
दुःख भोग्ने यहाँ कति ?
अव फिर्ता लिने होला कसरी अमरावती ?
कस्ले मद्दत गर्ला खै ?
गर्ने के ?
मुक्ति दिन्छ को ?
संकष्ट कसरी छुट्ला ?
हाम्रो उद्धार गर्छ को ?'
निकै बेर चल्यो वार्तालाप देवसमूहमा,
भन्यो उठेर यौटाले निष्कर्ष तुल्य अन्त्यमा :
'नसकी रणमा जित्न लुके आज स्वयं शिव,
परे त्रिलोकमा चण्डासुरकै वशमा सव ॥
छ मर्त्यलोकमा रम्य रक्तचन्दनको वन,
जहाँ देवी रहेकी छिन् लिएर साथमा गण ।
जाऔं शरणमा उन्कै जस्को छ सिंह वाहन,
उनैले सक्तछिन् गर्न सारा दुःख निवारण ॥'
देवताहरू क्यै वेर परामर्श गरीकन,
पुगे सहायता माग्न रक्तचन्दनको वन ।
कर जोरेर देवीको विनम्र भै गरे स्तुति,
सिंहवाहिनी देवीको वनमा देखियो द्युति ॥
लडाइँ गर्नका लागि खोज्दै सर्वत्र शंकर,
त्यहीं आइपुग्यो चण्डासुर दौडी सरासर ।
इन्द्रादि देवतालाई देखी जंगलमा पुनः,
पस्यो हरिणको माझ सिंहझैं गरी गर्जन ॥
त्राहि त्राहि भयो सारा देवताहरूको दल,
चण्डवाट स्वयं देवी भइन् रक्षार्थ तत्पर ।

पाई मद्दत देवीको लिएर पंक्षीको रूप
भागे आकाशमा भुर्र उडेर देवता सब ॥
चण्डको हमलावाट इन्द्रादि देवताकन
वचाई अल्पिइन् देवी त्यसै जंगलमा पुनः ।
जहाँ केही अघिसम्म देवताको थियो हुल,
त्यहाँ मौन थियो सारा, देखिन्थ्यो शून्य जंगल ॥
नदेखेर कसैलाई दैत्य अत्यन्त जिल्लियो,
युद्ध गर्न नपाएर चण्ड क्यै सोचमा पऱ्यो :
'कतातर्फ गए होलान् देवतागण कातर ?
सके लुकी भए क्या रे वृक्षभित्र अगोचर ॥'
वनमा देखिंदा चारैतिर नै वृक्षको क्रम,
लिएर हातमा खड्ग काट्न थाल्यो धमाधम ।
प्रहार खड्गको पर्दा भयो संहार जंगल,
सखाप पार्न चाहन्थ्यो यसरी शत्रुको दल ॥

रीसले चूर भै चण्डासुर भन्दै थियो त्यहाँ :
'देवताहरूहो, भागाभाग गर्दै गयौ कहाँ ?
छौ पानीमरुवातुल्य लुकेका रुखभित्र के ?
चण्डको नामले मात्रै मुटु थर्थर काम्छ के ?
वृक्षभित्र लुकेका छौ वनेर किन कातर ?
सामर्थ्य छ भने निस्क मसंग लड्न वाहिर...'
एक्कासी सुनियो सिंह गर्जेको वनमा स्वर,
उठायो चण्डले अस्त्र भएर लड्न तत्पर ॥
रुखको तोडकावाट त्यसै वेला अचानक,
निस्किइन् चण्डिकादेवी लिई रूप भयानक ।
आयुध ढाल औ खड्ग लिएकी चार हातमा,
जिब्रो चंचल औ ज्योति तेजिलो तीन नेत्रमा ॥
देह कालो र रातोको अनौठो रंगमिश्रण,
गहना मुण्डमालाको, चढेकी सिंह वाहन ।
चण्डिकादेवीको रुप थियो ज्यादै भयंकर,
किन्तु चण्ड निकै हाँस्यो देखी नारी अगिल्तिर :
'लिएछन् रूप नारीको शिवले अवला वनी,
चण्डवाट हुने छैन प्रहार शस्त्रको भनी ।
कदापि अवलामाथि हुन्न शस्त्र चलाउन,

तसर्थ अस्त्रले मात्र लड्नेछु आज यो रण ॥'
चण्डले क्रुद्ध भै ज्यादै गऱ्यो प्रहार अस्त्रको,
दैत्य औ देवीको दिव्य सय वर्ष लडाइँ भो ।
चण्डिकाले भई क्रुद्ध समातेर कपालमा
तत्कालै जोडले खड्ग गरिन् प्रहार चण्डमा ॥

चण्डको वध देवीले गर्दा हर्षित भै अति
चण्डिकाको गरे सारा देवताहरूले स्तुति :
'चण्डरुपी महापाप विनाश गर्न तत्पर
नमस्कार महादेवी चण्डिकामा निरन्तर !!'
देवतागणको यस्तो सुनेर वन्दना स्तुति,
वरदान दिइन् तुष्ट भएर चण्डिका अति :
'हे देवगण, रक्षार्थ गरियो वध चण्डको,
सुखभोग गरी राज्य चलाऊ स्वर्ग लोकको ॥
दैत्यको सासनाबाट भयौ मुक्त यहाँ सब,
सवैले गर्नुपर्नेछ दायित्व पालना अब ।
जो गर्ला भक्ति राखेर स्तुति मेरो अगिल्तिर,
पुत्रवत् पालना त्यस्को गर्नेछु म निरन्तर ॥'
आआफ्नो लोकमा फर्के सम्पूर्ण देवतागण,
वृक्षमा नै भइन् लोप चण्डिका पनि तत्क्षण ।
निवासस्थान देवीको रक्तचन्दन नै भयो,
चण्डको वध गर्नाले नाम चण्डेश्वरी रह्यो ॥
यहाँ उत्पत्तिको स्थान चण्डिकाको थियो जुन,
त्यही जंगलको नाम रह्यो चण्डेश्वरीवन ।
हरेक वर्ष वैशाख पूर्णिमा तिथिका दिन
गर्छन् चण्डेश्वरीजात्रा बन्हिकापुरका जन ॥

**

(बज्राचार्य, २०१९, पृ. १ : २६,
मानन्धर, ११२३, पृ. १ : ७५)

कंकालीमाई

राजधानी थियो भव्य सिम्रौनगढ सुन्दर,
पोखरी र बगैंचाले देखिन्थ्यो जो मनोहर ।
अन्नपानी घरैपिच्छे थियो यथेष्ट राज्यमा,
शिवसिंह त्यहींबाट गर्थे शासन देशमा ॥
त्यसैताका त्यहाँ एक बस्दथ्यो विज्ञ तान्त्रिक,
वनको बीचमा उस्को थियो आश्रम सात्विक ।
खेतमा वन फाँडेर अन्नबाली उमार्दथ्यो,
गोरुको बदला सिंह नारेर खेत जोत्दथ्यो ॥
चल्यो तान्त्रिकको चर्चा राजदर्वारमा जब,
सुने नृपतिले उस्को चमत्कारहरू सब ।
राजाबाट हुँदा आज्ञा दर्वार ऊ पुग्यो अनि,
राजाबाट भयो कैयौं प्रश्नको पनि सोधनी :
'भन्छन्, छौ तन्त्रविद्यामा पारंगत यहाँ तिमी,
देखाऊ, गर्न सक्छौं के कस्ता कार्यहरू तिमी ??'
खडा हुँदै झुकी राजासामु जोडी दुवै कर
नम्र तान्त्रिकको राजसभामा सुनियो स्वर :
'प्रजावत्सल, मेरो छ वनमा जीर्ण आश्रम,
पेट पाल्न भनी गर्छु खेतीको पनि उद्यम ।
सानोतिनो कुनै काम भए गर्न म सक्तछु
चमत्कार कुनै ठूलो गर्न ता असमर्थ छु ॥'
राजाबाट भयो आज्ञा सुनी तान्त्रिकको कुरा :
'गर्न सक्छौ तिमी मेरो चाहना तन्त्रले पूरा ।
चाहन्छु कलकत्ताको शिलास्तम्भ ठड्याउन
झरखोर तलाउमा, सक्छौ के तिमी ल्याउन ??'
भन्यो तान्त्रिकले :
'आजै कलकत्ता म पुग्दछु,
राताराते शिलास्तम्भ झरखोर पुर्‍याउँछु ।
विहानसम्म नै कोही ननिस्कोस् घरवाहिर,
उज्यालो नहुँदै काम फत्ते पार्नुछ आखिर ॥'
शिलास्तम्भ उडाएर ल्याइयो शून्य रातमा,
तन्त्रको वलले सोझै झरखोर किनारमा ।
सुनिंदा मिर्मिरैसंगै भालेको स्वर गुञ्जन,

भ्याइएन त्यहाँ भव्य शिलास्तम्भ ठड्याउन ॥

राजाको मनमा जाग्यो तीव्र इच्छा अचानक,
राजदर्वारमा फेरि डाँकियो विज्ञ तान्त्रिक ।
राजाज्ञाको प्रतीक्षामा देखी तान्त्रिक सामुमा,
राजाले मनको इच्छा सुनाए एक सासमा :
'कंकालीमाईको नित्य चाहन्छु गर्न दर्शन,
देखाऊ तन्त्रविद्याको चमत्कार तिमी पुनः !
आवाहन गरी ल्याऊ कलकत्ता गई अब,
कंकालीमाईको गर्छु यहाँ म भव्य उत्सव ॥'
सिम्रौनगढमा सार्ने कंकालीमाईकै स्थल
सुनेर नृपको इच्छा बन्यो तान्त्रिक निश्चल ।
राजेच्छा यो पूरा गर्न देखी प्रायः असम्भव,
पोख्यो तान्त्रिकले राजासामु संशय वास्तव :
'रिसानी माफ होस्, यस्तो इच्छा गर्नु अनर्थ हो !
स्थानान्तरण कंकालीमाईको गर्न सक्छ को ??
कंकालीमाईको बन्नु व्यर्थमै कोपभाजन,
आफ्नै विनाशको हुन्छ अप्रत्यासित कारण ॥'
सुनी तान्त्रिकको यस्तो अवज्ञापूर्ण उत्तर,
दिए आदेश राजाले गर्ने आज्ञा शिरोपर ।
'गर्वले तन्त्रविद्याको राजाज्ञाको उलंघन
गर्न खोज्दै निहुँ झिक्छौं तिमी यहाँ अनेकन ।
तन्त्रविद्या र राजाज्ञाबीचको बुझ अन्तर,
छिटै तामेल राजाज्ञा गर्न भैहाल तत्पर !!'
राजाको हठ देखेर खिन्न तान्त्रिक बन्न गो,
चेतावनी दिँदै मान्न राजाज्ञा ऊ तयार भो ।
कंकालीमाईको मन्त्र जप्दै ध्यानस्थ भैकन,
भन्यो तान्त्रिकले तन्त्रविद्या गर्दै प्रदर्शन :
'महाराज, अझै सोचिवक्सियोस्, नलिई हठ,
पुग्दैछ पटनानेरै कंकालीमाईको रथ ।
मुहार क्रोधले गर्दा कालीको छ भयंकर,
देखिन्छ पाइलैपिच्छे विनाश प्रलयंकर ॥'
सुनेनन् नृपले चेतावनी तान्त्रिकको कुनै,
गरेनन् नृपले आफ्नो इच्छा फेर्ने विचार नै ।

उल्टै तान्त्रिकलाई नै झपारे नृपले पुनः,
दिए आदेश तत्कालै गर्ने कर्तव्यपालन :
'आज्ञापालनको सट्टा गर्दैछौ किन वक्वक ?
शिकार क्रोधको मेरो किन वन्छौ अनाहक ?
आवाहन गरी ल्याऊ कंकालीमाईको रथ,
पुर्‍याऊ तन्त्रविद्याले छिटै मेरो मनोरथ !!'
यस्तो वचनले खिन्न मुख तान्त्रिकको भयो,
परन्तु सूचना उस्ले ध्यानमग्न हुँदै दियो :
'कंकालीमाईको यात्रा वेतियामा पुग्यो अव,
वेस रोक्नु त्यहीं होला माईको रथ वास्तव...'
चाहेनन् नृपले सुन्न तर्क तान्त्रिकको कुनै,
अह्राए नसकी ज्यादा धैर्य धारण गर्न नै :
'रोक्ने कंकालीमाईको यात्रा वेफ्वाँकना किन ?
सिम्रौनगढमा आजै गर कोशीश ल्याउन !!'
दैवेच्छा नै यही होला भन्ने ठानेर चित्तमा,
मन्त्रोच्चारणमा लीन भए तान्त्रिक ध्यानमा ।
एक्कासि मेघ गर्जेझैं सुनियो रथको रव,
धूलोमुस्लो उडी कालै देखियो मेघले नभ ॥
हुरीवेरी चल्यो ठूलो सुसायो नभमण्डल,
ढाकियो वाणवृष्टिझैं असिनाले धरातल ।
भूकम्प नै गएतुल्य सिम्रौनगढ थर्कियो,
कंकालीमाईको शिघ्रै प्रवेश गढमा भयो ॥
त्राहित्राहि भए सारा, लुक्न राजा स्वयं गए,
कंकालीमाईले खोजिन् वस्नको निम्ति आश्रय ।
किन्तु तान्त्रिकले तोक्न सकेनन् स्थान देवीको,
शिर थापिदिए आफ्नै वासको निम्ति माईको ॥
यत्तिकैमा फुट्यो पट्ट त्यहाँ तान्त्रिकको शिर,
देखियो हात नारीको निस्केको शिरवाहिर ।
हुँदा प्रलयको वेला भयो आकाश झल्मल,
वने प्राणीहरू सारा तत्कालै जड पत्थर ॥

सिम्रौनगढको राज्य वन्न गो घोर जंगल,
वन्यो जंगल त्यै ठूलो कंकालीमाईको स्थल ।
चढेर सिंहमा घुम्थिन् माई रूपवती वनी,

देखिन्थिन् भक्तका सामु त्यहीं यदाकदा उनी ॥
एकपल्ट पुगे मन्साराम वावा घुमीफिरी,
देखे जंगलमा सिंहवाहिनी दिव्य सुन्दरी ।
ढिस्कोलाई दिए आज्ञा उभिएका थिए जहाँ :
'मलाई सुन्दरीसामु लैजा सोझै पुग्या त्यहाँ !!'
ढिस्को सुल्ल वगी सिंहवाहिनीसामु रोकियो,
सम्मान देवीको गर्दै वावाको शिर क्यै झुक्यो ।
'को हौ तिमी ? कहाँवाट आयौ जंगलमा, किन ?
भौंतारिरहनुपर्ने छ केही खास कारण ??'
सुनी सौहार्दतापूर्ण प्रश्न ज्यादै खुशी भई,
दिइन् कंकालीमाईले आदेश टक्क रोकिई :
'कंकालीदेवी हुँ, घुम्छु नपाई स्थिर आसन,
गुल्जार गर यो ठाउँ चमत्कार गरी पुन: ॥'
कंकलामाईको आज्ञा शिरोधार्य गरीकन
देवीको निम्ति वावाले गरे स्थान समर्पण ।
नित्य आराधना मन्सारामले देवीको गरी
लागे जंगल गुल्जार गर्न आफ्नो जुनीभरि ॥

कामदारहरू ल्याई गाउँवाट नजीकको,
फाँडियो खेतीको निम्ति जग्गा जंगलवीचको ।
घाँस रोपेर वावाले उव्जाए अन्नको फल,
दिँदै एक मुठी मात्र ज्यालास्वरुप चामल ॥
खेतालाहरूले खान पाएनन् भरपेट रे...
डाँकिए भोजमा वावाद्वारा सम्पूर्ण गाउँले ।
जम्मा एक मुठी अन्नवाट भात पकाइयो,
परे छक्क सवै टन्न भोजमा जव ख्वाइयो ॥
विस्तारै गाउँवस्तीले भयो गुल्जार जंगल,
वन्यो आश्रामले रम्य कंकालीमाईको स्थल ।
किसान खेतमा काम गरी अन्न फलाउँथे,
कंकालीमार्यको मन्साराम किर्तन गर्दथे ॥
एकपल्ट गरे जम्मा वावाले गाउँका जन,
पोखे उद्गार कंकालीमाईको गाउँदै गुण :
'समाधिस्थ हुने इच्छा जाग्यो आजै स्वत: मम,

वाँचेकै सम्भनू डोव रहेसम्म खराउमा ॥'
कंकालीमाईको गर्दै ध्यान एकाग्र भैकन,
मन्साराम समाधिस्थ भए प्राण त्यजीकन ।
अद्यापि छ कुटीभित्र खराउ त्यो सुरक्षित,
समाधिस्थलको सामु धुनी रहन्छ जागृत ॥

**

(श्रेष्ठ, २०३३, पृ. १४ : १७)
७ जून २००३

शैलेश्वरी
(शिलादेवी)

विदाबारी भई आफ्ना जन्मदाताहरूसित,
पार्वती शिवका साथ बस्थिन् कैलाशमा नित ।
एकपल्ट भयो इच्छा घुम्न जाने दुवैकन,
नन्दीमाथि चढी लागे चहार्न वनकानन ॥
बस्न थाले बनाएर कुटी पहाडमा कतै,
रमणीय थियो दृश्य चारैतर्फ जताततै ।
लतावृक्षहरू फुल्दै वास्ना सर्वत्र छर्दथे,
पशुपक्षीहरू हर्षविभोर भई गाउँथे ॥

शिव पार्वती एकान्त ठाउँ खोज्दै खुशी हुँदै,
विहार गर्दथे केलिक्रिडा गर्दै रमाउँदै ।
घुम्दाघुम्दै पुगे एक ठाउँमा ती मनोरम,
जहाँ चराचुरुंगीको गुञ्जन्थ्यो गान हरदम ॥
एक्कासि प्यासले थालिन् छट्पटाउन पार्वती,
तर पानी त्यहाँ खोज्दा पाइएन कतै रति ।
अन्त्यमा शिवले आफ्नो त्रिशूल हातमा लिई,
हिमालतर्फ हुत्याए जो वज्र्यो गिरिमा गई ॥
उर्लियो जलको धारा गरी चट्टान छेदन,
पार्वतीको मिट्यो तिर्खा पिएर जल काञ्चन ।
गराई पार्वतीलाई तृप्त त्यो जल पावन,
स्वच्छ स्निग्ध भई वग्न थाल्यो नदी वनीकन ॥

गौरीको स्पर्श पाएर श्वेतशुभ्र बन्यो जल,
सेतीगंगा रह्यो नाम नदीको पनि निर्मल ।
त्यसैको जलमा स्नान पार्वती नित्य गर्दथिन्,
लुकामारी पनि खेल्दै शिवको क्लेश हर्दथिन् ॥

भुलेर जगको सारा चिन्ता रमाउँदै अति,
घुम्दथे वनमा केलिक्रीडामै शिव पार्वती ।
गर्दा विहार एकान्त स्थलमा मग्न भैकन,
कति काल वित्यो भन्ने पाइन्थ्यो चाल नै किन ?।
दैत्यको दलले पाई मौका अत्यन्त उत्तम,
मच्चाए स्वर्गमा धावा गरी आतंक उद्धुम ।
हाहाकार हुँदा देवलोक त्यागेर आखिर,
ब्रह्मा र विष्णुका सामु पुगे इन्द्र भयातुर ॥
ब्रह्माले शिवको खोजी गर्ने राय दिए त्यहाँ,
विष्णुले ध्यानदृष्टिले सुझाए :
'शिव छन् कहाँ ?'
गरी प्रस्थान तत्कालै पुगे त्यहीं सरासर,
जहाँ केलिक्रीडामा नै थिए तल्लीन शंकर ॥

ब्रह्मा, विष्णु अनि इन्द्र देख्दा एक्कासि सामुमा,
पार्वती लाज मानेर भइन् लोप तलाउमा ।
नदेखी पार्वतीलाई अकमक्क परे शिव,
चारैतर्फ दिंदा दृष्टि देखिए देवता सब ॥
तलाउमा दिए दृष्टि बुझेर मुख्य कारण,
देखिन्थ्यो तालमा शिला ह्यूँचुलीतुल्य काञ्चन ।
पार्वती चल्मलाएझैं लाग्थ्यो लज्जित नै वनी,
पर्दा किरण शिलामा जलतरंगको मुनि ॥
ब्रह्मालाई त्यसैतर्फ संकेत शिवले गरे,
वुझी रहस्य शिलाको झुकेर वन्दना गरे ।
तत्कालै इन्द्र औ विष्णु भैगए नतमस्तक,
शिव औ शक्तिको गर्दै प्रशस्ति भक्तिपूर्वक ॥
निलोत्पलसरी पाउतर्फ देखाउँदै अनि,
भन्न लागे स्तुति गर्दै :
'पार्वती, शक्तिदायिनी !
शिलाभित्र भयौ लीन शिलादेवी वनीकन,
शैलेश्वरी, मिलोस् शक्ति सवै यी देवताकन !!'

प्रादुर्भाव भइन् देवी व्रह्मावाट स्तुति सुनी,
शिलामा रहला मेरो एक अंश यहाँ भनी ।
आश्वासन दिई हर्ने आतंक देवलोकको,
भयवाट गरिन् मुक्त देवताकन शत्रुको ॥

विष्णु वैकुण्ठमा फर्के, स्वर्गमा देवतागण,
शिव पार्वतीका साथ फर्के कैलाशमै पुनः ।
व्रह्मलोक पुगे व्रह्मा स्थापना देवीको गरी,
रह्यो शैलेश्वरी शिलादेवीको नाम यस्तरी ॥
शैलेश्वरी भइन् पूज्य वनेर शक्तिदायिनी,
प्रसिद्धि फैलियो वन्दै शत्रुभय निवारिणी ।
दुर्गकी रक्षिका दुर्गादेवीतुल्य शिला थियो,
वनाईंदा त्यहाँ दुर्ग नाम सिलगढी भयो ॥

**

(सुव्वा, २०३७, पृ. ४८ : ५३)

जालपादेवी

जतातते घुमी हिंड्ने एक सिद्ध थिए कुनै,
धर्मात्मा ती हुँदा नाम रह्यो ईश्वरनाथ नै ।
वझाङको नुवाकोट गाउँमा अडिए उनी,
एउटा घरको सामु रुवावासी ठूलो सुनी ॥
वसी दलानमा छोरो सिंगार्न काखमा लिई,
कोर्दै कपाल भक्कानो छोडी आमा रुँदै थिईं ।
नसकी वुझ्न गाउँको चाला यस्तो कसै गरी
राकिएथे त्यहाँ सिद्ध ज्यादै अचम्ममा परी ॥
'ए आमै, किन रोएकी ?'
सोधे ईश्वरनाथले,
हिक्कहिक्क गरिन् छाती पिटेर आइमाईले ।
सिद्धको सान्त्वना पाई रुकेय्यो जव रोदन,
रुनुको के थियो भन्ने भयो खुलस्त कारण ॥

वनाई गाँजरा वस्थे वूढाछेत्री वझाङमा,
वर्षेनी गर्दथे पूजा जालपादेवी स्थानमा ।
राजावाट पुरानो नै वाँधिएको थियो स्र्यात,

नरवलि प्रथाद्वारा प्रजा थिए दुःखी अति ॥
जालपादेवीको पूजा हरेक वर्ष नै गरी
पालैसान्ती दिनुपर्थ्यो एक वालकको वलि ।
त्यसै कारणले आमा दलानमा रुँदै थिई,
सिंगार्दै पुत्र कोरेर कपाल काखमा लिई ॥

आमावाटै सुनी व्याख्या भावी पुत्रविछोडको,
भयो हितार्थ क्यै गर्ने मन ईश्वरनाथको ।
आमालाई वुझाएर भने ईश्वरनाथले :
'रोएर हुन्छ के ? आमै, वचाऔं वरु जुक्तिले !!
देऊ मलाई यो पुत्र आफ्नै राजीखुशीसित,
म गर्छु जुक्ति जस्वाट हुनेछ सवको हित ।
मलाई सुम्पिद्यौ पुत्र, साथै लिएर जान्छु म,
उस्को जीवन रक्षाको उपाय गर्छु आज म ॥'
गर्न राजी भइन् आमा पुत्रदान सहर्ष नै,
सोचिन् चित्त वुझाएर : 'छैन वाटो अरु कुनै,
वलि चढाउनुभन्दा दिनु दान निको' भनी
आमाले सिद्धलाई नै सुम्पिन् पुत्र स्वयं अनि ॥

लिई वालक साथैमा पुगे ईश्वरनाथ त,
जालपादेवीकै सामु धुनी जगाइयो स्वतः ।
महाअष्टमीको कालरात्रि चाड मनाउन
भए मन्दिरमा भेला वभ्फाङ भेकका जन ॥
वलि दिने भयो वेला देवीमा मध्यरातको,
धुनी सामु पुगे केटो माग्न ईश्वरनाथको ।
जालपादेवीको आजापूजा जसै सुरु भयो
देवीको लाकूँडा खड्ग लिई काम्दै पनि थियो ॥
केटोको वदला आफै राजी भएर रेटिन,
सिद्ध वोले अघि सर्दै त्यहाँ थापेर गर्दन :
'हुन्थ्यो वलि लिने इच्छा जापलादेवीको किन ?
वालघात यहाँ रोक्ने म गर्छु अहिल्यै प्रण ॥'
उठाइयो जसै खड्ग प्रहार गर्न सिद्धमा,
भई लोप गए सिद्ध एक्कसी मध्यरातमा ।
नरवलि भयो देवीवाटै आज अस्वीकृत
भन्ने यो घटनावाट हुन गो सवको मत ॥

पूजा गर्नेहरू सारा ज्यादै अचम्ममा परे,
चढाई फूल, नैवेद्य जालपाको पूजा गरे ।
आमाकै काखमा भोलिपल्ट नै पुत्र सुम्पियो,
जहाँ लोप भए सिद्ध, त्यहाँ मठ बनाइयो ॥
लिन्छन् कृतज्ञतासाथ नाम ईश्वरनाथको,
जालपाको हुँदा स्थान नाम देवलगाउँ भो ।
अद्यापि छ त्यहाँ भग्न जालपादेवी मन्दिर,
देखिन्छ सिद्धको सानो मठ त्यस्कै अगिल्तिर ॥

पैंसठ्ठी हातको अग्लो बनेथ्यो भव्य मन्दिर,
गजूर सुनको त्यस्मा जडियो अति सुन्दर ।
लाग्यो मेला त्यहाँ चैत्र शुक्ल अष्टमीका दिन,
भँगेरो एक आएर बस्यो त्यस्माथि कञ्चन ॥
मेला भर्न त्यहाँ आयो सुमेरु बिष्ट डोटीको,
भंगेरो मारियो उस्कै मट्यांग्रोले गुलेलीको ।
जसै निष्प्राण भै पंछी बज्रियो भुइँमा तल,
पैंसठ्ठी हातको अग्लो ढल्यो ग्वार्लाम्म मन्दिर ॥
भंगेरो खस्नुका साथै ढल्नु मन्दिर के थियो,
कोलाहल अति ठूलो त्यहाँ सर्वत्र मच्चियो ।
सुमेरु बिष्टले जप्दै जालपादेवी तत्क्षण
वर्षनी एक राँगोको वलि दिने गर्‍यो प्रण ॥
सकेनन् आँट्न राजाले, रैतीले सक्दथे कहाँ ?
वनेन पहिले जस्तै अग्लो मन्दिर नै त्यहाँ ।
पैंसठ्ठी हातकै लिंगो ठड्याएर अझैतक,
जालपादेवीको मेला सम्पन्न हुन्छ वार्षिक ॥

**

(२९ मार्च २००३, शनिवार)

ऋणमोक्षदेवी

कल्याल वंशको राज्य थियो जब खसानमा,
भगीरथ थिए एक ज्योतिषी ज्ञात लोकमा ।
थिए ज्योतिषविद्यामा ती निकै दक्ष ब्राह्मण,
बताउँथे सबैलाई शुभ साइतको क्षण ॥
नित्यपूजा उनी गर्थे घरमा कुलदेवीको,
गर्थिन् जो ऋणको भारबाट निर्मुक्त लोकको ॥
उद्धार भक्तको गर्दा ख्याति सर्वत्र फैलियो,
ऋणमोक्ष भनी नाम प्रख्यात देवीको भयो ॥

कुलदेवी थिइन् अर्कै कल्याल वंशकी तर
पाउन्नथिन् प्रजाबाट यथायोग्य समादर ।
राज्यकी देवीले पाउन् सम्मान लोकको भनी,
दिए भ्याली पिटी उर्दी कल्याल नृपले पनि ॥
राजाकी कुलदेवीको गर्न पूजा भनीकन,
मुख्य मन्दिरमा पुग्थे बाध्यतावश नै जन ।
झारा टारेसरी हुन्थिन् राज्यकी देवी पूजित,
श्रद्धाभक्ति सबैबाट पाउँथिन् ऋणमोक्ष त ॥
गर्थे भाकल देवीको रोगव्याधि हटोस् भनी,
भक्तको बुझ्दथिन् देवीं मनको भावना पनि ।
देवीले भक्तको गर्थिन् पूर्ण सारा मनोरथ,
गर्दथे कुलदेवीको मात्र पूजा भगीरथ ॥
आदेश नृपको गर्दा जानाजानी उलंघन,
वने ज्योतिष राजाको दृष्टिमा कोपभाजन ।
उन्माथि राजद्रोहीको अभियोग लगाइयो,
थुनेर भ्यालखानामा राजवन्दी तुल्याइयो ॥

भयो राजकुमारीको वय विवाहको जब,

राजज्योतिषले खोज्यो मुहूर्त लग्नको तब ।
पूर्णिमा तोकियो गर्दै गणना ग्रहको क्रम,
शुभ साइत नै कन्यादानको निम्ति उत्तम ॥
मौकाको ताकमा यस्तै थिए बन्दी भगीरथ,
सोचे : 'जो मुक्ति चाहन्छ ऊ हुनै पर्छ कर्मठ ।'
आए आँप, गए घोचो भन्ने ठानेर तत्क्षण,
गराए नृपमा बिन्तीपत्र लेखेर ज्ञापन :
'स्वामित्, बन्दी बनाएर राखिएको छु खोरमा,
किन्तु मौन रही बस्न सक्तिनँ म अनर्थमा ।
पुर्णे र औंसीको भेद जान्दैन राजज्योतिष,
बिहेको लग्न औंसीमा पार्ने गर्दैछ कोसिस ॥'
बिन्तीपत्र पढी राजा परे बिखलबन्दमा :
'यौटाले भन्छ - औंसी हो, अर्को भन्दछ - पूर्णिमा ?'
अन्यौल तिथिको गर्न स्वयं निक्यौंल साँझमा,
खोजे आकाशमा हेर्दै नृपले पूर्ण चन्द्रमा ॥

पुर्णेको साँझमा मोसोयुक्त हाँडी टिपीकन,
भगीरथ बसे चन्द्रोदयको पर्खंदै क्षण ।
आकाशतर्फ हुर्‍याए हाँडी छोपेर चन्द्रमा,
औंसीको रातमा जस्तै छायो सर्वत्र कालिमा ॥
सोचे कल्याल राजाले : 'व्यर्थमा गरियो हठ,
राजज्योतिषभन्दा त दक्ष निस्क्यो भगीरथ ।'
राजदर्बारमा सोझै बन्दी ज्योतिष डाँकिए,
खोरमा थुनिने पालो राजज्योतिषले लिए ॥
'आज औंसी भए पुर्णे आउला कहिले अब ?'
सोधनी नृपले गर्दा जवाफ गुञ्जियो तब :
'एक पक्ष बिती जाँदा औंसीकै दिन आउला,
एक मैनापछि चाहिं पूर्णचन्द्र उदाउला ॥'
नभन्दै दुई हप्तामा औंसीको रात देखियो,
एक मैनापछि पूर्णचन्द्र झल्मल चम्कियो ।

कन्यादान भयो राजकुमारीको त्यसै दिन,
भगीरथ बने नामी राजज्योतिष तत्क्षण ॥

भगीरथ पुगे पूजा गर्न मन्दिरमा पुनः,
कुलदेवीबिना देखे त्यहाँ केवल आसन ।
कोही गर्दैनथ्या पूजा मानेर नृपको डर,
नित्यपूजा नपाएर हिंडिन् देवी कतैतिर ॥
भेडाबथानको दृश्य देवीको दृष्टिमा पऱ्यो,
एक्कासि रमिता गर्ने चाहना मनमा फुऱ्यो ।
थिए भेडाहरू चर्दै चहुरमा हरा तृण,
दुई पाठी लिई देवी पसिन् लुक्न भनी वन ॥
साँझमा गोठमा गन्दा गोठालो पर्न गो छक :
'हराए कसरी पाठीहरू दुई अचानक ?'
खोज्यो जतातै उस्ले चहारेर सबैतिर,
थाकेर लस्त भै थुच्च बस्यो विश्रामखोँतिर ॥

लोलाउँदै गए उस्का नेत्र एकै निमेषमा,
रंगीन सपना देख्न थाल्यो ऊ मस्त नींदमा ।
स्वप्नको लोकको दृश्य थियो ज्यादै मनोहर,
कतै थुम्का, कतै खोल्सा, कतै ढुंगा, कतै जल ॥
तलाउबीचको ढुंगो चल्मलाएसरी भयो,
षोडषी अप्सरातुल्य रुपलावण्य देखियो ।
संगीत गुञ्जियो मानौं प्रत्येक पदचापमा,
रूपसी भन्न लागिन् यो पुगी उस्कै समीपमा :
'जोडा पाई बने चार तेरा पाठी दुवै अब,
साँवा र व्याजझैं तैंले पाउनै पर्छ यो सब ।
भगीरथकहाँ मेरो पुऱ्या सन्देश केवल :
मेरो निम्ति बनोस् एक यहाँ नै नवमन्दिर !!'
गोठालो ब्युँझिदा दृष्टि एक्कासि पर्नगो त्यहाँ,
पाठापाठी दुई जोडी रमी चर्दै थिए जहाँ ।

ठड्याउँदै चिनोढुंगा वाटो पछि नविर्सन,
डोऱ्याउँदै लग्यो उस्ले चारै पाठाहरूकन ॥

गोठालोको सुनी स्वप्न परे दंग भगीरथ,
तुरुन्तै कुलदेवीको गरे पूरा मनोरथ ।
वनाइयो तलाउको माझमा भव्य मन्दिर,
गर्दछन् भक्तले पूजा ऋणको मुक्ति खाँतिर ॥

**

(नेपाली, २०३९, पृ. ७ : ९)
(१६ मार्च २००४, मंगलवार)

वरदादेवी

छिड्यो सग्राम जुम्ला र अछाममा कुनै दिन,
चाहन्थे राज्यविस्तार गर्न सिंजापति पुनः ।
रिझाए नृपले इष्टदेवी त्रिपुरसुन्दरी,
अछाम राज्यको वागडोर खिंच्ने निधो गरी ॥
अन्त्यमा विजयी सिंजापति संग्राममा भए,
वरदादेवीको उच्च उपाधि देवीमा दिए ।
जुम्लाका नृपका इष्टदेवीको निम्ति सुन्दर,
गुर्जामा नै वन्यो एक विशाल भव्य मन्दिर ॥

अछाममा भयो धावा गोर्खाली सैन्यको जब,
पक्रिए सिकन्द्र खड्का गुर्जावासी पनि तब ।
गोर्खेलौरी कसी बाँधे हातगोडा पछिल्तिर,
यातना कानमा वत्ती वाली दिने कसे सुर ॥
मीत उस्को थियो एक गोर्खालीकै समर्थक,
भन्यो सेनापतिलाई उस्ले आदरपूर्वक :
'युद्धवन्दी वन्यो किन्तु जुम्लाकै पक्ष लिन्छ यो,
म दिन्छु दण्ड यस्लाई मेरो यद्यपि मीत हो ॥'
युद्धवन्दी उसैलाई सुम्पियो दण्डखातिर,
पुऱ्यायो मीतले डोऱ्याउँदै कर्णालीको तिर ।
भन्यो कर्णालीमा ताक्दै खोली वन्धन मीतको :

'मीतज्यू, यातनाभन्दा हाम्फाली मर्नु हो निको !!'
गऱ्यो सिकन्द्र खड्काले वरदादेवीको स्तुति,
वचेमा ज्यान राँगो नै चढाउने लियो मति ।
हाम कर्णालीमा फाल्यो नजाने पनि पौडिन,
वरदादेवीले रक्षा गर्ने आस्था लिईकन ॥

डुव्यो सिकन्द्र खड्काको देह जो तिव्र भेलमा,
नदीको छालले फ्याँक्यो हुत्याएर किनारमा ।
देवीले ज्यानको रक्षा गरिन् उस्को स्तुति सुनी,
वरदादेवीमा राँगो चढाइन्छ अझैं पनि ॥

**

(७ फरवरी २००४, शनिवार)

हारति

स्वयम्भूमा बसी वुद्ध शिष्य राखी वरिपरि
बुझाउँदै थिए व्याख्या आध्यात्म ज्ञानको गरी ।
त्यत्तिकैमा त्यहाँ एक फोहरी नारी देखिई,
लुगा झुत्रो लगाएकी, ज्यादै कुरुप ऊ थिई ॥
गाग्री च्यापेर काखीमा आएकी ऊ थिई त्यहाँ,
विसाई पानीको गाग्री ढुगेधारा थियो जहाँ ।
पठाए वुद्धले डाक्न शिष्य आनन्दलाई नै,
गरे प्रणाम स्त्रीलाई नमानी घीन रत्ति नै ॥
पानी मैलो घडाबाट लिई खाए सरासर,
वृद्धालाई गरे ठूलो श्रद्धाभक्ति र आदर ।
अकमक्क परे शिष्यहरू देखेर यो सव,
सम्झाए वुद्धले सारा वताई पूर्व गौरव :
'यिनै हुन् हारति माता, दुखी छिन् यस जन्ममा,
आमा थिइन् यिनी मेरी अनेकौं पूर्वजन्ममा ।'
सुनेर वुद्धको यस्तो वचनामृत तत्क्षण,
भक्तिभाव जनाएर झुकेथ्यो भिक्षुको गण ॥

हारति नामकी यौटी यक्षिका बस्दथी कतै,
थिए पाँचजना वालवच्चा उस्का पनि त्यतै ।
छोराछोरीहरू पाल्न जान्थी शिकार निम्ति ऊ,

दिनहुँ ल्याउँथी मारी बालबच्चा अनेक ऊ ॥
जुटाई यसरी आफ्नो निम्ति दैनिक भोजन,
शिशुमा ममता राख्दै गर्थी पालनपोषण ।
नरभक्षिणी माताको यस्तो चर्तिकला सुनी,
आए बुद्ध स्वयं 'शिक्षा दयाको दिन्छु' नै भनी ॥
चारा खोज्न हिंडी जैले वस्तीमा नरभक्षिका,
लुकाए बुद्धले त्यस्कै मौकैमा एक बालिका ।
यौटी छोरी हराएको देखेर आउँदा घर,
लागेर छट्पटी दौडी चहार्न ऊ सबैतिर ॥
दौडधूप गरी खोजी 'कसो नभेटुँला ?' भनी,
कतै पाइन छोरीको सुईंकोसम्म तैपनि ।
सारा सृटि चहारेर फर्की निराश भै घर,
पुत्री वियोगले गर्दा भई ऊ अति विह्वल ॥
हिंक्कहिंक्क गरी रोई डाँको छोडेर वेसरी,
अन्त्यमा गई सर्वज्ञ बुद्धकै पाउमा परी ।
बुझाए हारतिलाई बुद्धले सत्य सृष्टिकै :
'वियोगमा सबै आमा हुन्छन् पीडित उत्तिकै ॥'
हारतिले गरी वाचा तत्कालै बुद्ध सम्मुख :
'आमाको निम्ति उस्तै हो शिशु वियोगको दुख ।
गर्ने छैन म संहार कसैको शिशुको अब,
गर्नेछु म बरु रक्षा धर्तीका शिशुको सब ॥'
सुनेर हारतिबाट बाचाबन्धनको प्रण,
सुम्पिदिए शिशुलाई बुद्धले हारतिकन ।
हराएको शिशु पाई प्रफुल्ल हुन गै अति,
स्वयम्भूमा रहिन् रक्षादेवी बनेर हारति ॥

**

(२ फरवरी २००३, आइतबार)

लक्ष्मी र सरस्वती

सृष्टिको निम्ति ब्रह्माले गर्दा विचारमन्थन,
निस्की सरस्वती लागिन् शिरमा चक्कराउन ।
रुपलावण्य देख्ता यो ब्रह्मा भएर मोहित,
चारैतिर दिंदा दृष्टि चतुर्मुखी बने स्वतः ॥
देवदानवले गर्दा मिली समुद्र मन्थन,
प्रादुर्भाव भइन् लक्ष्मी गज औ रत्न लीकन,
बनेर विष्णुकै शक्ति वैकुण्ठधाममा रहिन्,
हुँदा सम्पत्तिकी देवी पूजनीय पनि भइन् ॥

एकपल्ट हुँदा भेट लक्ष्मी तथा सरस्वती,
'कोभन्दा को ठूलो ?'
भन्दै बाझ्न थाले दुवै अति ।
अन्त्यमा विष्णुको सामु भए दुवै उपस्थित,
'को ठूलो ?'
प्रश्न तेर्स्याई सोध्न थाले उनैसित ॥
लक्ष्मी ठूलो भने पक्षपातको दोष लागदथ्यो,
सरस्वती ठूलो भन्दा लक्ष्मीको कोप जागदथ्यो ।
यस्तै हो भन्नका लागि विष्णुमा दुविधा भयो,
विक्रमादित्यकै सामु न्याय माग्न पठाइयो ॥

आआफ्नो पक्षको तर्क दुवैबाट सुनीकन,
विक्रमादित्यले न्याय दिए निष्पक्ष भैकन ।
सुनियो विक्रमादित्यबाट न्यायिक सम्मति :
'यथार्थमा ठूलो देख्छु लक्ष्मीभन्दा सरस्वती ॥'
सुनेर फैसला यस्तो सरस्वती खुशी भइन्,
किन्तु लक्ष्मी भई रुष्ट बदला लिन तम्सिइन् ।
लक्ष्मीको श्रापले गर्दा महारोगी बनीकन,
विक्रमादित्यले राज्य त्यागी जानुपऱ्यो वन ॥
लक्ष्मीले रोग फैलाइन् वनका जीवमा पनि,
निरोगी नरहोस् कोही उन्को समीपमा भनी ।
बुझेर क्लेशको मूल हो कोप लक्ष्मीकै भनी,
तम्सिए विक्रमादित्य प्रयास गर्न जे पनि ॥
गरेर औषधिमूलो निदान रोगको गरे,

अन्त्यमा पशुको व्याधि बिक्रमादित्यले हरे ।
वत्ती आश्विन औंसीमा नवाल्ने घोषणा भयो,
वालिएन अँध्यारोमा कसैको घरमा दियो ॥

धरामा चूक घोप्ट्याएसरी छायो महातम,
लक्ष्मी भौंतारिंदै खोज्न लागिन् उज्ज्वल आश्रम ।
विक्रमादित्यले मात्र बालेथे घरमा दियो,
तसर्थ औंसीको राति उज्यालो क्यै त्यहाँ थियो ॥
घुम्दाघुम्दै पुगिन् लक्ष्मी वास बस्न त्यतैतिर,
ढोकैमा विक्रमादित्य निस्के स्वागत खातिर ।
कोरेर भुइँमा पाँच रंगले भव्य मण्डल,
गरे अर्पण नैवेद्य, अबीर, अक्षता, फूल ॥
भित्र्याए लक्ष्मीको निम्ति राखेर कमलासन,
गरी सत्कार टक्र्याए देवीमा मिष्ठ भोजन ।
विक्रमादित्यको भक्तिबाट प्रशन्न भैकन,
रोगव्याधि हटाएर सुम्पिन् नरेशमा घन ॥

वर्षनी लक्ष्मीको पूजा गरिन्छ लोकमा अब,
वालेर दीपको माला मनाइन्छ महोत्सव ।
उज्यालो रातमा हुन्छ आश्विन औंसीमा जहाँ,
अवश्यमेव नै हुन्छ निवास लक्ष्मीको त्यहाँ ॥

**

(बज्राचार्य, ११२०, पृ. १३८ : १३९)
९ मई २००४ (आइतवार)

अध्याय - ५

उत्सवपर्व

बिस्केटजात्रा

राजदर्बारमा राति पालो बस्ने थियो प्रथा,
भयभीत थिए भक्तपुरवासी सबै प्रजा ।
क्रमशः राति पालोमा जान बाध्य थिए जन,
गर्न सक्तैनथ्यो कोही राजाज्ञा अवहेलन ॥
अँगाल्नुपर्दथ्यो पाले हुनेले मृत्यु वास्तव,
पालो जो बस्दथ्यो उस्को भेटिन्थ्यो भोरमा शव ।
पालेको मृत्युको भेद पत्ता लाग्दैनथ्यो कुनै,
भोलिपल्ट चलाइन्थ्यो शवयात्रा विहान नै ॥

एकपल्ट पुग्यो पालो बृद्धदम्पत्तिको घर,
भए दुवै बूढाबूढी अत्यन्त नै भयातुर ।
चिन्ता थियो दुवैलाई :
'को जाने दरबारमा ?'
दुईमा एकले पर्थ्यो अँगाल्नु मृत्यु रातमा ॥
बूढो भन्थ्यो :
'म नै गर्छु कालको आज सामना ।'
बूढी भन्थी :
'म के भोगूँ यहाँ वैधव्य ताडना ?'
गर्दै थिए बूढाबूढी तर्कना शोकमा परी,
'पालो को बस्न जाने लौ ?'
गर्थे प्रश्न घरिघरि ॥
पालोको तर लागेन टुंगो वादविवादमा,
दुवै चाहन्नथे पर्न एक्लो बुढेसकालमा ।
गर्दै थिए बूढाबूढी विहानैदेखि चिन्तन,
मर्नुभन्दा थियो बाँच्नु बढी गाह्रो दुवैकन ॥

यत्तिकैमा पुग्यो कोही वास माग्न संघारमा,
फिरन्ता परदेशीको सुनियो स्वर साँझमा ।
सहर्ष वास उस्लाई वृद्धदम्पत्तिले दिए,

पालोको पीरले किन्तु दुवै व्यग्र निकै थिए ॥
छन् शोकाकूल के पर्दा भन्ने बुझेर कारण,
परदेशी भयो राजी पालोमा जान तत्क्षण ।
वृद्धदम्पत्तिको सट्टा पालो बस्न सरासर,
पुग्यो दर्वारमा आफै लिएर खड्ग केवल ॥
परदेशी बस्यो पालो काल पर्खेर रातमा,
थियो सतर्क ज्यादै ऊ लिएर खड्ग हातमा ।
जाग्राम नै बसी राति सोच्दै थियो ऊ कारण,
'पालो बस्ने यहाँ पर्छ मृत्युको मुखमा किन ?'
मध्यरात हुँदा उस्ले देख्यो दृश्य भयंकर :
काला सर्पहरू सुल्ल बगी उठाउँदै शिर,
रानीको नाकका प्वालवाट निस्केर वाहिर,
लम्के पाले हुनेलाई भएर डस्न तत्पर ॥
थिए सर्पहरू ज्यादै मसीना रौप्रमाणका,
हेर्दाहेर्दै लिए तिन्ले स्वरुप भीमकायका ।
परदेशी थियो जागै, उजायो खड्ग आखिर,
प्रहार खड्गको पर्दा गिरे दुवै अजिंगर ॥

भोलिपल्ट सधैंजस्तो मुर्दा लाने लिई खट,
पुगे दर्वारमा मान्छे मलामी वन्न झट्पट ।
किन्तु पाले थियो ज्यूँदै रानीकै सामु खोपीमा,
सुनाउँदै थियो दृश्य देखेथ्यो जुन रातमा ॥
परे अचम्ममा आए मलामी बन्न जो त्यहाँ,
सारा वृतान्तको बिन्ती चढाए नृपतिकहाँ ।
राजा दंग परे ज्ञात हुँदा रहस्य मृत्युको,
गरियो दाहसंस्कार घाटमा दुई सर्पको ॥
देशमा पिटियो झ्याली :
'बिस्यात !'
'सर्प मारियो !'
चोकमा सर्पको सट्टा दुई लिंगो ठड्याइयो ॥
गरियो परदेशीको ठूलो सम्मान वास्तव,
प्रजा हर्षित भै सारा मनाइयो महोत्सव ॥

भन्छन्, आए स्वयं विश्वनाथ उत्सव हेर्न रे,
पाई तान्त्रिकले चाल यत्न पक्रनको गरे ।
लिई भैरवको रुप खोजेथे जब उम्कन,
गरे तान्त्रिकले तिन्को तत्कालै शिरच्छेदन ॥
विश्वनाथ भए लोप मात्र हात पर्‍यो शिर,
विश्वख्वा भनिई त्यस्कै चल्यो जात्रा सरासर ।
रथ तानी रमाएर गर्दै देश परिक्रमा,
हुन्छ भैरवको जात्रा नयाँ वर्षप्रवेशमा ॥

**

घण्टाकर्ण
(गठामुगःचह्रे)

एकपल्ट कुनै एक अघोरी नर देखिया,
मान्दैनथ्यो कुनै देव, ठूलो नास्तिक त्यो थियो ।
कानमा घण्ट झुण्ड्याई गुन्जाई घण्टको ध्वनि,
वस्थ्यो 'ईश्वरको नाम सुन्न नै नपरोस्' भनी ॥
घण्टवाटै रह्यो नाम उस्को गथामुगः अनि,
प्रसिद्ध हुन गो घण्टाकर्णको नामले पनि ।
उभिई वीच बाटोमा नछोपी वस्त्रले हर,
घण्टाकर्ण बजाएर घण्ट सुन्थ्यो निरन्तर ॥

नांगै ऊ वस्तथ्यो देह नछोपीकन शीतमा,
धुनी वालेर ऊ ताप्थ्यो आगो प्रचण्ड गर्मीमा ॥
जहाँ जाँदा पनि घण्ट कानको बज्दथ्यो स्वतः,
नाम ईश्वरको उस्ले सुन्नै पर्दैनथ्यो अतः ॥
न मान्थ्यो ऊ छुवाछूत, न वस्थ्यो उपवास नै,
राजा औ रंकका वीच भेद देख्तैनथ्यो कुनै ।
जे दिए पनि ऊ खान्थ्यो नमानेर कुनै घिन,
यस्तो अधर्मीको नाउँ अघोरी नरहोस् किन ?!
दोवाटोमा वसी नित्य वाटो छेकी समाउँथ्यो,
जगात वटुवावाट घण्टाकर्ण उठाउँथ्यो ।
नरपिशाच भै दुःख दियो उस्ले सवैकन,

उस्को नजीकमा कोही चाहोस् र बस्न नै किन ??

एकपल्ट त्यहाँ छायो निस्तब्धता सबैतिर,
गुञ्जेन किन हो कुन्नि एक्कासि घण्टको स्वर ।
मान्छेहरू भए जम्मा 'भयो के आज यो' भनी,
घण्टाकर्ण समाधिस्थ भएछ निश्चलै बनी ॥
गर्दै विलाप रोएर घण्टाकर्णवरिपरि,
भन्न लागे सबै हाँसो रोकी व्यंग्य निकै गरी :
'सास नै फेर्न बिर्सेर छोड्यो घण्ट बजाउन,
आजै बैतरणी तारौं काजक्रिया गरीकन ॥'
एक चाण्डाललाई नै नांगेझार गरीकन,
पठाइयो कहतारो दिई चन्दा उठाउन ।
गऱ्यो अघोरीझैं त्यस्ले रंगलेपन देहमा
'आज्जु दे हा !'
भनी माग्यो दानदातव्य टोलमा ॥
लग्यो तानेर त्यस्ले नै घण्टाकर्ण नदीतिर,
मलामीझैं सबै लागे हाहा गर्दै पछिल्तिर ।
गरी अन्तिम संस्कार फर्किए घरमै सब,
लुतो पन्छेसरी भन्दै :
'शान्ति होस् देशमा अब !!'
**

(श्रेष्ठ, ११०६, पृ. ३ : ४)
(जूलाई २००३)

नागपञ्चमी

कुनै बेला कहीं एक उर्वरा खेतको मुनि,
आफ्ना तीन शिशुसाथ बस्दथे नागनागिनी ।
चलाएर हलो जोत्दा खेत एक किसानले,
मरेथे नागका बच्चा फालीको तीव्र चोटले ॥

ल्याई आहार बच्चाको निर्मित्त नागिनीले जब,
दुलोको ठाउँमा देखी निष्प्राण शिशुको शव ।
उठाई मुखमा हेरी शोकाकूल भई अति,
शिशुको नेत्रमा देखी हत्याराको मुखाकृति ॥
'ज्यानै लिन्छु म दोषीको, उम्कला त्यो कहाँ ?' भनी

अन्धाधुन्ध भई क्रुद्ध किसानसंग नागिनी ।
पुगी ऊ सुल्ल घिस्रेर राति किसानको घर,
निद्राको काखमा मस्त थिए त्यहाँ सबै नर ॥

नागिनीको डँसाइले निद्रामा नै मरे सब,
एक मात्र रही बाँकी छोरी किसानकी अव ।
आई सुल्ल दुवै जिब्रो लप्काई क्रुद्ध नागिनी,
व्यूँझी किसानकी छोरी सुन्दा हुंकारको ध्वनि ॥
जसै डँस्न भनी लम्की उठाई नागिनी फणा,
चढाई दूधको पात्र गर्न लागी ऊ प्रार्थना ।
तत्कालै नागिनी शान्त भई सुनेर वन्दना,
मनमा द्वेषको सट्टा भरियो स्नेहभावना ॥

प्रतिकार हुनु सट्टा पाई सत्कार निर्मल,
नागिनीमा दया जाग्यो वालिकाप्रति केवल ।
पिएर पात्रको दूध बोली सहर्ष नागिनी :
'नानी, खुशी म छु, माग, चाहेको वर दिन्छु नि !!'
वालिकाले भनी हात जोडी विनम्र भैकन :
'मरेका वावुआमा र दाजुभाइ बचून् पुनः !'
'तथास्तु !'
नागिनी बोली :
'माग फेरि कुनै वर !'
वालिकाले भनी सोच्दै :
'अपुग्दो अरु के छ र ??'
साँधेर मौनता केही विचार मनमा गुनी,
शिर नुहाउँदै उस्ले फेरि नम्र भई भनी :
'के माग्ने ? के नमाग्ने, खै ? घरमा सुखशान्ति होस्,
नागबाट कुनै त्रास आजको दिनमा नहोस् !!'
'तथास्तु ! पूर्ण होस् इच्छा !'
नागिनीले दिई वर,
गई ऊ सुल्ल घिस्रेर बिस्तारै घरवाहिर ।

आमावावु तथा दाजुभाइको साथमा रमी,
वालिकाले खुशीसाथ मनाई नागपञ्चमी ॥

**

(१८ डिसम्बर २००३, विहीवार)
(बज्राचार्य, २०२५, पृ. १२)

भ्यागुतो पुर्णे
(व्यागानके पुन्हो)

शोणितपुरमा बस्थ्यो घण्टासुर भयंकर,
लिन्थ्यो ऊ दिनहुँ एक मुरी भात सधैं कर ।
वोकेर भातको भारी दैत्यलाई बुझाउन,
जान्थ्यो जो दैत्यकै बन्थ्यो त्यो पनि मिष्ट भोजन ॥
मुरी भात पकाइन्थ्यो अश्रुधारा बगाउँदै,
बन्धुवान्धवले गर्थे रुवाबासी बिदा दिँदै ।
आहारा दैत्यको बन्न जानै पर्थ्यो क्रमैसित,
अन्यथा सासना दिन्थ्यो भएर दैत्य क्रोधित ॥

विष्णुको मनमा जाग्यो दया दुःखी प्रजाप्रति,
भ्यागुतोको लिई रुप दिए आएर सम्मति :
'अबउप्रान्त पर्दैन मान्नु त्यो दैत्यको डर,
पर्दैन तिर्न उस्लाई मुरी भात पनि कर ॥'
पकाएको मुरी भात भ्यागुतोलाई नै दिए,
गरेर विष्णुको पूजा प्रजा निश्चिन्तभैं भए ।
मुरी भात लिई तिर्न कर कोही नआउँदा,
भोकाई रीसले चूर भयो दैत्य भने उता...
'पार्छु सखाप आजै म एकै गाँस गरीकन,
अटेरी भै बसेका ती शोणितपुरका जन ।'
सोच्दै मनमनै दैत्य लम्क्यो हुरी चलेसरी,
दाह्रा किटी रिसाएर भोकको झोंकमा परी ॥

'ट्यार्र... ट्यार्र...'
कराएर आलीमा खेतको वसी,
भ्यागुताले भन्यो लाडे स्वरमा व्यंग्य क्यै घसी :
'ए दैत्यराज, जँदैछौ कता आज हतारिँदै,
आँखामा अग्निको ज्वाला बालेर छट्पटाउँदै ??'
भ्यागुताको सुनी वाणी दैत्यको रोकियो गति,
जवाफमा भन्यो खालि बन्दै रवाफिलो अति :
'किन हो, आज आएन कोही तिर्न भनी कर ?
खाक पार्न म जँदैछु बनी आगो भयंकर ॥'

सुनेर दैत्यको यस्तो कुरा खिज्याउँदै अनि
खित्का छोडेर हाँसोको भ्यागुताले भन्यो पनि :
'म जस्तो भ्यागुतोसंगै सक्तैनौ आज दाँजिन,
पार्ने मान्छेहरू खाक गर्छौ घमण्ड नै किन ??'
भ्यागुतोको सुनी यस्तो लाञ्छना दैत्य जंगियो,
पक्री धुजा-धुजा पार्न अगाडि शिघ्र लम्कियो ।
उफ्रँदै भ्यागुतो लाग्यो धापतर्फ सरासर,
रीसले अन्ध भै दौड्यो दैत्य उस्कै पछिल्तिर ॥
पीछा गर्दै पछि लागदा भासियो दैत्य धापमा,
भ्यागुतो उफ्रँदै फर्क्यो शोणितपुर अन्त्यमा ।
सुनायो पुरवासीमा नृशंस दैत्यको गति,
लागे बाजा बजाएर नाच्न ती हर्षले अति ॥

अल्झेको धापमा दैत्य समाचार सुनी जन,
खुंडा तर्वार ली लम्के दैत्य मार्न भनीकन ।
धापसम्म पुगी सोझै छिनाली दैत्यको शिर,
मुक्तिको चिन्हझैं ल्याए जात्रा गर्दै सरासर ॥
दैत्यकी पत्नीले आफ्नो पतिको बदला लिन
हुरीझैं लम्किंदै खोजी पीछा गरेर झम्टिन ।
किन्तु उस्लाई बाँधेर बनाए युद्धबन्दिनी,
जात्रा गर्दै जगल्ट्याए लिंदै हुर्मत नै पनि ॥

विजयोन्मादले मत्त भएर दैत्यनीकन,
नंग्याएर गरे जात्रा दिंदै सास्ती पुनः पुनः ।
लखेटे स्त्रीहरूलाई लाठो र सिस्नुले पनि,
नदेखून् नारीले यस्तो फजिती नारीको भनी ॥

शोणितपुरमा दैत्यवधको वार्षिकोत्सव
मनाउँछन् हिजोआज पनि नाटकझैं सब ।
गरिन्छ भातले पूजा खेतमा भ्यागुताकन,
व्याँजानके पुन्ही भन्ने भ्यागुतो पर्वका दिन ॥

**

(स्रोत : देवरत्न (आसामरु) श्रेष्ठ (तहाननी, थानकोट) बाट प्राप्त सूचना) (श्रेष्ठ, ११०६, पृ. ३ : ४)

रक्षाबन्धन
(राखी)

येन बद्धो वलिराजा दानवेन्द्रो महाबल: ।
तेन त्वां प्रतिवद्धामि रक्षे, माचल माचलं ॥
रक्षादेवीको स्तुति

अतीतमा छिड्यो देवासुर संग्राम भीषण,
देव औ दैत्यका बीच बाह्र वर्ष चल्यो रण ।
युद्धमा अन्त्यमा हार देवता पक्षकै भयो,
चिन्ता र दैन्यको आँधी स्वर्गमा पनि मच्चियो ॥

गुरु बृहस्पतिसामु इन्द्रादि देवता पुगे,
अनि माग्दै परामर्श गुरुको पाउमा झुके ।
उपायहीन भै मौन रहे स्वयं बृहस्पति,
जुक्तिको खोजमा ज्यादै थिए विचारमग्न ती ॥

त्यसै वेला पुगिन् इन्द्रायणी स्वयं त्यहींनिर,
वोलिन् पुलुक्क हेरेर दिई दृष्टि पतितिर :
'अव यी दैत्यको साम्मु मान्नु पर्दैन क्यै भय,
जुक्ति भेट्टाइयो, हाम्रै हुनेछ जीत निश्चय ॥'

इन्द्रको सुनियो प्रश्न कटाक्ष पत्नीमा परी :
'निकाल्यौ जुक्ति के कस्तो ? हुनेछ जीत के गरी ?'
झुकिन् वृहस्पतिसामु इन्द्रायणी अघि सरी,
भन्न लागिन् सवैलाई गुरुको प्रार्थना गरी :
'गुरु, आकाशमा भोलि देखिन्छ पूर्ण चन्द्रमा,
गरौं एक महायज्ञ त्यसै शुभ मुहुर्तमा ।
यज्ञोपवीतको धागो कातेर भोलि दिन्छु म,
रक्षासूत्र त्यही होला यज्ञमा वाँध्नु उत्तम ॥'

डुब्नेको निम्ति त्यान्द्रोझैं प्रस्ताव यज्ञको सुनी,
वृहस्पति भए राजी गर्न यत्न स्वयं पनि ।
'उपाय जो सुझ्यो इन्द्रायणीमा त्यो छ उत्तम,
यज्ञको गर तैयारी, भोलि नै होम गर्छु म ॥'

तैयारी गरियो ठूलो, बालियो यज्ञको धुनी,
होमको निम्ति तैयार भए बृहस्पति अनि ।
गुरु वृहस्पतिद्वारा महायज्ञ पूरा भयो,
मन्त्रोच्चारणका साथै रक्षाबन्धन सुम्पियो :
'जस्बाट बाँधियो वीर महादानी बलितक,
तिम्रो रक्षार्थ बाँध्दैछु, बनोस् यै सूत्र रक्षक[१] !'
बढ्यो साहस इन्द्रादि देवताहरूमा अनि,
देखाए वीरता दैत्यसंगको रणमा पनि ॥

देखेर नाडीमा सूत्र बाँधेको देवसैन्यले,
सातोपुत्लो उड्यो दैत्यहरूको, छक्क ती परे ।
भागे दैत्यहरू सारा स्वीकारेर पराजय,
स्वर्गमा फर्किए इन्द्र हटाई शत्रुको भय ॥

आउने गर्छ फर्केर साउने पूर्णिमा जब,
वर्षानुवर्ष अद्यापि मनाइन्छ महोत्सव ।
जपी मन्त्र जनै फेर्छन् हुनाले गुरुपूर्णिमा,
रक्षाबन्धन वा राखी भन्ने गरिन्छ लोकमा ॥

**

(३० जनवरी २००४, शनिवार)

शृंगभेरीजात्रा
(नेकूजात्रा)

सिंहकेतु थिए राजा शशिपट्टन राज्यमा,
यदाकदा उनी जान्थे सेना लिई शिकारमा ।
पतिव्रता थिइन् उन्की रानी सुलक्षणा अति,
चाहन्थिन् : 'नगरुन् हत्या निर्दोष प्राणीको पति ॥'
शिकार वनमा खेल्ने गर्दथे नृप चाहना,
अहिंसा धर्मको रानी गर्थिन् सदैव पालना ।
रानी चढाउँथिन् विन्ती :
'हिंसावृत्ति अधर्म हो,
गर्नु पर्दछ राजाले सधैं पालन न्यायको ॥'
लागेको लत राजाले सकेनन् छाड्न क्यै गरी,

जान्थे शिकारमा राजा लावालश्कर साथ ली ।
कालको वाण लागेर राजा भए दिवंगत,
सती गइन् पतिसंगै रानी सुलक्षणा अतः ॥

जन्म औ मृत्युको चक्र चलिरहन्छ लोकमा,
पुनर्जन्म दुवैको नै भयो आखिर भूमिमा ।
रानी सुलक्षणा जन्मिन् भई ब्राह्मणनन्दिनी,
रह्यो रूपवती नाम हिसीदार हुँदा उनी ॥
सिंहकेतु हुँदा राजा लिएथे ज्यान जीवको,
अतः राँगो भई जन्मे पापले पूर्वजन्मको ।
घाँटी कसेर दाम्लोले बाँधिए गोठमा उनी,
जहाँ सुलक्षणा जन्मिन् कन्या ब्राह्मणकी बनी ॥

विवाह नगरी रूपवती कन्या बनिरहिन्,
पूर्वानुस्मृतिको शक्ति पाई अचम्ममा परिन् ।
राँगोको रुपमा पूर्वजन्मका देखिंदा पति,
राँगोकै गर्दथिन् सेवा, स्याहार, सुश्रुषा अति ॥
वनमा नित्य लैजान्थिन् राँगोलाई चराउन,
स्नेहले ख्वाउँथिन् कुँडो पकाएर दिनैदिन ।
दैवसंयोगले राँगो भीरबाट खसी मऱ्यो,
पीर रूपवतीलाई पर्नुसम्म त्यहाँ पऱ्यो ॥

बगाई अश्रुको धारा शोकाकूल बनीकन,
भक्कानो मनको पोख्दै लागिन् छाती पिटी रुन ।
सुनी ब्राह्मणकन्याको बिलौना वनप्रान्तमा,
बोधिसत्व सुपारंग पुगे टुप्लुक्क सामुमा ॥
'चारा बनिसक्यो राँगो वन्य ह्रिंसक जन्तुको,
नरोऊ, अन्त्यमा सारा बन्छन् शिकार कालको ।
गाडिद्यौ वटुली हाडखोड बाँकी छ जे जति,
त्यस्माथि चैत्य निर्माण गरियोस् गर्न सद्गति ॥

सिङको अर्घले पानी तीन हप्ता चढाइयोस्,
वनाई सिङकै वाजा हररोज वजाइयोस् ।
त्यसैको पुण्यले गर्दा होला उद्धार अन्त्यमा,
त्यही होला पति तिम्रो जो थियो पूर्वजन्ममा ॥'
नदीको तटमा चैत्य वालुवाको वनाइयो,

राँगोका बटुली हाडखोड त्यस्भित्र गाडियो ।
एउटा सिङको अर्घ बनाई सिंचियो जल,
अर्कोमा प्वाल छेडेर फुक्दा ता गुन्जियो स्वर ॥
अर्घ घोप्ट्याउँदा चैत्यमाथि बन्यो गजुरभैं,
तीन हप्ता बित्यो चैत्य घुमी वाजा वजाउँदै ।
धर्मशील भए शिघ्र त्यहाँ प्रकट चैत्यमा,
जो थिएं नृपति सिंहकेतु नै पूर्वजन्ममा ॥

पति पाई भइन् रूपवती अत्यन्त हर्षित,
भद्रश्रृंगी रह्यो नाम सिङकै मूलले स्वतः ।
वुद्धकै पथको शिक्षा दुवै दम्पतिले लिए,
अहिंसा धर्मको गर्दै पालना मुक्त ती भए ॥

भाद्र कृष्ण द्वितीयामा जात्रा गरिन्छ देशमा,
वजाई सिङको बाजा गरी चैत्य परिक्रमा ।
चैत्यहरू चहारेर वाली बत्ती पनि सब,
जिती मारहरू सारा मनाउँछन् महोत्सव ॥

**

२५ जनवरी २००४ (रविवार)

(बज्राचार्य, ११२०, पृ. ६५ : ६६)

गणेशचौथी
(चथा)

जन्मोत्सव हुँदा खूव ठाँटिएर विनायक,
जाँदै थिए कतै साँझ चढी वाहन मूषक ।
मोटाघाटा थिए ज्यादै भुँडीवाल गजानन,
मूसोलाई पऱ्यो हम्मे डाँडोमाथि चढाउन ॥
वोकी पहाडभैं भीमकाय गणेश पीठमा,
चिप्लिएर लड्यो मूसो भिरालो एक ठाउँमा ।
गणेश तीन वल्ड्यांग खाई लड्न पुगे, अहो !
यौटा दाँत अनायासै चोट लागेर टुक्रियो ॥

देखी गणेशको यस्तो विजोग तल भूमिमा,
खिसिट्यूरी गरी हाँसे नभमा माथि चन्द्रमा ।
माथि आकाशमा हाँसो, असह्य दुर्दशा तल,
गणेश उभिए बल्ल लगाएर सबै बल ॥
देखेर चन्द्रमाबाट भएको अवहेलना,
गणेशले दिने दण्ड गरे तत्काल चाहना ।
टिपेर दाँतको टुक्रा हुर्र्याए चन्द्रमातिर,
क्षतविक्षत भैहाल्यो मुखमण्डल आखिर ॥

गणेश जंगिए खूब चन्द्रको व्यवहारले,
धारे हात लगाएर दिए सराप रीसले :
'कलंक मुखमा तेरो लागोस् प्रहार यो परी,
जो हेर्ला मुख तेरो त्यो बनोस् चोर सधैंभरि !!'
बर्जँदा चन्द्रमामाथि दाँत त्यो जुन फ्याँकियो,
चन्द्रको मुखमा दाग त्यसै प्रहारले रह्यो ।
चन्द्रमा देखिंदा लागे फर्काउन सबै मुख,
पर्न चाहन्नथ्यो कोही बित्थामा चन्द्रसम्मुख ॥

मुख हेर्दैनथ्यो कोही मान्दै सरापको डर,
चन्द्रमा लाजले गर्दा छाडे निस्कन बाहिर ।
अन्त्यमा चन्द्रमालाई बसि नसक्नु भो जब,
श्रापमुक्त हुने खोजे उपाय हरसम्भव ॥
पुगे गणेशको सामु प्रार्थना गर्न चन्द्रमा,
लड्डू, मूला अनि दूबो लिएर दुई हातमा ।
झुकाई शिर पाउमा पर्दै गणेशको अनि
चढाई सब यो बिन्ती गरे माग्दै क्षमा पनि :
'कलंक मुखमा लाग्दा मेरो सारा गुम्यो सुख,
लुकेर कसरी बस्ने नदेखाई यहाँ मुख ?
मबाट हुन गो भूल, क्षमा पाऊँ, गजानन,
शरणागत छु, नाथ, गरिद्यौ श्रापमोचन !!'
चन्द्रमाको सुनी बिन्ती जाग्यो दया गणेशमा,
कसूर चन्द्रमालाई गणेशबाट भो क्षमा ।
घमण्डी नबनोस् कोही भविष्यमा भनीकन,
किन्तु श्राप रह्यो बाँकी गणेशचौथीका दिन ॥

गणेशचौथीमा हेर्नु हुँदैन मुख चन्द्रको,
हेरेमा चन्द्रमा राति कलंक लाग्छ चोरको ।

जन्मोत्सव मनाइन्छ गणेशको त्यसै दिन,
राति कोठा थुनी लुक्छन् नगर्न चन्द्र दर्शन ॥

एकदन्त रह्यो नाम दाँत टुट्दा अचानक,
चथाद्यो नाम पाएर बने पूज्य विनायक ।
गणेशचौथीको पर्व भनिन्छ लोकमा- चथा,
चन्द्रको दागमा मानौं भयो अंकित यै कथा ॥

**

(२२ जुलाई २००३, मंगलवार)

तीज
(हरितालिका)

गर्दथे शिशुको इच्छा मेनका र हिमालय,
पुत्रीको जन्मले गर्दा प्रफुल्ल हर्षले भए ।
गौरी गोरी हुँदा, शैलोत्पन्न भै गिरिजा भयो,
हुँदा पर्वतकी छोरी पार्वती नाम राखियो ॥

भयो विवाहको निम्ति योग्य पार्वतीको वय,
'वर खोज्ने कहाँ ?'
भन्थे मेनका र हिमालय ।
कन्यादान दिने विष्णुलाई भो जब निर्णय,
लुक्न जाने कतै भागी पार्वतीले गरिन् तय ॥
आलिका संगिनीलाई बताइन् मनको बह,
ठाउँ लुक्ने कतै खोज्न गरिन् विनम्र आग्रह ।
आलिकाले लगी सुदृ डोर्याई पार्वतीकन,
पुऱ्याई वनको एक गुफाभित्र लुकाउन ॥

पञ्चैवाजा बजाएर विवाहोत्सवकै घडी,
जन्तीकै साथमा विष्णु आए गरुडमा चढी ।
स्यूँचुलीमुनि नै भव्य थियो विवाहमण्डप,
कन्याको किन्तु लागेन पत्तो खोज्दा पनि खुब ॥

झुकेर विष्णुका सामु भन्न लागे हिमालय :
'कन्यावेगर वित्ने भो बिहेको लग्न निश्चय ।'
विचारमग्न भै विष्णु परे क्यै क्षण सोचमा,

मुसुक्क मुस्कुराएर दिए उत्तर अन्त्यमा :
'विश्वमा विधिको लेखा टार्न क्वै छैन सक्षम,
पार्वती शिवकै शक्ति बन्ने देख्छु म उत्तम ।
पठाऊ आलिकालाई वनमा खोज्न पार्वती,
गर्छिन् जो शिवकै भक्ति, पाउलिन् शिव नै पति ॥'

प्रातः आराधना गर्थिन् शिवको नित्य पार्वती,
दृढ इच्छा थियो उन्को पाउने शिव नै पति ।
शिवलिंग बनाएर दत्तचित्त भई अति,
गुफाभित्र लुकी लागिन् तपस्या गर्न पार्वती ॥
इन्द्रको रुपमा आई भन्न लागे महेश्वर :
'जे माग्छ्यौ, माग, दिन्छु म मनोवांक्षित नै वर !'
गरेर इन्द्रको पूजा भनिन् पार्वतीले पनि :
'सेवा म शिवको गर्न पाऊँ अर्धांगिनी बनी ॥'
प्रेमीको भूमिका खेल्ने इन्द्रको सुनियो स्वर :
'छाडेर स्वर्गको राज्य रोज्दछ्यौ किन शंकर ?
विष, भांग, धतुरो जो गरी सेवन वस्दछ,
सर्पको गहना भिर्छ, देहमा खाक घस्दछ ॥

वजाई डमरु नाच्छ लिई त्रिशूल हातमा,
साँढेमाथि चढी घुम्छ सर्प बेह्रेर देहमा ।
नांगो नै हिंड्छ निर्लज्ज गरेर भष्मलेपन,
छ्याः ! कुरुप पति त्यस्तो शिव नै माग्दछ्यौ किन ??'
सुनेर इन्द्रको यस्तो भर्त्सना शिवका प्रति,
सराप्न तम्सिइन् थर्र कामेर क्रुद्ध पार्वती ।
लाग्नेछ श्राप कन्याको भन्ने बुझेर वास्तव,
गुफामा इन्द्रको सट्टा तत्कालै देखिए शिव ॥

आराध्यदेवको पाई अप्रत्यासित दर्शन,
भयो पार्वतीको रोष सुखमा परिवर्तन ।
झुकेर शिवको सामु हुँदै पार्वती लज्जित,
सभक्ति शिवमा पुष्पमाला गरिन् समर्पित ॥

पुगिन् ठीक त्यसै वेला गुफामा आलिका पनि,
शिव औ पार्वतीसाथै फर्किन् दर्वारमा उनी ।
हर्षोल्लास त्यहाँ छाया विवाहोत्सवको अति,
शिव नै पति पाएर भइन् प्रशन्न पार्वती ॥

**

(२० फरवरी २००४)

इन्द्रजात्रा

एकपल्ट भयो देवासुर संग्राम वस्तुतः,
धेरैपल्ट भए दैत्यबाट देव पराजित,
अन्त्यमा स्वर्ग त्यागेर इन्द्र सैन्य सबै लिई,
पुगे बैकुण्ठमा विष्णुसामु त्वंशरणम् भई ॥
अह्राए विष्णुले इन्द्रलाई ध्वजा ठड्याउन,
शिवबाट कुनै वेला पाएथे विष्णुले जुन :
'अब प्रसिद्ध यो होला इन्द्रध्वज भनेर नै,
जो पूजा गर्छ त्यस्लाई हुन्न जित्ने यहाँ कुनै ॥'
पाएर विष्णुको आज्ञा ठड्याए इन्द्रले ध्वजा,
पुष्पपत्र चढाएर भक्तिसाथ गरे पूजा ।
एकत्रित भए देवगण त्यसै ध्वजामुनि,
जितेर दैत्यको सैन्य विजयी ती बने अनि ॥

गरी इन्द्रध्वजोत्थान स्वर्गमा देवता सब,
रमाए हर्षले नाच्दै मनाई विजयोत्सव ।
भए असक्त नै धावा स्वर्गमा गर्न दानव,
छर्दै इन्द्रध्वजा शान्ति फहराउँछ वास्तव ॥

डाकिनीले गरिन् इच्छा तीजको व्रतका दिन,
गर्ने वसुन्धरा पूजा चढाई पुष्प काञ्चन ।
खोजियो इन्द्रको पुष्पबाटिकामा जतातते,
पाइएन चिताएको पुष्प नै स्वर्गमा कतै ॥
फूल ल्याउनका निम्ति गएर मर्त्यलोकमा,
इन्द्रलाई भयो आज्ञा डाकिनीबाट स्वर्गमा ।
फूलको खोजमा इन्द्र चहार्दै सब ठाउँमा,
जम्बूद्वीप हुँदै घुम्दै पुगे नेपालभूमिमा ॥

देखे कान्तिपुरीबीच बगैंचामा मनोहर,
अनेक फूलका माझ पारिजात सुकोमल ।
लम्किए फूलको वोटअगाडि इन्द्र तानिँदै,
लटरम्म फुलेको त्यो देखिन्थ्यो मगमगाउँदै ॥
टिपी टप्प त्यही पुष्प स्वर्ग जान हतारिए,
परन्तु फूलको चोरी गर्दा ट्याप्प समातिए ।

पुरवासीहरू आई गलहत्याउँदै लगे,
वन्दै पात्र तमाशाको इन्द्र मरुहिटी पुगे ॥

चोरको बाँधियो हातगोडा ज्यादै कसीकन,
असमर्थ थिए इन्द्र भाग्न तोडेर बन्धन ।
त्यहीं चिसो छिंडीभित्र राखियो पहरा दिई,
चोरीको दोषमा इन्द्र डल्लिए थुनुवा भई ॥
'फर्केन स्वर्गमा इन्द्र के भई यत्तिका दिन ?
वसुन्धरापूजा गर्न ल्याएन फूल खै, किन ?'
गरेर तर्कना यस्तै प्रतीक्षारत डाकिनी
सोझै भूतलमा ओर्लिन् 'खोज्छु पुत्र स्वयं' भनी ॥
पुगिन् मरुहिटी इन्द्र खोज्दै सर्वत्र डाकिनी,
त्यहाँ इन्द्र थिए भोग्दै यातना थुनुवा बनी ।
पुत्रको दुर्दशा देखी ज्यादै दुखी बनिन् उनी,
परन्तु मुक्तिका लागि देखिनन् जुक्ति क्यै पनि ॥

पुरवासी गुहारेर पोखिन् हृदय वेदना,
इन्द्रको मुक्तिका लागि गर्दै विनम्र प्रार्थना ।
ज्यादै अचम्ममा कान्तिपुरवासीहरू परे,
अकमक्क परी उल्टै प्रश्न यस्तो त्यहाँ गरे :
'रहेछन् इन्द्र पो फूलचोर ?। कस्तो विचित्र ए ?।
मुक्तिको वदला मागौं दुई थोक त्यसो भए ॥'
सबैको रायसल्लाहवाट यस्तो निधो भयो,
राखियो डाकिनीसामु दुई प्रमुख माग यो :
'वालीनाली सधैं राम्रो भूमिमा अन्नको फलोस् !
आत्मा वर्षभरि मर्नेहरूको स्वर्गमा पुगोस् !!'
पूरा गर्न दुवै माग भइन् डाकिनी तत्पर,
वाचा बाँधेपछि इन्द्र भए मुक्त सरासर ।
फलाउन यहाँ राम्रो बाली भनेर अन्नको,
इन्द्रवाट तुवाँलो र शीतको सिर्जना भयो ॥

पूर्ण नेपालवासीको यौटा माग गरीकन,
इन्द्रको साथमा लागिन् डाकिनी स्वर्ग उक्लन ।
मृतात्माहरूले देखून् गोरेटो स्वर्गको भनी,
वाली वौमत आफन्त पछि लागे स्वयं पनि ॥
डाँडामाथि पुगे सारा कुण्ड यौटा थियो जहाँ,
इन्द्र औ डाकिनी लोप भए तत्काल नै त्यहाँ ।

तसर्थ कुण्ड अद्यापि इन्द्रदह भनिन्छ त्यो,
दहोच्च नामको डाँडो दहचोक यहाँ भयो ॥

इन्द्र औ डाकिनी सुदृ उक्लिए स्वर्गलोकमा,
अलपत्र सवैलाई छोडेर मर्त्यलोकमा ।
तैपनि मागको पूर्ति हुने विश्वासमा जन,
इन्द्रदहतकै पुग्छन् बाटो देखाउँदै पुनः ॥

**

(१ अगस्त २००३, शुक्रवार)

लक्ष्मीपूजा

वलि भन्ने थिए दैत्यगणका एक नृपति,
जितेर पृथिवी सारा बने नामी महीपति ।
देवलोक पुगी उन्ले लडाईंमा लुटी धन,
ल्याए बन्दी तुल्याएर देवदेवी अनेकन ॥
अँध्यारो बन्द कोठामा लक्ष्मीलाई थुनिदिए,
धनसम्पत्ति सम्पूर्ण आफ्नो नै वशमा लिए ॥
थिए विष्णु पनि म्लान नहुँदा लक्ष्मी साथमा,
तम नैराश्यको छायो सम्पूर्ण देवलोकमा ॥
'के गर्ने अब, लौ !'
भन्थे स्वर्गमा सव देवता,
विजेता वलिको अर्कै दिनचर्या थियो यता ।
बिहानै नगरी दान मगन्तेहरूमा नित,
नहाल्ने मुखमा अन्न लिए उन्ले महाव्रत ॥
पुग्थ्यो दर्वारमा नित्य केही माग्न भनेर जो,
इच्छामाफिकको दान पाउँथ्यो वलिवाट त्यो ।
वलि नाम रह्यो उन्को हुनाले अति नै वल,
दानवीर वने ठूला गर्नाले दान केवल ॥

प्रयोग वलिकै दानशीलताको गरीकन,
निकाले विष्णुले जुक्ति वलिको तोड्न वन्धन ।
लिई वामनको रुप बाउन्ने कद केवल,
भए दर्वारमा एकाविहानै विष्णु दाखिल ॥
देखेर वलिराजाले आएको एक ब्राह्मण,
गर्दैं स्वागत सत्कार भने निकै भुकीकन :

'आयौ कष्ट गरी दूर देशवाट हिंडीकन,
के दान माग्न चाहन्छौ ? माग, दिन्छु म, वामन !!'
भन्यो वामनले :
'देऊ जमीन तीन पाइला,
म आफै पद चालेर दानको भूमि नापुँला ।'
मात्र त्रिपद भूमिको नगण्य याचना सुनी,
बलिराजा परी छक्क भन्न लागे त्यहाँ अनि :
'चौद्धै भुवन, त्रिलोक छ मेरो नै अधीनमा,
स्वामित्व मागदछौ तीन पाइलाको जमीनमा ।
यत्रो भूपति भै आज नगण्य दान के गरुँ ?
माग यथेष्ट सम्पत्ति वा एक राज्य नै बरु ॥'

'देऊ दिने भए दान, के गर्नु तर्क व्यर्थमा ?'
त्यहाँ वामनले अड्डी लियो आफ्नै विचारमा ।
गरेर बलिराजाले निधो आग्रहपूर्तिको,
तिलाञ्जली दिंदै दान गरे त्रिपद भूमिको ॥

उठ्यो नाप्न भनी तीन पाइला भूमि वामन,
देहमा देखियो उस्को एक्कासि परिवर्तन ।
शिर आकाशमा ठाडो, गोडा जमीनमै थियो,
पाइला पहिलो सार्दा पृथिवीतल नापियो ॥

नापियो स्वर्गपर्यन्त पग दोस्रो उठ्यो जव,
रहेन देखिने ठाउँ बाँकी संसारमा अब ।
थिएन पाइला तेस्रो सार्ने स्थान कतै पनि,
तसर्थ बलिले थापे माथा त्यो पगको मुनि ॥

गोडा वामनको पर्दा पुगे पातालमा वलि,
गरे बन्दीहरू मुक्त विष्णुको शिघ्र रुप ली ।
वलि हुँदा महादानी राज्य पातालको दिए,
लक्ष्मीलाई लिई साथ विष्णु बैकुण्ठमा गए ॥

घट्यो कार्तिक औंसीमा घटना यो अतीतमा,
चहार्छिन् तममा लक्ष्मी खोज्दै प्रकाश विश्वमा ।
दीपावली मनाइन्छ लक्ष्मीको मुक्तिका दिन,
गाईपूजा पनि हुन्छ यसैको स्मृतिमा पुनः ॥

**

१६ जनवरी २००४ (शुक्रवार)

नेपाल सम्बत्

सिद्धिवन्त थियो नामी ज्योतिषी भक्तपुरमा,
गन्दथ्यो नभका तारा औ नक्षत्र ऊ रातमा ।
शास्त्रोक्त रीतिले उस्ले बिचार्दा ग्रहको गति,
मुहूर्त भेटियो बन्ने सुवर्ण बालुवा जति ॥

पुगी दर्बार तत्काले आनन्ददेवसम्मुख,
भन्यो ज्योतिषले सोझै पारेर हँसिलो मुख :
'प्रभु, भद्रमती मिल्छ जहाँ विष्णुमतीसित,
जोग देख्छु त्यहाँ बन्ने बालुवा सुन नै स्वतः ॥'
बोलाए नृपले चारजना ज्यापु त्यही क्षण,
राम्रोसंग अह्राएर पठाए बालुवा लिन ।
गए ज्यापुहरू कान्तिपुरको लखुतीर्थमा,
पुगे विष्णुमतीछेउ लिई खर्पन रातमा ॥

भद्रमती तथा विष्णुमती दोभानमा झुकी,
रात औ दिनको सन्धिवेलामा बालुवा झिकी ।
भरी डालाहरू टन्न गह्रौं बोकेर खर्पन,
फेरि कान्तिपुरी पस्दै लागे ती घर फर्कन ॥

बाटोमै पर्दथ्यो कान्तिपुरका साहुको घर,
नाम उस्को थियो शंखधर, साख्वाः थियो थर ।
ब्यूँझ्यो निद्रा टुटी साहु चर्को कल्याङ्मल्याङ् सुनी,
एकाविहान गल्लीमा आफ्नो नै घरको मुनि ॥
झ्यालमा उभिई शंखधर हेरेर बाहिर,
भरियाहरूमा फ्याँक्न थाल्यो प्रश्न सरासर :
'को हौ ?
आयौ कहाँबाट विहानै ?
घर हो कहाँ ?
के छ खर्पनमा माल ?
लाँदैछौ बेच्न त्यो कहाँ ??'
'आयौं भक्तपुरीबाट, हामी बस्छौं त्यतैतिर,
जाँदैछौं बालुवा विष्णुमतीबाट लिई घर ।'

भरियाहरूको यस्तो सुनी जवाफ निश्चित,
सोच्न थाल्यो भई शंखधर ज्यादै सशंकित :
'किन विष्णुमतीबाट रातमै वालुवा झिके ?
किन भक्तपुरीसम्म लाँदैछन् त्यो ? रहस्य के ?'
कुरा खेलाउँदै शंखधर विस्मित झन् बन्यो,
उस्ले ज्यापुहरूलाई डाँकेर अन्त्यमा भन्यो :
'खन्याऊ वालुवा मेरै छिंडीमा, लौ न, दाजुहो,
ज्याला मबाट नै लेऊ, सित्तैको बालुवा न हो !
लखुतीर्थ गई फेरि झिकेर वालुवा भरी,
जानू भक्तपुरीतर्फ खानपीन यहीं गरी ॥'

ज्यापुहरू परे दंग प्रस्ताव साहुको सुनी,
खन्याए बालुवा शंखधरकै घरको मुनि ।
वोकेर बालुवा ल्याए फेरि विष्णुमती झरी,
खुवाए साहुले खाना क्षुधा तृप्त हुनेगरी ॥

वोकेर बालुवा ज्यापु रमाउँदै पुगे घर,
सुनको ठाउँमा देखे नृपले बालुवै तर ।
'खाइयो मनको लड्डु घिउसंग भुटीकन ?'
ज्योतिषीले बनाएझैं लाग्यो मूर्ख स्वयंकन ॥
-बोलावट भयो राजाबाट ज्योतिषको पुनः
'तेरो शास्त्र झूठो निस्क्यो, के हुन्थ्यो बालुवा सुन ?'
झोक्किए ज्योतिषीसंग आनन्ददेव वेसरी,
फर्क्यो ज्योतिष दर्वारबाट अन्यौलमा परी ॥

'शास्त्रको गणना सत्य निस्केन, व्यर्थ भो सब,
के महत्व रह्यो यस्तो असत्य शास्त्रको अव ?'
रीसको झोंकमा यस्तै तर्कना मनमा गुनी,
फ्याँक्यो अगेनुमा ग्रन्थहरू ज्योतिषले अनि ॥

आनन्ददेवले फेरि गरे सूक्ष्म निरीक्षण,
डालाको पींधमा देखे पहेंला सुनका कण ।
केरकार गरे ज्यापुहरू डाँकेर वेसरी,
वुझियो, वालुवा ल्याए जव जोग गयो टरी ॥
'जंगिएँ ज्योतिषीसंग विनाकसूर आखिर ।'
राजा यो मनमा गुन्दै पुगे ज्योतिषको घर ।
वायुशास्त्र, जलशास्त्र, भूशास्त्र, शास्त्र व्यापक

देखे अर्गेनुमा ग्रन्थ होमिएको अनाहक ॥

राजा र ज्योतिषी पश्चात्ताप गर्दै थिए यता,
सुवर्ण थुप्रियो शंखधरको घरमा उता ।
यो विधि सुन पाएर सोच्न लाग्यो ऊ हर्दम :
'गर्नु मोजमजाभन्दा कीर्ति राख्नु छ उत्तम ॥'
चार दिन अहोरात्र गरी मनन चिन्तन,
सारा तिरिदियो शंखधरले लोकको ऋण ।
प्रफुल्लित भए ज्यादै ऋणमुक्त प्रजा सब,
मनाए म्हपूजा गर्दै हर्षपूर्वक उत्सव ॥
बन्यो प्रस्तरको मूर्ति आफ्नै आकृतिबाट जो,
राख्यो पशुपतिनाथबाट दक्षिणतर्फ सो ।
बचेको धनले उस्ले निर्माण चैत्यको गर्‍यो,
कीर्ति राखेर ऊ मुक्त भई आखिरमा तर्‍यो ॥

लिई नेपालका तीनै नृपको सर्वसम्मति,
ऋणमुक्त प्रजालाई गरी खर्चेर सम्पति,
फिराएथ्यो यहाँ शंखधरले नववर्ष जो,
भयो नेपाल सम्वत्‌को नामद्वारा प्रसिद्ध त्यो ॥

**

(१७ डिसम्बर २००३, बुधवार)
(बज्राचार्य, ११२०, पृ. १५१) ।

बालाचतुर्दशी
(बालाचह्रे)

नेपालमा थिए राजा कुनै भुवनकेसरी,
चलाउँथे उनी राज्य न्यायको पालना गरी ।
हरेक कामको निम्ति गुठी हुन्थ्यो व्यवस्थित,
गुठीयारहरू गर्थे तोकिन्थ्यो काम जो स्वतः ॥
मरे आफन्त क्वै जान्थे मलामी भै सवैजन,
गर्दथे दाहसंस्कार पालैसान्ति मिलीकन ।
मर्नेको स्मृतिका साथै गरिन्थ्यो गुणवर्णन,
खाना पनि त्यहीं खान्थे चितानेरै वसीकन ॥

एकपल्ट गुठियार मर्दा पालो पर्‍यो जब,
बालानन्द गयो पोल्न लिई मृतकको शव ।
चिताको अग्निले प्याट्ट फुटी मृतकको शिर,
उछिट्टियो गिदी बालानन्दकै टपरीतिर ॥
खायो गिदी मिठो मानी उस्ले अज्ञानतावश,
बन्यो ऊ शिघ्र चाँदीको शिरले युक्त राक्षस ।
मुर्दा खोसेर खान्थ्यो ऊ चहार्दै श्लेषमान्तक,
बालासुर रहृयो नाम हुनाले नरभक्षक ॥

पाएनन् जनले दाह गर्न मृतकको शव,
गुनासो नृपमा पोख्न पुगे दर्बारमा सब :
'सद्गतिं गर्न पाएनौ जातकर्मानुसार नै,
दैत्य मार्ने, महाराज, जुक्ति निकालियोस् कुनै ॥'
प्रजाको दुःखले आर्द्र भए भुवनकेसरी,
किन्तु राक्षस त्यो मार्न सकिएन कसै गरी ।
कुनै सीप नलागेर सभा तुरुन्त डाँकियो,
चर्को विवाद टुंग्याई बृद्धले राय यो दियो :
'प्रभु, त्यो दैत्य संहार गर्ने उपाय एक छ,
यो कार्य सिद्धिका लागि वृषसिंह समर्थ छ ।
त्यो थियो पहिले बालानन्दकै मीत आत्मीय,
उसैको हातले होला दैत्यको मृत्यु निश्चय ॥'

बोलावट हुँदा राजाबाट तत्काल हाजिर
भयो दर्बारमा वृषसिंह वैश्य सरासर ।
प्रजाको गर्न उद्धार सिकाई जुक्ति त्यै घडी,
भन्न लागे सविस्तार राजा भुवनकेसरी :
'वृषसिंह, तँ जा चाँडो, कोसेली पनि क्यै लगी,
थियो रे मीत त्यो तेरै बालानन्द हुँदा अघि !
तसर्थ दैत्य त्यो मार्न हुनुपर्ने छ तत्पर,
जसरी हुन्छ मारेर ल्या बालासुरको शिर ॥'
सकिन्थ्यो गर्न नै के र ? राजाज्ञा नै यही थियो,
एक घ्याम्पो लिई जाँड साँझै ऊ वनमा गयो ।

मासु र चिउरा बोक्ने भरिया लिई साथमा,
वृषसिंह पुग्यो खोज्दै मीत श्मशानघाटमा ॥
देखी मलामी आएझैं कोही बोकेर मृतक,
निस्क्यो झम्टनका लागि बालासुर अचानक ।
टाढैबाट भन्यो वृषसिंहले :
'मीतज्यू, म हुँ !
सौगात लिनुहोस् मीठो, आएको भेट्न पो म हुँ !!'
मीतलाई चिनी बालासुर दंग परी खुव,
भलाकुसारीका साथै कोसेली हसुर्‍यो सब ।
जाँडको मात लागेर दैत्य निश्चेतझैं भयो,
त्यही औसर पारेर शिर त्यस्को छिनालियो ॥

बोकेर झल्झलाकार चाँदीको शिर तत्क्षण,
पुग्यो दर्बारमा वृषसिंह हाल बताउन ।
चिन्ताले मित्रहत्याको ज्यादै उदास ऊ बन्यो,
चाँदीको टाउको राजालाई टक्र्याउँदै भन्यो :
'प्रभु, काम भयो फत्ते, आज्ञा गरें शिरोपर,
आत्मीय मीतको ल्याएँ काटेर चाँदीको शिर ।
पापमोचनका लागि यसैको गहना जति,
पाउँ पशुपतिलाई चढाउने अनुमति ॥'

इच्छा उस्को हुँदा राजाबाट सहर्ष स्वीकृत,
वृषसिंह पर्‍यो दंग पाई बक्सीस वांछित ।
चाँदीको टाउकोबाट बनायो गहना पनि,
सारा पशुपतिनाथलाई अर्पिदियो अनि ॥

भयो पशुपतिबाट आज्ञा दिएर दर्शन :
'वृषसिंह, तिमीलाई चाहिन्छ के कुरा ? भन !'
हात जोडी भन्यो उस्ले :
'मित्रघाती रहेछु म,
नलागोस् मित्रहत्याको पाप, यै वर पाऊँ म !!'
'तथास्तु !'

वन घन्काई सुनियो शिवको स्वर :
'कदापि मित्रहत्याको नरहोस् पापको डर ।
वालापीठभरि छर्दा शतबीज घुमीकन,
हुनेछ सात पुस्ताले गरेको पापमोचन ॥'
वर प्राप्त गरी यस्तो वृषसिंह भयो खुशी,
त्यही दिवसको नाम रह्यो बालाचतुर्दशी ।
वृषसिंह तपस्यामा भयो लीन निकै दिन,
चाहना हुन गो हेर्ने भएको पापमोचन ॥

कुवा पशुपतिनाथनिरै दक्षिणमा थियो,
पुनर्जन्म कहाँ होला भनी हेर्न त्यहीं गयो ।
छायामा देखियो एक माछाको आकृति पनि,
ठान्यो : 'भविष्यमा मेरो हुने भो मत्स्यको जुनी ॥'
माछाको योनिमा पाप नलागोस् क्यै पछि भनी
राख्यो गुठी शतबीज छर्ने माछा हुँदा पनि ।
वर्षैपिच्छे यहाँ पर्व मनाइन्छ त्यसै गरी,
शतबीज पनि छर्छन् वालापीठ घुमीवरी ॥

एकपल्ट चल्यो झोंक राजा शंकरदेवमा,
देखी कुक्कुरको योनि त्यो पुनर्जन्मकुण्डमा ।
कुवा त्यो पुरियो हुन्थ्यो जहाँ भविष्यदर्शन,
विराटेश्वरको लिंग भयो त्यस्माथि स्थापन ॥

**

(वज्राचार्य, ११२०, पृ. १५९ : १६०,
सिजापति, २०११, पृ. ६५ : ६८)
(६ जनवरी २००४, सोमवार)

धान्यपूर्णिमा
(योमह्रीपुन्ही)

पांचाल देशमा बस्थ्यो सुचन्द्र नामको धनी,
ज्यादै शीलवती उस्ले पायो जीवनसंगिनी ।
एकाविहान आएर कुबेर बिमिरो लिई,
भिक्षा त्यै घरमा मागे स्वयं दरिद्रभैं भई ॥
मगन्ते एक आएको देखेर भ्यालमुन्तिर,
ओर्ली सुचन्द्रकी पत्नी स्वागतार्थ स्वयं तल ।
गरी स्वागत सत्कार भुत्रेभाम्रे दरिद्रको,
भरपेट खुवाएर दिई वस्त्र पनि निको ॥
भई सन्तुष्ट स्वादिष्ट खानाको परिकारले,
यथार्थ रुप देखाए भेषधारी कुबेरले ।
चाहना गुणको सट्टा भयो लगाउने गुण,
भने सुचन्द्रकी पत्नीलाई दयार्द भैकन :
'दरिद्रको गर्‍यौ सेवा क्षुधा तृप्त गरीकन,
हर ढाकिदियौ नांगो दिएर वस्त्र नूतन ।
भकारीमा बढोस् अन्न, घरमा धनसम्पति,
कहिल्यै नपरोस् भोग्न पीडा अभावको रति ॥'
भई प्रशन्न सेवाले कुबेरले दिए वर,
भने :

'चामलको रोटी बनाऊ अब सुन्दर ।
नयाँ चामल जाँतोमा पिंधी मैदा बनाउनू,
तिलको चूर्ण चाकुको भोलसंग मिसाउनू ॥
मुछी चामलको पीठो डल्लो पात्र बनाउनू,
त्यसैमा गुलियो लेदो भरी छिद्र थुनीदिनू ।
विभिन्न रुपमा ढाली बफाएर पकाउनू,
योमह्री नामको लोकप्रिय रोटी बनाउनू ॥

अन्न राख्ने भकारीमा विमिरो स्थापना गरी,
चढाउनू वहुरूपी त्यही स्वादिष्ट योमह्री ।
चतुर्थ दिनमा बाँडी खानू प्रसाद आखिर,
धनधान्य ब्रढी लक्ष्मी रहला घरमा स्थिर ॥'
अर्ति सुचन्द्रकी पत्नीलाई कुवेरले दिए,
विमिरो पनि सुम्पेर अन्तर्ध्यान भई गए ।

सुचन्द्रको भयो वृद्धि घरमा धनसम्पति,
वसे योमह्री बाँडेर सुखपूर्वक दम्पति ॥

घुमेर चन्द्रमा पुग्दा मृगशिरा नक्षत्रमा,
मनाइन्छ पकाएर योमह्री धान्यपूर्णिमा ।
मनाइन्छ नयाँ अन्न चाखेको भव्य उत्सव,
विभिन्न थरीका पारी तयार योमह्री खुब ॥
कुनै घोडा र माछा औ हात्तीसूँढे गणेशझैं,
कुनै लक्ष्मी, कुनै फेरि भुँडीवाल कुवेरझैं ।
गुदी छ गुलियो भित्र, देखिन्छ स्निग्ध बाहिर,
रोटीको रुप स्रष्टाको कल्पनातुल्य सुन्दर ॥
जब मार्ग महीनामा देखिन्छ पूर्ण चन्द्रमा,
बाँडिन्छ योमह्री मीठो पुर्णेको रम्य साँझमा ।
वर्षेनी योमह्री मीठो माग्छन् बालक टोलका,
स्वादिलो योमह्री खाई रम्दछन् बालवालिका ॥

**

(१५ डिसम्बर २००३, सोमवार)

भोटो जात्रा

वस्थ्यो टौंदहमा कर्कोटक नाग सपत्निक,
नागिनीको दुख्यो आँखा एकपल्ट अचानक ।
पीडाले नागिनी रुन्थी आँसु झारेर बर्बर,
वैद्य खोज्न भनी नाग निस्क्यो तलाउवाहिर ॥

लिई मानिसको रूप कर्कोटक सरासर
ज्यापूको एक छाप्रोमा पुग्यो कतै ठिमीनिर ।
देखियो गोठमा ज्यापू, जो पिंधेर जडीवूटी,
आँखामा लेप हाल्दैथ्यो वाखाको गर्न ओखती ॥
आँखाको रोगको वैद्य हो पक्कै पनि यै भनी
एकै छिन विचारेर गर्दै शिघ्र निधो पनि ।
कर्कोटक पुगी उस्कै छेउमा लम्किईकन
गर्न लाग्यो अनुरोध अति विनम्र भैकन :
'ए ज्यापूदाइ, विन्ती छ, ममाथि क्यै दया गर,
रुन्छे असह्य पीडाले मेरी स्वास्नी निरन्तर,

आँखा ज्यादै दुख्यो भन्दै गर्छे हर्दम क्रन्दन,
लौ न, जे जसरी हुन्छ, ओखती गर, सज्जन !!'
सुनेर नागको यस्तो वेदनायुक्त आग्रह,
ज्यापू पुग्यो उसैसंग वात मारेर टौदह ।
डिलमा दहको टक्क उभिईकन नागले,
आँखा चिम्ल भन्यो ज्यापूलाई सौहार्दभावले ॥
अकमक्क पऱ्यो ज्यापू सुनेर नागको कुरा,
उस्लाई नागले किन्तु लियो विश्वासमा पूरा ।
अह्रायो नागले ज्यापूलाई पक्रेर हातमा :
'चिम्लेर नेत्र निस्फिक्री गोता लगाऊ कुण्डमा !!'
हेलियो दहमा ज्यापू नागसंगै मजैसित,
तल पुगी भयो ज्यापू आँखा खुल्दा अचम्भित ।
रमणीय त्यहाँ एक बगैंचा दिव्य देखियो,
होला यो सपना भन्ने विचार ज्यापूको थियो ॥
हीराका वृक्षमा यूँका पात औ सुनका फुल,
मणिमाणिक्यको छाना, चाँदी औ सुनका घर,
रंगीविरंगी बत्तीले झल्झलाकार सुन्दर
देखियो भव्य दर्वार आँखा पारेर तिर्मिर ॥

खोपीमा नागले सोझै पुऱ्यायो पाहुनाकन,
नागिनीको सुन्यो उस्ले आर्तनाद र क्रन्दन ।
नेत्रको रोगको चाँडो निदान् गर्न खातिर,
नागले पत्नीको आँखा लगायो हेर्न आखिर ॥
अकमक्क परी ज्यापू सोच्न थाल्यो मनैमन :
'केही गर्नै पऱ्यो क्यारे, आइयो वैद्य भैकन !'
औंलाले मल्न थाल्यो ऊ कानको जर्बुटानिर,
निस्क्यो मयल जो त्यस्मा क्यै बूँद हालियो जल ॥
दुखेको नेत्रमा हाल्यो त्यही घोलेर बेसरी,
नागिनीको छुट्यो पीडा काकताली परेसरी ।
आँखाको ओखती लाग्दा नाग औ नागिनी दुवै
प्रशन्न वैद्यरुपी त्यो ज्यापूसंग भए खुवै ॥

भन्न लागे विदा गर्दै नाग नागिनी दम्पति :
'चाहिन्छ के ? भन आफै, दिनेछौं मागिए जति ।'
विचरो ज्यापूले सम्झ्यो घरको दैन्य हालत,
हरमै गतिलो केही लुगाफाटो थियो न त ॥
तसर्थ हात जोडेर विसायो बिन्ती यस्तरी :
'तपाईंहरूकै पाऊँ चिनो केही जडाउरी ।'

नागदम्पतिले मानमनितो ज्यापूको गरी
जडेको रत्नले कालो भोटो दिए जडाउरी ॥
लगाई पाटको कालो भोटो दंग परीकन,
सक्दथ्यो जे जति बोक्न लिएर त्यो सबै धन,
आँखा चिम्ली पुग्यो ज्यापू दहको छेउमा जब,
सुखसंग बस्यो साँची सौगात नागको सब ॥

पुरानो पाटको भोटो ज्यापूलाई सुहाउँथ्यो,
जहाँ जाँदा पनि नित्य त्यही भोटो लगाउँथ्यो ।
देखेर रत्न भोटोमा लोभियो भूतको मन,
हात पार्न भनी लाग्यो ज्यापूलाई पछ्याउन ॥
जाँदाजाँदै जसै पेट दुख्यो कटक्क बेसरी,
एकान्त स्थलको खोजी गर्दै ज्यापू घुमीवरी
पवित्र नागको भोटो अपवित्र नहोस् भनी
खेतको आलीमा राखी दिसा बस्न गयो अनि ॥
भूत चाहिं सधैं यस्तै मौकाको ताकमा थियो,
भुईंमै पाटको भोटो पाई टप्प टिपी हिंड्यो ।
देखेर भूतले भोटो टप्काएको यथार्थतः,
ज्यापू दौड्यो पीछा गर्दै चोर पक्रन हत्पत ॥
ज्यापू भन्दै थियो :
'ए, पख, मेरो भोटो लिइस् किन ?
अर्काको माल चोरेर कतै पाइन्छ उम्कन ?'
अल्पियो भूत एक्कासि लुकी सुदृ कतैतिर,
च्याउरो मुख ली ज्यापू जिल्लिंदै फर्कियो घर ॥

पुऱ्याइयो जहाँ तान्दै मत्सेन्द्रनाथको रथ,
ज्यापू रमाउँदै आयो पूरा गर्न मनोरथ ।
चोरेको पाटको भोटो भिरेर ठाँटिई पुनः
आयो भूत त्यहीं भव्य जात्रा हेर्न भनीकन ॥
एक्कासि ज्यापूले देख्यो जात्राको हुलमुलमा,
भोटो आफ्नै लगाएको भूत मानव भेषमा ।
कठालोमै समातेर भन्यो उस्ले विना भय,
'फुकाल् भोटो, लगाइस् ग्रो मेरै चोरेर निश्चय ॥'
भूत औ ज्यापूका वीच कुस्ताकुस्ती चल्यो जब,
झुम्मिएर तमाशा यो हेर्न लागे त्यहाँ सब ।
झगडा साम्य यो पार्न राजा आए त्यसै घडी,
मत्सेन्द्रनाथका सामु उभ्याइए दुवै थरी ॥

दुवै भन्ये कराएर :

'भोटोको हकदार म !'

मुद्दाको फैसला गर्न कोही भएन सक्षम ।
मत्सेन्द्रनाथले वुझ्दै सबैको राय, आशय,
राजा नै साक्षी राखेर सुनाए निज निर्णय :
'नासोको रुपमा भोटो मसंग नै रहोस् अब,
त्यसैले पाउला जस्ले प्रमाण ल्याउला जव ।
होला सजायको भागी त्यो वोल्नेछ असत्य जो,
देखाइनेछ नासो यो जात्रामा वर्ष-वर्षको ॥'
फैसलावाट सन्तुष्ट दुवै थरी त्यहाँ भए,
प्रमाण ल्याउँछौं भन्दै बिदावारी भई गए ।
आफ्नो नै हकदावीको प्रमाण नहुँदा कुनै,
भोटो लिन भनी भूत आएन आजसम्म नै ॥
'नागसंग कहाँ माग्ने दसीप्रमाण खै अब,
मेरो जस्तै कुनै अर्को भोटो हुनु छ सम्भव ।
ठहरेमा भूठो दावी सजाय पाउने छु म,
भोटो लिन नजानु नै हुनेछ बरु उत्तम...॥'
बखेडामा नफस्नु नै ठानेर ज्यापूले हित,
मत्सेन्द्रनाथको सामु भएन ऊ उपस्थित ।
ज्यापूको न भयो दावी, न ल्यायो भूतले दसी,
थैलोमा राखियो नासो डोरीले बेसरी कसी ॥

मत्सेन्द्रनाथको जात्रा मनाईंदा यथास्थिति,
रहन्छ रथसामुन्ने राजाको समुपस्थिति ।
जाउलाखेलमा हुन्छन् जव भेला सबै जन,
थैलीवाट निकालिन्छ भोटो पवित्र काञ्चन ॥
'ल्याउनेछ दसी जस्ले भोटो उस्कै हुनेछ यो,
प्रमाण नमिलेसम्म रहनेछ मसंग यो !'
देखाइन्छ यसो भन्दै भोटो हरेक वर्षमा,
भोटो देखाउने जात्रा भन्छन् तसर्थ लोकमा ॥

**

शिवरात्रि

कैदमा थुनियो व्याधा साहुको ऋणमा परी,
म्याद मागी भयो मुक्त केही शर्त पूरा गरी ।
वनतर्फ धनुर्वाण भिरी आखेटमा गयो,
बित्यो दिन चहार्दैमा न क्यै शिकार भेट्टियो ॥

पर्न गो रातमा उस्को वनमै वास आखिर,
चकमन्न थियो रात, वन लाग्थ्यो भयंकर ।
चढ्यो ऊ वेलको रुखमाथि रात बिताउन,
भोक औ ग्लानिले गर्दा सकेन ऊ निदाउन ॥
बिछ्यौना रुखको काप, हाँगाको तकिया पनि,
जसोतसो गरी पल्ट्यो रात काट्नै पऱ्यो भनी ।
चुँडाल्दै वेलका पात रुखमुन्तिर फाल्दथ्यो,
वेलपत्र त्यहाँ पर्थ्यो शिवलिंग जहाँ थियो ॥

रात बित्दै गयो चाँडै पूर्वमा मिर्मिरे भयो,
एक्कासि मृगको झुण्ड वनमा प्रष्ट देखियो ।
चढाई धनुमा ताँदो लिएर वाण हातमा,
तीर छोड्न पऱ्यो ठिक्क व्याधा मृगशिकारमा ॥
देखेर कालले सोझै लागेको आई झम्टन,
लागे मृगहरू गर्न बिन्तीभाउ झुकीकन :
'हे व्याधा, अहिले हाम्रो स्थिति छ अति नाजुक,
क्यै काल पर्खिद्यौ हाम्रो वंशवृद्धि हुँदातक ॥
मृगिणी कोही छन् गर्भवती, कोही रजस्वला,
तसर्थ हुनद्यौ हाम्रो मनोरथ यहाँ पूरा ।
हुनेछौं पछि आफै नै तिम्रो सामु उपस्थित,
अनि मार्नु परे मार, दिन्छौं प्राण खुशीसित ॥'
ज्यादै मार्मिक औ आर्त पुकार मृगको थियो,
दयाको भाव जागेर व्याधाको मन पग्लियो ।
'लिएर अरुको ज्यान व्यर्थमा वाँच्नु नै किन ?'
सोची वाण चलाएन मृगको झुण्डमा पुनः ॥

बस्यो व्याधा निराहार उपवास पूरै दिन,
गरेथ्यो शिवमा राति बेलपत्र समर्पण ।
करुणा मृगमा जागी व्याधाको फेरियो मति,
प्रादुर्भाव भए व्याधासामु स्वयं पशुपति ॥
वरदान मिल्यो ठूलो, ऋणमुक्त भयो सब,
गरी उद्धार व्याधाको अन्तर्ध्यान भए शिव ।
रहेर राति जाग्राम पाइंदा शिवदर्शन,
शिवरात्रि रही नाम बन्यो उत्सव पावन ॥

**

(११ जुलाई २००३, शुक्रबार)

चँकद्योजात्रा

व्यापारीहरूका नेता सार्थवाह थिए कुनै,
चिनिन्थे जगमा सिंहसार्थवाह भनेर नै ।
हरेक वर्ष जान्थे ती व्यापार गर्न खातिर,
हिमालपारि ल्हासामा लिई व्यापारमण्डल ॥

व्यापारार्थीहरू पाँच सय युवा लिईकन,
हिमाच्छादित दुर्ल्यंघ्य मार्ग पार गरीकन,
एकपल्ट पुगे सिंहसार्थवाह महाजन
रम्य सुदूरवर्ती त्यो ल्हासा नगरमा पुनः ॥
ज्यादै कठोर औ लामो बाटो हिंडेर आखिर,
गरे विश्राम क्यै वेर पुगी ल्हासा सरासर ।
लिए बहालमा डेरा व्यापारीहरूले त्यहाँ,
राखे मालहरू आफ्ना त्यहीं कोठी थियो जहाँ ॥
ल्याई कान्तिपुरीबाट चीजबीजहरू नयाँ,
व्यापारीहरूले बेचे निकै नाफा लिई त्यहाँ ।
सौदा बिक्री हुँदा राम्रै कमाए धनदौलत,
मालामाल भए सारा व्यापारीहरू वस्तुतः ॥

व्यापारीहरूको यस्तो त्यहाँ देखेर उन्नति,
खुशी मान्दै थिए सिंहसार्थवाह पनि अति ।
दिए सल्लाह :

'वेला भो जाने कान्तिपुरीतिर,
चाँजोपाँजो मिलाएर फर्कने गर तर्खर ॥'
स्वदेश फीर्तिका लागि सबै तैयारीमा थिए,
किन्तु ल्हासाभरि राम्री तरुनीहरू देखिए ।
तिन्को चर्तिकला देखी हुन्ये सारा अचम्भित,
भए सौन्दर्यमा तिन्को व्यापारीहरू मोहित ॥

घरद्वार सबै बिर्सी फसेर मोहजालमा,
दिन बित्दै गयो तिन्को डुबेर रसरंगमा ।
झसंग झस्किए सिंहसार्थवाह कुनै दिन,
असहाय स्थिति आफ्नो राम्रैसंग बुझीकन ॥
'के गर्ने अब लौ ?' - यस्तो दुविधा मनमा परी
करुणामयको ध्यान गर्न लागे घरिघरि ।
साथकी सुन्दरी आफ्नी एक साँझ सुती जब,
वाली पानसमा वत्ती प्रार्थना यो गरे तब :
'हे प्रभु, शक्ति द्यौ यस्तो, बनूँ आज म सक्षम,
स्वदेशमा सबैलाई सकूँ फर्काई लान म ॥'
त्यहाँ पानसको बत्ती बल्यो धिपिक्क भैकन,
करुणामयले राति दिए प्रत्यक्ष दर्शन ।
विछ्यौनातर्फ औंल्याए इशारा मात्रले त्यहाँ,
थिई मस्त निदाएकी ल्हासाकी रमणी जहाँ ॥
दिंदा दृष्टि विछ्यौनामा देखे दृश्य भयंकर,
दाह्रा किटेर पल्टेकी त्यहाँ थिई निशाचर ।
सातोपुत्लो उडी सिंहसार्थवाह झसंगिए,
करुणामयको पाउ परी त्वंशरणम् भए ॥

उद्धार गर्न व्यापारीकन जो आसकी वने,
भक्तवत्सल, सर्वज्ञ करुणामयले भने :
'रमणीहरूको रूप देखी मोहित भैकन
फसेका छौ स्वयं रोजी सहर्ष मोहवन्धन ॥
परेका छौ सवै यस्तै फन्दामा मोहजालको,
थापेका डाँकनीद्वारा मायारूपी धरापको ।
पहाड फेदीमा जाऊ यहाँवाट अलि पर,
तिन्को कर्तुतको चिन्ह देखौला अस्थिपञ्जर ॥'
सुनी यस्तो कुरा ज्यादै भयभीत वनीकन
भन्न लागे त्यहाँ सिंहसार्थवाह झुकीकन :

'प्रभु, स्वदेशमा जान विघ्नवाधा नहोस् कुनै,
रक्षा राक्षसनीबाट सबैको गर शीघ्र नै ॥'
दिएर सान्त्वना फेरि करुणामयले भने :
'पाउनेछौं छिटै सम्भावना स्वदेश फर्कने ।
जाऊ साथीहरूसंगै भोलि नदी किनारमा,
प्रतीक्षामा त्यहाँ सेतो घोडा होला प्रभातमा ॥
नदी तर्दा सबै उस्को पिठ्यूमा लहरै वस,
त्यसैको पीठमा सारा झिटीझाम्टो पनि कस ।
बाईपंखी छ त्यो घोडा, उडेर तर्छ त्यो नदी,
नहेरोस् किन्तु क्वै फर्की पछाडितिर ध्यान दी ॥
मायालु शव्द सुन्नेछौं रमणीहरूको तर
चारा डंकिनीको बन्ला जो हेर्नेछ पछिल्तिर !'
अन्तर्ध्यान भए यत्ति भनेर करुणामय,
पाई सल्लाह यो सार्थवाहको दूर भो भय ॥

भोलिपल्टै भयो जम्मा व्यापारीहरूको दल,
पत्यारै नहुँदा लागे त्यहाँ ती गर्न छल्फल ।
डाऱ्याउँदै सबैलाई पुगे पहाडमुन्तिर,
जहाँ खप्परको रास थुप्रिएको थियो तल ॥
बल्ल विश्वास लागेर व्यपारीहरू भोरमा
सार्थवाहसंगै सोझै पुगे नदी किनारमा ।
तत्काले देखियो बाईपंखी घोडा चहुरमा,
भए सवार व्यापारीहरू उज्ज्वल अश्वमा ॥
छिटै पंख फिंजाएर घोडा त्यो वेगले उड्यो,
बोकी पाँच सय यात्री मानौं विमान नै गुड्यो ।
सुतेका सुन्दरी सारा व्यूँझेथे भोरमा जव,
नदेखेर कतै चिन्ह प्रेमीको जिल्लिए सव ॥

व्यापारीहरू भागेको पाएर चाल तत्क्षण,
आकाशमार्गमा दौडे पीछा गर्न भनीकन ।
डंकिनीहरूले देखे व्यापारीहरूको दल,
थिए सवार घोडामा जो नदी तर्न खातिर ॥
पुकारा गर्न ती लागे मीठा कुरा गरीकन,
डाँके प्रेमीहरूलाई गर्दै आह्वान फर्कन ।
प्रेयसीहरूको मीठो विलौनाका सुनी स्वर,
व्यापारीहरूले साँच्चै सकेनन् थाम्न नै दिल ॥

घोडाबाट खसे हेर्ने जति फर्की पछिल्तिर,
रुप देख्दा परी मुर्छा डंकिनीको भयंकर ।
लुछाचुँडी गरी खाए डंकिनीहरूले सब,
घोडावाट खसेका ती व्यापारीहरूको शव ॥
मन थाम्न नसक्नेको ज्यान व्यर्थै त्यहाँ गयो,
मन थाम्न सक्यो जस्ले उस्को जीवन जोगियो ।
वल्लतल्ल पुगे सिंहसार्थवाह स्वदेशमा,
घर पुग्दा थिए केही व्यापारी मात्र साथमा ॥

तर आइपुगी उन्की प्रेयसी शीघ्र धाउँदै,
ल्हासावाट उडी कान्तिपुरीसम्म पछ्याउँदै ।
पुगेर घरमै उन्को साखुल्ले रमणी बनी,
अश्रुधारा बगाएर लाडिलो स्वरले भनी :
'हे प्यारा, घरमा देऊ बस्नको निम्ति आश्रय,
गरी रक्षा भगाइद्यौ अवलाको सबै भय !'
दिएर सिंहझैं गर्जी नकारात्मक उत्तर,
निकाले सुन्दरीलाई तत्कालै घर बाहिर ॥

पतिपीडित पत्नीको हूबहू नखरा गरी
राजाकहाँ पुगी न्याय माग्नको निम्ति सुन्दरी ।
दर्वारमा सीधै सिंहसार्थवाह झिकाइए,
पक्री ल्याउनका लागि भारादार खटाइए ॥
राजाज्ञा पालना गर्दै आए दर्वारमा उनी,
वताए घटना सारा ल्हासाको नृपमा पनि ।
रुपलावण्य देखेर मुग्ध राजा स्वयं भए,
लिए दर्वारमै राख्ने रुपसीकन निर्णय ॥
ल्हासावाट दिदीवैनी उस्का वोलाइए सव,
चल्यो चर्तिकला कान्तिपुर दर्वारमा अब ।
डुवे दर्वारिया सारा ऐयासी रसरंगमा,
पालैसान्ति वने चारा डंकिनीकै ती अन्त्यमा ॥

आतंक फैलियो ठूलो सुनी दर्वारको कथा,
त्राहित्राहि भए कान्तिपुरवासी त सर्वथा ।
प्रजा रक्षार्थ नै सिंहसार्थवाह खडा भए,
ध्यान गर्न भनी चक्रशील विहारमा गए ॥
गरे आराधना उन्ले करुणामयको पुनः,

सुम्पेर हातमा खड्ग भए जो लोप तत्क्षण।
करुणामयको पाई आशिर्वाद र दर्शन,
भए तत्पर तत्काले प्रजाको गर्न पालन॥
हातमा खड्ग ली सोझै पुगे दर्बारमा उनी,
गरे संहार सम्पूर्ण डंकिनीहरूको अनि।
राजा बनाइए सिंहसार्थवाह सरासर,
भयो सिन्दुरजात्राको हर्षोल्लास सर्वैतिर॥

रहेन देशमा दुष्ट डंकिनीको कुनै भय,
प्रजाले राज्यमा पाए न्याय, रक्षा र आश्रय।
त्यसैको स्मृतिमा कान्तिपुर गर्दै परिक्रमा,
चकँद्योको रथजात्रा हुन्छ हरेक सालमा॥

**

(अमात्य, १९९१, पृ. १०३ : १०६)
(१३ मार्च २००३)

सोरठीनाच

स्वर्गका नृतकीमध्ये हेमवन्ती र सोरठी
थिए रुपवती ज्यादै अप्सराहरूमा अति।
वृजाभार सबैलाई दिन्थे तालिम नाचको,
अप्सराहरूको नाच हेर्दथे इन्द्र स्वर्गको॥

एकपल्ट लिई हेमवन्ती औ सोरठी दुवै,
वृजाभार झरे मर्त्यलोक चहार्न यो सवै।
जतातत्तै भयो खोजी इन्द्रको दरवारमा,
सोध्न लागे स्वयं देवराज इन्द्र हतारमा :
'सोरठी खै कहाँ लागी ?
हेमवन्ती कहाँ गई ?
कता लागे वृजाभार ?
सर्वत्र खोज लौ गई !'
पठाए इन्द्रले चारैंतर्फ दूतहरू जव,
स्वर्ग, मर्त्य र पाताल चहारे तिनले सव॥

देवदूतहरू आए फर्केर स्वर्गलोकमा,
भने :
‘तीनैजना घुम्दै रहेछन् मर्त्यलोकमा ।’
इन्द्रलाई जसै लागे सन्देश यो सुनाउन,
रातोपीरो भए इन्द्र रीसले चूर भैकन ॥
गुरुकै साथमा हेमवन्ती औ सोरठी जब
फर्किए स्वर्गमा मर्त्यलोक घुमिफिरी सब ।
उपस्थित भए इन्द्रसमक्ष गर्न वर्णन,
सभामा हुन गो रोषपूर्ण आवाज गुञ्जन :
‘कस्को आदेशले स्वर्ग त्यागी तिमीहरू गयौ ?
मर्त्यलोक घुमी सुदृ गर्न वर्णन तम्सियौ ?
पूरै सात जुनीसम्म जन्मी मनुष्ययोनिमा,
वास वस्नुपरोस् नित्य चहार्दै मर्त्यलोकमा !!’

विभिन्न नामले जन्मे अप्सराहरू धर्तीमा,
फैलाए सोरठीनाच पूरै भारतवर्षमा ।
सोह्र श्रृंगारमा उत्री झिक्तै सोह्रकला अनि,
सोह्रताल मिलाएर नाचिन्छ सोरठी पनि ॥

**

(२३ जुलाई २००३, बुधवार)

नवदुर्गानाच

भक्तपुर र नालाको वीचमा पर्दथ्यो वन,
त्यही नै नवदुर्गाको हुन गो स्थल रञ्जन ।
जे हिंड्थ्यो त्यस बाटोमा एक्लै दोक्लै कुनै दिन,
दुर्गाका गणले पक्री भोग लिन्थे उसैकन ॥

नालावासीहरू एक साँझ भेला भईकन
थिए आपसमा गर्दै कुराकानी र गन्थन ।
दुर्गाका दूत सिमा औ दुमा रूप लिई नर,
चेवा लिन भनी साँझै पुगे नाला सरासर ॥
खोज्दै थियो त्यहाँ नालावासी सज्जनले कुनै,
साथी भक्तपुरी जाने बिहानै भोलिपल्ट नै ।
चाल पाएर सीमा औ दुमाले मध्यरातमा

डाँके भक्तपुरी जान तिन्कै लागेर साथमा ॥

साथी पाई संगै जाने नालावासी खुशी भयो,
सिमा तथा दुमासंगै तत्कालै पथमा गयो ।
जाँदै नाघेपछि बस्ती शुरु भयो घना वन,
लिए सिमा र दुमाले स्वरुप पूर्वकै पुनः ॥
नालावासी पऱ्यो छक्क देखेर रूप हिंसक,
काम्न लाग्यो डराएर बोल्न मान्दै निकै धक ।
भने सिमा र दुमाले :
'व्यर्थै डराउँछस् किन ?
पाउनेछस् यहाँ तैंले दुर्गाको अब दर्शन ॥'
के गर्ने, लौ, कसो गर्ने ? भन्ने अल्झेर प्रश्नमा,
नालावासी भयो व्यग्र परी बिखलबन्दमा ।
बीचमा वनको देख्यो उस्ले मैदान सुन्दर,
देवदेवीहरू नाच गर्दै थिए मनोहर ॥
वाराही र महाकाली, महालक्ष्मी र भैरवी,
माहेश्वरी, कुमारी र इन्द्राणी अनि वैष्णवी,
त्रिपुरासुन्दरी साथै गणेश, शिव, भैरव
नाच्दै थिए रमाएर मस्त भै तालमा खुब ॥
सातोपुत्लो उड्यो नालावासीको दृश्य देखी यो,
वनमा नवदुर्गाको नाच एक्कासि रोकियो ।
तरंग डरको नालावासीको मनमा चल्यो,
देवीका गणको वक्रदृष्टि पर्दा त्यहीं ढल्यो ॥

लापता वनमा मान्छे हुने हल्ला सुने जब,
नालावासीहरू ज्यादै भयभीत भए सब ।
नालामा बस्दथ्यो एक प्रसिद्ध विज्ञ तान्त्रिक,
सक्थ्यो ऊ कसरी बस्न वनेर मूक दर्शक ??
मान्छे हराउने गूढ रहस्य बुझ्न खातिर,
परेन तथ्यको मात्रै अवश्यै पनि ऊ भर ।
खोजीनिती गऱ्यो उस्ले लगाई ध्यानको वल,
बुझ्यो तान्त्रिकले :
'हो यो दुर्गाकै कोपको फल ॥'
गऱ्यो तान्त्रिकले आफ्नो मनमा दृढ निश्चय,
रक्षा छिमेकीको गर्ने सुझ्यो उस्मा सदाशय ।
राति नै वनको बाटो जाने भक्तपुरीतिर,
नालामा वटुवा साथी खोज्न थाल्यो सर्वैतिर ॥

आई सिमा र दुमाले बोलाए मध्यरातमा,
छिटै भक्तपुरीतर्फ मिलेर जान साथमा ।
जान तैयार भैहाल्यो तिनैका साथ तान्त्रिक,
रुक्यो मैदानमा टक्क कालीकै सामु निर्भिक ॥
'तँलाई पाउँदा आज हामी छौं अति हर्षित,
दिदीवैनी मिली तेरो बलि लिन्छौं खुशीसित ।'
सुनेर कालीको वाणी झुकाउँदै अलि शिर,
भन्यो तान्त्रिकले बिन्ती गर्दै जोडी दुवै कर :
'ठूलो सौभाग्य हो मेरो, पाएँ प्रत्यक्ष दर्शन,
यस्तो सुवर्ण मौकामा तैयार छु बलि हुन ।
भक्त हुँ नवदुर्गाको, अर्चना गर्न पाऊँ म,
सहर्ष बलिवेदीमा त्यस्पछि प्राण त्यागछु म ॥'
कालीवाट मिल्यो आज्ञा गर्ने सभक्ति अर्चना,
गर्न तान्त्रिकले थाल्यो विधिपूर्वक प्रार्थना ।
नवदुर्गाहरूलाई चढाई पुष्पआसन,
गऱ्यो तान्त्रिकले पालैसान्ती नैवेद्य अर्पण ॥

मन्त्रोच्चारणका साथै नवदुर्गा मनाइयो,
जजंकासूत्रले बाँधी नौदेवी वशमा लियो ।
अनि बिन्ती गऱ्यो उस्ले हात जोडी झुकीकन :
'नवदुर्गा, म छु राजी गर्न या प्राण अर्पण ॥'
बाँधिएका जजंकाले नवदुर्गाहरू हुँदा,
असमर्थ थिए किन्तु गर्न हल्चल सर्वथा ।
उघ्रनै दिन आँटेर पूर्वमा मिर्मिरे भयो,
नवदुर्गाहरू भन्न लागे तान्त्रिकलाई यो :
'पारिस् बन्धनमा तैंले लगाई मन्त्रको बल,
प्राण तेरो लिने छैनौं, छोडिदे मात्र केवल ।'
वशमा लिन चाहेर नवदुर्गाहरूकन,
गऱ्यो तान्त्रिकले बिन्ती तिन्को सामु झुकीकन :
'नवदुर्गाहरू होऊन् ढुंगाको मूर्ति सत्वर,
झोलामा सहजै राखी बोकी लान सकूँ घर !'
विहान नहुँदै जान चाहेर भै अगोचर,
नवदुर्गाहरूवाट गरियो शर्त मन्जुर ॥
'राखियोस् गुप्त कोठामा हामीलाई सदा तर,
नपाओस् अरुले देख्न हाम्रो त्यो वासको स्थल !'
अनुरोध सुनी यस्तो नवदुर्गाहरूकन
ल्याई तान्त्रिकले राख्यो कोठाभित्र थुनीकन ॥

नजाऊन् गुप्त कोठामा कोही नारीहरू भनी
भोटेताल्चा लगाएर राखियो द्वारमा पनि ।
निषेध गरियो पत्नीलाई पस्न र हेर्नमा,
खुल्दुली जाग्न गो उस्को जिज्ञासु चित्तवृत्तिमा ॥
एकपल्ट कतै जाँदा घरबाहिर तान्त्रिक
चियाई पत्नीले भित्र प्वालबाट अनाहक ।
नवदुर्गाहरू भित्र तल्लीन नृत्यमा थिए,
रोकेर नाच बीचैमा ढोकाबाहिर हुर्रिए ॥

नृत्य गर्दै थिए क्रुद्ध नवदुर्गा भयंकर,
लिए बलि समातेर बाटोमा एक सुंगुर ।
मन्त्रोच्चारणका साथै क्रोध साम्य गराउँदै,
गऱ्यो तान्त्रिकले बिन्ती नवदुर्गा समक्ष गै :
'नवदुर्गा, भयो वाचा भंग मेरो अजानमा,
शान्त होस् क्रोधको ज्वाला, भक्तमाथि रहोस् क्षमा !
वासको निम्ति देवीको गर्छु निर्माण मन्दिर,
आइन्दा नवदुर्गाको चलोस् नाच निरन्तर !!'
गऱ्यो तान्त्रिकले देवीहरूको प्रार्थना जब,
पुनः पत्थरकै मूर्ति वने देवीहरू सब ।
नयाँ मन्दिरमा देवीहरूको स्थापना भयो,
बर्षेनी नवदुर्गाको मखुण्डो-नाच देखियो ॥

नहुँदा पुत्र क्वै श्यामसिंहदेव नरेशले
मल्लवंशज खोजेर कन्यादान स्वयं गरे ।
जयभद्र वने राजा नवदुर्गा प्रशन्न भै,
सहकाल परी सुखी भए प्रजाहरू सवै ॥
धान झाँट्दा कुनै वेला प्रशस्त अन्न थुप्रियो
आग्नेयकोणमा एक ठूलो पहाड नै वन्यो ।
यथावत् रहँदा थुम्को ओसार्दा पनि अन्न त्यो,
अद्यापि छ त्यहाँ थुम्को अन्नपूर्ण भनिन्छ जो ॥

**

(भाषा वंशावली, भाग २, २०२३, पृ. ३६)

डल्लेसराया

वाख्खे भन्ने थियो एक नरभक्षक राक्षस,
कोही गर्दैनथ्यो उस्को अगाडि पर्न साहस ।
स्वेच्छाले दिनहुँ एक मान्छे भोग दिने गरी,
गराए नृपले राजी, प्रजाको दुःख क्यै हरी ॥
एक व्यक्ति धुरीपिच्छे जान्थ्यो प्रत्येक रातमा,
चारा राक्षसको बन्न त्यस्को निर्दिष्ट स्थानमा ।
बाँधिएको थियो भोग दिने मुलुकमा प्रथा,
को बुझ्न सक्तथ्यो पालो पर्ने मानिसको व्यथा ??

एकपल्ट पऱ्यो पालो सुखी गृहस्थको यहाँ,
छोरा बुहारी औ आमाबाबु मात्र थिए जहाँ ।
कामकाज गरी आफ्नो मिलेर बस्तथे सब,
विहानदेखि नै यस्तो विवाद चर्कियो तब :
'आहारा बन्न को जाने आज राक्षस सम्मुख,
तोडी आत्मीय नाता औ त्यागी दाम्पत्यको सुख ?'
भन्दथ्यो घरको मूली झिकेर तर्कको क्रम :
'भैसकें म निकै बूढो, आहारा बन्न जान्छु म ॥'
बूढी भन्थी :
'म बाँचेर सार के अब लोकमा,
पुछी सिन्दूर के बाँच्नु व्यर्थै बुढेस कालमा ?'
बुहारी झिक्तथीं तर्क :
'दुवै कुल सपार्छु म,
प्राणोत्सर्ग गरी आज बचाई घर मर्छु म ॥'
छोरो भन्थ्यो :
'कहाँ हुन्छ ? मेरै मृत्यु छ उत्तम,
कर्तव्यपालना गर्दै पालोमा आज जान्छु म ।'
साँझसम्म पनि यस्तै चर्को वादविवाद भो,
टुंगो लाग्दैनथ्यो केही गरे तापनि प्रश्नको ॥

टुप्लुक्क घरदैलोमा वास माग्न भनी कुनै
साधु आइपुग्यो, भित्र सुन्यो खल्वल मात्र नै ।
सुन्दा ध्यान दिई उस्ले बुझ्यो कारण वास्तव,
बलि त्यो रातको आफै बन्ने राय दियो तव ॥

समस्या यसरी टार्ने पाहुनाको कुरा सुनी
भन्न लागे सबै एकै स्वरमा हुन्न यो भनी ।
'हामीमध्ये कुनै एक बन्दछौं आजको बलि,
वास माग्न तिमी आयौं रात काट्ने विचार ली ॥
साँझमा घरदैलोमा आएका पाहुनाकन,
गाँस राक्षसको बन्न सकिदैन पठाउन ।
सुन्दा तिम्रो कुरा पर्छ हामीमा धर्मसंकट,
बरु निकास द्यौ हाम्रै तर्कको न्यायसंगत ॥'
देखेन साधुले तर्क त्यहाँ लम्व्याउनु भलो,
मात्र माग्यो लुगा एक जोर औ खड्ग धारिलो ।
जान्छु राक्षसको गर्न मुकाबिला भनीकन,
बिदावारी भयो देशलाई मुक्ति दिलाउन ॥

बाटोमा खड्गले काटी केराको थाम साधुले,
बनायो पुतला एक मान्छेकै छाँटकाँटले ।
प्रतीक्षास्थलमा राख्यो तेर्स्याई पुतला अनि,
मानौं मान्छे सुतेजस्तै देखिन्थ्यो वस्त्रको मुनि ॥
बाटो राक्षसको ढुक्दै लिएर खड्ग हातमा,
लुक्यो साधु नजिकैको बुट्यानतेर खेतमा ।
आयो राक्षस खोजेर आहारा मध्यरातमा,
झम्ट्यो शिकार पल्टेको ठानी निश्चित ठाउँमा ॥
प्रहार गर्न नै साधु मौकाको ताकमा थियो,
शिर राक्षसको स्याट्ट धडवाट उछिट्टियो ।
उजाई खड्ग साधुले प्राण राक्षसको हर्‍यो,
दुई टुक्रा तुल्याएर वध राक्षसको गर्‍यो ॥

भयमुक्त हुँदा सारा रमाए देशका जन,
'खोई राक्षस त्यो ? वाख्खै ?'
भन्दै सोधे सवैकन ।
तरवार नचाएर रमी सरायँमा सव,
मनाए जनले वाख्खै गाएर विजयोत्सव ॥

**

अध्याय - सात

नृवंशनाम

शाक्यवंश

शाकवृक्षप्रतिच्छन्नं वासं यस्माच्च चक्रिरे ।
तस्मादिक्ष्वाकुवंश्यास्ते भुवि शाक्या इति स्मृता ॥
अश्वघोष, सौन्दरनन्द काव्य, १।२४

थियो सिन्धु नदीनेरै देश एक मनोहर,
पोटाला नामको त्यस्को राजधानी थियो गढ ।
राज्य गर्थे त्यहाँ एकछत्र राजा विरुढक,
प्रसिद्धि उनको फैल्यो देशदेशान्तरैतक ॥

पाँच राजकुमारी औ चार राजकुमारको,
लागे जन्म दिई रानी बाटोमा परलोकको ।
भित्र्याए नृपले अर्की रानी अत्यन्त सुन्दरी,
राजकाज सबै त्यागे रानीको मोहमा परी ॥
छिटै नै जन्मिए राजकुमार दरवारमा,
दिए गद्दी उनैलाई रानीको करकापमा ।
निकालामा परे सौतापट्टिका सव सन्तति,
बाटोमा पटरानीको थिए रोडासमान ती ॥
चार भाइ दिदीवैनी पाँचै लिएर साथमा,
वनवासी बनी लागे घुम्न जंगल फाँटमा ।
पुगे हिमालको घाँचनेर घुम्दै सरासर,
जहाँ नदी किनारामा थियो आश्रम सुन्दर ॥

धवलागिरि औ अन्नपूर्ण ह्यूँचुलीको मुनि,
ध्यानमग्न तपस्यामा थिए कपिल ती मुनि ।
नदी किनारमा रम्य रुके आश्रय खातिर,
विसाए मुनिमा आफ्नो दुखेसो पनि आखिर ॥
आगन्तुकहरूवाट वृतान्त दुखको सुनी,
दिए कपिलले वस्ने आज्ञा त्यो स्थलमा अनि ।
वसाए गाउँ नै एक फाँडेर सालको वन,
भावी कपिलवस्तुको त्यै वन्यो आदिप्रांगण ॥

राजाका पुत्रपुत्रीको विवाह गर्न खातिर,
पाइएन कतै कन्या, नपाइयो कतै वर ।

'राजपुत्र तथा राजकन्याको छ प्रमाण के ?
जाति औ वंश के तिन्को ?
कुल कस्तो र गोत्र के ??'
कसैले पनि चाहेन विवाह गर्न नै त्यहाँ,
वंश रक्षार्थ पो तिन्ले खोज्ने वरवधू कहाँ ?
भाइबैनीहरू सारा समस्या यो लिईकन,
पुगे कपिलका सामु बन्दोबस्त मिलाउन ॥
दिए कपिलले राय कुल नष्ट नहोस् भनी :
'स्वयम्वर गरे हुन्छ एक आपसमा पनि !'
सहोदर दिदीबैनी छाडी दाम्पत्य जीवन,
गाँसे आपसमा तिन्ले बिहेवारी गरीकन ॥

यो वैवाहिक सम्बन्ध दाजुबैनीहरूबिच,
भएको फैलियो चर्चा राजा विरुढकैतक ।
आए यथार्थता बुझ्न भारादार सरासर,
कपिलमुनिको सामु ठड्याए प्रश्न आखिर :
'विवाह भाइबैनीमा के कतै हुन सक्छ र ?'
दिए कपिलले 'शक्य, शक्य !' भन्ने समुत्तर ।
तसर्थ शाक्य भन्ने नै नाम त्यो वंशको रह्यो,
सर्वत्र जगमा ख्याति फैलियो शाक्यवंशको ॥

**

चेपाङ र कुसुण्डा

लोकोपवादले गर्दा सीतालाई पठाइयो,
अयोध्यानगरीबाट खोंचतर्फ हिमालको ।
गण्डकीतटमा गर्थे तपस्या वाल्मिकी ऋषि,
पाइन् आश्रय सीताले उन्कै आश्रममा वसी ॥
थिइन् गर्भवती सीता वनवास पठाईंदा,
त्यसै आश्रममा जन्म्यो पुत्र मुहूर्त आउँदा ।
लव नाम रह्यो उस्को लोहारी कहलाइयो,
वाल्मिकी ऋषिको रेखदेखमा हुर्कंदै गयो ॥

देखी बाँदरका वच्चा खेलेको वनकुन्जमा,
उब्ज्यो देखाउने चाह सीताको भित्र चित्तमा,

हेर्न रमाइलो दृश्य छोरोसंगै स्वयं पनि,
कोक्रोबाट उठाएर वनतर्फ लगिन् अनि ॥
वाल्मिकी ऋषि त्यै वेला नित्यपूजा सकीवरी,
पुगे आश्रममा किन्तु शून्यको भानमा परी ।
झोलुंगोमा दिए दृष्टि लोहारी न त्यहाँ थियो,
बनैया जन्तुको त्रास सम्झी जीउ झसंग भो ॥
'लग्यो कि बाघभालुले, चोर नै पो पस्यो कि त ?
कतै वन चहार्दै पो छिन् कि सीता रुँदै स्वत: ?
फर्की आश्रममा गर्लिन् विलाप पुत्रशोकको,
थोपर्लिन् दोष मैमाथि बित्थामा पुत्रलोपको !!'
तर्कना यसरी गर्दै वाल्मिकी शोकमा परे,
सीताको रोक्न आरोप अठोट मनमा गरे ।
तत्कालै कुशको झार ल्याएर बटुलीकन,
बनाए शिशुको पुत्ला लोहारीतुल्य काञ्चन ॥
उच्चारण गरी मन्त्र ऋषिले सास हालियो,
झोलुंगोमा त्यही सानो वच्चा थपक्क राखियो ।
योगाभ्यास गरी जप्दै मन्त्र आसनमा बसी,
जपमाला लिई लागे ध्यान गर्न त्यहाँ ऋषि ॥

देखाई वनमा छोरोलाई वाँदरको क्रिडा,
सीता प्रफुल्ल लोहारी बोकेर घर फर्कंदा,
अकमक्क परिन् सारै कोक्रोमा जब च्याइयो,
सुतेको मस्त निद्रामा अर्को वालक पाइयो ॥
तीनछक्क परिन् सीता देखी विचित्रको कुरा,
पुगी वाल्मिकिका सामु सुनाइन् घटना पुरा ।
वुझाए ऋषिले सीतालाई यथार्थ कारण :
वनाए कुशको झारवाट त्यो शिशु नै किन ?।
कुशवाट बनेकोले कुश नै नाम राखियो,
कुशारी नामले चाँडै लोकमा त्यो प्रसिद्ध भो ।
दुवै वालकको सीता गर्थिन् पालनपोषण,
लोहारी र कुशारीकै साझा आमा बनीकन ॥

हुर्केपछि दुवैको नै भयो प्रख्यात वीरता,
दाजुभाइ दुवै बीच भ्यांगियो तर शत्रुता ।
दुवै वीर वने कालान्तरमा आदिपूर्वज :
चेपांग र कुशुण्डा हुन् तिनैका योग्य वंशज ॥
चेपांगजातिका पुर्खा लोहारी मानिए अत:,

कुशारी मानिए पुर्खा कुशुण्डाजातिका स्वत: ।
चहादैं वनमा कन्दमूलले पेट पाल्दथे,
धनुवाण चलाएर शिकार पनि खेल्दथे ॥
यहाँ सन्तानले सुद्दा विर्सेनन् शत्रुता तर
ती दुवै एक अर्काका रहे दुश्मन कट्टर ।
कुशुण्डा छोड्दथे वाण चेपांग सामुमा परे,
परन्तु अव यो सारा अतीतको कुरा अरे ॥

**

२४ डिसम्बर २००२

मगर र गुरुङ

थिए प्यूठानमा एक राजा प्राचीन कालमा,
भरद्वाज थियो उन्को गोत्र प्रख्यात लोकमा ।
संरक्षण सदाकाल प्रजाको गर्दथे उनी,
साधु, सन्त, भिखारी औ तपस्वीहरूको पनि ॥

तपस्वी वनमा गर्थे तपध्यान निरन्तर,
सुरक्षार्थ थिए तिन्को राजा सदैव तत्पर ।
ठूलो उत्पात मच्चाए शत्रुले वनमा घना,
तपस्वीहरूले पाए असह्य दुखयातना ॥
भारदारहरूवाट सल्लाह, मन्त्रणा लिए,
सेनापति तथा राजगुरु तत्काल डाँकिए ।
परामर्श भयो राजगुरु, सेनापतिसित
तपस्वीहरूको वासस्थान राख्न सुरक्षित ॥
राजपुत्र, गुरुपुत्र औ सेनापतिपुत्र नै
खटाए नृपले तीन युवा योद्धाहरूकनै ।
गुरुपुत्र तथा सेनापतिपुत्र लिईकन
युवराज भिरी शस्त्रअस्त्र लागे स्वयं वन ॥

खस सेतापतिपुत्र केरसिंह र वाहुन
गुरुपुत्र वली, क्षत्री युवराज त लोचन ।
भए मोहत देखेर षोडषी अति सुन्दरी,
रोकिए वीच वाटैमा शत्रुको जालमा परी ॥
जाँडको मात लागेर ज्यादै वेहोसमा हुँदा,
गुमाए जात नै तिन्ले जनैवंचित पारिंदा ।

भयो कर्तव्यको बोध होश फर्केपछि पुनः,
तपस्वीहरूको रक्षा गर्न तीनै पुगे वन ॥

तपस्या वनमा गर्न पलेटी तिनले कसे,
फर्की प्यूठानमै आई महागुरु बनी वसे ।
बिताए तिनले फेरि पारिवारिक जीवन,
शाखासन्तान जन्माई फैलाए कुलको धन ॥
घले, लामा र घोताने जन्मे लोचनका सुत,
राजाखलकका तीन भाइ राना बने स्वतः ।
खस सेनापतिपुत्र केरसिंह पिता हुँदा,
पुत्र सोह्रै जना थापा भनिए लोकमा सदा ॥

आचार्यबलीका आले, लोने पुत्र दुई भए,
आलेका सन्तति लामीछाने भनेर जानिए ।
राना, थापा र आलेका पुर्खा महागुरु थिए,
तसर्थ सन्तति सारा महागुरुंग ठानिए ॥
सेनापति र राजाका थापा, राना दुवै थर,
भए मगर जातिका सबै सन्तति आखिर ।
आचार्यबलीका शाखासन्तान जेजति थिए,
गुरुको कुलका सारा गुरुङ कहलाइए ॥

**

(शर्मा, २०२६, पृ. २६ : ३२)

लिम्बु, खम्बु र मेचे

थिए तीनजना छोरा चीनका बादशाहका,
लिम्बु, खम्बु अनि मेचे भन्ने प्रख्यात नामका ।
कीरा रेशमका पाल्थे, किम्बुको बोट रोप्दथे,
चीनको दक्षिणी भेकतर्फ व्यापार गर्दथे ॥

गर्थे रेशम व्यापार तिन्कै सर्वत्र सन्तति,
भए प्रसिद्ध किरेती नामले नै तसर्थ ती ।
चीनबाट गरी पार भोटको दुर्गम स्थल
लिम्बु, खम्बु तथा मेचे तीनै हुल झरे तल ॥
पुगे अरुणखोलाको मुहानैसम्म आखिर :

'जाने अब कहाँ ? बस्ने कहाँ ?' भन्ने पऱ्यो पीर ।
लगाएका थिए दोचा गोडामा ती फुकालिए,
तीन पोका गरी बाँधी नदीमै भ्वाम्म फालिए ॥

लिई ईश्वरको नाम दोचालाई पछ्याउँदै,
तीरैतीर सबै लम्के भाग्यकै गीत गाउँदै ।
जहाँ दोचाहरू रुक्लान् त्यहीं बस्ने निधो गरे,
नदीप्रवाहका साथै तीनै डफ्फा उँधो झरे ॥
दोचा लिम्बु र खम्बुका पहाडी भेकमै रहे,
मेचेको हुलका दोचा तराईसम्म नै बहे ।
लिम्बु, खम्बु बसे माथि पहाड़ी भेकमै तर
मेचेको हुलले रोज्यो निवासस्थल सम्थर ॥
**

खम्बु, लिम्बु, सुनुवार, थारु

खेल्दै सिकार कोशीको तीरैतीर कुनै दिन,
चार भाइ उँभो लागे वहिनी साथ लीकन ।
चलाएर धनुर्वाण वनका जन्तु मार्दथे,
आगो सल्काउँदै मासु पोलेर छाक टार्दथे ॥

अरुण, सुनकोशी र तमोर नदी संगम
पुगेर वहिनी भन्छे :
'यहीं नै बस्छु आज म,
कान्छो भाइ वसोस् मेरै साथमा यै थलोनिर,
अरु तीनै जना जाओ रोजेर गढ मास्तिर !!'
कान्छो भाइ वस्यो वैनीसंगै फाँडेर जंगल,
छुट्टिएर तीनै भाइ उँभो लागे सरासर ।
भाइ अरुणखोलाको गढ रोजेर जो गयो,
उस्का सन्तान खम्वुको नामले चिनिंदो भयो ॥
वंश त्यस्को गएथ्यो जो तमोरको तीरैतीर,
धनुर्धारी वनी लिम्वु कहलाए सवैतिर ।
सुनकोशी नदीतर्फ जानेका सन्तति सव,
सुनुवार भनी ठाडै चिनिए जगमा अव ॥

कान्छो भाइ र वैनीका तमाम सन्ततिहरू
फैलिए जो तराईमा ती थारु भनिए वरु।
किरात वंशका चारै भाइ औ बहिनी हुँदा
खम्बु, लिम्बु, सुनुवार, थारु प्रख्यात छन् सदा॥

**

(मेचीदेखि महाकाली, भाग १, पृ. ६७८)

लिम्बु र धिमाल

दाजुभाइ दुई लिम्बु बस्थे कतै पहाडमा,
युद्ध गर्न झरे धौले राजासंगै मधेशमा।
काशीसम्मै पुग्यो धौले राजाको भव्य लश्कर,
जिती देशहरू धेरै लागे फर्कन आखिर॥
शत्रुको फौज तैनाथ मौकाको ताकमा थियो,
पछाडिबाट एक्कासि हमला शत्रुको भयो।
छताछुल्ल भयो धौले राजाको फौज बेसरी,
पछाडि जो थिए सारा मारिए रणमा परी॥

दाजुभाइ दुई लिम्बु घेरा तोडेर फुत्किए,
बचाई ज्यान भागेर स्वदेशतर्फ लम्किए।
केराका थाम, झाडीको झार फाँडेर हर्घडी
बाटो देखाउँथ्यो दाजु शंख फुक्दै अघि बढी॥
आउला पहिल्याएर बाटो भाइ पछि भनी,
पहाडमा पुग्यो दाजु अगुवा लिम्बुको बनी।
भोक लागेर थाकेको भाइ ज्यादै पछाडियो,
बाटो बिराउँदा एक्लै परी मधेशमै रह्यो॥
येनकेन बचाएर ज्यान त्यो वनमा लुक्यो,
बेपत्ता नदीमा पानी बगेझैं त्यो त्यहीं भयो।
धिमाल जातिको पुर्खा त्यही भाइ बन्यो अरे,
उस्कै सन्तानलाई नै काशीगोत्र भनिन्छ रे॥

**

सतार

एकपल्ट मरांबुरु चिन्तामग्न स्वयं बने :
'अगाडि कसरी सारा कारोबार चलाउने ?'
वटुली रुखका पात गाँसिए टपरीहरू,
विभिन्न थरीका खाना राखियो तिनमा बरु ॥
लहरै टपरी राखे चौरको एक छेउमा,
त्यहाँ मानवको लाग्यो लाम अर्कै किनारमा ।
भोकाएका हुँदा साह्रै थिए अत्यन्त आतुर,
चुहाउँदै थिए राल देखी खाना निकै पर ॥

जब तैयार भो सारा पुगे मरांबुरु त्यहाँ,
उभिई माझमा तिन्ले यस्तो आज्ञा दिए त्यहाँ :
'टपरीहरूमा खाना पाइने छ थरी थरी,
रोजेर खानु आफैले स्वाद मानेर बेसरी !!'
तुरुन्त एक डफ्फाले कुदेर टपरी लियो,
गाईको मासुको केही भुटुवा त्यसमा थियो ।
रोजेर टपरी त्यो नै नाचेर गीत गाउँदै,
मीठो कवाफ त्यो खाए तिन्ले विघ्नै रमाउँदै ॥
मौका बित्ला भनी चाँडै अर्को डफ्फा त्यहाँ पुग्यो,
तत्कालै टपरी यौटा बोकाको मासुको टिप्यो ।
तेस्रोले दगुरी झट्ट माछाको टपरी लियो,
खीरको टपरी मात्रै चौथोको भागमा पर्‍यो ॥
सन्तुष्ट खीरमै मान्ने भए ब्राह्मण वस्तुतः,
माछाको टपरी रोज्ने माझी वन्न पुगे स्वतः ।
बोकाको मासु रोज्ने जो भुइया भनिए उनै,
गाईको मासु रोज्ने हुन् हट्ठाकट्ठा सतार नै ॥

सतारहरू सारा नै वस्थे आपसमा मिली,
यद्यपि ती थिए सात वंशका सात सन्तति ।
किस्कु, मुर्मु र मारन्दी, हेमव्रोम र हासदा,
तुडु, सोरेन यी सात थिए पुर्खा सतारका ॥
थपिए वेसरा, कोरे, वास्के र पौरिया पनि,
भयो कठिन सम्हाल्नै परिवार ठूलो वनी ।
वसाइँ सर्न ती लागे जीविका धान्न खातिर

खोजकामन छाडेर पुगे छाये ती आखिर ॥
त्यहाँबाट पुगे चम्पा, कुस्कु राजा त्यहीं बने,
युवराज बने मुर्मु, तुडु बाजा बजाउने ।
मारन्दी राजभण्डारी, भयो कार्य विभाजन,
भयो सतारजातिको पूर्वतर्फ प्रसारण ॥

**

तराली मगर

कल्यायवंशको राज्यकालमा युद्ध चम्कँदा,
भाग्न भै बाध्य जुम्लेनी शत्रुबाट पछ्याइँदा ।
तिचुरोंग हुँदै जाँदा पुगी ऊ व्यास गाउँमा,
दिए शरण राजाले ताराकोट मुकाममा ॥
हुँदा गर्भवती जन्म्यो त्यहीं नै एक बालक,
आमाको स्नेह पाएर हुर्कियो पुत्र लायक ।
जान्थ्यो ऊ वनमा नित्य गाईवस्तु चराउन,
दूधको ताल छेवैमा बसी गर्थ्यो निरीक्षण ॥

दूधको तालमा देख्यो एकपल्ट अचानक,
अप्सराहरूले पौडी खेलेको दृश्य मोहक ।
थिए सातै जना देवीतुल्य अत्यन्त सुन्दरी,
दूधजस्तै थियो तिन्को देह स्निग्ध अजम्बरी ॥
फर्केर घरमा उस्ले गर्‍यो यथार्थ वर्णन,
दिइन् सल्लाह आमाले जोर्न दाम्पत्य जीवन :
'बाबु, सातै दिदीबैनी अप्सरा दिव्य छन् अति,
आउँछन् दिनहूँ दुग्धकुण्डमा स्नान गर्न ती ॥
मौका छोपी सबैभन्दा कान्छीलाई समाउनू,
शक्तिहरणका लागि गोपुच्छमा छुवाउनू !
यदि भाग्य भए तेरो भोलि जाँदाहुँदी वन,
पत्नीको रुपमा तैंले पाउनेछस् त्यसैकन !!'
भोलिपल्ट गयो पुत्र दुग्धकुण्ड सरासर,
अप्सराहरूको वस्त्र देख्यो किनारमै पर ।
वस्त्र सारा गरी जम्मा बस्यो मौका ढुकीकन,
अप्सराहरूको गर्दै जलक्रीडा निरीक्षण ॥

दूधको तालमा पौडी खेली स्निग्ध भईवरी,
निस्के किनारमा वस्त्र पहिर्न सप्तसुन्दरी ।
त्यहाँ यौटा युवालाई देख्दा भएर विस्मित,
लाज मान्दै झुकी माग्न थाले लुगा उसैसित ॥
निहार्दै रुपलावण्य अप्सराहरूको सब,
युवाले मुग्ध भै पालैसान्ती वस्त्र दियो तब ।
सम्झी सल्लाह आमाको कान्छीको छेउमा पुग्यो,
सुम्पेर वस्त्र उस्लाई तानेर घरमा लग्यो ॥
आमा भइन् खुशी पाई बुहारी अति सुन्दर,
फूलमाला लगाएर तिन्को भयो स्वयम्बर ।
पाएर सुन्दरी पत्नी छोरो दंग पऱ्यो अति,
उज्यालो घरमा छायो चम्कँदा धनसम्पति ॥

सकिन्नथ्यो कुरा गर्न अप्सरासंग क्यै पनि,
लाग्दैनथ्यो कुनै अर्थ उस्को भनाइको पनि ।
लाग्यो हो भोक भन्ठानी आमाछोरा मिलीकन
जुटे स्वयं सुसेधन्दा गर्दै रोटी पकाउन ॥
पिंधेर गहूँका गेडा जाँतो घ्यार्र घुमाउँदै,
पीठो मुछेर आरीमा डल्लो पार्दै सम्याउँदैं ।
चुलोमा दाउरा हाली आगो सल्काई दन्दन,
फुल्केरोटी तुल्याएर दिए त्यै अप्सराकन ॥
'काई केनान् ?'
परी छक्क अप्सराबाट सोधियो,
'के गरेको ?'
भनी त्यस्को अर्थ सोझै लगाइयो ।
'काई केनान् ?'
यही पैलो वाक्य जो स्पष्ट गुञ्जियो,
त्यसैको आडमा भाषा काइके नामको भयो ॥
अप्सराको सिकी भाषा कुराकानी सुरु भयो,
अप्सरावाट सम्पूर्ण घरधन्दा सम्हालियो ।
अप्सरावाट नै पुत्र ब्वे, ज्यै र गिंग जन्मिए,
सवैको स्नेह पाएर जूनझैं शिघ्र हुर्किए ॥

गृहस्थी गर्न जेठो ब्वे जुम्लातर्फ सीधै गयो,
दैलेखकी ठकुरानीसंग उस्को विहे भयो ।
पूर्व-दक्षिण लागेर मगरात पुगीकन
मगर्नी माहिलो ज्यैले ल्यायो विहे गरीकन ॥

गिंग उत्तरमा जाँदै पुग्यो भोट सरासर,
लक्काजवान कान्छो त्यो भोटेनीकै बन्यो वर ।
ब्वेका सन्तान हुन् बूढा, हुन् जेठाकै ती सन्तति,
ज्यैका सन्तान रोकाया, घर्ती हुन् गिंग सन्तति ॥

मुहार नातिको देखी अप्सराले कुनै दिन,
जान्थ्यो जो वनमा नित्य भेडाबाखा चराउन ।
सधैं हराउँथ्यो उस्को एक बाखी अचानक,
एकपल्ट पीछा गर्दै पुग्यो ऊ जंगलैतक ॥
बसेको देखियो बच्चा बाँझको बोटमुन्तिर,
बाखीको दूध चुस्तै ऊ देखिन्थ्यो अति सुन्दर ।
त्यसै बालकको धाईआमाझैं अप्सरा बनी,
त्यस्कै सन्तान नै झाँक्री भनिन्छन् अहिले पनि ॥

**

(२० फरवरी २००३, शुक्रवार)
(मेचीदेखि महाकाली, ३, पृ. ५८३ : ५८४)

सुरेल

मार्थे माझीहरू माछा सुरी र खहरेतिर,
सुरीक्षेत्र भयो नाम खोलाबाटै सरासर ।
नजीकै बस्दथे शेर्पाहरू तिन्कै छिमेकमा,
गर्जो टार्न परे जान्थे शेर्पाकै गाउँबस्तीमा ॥

पैंचो लिएर माझीले नसक्ता तिर्न क्यै गरी,
शेर्पाले तिनका तीन बच्चा पक्री लगे हरी ।
धितोको रुपमा राखे आफ्नै गाउँ लगीकन,
माझी पीडित भै लागे ज्यादै दुःख मनाउन ॥
सुनुवार दुई आए खेल्दै शिकार त्यैंतक,
यौटा बसे भनिन्थ्यो त अर्को बिखल नामक ।
पोखे उनीहरूसामु माझीले मनको दुःख,
गरे बिन्ती छुटाएर ल्याउने तीन बालक :
'तीन बालक ती हाम्रा फिर्ता ल्याइदियौ भने
बाचा भो गुणको सट्टा सहर्ष गाउँ नै दिने ।'
सुनुवार दुवै ढुंगेगाउँतर्फ सीधै गए,
शेर्पाका नाइके तारो तिनैको तीरको भए ॥

आफ्ना वालक पाएर मार्झीहरू खुशी भए,
सुनुवारहरूलाई गाउँ वक्सीसमा दिए ।
घरवार गरी वस्दा त्यहीं सन्तान जन्मिए,
सुरीक्षेत्र हुँदा वासस्थान सुरेल तीं भए ॥

**

(२३ फरवरी २००३, आइतवार)

जिर्पा वा जिरेल

सुनुवारहरू वस्थे खिम्ती खोलावरिपरि,
रस्नालु गाउँमा छाप्रो हालेर जीविका गरी ।
सिकार खेल्दथे पैले सुनुवारहरू पनि,
पुग्थे चोर्दुंगको लेकसम्म आखेटकै बनी ॥

सिकारमा गयो एक सुनुवार ठिटो कुनै,
पुग्यो शेर्पाहरू बस्ने ढुंगे गाउँ सीमान्तमै ।
शेर्पिनीलाई देखेर भयो युवक मोहित,
फकाई, प्रेम दर्शाई, लायो प्रीति उसैसित ॥
सुनुवार ठिटो फर्क्यो आफ्नै गाउँ सरासर,
जन्मियो शेर्पिनीवाट वेलामै शिशु सुन्दर ।
न्वारान गर्न आएन शिशुको बाबु नै अरे
शेर्पिनीले दिई नाम गौंत छर्केर नैदरे ॥
नैदरे टुहुरोजस्तै वावुवेगर हुर्कियो,
सुनुवार तथा शेर्पा दुवैवाट ऊ फ्याँकियो ।
विचल्लीमा परी साह्रै नैदरे भो वहिष्कृत,
न शेर्पा त्यो वन्यो झर्रा, सुनुवारै भयो न त ॥

लामाभिक्षु पुग्यो एकपल्ट त्यो गाउँमा कुनै,
देख्यो वालककी आमा परेकी अलपत्र नै ।
लग्यो वालक लामाले आफ्नै गाउँ जिरीतिर,
उसकै सन्तति हुन् जिर्पा, जस्को जिरेल भो थर ॥

**

(२१ फरवरी २००३, शनिवार)

भुजेल, छन्त्याल र बुढाथोकी

थियो पहाडमा भोजपत्रको वनजंगल,
नदी वग्थ्यो त्यहाँवाट वाग्लुंग भेकमा तल ।
भनियो त्यो भुजीखोला तसर्थ नै वगीकन,
नदी किनारमा मान्छेहरू वस्थे अनेकन ॥

लुगा लगाउँथे भोजपत्रकै झिकी वल्कल,
भुजेल भनिए वस्ने त्यहाँ मानिसको दल ।
थिए भुजेलका ढोरपाटनैतिर नौ थर,
पाले ल्याई कुनै वेला वनमान्छे स्वयं घर ॥
गरी नक्कल मान्छेको काम उस्ले छिटै सिक्यो,
देखियो रूप मान्छेकै झर्दा भुवा शरीरको ।
हँसीठट्टा गरी उस्ले वोल्न थाल्यो मजैसित,
वनमान्छे वन्यो मान्छे मान्छेको पाई संगत ॥
दिए भुजेलले छोरी विहेवारी गरीकन,
छ्यान्टूमा वस्नका लागि दिए ठाउँ दुवैकन ।
जन्मे वगाल नै तिन्का छोराछोरी र सन्तति,
छन्त्याल थर भो तिन्को हुनाले छ्यान्टुवासी ती ॥

खानी खोजेर छन्त्याल फैलिएथे जतातते,
सर्दै एक परिवार गुर्जाखानी पुग्यो सिधै ।
अठार घरको वस्ती त्यहाँ मगरको थियो,
पछि वंश हुँदा नष्ट यौटा घर त्यहाँ रह्यो ॥
त्यहाँ छन्त्यालको चाहिं क्रमशः उन्नति भयो,
एकवाट वढी चाँडै अठार घर देखियो ।
मिल्यो छन्त्यालमै एक वाँकी मगरको घर,
पुरानो थर थोकीको वुढाथोकी भयो थर ॥

**

(२५ फरवरी २००३, सोमवार)

दहाल

गऱ्यो यवनले धावा सम्पन्न गुजरातमा,
कैयौं ब्राह्मण भागेर लागे उत्तरपन्थमा ।
तिनैमध्ये थिए एक गोपाल भट्ट ब्राह्मण,
पूर्व लाग्दै वसे वास दहचोक पुगीकन ॥
गोपाल भट्टका थुप्रै जन्मेथे सन्तति त्यहाँ,
तिनैको कुलका सारा दहाल भनिए यहाँ ।
जग्गा कमी हुँदा एक घुरु नामक ब्राह्मण,
पत्नीको साथमा लागे अन्यत्रै धान्न जीवन ॥

पाती पढ्दै घुमी भिक्षाटन गर्थे उनीहरू,
मर्दा अकालमै पत्नी शोकाकूल भए घुरु ।
डाँडाकाँडा चहारेर फिरन्ता एकलो वनी,
सुनकोशी किनाराको दुम्जासम्मै पुगे उनी ॥
निसन्तान हुँदा ठूलो पीर उन्मा छँदैथियो,
पत्नीवियोगले गर्दा खपि नसक्नु नै भयो ।
जाँदाजाँदै पुगे यौटा ठूलो चहुरमा घुरु,
मरेकी पत्नी सम्झेर रोए उनी धुरुधुरु ॥

भोक लागेर ज्यादै नै उनी भात पकाउन
ठूलो चहुरमा लागे चुलो एक वनाउन ।
यत्तिकैमा कतैवाट नारी एक पुगी त्यहाँ,
सोध्न लागी :
 'कहाँका हौ ? किन रुन्छौ वसी यहाँ ??'
द्रवीभूत भई ज्यादै आइमाई सुनी कथा,
भन्न लागी अलि होलो पार्न ब्राह्मणको व्यथा :
'वाजे, जाऊ सिधै वुमनाम गाउँ सरासर,
होला पक्कै पनि तिम्रो जायजन्म त्यतैतिर ॥'
सुनी सल्लाह नारीको वुमनाम पुगे घुरु,
जहाँ न्वारानका लागि पुरेत खोज्न भो सुरु ।
धमला थरकी एक कन्या नौ दिनकी हुँदा,
घुरुवाट भयो जातकर्म पुरेत रोजिंदा ॥

गरी सम्पन्न न्वारान गराए सूर्यदर्शन,
नवजात शिशु देख्दा परे अचम्म व्राह्मण ।
वालिकाको अनुहार हूवहू पत्नीकै थियो,
मिल्दा मुहारको रूप गहमा आँसु टल्कियो ॥
'न्वारान छोरीको गर्ने रोए पुरेत ती किन ?'
आमावावु परी छक्क तम्सिए सोध्न कारण ।
आएर पत्नीको याद अझ व्यग्र वने घुरु,
भक्कानो फुट्न लागेझैं वोले रुँदै धुरुधुरु :
'देखेर शिशुमा मेरै स्वर्गीय पत्नीको तन,
आँसु चुहे अनायासै, सकिनँ थाम्न यो मन ।'
आमावावु भए स्तव्ध सुनी पुरेतको व्यथा,
कन्या दिने उनैलाई गरे निर्णय सर्वथा ॥

अनुरोध घुरुसंग गरे विनम्र भैकन,
विवाहयोग्य छोरीको उमेरसम्म पर्खन ।
पुरेतकर्म सम्पन्न गर्दै धानेर जीवन,
बसे त्यहीं प्रतीक्षामा कन्याको घुरु व्राह्मण ॥
दिन गन्दै वित्यो हप्ता, महीना औ वर्ष नै वित्यो,
अनि आखिरमा कन्यादानको लग्न तोकियो ।
विवाह गर्नका लागि थर तोक्नुपर्‍यो जब,
दहाल घुरुले आफ्नो वताए थर वास्तव ॥
वर दहाल औ कन्या धमला थरका थिए,
तिनैका सन्तति सारा दहाल थरका भए ।
घुरु व्राह्मणका पुर्खा हुनाले दहचोकमा,
दहाल थर नै उन्ले चलाए निज वंशमा ॥

**

(२४ फरवरी २००३, आइतवार)

पौड्याल, सिग्द्याल, मैध्यावी र अर्ज्याल

धारानगर कन्नौज देशको राजधानीमा
दाजुभाइ दुई बस्थे कुनै ब्राह्मण वंशमा।
कुशवंदा थिए जेठा चावा ती कहलाइए,
कान्छा चाहिं उदैभट्ट नामले चिनिने भए॥
विधर्मीको त्यसैताका हमला देशमा भयो,
सकेनन् सामना गर्न धावा मुसलमानको।
उपद्रव विजेताको नसकी खप्न आखिर
त्यागी जन्मथलो लाग्यो पहाडतर्फ लश्कर॥

लालावाला परिवार आफ्ना लिएर साथमा
दुवै भाइ पुगे घुम्दै सीधै हिमाल खण्डमा।
सन्तान दाजुभाइका जब वृद्धि हुँदै गयो,
बसेर एक ठाउँमा गुजारा नहुने भयो॥
छुट्टिएर उदैभट्टतिरका सब सन्तति
सिग्दी औ पौडीमा बस्न पुगे घुम्दै यताउति।
सिग्द्याल सिग्दीमा बस्ने जतिको थर ठानियो,
पौडीमा बस्न जानेको थर पौड्याल मानियो॥
चावाकी ब्राह्मणी जेठीतर्फका सन्तति सब,
बसे जो अर्जीमा ती हुन् अर्ज्याल थरका अब।
पुगेथे मैधीमा कान्छीपट्टिका जति वंशज,
मैधीवाटै ती मैधाली भनिंदैछन् यहाँ अझ॥

गोर्खातर्फ गए धौलु उर्फ उद्धवदास र
विष्णुदास दुई भाइ वास खोज्दै सरासर।
अर्ज्यालहरूमध्येकै धौलुका चार सन्तति,
भनिएथे वग्गाले नै वगालै जन्मिएर ती॥
विहारे भनिए विष्णुदासका सन्ततिहरू
बसाईं सर्दथे वास खोज्दै घुमी लुरुलुरु।
वगाले र विहारे भो अर्ज्यालको दुई थर,
अर्ज्याल फैलिए गोर्खावाट आज सवैतिर॥

**

(४ जभेम्बर २००३, मंगलवार)
(उदयानन्द, २०२०, पृ. ६९४ : ६९७)

चन्दवंश

उहिले ठकुरी कुल्लेकोटका नृपति भए,
निःसन्तान हुँदा खिन्न राजारानी दुवै थिए।
रानीको कोखमा जन्म लिने बालक तत्क्षण,
सारौं वनी उडिजान्थ्यो चट्टानतर्फ दक्षिण॥
घट्टेगाड नजीकैको पहरासम्म उड्दथ्यो,
वज्री चट्टानमा सोझै खाई ठक्कर मर्दथ्यो।
विलाप गर्दथिन् रानी शिशुको मृत्युमा अति,
यौटै बालक बाँचेन, मर्दथे जन्मने जति॥

एकपल्ट गई केटी पानी भर्न कुवातिर,
देखी ब्राह्मण जो ध्यान गर्दैथ्यो नाउलानिर।
पन्या मार्दै थियो एक हात माथि उडीकन,
अचम्ममा परी केटी दौडी दर्बारमा पुनः॥
केटीबाट सुनी छक्क पार्ने वर्णन योगको,
रानी आइन् पनेरामा दृश्य हेर्न अचम्म यो।
केही बेरपछि प्रातःध्यान समाप्त भो जब,
रानी अगाडि देखेर सोधे ब्राह्मणले तब :
'रानी, आयौ यहाँसम्म पाउ कष्ट गरी किन ?
चाहियो के तिमीलाई ? चिन्ताको के छ कारण ?'
पोखिन् ब्राह्मणको सामु रानीले मनको कुरो :
'जन्मनेवित्तिकै सोझै मेरो शिशु वनी चरो॥
हुर्रिएर गई सोझै पहरोतर्फ उड्दछ,
ढुंगामा टाउको ठोकी ठाडै वज्रेर खस्दछ।
घट्टेगाड उँभो ठोक्छ कडा चट्टानमा शिर,
रक्षा जीवनको गर्ने होला केही उपाय र ?!'
भन्यो ब्राह्मणले शिघ्र दुखेसो रानीको सुनी :
'कुनै तान्त्रिकले भेद गरेजस्तो छ यो पनि...'
दया जागेर रानीको दुर्दशा हर्न खातिर,
राजाको वंशरक्षार्थ भयो ब्राह्मण तत्पर॥
मन्त्र सन्तान रक्षार्थ जप गर्न भनी दियो,
निर्देशन दिंदै रानीलाई ब्राह्मणले भन्यो :
'रहला गर्भमा तिम्रो अर्को अन्तिम बालक,

राजा वीरगति प्राप्त गर्लान् जन्म हुँदातक ॥
तिमीले जानुपर्नेछ राजाकै साथमा सती,
मलाई सम्झना गर्नू त्यसै वेला तिमी अति !'
मन्त्रदान गरी योगी गयो अज्ञात स्थानमा,
भईन् गर्भवती रानी, गए राजा लडाईंमा ॥

चार मास अझै बाँकी छँदै जन्मन वालक,
मारिए युद्धमा राजा शत्रुवाट अचानक ।
रानीले जानुपर्ने भो गर्भाष्ठे स्थितिमै सती,
रानीलाई पऱ्यो पीर गर्भको शिशुको अति ॥
आँसु वर्वर झारेर रोइन् रानी अधीर भै,
सम्झिन् ब्राह्मणको वाक्य सती जान तयार भै ।
लिई गरुडको भेष योगी आयो उडी त्यहाँ,
राजाको मृत्युमा सारा शोकाकूल थिए जहाँ ॥
लिई ब्राह्मणको रूप रानीसामु खडा भयो,
सर्स्यूंको तेल मन्त्रेर रानीको हातमा दियो ।
कानमा तेल त्यो हाल्दा तत्कालै शिशु जन्मियो,
आमाको कोखमा आधा वर्षको मात्र त्यो थियो ॥

वंशको क्रम चल्ने भो राजाका शिशु जन्मँदा,
रह्यो गर्वचन नाम अधूरै गर्भको हुँदा ।
नवजात शिशुलाई सुम्पी राजसिंहासन,
सेरातर्फ गइन् रानी त्यागन नश्वर जीवन ॥
चौलाने र महाकाली नदीको पुण्य संगम,
जहाँ सेतो र कालो त्यो जलको छ समागम ।
त्यही सती वनिन् रानी सम्झेर मनमा पति,
चिताको अग्निज्वालामा गरेर जीवनाहुति ।

युवराज हुँदा पाँचै दिनका मात्र वालक,
गरे ब्राह्मणले उन्को न्वारानकर्म जातक ।
नाम गर्वचन भन्ने छमैन्हे शिशुको रह्यो,
नवजात शिशुवाटै राजाको वंश चन्द भो ॥

**

(२६ फरवरी २००३)

थकूजुजु

टोलैपिच्छे बने राजा देशमा ठकुरीहरू,
बाह्र राजा थिए कान्तिपुरमा मात्र नै बरु ।
भनिए भिंनिम्ह थकूजुजु अतः सगोलमा,
गर्थे शासन ती आफूखुशी प्रत्येक टोलमा ॥

देश जित्न भनी आए रत्न मल्ल सरासर,
गुप्त वार्ता गरी पाए बाह्रमा एकको भर ।
बाह्रै थकूजुजु जम्मा भएथे भोजमा जब,
एकको विषले गर्दा जल्यो एघारको शव ॥
कान्तिपुर जिती रत्न मल्ल राजा बने तर
गरे विश्वासघातीको शिरच्छेदन आखिर ।
चलेथ्यो यसरी मल्लवंशको राज्यशासन,
ठकुरीवंशले हेर्छ रीतिरिवाज प्राचीन ॥

लिच्छवि वंशको सत्ता शाहसम्म पुऱ्याउन
छन् थकूजुजु नै एक निरवच्छिन्न साधन ।
देवीको खड्ग साँटिन्छ तानाबहाल सम्मुख,
भनिन्छ ठकुरीवंश थकूजुजु अझैतक ॥
घ्याम्पो नै खटमा राखी पचलीभैरव ल्याउँछन्,
वर्षेपिच्छे थकुजुजु यहाँ जात्रा चलाउँछन् ।
काष्ठमण्डपको सामु छ्वासमा उभिईकन,
साँट्दा भैरवको खड्ग बन्छन् सम्पर्क माध्यम ॥

**

अध्याय - आठ

तान्त्रिकनाम

शेखर आचार्य

नेपालमा अधि राज्य लिच्छवि वंशको थियो,
धावा चौबीस हज्जार किराँती फौंजको भयो ।
भए राजा शिवदेव ज्यादै आकुलव्याकुल,
परे शरणमा वज्रजोगिनीको सरासर ॥
'गुरु शेखर छन् तिम्रा फौंज थोरै भए पनि,
उनैसंग लडाइँको बारेमा गर सोधनी !'
वज्रजोगिनीको यस्तो आज्ञा गरी शिरोपर,
मागे शेखरको राय नृपले पनि सत्वर ॥

'महाराज, कुनै चिन्ता गर्नुपर्दैन व्यर्थमा,
सहस्त्र बाघ बन्दै म पस्छु किरौंत फौंजमा ।
धपाई शत्रुको फौंज सामुमा जब आउँला,
ममाथि अक्षता पर्दा मान्छेकै रूप पाउँला ॥'
अक्षता केही मन्त्रेर नृपको हातमा दिए,
क्यै गेडा मुखमा हाली आचार्य लोप भैगए ।
भयो प्रकट गर्जेर सहस्र बाघको दल,
भाग्यो चारै दिशातर्फ किराँतीहरूको हुल ॥

सम्पूर्ण शत्रुको सैन्य पारी तितरबितर,
बाघकै रुपमा आए नृपति सामु शेखर ।
राजाले बाघमा केही मन्त्रेको अक्षता छरे,
बाघको रुप त्यागेर आचार्य सामुमा परे ॥
किराँती सैन्यमा बाघ पसेको सब वर्णन,
वताए गुरुले गर्दै युद्धको दृश्य चित्रण ।
गरी सिन्दुरयात्राले सम्मान गुरुको तव,
मनाए नृपले सारा देशमा विजयोत्सव ।

लिएर वाघको रूप, भगाई शत्रुको दल,
पाई सम्मान राजाको पति जब पुगे घर,
भई शेखरकी पत्नी नररूपा अचम्भित,
लागि गर्न ढिपी साह्रै पतिका सामुमा नित :
'पतिदेव, सुनें, शक्ति रूप फेर्ने छ रे, अहो !
पत्नीवाटै लुकाएर राख्नु त्यो सव योग्य हो ?

आजै म हेर्न चाहन्छु - कस्तो हुन्छ अजिंगर ?
रूप त्यस्को लिनोस् छिटो, पतिदेव, कृपा गर !!'
सुनेर नररुपाको गुनासोयुक्त याचना,
चाहे शेखरले गर्न पत्नीको पूर्ण कामना।
मन्त्रेको अक्षता सुम्पी अह्राए पत्नीलाई यो :
'रूप हेरेपछि फाल्नू अजिंगरमाथि यो !!'
अनि शेखरले केही अक्षता मुखमा लिए,
मान्छेबाट बनी सर्प पत्नीको सामु देखिए।
घिस्रिदै मुख बाएर जब आयो अजिंगर,
भागी चिच्याउँदै पत्नी लागेर मनमा डर॥

सोचे मनमनै सर्परूपी शेखरले उता :
'गर्ला उद्धार कस्ले लौ अब हानेर अक्षता ?'
मन्त्रेको अक्षता उस्कै पत्नीसंग थियो अब,
थिएन त्यो बिना फेरि बन्नु मानिस सम्भव॥
सर्पको रूप त्यागेर मान्छे बन्ने लिई मति
अक्षता माग्न पत्नीको पीछा गर्दै थियो पति।
भागेर नररूपाले सोची हेर्दै पछिल्तिर :
'मेरो पीछा गरी डँस्न आउँदै छ अजिंगर॥'

पत्नीकै हातमा मात्र मन्त्रेको अक्षता थियो,
उसैलाई पछ्याएर तसर्थ सर्प घिस्रियो।
आएको हुर्रिंदै देख्दा कालरूपी अजिंगर,
लागी वेतोडले भाग्न पत्नी कामेर थर्थर॥
गोडा चाल्न पर्‍यो गाह्रो खस्किंदा फरिया तल,
एक्कै छिन नररूपा अडिई टक्क केवल।
सम्हाल्न वस्त्र खस्केको हात खाली गरौं भनी,
अक्षता मुखमा हाल्दा बनी सर्प स्वयं पनि॥

यसरी ती पति-पत्नी बन्दा दुवै अजिंगर,
परे खिस्रिक्क पत्नीको चाला देखेर शेखर।
अजिंगरहरू सामु थिएन जुक्ति नै अब,
मान्छे बन्नु थियो सर्पबाट प्रायः असम्भव॥

आफ्नो हालत देखेर थिए चिन्तित शेखर,
मनमा फेरि आशाको टुसायो सूक्ष्म अंकुर :

'मन्त्रेको अक्षता होला राजासंग अझै पनि,
उद्धार गर्न सक्ने छन् एक मात्र यहाँ उनी ॥'
दिनहुँ यसरी सोच्दै घिस्रेर सर्पदम्पति,
पुग्थे दर्वारको सामु आशावादी हुँदै अति ।
भुइँ पुच्छरले टेकी उभिन्थे स्तम्भझैं बनी
देखून् नृपतिले झ्यालवाट हेर्दा सधैं भनी ॥

'अघि वाघ वनी शत्रु सैन्यलाई धपाउँदा,
अक्षता नृपले हान्दा बनें मानव फर्कंदा ।
देखेर सर्पको जोडी दर्वारकै अगिल्तिर,
राजाले अक्षता हानी गर्लान् उद्धार आखिर ॥'
रही नररूपासंगै सोच्थे आचार्य शेखर,
असहाय थिए किन्तु दुवै बनी अजिंगर ।
आशामुखी हुँदै पुग्थे नित्य दर्वार सामुमा,
जस्तै आपद होस् किन्तु आशा मर्दछ अन्त्यमा ॥

यस्तो विचित्रको चाला देखेर दिनका दिन,
हुन्थे दर्वारसामुन्ने नित्य भेला सवै जन ।
हेर्थे राजा पनि झ्यालबाट यो दृश्य तैपनि
सोचेनन् अक्षता हानी बदल्ने सर्पको जुनी ॥
'आजन्म वाँच्नुपर्ने भो वनी अब अजिंगर,
वाँच्नुको सार के ?' -
सोच्थे हतासिएर शेखर ।
तैपनि दिनहुँ पुग्थे राजदर्बारमुन्तिर,
उभिन्थे ठाडिई सोझै लिई पुच्छरको वल ॥
परिवर्तनको शक्ति अक्षतामा भए पनि
प्रयोग नगरी त्यस्को नृप वस्ने भए भनी ।
हतोत्साही वनी सर्प फर्के निराश भै घर,
वाँच्नु नै व्यर्थ ठानेर मरे दुवै अजिंगर ॥

त्यसै वर्ष खडेरी भै अनिकाल पर्‍यो ठूलो,
आँधीवेहरीले गर्दा चारैतर्फ उड्यो धुलो ।
देशमा रोगव्याधिको हाहाकार चल्यो अनि,
देशवासीहरू लागे गर्न तर्क यसो भनी :
'देखिनु राजधानीमा एक जोडी अजिंगर,
घोर दुर्भिक्षको त्यो नै पूर्वसंकेत हैन र ?

कुनै उपाय खोजेर लोकको हित खातिर,
शान्तिस्वस्ति छिटै गर्नु जरुरी हुन्छ आखिर ॥'

यस्तो दुर्दिनका वेला चिन्ताग्रस्त भईकन,
सम्झे शेखर आचार्यलाई नृपतिले पुनः,
मन्त्रीको साथमा आफै पुगे तान्त्रिकको घर,
देखिएन त्यहाँ कोही, न भित्र, न त बाहिर ॥

खोज्दै यताउति सारा चोटाकोठा चहारियो,
भुईंमा सर्प घिस्रेको डण्डीको चिन्ह देखियो ।
पछ्याउँदै त्यही चिन्ह खोज्दा सतर्क आखिर,
मरेका भेट्टिए आत्मघाती जोडी अजिंगर ॥

सम्झे तान्त्रिकको सेवा झल्यॉस्स नृपले स्वतः,
'गरे शेखरले बाघ बनेर अघि मद्दत ।
पति-पत्नी बने होलान् रूप फेरी अजिंगर,
सके मद्दत चाहेर आए होलान् अगिल्तिर ॥'

छरेर अक्षता सर्प सक्दथ्यो बन्न मानव,
किन्तु मृतकमा प्राण भर्नु थियो असम्भव ।
पश्चात्ताप गरी राजा शोकाकूल निकै भए,
राख्ने तान्त्रिकको कीर्ति पछिसम्म गरे तय ॥

जब वसन्तमा हुन्छ वर्षको परिवर्तन,
काष्ठस्तम्भ ठड्याइन्छन् चैत्र मसान्तका दिन ।
लिंगो विस्केटको बन्छन् नररूपा र शेखर,
नववर्ष मनाएर लिंगो ढालिन्छ आखिर ॥

**

शान्तिकर गुभाजु

शान्तिकर सिद्धाचार्य नामार्थेन च सादृशः ।
सर्वेषामपि लोकानां शान्तिकृतां विनायकः ॥
स्वयम्भू पुराण, पृ. ४०६

राजा भए गुणकामदेव प्राचीन कालमा,
कान्तिपुर बसाएर गरे शासन राज्यमा ।
सधैंभरि खडेरीको गरी दुःख निवारण,
खोजे उन्ले सदा राख्न आनन्दमा प्रजाकन ॥
बस्थे कान्तिपुरीमा नै एक नामूद तान्त्रिक,
शान्तिकर गुभाजुको थियो ख्याति अलौकिक ।
रहन्थे वशमा उन्को मन्त्रको बलले गरी
देव, दानव औ भूतप्रेत, नाग सबै थरी ॥

बोलाइया उनैलाई राजाको दरबारमा,
नृपवाट मनोकांक्षा भयो व्यक्त गुभाजुमा :
'सुखपूर्वक नै आज बसेका छन् प्रजाहरू,
मलाई मनमा लाग्छ चिन्ता भविष्यको बरु ॥
दैवेच्छाले अनावृष्टि कदाचित् हुन गो भने
सकिन्छ गर्न के आज प्रजा रक्षा यहाँ हुने ?'
बुझेर नृपको यस्तो परोपकार भावना,
गरे बिन्ती पूरा गर्ने निस्वार्थ सब कामना ॥

अनि पत्ता लगाएर शुभ साइतको दिन,
इनार गहिरो एक थालियो खन्न तत्क्षण ।
गर्न थाले गुभाजुले पुरश्चरण नागको,
भए कर्ता गुणकामदेव पावन यज्ञको ॥
वाह्र वर्षपछि वल्ल पुरश्चरण सिद्धियो,
पाताल देखिने एक इनार गहिरो वन्यो ।
वाह्र वर्ष लगाएर वल्ल निर्माण पूर्ण भो,
तसर्थ नाम नै त्यस्को वाह्रवर्षे इनार भो ॥

राजासंगै गुभाजुले देखे पातालको द्युति,
गरे एक सय आठ श्लोकको मन्त्रले स्तुति ।
आवाहन हुनासाथै प्रतिष्ठाको हुँदा क्षण,
नागराजा पनि आए त्यै बाटो दिन दर्शन ॥

नागराजा भए तुष्ट पाई सभक्ति आदर,
मनोवांक्षा पुगोस् भन्ने दुवैलाई दिँदै वर ।
मर्त्यलोक र पाताललोकको हित खातिर,
दिए सल्लाह वृष्टिको उपाय गर्न आखिर :
'यही इनारको वाटो पुगी पातालमा तल,
अनावृष्टि हुँदा गर्नू स्तुतिपाठ निरन्तर ।
होला वृष्टि अनावृष्टि रोकिएर भविष्यमा...'
यति आज्ञा दिई फर्के नागराजा स्वलोकमा ॥

नागस्तोत्र वनाएर कुँदे सुवर्णपत्रमा,
ढोका बन्द गरी टाँसे सूचना यो इनारमा :
'कलंवाजा बजाएर खोली द्वार इनारको,
अनावृष्टि हुँदा गर्नू आह्वान नागराजको ॥
गर्नू एक सय आठ श्लोकको मन्त्र वाचन,
पाइनेछ भई वृष्टि खडेरीवाट मोचन !'
सिध्याएर पूजापाठ गुभाजु घरमा पसे,
चिन्तावाट भई मुक्त राजा दर्बारमा वसे ॥

केही वर्षपछि भोग्नुपर्‍यो मार खडेरीको,
पुग्न पातालमा चाहे ढोका खोल्न इनारको ।
किन्तु पत्थरको खापा चलेन डेग नै पनि,
लागे शान्तिकर सोच्न खुलेन किन यो भनी ॥
जो हो वाधक त्यो आओस् भन्ने सुनाई मन्त्रणा,
फर्केर घरमा सोझै गरे कलश स्थापना ।
आवाहन हुँदा आयो नाग चोभारको कुनै,
मन्त्रको जोडले गर्दा पर्‍यो मुर्च्छा अगाडि नै ॥

हुँदा चोभारको नागसंग कारण सोधनी,
भन्यो नजीकको तीर्थतुल्य हेला भयो भनी ।
अपमान हुँदा आफ्नो भएछ क्रुद्ध नाग त्यो,
वस्यो जव्वर पाराले थुनी ढोका इनारको ॥

हुँदा वाधक त्यो नाग ईर्ष्यालु अरुको बनी,
दिए दण्ड गुभाजुले दृष्टान्त होस् सदा भनी ।
त्यसैको मुटुको रक्त झिकेर स्तुति लेखियो,
मन्त्रोच्चारणका साथ आह्वान नागको भयो ॥

भयो वृष्टि यहाँ नाग हुँदा पातालको खुशी,
अन्नवाली फली राम्रो भए राजा-प्रजा खुशी ।
बन्यो आगम त्यो नागस्तोत्र राख्न सुरक्षित,
खडेरीमा परे गर्न भावी सन्ततिको हित ॥

मर्‍यो चोभारको नाग रक्तदान गरी यहाँ,
पाओस् पो दाहसंस्कार गर्न नागिनीले कहाँ ?
नागको रक्तले ग्रन्थ लेखियो जुन वस्तुतः,
त्यसैमा नागको अंश थियो केही सुरक्षित ॥
'पतिको शवको सट्टा ग्रन्थ रक्ताक्षरी त्यही,
चोर्छु संस्कारका लागि' भन्ने निश्चयमा रही ।
मौकाको ताकमा लागी नागिनी कुर्न हर्दम,
चोर्ने दाउ मिले सुट्ट चाहन्थी पस्न आगम ॥

मनसाय बुझी उस्को शान्तिकर गुभाजुले
स्वयं नै ग्रन्थरक्षार्थ त्यहाँ बस्ने निधो गरे ।
रहेका छन् त्यहीं शान्तिकर रक्षकझैं बनी,
शान्तिपुर रह्यो नाम अतः आगमको पनि ॥

स्वयम्भू ज्योति ढाकेर ठड्याई चैत्य सुन्दर,
अग्नि, वायु, वसु, नाग, शान्तिको नामले पुर,
बनाएर कुटी पंचतत्वद्योतक आखिरः
ध्यानमग्न भए शान्तिकर निर्वाणखातिर ॥

**

सुरतबज्र

अघि नेपालमा बस्थ्यो सुरतबज्र तान्त्रिक,
युवा छँदै थियो उस्मा तन्त्रको ज्ञान व्यापक ।
थिएन घरमा द्रव्य नाम जस्तै चले पनि,
जसोतसो गरी धान्थ्यो पारिवारिक जीवनी ॥
ल्हासाव्यापारमा जान्थे टोलका सब दौंतरी,
आउँथे सुन बोकेर व्यापार मालको गरी ।
शिरमा गिदीको सट्टा गोवरै भरिए पनि,
हुन्थ्यो रवाफ नै अर्कै हुनाले ती निकै धनी ॥

भयो व्यापारमा लाग्ने इच्छा सुरतबज्रको,
जाँच गर्न ऊ चाहन्थ्यो ल्हासा पुगेर भाग्यको ।
डाँडाकाँडा गरी पार ल्हासा ऊ अन्त्यमा पुग्यो,
जहाँ चिन्नु नजान्नु क्वै, घचेटी माग्नुभैं भयो ॥
चिनजान कसैसंग थिएन परदेशमा,
देशवासी पनि हुन्थे विरानै परिवेशमा ।
दश हण्डर खाँदै ऊ खपेर सय ठक्कर,
धनाड्य एक लामाको पुग्यो ऊ अन्त्यमा घर ॥

उस्माथि घरधन्दाको सुम्पियो काम दैनिक,
गर्ने स्वागत सत्कार पाहुनाहरूको तक ।
तम्तयार रही गर्थ्यो आज्ञा तत्काल पालन,
दिन्थ्यो चिया पकाएर लामा र पाहुनाकन ॥
चियाको स्वाद औ वास्ना पाएर अति मोहक,
लामाका पाहुना सारा चिया खाँदै परे छक ।
भयो प्रख्यात ल्हासामा चिया सुरतवज्रको,
पोटालादूर्गको लामा चाहन्थ्यो स्वाद चाख्न त्यो ॥

पोटालामा भयो एकपल्ट ठूलो सभा कुनै,
वोलायो मुख्य लामाले त्यहाँ सुरतवज्र नै ।
अह्रायो पाहुनालाई चियाले गर्न स्वागत,
हालीमुहाली भान्साको रहने भो उसैसित ॥
चियाको नवुभोस् भेद कोही भन्ने विचारले,
भान्साको भ्याल औ ढोका थुन्यो सुरतवज्रले ।

दालचिनी, अलैंची र ल्वाङ हाली यथोचित,
मन्त्रोच्चारणका साथै चिया पाक्यो मजैसित ॥

चियाकै स्वाद झल्कन्थ्यो पाहुनाको मुहारमा,
सबैले प्रश्नको वर्षा गरे सुरतवज्रमा :
'बनायौ कसरी यस्तो चिया अत्यन्त स्वादिलो ?
चियापान समारोह वन्न गो आज चाखिलो ॥'
चियाको भेद खोलेन किन्तु सुरतवज्रले,
पोटालामै बस्यो मुख्य लामाको अनुरोधले ।
दर्बारमा चियापान समारोह हुँदा नित,
गर्दथ्यो पाहुनाको ऊ चिया टक्र्याई स्वागत ॥

प्रायशः मुख्य लामाको वरिपरि बसीकन,
लामाहरू चिया चुस्तै गर्थे अध्यात्म चिन्तन ।
'लक्ष्य जीवनको के हो ?
सृष्टि चल्छ कसो गरी ?'
निदान प्रश्नको गर्थे लामाहरू थरी थरी ॥
चर्को विवादमा कैले मतभेद ठूलो हुँदा,
सभामा तर्क ऊ आफ्नो पनि राख्थ्यो यदाकदा ।
तर्कको पुष्टि गर्थ्यो ऊ सप्रमाण निरन्तर,
व्याख्या उस्को सुनी हुन्थे लामाहरू निरुत्तर ॥

मुख्य लामा थियो मक्ख पाएर विज्ञ नोकर,
काट्न सक्तैनथ्यो उस्को कसैले पनि उत्तर ।
मुर्मुरिन्थे भलै लामाहरू आफै मनैमन :
'जावो चिया दिने प्यादा मसंगै खोज्छ दाँजिन ?!'
वने शत्रुहरू धेरै त्यहाँ सुरतवज्रका,
पोटालामा गई लागे शव्द ओकल्न ईखका :
'चाला नोकरको हामी देख्दैनौं गतिलो रति,
तिम्रै धज्जी उडाएर पार्न के वेर दुर्गति ??'

चुक्ली लामाहरूवाट सुनी सतर्क त्यो वन्यो,
परीक्षा मुख्य लामाले लिन नोकरको भन्यो :
'दाँजिहेरौं न को हामीमध्ये छ ज्ञानमा ठूलो ?
आजै निर्क्योलमा पुग्नु दुवैको निर्मित्त हो भलो !!'
भोलिपल्टै पुगी जौंको वालीले टन्न खेतमा,

खेल्न लागे लुकामारी दुवै अल्पेर बोटमा ।
दुवैले मन्त्रविद्याले लगाए साँध खेतको,
पुगे लामाहरू हेर्न त्यहाँ खेल अचम्मको ॥

'लुक्ने को पहिले ?' भन्ने पालो रोज्ने विवादमा,
भाग्यजोग्य विचारेर लिए निर्णय अन्त्यमा ।
पर्न गो सुरुमै लुक्ने पालो सुरतबज्रको,
सबैको सामुमा जौंको बोटभित्र ऊ अल्पियो ॥
सर्वत्र मुख्य लामाले खोज्यो घुम्दै वरिपरि,
तन्त्रमन्त्र गऱ्यो किन्तु भेट्टिएन कसै गरी ।
दौडधूप गरी लामा असिनापसिना भयो,
जौंको बोट चहार्दैमा खोज्ने वेला बितिगयो ॥

निकै बेरपछि आफै फुत्त सुरतबज्र त्यो,
जौंको छ्वाली फुटालेर प्याट्ट एक्कासि निस्कियो ।
त्यस्पछि मुख्य लामाले लुक्ने मेसो गऱ्यो त्यहाँ,
बेपत्ता ऊ भयो, हेर्दाहेर्दै कुन्नि गयो कहाँ ??
सारा खेत घुमी खोज्दै बाँध्यो सुरतबज्रले
केही बोटहरू जौंका धागोको एक सूत्रले ।
यौटा बोट मुसारेर विचार्दै हातमा लियो,
'निस्क बाहिर, भेट्टाएँ !'
भन्दै चुँडाल्न तम्सियो ॥
'छिटै मुक्त गरिदेऊ फुकाली सूत्रबन्धन,
बाँधिएको हुँदा गाह्रो पऱ्यो मलाई निस्कन !'
सुनेर छ्वालीको भित्रबाट पुकारको स्वर,
भन्यो धागो चुँडालेर :
'लौ, निस्क अब बाहिर !!'
निस्की बाहिर छ्वालीको त्यागेर गुप्त आश्रय,
स्वीकार मुख्य लामाले गऱ्यो आफ्नो पराजय ।
बाध्यतावश स्वीकार गरे तापनि हार त,
सहजै किन्तु जाँदैन मनको तुस हत्पत ॥

'नभन्दै घुस्घुसे केटो मभन्दा पोख्त देखियो,
कुरा लामाहरूको नै वस्तुतः सत्य निस्कियो ।
सर्पलाई दिई दूध व्यर्थमा पाल्नु नै किन ?
अब यस्बाट पर्नेछ छिटै पिण्ड छुटाउन ॥'

गरेर मुख्य लामाले शंका सुरतबज्रमा,
निकाल्ने निहुँको मात्र रह्यो नितान्त खोजमा ।
छिटै नै भेट्टियो चाहेजस्तै उत्तम औसर,
जीत मालिककै हुन्छ जे भए पनि आखिर ॥

पोटालामा भयो कालान्तरमा एक उत्सव,
वसे आसनमा पंक्तिवद्ध लामाहरू सव ।
प्याला टक्र्याउनु सट्टा झुकेर भक्तिभावले,
झ्याल खोलेर हुत्यायो चिया सुरतवज्रले ॥
'के गरेको ?
चिया फ्याँकिस् किन त्यो झ्यालवाहिर ?'
झपाऱ्यो मुख्य लामाले भएर रीसले चूर ।
'परेछ अग्निज्वालामा मेरो येँदेशको घर,
तसर्थ पानीको सट्टा चिया फ्याँक्नुपऱ्यो तल ॥'
विश्वासै गर्न गाह्रो यो तर्क नोकरको सुनी,
छुट्यो लहर हाँसोको पाहुनाहरूमा पनि ।
'निभ्यो त अग्निको ज्वाला चिया छर्केर केवल ?'
गुञ्जियो व्यंग्य हानेझैं पाहुनाहरूको स्वर ॥

निकै गम्भीर पाराले शंकाभाव सुनीकन,
भन्यो नोकरले प्याला टक्राई शान्त भैकन :
'चियाको पानीले आगो पारियो वल्ल मन्थर,
मौकामै गरिंदा जुक्ति भएन भष्म त्यो घर ॥'
परीक्षा गर्न तैयार भए लामाहरू पुरा,
पठाए दूत येँदेश बुझ्न नोकरको कुरा ।
पुगी येँदेश फर्केर आए दूतहरू जव,
वताउँदै गरे पुष्टि तर्क नोकरको सव :
'ठीक त्यै दिन त्यै वेला आगो दन्केर वस्तुतः,
येँदेश वन्न सक्थ्यो रे खरानीमा परिणत ।
परन्तु ऐन मौकामै एक्कासि दर्कियो झरी,
जलेन घर आगोको लप्काको मारमा परी ॥'

क्षमता पार्न निर्मूल चाहे सुरतवज्रको,
वन्यो लामाहरूवाट योजना चक्रव्यूहको :
'ढाँग्नुको वदला कुल्ची जो वस्छ धर्मग्रन्थमा,
उस्को हुन्छ सवै वुद्धि औ ज्ञान नष्ट लोकमा ॥'
धर्मग्रन्थहरू छोपी गद्दा त्यस्माथि राखियो,

शास्त्रार्थ गर्न निम्त्याई त्यसैमाथि बसाइयो ।
ठूलो सम्मानका साथ दिइँदा उच्च आसन,
बुझियो ध्यानदृष्टिले हेर्दा रहस्य तत्क्षण ॥
ग्रन्थको ज्ञान आफूमा खिंचेर तन्त्रमन्त्रले,
फुके मन्त्र पढी एकपल्ट सुरतबज्रले ।
धर्मग्रन्थहरूभित्र मेटिए जव अक्षर,
उनी बस्न गए अग्लो गद्दामाथि सरासर ॥

निकै बेर त्यहाँ वादविवाद शास्त्रको भयो,
कुनै टुंगो नलागेर लामो शास्त्रार्थ चर्कियो ।
अतः लामाहरूसामु झुकी आदरभावले,
सधन्यवाद प्रस्थान गरे सुरतबज्रले ॥
शास्त्रार्थमा भयो जीत भन्दै मक्ख परीकन,
लागे लामाहरू धर्मग्रन्थ सारा उठाउन ।
आँखा तिर्मिर भो तिन्को, भए बिघ्नै अचम्भित,
ग्रन्थका ठाउँमा देख्दा कोरा कागज भित्र त ॥

अनि मात्र बुझे बल्ल रहस्य हार-जीतको,
पुगे लामाहरू पाउ पर्न सुरतबज्रको ।
क्षमा माग्दै भने :
'हामी स्वीकार्छौं हार, सज्जन,
धर्मग्रन्थहरू चाहिं यथावत् पारियोस् पुनः !!'
पाए उत्तर :
'खै, सारा उडे अक्षर स्वर्गमा,
ठेलीहरू रहून् ऐले थन्किएर दराजमा ।
घर फर्केपछि तन्त्रमन्त्रको साधना गरी,
दिनेछु ग्रन्थ ती तिम्रा सवै अक्षरले भरी !!'

लागे लामाहरू गम्न अर्को कुनै निहुँ पुनः,
विद्वान् नोकरको पिण्ड चाहन्थे ती छुटाउन ।
वोलाई मुख्य लामाले पोटाला दरवारमा,
भन्यो हाँक दिँदै लक्ष गरी सुरतवज्रमा :
'लौ, दाँजौं रूप फेरेर वुद्धि औ वलवर्कत,
म वन्छु सुरुमा वाज, परेवा तिमी हौ अतः ।
हार-जीत विचारेर फेरौंला पछि यो क्रम,
तिमी वाज वनी लड्नू, परेवा जव वन्छु म ॥'

अस्वीकार गरे यस्तो सर्त सुरतबज्रले :
'मार्दैन र परेवा त्यो पहिल्यैपल्ट बाजले ?'
पत्यार मुख्य लामाले पार्दै उत्तर यो दियो :
'मार्ने लक्ष हुँदो हो त, विद्वता किन दाँज्नु यो ??'

मनासिबै सुनी तर्क भने सुरतवज्रले :
'लौ, हुन्छ विद्वता जाँचौं जितेर बल-बुद्धिले ।
बुद्धिको सामुमा नित्य वल हुन्छ पराजित,
बरु वुद्धि लडाएर गरौंला यो प्रमाणित ॥'
अनि रूप परेवाको लिई फुत्त उडे उनी,
तम्सियो मुख्य लामा त भम्टिनै बाज पो बनी ।
परेवा उम्कियो बल्ल आकाशतर्फ हुर्रिंदै,
वाज अक्कासियो पीछा गर्दै पंख फिजाउँदै ॥

सिकार उम्किँदा बाज देखिन्थ्यो अझ हिंसक,
परेवा ज्यान जोगाई हुर्रियो पहरातक ।
देखी चट्टानमा छिद्र परेवाको हट्यो भय,
ज्यान जोगाउने उस्को बन्यो त्यै छिद्र आश्रय ॥
लुक्यो ज्यान बचाएर परेवा जब प्वालमा,
वाजले नरको रूप लियो तत्काल झोंकमा ।
गह्रौं पत्थर ल्याएर छिद्र टन्न थुनिदियो,
सातोपुत्लो परेवाको उड्यो जो भित्र नै थियो ॥

'कसेछ अन्त्यमा उस्ले प्राण मेरो लिने सुर ?'
सोचेर जुक्ति क्यै वेर परेवा त्यो बन्यो नर ।
भित्ताको आडमा टेकी लगाएर पूरै बल,
धकेले जोडले प्वाल थुन्ने विशाल पत्थर ॥

भित्र ज्यान बचेको नै देखी सुरतवज्रको,
स्वरूप मुख्य लामाले लियो तत्काल सर्पको ।
पसेको कालझैं भित्र देखेर त्यो अजिंगर,
सुरतवज्र हच्केर भए ज्यादै भयातुर ॥
मागे गुह्येश्वरीसंग रक्षाको निम्ति मद्दत,
जलको कुण्डमा खड्ग देख्दा परे अचम्भित ।
धुजाधुजा भयो सर्प प्रहार खड्गको परी,

शिला अद्यापि देखिन्छ खिखापाको गुफाभरि ॥
गरेर मुख्य लामाको वध सुरतवज्रले,
आराधना गरे गुह्येश्वरीको भक्तिभावले ।
ल्हासामा फर्कने बाटो देखी बन्द सर्वैतिर,
स्वदेश फर्कने उन्ले लिए निर्णय आखिर ॥

पुगे राति उनी हिंड्दै ब्रह्मपुत्र किनारमा,
माझीसंग गरे विन्ती नदी तार्न हतारमा ।
दियो जवाफ माझीले :
'नदी तार्न म सक्तिनँ,
ल्हासाको गर्नु नै पर्छ मैले आदेश पालन ॥'
नदीको तटमा राखे बक्खु सुरतवज्रले,
त्यसैमाथि बसी हेरे आकाशतर्फ ध्यानले ।
झुकेर प्रार्थना गर्दै पुकारी वज्रजोगिनी,
उड्न लागे नदीमाथि बसेर बक्खुमै अनि ॥

नदी पार हुनै लाग्दा उडान टक्क रोकियो,
फेरि उल्टै दिशातर्फ बक्खुको गति मोडियो ।
लागेन वेर यो बुझ्न - त्यहाँ यस्तो भयो किन ?
बक्खु खिंच्दै थिए लामाहरू मन्त्र पढीकन ॥
सुरतवज्रले फेरि देवीको प्रार्थना गरे,
सहजै बक्खुमा उड्दै ब्रह्मपुत्र नदी तरे ।
असीना दर्कियो, पानी पऱ्यो, ठूलो चल्यो हुरी,
ल्हासामै फर्किए लामाहरू आपदमा परी ॥

विघ्नवाधा गरी पार सुरतवज्र आखिर,
निकै हण्डर खाएर वल्लतल्ल पुगे घर ।
देखे आँगनमा आफ्नै नातेदारहरूकन,
जो अन्त्येष्टि गरी लागे अश्रुधारा वगाउन ॥
'कस्को अन्त्येष्टि हो आज ? गयो को परलोकमा ?'
'गरिंदैछ क्रिया त्यस्को जो वित्यो परदेशमा ।
पाइयो सूचना ल्हासावाट अकाल मृत्युको,
हो आज स्मृतिसप्ताह मृत सुरतवज्रको ॥'

आफ्नै मृत्यु-समाचार सुने सुरतवज्रले,
अकमक्क परी सोच्न लागे गम्भीर भावले :

'मरिसकें म आफन्तहरूको निम्ति वास्तव,
जानु शरणमा शान्तिकरको वेस हो अब ॥'
सुरतवज्रले दृष्टि आफन्तहरूमा दिए,
घरमा पस्नुको सट्टा स्वयम्भूतर्फ लम्किए।
विनम्र भै गुरु शान्तिकरको पाउमा परे,
आजन्म भिक्षु भै देह पनि त्याग त्यहीं गरे ॥

**

(२ फरवरी २००४, सोमवार)

बन्धुदत्त आचार्य

सुवर्णपुरीमा बन्धुदत्त आचार्य बस्दथे,
भुवनेश्वरीको नित्यपूजा सभक्ति गर्दथे।
अनुकम्पा हुँदा बन्धुदत्तमा इष्टदेवीको,
वरदान पनि उन्ले पाए अचूक मन्त्रको ॥

मच्चियो देशमा एकपल्ट आतंक भीषण,
केटाकेटीहरू चोर्थ्यो लाखेले दिनका दिन।
नरेन्द्रदेवले मागे सल्लाह बन्धुदत्तको,
सुझाए पक्रने चोर नृपलाई उपाय यो :
'महाराज, छ पल्केको लाखे त्यो चोर्न बालक,
पालेहरू ढुकून् वाटो आज त्यो आउँदातक।
भाला, त्रिशूल औ मुंग्रो गरुन् प्रहार वेसरी,
मन्त्रको वलले त्यस्ले देख्ने छैन कसै गरी ॥'

वाटो ढुक्न भनी जंड पालेहरू खटाइए,
सधैं झैं आउँदा लाखे हतियार चलाइए।
कसैलाई नदेखी ऊ भाग्यो कान्तिपुरीतिर,
पाइएन कसैवाट भेद उस्को त्यहाँ तर ॥
वेइमान भनी कान्तिपुरेलाई हपारियो,
पालेको दल खोजीमा जामाचोतर्फ लम्कियो।
सत्ताईस जना उस्का वालवच्चा त्यहाँ थिए,
भाला, त्रिशूल, मुंग्रोको मारले सव मारिए ॥

नौवटा खटमा राखी ल्याए सत्ताईसै शव,
सुवर्णपुरीका जम्मा भए प्रजाहरू सब ।
देखाउँदै पिटे झ्याली हर्षोल्लास गरी अति :
'हाम्रा सन्तान चोर्नेको यस्तै हुनेछ दुर्गति !!'

भुवनेश्वरीको नित्यपूजा गर्थे सधैं उनी,
एकपल्ट गए यस्तो तर्कना मनमा गुनी :

'मन्त्रविद्या सिकें. किन्तु सकिएन अझैतक,
जियाउन गरी प्राणसंचार एक मृतक ॥'
सोच्दै आचार्यले इष्टदेवताको गरे स्तुति,
भर्ने मृतकमा प्राण हुन गो चाहना अति ।
लाग्यो पछि पछि छोरो सुटुक्क सात वर्षको,
पछिल्तिर भने ध्यानै गएन बन्धुदत्तको ॥

पुगी मन्दिरमा पूजा भुवनेश्वरीको गरे,
वर अमृतको माग्दै देवीको पाउमा परे ।
भइन् प्रकट आचार्यसामु नै भुवनेश्वरी,
भनिन् वरद मुद्रामा इशारा हातले गरी :
'बन्धुदत्त, खुशी तिम्रो भक्तिबाट खुबै म छु,
दिने भए बरु एक थोक आज म माग्दछु ।'
ईश्वरीको सुनी यस्तो आज्ञा गद्‌गद भैकन,
भने आचार्यले गर्दै हात जोडेर बन्दन :
'चढाउँछु, हवस् आज्ञा छिटै, हे भुवनेश्वरी !'
देवीबाट भयो आज्ञा हँसिलो चेहरा गरी :
'हेर, आज भएकी छु भोकले अलि आतुर,
देऊ वलि मलाई त्यो जो छ तिम्रो पछिल्तिर !!'
हेरे पछाडि फर्केर जब आचार्यले स्वतः,
सातवर्षे त्यहाँ पुत्र देख्दा भए अचम्भित ।
किन्तु वाचा गरे पूरा हातमा एक खड्ग ली,
भुवनेश्वरीको सामु चढाए पुत्रको वलि ॥

देखेर पूर्ण विश्वास आफूमा वन्धुदत्तको,
इच्छापूर्ति गरिन् इष्टदेवीले अनि भक्तको ।
पूजा सहर्ष स्वीकार त्यहाँ आचार्यको गरी,
वरदान दिंदै भन्न लागिन् यो भुवनेश्वरी :

'वन्धुदत्त, भएँ तुष्ट तिम्रो म भक्तिले अति,
गर्ने मृतकमा प्राणसंचारको लियौ मति ।
लौ, कामरुपकामाक्षाबाट ल्याएर अमृत,
बचाई पुत्रको ज्यान गर्नू है लोकको हित !!'
अन्तर्ध्यान भइन् देवी दिएर भक्तमा वर,
पुत्रको शव बोकेर आचार्य फर्किए घर ।
गरेर बलिवेदीमा पुत्रको ज्यान अर्पण,
शक्ति प्राप्त भयो भर्ने प्राण मृतकमा पुनः ॥

ताल्चा मारेर कोठामा लुकाई पुत्रको शव,
पत्नीलाई भने बन्धुदत्तले चाहना तब :
'एक सातापछि आइपुग्ने छु म घुमीवरी,
म यहाँ नभएसम्म कोठा नखोल्नु क्यै गरी !!'
उपदेश दिई पत्नीलाई आचार्य आखिर,
सुम्पी घरव्यवहार गए पूर्व दिशातिर ।
देखिएन कतै छोरो खोज्दा सर्वत्र नै जब,
नाबालकै हुँदा आमालाई पीर पऱ्यो खुब ॥

'निकै दिन वित्यो छोरो फर्केन घरमा किन ?
के भयो कुन्नि उस्लाई ? विचार्नै म त सक्दिनँ ।
कहाँ छोरो गयो होला ? किन फर्कन्न त्यो घर ?'
सोच्दै आचार्यकी पत्नी खोज्न लागी सबैतिर ॥

अनि कोठा पनि खोली गर्न शंका निवारण,
कोलाहल गरी देख्दा निष्प्राण पुत्रको तन ।
गुठीयारहरू जम्मा भए पाएर सूचना,
आए कान्तिपुरीबाट माइतीका सबैजना ॥
बताइयो सबैलाई घटना जो त्यहाँ भयो,
अन्त्येष्टि कहिले गर्ने भन्ने विवाद चर्कियो ।
'अझैं क्यै दिन बाँकी छ आचार्य घर फर्कन,
गर्ने के अव लौ ?'
भन्थी आमा चाहिं पुनः पुनः ॥
गुंठीयारहरू भन्थे :
'पर्खौं, बाँकी छ क्यै दिन,
आचार्य फर्कंदै होलान्, व्यर्थै हतारिने किन ?'
माइती पक्षको राय थियो :

'के काम पर्खने ?
नगरी दाहसंसकार शव के सड्न नै दिने ??'
माइतीकै कुरा मानी आचार्य पत्नीले पनि,
भष्मेश्वर पुग्यो यात्रा पुत्रको शवको अनि ।
गरियो दाहसंस्कार जातकर्मानुसार नै,
पिताले मात्र पाएनन् पुत्रलाई जगाउनै ॥

घडा अमृतको बोकी बन्धुदत्त त्यसै क्षण,
पुगे हतारिँदै बाणेश्वरको केही दक्षिण ।
भेटे पाटनका उन्ले दुई व्यक्ति त्यहीँनिर,
घुमी पशुपतीनाथ फर्कँदै ती थिए घर ॥
सोधे आचार्यले :
'हाल के कस्तो छ यतातिर ?'
पाए जवाफ :
'खै, हाल महत्वपूर्ण के छ र ?
भन्छन्, आचार्यको एक मात्र छोरो मरेछ रे,
पुत्रशोक परी कुन्नि कता सन्की हिंडे अरे ?!'
सुनेर लोकको हल्ला वने आचार्य चिन्तित :
'छोरो नै नरहे व्यर्थ हुने भो अव अमृत ।
नमान्ने पतिको आज्ञा पत्नीको मुख हेर्नु के ?
नफर्की घर बेपत्ता हुनु नै वेस हो सके ॥'

घडा अमृतको गाडी त्यहीं नै एक ठाउँमा,
बन्धुदत्त विलाएर गए अनन्त शून्यमा ।
गाड्न अमृतको घैंटो रोजियो गोप्य ठाउँ जो,
अद्यापि लोक-भाषामा छकुबकु भनिन्छ त्यो ॥

भए लोप गुरु भन्ने पुग्यो दर्वारमा कुरा,
नरेन्द्रदेवले शोक मनाए देशमै पूरा ।
दिए आदेश :
'राखेर खटमा शिशुको शव,
घुमाउनु प्रतिवर्ष यसैको स्मृतिमा अव ॥
ल्याए अमृतको घैंटो आफ्नो छोरा वचाउन,
लोकको पनि उद्धार हुन्थ्यो फर्केर जीवन ।

आज्ञा आचार्यको जस्ले गऱ्यो ठाडै उलंघन,
शिशुको मृत्युको निम्ति हुन्छ त्यै दोषभाजन ॥'
रहोस् आचार्यको कीर्ति पछिसम्म यहाँ भनी,
उनैको स्मृतिमा जात्रा चल्यो त्रिशूलको पनि ।
मनाइन्छ प्रतिवर्ष आजपर्यन्त उत्सव,
देउपाटनको गाली खान्छन् कान्तिपुरे अब ॥

**

(सिजापति, २०११, पृ. १३ : १४)
(२२ डिसम्बर, २००३, सोमवार)

जामुना गुभाजु

जामुना नामका एक गुभाजु कान्तिपुरमा,
बस्दथे ज्ञान संचार गरी जिज्ञासु शिष्यमा ।
अनि फुर्सदको बेला भेडावाखा चराउँथे,
जोईपोइ मिली काम गरेर पेट पाल्दथे ॥
आयो नगरमा एक चटकी गर्न रञ्जन,
देखाउँथ्यो चमत्कार टोल-टोल घुमीकन,
पार्दथ्यो छक्क देखाई करामत अनेकन ।
मक्ख पार्थ्यो सबैलाई प्रशस्त बटुली धन ॥

एकपल्ट पुगे शिष्य अबेर गुरुको घर,
सोधे गुभाजुले :
'ढीलो हुने कारण क्यै छ र ?'
बताए शिष्यले देखेजति सारा करामत,
त्यो कामरुपकामाक्षावालाको हाल विस्तृत :
'आएको छ यहाँ एक चटकी दूर देशको,
देखाउँछ सबैलाई जादूगिरी अचम्मको ।
मान्छेको अंगप्रत्यंग काटी तर्वारले पुनः
पार्छ जोडेर ऊ सद्दे गरी संचार जीवन ॥'
अह्राए गुरुले शिष्यलाई सुम्पेर ढाकर :
'यस्मा मरुहिटीवाट पानी थापेर ल्याऊ ल !'
अकमक्क परी आज्ञा पालना गुरुको गरे,
धाराको शिष्यले पानी छिटैं ढाकरमा भरे ॥

बोकी ढाकरमा पानी हिंडे शिष्य रमाउँदै,
यस्तो अचम्म देखेर दौडे सवै पछ्याउँदै ।
रमिता हेर्न छाडेर गए दर्शक नै जब,
चटकीको चमत्कार महत्वहीन भो सब ॥
चटकीले भुईंबाट उठायो एक पत्थर,
मन्त्रेर त्यसले हान्यो सोझै ताकेर ढाकर ।
छताछुल्ल भई सारा छिद्रबाट बग्यो जल,
गुरुकहाँ पुगे शिष्य रित्तो लिएर ढाकर ॥

घमण्ड तोड्नु नै पर्छ चटकीको यहाँ भनी
रूप फेरे गुभाजुले, उडे चील स्वयं बनी ।
देखाउँदै थियो खेल चटकी मरुटोलमा,
टुक्र्याई नरको देह मुटु लिएर हातमा ॥
एक्कासि चीलले गाँज्यो चल्ला गाँजेसरी मुटु,
सकिन्थ्यो कसरी मान्छे ब्युँताउन बिनामुटु ?
'बचा मानिसको ज्यान !'
भन्थे घेरेर दर्शक,
चटकीको उड्यो होशहवास नै अचानक ॥
कोलाहल गरी चारैतर्फ मानिसको हुल,
चटकीलाई घेरेर गर्दथ्यो माग केवल :
'ज्यानको बदला ज्यान !'
सबै कराउँदै थिए,
गुभाजु मुटु थन्क्याई बाखा चराउँदै थिए ॥

'चटकी, तिमीले पायौ आफ्नो कर्तुतको फल,
चुहायौ व्यर्थ हानेर ढुंगा ढाकरको जल ।
आफ्नो घमण्ड देखायौ शिष्यसामु गुभाजुको,
उनैले नै लगे होलान् चील भै मुटु हातको ?!'
दिई शरणमा जाने सल्लाह चटकीकन,
वताइयो कहाँ वस्छन् गुभाजु ती भनीकन ।
चटकीले मनासीवै ठान्यो सल्लाह आखिर,
पुग्यो खोज्दै गुभाजुको मुसुवहालमा घर ॥

त्यहाँ गुभाजुनीलाई देख्यो चुल्होअगिल्तिर,
फोसीमा जाँडका लागि उमाल्दै थी ऊ चामल ।
चुल्होभित्र दुवै गोडा हुलेर दाउरासरी,

पकाउँदै थिई भात आगो दन्काई बेसरी ॥
देखी चटकीले चाला, सोच्यो हुँदै अचम्भित :
'जे देख्दैछु म त्यो मेरै आँखाकै भ्रम हो कि त ?
छ्रे जस्की घरकी माऊ चमत्कारी भने यति,
पोइ चाहिं यहाँ होला पुरुषार्थी अझै कति ??'

देखेर परदेशी त्यो सोध्न लागी गुभाजुनी :
'को हौ ?
के कामले आयौ ?,
के खोज्दैछौ सुधो बनी ?'
बतायो हात जोडेर चटकीले सबै कथा :
'गर मद्दत लौ, आमै !'
बिसायो मनको व्यथा ॥
दुर्दशा परदेशीको बुझी जाग्यो दया अनि,
यसरी रायसल्लाह दिन लागी गुभाजुनी :
'घरभित्र बसी जान्ने कसरी के हुन्छ बाहिर ?
गुभाजुसंग नै सोध जो चहार्छन् सबैतिर !!'
जता औंल्याइयो सोझै लम्कियो ऊ त्यतैतिर,
खोजी गुभाजुको गर्दै पुग्यो विष्णुमतीनिर ।
त्यहाँ जो देखियो दृश्य त्यस्बाट छक्क ऊ पर्‍यो,
पुगी गुभाजुको सामु झुकेर डण्डवत् गर्‍यो ॥

थियो विष्णुमतीपारि रुखको फेद जब्बर,
नदीवारि थियो हाँगा बाखाको नै अगिल्तिर ।
गुभाजु बूढीऔंलाले हाँगा हल्लाउँदै थिए,
हरिया स्याउला बाखालाई जो ख्वाउँदै थिए ॥
चटकी हात जोडेर लाग्यो बिन्ती बिसाउन :
'कसूर माफ होस् ! मैले सकिनँ क्यै ठम्याउन !
मुटु मानिसको पाऊँ चील भै गाँजियो जुन,
निरपराध मान्छेको नलिनोस् व्यर्थ जीवन !!'
चटकीप्रतिको द्वेष त्यागी सहृदयी बनी,
मुसुक्क मुस्कुराएर गुभाजुले भने अनि :
'मुटु त्यो ल्याइदिन्छु म अहिले नै गई घर,
स्याउला रुखको ख्वाई बाखा चराउँदै गर !!'
नुहेको रुखको हाँगो चटकीले समाउँदा,
हाँगोसंगै पुग्यो विष्णुमतीपारि ऊ हुत्तिंदा ।

छुट्यो लहर हाँसोको जलतरंगझैं त्यहाँ,
चटकी नै वन्यो पात्र तमाशाको स्वयं त्यहाँ ॥

गुभाजुले गरे उस्को घर पुऱ्याई स्वागत,
सुम्पियो मुटु मान्छेको गर्दै वडो हिफाजत ।
वचाई ज्यान मान्छेको चटकी फर्कियो घर,
छन् सन्तति गुभाजुका मुसुवहालमै तर ॥

**

(११ डिसम्बर २००३, बिहीवार)

छिंछिम लामा

खसानमा थिए राजा जालन्धरी अतीतमा,
एक लामा पुग्यो भोटबाट सिंजा किनारमा ।
हुऱ्याई सूतको धागो नदीपारि उतातिर,
साँगुझैं हिंड्न लाग्यो ऊ त्यसैमाथि सरासर ॥
झोलुंगे पुलझैं धागो तन्किएको त्यहाँ थियो,
त्यसै मुन्तिर उर्लेर सिंजा सुसाउँदै थियो ।
सतर्क तारमा हिंड्ने चटके नटझैं बनी,
कैयौं पल्ट गऱ्यो उस्ले वारपार नदी पनि ॥

त्यसै वेला पुगे राजा झ्यालनेर अचानक,
लामाको रमिता यस्तो देख्दा ज्यादै परे छक ।
'को रहेछ नदी तर्ने पानीमाथि हिंडिकन ?
ल्याओ पक्रेर त्यस्लाई !'
दिए आदेश तत्क्षण ॥
पुग्यो दर्वारमा लामा आज्ञा गरी शिरोपर,
झुकी जालन्धरीसामु भन्यो जोडी दुवै कर :
'यहाँ छिंछिम लामा छ प्रभुका सामु हाजिर,
जीविका धान्नका लागि भोटवाट झरें तल ॥'
'के गर्ने क्षमता राख्छस् ?'
राजाले प्रश्न यो गरे,
दियो जवाफ लामाले :
'म देख्छु दिव्य दृष्टिले ।
दिनेछु रायसल्लाह राजकाज चलाउन,
देखाएर चमत्कार गर्नेछु दिल रञ्जन ॥'

भयो छिछिम लामाको नियुक्ति दरवारमा,
दिन्थ्यो सल्लाह ऊ नित्य सिंजाको राजकाजमा ।
मनोरञ्जन गर्थ्यो ऊ देखाई खेल अद्भुत,
असम्भव कुरा देख्दा सवै हुन्थे अचम्भित ॥

एकपल्ट भयो भेला राज्यका भारदारको,
टुंगो लगाउनुपर्थ्यो कुनै गम्भीर प्रश्नको ।
लागे छिछिम लामा ता खित्का छोडेर हाँस्न पो,
अतएव उनैतर्फ सवैको ध्यान मोडियो ॥
राजावाट भयो प्रश्न :
'लामाजु, हाँस्तछौ किन ?
सभाकै ध्यान तानेर हाँस्नुको के छ कारण ?'
राजाको वाणीमा देखी कोपको सूक्ष्म लक्षण,
दियो उत्तर लामाले हाँसो रोक्दै उठीकन :
'महाराज, जमेको छ नाच चारकुमाउँमा,
सबै दर्शक हाँस्तैछन् पातर्नीको विजोगमा ।
खस्यो घाँगर नै उस्को नाच्दा उफ्रेर बेसरी,
नहाँसूँ रमिता यस्तो देख्दादेख्दै कसो गरी ??'

सुनी उत्तर लामाको राजा आश्चर्यमा परे,
झल्काएर अविश्वास उल्टै प्रश्न त्यहाँ गरे :
'देखियो कसरी नाच पातर्नीको यहाँ बसी ?
ठान्छौ यथार्थझैं आफ्नै कल्पनाजन्य रूपसी ??'
'महाराज, दिवास्वप्न हैन निश्चय नाच त्यो,
आँखा चिम्ली म छलंग देख्तैछु दृश्य दूरको ।
हेर्दैछु म वसी ऐले सिंजाको दरबारमा,
नाच चारकुमाउँका राजाको दरबारमा ॥'
राजा तत्काल लामाको परीक्षा गर्न तम्सिए,
वुझ्न चारकुमाउँमा दुई दूत खटाइए ।
लागे दूतहरू हाल वुझी स्वदेश फर्कन,
झण्डै कर्णालीमा ज्यान गुम्नै आँट्यो डुवीकन ॥

फर्की छिछिम लामाले वचाई ज्यान दूतको,
निचोर्दै वाहुला गर्न लागे वयान रुझ्नुको :

'नदेखेको भए मैले के हुन्थ्यो ? धन्य, ईश्वर !
विचराहरूको मैले बचाएँ ज्यान आखिर ॥'
भई चकित राजाले सोधे हुँदै सशंकित :
'जल कर्णालीकै पर्दा बाहुला त्यो भिज्यो कि त ?'
'उर्लेको भेलमा दूतहरू बग्दा बचाइयो,
यो नै प्रमाण हो त्यस्को !'
लामाद्वारा बताइयो ॥

फर्के दूतहरू डाँडाकाँडा पार गरी जब,
भने चारकुमाउँको यथार्थ हाल वास्तव :
'महाराज, सबै ठ्याक्कै लामाजुको मिल्यो कुरा,
नाच्दा घाँगर नै फुस्की पातर्नी नाँगिई पूरा ॥'
तेर्स्याए नृपले प्रश्न :
'नढाँटी भन लौ बरु,
कर्णाली भेलमा डुब्नै आँटेथ्यौ के तिमीहरू ?'
अनौठो घटनाबारे बयान दूतले गरे,
लामाको शक्ति देखेर सबै अचम्ममा परे :
'यथार्थ हो, महाराज, भाग्यले बल्ल बाँचियो,
कृपा छिछिम लामाको हुँदा यो ज्यान जोगियो ।
कर्णाली तर्न लागेथ्यौं, आयो बाढी अचानक,
भेलबाट झिकी उन्ले पुऱ्याए बगरैतक ॥'

भयो जालन्धरीबाट आज्ञा फेरि त्यहाँ पुन:
'देखाऊ लौ न, लामाजु, चमत्कार विलक्षण !
आजसम्म जति देखें खेल ती छन् अलौकिक,
तमाशा हेर्न चाहन्छु कुनै ज्यादै भयानक ॥'
भन्यो छिछिम लामाले :
'रिसानी माफ होस्, प्रभो,
हुनुपर्छ चमत्कार पनि हितार्थ लोकको ।'
नृपले छोड्न चाहेनन् आफ्नो लिंडेढिपी तर,
भने :
'सक्छस् भने देखा कुनै दृश्य भयंकर !!'
गऱ्यो छिछिम लामाले आज्ञा स्वीकार अन्त्यमा,
सुनियो बाघ गर्जेको स्वर एक्कासि व्योममा ।

झरे भूतलमा एक जोडी स्यूबाघ सुन्दर,
कालो रातसरी एक, अर्को सफेद निक्खर ॥

जब सेतो र कालोको भयो संग्राम भीषण,
मेघ गर्जेसरी व्याप्त भयो सर्वत्र गर्जन ।
दुवै स्यूबाघको द्वन्द्व चल्यो त्यहाँ भयंकर,
काम्यो भूकम्पमा जस्तै धर्ती सम्पूर्ण थर्थर ॥
सेतो स्यूबाघले जित्दा तम रहन्नथ्यो कतै,
कालो स्यूबाघले जित्दा रात पर्थ्यो जताततै ।
स्यूबाघहरूको युद्ध चल्यो केही घडीतक,
हेर्दाहेर्दै भयो ध्वस्त लामाथाडा अचानक ॥

**

१९ फरवरी २००४ (७ फागुन २०६०)

सिरिजङ्गा

किरात देशमा राजा सिरिजंगा थिए कुनै,
बढाए राज्यको सीमा उन्ले युद्ध गरेर नै ।
राजा प्रजा थिए व्यस्त गर्न संग्राम हर्दम,
तसर्थ राज्यमा छायो कालो अज्ञानको तम ॥

युद्धले देशको ज्यादै भएथ्यो जब दुर्गति,
उद्धार जनको गर्ने नृपको हुन गो मति ।
सोचे जुक्ति निभाएर आगो भीषण युद्धको,
प्रजालाई सुखी पार्ने छरेर ज्योति ज्ञानको ॥
'के हो त्यो ज्ञानको ज्योति ?
कस्ले प्रकाश त्यो दिने ?
कसरी जगको सारा अन्धकार हटाउने ?'
सोचेर सिरिजंगाले गरे ध्यान भई स्थिर,
समाधिस्थ भए घोर तपस्या गर्न खातिर ॥
अनेक तर्कना गर्दै उपाय पहिल्याउन
सिरिजंगा भए ध्यानमग्न नेत्र थुनीकन ।
अहोरात्र थिए राजा कठोर तपमा सदा,

दिव्य चक्षु खुल्यो ज्ञानदेवी सम्मुख आउँदा ॥

एक रात अँध्यारोको पर्दा खोली अचानक,
निसाममाङ देवीले दिइन् दर्शन सार्थक ।
अन्तदृष्टि खुल्यो, राजा भए ज्यादै भयातुर,
ज्ञान औ बुद्धिकी देवी देख्दा आफ्नै अगिल्तिर ॥
'नडराऊ, सिरिजंगा, ज्योतिको रुपमा म छु,
ज्ञान औ बुद्धिकी खानी रानी निसाममाङ हुँ !
तिमीलाई हुने छैन अभाव ज्ञानको कुनै,
माग, जे वर माग्नेछौं, दिनेछु म सहर्ष नै !!'
सुनेर देवीको आश्वासनयुक्त कृपास्वर,
तत्कालै नृपले जोडे घुँडा टेकी दुवै कर ।

निसाममाङको सामु झुकी मागे यही वर :
'हे देवी, ज्ञानबुद्धि दिऔ, सकूँ लेख्न म अक्षर !!'
डोऱ्याएर लगिन् राजालाई निसाममाङले,
देखाउँदै त्यहाँ मार्ग रातमा दिव्य ज्योतिले ।
सिरिजंगा पछि लाग्दै हिंडे बाटो हिमालको,
फेदीसम्म पुगे सोझै फोक्वाङ्लुंग्मा पहाडको ॥

सिरिजंगा हराएको हल्लीखल्ली चल्यो जब,
वनपाखा, नदीनाला चहारी खोजियो सब ।
पाइएनन् कतै किन्तु खोज्दा पनि जताततै,
मानौं नामनिसाना नै थिएन जगमा कतै ॥
अत्तोपत्तो नपाएर सभा वोलाइयो स्वतः,
भएथ्यो योङजंगाको प्रजाद्वारा मनोनित ।
हुँदैनथ्यो त्यसै खाली राख्न राजसिंहासन ।
किरातहरूले छाने अर्कै शासक तत्क्षण ॥

ठूलो आँधी चलेजस्तो एक्कासि सुनियो स्वर,
मानौं वज्र पऱ्यो फोक्वाङ्लुंग्मा चिर्दै भयंकर ।
आँखा तिर्मिर पार्दै भो झिलिक्क मध्यरातमा,
उघ्रेको देखियो द्वार फोक्वाङ्लुंग्मा पहाडमा ॥
उज्यालो भित्र देखिन्थ्यो खुलेको द्वारवाट नै,

मणिमाणिक्यको भित्र मानौं दर्वार होस् कुनै ।
निसाममाङ्ले दैलोबाट पस्दै सरासर,
डाँकिन् भित्र सिरिजंगालाई स्वागत खातिर ॥

सिरिजंगा परे छक्क देखेर भित्रको छटा,
भित्ताभरि शिलालेख त्यहाँ थिए यताउता ।
निसाममाङ्ले सारा गराइन् अवलोकन,
दिँदै अक्षरको ज्ञान औंल्याई स्वर, व्यंजन ॥
खोल्दै एकपछि अर्को द्वार भित्र लगी जव,
देखाइन् दिव्य दर्वार निसाममाङ्ले सव ।
सातै कक्षहरूभित्र शिलापत्र पढीकन,
सम्पूर्ण ज्ञानको पाए राजाले दिव्य दर्शन ॥

राजालाई शिलापत्र देखाउँदै पुन: पुन:,
निसाममाङ्ले यस्तो सुनाइन् सृष्टिवर्णन :
'सिरिजंगा, तिमी देख्छौ जे जति वस्तु विश्वमा,
बुद्धिबर्कतले मेरै भयो सृष्टि अनादिमा ॥
घाम, जून, ग्रह, तारा हिंड्छन् आकाशमार्गमा,
वनस्पति, पशुपक्षी, मान्छे छन् व्याप्त भूमिमा ।
यहाँ निङ्वाफुमावाट निर्माण विश्वको भयो,
हटाउँछु अँध्यारो म वालेर ज्ञानको दीयो ॥

गरें यत्न दिने ज्ञान किरात देशमा तर
लड्नभिड्न हुँदा व्यस्त विद्याको भो अनादर ।
खोज्दै विद्यानुरागी म पुगें दुर्गम भोटमा,
ज्ञान औ वुद्धि फैलाएँ वसेर त्यस भेकमा ॥
आज तैंले गरिस् भक्ति गर्न क्यै ज्ञान आर्जन,
खुशीसाथ म सुम्पन्छु विद्यारूपी महाधन ।
ल, यौंटा यो शिलापत्र चिनो लिएर जा अव,
लिई अक्षरको ज्ञान प्रजालाई सिका सव !!'
निसाममाङ्ले आज्ञा गरिन् वर दिँदै यति,
सिरिजंगा भए धन्य पाएर ज्ञानको द्युति ।
विदावारी भई राजा निस्के तत्काल वाहिर,

हिंडे प्रफुल्ल भै आफ्नो दर्बारमा सरासर ॥

सय दिनपछि राजा पुगे दर्बारमा जव,
ज्यादै छक्क परे योद्धा भारादारहरू सब ।
च्याप्टो आकारको ढुंगा राजाको हातमा थियो,
त्यसैमा धमिरा लागी मानौं अक्षर कोरियो ॥
दशै दिशा चहारेर खोज्दा नभेटिने नृप,
काखी च्यापेर ढुंगा पो पुगे दर्बारमा जब ।
भारादारहरू सोध्न लागे छक्क परी त्यहाँ :
'सय दिन, सिरिजंगा, गुप्तवास बस्यौ कहाँ ?!'

अब चाहिं स्वयं राजा परे बिखलबन्दमा :
'कसोरी बित्न गो एक सय रात निमेषमा ?
खोली दर्बारको द्वार मध्यरातपछि अनि
निसाममाङले ज्ञान दिई बिदा गरिन् पनि ॥'
बोलाइयो सभा फेरि राजाको सुन्न वर्णन,
प्रजाले सिरिजंगा नै राजा रोजे त्यहाँ पुनः ।
नयाँ लिपि बन्यो पाई निसाममाङको वर,
सिकाइयो प्रजालाई नयाँ किरात अक्षर ॥

योङजंगा बने मन्त्री विद्या प्रचार खातिर,
घुमी देशभरि उन्ले सिकाए नव अक्षर ।
बीस अक्षरको एक वर्णमाला तयार भो,
सिरिजंगा लिपि भन्ने नाम अक्षरको रह्यो ॥

**

अध्याय - नौ

विविध

बौद्धभिक्षु

भिक्षु आनन्दकै साथ भयो श्रावस्तीको दल
वुद्धवाट लिई आज्ञा नेपाल जान तत्पर ।
व्यापारी दलकै साथ लाग्न ती जब तम्सिए,
व्यापारीहरूले भिक्षुसामु चेतावनी दिए :
'वाटोमा पर्दछन् खोला, डाँडाकाँडा र जंगल,
ऊँटको पीठजस्तो छ नेपालको धरातल ।
उक्लनु-ओर्लनु पर्दा यात्रा हुन्छ उराठिलो,
हुरी, वर्षा र वाढीको साथै पर्छ हिउँ ठूलो ॥'
गरेर सामना सारा दुःखकष्टहरू सव,
पवित्र देश नेपाल पुगे भिक्षुहरू जव,
गुनासो गर्न लागे ती जाडोको नै विशेषतः,
व्यापारीहरूकै साथ फर्के भिक्षुहरू अतः ॥

वुद्धका शिष्य आनन्द श्रावस्ती फर्किए जव,
झरेका देखिए हातगोडाका अंगुली सव ।
देखेर दुर्दशा यस्तो आश्चर्यमा परीकन
लागे भिक्षुहरू सोध्न :
'यस्को क्यै छ कि कारण ?'
भने आनन्दले :
'सुन्छु, जाडोले मुटु छेड्छ रे ।
मेरो ता ठिहीले खाँदा औंला मात्र त्यहाँ झरे ।'
सोध्न थाले अनि भिक्षुहरू आश्चर्यमा परी :
'भिक्षु नेपालमा वाँच्दा रहेछन् के कसो गरी ?'
सवैवाट सुनी प्रश्न आनन्दले थरी थरी,
जिज्ञासा शान्त पारेर दिए जवाफ यस्तरी :
'त्यहाँ नेपालमा भिक्षु ज्यादै आरामदेह छन्,
जाडो मैन्हाभरि त्यानो दोचा, जुत्ता लगाउँछन् ॥'
एकै स्वर निकालेर सोधे :
'जाडो सह्यौ किन ?
औंलाको हुन सक्थ्यो नि दोचावाट सुरक्षण ।'
'भिक्षु भएर ऐयासी जुत्ताको गर्नु के मति ?

बुद्धबाट कुनै मैले पाएको छैन सम्मति ॥'
वार्तालाप सुनी भिक्षुहरूको ध्यानपूर्वक
बुद्धबाट भयो आज्ञा तत्कालै अति सार्थक :
'जाडो र हिउँको वेला हुन्छ जुत्ता लगाउन,
गर्नुपर्छ स्थिति हेरी भिक्षुनियम पालन ॥'

**

(प्रधान, २०४२, पृ. ६४ : ६६,
शर्मा, २०२२, पृ. ७१ : ७२)
(२८ अप्रील २००३, सोमबार)

सत्यनाग

करुणामयको मूर्ति राखी लगनखेलमा,
सिंगारिंदै थियो भव्य जात्राको पूर्वयाममा ।
सिंगारियो लगाएर मूर्तिमा गहना जब,
पुगे हेर्न भनी दृश्य मनुष्य, देव, दानव ॥
चाहन्थ्यो नक्खुको नाग हेर्न यो दृश्य उत्तम,
एकपल्ट भन्यो आफ्नी नागिनीलाई :
'जान्छु म ।
करुणामयको मूर्ति सिंगारेको म हेर्दछु
खोल्ने छैनौ तिमी भेद भन्ने विश्वासमा म छु ॥'
चेवाचर्चा लिनेवाट सतर्क रहनू भनी,
पत्नीलाई अह्राएर विदावारी भयो पनि ।
मेला भर्न भनी नाग पुग्यो लगनखेलमा,
शोभा श्रृंगारको हेर्न लाग्यो मनुष्यभेषमा ॥

निस्क्यो गरुड आहारा खोज्न उड्दै त्यसै क्षण,
बनेथ्यो नक्खुको नाग तारो उस्को कुनै दिन ।
गर्नुपर्ला क्षुधातृप्ति त्यसैको मासुले भनी
आंर्ली त्यहीं गर्‍यो उस्ले नागिनीसंग सोधनी :
'कहां आज गयो नाग ? छैन ऊ घरमा किन ?

कतिवेर यहाँ मैले पर्ने हो अब पर्खिन ?'
सम्झेर पतिको आज्ञा नागिनीले सरासर,
टार्न खोजी थाहा छैन भन्ने दिएर उत्तर ॥
किन्तु गरुडले फेरि सोध्यो जिद्दी गरीकन,
अन्त्यमा नागिनी बाध्य भई भेद खुलाउन :
'करुणामयको भव्य श्रृंगारोत्सव हेर्नमा,
सबै व्यस्त भएका छन् आज लगनखेलमा ॥'
गयो गरुड तत्काले त्यतैतर्फ उडीकन,
हेर्न लाग्यो नियालेर नाग पत्ता लगाउन ।
थुम्कोमाथि चढी नाग दर्शाई ज्यापुको खुबी,
हेर्दै थियो सिंगारेको करुणामयको छवि ॥
नागको अरुको भन्दा ठूलो शिर थियो अतः,
ज्यापुको भेषमा नाग देख्यो गरुडले स्वतः ।
लियो गरुडले ओर्ली भूमिमा नरको रूप,
ज्यापुकै छेउमा आई हेऱ्या चियाउँदै खुब ॥
भन्यो गरुडले उस्को समात्दै पाखुरा तब :
'तँलाई बल्ल भेट्टाएँ ! मसंगै लान्छु, हिंड् अब ।'
नागको हंसले ठाउँ छोड्यो, एक्कासि झस्कियो,
फेला गरुडको पर्दा विचारमग्न ऊ भयो :
'चाल पायो कतावाट यस्ले मेरो अवस्थिति ?
नारीको हुन्न विश्वास सके गर्न यहाँ रति ?।
अह्राएथें कसैलाई नभन्नू भनी ठाउँ यो,
नागिनीबाट नै पक्कै मेरो रहस्य खोलियो ।
क्या फसाद ? गरुँ के म ? कसरी मुक्ति पाऊँ म ?
उम्की गरुडको पञ्जावाट ज्यान वचाऊँ म ??'
जति सोचे पनि वच्ने सुझेन क्यै उपाय नै,
तसर्थ नागले बिन्ती गऱ्यो गरुडसंग नै :
'जाउँला साथमै तेरो, पञ्जामा म परिसकें,
पत्नीसंग विदावारी हुने मौका त मिल्छ के ??
दिनेछु पत्नीमा मर्नुअगावै अर्ति अन्तिम,
जान दे घरमा एकपल्ट, फर्कन्छु सत्य म ।
अनि मार्नुपरे मार्नू, मर्न तैयार नै म छु,

गर्न दे पूर्ण इच्छा यो, बिन्ती, पाउ म पर्दछु !!'
सुनेर नागको यस्तो अनुरोध तथा प्रण,
सोच्यो गरुडले :
'बाचा गर्ला के पूर्ण पालन ?
एकपल्ट गरी हेरौं परीक्षा नागको पनि,
यदि भाग्यो भने अर्कोपल्ट जाला कहाँ अनि ?!'
भन्यो गरुडले :
'हुन्छ, जे गर्नुपर्छ गर्न जा !
म पर्खेर यहीं बस्छु, छिटै घर पुगेर आ !'
गयो तत्काल नै नाग, थुम्कोमै उभिई तब,
लाग्यो गरुडले हेर्न भव्य श्रृंगार उत्सव ॥

घरतर्फ हिंड्यो नाग मुर्मुरिदै मनैमन,
सराप्दै नागिनीलाई झपाऱ्यो क्रुद्ध भैकन :
'भेद खोलिदिइस् तैंले अत्यन्तै मूर्खता गरी,
तेरै कर्तुतले गर्दा जानुपर्ने भयो मरी ।
हुन्हुनाई अहोरात्र गर्दै विलाप हर्घडी,
रुनुपरोस् यहाँ तैंले मेरो सराप यो परी ॥'
दिएर नागिनीलाई यस्तो सराप तत्क्षण,
पुग्यो गरुडको सामु नाग गर्न पूरा प्रण ।
सुसाई नागिनी लागी धुरुधुरु त्यहाँ रुन,
नखुखुसी सुसाएझैं उस्को सुनिन्छ रोदन ॥

सोच्यो गरुडले धेरै वेर नाग नफर्किंदा :
'के आउँथ्यो यहाँ फर्की आहारा चट्ट उम्किंदा ?'
किन्तु देख्दा अगाडि नै नागलाई त्यहाँ पुन:,
सोच्यो गरुडले ज्यादै अचम्ममा परीकन :
'रहेछ सत्यवादी नै नाग वास्तवमै, अहो !
प्राणभन्दा पनि प्यारो वाचा ठान्दो रहेछ यो ।'
लिई नाग नमार्ने नै अन्त्यमा दृढ निर्णय,
भन्यो गरुडले व्यक्त गरेर निज आशय :
'सत्यवादी रहेछस् तँ, प्राणघात म गर्दिनँ,

वाचा पूरा गरिस् तैंले, तेरो प्राण म हर्दिनँ ।
प्राणदान दिएँ मैले, नहोस् मरणको भय,
अर्पी तँलाई नै आज सिंगार्छु करुणामय ॥
सत्यवादी हुँदा नाम सत्यनाग रहोस् अनि,
करुणामयको निम्ति रहनू हारझैं बनी ।'
च्यापी गरुडले नाग घाँटीको गहनासरी,
पहिराइदियो पूजा करुणामयकै गरी ॥

करुणामयमूर्तिमा गलाको हारझैं बनी,
सत्यनाग रहेकै छ वाचा गर्दै पूरा पनि ।
देखिंदा नभमा कालो मेघ श्रृंगारका दिन,
माला गरुडले ल्यायो नागको भन्दछन् जन ॥

**

(२७ जुलाई २००३, शनिवार)

मजिपाःलाखे

बस्थ्यो ज्यापु परिवार उहिले मजिपाटमा,
ज्यापु औ ज्यापुनी गर्थे दिनहुँ काम खेतमा ।
हुर्केकी ज्यापुकी छोरी घरमै वस्दथी सदा,
खेततर्फ पनि जान्थी कुर्न वाली यदाकदा ॥
नभन्दै ज्यापुकी छोरी थिई रूपवती अतः,
ल्यासे भन्ने रह्यो नाम झल्कँदा बैंस वस्तुतः ।
ल्यासेले जहिले काम खेतमा गर्नुपर्दथ्यो,
ज्यापुको भेषमा एक लाखे आई सघाउँथ्यो ॥
फूलजस्ती थिई ल्यासे औ लाखे भमरासरी,
लहसिए दुवै एक अर्काको प्रेममा परी ।
दुवै एकान्तमा भेट्थे सधैं लुकीछिपीकन,
ल्यासेकै साथमा लाखे थाल्यो रात विताउन ॥

साँझमा कहिलेकाहीं चोरिन्थ्यो जव वालक,
मजिपाटभरि कोलाहल चल्थ्यो अचानक ।

चेवाचर्चा गरी ढुक्दा एक्कासि चोर पक्रियो,
को थियो चोर त्यो भन्ने रहस्य अन्त्यमा खुल्यो ॥
पर्खन्यो गल्लीमा लाखे अँध्यारो नहुँदातक,
ज्यापुको घरमा पस्थ्यो सुटुट्ट चोरेर बालक ।
एकै गाँस गरी खाई छिंडीमा नै कपाकप,
ल्यासेको छेउमा पुग्थ्यो लिएर ज्यापुको रूप ॥
छिमेकीहरूले गर्दा लाखेको भेदवर्णन,
पत्याउनै पऱ्यो गाह्रो ज्यापु र ज्यापुनीकन ।
चेवा लिन चनाखो भै बसे ज्यापु र ज्यापुनी,
छोरीकै साथमा लाखे रातमा भेटियो पनि ॥
ज्यापुनीले जगल्ट्याई कपाल छोरीको भनी :
'कस्ती नकच्चरी रैछे ? कुलांगार्नी, अलच्छिनी !
मात्तिई बैंसले रात रमाउँदै बिताउँछे,
जो पायो त्यै अँगालेर परचक्री हँसाउँछे ॥'
रीसको झोंकमा सिंहसरी ज्यापु त्यहाँ बन्यो,
लाखेलाई कठालोमै समाती कुर्लंदै भन्यो :
'को होस् तँ ? किन देख्छु म तँलाई यस खाटमा ?
खान्छस् रे टोलका केटाकेटी चोरेर रातमा ??'
केरकार हुँदा यस्तो लाखे अचम्ममा पऱ्यो,
ज्यापुको पाउमा पर्दै बिन्तीभाउ पनि गऱ्यो :
'बिराम माफ होस् मेरो, देश रक्षक बन्छु म,
मायापीर्ति बस्यो, पाऊँ ल्यासेकै साथ बस्न म ॥'

सुनेर ज्यापुले यस्तो लाखेको नम्र आग्रह,
सोच्यो :
'जे हुनु भै हाल्यो, गर्नै पर्ला अनुग्रह ।'
भोलिपल्टै भए जम्मा छिमेकीहरू चोकमा,
सवैसामु गऱ्यो वाचा लाखेले मजिपाटमा :
'चोर्ने छैन शिशु, गर्छु देशको रेखदेख म,
महामारी पनि रोक्ने पक्का कवोल गर्छु म ।'
पश्चात्ताप सुनी उस्को ज्यापुको मन पग्लियो,
विवाह पनि छोरीको उसैसंग गरिदियो ॥

होस् रक्षा शिशुको भन्ने सबैको चाहना थियो,
घरज्वाइँ वनी लाखे ज्यापुकै घरमा रह्यो ।
इन्द्रजात्राभरि गर्थ्यो सिंगै देश परिक्रमा,
नाम भो मजिपा:लाखे बस्नाले मजिपाटमा ॥

अद्यापि इन्द्रजात्रामा लाखे नाच्छ रमाउँदै,
रथ गुड्ने कुमारीको पथमा अगुवा हुँदै ।
प्रफुल्ल मजिपा:लाखे लोकको गर्छ रञ्जन,
देशरक्षा गरी बस्छ वाचा गरेर पालन ॥

**

(बज्राचार्य, २०५७, पृ. १०४ : १०५)
(३ अप्रील २००४)

भाकल

तादीको तीरमा बस्थ्यो दनुवार कुनै दिन,
नदीमा हेलिई धान्थ्यो माछा पक्रेर जीवन ।
बजारमा लगी बेच्थ्यो माछा ऊ ढडुवाभरि,
जहानको दुई छाक टार्दथ्यो ऊ यसै गरी ॥

वल्झेन जालमा माछा एकपल्ट अचानक,
पसीनाले भिज्यो देह, पानी थियो घुँडातक ।
हिंडेथ्यो चौघडावाट तादी पर्दै ऊ प्रातःमा,
रित्तै हात पुग्यो देवीघाटनेर ऊ साँझमा ॥
कालो बादल उर्लेर टन्न आकाश ढाकियो,
झिलिक्क बिजुली चम्क्यो, जोडले मेघ गर्जियो ।
झमक्क साँझमा दर्के पानी पर्‍यो, चल्यो हुरी,
दनुवार नसक्ने भो घर फर्कन क्यै गरी ॥

भोकै जहान सम्पूर्ण घरमा पर्खंदै थिए,
एक छाक मिठो खान पाइने आसमा थिए ।
सम्झेर घरका लालावालाको दैन्य हालत,

दनुवार बस्यो ढुंगामाथि भएर चिन्तित ॥
देखिइन् जलपामाई तन्द्रामा हो कि नींदमा,
ढोगेर पाउ देवीको गऱ्यो भाकल देवीमा :
'भोकै छन् घरमा लालाबाला, भएन आर्जन,
जालमा पारिद्यौ माछा, देवी, दया गरीकन !!'
गऱ्यो चढाउने पञ्चवली भाकल त्यै क्षण,
राति त्यही निदायो ऊ थाकेर लस्त भैकन ।
सूर्योदय हुनासाथै व्युँभेर दनुवार त्यो,
हेर्लियो जलमा फेरि सिकार गर्न मत्स्यको ॥

मानौं पुकार देवीले सुनिन् त्यो दनुवारको,
परे बन्धनमा माछाहरू प्रशस्त जालको ।
वेची बजारमा माछा गऱ्यो आर्जन क्यै धन,
पाँच जीव किन्यो गर्न देवीमा वलि अर्पण ॥

देवीघाट पुग्यो सोभै जलपामाई स्थानमा,
सकेन किन्तु रेटेर रक्त छर्कन वेदीमा ।
डंगोल एक आएको देख्यो उस्ले निकै पर,
गाउँ गाउँ चहारेर खुर्सानी वेच्न खातिर ॥
डंगोल सामुमा आयो बोलावट सुनीकन,
चौतारीमै बिसाएर काँधको नोल, खर्पन ।
रेटेर बलिको घाँटी दुई पैसा कमाउन
हुँदा आग्रह राजी भो पञ्चवलि चढाउन ॥

चढायो अक्षता, फूल वोकामा छर्कंदै जल,
मानौं स्वीकृति बोकाले दियो हल्लाउँदै शिर ।
डोऱ्याई वलिको वोको रेटियो वलिवेदीमा,
फोहराभैं छुट्यो धारा रक्तको देवीघाटमा ॥
पूरा भाकल माभीको गर्दै डंगोल उफ्रयो,
मानौं सर्वांगमा शक्ति जलपादेवीकै चढ्यो ।
काम्दै थर्थर वोकाको लगाई घाँटीमा मुख,
वनियाले चुस्या रक्त घुटुक्कै देवी सम्मुख ॥

दनुवार पऱ्यो छक्क देखी अद्भुत दृश्य यो,

जाहेर गर्न राजाको शिघ्रः ऊ सामुमा पुग्यो ।
केरकार गरे आई राजाले बनियाकन,
कामेको बलिको वेला सकेन भन्न कारण :
'घरमा वालवच्चाको गर्न लालनपालन,
व्यापार गर्न आएँ म डाँडाकाँडा चढीकन ।
पद्मकाष्ठपुरीवाट आएको हुँ यहाँतक,
बोलावट भयो पञ्चवलि दिन अचानक ॥'

लिए सल्लाह राजाले डाँकी पञ्चभलादमी,
थिएन तर्क गर्नेको त्यहाँ वास्तवमा कमी ।
साक्षात् भैरव जागेका हुन् भन्ने नै निधो गरी,
राजाबाट भयो आज्ञा व्यापारीकन यस्तरी :
'दिनेछु भूमि बिर्ता म तिम्रो निम्ति यसै घडी,
एक दिन हिंडी घुम्न सक्छौ जति वरिपरि ।
परन्तु नाघ्न पाइन्न तादी र त्रिशूली नदी,
राजाज्ञा नलिई तर्न पाईदैन दुवै नदी ॥'
पायो डंगोलले जग्गा नापिएथ्यो हिंडी जति,
उपाधि भेलुको पायो जाग्दा भैरव नै अति ।
माथि भैरवीको स्थान, जलपामाईको तल,
अद्यापि भेलु कामेर पूर्ण गर्दछ भाकल ॥

**

(प्रधान, ११०७, पृ. ७४ : ७५)
२५ मई २००४ (मंगलवार)

भंगः थकूजुजु

भंगः थकूजुजु प्रेमी थिए चराचुरंगीको,
त्यसैले नाम नै उन्को भंगः थारी प्रसिद्ध भो ।
राजाले मुख्य काजीको उन्लाई पगरी दिए,
प्रजावत्सल भै धेरैः कालसम्म उनी रहे ॥
दिवंगत हुंदा काजी चार रानी गए सती,
जल्नुअगाडि रानीले भनिन् : कस्तो छ दुर्गति ?

'चरालाई दिए दुःख आफ्नो जीवनकालमा,
गर्दैछन् अब त्यस्को नै पापमोचन नर्कमा ॥
पतिदेव डुबेका छन्, बिष्टायुक्त छ पोखरी,
चराचुरुंगीको पाप भोग्दैछन् नर्कमा परी ।
खोलेर पिंजडा आजै चरा मुक्त गराउनू
चराको स्मृतिमा धारा तथा पाटी बनाउनू ॥'
दिई छोराहरूलाई आज्ञा रानी गइन् सती,
झंगः थकूजुजुनिम्ति राखियो जगमा स्मृति ।
काजीको नाममा धारा तथा पाटी बनाइयो,
चराचुरुंगीका मूर्ति कुंदी पाटी सिंगारियो ॥

**

पद्म

दुर्वासा ऋषिले भेटे इन्द्रलाई कुनै दिन,
फूल सुम्पिदिए एक विष्णुलाई चढाउन ।
इन्द्रले फूलको केही महत्व नबुझेसरी,
हात्तीको पीठमा फ्याँके बेवास्ता पद्मको गरी ॥
घमण्ड इन्द्रको देखी दुर्वासा ऋषि जंगिए,
'गुमाउनु परोस् तैंले राज्यश्री !' -
श्राप यो दिए ।
आँधीबेरी चल्यो ठूलो, पानीको भेल उर्लियो,
हात्तीको पीठको पद्म खसेर भेलमा पऱ्यो ॥

सिन्धुसम्मै पुग्यो पद्म प्रवाहसंग पानीको,
हल्लियो स्वर्गमा सिंहासन थर्थर इन्द्रको ।
पुगे इन्द्र डराएर विष्णुको सामु तत्क्षण,
सुनियो विष्णुको प्रश्न :
'इन्द्र, आयौ यहाँ किन ??'
भयभीत भई इन्द्र विष्णुको पाउमा परे,
विष्णुले ध्यानदृष्टिले वोध संकटको गरे ।

मुसुक्क मुस्कुराएर हटाए इन्द्रको भय,
बग्दै त्यै फूल आएको देखेर इन्द्र जिल्लिए ॥

दिएथे विष्णुको निम्ति दुर्वासाले त्यही फूल,
हात्तीको पीठमा फ्याँक्दा खस्यो जो भुईंमा तल ।
बगाई छालले ल्यायो विष्णुकै सामु सिन्धुमा,
बन्यो आसन त्यै पद्म लक्ष्मीको निम्ति अन्त्यमा ॥

**

(प्रधान, ११२२, पृ. ५५)

तुलसी र भीमपाती

तिह्वबहालमा यौटा बस्दथ्यो ठकुरी कुनै,
थियो दीन ऊ, चाहे होस् भरीभराउ नाम नै ।
भर्दथ्यो ढुकुटी आफ्नो खोजेर गुइँठाहरू,
साँचो भने सधैं राख्थ्यो आफ्नो नै साथमा बरु ॥

घरवाहिर ऊ निस्क्यो सधैं जस्तै कुनै दिन,
साँचो त कसरी कुन्नि बिर्सेछ साथमा लिन ।
भेट्टाई पत्नीले साँचो, खुल्दुली त छँदै थियो,
ढोका भण्डारको खोली हेर्ने नै चाहना भयो ॥
ठकुरानी पसी भित्र ताच्चा खोलेर तत्क्षण,
भेट्टाई ढुकुटीभित्र यत्रतत्र सुनैसुन ।
फर्केर आउनासाथै अचम्ममा पऱ्यो पति :
'कसरी सुन भो सारा राखेको गुइँठा जति ?'
'विष्णुकै हो कृपा ।'
यस्तो धारणा पत्नीको थियो,
परन्तु पतिले सोच्यो :
'दया हो वुद्धकै त यो !'
पति-पत्नी परे दंग पाएर धनसम्पति,
धर्मकर्म कुनै गर्ने दुवैको नै थियो मति ॥

विष्णुको नाममा भोज ख्वाउने पत्नीको मन,
'बुद्धको नाममा दान' - पतिको नित्य चिन्तन ।
पत्नी औ पतिका बीच चर्काचर्की विवाद भो,
विष्णु वा बुद्धमा एक विकल्प रोज्नु पर्दथ्यो ॥
तिन्कै प्रतीक रोपेर सारा विवाद टुंगियो,
विष्णु वा बुद्धमा एक विकल्प रोजिने भयो ।
पत्नीले तुलसीबीज रोपी विष्णु जपीकन,
पतिले भीमपातीको बीज रोप्यो त्यसै क्षण ॥

जस्को प्रतीकमा पैलो टुसाउने छ अंकुर
त्यही नै देवता रोज्ने भयो निर्णय् आखिर ।
टुसायो पहिले बुद्धप्रतीक भीमपाती नै,
निम्त्याइए सबै वौद्धमार्गी शहरका तीनै ॥
दिइयो दान तिन्लाई, मीठो भोज खुवाइयो,
सम्पूर्ण रात नै नाचगान, दीपावली भयो ।
हरेक वर्ष नै यस्को पुनरावृत्ति होस् भनी
गुठीको निम्ति जग्गाको व्यवस्था गरियो पनि ॥

**

(राइट, १८७७, पृ. १७३ : १७४)

शब्दानुक्रमणिका

अभयपुर : हेर्नु. दोलखा ।

अर्ज्याल : आत्रेय गोत्रका अर्ज्यालहरूको कुलमा गोर्खा दरवारका पुरोहित लक्ष्मीनारायणका पुत्र शक्तिबल्लभ अर्ज्याल (जयरत्नाकर नाटकका रर्चायता) प्रसिद्ध छन् जो पृथ्वीनारायण शाहको साथमा काठमाडौं आएका थिए ।

अशोक: भारतका प्रसिद्ध मौर्यवंशी सम्राट् (ई.पू. २५०) जसले वुद्धको जन्मस्थल लुम्बिनीमा स्तम्भ खडा गरेका थिए । उनी नेपाल उपत्यकामा समेत पुगेको किम्वदन्ती छ । उनैले पाटनको चारैतिर चार युग (सत्य, त्रेता, द्वापर र कलि) को प्रतीकस्वरूप स्तुपहरू निर्माण गराएको मानिन्छ (श्रेष्ठ, २०४४, पृ.३) ।

अष्टमात्रिका: शक्तिदेवीका प्रतीकको रूपमा अष्टमात्रिका (ब्रह्मायणी, रुद्रायणी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी, लक्ष्मी, चामुण्डा) आठै दिशाकी अधिष्ठाता देवी मानिन्छन् । यी मातृदेवीहरूको नेवारी नाम यस प्रकार छ : पासिक्व (ब्रह्मायणी), लुँमह्री (माहेश्वरी), फिब्व (कौमारी), नै (वैष्णवी), कंग (वाराही), लुति (इन्द्रायणी), थँबही (चामुण्डा) र चन्द्रलखु (महालक्ष्मी) (जुजु, श्रेष्ठ, ११०५, पृ.४४ : ४५) । उपत्यकाका तीनै राजधानीनगर कान्तिपुर, भक्तपुर, ललितपुरका संरक्षकको रूपमा क्रमशः खड्गाकार, अष्टकोणाकार र चक्राकार क्रममा अष्टमात्रिका (नेवारीमा अजिमा) अवस्थित पाइन्छन् । उदाहरणस्वरूप, काठमाडौं (कान्तिपुर)का आठै दिशामा खड्गाकार रूपमा अष्टमात्रिकाका पीठहरू रहेका छन् (श्रेष्ठ, १९९६, पृ. ९) । पासाचह्रेपछि तेस्रो रातमा असनटोलमा चिराग साँटासाँट गरी अष्टमातृकाको रथजात्रा गरिन्छ । प्रारम्भमा यी अष्टमात्रिकाहरू सम्भवतः वाह्य स्वरूपअनुसार दीर्घनख, दीर्घदन्त, दीर्घतुण्ड, दीर्घकेश, लम्वकर्ण, लम्वपयोधर, निर्मांसचवी, कृष्णमेघनिम्व आदि नामले चिनिन्ये (श्रेष्ठ, १९९६, पृ. ६४) ।

आकाशभैरव (आजुद्यः): इन्द्रजात्राको समयमा भाद्र कृष्ण द्वादशीदेखि इन्द्रचोकमा परालले छाएको मञ्च वनाई आकाशभैरवको टाउको मात्र अंकित मूर्ति प्रदर्शन गरिन्छ । यसलाई किरात राजा यलम्वरको रूपमा मानेर नेवारीमा आजुद्यः अर्थात् पूर्वज देवता भन्ने गरिएको छ । यस वेला हनुमानढोका राजदरवारमा रहेको श्वेतभैरव लगायत अन्यत्र पनि जाँडरक्सीले भरिएका घ्याम्पोमा रहेका भैरवका मुखाकृतिहरू प्रदर्शित गर्ने परम्परा छ । तिनलाई नेवारीमा हाथुद्यः भनिन्छ ।

आजुद्यः : नेवारीमा भैरवलाई आजुद्यः (पुर्खादेवता) भनिन्छ ।

आनन्द मल्ल : भक्तपुरका संस्थापक मानिने राजा जसले आसपासका ६० ससाना गाउँहरू आफ्नो राज्यमा मिलाएका थिए । वंशावलीअनुसार उनकै समयमा ई.सं. ८८० मा नेपालसम्वत् आरम्भ भएको हो (राइट, १८७७, पृ. १६३) ।

इन्द्रजात्रा (नेवारीमा येँद्या) : इन्द्रध्वजोत्थानको साथै प्रारम्भ हुने यो जात्रा

भाद्र महीनामा ८ दिनसम्म मनाइन्छ । ऋग्वेदका ऋचाहरूमा आर्यकिरात युद्धको उल्लेख पाइने सन्दर्भमा के अनुमान लगाउन सकिन्छ भने इन्द्रको नेतृत्वमा आर्यहरूले उत्तरी भारतमा आधिपत्य कायम गरेपछि हिमालखण्डतर्फ विजय अभियानको क्रममा नेपालका कुनै किरात राजाबाट पराजीत हुनुपरेको होला र इन्द्रले बन्दी समेत बन्नुपर्‍यो होला । त्यसैले इन्द्रजात्राको समयमा ठाउँठाउँमा हात बाँधेर बन्दी तुल्याइएका इन्द्रको मूर्ति प्रदर्शित गरिएको हुनु सम्भव छ । इन्द्रजात्राको वेला इन्द्रचोकस्थित आकाशभैरव (नीलभैरव) अगाडि अग्लो मञ्चमा इन्द्रको प्रतिमा राखिएको हुन्छ भने भक्तपुरमा चाहिं म्होपत्र (म्होपत्रको मुखुण्डो लगाएको मान्छे) ले आइमाईहरूको साथमा गई इन्द्रका मूर्तिलाई तरवारले हानेको अभिनय गर्ने परम्परा छ । इन्द्रजात्रा मनाइने महीना हुँदा नेवारीमा भाद्र महीनाले यँला (इन्द्रको महीना) भन्ने नाउँ पाएको छ । काठमाडौंको केन्द्रमा इन्द्रचोक र दक्षिणी भागमा यंगाल (इन्द्रगृह) टोल रहनुका साथै काठमाडौंको नेवारी नाम यँ पनि इन्द्रसित नै सम्बन्धित छ ।

इन्द्रध्वजा (नेवारीमा यँसिं) : इन्द्रजात्राको प्रारम्भमा गाडिने लिंगो । देवीपुराणमा इन्द्रध्वजा शिवले विष्णुलाई र विष्णुले इन्द्रलाई दिएको उल्लेख छ । भादगाउँनजिकैको वनमा लिंगो बनाउनका लागि छानिएको रुखमा बोकाको बलि दिने चलन छ । यसरी ल्याएर गाडेको लिंगोको फेदमा बन्दी तुल्याइएका इन्द्रको प्रतीकस्वरूप ऐरावत हात्तीमा चढेका इन्द्रको मूर्तिसहित एउटा सानो पिंजरा राखिएको हुन्छ ।

इन्द्रध्वजोत्थान भाद्र शुक्ल द्वादशी (महाद्वादशी)का दिन हनुमानढोका अगाडि इन्द्रपुरी भनिने मण्डपशैलीको मन्दिरनेर लिंगो (इन्द्रध्वजा वा नेवारीमा यँसिं) गाड्ने समारोह । इन्द्रध्वजोत्थानले देशमा शान्ति र सुखसमृद्धि प्रदान गर्दछ भन्ने जनधारणा छ ।

इन्द्रदह (नेवारीमा यँकिदह) : इन्द्रले स्नान गरेको मानिने दह । हरेक वर्ष इन्द्रजात्राको तेस्रो दिन वर्ष दिनभरि मरेका मानिसहरूका नातेदारका आइमाईहरू वौमत लिएर मरुहिटी (काठमाडौं) बाट डाकिनी (डागीं) को भेष लिएको एकजना महर्जनको पछि लाग्दै इन्द्रदह रहेको पर्वत हुनाले दहचोक (संस्कृतमा दहोच्च) भनिएको डाँडोमाथि जान्छन् ।

इन्द्रेश्वर: बनेपा (नेवारीमा भोत)की राजकुमारी विरमादेवीले ने.सं. ४१४ (ई.सं. १२९४ मा) ऐन्द्रकुट नामबाट इन्द्रेश्वरको तीनतले मन्दिर निर्माण गर्न लगाएकी थिइन् । मन्दिरको उत्तरपश्चिम कोणतिर विश्वेश्वरको पुरानो मन्दिर छ भने दक्षिणतिर अवस्थित उन्मत्त भैरवको मन्दिरमा अष्टमातृकाका मूर्तिहरू रहेका छन् । जात्राको समयमा मूल मन्दिरभित्रको शिवलिंगलाई तत्पुरुष, अघोर, सद्योजात र वामदेव नामक शिवका चतुर्दिक् मूर्तिसहित ढलोटको गहनाले सिंगारिन्छ (मानन्धर, २००२, पृ. ५० : ५१) ।

इशारावजार: सिम्रौनगढको मुख्य वजार । किम्वदन्तीमा उल्लिखित

सुसारे वा चाकर्नीको नाम इशारासंग पछि जोडिएको प्रतीत हुन्छ ।

ईशानेश्वर: शिवका पाँच अवतारमध्ये ईशान पाँचौं दिशा अर्थात् आकाशको प्रतीक मानिन्छ । पंचमुखी शिवलिंगमा आकाशतत्वको प्रतीक ईशानको कुनै आकृति बनाइँदैन, तसर्थ ती चतुर्मुखी हुन्छन् । शिवलिंगमा कुंदिएका मूर्तिहरूमा पूर्वतर्फ तत्पुरुष (वातत्व), पश्चिमतर्फ सद्योजात (पृथ्वीतत्व), उत्तरतर्फ वामदेव (जलतत्व) र दक्षिणतर्फ अघोर (तेजतत्व) को कल्पना गरिन्छ । नेपालमा प्राचीन चतुर्मुखी शिवलिंगहरू पशुपति क्षेत्र, कुम्भेश्वर, हाँडीगाउँ, भक्तपुर, लेले, वलन्चु, वल्खु लादि स्थानमा देख्न पाइन्छ (पौड्याल, २०६०, पृ. ८९ : ९२) । लमजुङको करापुटारमा अवस्थित करिव अठार हात लम्बाइ र चौडाइ भएको ढुंगे चौघेराभित्र आठ हात लम्वाइ र चौडाइ भएको छाने शैलीको दुई तले शिवमन्दिर । शाके १६९४ (संबत् १८२९) सालको शिलालेखअनुसार लमजुङ नरेश वीरनारायण शाहवाट मन्दिर निर्माण गर्न लगाई दैनिक पूजाआजा आदिका लागि रानीहरूको नामबाट गुठी समेत राखिदिएको वोध हुन्छ । त्यस मन्दिरभित्र करिब डेढ हातको चारपाटे कुण्डजस्तो डाउँमा शिवलिंग स्थापित गरिएको छ र त्यसको माथि रुद्रीका लागि तामाको ठूलो जलधारा झुण्ड्याइएको देखिन्छ । मन्दिरवाहिर उत्तरी मोहडातर्फ झुण्ड्याइएको घण्टमा कुंदिएको संस्कृत अभिलेखबाट ईशानेश्वरले सन्तानेश्वरको लोकमान्यता प्राप्त गर्दै आएको प्रमाणित गर्दछ । शिवरात्रिमा यहाँ ठूलो मेला लाग्छ । सातआठ पुस्ताअगाडि तनहुँको तारुका गाउँवाट झिकाइएका वशिष्ठगोत्रका सोती व्राह्मण मन्दिरका पुजारी रहेका छन् (श्रेष्ठ, २०६०, पृ. ४ : ६) ।

उग्रतारा : हेर्नु. वज्रजोगिनी ।

उग्रतीर्थ : बनेपास्थित चण्डेश्वरीको मन्दिरनेरको नदी । यस तीर्थमा चैत्र शुक्ल नवमीका दिन स्नान गर्ने मेला लाग्दछ ।

ऋणमोक्षदेवी : जुम्लामा तलाउको माझमा अवस्थित ऋणमोक्षदेवीको मन्दिरमा अचापि भक्तजनहरू ऋणबाट मुक्ति पाउन पूजा गर्दछन् ।

ओक्काक (उक्काक) : सम्भवतः सिन्धुको मैदानतिर राज्य गर्ने कुनै विरुढक भन्ने राजाको उपनाम वा विशेषण हो भन्ने भान पर्दछ । कतै कतै इच्छाकु भन्ने उल्लेख पाइन्छ । उनका पुत्रहरूको नाम पनि राजाको नामझैं प्राकृत र संस्कृत गरी दुई रूपका उपलव्ध छन्, जस्तै ओक्कामुख (उल्कामुख), हत्थिनिक (हस्तीनिक), कासिनीसुर (सिनीसूर ।

कंकालीमाई : कर्णाटकवंशीय राजा नान्यदेवको शासनकाल (शासनकाल : ई.सं १०९७ तिर) मा कोलकत्ताकी कालीमाईको आव्हान गरेर स्थापित गरिएको मानिने देवी । भनिन्छ, कंकालीदेवीलाई चढाइएका पशुवलिको मासु कसैले नखाई मन्दिरछेउ गाड्ने चलन थियो । सन् १३२६ मा दिल्लीका शासक गयासुद्दीन तुगलकको फौजले सिम्रौनगढ ध्वस्त पारेपछि मन्साराम वावाले मन्दिर पुनः स्थापना गराउने क्रममा जमीनमुनि गाडिएका पशुका कंकाल (हाडखोर) भेटेकाले देवीको

नाम नै कंकालीमाई रहेको हो भन्ने जनधारणा छ । हाल जीर्णावस्थामा रहेका चारैतिर पाटीपौवासहित कंकालीमाईको मन्दिर भव्य छ । मन्दिरको भित्रपट्टि देवदेवीका पुराना भित्तीचित्रहरू छन् भने वरपर टुटेफुटेका कलात्मक मूर्तिहरू रहेका छन् । यस मन्दिरमा पशुवलि दिइँदैन । मन्दिरको पूर्वतर्फ ठूलो पोखरी र अगाडि मन्साराम वावाको समाधिस्थल छ (श्रेष्ठ, २०६०, पृ. ४१ : ४२) ।

कच्छपालगिरि : जतावाट हेरे पनि कछुवाको आकार जस्तो देखिने पर्वत । हाल यो चोभार डाँडो भनिन्छ (वज्राचार्य, २०२०, पृ. २७) ।

कटुवाल (कटुवालद्वार) : काठमाडौं उपत्यकावाट वागमती नदी निस्केर जाने गल्छी ।

कपिलवस्तु : कतै कतै कपिलपुर पनि भनिने यो ठाउँ तौलीहवावाट दुई माइल उत्तरपट्टि र निग्लिहवावाट साढे तीन माइल दक्षिणपट्टि रहेको वाणगंगाको पूर्वी तटमा अवस्थित वर्तमान तिलौराकोट नै हो भन्ने प्रमाणित भएको छ । तिलौराकोटमा प्राचीन राजदर्वारको भग्नावशेष पाइएको छ । वर्तमान चित्रादेइ, रामघाट, सन्दवा आदि इलाकाहरू पनि कपिलवस्तु अन्तर्गत पर्दछन् ।

करापुटार : लमजुङ जिल्लामा लमजुङ हिमालको दक्षिणी श्रृंखलावाट उत्पन्न भई वग्ने मिदिम (गोमती) नदीको उत्तरी र मादी (माहेन्द्री) नदीको पूर्वी किनारामा चिसंकुगाउँको वेंसीको रूपमा रहेको अत्यधिका ।

काइके भाषा : सम्भवतः यो मोनख्मेर परिवारको भाषा हो (शर्मा, २०२८, पृ. १५) ।

काठमाडौं (कान्तिपुर) : राजा गुणकामदेवले निर्माण गरेको मानिने नगर, हाल नेपालको राजधानी जुन काष्ठमण्डपको अपभ्रंशवाट काठमाडौं भनिएको हो । नेवारीमा यसलाई यें (येंदे) भन्दछन् ।

काठेसिम्भू : काठमाडौं नघलटोलमा अवस्थित श्रीघःविहारमा रहेको वौद्धस्तुप । ई.सं. १६७० : १६७४ (ने.सं. ७९० : ७९४) तिर निर्माण गरिएको मानिने यो स्तुप काठमाडौं तक्षबहालमा वस्ने समन्तभद्र गुभाजुले आफ्नो तन्त्रिक वलद्वारा काशीवाट ल्याएर स्थापना गरेका हुन् भन्ने जनधारणा छ (श्रेष्ठ, २०४४, पृ. ११) ।

कामनीगिरि : उपत्यकाको दक्षिणी भागमा रहेको एउटा पर्वत ।

कामरूपकामाक्षा : भारतस्थित वर्तमान आसाम प्रदेश ।

कालीगण्डकी (कृष्णगण्डकी) : मुक्तिनाथको हिमचुलीको नीलो कुण्डवाट भित्रभित्रै वग्दै मुक्तिनाथको ठीक माथि पर्ने पहरोको गुफावाट मूल फुटेझैं निस्की झारकोट गाउँ हुँदै वग्ने गण्डकी र मुस्ताङतिरवाट झरेको कालीखोला (कागवेनीमाथि नर्सिङखोला भनिन्छ) कागवेनीको फाँटमा मिसिएर कालीगण्डकीको नामले वेनी, वाग्लुंग, कुश्मा, रिडी, रानीघाट, राम्दीघाट, देउघाट र त्रिवेणी हुँदै तल वग्दै जान्छ । यस नदीको शिरमा विष्णुको रूपमा पूजिने पवित्र शालीग्रामको खानी छ ।

काष्ठमण्डप (नेवारी नाम मरुसत्तल) : गद्दीवैठकको सामुन्ने पश्चिमतिर चौवाटोमा रहेको तीनछाने विशाल भवन । यसको टुप्पामा सुनको विर्को भएको कलशाकार गजूर रहेको छ भने पूर्वतिर फर्केको मूलद्वारको दायाँवायाँ प्रस्तरका दुई सिंह रहेका छन् । जुन दिशावाट पनि भित्र पस्न सकिने यस मण्डपको भुइँ तलामा चार कुनामा कोणाकार गारामा जोडिएका चारवटा सुन्दर मञ्च वनेका छन् भने भित्र गोरखनाथको मूर्ति र चार कुनामा चारवटा गणेशका मूर्ति रहेका छन् । प्राचीन कालको यंगल भन्ने इलाकाभित्र पर्ने मण्डप हुनाले एउटा ताम्रपत्रमा यंग्रमण्डो अर्थात् यंगलको मण्डप भन्ने लेखिएको पाइन्छ (वज्राचार्य, पृ. ४८) ।

किरेती : तिव्वती भाषामा रेशमलाई किरेत भन्दछन् । यसैको आधारमा रेशमको व्यापारी भन्ने अर्थमा किरात जातिनाम अस्तित्वमा आएको मानिन्छ ।

कुमारी : कोलासुर भन्ने दैत्यको संहारका लागि पार्वतीले मानवकन्याको रूपमा जन्म लिई अविवाहित रहेको हुँदा कुमारी कहलाइएकी हुन् (वज्राचार्य, २०३३, पृ. १७७) भन्ने एउटा धारणा छ भने श्वेतकाली तथा भैरवकी पुत्री जो आजन्म अविवाहिता नै रहेकी हुनाले कुमारी भनिएकी हुन् भन्ने पनि चलन छ । नेपालमा हिन्दू धर्मावलम्वीहरूद्वारा तलेजु (तुलजाभवानी) वा चण्डेश्वरीको रूपमा तथा वौद्धमार्गीहरूद्वारा वज्रदेवीको रूपमा परम शक्तिको स्रोत मानेर पूज्ने अविवाहिता कन्यालाई कुमारीदेवी भनिन्छ । काठमाडौंमा शाक्य (वाँडा) कुलकी कन्याहरूमध्येवाट विशेष तान्त्रिक विधिअनुसार मूल कुमारीको चयन गरिन्छ र रजस्वला नभएसम्म वा शरीरवाट रगत ननिस्केसम्म जीवित देवी कुमारीको रूपमा के वौद्ध र के हिन्दू सवैवाट पूजा गरिन्छ । उपत्यकामा विभिन्न शहरहरूमा कुमारीदेवीहरू भए तापनि मुख्य कुमारीको मन्दिर (कुमारीघर) काठमाडौंको केन्द्रमा रहेको छ । तान्त्रिक मतानुसार कुमारीमा नै अष्टमात्रिका (शिरमा व्रह्मायणी, नेत्रमा रुद्रायणी, कर्णमा कौमारी, नासिकामा वैष्णवी, मुखमा वाराही, घाँटीमा इन्द्रायणी, नाभिमा लक्ष्मी, मनमा चामुण्डा) का साथै गणेश (मृगौंलामा) तथा काल (गुदद्वारमा) समाविष्ट भएको मानिन्छ (रञ्जितकार, १९९९, पृ. ११) । कुमारीसंग आँखा जुधेमा मृत्यु हुन्छ भन्ने धारणा व्याप्त छ । तसर्थ एकपल्ट कुमारी भैसकेकी कन्याकेटीसित कसैले विवाह गर्ने आँट गर्दैन ।

कुमारीरथजात्राः काठमाडौंमा भाद्र कृष्ण प्रतिवदादेखि चतुर्थीसम्म जीवित देवी कुमारीको रथजात्रा सम्पन्न गरिन्छ । यस रथजात्राको समयमा गणेश र भैरवका रूपमा दुई वालकलाई कुमारीको रथको साथै वसन्तपुर गद्दीवैठक अगाडि वेग्लावेग्लै रथमा राखेर नगरपरिक्रमा गराइन्छ । राजप्रतिनिधिका रूपमा राजखड्गलाई कुमारीको रथमा राखिन्छ । रथ तान्नुअघि वाटोमा कुनै दुर्घटना नहोस् भनेर रथका पांग्राहरूलाई भैरवका रूपमा पूजा गरेर तीनै रथमा एक-एक वटा भेंडा वली चढाइन्छ । त्यसपछि तीनै रथलाई तानेर तल्लो टोलहरू अर्थात् मरु, चिकंमुगल, मजिपाट, जैशीदेवल, ज्यावहाल, लगन, व्रह्मटोल, ह्युमतः, क्वहिटी, भीमसेनस्थान भएर पुनः वसन्तपुरमा नै पुऱ्याइन्छ । रथका साथ गुरुजुको

पल्टनसहित सांस्कृतिक वाजागाजाहरू, पञ्चवाजा, सैनिक बैन्डबाजा र पञ्च बुद्ध (बैरोचन, अक्षभ्य, अमोघसिद्धि, अमिताभ र रत्नसम्भव) ले पनि नगरपरिक्रमा गर्दछन्। कुमारीको रथ आइपुग्नासाथ इन्द्रचोकमा रहेको आकाशभैरव र हनुमानढोकामा रहेको श्वेतभैरवको मुखमा जडित नलीबाट जाँडको धारा बगाई कुमारी, गणेश र भैरवलाई समेवजी चढाइन्छ। यसरी नै यात्रापथमा ठाउँ-ठाउँमा प्रदर्शन गर्न राखिएका भैरवका मूर्तिहरू (नेपालभाषामा हाथुद्य) मा जडित नलीबाट जाँडरक्सी बगाई देवीदेवतालाई चढाउने परम्परा छ। रथलाई तानेर जात्रा गर्दै ह्युमतः टोलमा पुग्दा त्यहाँ एक छिन रोकेर कुमारी, गणेश र भैरवलाई ह्युमतः (घुमाएको वत्ती) देखाइन्छ। जैशीदेवल डवलीमा किलागल टोलका ज्यापू समुदायद्वारा देवीनाचमा कुमारीवाट दैत्य वध गरेको दृश्य देखाइसकेपछि क्वहिटीतर्फ तानेर रथलाई अघि बढाइन्छ। हरेक वर्ष इन्द्रजात्राको समयमा सम्पन्न गरिने कुमारीको रथयात्राको वेला महाराजाधिराजबाट राजसत्ताकी अधिष्ठाता मानिएकी कुमारीदेवीको टीका ग्रहण गरिन्छ।

कुम्भेश्वर : जलघडाबाट प्रकट भएको शिव हुनाले यो नाम रहेको हो। हेर्नु सर्वेश्वर।

कुम्भेश्वरकुण्ड : पाटनमा रहेको यस कुण्डमा हराएको हाँस गोसाईंकुण्डमा पाइएको वा गोसाईकुण्डमा हराएको औठी यस कुण्डमा पाइएको किम्वदन्ती छ। गोसाईकुण्डको यात्रा गर्न असमर्थ मानिसहरू श्रावण महीनामा कुम्भेश्वरकुण्ड (नेवारीमा क्वन्तितीर्थ) मा स्नान गर्दछन्। त्यहाँ गोसाईकुण्डकै पानी आउँछ भन्ने जनधारणा छ।

कुल्लेकोट : बैतडी देवलहाट (जहाँ एउटा किम्बदन्तीअनुसार पञ्चपाण्डव द्रौपदीका साथ उत्तराखण्डतिर जाँदा एकै रातमा निर्माण गरिएको मानिने र अर्को धारणाअनुसार चाहिं डोटीका जाड जातिका राजाले निर्माण गराएको भनिने हाटेश्वर महादेवका सातवटा प्रस्तर मन्दिरहरू रहेका छन्) बाट नजिकै पूर्वतर्फ रहेको थुम्को जहाँ पुरानो कोटको भग्नावशेष देखिन्छ। त्यहींबाट चन्दवंशको उत्पत्ति भएको मानिन्छ। वैतडीका ज्योतिषीहरू पत्रो वा बालकको जन्मकुण्डलीमा अद्यापि 'कुल्लेकोट दूर्ग निकटे' भनी लेख्दछन्।

कुशुण्डा : पहाडका गुफाकन्दरामा वसी वनका फलफूल र कन्दमूल वटुलेर, पशुपक्षीको शिकार गरेर, नदीनालामा माछा मारेर जीविका चलाउने घुमन्ते जाति। सन् २००३ को जनगणनाअनुसार हाल प्यूठान, दांग र तनहुँमा यस जातिको संख्या १६४ मात्र छ। भाषाविद् डेभिड वाटर्सको अनुसंधानअनुसार सम्भवतः ७ हजार वर्ष पहिले वोलिने रूपमा अहिलेसम्म सुरक्षित कुशुण्डा भाषाको संरचना अफ्रिकाको केही भागमा वोलिने भाषासंग मात्र मिल्दछ। हाल कुशुण्डा भाषा वोल्नेहरूको संख्या ८ जना मात्र रहेको वुझिन्छ (कान्तिपुर, ११ अक्टोवर २००४)।

केशवती : भिक्षु वन्नेहरूको मुण्डन गरिएको केश (कपाल) वाट उत्पन्न

भएको मानिने विष्णुमती नदीको प्राचीन नाम ।

क्वन्तितीर्थ (क्वंतिनह्राघो पुखू) : संस्कृतको कुम्भेश्वर नामको अपभ्रंश भई नेवारीमा क्वन्ति भनिएको प्रतीत हुन्छ । ललितपुरमा अवस्थित यस पोखरीमा गुँपुन्हि (श्रावण पूर्णिमा) का दिन मेला लाग्छ । यहाँ स्नान गर्नाले गोसाईकुण्डमै स्नान गरेसरह पुण्य प्राप्त हुन्छ भन्ने जनधारणा छ (श्रेष्ठ, ११०६, पृ. ३) । हेर्नुस्, कुम्भेश्वर ।

खसान : खस जातिद्वारा वसोवास गरिएको खसराज्य (लद्दाखदेखि पोखरासम्म फैलिएको प्रदेश) को दक्षिणी भेक । यसको उत्तरमा जड्‌यान (भोट) र पूर्वमा मगराँत भनिने क्षेत्रहरू थिए (श्रेष्ठ, २०४४, पृ. २०) ।

खास्टीबौद्ध : किम्वदन्तीअनुसार राति कपडामा शीत थापी बाह्र वर्ष लगाएर वनाइएको स्तुप हुनाले खसुतिवुद्ध (खास्टीबौद्ध) नाम रहेको हो भन्ने विश्वास गरिन्छ (श्रेष्ठ, २०४४, पृ. २१) । नेवारीमा खसुति भनेको शीतको थोपा हुन्छ । शीतको पानीले ईंट वनाइएपछि त्यसको जाँच गर्न वाराहीदेवीले धमाधम ईंट फुटाउन थालेको हुँदा मन्दिरको ढोकामा वाराही स्थापना गरिएको किम्वदन्ती पनि प्रचलित छ । तिव्वतीहरू भोटका लामाले नेपालका राजाको रूपमा जन्मेर हाल वोधनाथ भनिने यो मन्दिर बनाएको मान्दछन् (राइट, १८७७, पृ. १०१) ।

खिखापाको : ल्हासानजिकै रहेको एउटा पहाड जहाँ गुफाभित्रको कुण्डमा गुह्येश्वरीको स्थापना गरिएको छ । त्यसै गुफाभित्र अजिंगरको शरीरका टुक्राहरू मानिने शिलाहरू पनि रहेका छन् ।

खोपिंग : भक्तपुर (भादगाउँ) को प्राचीन नाउँ जसको आधारमा नै नेवारी भाषामा अध्यापि खोप भनिन्छ ।

गंगासागर : जनकपुर नजिकै रहेको जलाशय जुन गंगा आदि नदीहरूको पानीबाट बनेको हुनाले पवित्र मानिन्छ ।

गणेशचौथी : भाद्र शुक्ल चौथी (नेवारीमा चथा) को दिन । हेर्नु. चथा ।

गठेमंगल (नेवारीमा गथामुग:चह्रे) : श्रावण कृष्ण चतुर्दशीका दिन नेवारहरूद्वारा मनाइने एक प्राचीन पर्व । पशुपति ताम्रपत्र (नेपाल संवत् ५६१) मा र भक्तपुरको टौमढिटोलको शिलालेखमा पनि नेवारहरूले मनाउँदै आएका उत्सवपर्वहरूमध्ये च:न्हे (चतुर्दशी) को उल्लेख पाइन्छ । गोपालराज वंशावलीमा उल्लिखित 'गंठकर्ण यवदश' भन्ने वाक्यले कम्तीमा पनि राजा जयस्थिति मल्लको समयदेखि घण्टाकर्ण (गथांमुग: च:न्हे) को पर्व मनाइँदै आएको बोध हुन्छ । प्राय: समानार्थी घण्टाकर्ण (संस्कृतमा) र गथामुग: (नेवारीमा) दुवैको पूर्वरूप गंठकर्ण प्रतीत हुन्छ । गथामुग:चह्रेका दिन दोवाटो चौवाटोमा नरमुण्डको रूप अंकित भएको घण्टाकर्णको पुतला ठड्‌याउने वा चित्र टाँग्ने चलन छ । राजा जयस्थिति मल्लको पालादेखि गथांमुग:लाई एउटा घण्टाकर्ण असुर वा राक्षसको कथासंग जोडिएको हुनु सम्भव छ । गथांमुग: (घण्टाकर्ण) ले मानिसहरूलाई दु:ख दिएको हुँदा सामाजिक तिरस्कारको रूपमा त्यसको पुतला नदीमा विसर्जन गर्न तानेर लैंजाँदा 'आज्जु दे हा'

वा 'ओं शान्ति जय नेपाल' भन्दै नारा लगाइन्छ (श्रेष्ठ, २०६०, इन्टरनेट, २७ जुलाई २००३) । सुश्रुतसंहितामा भूतविद्याको प्रकरणमा उल्लिखित आठवटा ग्रहहरूमध्ये चतुर्दशीका दिन पिशाचग्रहको प्रकोपकाल मानिएको छ । सम्भवतः पिशाचग्रहको शान्तिका लागि कुनै वखत सामूहिक प्रयास गरिएको अवशेष हो यो पर्व । पिशाच ग्रहलाई शान्त गर्ने उद्देश्यले मनाइने यो चाड प्राचीन मल्लकालीन तान्त्रिक मनोवृत्तिको उपज हो भन्ने कतिपय अन्वेषकहरूको मत छ ।

गुरुपूर्णिमा (नेवारीमा गुन्हुपुन्ही) : श्रावण शुक्ल पूर्णिमाका दिन गुरुको पूजा गरी जनै फेर्दछन्, तसर्थ यस पर्वले जनैपुर्णे भन्ने पनि नाम पाएको छ । यसै दिन यमराजले धर्मात्माहरूलाई लोकेश्वर रूप देखाएर धर्मोपदेश गरेको, सिद्धार्थ गौतमले मारमाथि विजय प्राप्त गरी सम्यक् संवुद्ध प्राप्त गरेको, मणिचूड राजाले आफ्नो शिरको मणि दान गरेको मानिन्छ । यसै दिन मानिसलाई वुद्धि प्रदान गर्ने भ्यागुतोलाई सम्झना गरेर भात, रोटी, क्वाँटी र फलफूल चढाइन्छ (प्रधान, ११२२, पृ. २२ : २३) ।

गुरुङ : आफूलाई तमु (त भनेको घोडा र म्रु भनेको राजा) भनी चिनाउने गुरुङजातिको किम्वदन्तीअनुसार पिउठान भन्ने ठाउँका भरद्वाजगोत्री सूर्यवंशी राजपुत्र लौचनका सन्तान घले, घोदाने र लामा तथा गर्गगोत्रका गुरूपुत्र वाली आचार्यका सन्तान लामिछाने थरका गुरुङहरू समेत चार जातले आफूलाई तागाधारी क्षत्रीय र व्राह्मणका वंशज ठान्दै उच्च मान्दछन् भने दासीपुत्र केहरसिंह खवासका सोह्र भाइ छोराका सन्तानहरूवाट चाहिं सोह्रजाते (पन्यू, केप्चे, घयाब्रिङ, दोचे, प्रौचे, थिचै, खुलाल, तान्थै, लंगै, डोरे, क्रोचे, योचे, भयचे, कोके, कुप्चे र रोप्चे) थरहरू वने भनिन्छ । सम्भवतः गुरुङहरू पहिले वोन्पो धर्मका अनुयायी थिए र पछि लामाधर्मैलार्य पनि ग्रहण गर्न पुगे । उनीहरूका पुरोहित पनि दुई थरीका छन् : घ्याव्रिङ र लामा । लामाहरू पूजापाठ र काजक्रिया गर्दा लमाधर्मका ग्रन्थ पढ्छन् भने घ्याव्रिङको मुखै वेद मानिन्छ अर्थात् उनीहरू मौखिक रूपमै पूजापाठ र काजक्रिया सम्पन्न गर्दछन् (श्रेष्ठ, २०६०, पृ. १०८ : १०९) ।

गुर्जाखानी : उहिले छन्त्यालहरूको वसोवास भएको क्षेत्रलाई तल्लो २२ खानी (गुल्मी जिल्लाको लेक) र उपल्लो २२ खानी (प्राणाखानीदेखि उत्तरपूर्वका म्याग्दी र मुस्तांगका खानीहरू) गरी दुई भागमा वाँडिएको पाइन्छ ।

गुर्जागाउ : म्याग्दी जिल्लाको एक छन्त्याल गाउँ ।

गुह्येश्वरी : सतीदेवीको योनि पतन भएको स्थानमा उत्पन्न भएकी देवी हुनाले गुह्येश्वरी भनिएकी मानिने यस देवीलाई हिन्दूहरू उर्वराशक्तिकी देवीको रूपमा पूजा गर्दछन् भने वौद्धमार्गीहरू आदिशक्तिको रूपमा मान्दछन् । पशुपतिको नजिकै वाग्मतीको किनारामा गुह्येश्वरीको कुण्ड छ जहाँ परापूर्व कालमा नागह्रदको माझमा स्वयम्भूज्योति उत्पन्न भएको कमलको वोटको जरा थियो भन्ने वौद्धधर्मावलम्वीहरूको विश्वास छ ।

गोकर्ण : चन्द्रभागा र वाग्मतीको संगमस्थल जो मालावार (भारत)

तटमा अवस्थित मलयाचलमा रहेको गोकर्णकै पर्यायको रूपमा प्रसिद्ध छ । भाद्र कृष्ण चतुर्दशीका दिन यहाँ मृगरूपी शिवको सिङवाट गोकर्णश्वरको उत्पत्ति भएको मानिन्छ (श्रेष्ठ, १९९६, पृ. ४५ : ४६) । वावु नभएका मानिसहरू भाद्र औंसीका दिन गोकर्णेश्वरको मेलामा सरीक भई वागमतीमा स्नान गरेर पितृलाई विधिपूर्वक पिण्डदान गर्दछन् ।

गोकर्णेश्वर : स्वस्थानी ग्रन्थअनुसार एकसिंगे मृगरूपी शिवको सिङ भाँचिंदा व्रह्माको हातमा परेको खण्ड स्थापना गरिएको शिवलिंग । एक सिङ भएको मृगको अवधारणा अद्‌वैतवादी दार्शनिकहरूको कल्पनाको उपज हो । चौपाया मृगको चार पाद अर्थात् चरण क्रियापाद, विद्यापाद, चर्मापाद र योगपादको द्योतक हो भने एक सिङ चाहिं अद्‌वैतवादी भावनाको प्रतीक हो ।

गोपालवंश : प्रागऐतिहासिक कालमा नेपालमा शासन गर्ने गाईपालक (ग्वाला) जातिको राजवंश । किम्वदन्तीअनुसार कृष्णको साथमा आएका मानिने गोपाल वा गोपाली (नेवारीमा ग्वा) थरका मानिसहरू थानकोट भेकतिर वस्तछन् ।

गोसाईंकुण्ड : काठमाडौंवाट ठीक उत्तरमा तेह्रचौद्ध हजार फिट अग्लो हिमालयको अधित्यकामा अवस्थित निर्मल कुण्ड । हिमालयवाट वगेर आएका तीन नदीहरूको पानी यस कुण्डमा जम्दछ जहाँवाट त्रिशुलीनदी वगेको छ । यस कुण्डको बीचमा शिरोभागमा झ्याउ लागेको भीमकाय पत्थर हुँदा घाम लागेको वेला टाढावाट हेर्दा जटाधारी शिव पल्टिरहेको जस्तो आभास हुन्छ । यहाँ श्रावण पूर्णिमाका दिन मेला लाग्दछ । हेर्नु, शिवस्तुति ।

घण्टाकर्ण (नेवारीमा गथामुग:) : वंशावलीको आधारमा गथांमुग:को अप्रभंशवाट घण्टाकर्ण प्रचलित भएको प्रतीत हुन्छ । नेवारीमा गँ शव्दले घण्टालाई वुझाउँछ । सम्भवत: आवाजको चित्रण गर्ने या मूर्ति वनाउने क्रममा घण्टाकर्ण भन्ने पिशाच वा व्यक्तिको रूप तयार पारिएको होला । घण्टाकर्णलाई कसैकसैले शिवभक्तको रूपमा पनि उल्लेख गरेको पाइन्छ । उसले महादेवको नामवाहेक अरु शव्द कानमा नपरोस् भनेर कानमा घण्ट (नेवारीमा गं) झुण्ड्याएको थियो र हिंड्दा पाइलापिच्छे घण्टको मात्र स्वर सुन्दथ्यो । घण्टाकर्णको सम्वन्ध काशीक्षेत्र (भारत) सित थियो कि भन्ने लाग्दछ, किनभने त्यहाँ घण्टाकर्ण पोखरीको किनारामा शिवलिंग धारण गर्ने घण्टाकर्णको मूर्ति स्थापित छ (श्रेष्ठ, २०६०, इन्टरनेट, २७ जुलाई २००३) । घण्टाकर्ण कुनै अनिश्वरवादी वा अघोरी सम्प्रदायको अनुयायीको पनि द्योतक हुनु सम्भव छ । कुनै भूतप्रेतको पीडा नहोस् भनेर यस दिन फलामको औंठी लगाउनुका साथै घण्टाकर्णलाई कपडा वा कपडाका राम्रा राम्रा पुतलीहरू वनाई चढाउने, अनेक वस्तुको धूप दिने, अनेक मांसरक्तादिको वलि दिने पनि चलन छ । गठेमंगलका दिन जुन कर असूल गरिन्छ सो त्यही घण्टाकर्णको अन्त्येष्टिको विधिविधानमा खर्च हुन्छ । घण्टाकर्णको प्रतिरूप धारण गर्ने व्यक्तिको हावभावमा जे मनमा लाग्यो त्यो कुरा वोल्ने, फोहोरी वन्ने, रोएर कराएर हिंडडुल गर्ने, धेरै खाने,

अक्सर हात माथि उठाएर हिंड्ने जस्ता मानसिक स्थिति बिग्रेको अवस्थाको झलक पाउन सकिन्छ ।

घुरु : बुमनाममा बस्ने धमला थरका ब्राह्मणहरूका गुरु (पुरोहित) भएकाले गुरुको अपभ्रंशवाट यो नाम रहेको हुनु सम्भव छ । अर्को स्रोतअनुसार दहचोकमा हैजाको महामारी फैलिएकोले घुरु ब्राह्मण अन्यत्र हिंडेको पनि चर्चा पाइन्छ ।

घोडेजात्रा : पासाचह्रेको भोलिपल्ट काठमाडौंको टुँडिखेलमा रहेको मानिने गुरुमापा राक्षसले टाउको उठाउन नपाओस् भनेर त्यहाँ घोडा दगुराउने उत्सव मनाइन्छ । जति छिटो घोडा दौडाइन्छ त्यत्ति नै छिटो रोगव्याधि र शत्रु नष्ट भएर जान्छ भन्ने जनधारणा छ (सायमी, १९७२, पृ. ३९) । प्रधानमन्त्री जंगवहादुर राणाको वेलायतयात्रापश्चात् घोडेजात्रालाई औपचारिक मान्यता दिई आधुनिक घोडदौडको रूपमा विकास गरिएको हो । त्यसमा राजारानी, युवराज, मन्त्रीहरू, सेनापतिहरू, उच्च पदाधिकारीहरूको पनि उपस्थिति रहन्छ । पाटनमा पनि घोडेजात्राका दिन वालकुमारी मैदानमा एक्लो घोडा दौडाउने चलन छ । यसका लागि घोडचढीले शाही घोडालाई पाटन दरवारबाट वालकुमारी मन्दिरतर्फ लिएर जान्छ । साथमा राजा सिद्धिनरसिंह मल्लको ऐतिहासिक खड्गलाई पनि झल्लरवाला छत्रले ओढाई म्वाली (शहनाई) मा रागको धुन बजाउँदै वालकुमारी मन्दिरमा पुऱ्याई पाटीमा विसाइन्छ । त्यसपछि वालकुमारीलाई सरकारका तर्फवाट हाँस र बोका वली चढाई पूजा गरिन्छ । यस दिन „मलजा नकेगु„ भनी काठमाडौंनिवासीहरू केटाकेटीहरूलाई भात, फलफूल र मिठाईं ख्वाउँछन् ।

चकांद्यो (संस्कृतमा चक्रमणशील देवता) : ठवहिलस्थित चक्रशील महाविहारको चक्रमणशील देवतालाई नै नेवारीमा चकँद्यो भनिएको हो । व्यापारीहरूसहित सिंहसार्थवाह ल्हासाबाट सकुशल स्वदेश फर्केको उपलक्ष्यमा गरिएको सिन्दुरजात्राको सम्झनामा हरेक वर्ष होली पूर्णिमापछिको प्रतिवदाका दिन चकँद्योजात्रा सम्पन्न गरिन्छ ।

चण्डिका : हेर्नू, चण्डेश्वरी ।

चण्डेश्वर : चण्ड दैत्यले रक्तचन्दन वनमा स्थापना गरेको मानिने शिवलिंग । हाल वनेपास्थित चण्डेश्वरीको मन्दिरसमक्ष चण्डेश्वरको स्थान रहेको छ ।

चण्डेश्वरी : रक्तचन्दन वनमा चण्डासुर दैत्यको नाश गर्न प्रकट भएकी देवी हुनाले चण्डिका वा चण्डेश्वरी नाम रहन गएको हो ।

चण्डेश्वरीवन (संस्कृतमा रक्तचन्दनवन) : वनेपानजिकैको स्कन्दपर्वतमा रहेको वन । यसै वनको फेदीमा चण्डेश्वरी देवीको मन्दिर रहेको छ । हरेक वर्ष वनेपावासीहरू वैशाख पूर्णिमाका दिन चण्डेश्वरीको खटजात्रा गर्दछन् ।

चथा (गणेशचौथी) : संस्कृतको चौथीवाट अपभ्रंश भई नेवारीमा चथा भनिएको हो । भाद्र शुक्ल चौथीका दिन राति चन्द्रमालाई हेऱ्यो भने आफूले नचोरे

तापनि चोर दोष लाग्ने र आफूले केही नगरे तापनि मिथ्या अपवाद आइलाग्ने कथन छ। अपर्भट चोरीको दोष र मिथ्या अपवाद नलागोस् भनी त्यस दिन सुपारी वा फलका गेडाहरू पैंसासहित पोको पारी तुनामा भुण्ड्याइराख्ने चलन छ। काठमाडौं उपत्यकावासीहरू साँझ पर्नासाथ घरहरूमा प्वालहरूवाट समेत चन्द्रमाको उज्यालो छिर्न नपाओस् भन्ने उद्देश्यले भ्यालढोका टन्न वन्द गरी लुकिरहन्छन्। चोरीको प्रवृत्तिमा लागेकाहरू त्यस दिन परीक्षाको रूपमा चोरी गर्ने काम सुरु गर्दछन्। राति गणेश र चन्द्रमा दुवैलाई कमल तथा नीलकमलका फूलले पूजा गरी कमलको पातमा केराउ, सुन्तला, अनार आदि फलफूल तथा पंचपकवान र नैवेद्यका साथै मकै, भटमास, मस्याङ, मास, मुगी, वदाम, चना र आरुको वियाँ आदि ८ किसिमका गेडाहरू भुटेर चढाइन्छ। उपत्यकाका चाडपर्वहरूमध्ये यो सबभन्दा पहिले शुरु हुने पर्व हो र कुनै कारणविशेषले यो पर्व मान्न नपाइएमा दशैं पनि मान्न नपाउने कथन छ।

चथाद्यो : नेवारी भाषामा गनेद्यो (गणेश) को अर्को नाम।

चन्द : पश्चिमी नेपालको वैतडी, डोटी र महाकालीपारि भारतको पिथौरागढ (सोर) तथा अल्मोडातिर चन्द ठकुरीहरूको वसोवास रहेको छ। जंगवहादुर राणाको अत्याचारको विरोध गर्ने वैतडीका रजवाडा हरि चन्द र जय चन्द, तिनकै वंशज सेरवहादुर चन्दका माहिला छोरा अमर शहीद दशरथ चन्द (जन्मस्थान: वैतडीको वस्कोट गाउँ), अनि नेपालमा मन्त्री (ललिल चन्द) र प्रधानमन्त्री (लोकेन्द्रवहादुर चन्द) को पदसम्म सम्हाल्ने व्यक्तित्वहरू यसै चन्दवंशका सन्तति हुन्।

चन्दननाथ : उच्चस्थलीय सरोवरको पानी सुकाएर उर्वरा सिंजा उपत्यकामा कालीमार्सी धानको खेती गर्न सिकाउने सिद्ध। टुचीको कथनानुसार चन्दननाथ वलिराजा (ई.सं. १४०४ : १४४५) का समकालीन थिए। जुम्लामा रहेको दत्तात्रयको मन्दिरको आधारमा चन्दननाथलाई दत्तात्रयको अवतार पनि मान्दछन्। जुम्लानिवासीहरू आश्विन कृष्ण त्रयोदशीका दिन मन्दिरअगाडि लामासिम भन्ने वनवाट ल्याइएको ५० : ५२ हात अग्लो तीनवटा लिंगो गाडेर पवित्र धुनी जगाई चन्दननाथ र भैरवनाथको उत्सव मनाउँछन्। चन्दननाथको मन्दिरका पुजारी गिरी छन् भने भैरवनाथका पुजारी चाहिं नाथ सम्प्रदायका प्रतिनिधि छन्।

चागु (संस्कृतमा चारूपर्वत या दोलागिरि) : नेवारी भाषामा यसको अर्थ चम्पक (चाँप) को वन वा हल्लिने पर्वत (चाँ - चापको वा पिड र गुं - वन वा पर्वत) भन्ने हुन्छ। संस्कृतको दोलागिरीकै अनुवादवाट नेवारीमा यो नाम रहेको हुनु पनि सम्भव छ। यहींवाट मनोहरानदी वगेको छ (श्रेष्ठ, २०४४, पृ. ३५)।

चागुनारायण : चाँपको वन भएको पर्वतमा रहेको विष्णु हुनाले चाँगुनारायण (चाँगुनारां) भनिएको हो। समुद्रको सतहवाट ५५०० फिट अग्लो यस ठाउँमा विष्णुगुप्तले वनाएको र हरिदत्त वर्माले जीर्णोद्धार गरेको (ई.सं. ३२२) मन्दिर अवस्थित छ। राजा हरिदत्त वर्माले उपत्यकामा चार नारायण (चांगु, इचंगु, विसंखु

तथा शेषनारायण) को स्थापना गरेका थिए भनिन्छ ।

चावहील (चावहिल) : करीव २३ सय वर्षअघि निर्माण भएको मानिने चार्वाहिलस्थित धन्दो चैत्य जहाँ हालै जीर्णोद्धारको क्रममा व्राह्मी लिपिमा 'चारुवती' अक्षर कुँदिएका इँटा फेला परेको छ। त्यसको माथिल्लो भागमा दायाँवायाँ स्वस्तिक र वीचमा चक्र चिह्न अंकित छ । उक्त ३५ दशमलव ५ सेन्टिमिटर लम्वाई २३ सेन्टिमिटर चौडाई, ७ सेन्टिमिटर मोटाई र ८ दशमलव ६ सय केजी तौलको इँटाको मुन्तिर नेवारी भुजिमोल लिपिमा 'चा रु व ती ध न्दे' र अन्तिम लाइनमा पनि सोही लिपिमा 'हे तु प्र भा' लेखिएको छ । पुरातत्व विभागद्वारा जारी विज्ञप्तिअनुसार ती इँटावाहेक चैत्यवाट ९९ थान स-साना ढलौटका विभिन्न देवीदेवताका मूर्तिहरू ३ सय ८५ थान, साना ढलौटका चैत्यहरू, १ हजार थान विभिन्न मुलुकका पुराना मुद्राहरू फेला परेका छन् । (कान्तिपुरं, २४ माघ २०५९ : ७ फरवरी २००३) । यसै विहारको चारुमतीविहार भन्ने नामवाट हाल चावहिल (नेपालीमा चाभेल) नाम रहेको हो (श्रेष्ठ, २०४४, पृ. ३४) ।

चारुमती : अशोककी पुत्री । वंशावलीअनुसार उनको विवाह देवपाल भन्ने नेपालकै एक क्षत्रीयसंग भएको थियो र पछि उनी प्रवज्या ग्रहण गरी भिक्षुणी वनेर आफैले निर्माण गराएको वौद्धविहारमा वसेकी थिइन् (श्रेष्ठ, २०४४, पृ. ३५) ।

चेपाङ : कुकुर (चे) र वाण (पाङ) लाई आफ्नो जातीय चिन्ह मान्ने हुँदा चेपाङ भनिएको प्रतीत हुन्छ । आफूलाई उनीहरू सियोवाङ भन्दछन् तर हाल प्रजा (परजा) भनेर चिनिन वढी रुचाउँछन् (श्रेष्ठ, २०६०, पृ. १०३) । समुद्रको सतहवाट ४ हजार मीटरसम्मको अग्लाइमा महाभारत पर्वतको काखमा (धादिड जिल्लाको दक्षिणी भाग, मकवानपुर जिल्लाको पश्चिमी भाग, चितवन जिल्लाको उत्तरी भाग र गोर्खा जिल्लाको पूर्वी भाग) हाल २४ हजार जति चेपाङहरू रहेका छन् । चेपाङहरू सुनाथली (दोलखा जिल्ला) वाट यता आएका हुन् भनिन्छ । पहाडका कछारमा घुमन्ते जीवन विताई पशुपक्षीको शिकार गरी जीविका चलाउनेहरू कछारे वा सुनप्रजा भनिन्छन् भने कीपटमा खेतीपाती गरी रैथाने जीवन विताउनेहरू पुकुन्थली वा प्रजा भनिन्छन् । कुनै समयमा चेपाङ कीपटमा पोनोइ, गिल्ल, रिनी र राजी नामले प्रख्यात चारजना चेपाङ राजाहरू थिए । भनिन्छ, पाटनका मल्ल राजावाट पराजित हुनुभन्दा अघि यी चारै राजाहरूमा सर्वश्रेष्ठ राजी राजाको राजधानी पुकुन्थली भन्ने ठाउँमा थियो (श्रेष्ठ, २०६०, पृ. १०४) ।

छकूवकू : नेवारी भाषाको यस शव्दको शाव्दिक अर्थ हुन्छ : एकआध ।

छन्त्याल (छन्त्याल) : धौलागिरी हिमालको काछकाछमा म्याग्दी जिल्लाको लंकाली भाग (कुइने, मलंपार, मल्कवाङ, चौर, घ्यासखर्क, गुर्जा, मान्छेम, ठाडाखानी, छाप), मुस्तांग जिल्ला (मंगलेखानी, ताउलुंग, घास), वाग्लुंग जिल्ला (वांगा, गयाखेत, घोसा, वाहुनगाउँ, लामेला, कार्पाकिटनी, खुंखानी, गर्जा, निर्सीमुजी, तमान) र केही हदसम्म जिमखोलाको आसपास छन्त्यालहरूको वसोवास छ । लगभग तीस हजार जनसंख्या भएको छन्त्याल जाति मुख्यतः खानी खन्दै हिंड्ने

पेशामा संलग्न थियो ।

छुम्हगणेश : नेवारीमा छुँ भनेको मूसा र म्ह भनेको शरीर हुन्छ । यसैले मूसाको शरीर भएको गणेश भन्ने अर्थमा भक्तपुर (चोछेंटोल) मा रहेको गणेशले छुँम्हगणेश भन्ने नाउँ पाएको हो ।

जनकपुर : मिथिलाको प्राचीन राजधानी, राजा जनकको राजदर्वार र सीताको जन्मस्थल रहेको ठाउँ हाल जनकपुरधाम भनिन्छ । यहाँ नौ लाख रूपैंया खर्च गरेर बनाइएको हुनाले नौलखा मन्दिर भनिने मुगलशैलीको भव्य जानकी मन्दिर छ । यहाँ राम नवमी र विवाह पंचमीका दिन ठूलो मेला लाग्दछ भने फाल्गुण पूर्णिमाका दिन पन्द्र दिन लामो मिथिला परिक्रमाको समापनको उपलक्ष्यमा मिथिलाविहारीको रथजात्रा सम्पन्न गरिन्छ ।

जम्बूद्वीप : क्षारोद समुद्रद्वारा परिवेष्ठित, एक लाख योजनसम्म विस्तारित, मध्य भागमा मेरु पर्वत रहेको मानिने पौराणिक महाद्वीप । जम्बू (जामुना) वृक्षहरू उम्रेको हुनाले जम्बूद्वीप नाम रहन गएको मानिन्छ र यसलाई वर्तमान एशियाको रूपमा विचार गरिन्छ (श्रेष्ठ, १९९६, पृ. ७०) ।

जयतीर्थ : दानासुरकी पत्नीले स्नान गरी तपस्या गरेर विजय हासिल गरेको ठाउँ हुनाले प्रभावती र वाग्मतीको संगमस्थल जयतीर्थ नामले प्रसिद्ध भयो (राइट, १८७७, पृ. ९४) ।

जयभीम : हरिसिंहदेव आउँदा „नेपालमा जयभीम भन्याका वैश्य कुलका राजा थिया„ (भाषा वंशावली २, २०२३, पृ. ३४) भन्ने वंशावलीमा लेखिए तापनि त्यतिखेर नेपाल उपत्यकामा अरिमल्ल र रुद्रमल्लको संयुक्त शासन चलिरहेको बोध हुन्छ (भाषा वंशावली २, २०२३, पृ. ३०) ।

जातमात्रोच्च (नेवारीमा जामाचो) : संस्कृत जातमात्रोच्चवाट अपभ्रंश भई नेवारीमा जामाचो भनिएको काठमाडौं उपत्यकाको उत्तरपश्चिमस्थित पर्वत जुन हाल नागार्जुन नामले प्रसिद्ध छ। चैत्र पूर्णिमाका दिन यहाँ मेला लाग्दछ ।

जालन्धरी : एघारौं शताव्दीमा जालंधरवाट काँगडा, वैतडी र दार्चुला हुँदै जुम्लामा पुगी एकजना ब्राह्मणको घरमा वास वसेका र उनै ब्राह्मणकी पुत्री कालिकासंग प्रेमविवाह गरी कालान्तरमा जुम्लेश्वर र सिंजापतिको रूपमा प्रसिद्ध भएका सिंजा (जुम्ला) का एक प्राचीन राजा (पाण्डेय, २०३५, पृ. १४९) । सम्भवत: उनैले तिव्वतका आम्पाल तथा मात्साल्य नामका शासकहरूलाई क्रमश: जितेका थिए । सिंजाखोलाको उपत्यकामा वस्ने ठकुरीहरू जालन्धरीलाई आफ्नो पुर्खा मान्दछन् । आफ्नो कोही उत्तराधिकारी नहुँदा राज्य आफ्नो विश्वासपात्र नोकर भैरे मल्ललाई सुम्पेर उनी वद्रीधामको तीर्थाटन गर्न गएका थिए भनिन्छ । राजा नरभूपाल शाहवाट सम्पादित कल्याल वंशावलीमा चाहिं जालन्धरीलाई वलिराजाको समकालीन वताइएको छ र वलिराजाले जालन्धरउपर विजय प्राप्त गरेको वर्णन पाइन्छ, । परन्तु पृथ्वी मल्लद्वारा स्थापना गरिएको दुल्लुको शिलास्तम्भका भने जालन्धरीको नामोल्लेख छैन (श्रेष्ठ, १९९६, पृ. ७०) ।

जलपानाई : सम्भवत: जालपादेवी ।

जालपादेवी (जाल्पादेवी) : वूढाछेत्री वंशकी कुलदेवता, कतै कतै त्रिपुरासुन्दरी पनि भनिएको पाइन्छ । बभांगको लोकोक्तिअनुसार मष्टाले असुरहरसंग संग्राम गरेको वेला जालपादेवीको उदय भएको थियो । यी देवीको स्वेदविन्दुवाट उत्पन्न भएको देवताले पनि असुरसंग लड्न लाग्दा असुरहरूले लंगडो तुल्याइदिएको हुँदा त्यस देवताको नाम नै लकुडो भयो । अद्यापि वभांगमा देवी-देवताहरूको यात्रामा लकुडो वांगो खुट्टा गरेर हिंड्ने चलन छ । वभांगमा सूर्यभट्ट भन्ने व्राह्मणले जालपादेवीको ६५ हात अग्लो मन्दिर वनाएर जीवनपर्यन्त पुजारीको रूपमा देवीको सेवा गरेका थिए । डोटीका सुमेरु विष्टका सन्तान अद्यापि चैत्रकृष्णअष्टमीका दिन जालपादेवी र लकुडोको मन्दिरमा आएर पूजा चढाउँछन् (पाण्डेय, २०३५, पृ. १४९ : १५०) । चैत्र शुक्ल अष्टमीका दिन वभाडको रीठापाटा भन्ने गाउँमा काँकर (पैंसठ्ठी हात अग्लो लिंगो) ठड्याएर जालपादेवीको पूजा गर्ने मेला लाग्छ । सम्भवत: काँकर (लिंगो) अतीतको अग्लो मन्दिरको प्रतीक हो । पूर्वी नेपालका किरात (राई) हरू पनि जालपादेवीको उपासना गर्दछन् (पाण्डेय, २०३५, पृ. १३४ र १५७) । तराईवासी अहिरवंशी यादवहरू पनि कुलदेवीको रूपमा जालपादेवीलाई मान्दछन् ।

जिरेल (जिर्पा) : दोलखा जिल्लाको जिरी र सिक्रीको खोंचमा भोटे र शेर्पा भाषासंग मिल्दोजुल्दो भाषा बोल्ने जिरेलहरूको घना वस्ती रहेको छ । किरात वंशावलीअनुसार जिरेलहरू किम्वदन्तीमा उल्लेख गरिएझैं सुनवार र सेर्पाको वर्णसंकर नभई किरात जातिकै आदिपुर्खा सुन्दरवीरका ५ भाइ छोराहरूमध्ये माहिला सुरसिंहका सन्तति हुन् (जिरेल, १९९२, पृ. १४ : १६) । सम्भवत: किरात जातिकै एक शाखा (वंशावलीअनुसार चाहिं सुरसिंहका सन्तान) मध्ये सुरी क्षेत्रमा वसोवास गर्नेहरू सुरेल भनिएझैं जिरी उपत्यकामा वसोवास गर्नेहरू जिरेल भनी प्रसिद्ध भए । यिनीहरू शेर्पा समाजवाट अलग रहन खोज्दछन् र सुनुवारको बस्ती नभएको क्षेत्रमा आफूलाई सुनुवार वताउँछन् । जे होस्, जिरेलहरूमा १२ मुख्य थर र ११ उपथरहरू रहनुका साथै एउटै थरका नरनारीवीच वैवाहिक सम्वन्ध कायम हुन नसक्ने चलन हुनु र आफ्ना कुलपूजामा अद्यापि फोंवोलाई नै पुरोहितको रूपमा ग्रहण गरिनुवाट पनि यो जाति किरात जातिकै एक शाखा हो भन्ने स्पष्ट हुन्छ ।

झरोखर : रक्सौलदेखि पूर्वपट्टि घोडासन रेल्वे स्टेसनको उत्तरतिर भारतको एउटा देहाती वजारनजिकै दसगजापारि नेपालको सीमाभित्र रहेको एउटा विशाल पोखरी । चार पाँच विगाहासम्म फैलिएको यस पोखरीको वरिपरि डिलमा घना जंगल रहेको थियो । त्यसै पोखरीनजिकैको गाउँमा भागवत यादवको मद्दतले सात सालको क्रान्तिको पूर्व वेलामा केदारमान व्यथितको निर्देशनमा रामकृष्ण दुवे, रामवावू शर्मा (कमलपोखरी, काठमाडौं), भरत शर्मा (सिराहा), नारायणविलास (भक्तपुर) आदि कार्यकर्ताहरू प्रचार कार्य गर्दथे । त्यहाँ जिल्लाका वडाहाकिमका अडिटर मनमोहन मिश्रको नेतृत्वमा त्यही पोखरीको डिलमा एउटा ठूलो रुखमा

मचान वनाएर वसेका पुलिसहरूले रामवावू शर्मालाई पक्रेको खवर पाई उनलाई छुटाउन गएका केदारमान व्यथितले पेस्तोलवाट गोली चलाएर हवल्दारलाई घाइते तुल्याई भागेका थिए । यो नै २००७ सालको जनक्रान्तिको पूर्वप्रारम्भ थियो (उपाध्याय, २०५४, पृ. २२३ : २२५) ।

टुडिखेल : केशचन्द्रले गुरुमापा राक्षसको वासस्थानका लागि टुँडी अर्थात् कुहिएको चामलमा परेको कीरावाट प्राप्त सुन दिएर किनेको ३६० रोपनी जग्गा सम्याएर वनाइएको चहुर (नेवारीमा खेल) हुनाले काठमाडौंको विशाल मैदानको नाम टुडिखेल रहन गयो (राइट, १८७७, पृ.. १६९) । हरेक वर्ष फाल्गुण कृष्ण चतुर्दशीका राति गुरुमापा राक्षसलाई यहाँ एक आरा (मुरी) चामलको भात र एक राँगोको मासु ख्वाउने चलन छ (राइट, १८७७, पृ.. १७०) । गुरुमापा राक्षसले घोडाको टापले थिचेर टाउको उठाउन नपाओस् भनी हरेक वर्ष यस मैदानमा चैत्र औंसीका दिन घोडा दगुराएर जात्रा पनि गरिन्छ (श्रेष्ठ, १९९३, पृ. २७) ।

टौदह : नेवारीमा तव भनेको ठूलो, ताहा भनेको लामो वा सर्प र दह भनेको पोखरी हुन्छ । कर्कोटकदहको अपभ्रंशवाट पनि यो नाम रहेको हुनु सम्भव छ (श्रेष्ठ, २०४४, पृ. ५०) । चोभारको उत्तरपश्चिममा रहेको टौदहमा मेषसंक्रान्तिका दिन स्नान गर्ने मेला लाग्दछ । (राइट, १८७७, पृ. ७९ : ८०) ।

डल्लेसराया : डल्ले (प्यूठान) भन्ने ठाउँमा लाग्ने सरायँ (नाच, जात्रा वा मेला) हुनाले यो नाम रहेको हो । दुई प्रतिद्वन्दी वर्गमा विभाजित समूहले आपसमा तरवार जुधाएर नाचिने सरायँ (सराँ) ले प्राचीन कालमा गरिने रणकलाको अभ्यासको सम्झना गराउँछ । हरेक वर्ष भाइटीकाको भोलिपल्ट तृतीया तिथिमा लाग्ने डल्लेसरायँमा सात मौजा (पुन्यखोला, सापडाँडा, दाँखाक्वाडी, खैरा, थापडाँडा, कार्कीडाँडा र सारप्वांग) का सरायँहरूले भिडन्तमा भाग लिन्छन् । यस भिडन्तमा पुण्यखोलाको सरायँले आफ्नो प्रतिद्वन्दी सरायँलाई लखेट्दै पहिले जानुपर्छ । मध्यान्हतिर हरेक घरवाट ल्याइएका पुराना तरवारहरू नचाएर पंचैवाजाको तालमा वाख्खै गाउँदै सरायँ डल्लेमा पुग्छ । नेपाल एकीकरणको समयमा शाह राजाको फौजले प्यूठान भेगका चन्दवंशका भुरे टाकुरे राजाहरूलाई लखेट्दै डल्लेमा पुर्‍याएर मारेको स्मृतिमा यस ठाउँमा मेला लाग्ने चलन चलेको जनधारणा छ । यो जात्रा हेर्न विशेष गरी खलंगा, मरान्ठाँटा, कुटिचौर, मच्छीगाउँ, लुङ., वाग्दुल, भिंग्री, खरिङखोला, विजवार, क्वाडी, चर्नेटा आदि ठाउँहरूवाट मानिसहरू आउँछन् । डल्लेसरायँको भोलिपल्ट (चौथी तिथिमा) क्वाडीमा र पर्सिपल्ट (पंचमी तिथिमा) विजयनगर शिवालयमा सरायँ चल्दछ । दशैंपछिको कोजाग्रत पूर्णिमाको दिन पुन्यखोला (वि.सं. १९९० देखि संचालित) र विजयनगरको जुम्री वगैंचा (वि.सं. २०३१ देखि गीरवहादुर खड्का क्षेत्रीद्वारा संचालित) मा पनि सरायँ लाग्छ । यसलाई वखडीको राम वा मेला भनिन्छ (कक्षपति, २०४३, पृ. २८ : ३१) ।

तलेजु (तुलजाभवानी) : प्राकृत भाषामा तुरजावाट संस्कृतमा तुलजा हुँदै तलेजु नाम रहन गएको हो । त्वरित् शव्दवाट त्वरिता हुँदै तुरजा शव्द

अस्तित्वमा आएको हुन सक्ने पनि अनुमान गरिएको छ (श्रीतुलजाभवानी, ?, पृ. ९ र ११)। मल्लवंशकी कुलदेवीको रूपमा मानिने यस देवीलाई तिर्हुत (नेवारीमा डोय) वाट ल्याइएकी देवी हुनाले द्विमाजु वा दुमाजु (डोयमाई) पनि भनिएको पाइन्छ। भक्तपुर, पाटन र काठमाडौंका मल्लकालीन दरवारहरूमा तलेजुका मन्दिरहरू रहेका छन्। काठमाडौंस्थित हनुमानढोका परिसरभित्र बाह्र तह भएको डवलीमाथि बनेको अग्लो तीनछाने भव्य तलेजुमन्दिर (उचाई ८१ हात) छ। आठ तहजति पेटी नाघेपछि मन्दिरमुनि चारैतिर खुला कौसी रहेको छ। त्यसको चार कुनामा ससाना चारवटा मन्दिर खडा छन्। यी मन्दिरभित्र इन्द्र, वरुण आदि देवताका मूर्ति स्थापना गरिएका छन्। त्यसको तल रहेको फराकिलो पेटीमा लहरै दुईछाने ससाना बाह्रवटा कचादेवल बनेका छन्। यो मन्दिर यन्त्रको आकारमा बनाइएका मानिन्छ। बीचको मूल मन्दिर र त्यसको वरिपरि रहेका कचादेवल (शाखामन्दिर) हरूको विन्यास यन्त्रकै रूपमा गरिएको अनुमान हुन्छ। मूलचोकको दक्षिणी भागमा विहारजस्तो गरी बनाइएको आगमछेंमा दशैंमा (अष्टमीदेखि दशमीसम्म) तलेजुको प्रतिमा राखिन्छ। हैदरावाद (दक्षिण भारत) स्थित तुलजापुरमा पनि तुलजादेवीको मन्दिर रहेको छ (वज्राचार्य, पृ. ११७)। महाराष्ट्रका चार (स्थानीय मान्यतानुसार साढे तीन) शक्तिपीठहरू (तुलजापुर, अंबेजोगाई, माहूर या मातापुर तथा कोल्हापुर) मध्ये तुलजापुरलाई आद्यपीठको महत्व दिइनुका साथै यी पीठहरूकी अधिष्ठाता देवीहरू (क्रमशः तुलजाभवानी, योगेश्वरी, रेणुकामाई र अंबामाई) लाई जगदम्बा भनिएको पाइन्छ (श्रीतुलजाभवानी, ?, पृ. ५ : ६)। रामले तुलजा सहस्रनामको स्तवन गरेपछि रावणको वधका लागि शक्ति प्रदान गरी रामलाई वरदान दिने देवीको रूपमा तुलजाभवानीलाई रामवरदायिनी भनिएको हो भन्ने किम्वदन्ती तलेजुको सन्दर्भमा मननीय छ (श्रीतुलजाभवानी, ?, पृ. ११ : १५)। राष्ट्र र राजाको इष्टदेवताको रूपमा तलेजुलाई नागरीय वा राजनैतिक देवीको मान्यता प्राप्त छ (लेद्कोभ, १९९९, पृ. ३९२)।

ताराकोट : डोल्पा जिल्लामा शहरतारा, टुप्पातारा र गुम्बातारा समेत मिलाई बूढा, रोकाया, घर्ती र झाँक्री थर हुने मगर जातिको १५७ घरकुरिया रहेको स्थान ताराकोट नामले प्रसिद्ध छ। यहाँका काइके भाषा बोल्ने मगरहरू तराली मगर भनिन्छन्।

तिर्हुत : संस्कृतको तिरभुक्ति शव्दवाट यो स्थाननाम अस्तित्वमा आएको हो। हेर्नु. मिथिला।

तीज (हरितालिका) : आलिकाले पार्वतीलाई हरेर लुकाएको हुनाले यो पर्व हरितालिका भनिएको हो भनिन्छ।

तीलमाधव : तीलको रासवाट उत्पन्न भएका विष्णु हुनाले तीलमाधव नाम रहेको हो। भक्तपुरमा तौमढी टोलस्थित तीलमाधवको मन्दिरमा माघ कृष्ण द्वादशीका दिन उत्सव मनाइन्छ।

तौमढी : संस्कृतको तिलमाधव शव्दको अपभ्रंशवाट नेवारीमा भक्तपुरको

एउटा टोलको यो नाम अस्तित्वमा आएको हो (श्रेष्ठ, २०४४, पृ. ५९)।

त्रिशूलजात्रा : हरेक वर्ष देउपाटनमा आषाढ कृष्ण अष्टमीका दिन मनाइने यस जात्रामा जामाचोको लाखेका २७ जना केटाकेटीहरूलाई जुन जुन विधिसंग त्रिशूल र भालाले गोपेर मारिएको थियो त्यही रीतसंग खटमा राखेर जात्रा गर्नुका साथै लाग्नेको आज्ञा नमान्दा व्यर्थमा पुत्रको ज्यान वच्न सकेन भन्ने सम्झना दिलाउन वन्धुदत्त आचार्यको पुत्रको शवलाई पनि नगर परिक्रमा गराउने चलन छ। यस जात्राको समयमा पहिले पनि जामाचोको राक्षसलाई आश्रय दिने र पछि अमृत ल्याउन गएका वन्धुदत्त आचार्य नफर्कंदै उनको मृत छोराको दाहसंस्कार गर्ने सल्लाह दिने बन्धुदत्तकी पत्नीका माइती खलकको रूपमा कान्तिपुरवासीहरूलाई देउपाटनवासीहरूले गाली गर्ने चलन छ।

त्रिशुली : गोसाईकुण्डको शिरोभागमा हिमालयको कापवाट पानीको तीनवटा झरना निस्केका छन् जो शिवको त्रिशूलको प्रहारवाट मूल फुटी निस्कोको मानिन्छ। गोसाईकुण्डवाट त्रिशुलीगण्डकी बगेको छ।

त्रैलोक्य मल्ल (शासनकाल : ई.सं. १५७२ देखि १५८५ सम्म) : भादगाउँका राजा (प्रो. वेंडालले ठिमीमा भेट्टाएको एक अभिलेखमा त्रिभुवन मल्ल भन्ने उल्लिखित छ)। „नरपतिजय चर्चा टीका„ मा जगज्ज्योतिर्मल्लले „साहित्यन्यायहास्त्रगमवर-कवितारण्यसंचारसिंह„ भनी आफ्ना पिता त्रैलोक्य मल्लको पाण्डित्यको चर्चा गरेका छन्।

थकुजुजु : कुनै समयमा नेपालको शासन गर्ने ठकुरी वंशका सन्तति नेवार समुदायमा अद्यापि थकुजुजु (ठकुरी राजा) थरवाट चिनिन्छन्। महापात्रको रूपमा काठमाडौंमा शासन चलाउने यिनै (वंशावलीमा १२ जना भनिए तापनि प्राप्त तथ्यअनुसार ८ जना) थकुजुजुहरूलाई सखाप पारेर भक्तपुरवाट आएका रत्नमल्लले हिटीचोकमा राजदर्बार बनाई शासन गर्न थाले (वज्राचार्य, २०१०, पृ. ८१)। पहिलेका पराजीत ठकुरी वंशका शासकहरूलाई मल्लकालमा हेय दृष्टिले वैश्य ठकुरी भन्न थालियो। भाष्करमल्लका पालामा यसै वंशका झंगल थकुजुजु (थकुरजु) काजी पदमा मनोनित गरिएका थिए।

दमौली : सम्भवत: दमार (खोंच) शव्दको आधारमा यो नाम रहेको हो। यो महर्षि वसिष्ठका पौत्र पराशर ऋषिले तपस्या गरेको स्थान मानिन्छ जहाँ माझीपुत्रीवाट कृष्णद्वैपायन व्यास ऋषिको जन्म भएको थियो (श्रेष्ठ, २०४४, पृ. ६३, पौड्याल, २०३०, पृ. ८)।

दहाल : दहचोकमा वस्दा नै घुरु व्राह्मणका पुर्खाहरूको थर दहाल वनिसकेको थियो भन्ने धारणा पाइन्छ। दहालहरू दुई थरीका छन् : वुढा दहाल र रूपाखेती दहाल। पहिलो वर्गमा घुरु व्राह्मणका शाखासन्तान पर्दछन् भने दोस्रो वर्गमा चाहिं रूपाटारमा वसाइँ सरेका (सम्भवत: रूपाटारमा खेतीपाती गरेर वसेका हुनाले रूपाखेती भनिएका) दहालहरू पर्दछन्। वुढा दहालहरू वागेश्वरी नागेश्वरी भनिने आफ्नो कुलदेवता धमला भन्ने ठाउँमा छ भन्दछन्।

दानासुर : कतै कतै वाणासुर पनि भनिएको छ ।

दुग्धवती : जनकपुरको राममन्दिरवाट करीव एक कोस पश्चिमतिर बग्ने नदी ।

देवलगाउ : जालपादेवीको मन्दिर रहेको स्थान । देवीको मन्दिरअगाडि ईश्वरनाथ सिद्धको यौटा सानो मठ अद्यापि छ ।

देवीघाट : त्रिशुलीको चिसो पानी र तादीको मनतातो पानीको संगमस्थल । यहाँ जपलामाईको मन्दिर रहेको छ (प्रधान, ११२२, पृ. ७३ : ७४) । यसै देवीमन्दिरको आधारमा दोभानको नाम देवीघाट रहेको प्रतीत हुन्छ ।

दोलखा (संस्कृत नाम अभयपुर) : तामाकोशीको दोभान दोलाघाटनजिकै रहेको हुदा दोलखा भनिएको प्रतीत हुन्छ । गौरीशंकर हिमालको एक गुफामा आश्रम वनाएर वसेको जोगी एकपल्ट सवैतिर घुमेर आउँछु भनी विश्वभ्रमणमा जाँदा दुईलाख पल्ट घुमीफिरी वारम्वार त्यसै ठाउँमा आइपुगेकोले दोलखा नाम रहेको हो भन्ने किम्वदन्ती छ (श्रेष्ठ, २०४४, पृ. ७०) ।

धनुषा : सीताको स्वयम्वरको सन्दर्भमा रामचन्द्रद्वारा उचालिएको र ताँदो चढाउन लाग्दा भाँचिएको मानिने पौराणिक शिवधनुषका टुक्राहरू कालान्तरमा पत्थरमा परिणत भएर रहेको स्थान । नेपालका ७५ जिल्लाहरूमध्ये एउटाको नामकरण यसै स्थानको आधारमा गरिएको छ ।

धर्मांगतदेव: विशालनगरीका राजा जो वज्रजोगिनीका परम् भक्त थिए ।

धान्यकुण्ड (नेवारीमा सहवुंगा) : भक्तपुरदेखि उत्तरपश्चिमतिर अन्दाजी डेढ कोसजति टाढा जितपुर क्षेत्रअन्तर्गत खेतको बीचमा जमीनवाट पानी उब्जिरहेका चारपाँच वटा ससाना कुण्ड (वुंगा) । त्यस ठाउँमा वीचको अलि ठूलो कुण्डवाट मौसमअनुसार अनेकौं प्रकारका अन्नका गेडाहरू निस्किरहन्छन् भन्ने जनधारणा छ ।

धान्यगिरि : राजा जयभद्र मल्लका पालामा नवदुर्गा प्रशन्न भई भक्तपुरको आग्नेय दिशामा खेतमा धान झाँट्दा मानिसले ओसार्नै नसक्ने गरी जम्मा हुन गएको अन्नको ठूलो रास अद्यापि थुम्कोको रूपमा छदैंछ भनिन्छ (भाषावंशावली, २०२३, पृ. ३६) । हेर्नू. वाडों ।

धान्यपूर्णिमा : चन्द्रमा मृगशिरा नक्षत्रमा पर्ने मार्ग महीनाको पूर्णिमा । नयाँ वाली भित्र्याइएको उपलक्ष्यमा नयाँ धानको पूजा गरी यस दिन मनाइने पर्वको महत्ववारे विष्णुपुराण तथा रत्नावदानमा समेत उल्लेख गरिएको छ (वज्राचार्य, २०२०, पृ. १२९ : १३०) ।

धिमाल : मेचे (कछाडी) भाषामा दि को अर्थ पानी र मालो को अर्थ वेपत्ता हुनु भन्ने हुन्छ । यसरी दिमालो को अपभ्रंशवाट वनेको धिमाल जातिनामको अर्थ पानी वा नदीनालाको छेउछाउमा वेपत्ता हुनु भन्ने हुन जान्छ । नेपालतर्फ झापा र मोरंग जिल्लामा र भारततर्फ दार्जीलिंगको तराई क्षेत्रमा धिमाल जातिको वसोवासो छ । पहाडमा वस्ने लिम्वुहरूसंग धिमालको रूपरंग मात्र नभई संस्कृति र

भाषा समेत निकै मिल्दोजुल्दो हुनाले यिनलाई 'मधेशका लिम्बु' पनि भन्दछन् ।

च्यानोच्चगिरि : चन्द्रागिरिको एक हाँगोको रूपमा काठमाडौंको दक्षिणतिर रहेको डाँडो जहाँ चम्पादेवीको स्थान रहेको छ ।

नमोबुद्ध : संस्कृतमा नमोबुद्ध नामकै अपभ्रंशबाट हाल नाम्बुडा वा नमुरा भनिने पवित्र तीर्थस्थल बनेपाबाट १३ किलोमीटर जति दक्षिणपूर्वमा अवस्थित डाँडाको काखमा रहेको छ । यस ठाउँमा एउटा चैत्य छ । त्यससंगै जोडेर बनाइएको पूर्वदिशाभिमुख मन्दिरको प्रवेशद्वारको दुईतर्फ शालिपुत्र तथा मोद्गल्यायनका प्रतिमा कुँदिएका छन् भने भित्र चाहिं शक्तिस्वरूपा दुई देवीको साथमा एउटा चार वाहुयुक्त देवता (सम्भवत: हरिहर) को मूर्ति राखिएको छ । यद्यपि उक्त देवताको हातमा चक्र र त्रिशूल नभई कमल र आर्सी (ज्वालान्हायकं) रहेको हुनाले सो महासत्वको मूर्ति हो र दुईतर्फ चाहिं देवीहरू नभई राजकुमार महाप्रसाद र महादेव हुन् भन्ने धारणा पनि छ -मानन्धर, २०६१, पृ. ३० : ३२) । यस स्थानबाट केही माथि विविध बौद्ध देवदेवी राखिएका घ्याङ (गुम्बा) हरू छन् । बुद्धका ठूल्ठूला तीन मूर्तिहरू राखिएको एउटा ठूलो बौद्धविहारमा एउटा प्रस्तरमूर्तिमा महासत्वले भोकाएकी बघिनी र उसका पाँचवटा डमरुहरूलाई आफ्नो मासु काटेर ख्वाइरहेको दृश्य अंकित छ । यहाँ हरेक वर्ष कार्तिक पूर्णिमाका दिन र १२ वर्षमा एकपल्ट भने १५ दिनसम्म मेला लाग्छ । मृत व्यक्तिको अस्तु यहाँ सेलाएमा मुक्ति पाइन्छ भन्ने बौद्धमार्गीहरूको विश्वास छ (मानन्धर, पृ. ४६ : ५६) । हरेक वर्ष भाद्र कृष्ण द्वादशीको साँझपख शंखुबाट नम:बुद्धको मूर्ति पनौती ल्याइन्छ र भोलिपल्ट पंचदानको उत्सवको वेला भव्य रथजात्रा गरिन्छ । एक रात उक्त मूर्तिलाई नम:बुद्धको पुर्खेउली घर मानिएको एउटा पुरानो घरमा राख्ने चलन छ । भोलिपल्ट उक्त मूर्तिलाई शंखुमै लगिन्छ (मानन्धर, २०६१, पृ. ३३) ।

नरदेवी : श्वेतकालीको अर्को नाम । काठमाडौंमा नरदेवीको मन्दिर रहेको टोलको नाम नै नरदेवी रहेको छ ।

नवदुर्गानाच : भक्तपुरका राजा सुवर्ण मल्लले राति नवदुर्गा नाचिरहने कुरा थाहा पाएर यो नाच चलाएको मानिन्छ । यस मखुण्डो नाचका लागि गथामुग:चह्रेका दिन खेतबाट कालीमाटी लिएर तान्त्रिक पद्धतिबाट मखुण्डो बनाउने कार्य आरम्भ गरिन्छ । वर्षेनी नवरात्रिमा कर्माचार्यद्वारा मखुण्डोहरूको प्राणप्रतिष्ठा गरिन्छ । नवदुर्गानाचमा वस्तुत: सात देवीहरू (महाकाली, कुमारी, वाराही, व्रह्मायणी, माहेश्वरी, इन्द्राणी र वैष्णवी) को मात्र सहभागिता रहन्छ । तलेजुभवानीसित सम्बन्धित र नवदुर्गाकै इष्टदेवीको स्थानमा रहेकी महालक्ष्मी (सिफोद्यो) का साथै त्रिपुरासुन्दरीले चाहिं नाचमा भाग लिंदैनन् । नवदुर्गाको नाचका वखत महालक्ष्मीको मूर्ति खटमा राखिएको हुन्छ भने त्रिपुरासुन्दरीको मूर्ति गच्छेटोलस्थित नवदुर्गा मन्दिरमा रहेको हुन्छ । यस नाचमा वरु शिव, गणेश, भैरव, श्वेतभैरवका साथै मृत्युका संदेशवाहक मानिने सिमा तथा दुमा नामक देवीका दुई गणहरूको उपस्थिति रहन्छ । नाचमा श्वेतभैरवले भाग लिंदैन तर शिवको मखुण्डो

गणेशले बोकेको हुन्छ । सिमा र दुमाको भूमिका आफ्नै खालको हुन्छ जसलाई केटाकेटीहरूले जिस्क्याउने गर्दछन् । देवीका यी गणहरूले कसैलाई समातेमा मृत्यु हुने भयले आमाबाबुहरूले केटाकेटीहरूलाई सतर्क गराएका हुन्छन् (मानन्धर, २००२, पृ. ३८(३९) ।

नवलिं (संस्कृतमा नवलिंग) : पचली भद्रकालीस्थान जहाँ लुँमढी भद्रकालीको बाह्रवर्षे नाचमा भाग लिने देवगणहरूका मुखुण्डाहरू कालमोचन (बागमती र इक्षुमतीको संगम) मा जलाइएको दुई हप्ता जतिपछि पूजा गरिन्छ ।

नाग : सर्पाकार काल्पनिक जीव जसलाई पानी वा बादलको प्रतीक मानिएको छ । खास गरी मल्लकालीन घर र मन्दिरका तोरणद्वारमा नागको आकृति कुँदिएको पाइन्छ । यस्ता तोरणहरूमा उत्कीर्ण चित्रमा अक्सर आकाशको प्रतीकस्वरूप भयानक अनुहार, पृथ्वीको प्रतीकको रूपमा राखिएको कलश र त्यसबाट उठेको रम्भामय स्तम्भको बीचमा बादलको प्रतीकको रूपमा सर्पाकार नाग कुँदिएको हुन्छ । पछिल्लो समयका तोरणहरूमा चाहिं जलको प्रतीक नाग (पाताल) र अग्निको प्रतीक गरुड (आकाश) को वैरभावसम्बन्धी पौराणिक कथालाई आधार तुल्याएर चित्रांकन गर्न थालिएको पाइन्छ (बज्राचार्य, २०२५, पृ. १२) ।

नागपूजा : रोल्पाको जलजला लेकमा जंगलको बीचमा रहेको विशाल पाटनमा नाग, मष्ट र भूमे देवताका थान छन् । नागपञ्चमीका दिन त्यहाँको नागथानमा ठूलो मेला लाग्छ । नागपूजा केवल सर्पबाट रक्षाको निम्ति गरिने पूजा नभई प्राचीन नागजातिको आफ्नो गणचिन्ह बनाएको सर्पलाई नै कुलदेवता या गणदेवता मानेर गर्दै आएको पूजाको परम्परा हो । नेपालका मगर नागवंशी हुन् भनिन्छ । नेपालका सबैजसो मगर वर्खा लागेपछि पिठाको सर्प बनाएर पूजा गरी दूधको धारा दिने गर्छन् । नागवंशी मगरहरूमा नाकको डाँडी र हातमा गोदना गर्ने चलन थियो भन्ने धारणा रहेको छ (प्रश्रित, २०६१, कान्तिपुर ५ भाद्र) ।

नागार्जुन : स्वयम्भूबाट पश्चिमोत्तर दिशामा रहेको जातमात्रोच्च (जामाचो) पर्वतमा विदर्भको एक ब्राह्मण कुलमा जन्मी बज्रयानका प्रवर्तक बनेका महाशून्यतावादका सिद्ध एवं तन्त्रशास्त्रहरूका रचनाकार नागार्जुनपादले गुफा बनाएर अक्षोभ्यबुद्धको मूर्ति स्थापना गरी मोक्ष प्राप्त गरेको हुनाले यो पर्वत नागार्जुन नामले प्रसिद्ध भयो । त्यहाँ १०८ गुफाहरू थिए भनिन्छ (शाक्य, ११११४, पृ. २५) । यस पर्वतको उत्तरी पाखोमा मूर्तिहरू राखिएका कैयौं गुफाहरू अद्यापि अस्तित्वमा छन् (राइट, १८७७, पृ. ९५ : ९६) ।

नान्यदेव : ई.सं. १०९७ तिर तिरहुत राज्य स्थापना गरी सिम्रौनगढ निर्माण गराउने दक्षिण भारतबाट आएका कर्णाटकवंशी राजा (कतै कतै शिवसिंह भनेको पाइन्छ) । भाषा वंशावलीमा लेखिएको छ : 'जयदेव मल्ल आनन्द मल्लका पालामा दक्षिण कर्णाटक देशदेखि नान्यदेव राजा आई यो नेपालमा प्रवेश गरी द्विमाजुदेवी स्वेष्टदेवतासहित गरी आई नेपालका राजाहरूसित लडाई गरी जिती ती राजाहरूकन भगाया । ती मल्ल राजाहरू तिह्रौंतमा वस्न गया । यी कर्णाटकका

राजाका सैन्यमा धेरै जातका मानिस साथ थिया । नायर देशका वासिन्दा नेवारहरू ब्रह्मपुत्र क्षत्री जातिदेखि उत्पन्न भयाका जात आचारहरू आदि अनेक जातका मानिस थिया । यी राजाले राजधानी सहर भक्तपुर गरी वास गरी तीनै सहरका राजा भैरह्या' (भाषा वंशावली २, २०२३, पृ. २६) ।

नारायणहिटी : विष्णुको मन्दिरसंगै धारा (नेवारीमा हिटी) रहेको हुनाले नारायणहिटी भनिएको हो । यसै ठाउँमा श्री ५ पृथ्वी वीरविक्रम शाहका पालामा बनेको राजप्रासाद पनि नारायणहिटी दर्बार भनियो (उपाध्याय, २००८, पृ.. ५६) ।

निर्मलतीर्थ (नेवारीमा : लखुतीर्थ) : केशवती (विष्णुमती) र कुस्मावती (भद्रमती वा भाचाखुसी) को संगम । यहाँ बाह्रवर्षे जात्राको सन्दर्भमा विजेश्वरी, वज्रवाराही, खड्गजोगिनी, वज्रजोगिनी र आर्यतारा आदि देवीहरूलाई महास्नान गराई दुई महीनासम्म गुप्तवास राखिन्छ ।

निसामनाङ : किरात जातिको धारणाअनुसार ज्ञान र बुद्धिकी देवी ।

नेपालसम्वत् : ई.सं. ८८० तिर राजा राघवदेव (किम्बदन्तीअनुसार चाहिँ आनन्ददेव) को पालामा लिच्छविसम्वत् ८०३ प्रारम्भ हुने दिन (२० अक्टोवर ८७९, विहिवार) देखि नेपालमा शुरु भएको सम्वत्सरले नेपालसम्वत् भन्ने नाउँ पाएको छ । नेपालमा मल्लकालभरि यही सम्बत् चलनचल्तीमा रहेको थियो र यसले राजकीय मान्यता समेत पाएको थियो । चान्द्रमासको गणनाअनुसार लक्ष्मीपूजा (तिहार) को भोलिपल्ट परेवाका दिनदेखि नेपालसम्वत् प्रारम्भ हुन्छ । सम्पूर्ण नेवारहरू नयाँ वर्षको उत्सव विशेष उल्लासका साथ मनाउँछन् ।

नेमुनि : वाग्मती र विष्णुमतिको संगमस्थलदेखि पश्चिमपट्टि विष्णुमतीको दायाँतर्फको ढिस्कोमा कुलेश्वर शिवलिंगको स्थापना गरी आश्रम बनाएर बस्ने मानिएका प्रसिद्ध तपस्वी (वासुपासा, २०४९,पृ. ४) । किम्बदन्तीअनुसार नेपाल भन्ने नाम उनैको नामसित सम्वन्धित छ (नेपालमाहात्म्य, अध्याय ११, श्लोक ६१ : ६२) ।

नैदरे : राजावाट सरकारी गोठको रेखदेख गर्ने लालमोहोर पाउने नैदरेको शेषपछि क्रमशः सोना खेवा, कवीरे, मनोरम, कर्णवीर र हर्कको पालासम्म गोठको अभिभारा लिने काम कायम रहेको थियो भनिन्छ ।

पञ्चनदी : वाग्मती र विष्णुमतीको संगमस्थल ।

पद्मकाष्ठगिरि (पद्मकूटगिरि) : कीर्तिपुरको थुम्को ।

पद्मगिरि : कमलको फूल उत्पन्न भएको डाँडा हुनाले स्वयम्भू डाँडा पद्मगिरि भनिएको हो ।

पशुपतिनाथ : श्लेषमान्तकवनमा पशु अर्थात् मृगरूपमा प्रकट भएका शिव हुनाले पशुपतिनाथ भनी प्रसिद्ध भए । ऐतिहासिक सामग्री (शिलाभिलेख, मुद्रा आदि) को आधारमा लिच्छविकालदेखि नै नेपालको प्रसिद्ध देवताको रूपमा मान्य रहेको पशुपतिनाथको पहिलो उल्लेख पशुपति भष्मेश्वरको अभिलेख (सम्वत् ४५५) मा प्राप्त छ ।

पाञ्चालदेश (पनौती, नेवारीमा पन्ति) : राजा आनन्ददेवले वनेपावाट ६ कीलोमिटरजति दक्षिणपूर्वतिर पुण्यमती र रोषमतीको मध्य भागमा कलिगत ४१९७ (ई.सं. १००६) मा आसपासका गाउँहरू मिलाएर वसाएको सात सयको वस्ती । यो इलाका वासुकिनागको क्षेत्र मानिन्छ र नागराजाको शान्ति भंग नहोस् भनेर मानिसहरू अद्यापि ढिकीको प्रयोग गर्दैनन् (मानन्धर, २००२, पृ. ४९ : ५०) । पुण्यमती वा पद्मावती भन्ने नदीको नामवाट पनौती नाम रहन गएको हुनु पनि सम्भव देखिन्छ (कृष्णप्रकाश श्रेष्ठ) । पनौतीको त्रिवेणीघाट (उत्तर प्रयाग) मा वाह्र वर्षमा एकपल्ट माघ महीनामा मकरमेला लाग्दछ भने हरेक वर्ष नमःवुद्धको खटजात्रा सम्पन्न गरिन्छ । यहाँ स्नान गर्नाले सबै प्रकारको पाप नष्ट हुन्छ भन्ने जनधारणा छ (मानन्धर, २००२, पृ. ५२) । पनैतीको सन्दर्भमा कतै कतै हाल भग्नावशेष मात्र बाँकी रहन गएको संखु राज्यको उल्लेख पाइन्छ । उडुसहरू निकै लाग्ने भएकोले संखु नगर उडुसहरूले उडाएर लगे भन्ने किन्वदन्ती छ ।

पाटन : ललितपत्तनशव्दको अपभंशबाट छोटकरीमा यो नाम रहेको हो । भनिन्छ, ई.सं. २९९ मा राजा वीरदेवले यहाँ वस्ती बसालिएको थियो (पौड्याल, २६०, पृं १०९) । हेर्नु. ललितपुर ।

पाती : उहिले ब्राह्मणले विहानै उठेर गाउँभरि श्लोक भट्याउँदै सवैलाई ब्यूँझाएर भिक्षाटन गरी जीविका चलाउने चलन थियो जसलाई पाती पढ्नु भन्दछन् ।

पारावत महाविहार (वर्तमान नाम इटुंबहाल) : संस्कृतमा पारावतको अर्थ परेवा हुन्छ । यहाँ श्रावण महीनामा परेवाहरूलाई धान ख्वाउन राखिएको गुठी क्रियाशील छ । गोपाल वंशावलीमा याटुम्वहालक्वाठ भनिएको काठमाडौंको यो प्रसिद्ध विहार जव्वर दूर्गको रूपमा रहेको प्रतीत हुन्छ । एउटा पटचित्रमा राजा मुकुन्दसेनले काठमाडौंमा हमला गर्दा यहाँ किल्ला जमाएको कुरा व्यक्त गरिएको छ (वज्राचार्य, पृ. ३८) (सिजापति, २०११, पृ. ५५) ।

पासाचह्रे: चैत्र कृष्ण चतुर्दशीलाई पिशाच वा प्रेत चतुर्दशी पनि भन्दछन् ।

पासाचह्रे जात्रा : काठमाडौंमा तीन दिनसम्म यो चाड मनाइन्छ । चतुर्दशीको राति टुँडिखेलमा भद्रकाली, कंकेश्वरी, संकटा आदि देवीहरूको खट जुधाइन्छ र ठूलो वत्तीको ज्वाला भएका चिरागहरू वाली आआफ्ना देवीहरूलाई देश परिक्रमा गराई टोल टोलमा लगेर पूजा गरिन्छ । भोलिपल्ट घोडेजात्राका दिन „मल्ह जा नकेगु„ भनी वालवालिकाहरूलाई पात (व्यला लपते) मा भात, रोटी, तरकारी, फलफूल इत्यादि चढाई भोजन गराइन्छ । तेस्रो दिन वटु टोलवासीहरूले र टेवहाल टोलवासीहरूले पनि वेग्लावेग्लै खटहरूमा भद्रकाली देवीलाई र कंकेश्वरीतर्फका मानिसहरूले पनि कंकेश्वरी देवीलाई खटमा राखी झल्लरवाल छाताले ओढाई असन टोलमा ल्याउँछन् । त्यहाँ दुवै भद्रकालीका खटहरूलाई कंकेश्वरीको खटले परिक्रमा गराउँदा मानिसहरूले आआफ्ना घरवाट रोटीहरू फालाफाल गरी चढाउँछन् । वाजागाजाको स्वर र झल्लरवाल छाताहरूको घुमाइले

गर्दा जात्रा निकै रमाइलो हुन्छ । निगालो मुठा बालेको वत्ती साँटासाँट गरी खट जुधाइसकेपछि जात्रा विसर्जन गरिन्छ ।

पुनर्जन्मदर्शनकुण्ड : वागमती नदीको किनारामा पशुपतिनाथदेखि दक्षिणतिर राजराजेश्वरीको सन्निधानमा रहेको कुवा जसमा हेर्दा अर्को जन्ममा के भएर जन्मिने हो भन्ने छाया देखिन्थ्यो भनिन्छ । कलिगत वर्ष २७०० जाँदा राजा शंकरदेवले त्यसमा कुकुरको रूपमा आफ्नो छायाँ देखेको हुँदा प्रजाले कुकुर हुने राजा भन्लान् भन्ने भयले त्यो कुवा पुरेर विराटेश्वर नामले ढुंगाको शिवलिंग स्थापना गरेका थिए भन्ने विश्वास गरिन्छ (सिजापति, २०११, पृ. ६८) ।

पोटाला : तिव्वतका धार्मिक नेता एवं प्रमुख शासक दलाईलामाको ल्हासास्थित प्रसिद्ध दरवार । सम्भवत: कोशलको राजधानी पनि पोटाला भनिन्थ्यो । वावु पूर्णचन्द्र मुखर्जीले गौतम वुद्धका पुर्खा कोशलको राजधानी पोटाला वा साकेतवाट आएको उल्लेख गरेका छन् (हेर्नुस् : A Report on a Tour of Exploration of the Antiquities in the Terai, Nepal, Archeological Survey of India, 1901.)

पोरोगियोम्फामी : किरातहरूद्वारा शिवको रूपमा मानिने सृष्टिकर्ता । कतै कतै पोरोमीवा पनि भनिएको पाइन्छ ।

प्रभावती : फुलोच्चगिरिको घाँचवाट निस्केर वाग्मतीमा मिल्ने नदी जो हाल नक्खु नामले चिनिन्छ । नेपालमा प्रचलित किम्बदन्तीमा वर्णित वाणासुर वा दानासुरकी पुत्री प्रभावती र कृष्णका पुत्र प्रद्युम्नको गन्धर्वविवाहको प्रसंगसंग मिल्दोजुल्दो कथानक श्रीमद्भागवत् महापुराण (स्कन्ध १०, अध्याय ६२) मा पनि पाइन्छ तर त्यसमा वाणासुरकी छोरी उषा र कृष्णका नाति अनिरुद्धको विवाहप्रसंग छ (श्रीमद्भागवत्, २०४८, पृ. २१३ : २१९) ।

प्रमोदतीर्थ : वल्खु र वाग्मतीको संगमस्थल । यहाँ दानासुरले धनप्राप्ति गर्न तपस्या गरेको मानिन्छ (राइट, १८७७, पृ. ९४) ।

फुलचोकी (संस्कृत नाम फुलोच्चगिरि) : गोदावरीमाथि ९७२० फिट अग्लो पर्वत । यहाँ विभिन्न रंगका गुराँसका फूलहरू फुइन्छन् । टाकुरामा एउटा मन्दिर पनि छ ।

फुलोच्चगिरि : हेर्नु फुलचोकी ।

फोकवाङलुंग्मा : कुम्भकर्ण हिमाल ।

वज्रजोगिनी (वज्रयोगिनी) : वज्रधर (वज्रसत्त्व) आदिवुद्धको शक्ति । वज्र अर्थात् तडित्वाट उत्पन्न भएकी देवी हुनाले अग्निज्वालाका लप्काहरूको प्रतीकस्वरूप त्रिमुखी (रातो, निलो र सेतो रंगको) देवीको रूपमा चित्रित गरिन्छ । जनधारणाअनुसार ६४ योगिनीहरूमध्ये चारवटाको नेपालमा भव्य पूजा हुन्छ (सायमी, १९७२, पृ. ४०) । मातृशक्तिको उपासनाको प्रतीक वज्रजोगिनीलाई महाआदिशक्ति वा महाशक्ति आकाशजोगिनी तथा अज्ञाननाशक खड्गजोगिनीको रूपमा पनि विचार गरिन्छ । हिन्दू तथा वौद्ध धर्मावलम्वीहरूवाट समान रूपमा पूज्य

तान्त्रिक देवी बज्रजोगिनीको मन्दिर साँखुवाट उत्तरतर्फ रहेको मणिचूड पर्वतमा अवस्थित छ । यस देवीलाई खड्गजोगिनी र उग्रताराको नामले पनि पुकारिन्छ । नेवारीमा ह्याउँख्वामाजु नामले प्रसिद्ध यस देवीलाई स्थानीय वासिन्दाहरू गूँवहा: (गुँविहार) मा रहेकी देवी हुनाले गुभाद्य: पनि भन्दछन् । देवीको मूल प्रतिमा मन्दिरवाहिर कहिल्यै ल्याइ)दैन, न त आचार्यवाहेक अरु कसैले छुन पाउँछ । देवीलाई पशुवलि दिन पनि बर्जित छ । हरेक वर्ष सकोजात्रा नामले प्रसिद्ध साँखुकी वज्रजोगिनीको जात्रा चौलापुन्ही (चैत्र शुक्ल पूर्णिमा) देखि सात दिनसम्म सम्पन्न गरिन्छ (श्रेष्ठ, ११११५, पृ. १ : २) ।

बज्रजप : वज्रयानी वौद्धमार्गीहरूको जप ।

बत्तीसपुतली : प्राचीन विशालनगरअन्तर्गत अवस्थित मानिएको हाल काठमाडौं महानगरीको एक इलाका ।

बन्धुदत्त : राजा नरेन्द्रदेवको समयका मानिने एक प्रख्यात तान्त्रिक ।

बन्हिकापुर : बनेपाको संस्कृत नाम ।

बराह (भेंडादेवता) : किम्वदन्तीअनुसार दुरात्मा (कानाबराह) र पुण्यात्मा (रानाबराह) गरी दुई थरीका वराह (भेंडा) देवताको अस्तित्व रहेको बोध हुन्छ । गुर्जागाउँको एक तलाउमा बराहको थान छ जहाँ सालको दुईपल्ट उभौली र उधौंली पूजा हुन्छ । हरेक वर्ष असोज महीनाको कुनै पनि मंगलवार पारी त्यहाँ गाउँलेले पूजा गर्दछन् । गाउँमाथि रहेको नागिलवाड को पाखोमाथि लेकमा पनि बराहको तलाउ छ भनिन्छ । उभौली र उधौलीको वेला कुनै दिन बिहान सूर्योदय हुने वेलामा वराहको दर्शन पाइन्छ अरे । भनिन्छ, बराह लेक जाने बेला (उँभौली) मा तालवाट वादल निक्लेर नागिलवाड को पाखो छपक्कै ढाकिदिन्छ र त्यही वादलवाट भेडावाखा, कुकुर, गोठाला आदि सिर्जिन्छन् जो त्यस पाखामा चर्दै र कराउँदै माथिको भित्तैभित्ता धुरी काटेर लेक जान्छन् । अनि उधौलीमा पनि वराह त्यही धुरीवाट झरेर तल तालमा आउँछन्, तर नजीकवाट मानिसले केही देख्दैनन् । वराह आउनुभन्दा पहिले जलहाँसहरू आएर तलाउमा पातपतिंगर साफ गर्दछन् भन्ने जनविश्वास छ ।

बलदेव : कृष्णका हलधर दाजु जो वलरामको नामले पनि चिनिन्छन् ।

बाघभैरव : कीर्तिपुरका वासिन्दा वाघभैरवलाई आफ्नो पुर्खाको रूपमा आजुद्य: भनी पूजा गर्दछन् र कुनै आपद पर्दा त्यसकै पुकारा गर्दछन् । स्थानीय गथु (माली) समुदायको सहभागितामा विजयादशमीको चौथो दिन बाह्रवर्षे वाघभैरव नाच सम्पन्न गरिन्छ र करीव एक महीनासम्म नचाइन्छ । यसको तयारी घण्टाकर्णको दिनदेखि हुन्छ । त्यस दिन वाघभैरवको मन्दिरमा राति नास:द्य: (. नाटेश्वर) मा पूजा गरी तान्त्रिक विधिले वोका, राँगा, भाले हाँस वलि दिइन्छ । त्यही वेला देउता भई नाच्नेहरूलाई मोहनी सिन्ह (कालो टीका) लगाई देउता चढाइन्छ । यसै दिन अष्टमात्रिकाको शक्तिपीठको रूपमा रहेको कोतघरमा तान्त्रिक गुह्यपूजा गरी एउटा हाँस छाड्न लगेर नाच सिकाउन थालेको संकेत दिइन्छ ।

छाप्रोभित्र नाच अत्यन्त गोप्य ढंगले सिकाइन्छ । प्रधान थरका थकालीले एउटा हाँससहित गएर वल्चामा प्वाल पारी नाचलाई वाहिर निकालेको सूचना दिएपछि तीनपटकसम्म इन्द्रायणी पीठमा विनामुखुण्डो र सेतो लुगामा नचाएर विजयादशमीका दिन मुखुण्डो र लुगा हस्तान्तरण गर्ने काम हुन्छ । यस दिन वाजागाजासहित नृत्यमण्डलीलाई विभिन्न ठाउँमा घुमाएर पूजा दिइन्छ र त्यसको चार दिनपछि मात्र मल्लकालीन दरवार क्षेत्रको ढोकाअगाडि हाल सतःको नामले चिनिने ठाउँमा नाच देखाइन्छ । यस नाचमा भैरव, गणेश, व्रह्मायणी, रुद्रायणी, वैष्णवी, कौमारी, वाराही, काली, इन्द्रायणी, सिंहनी, व्याघ्रनी, श्वेतभैरव र महादेव रहन्छन् । महादेव चाहिं नाच्दैनन् । नृत्यभरि महादेवको मुखुण्डोलाई एउटा लठ्ठीमा झुन्ड्याई तुखो (पेलिएको उखुको मुठा) मा गाडिन्छ । श्वेतभैरवलाई पनि आवश्यकताअनुसार मात्र निकाल्ने परम्परा छ । असार महिनाको भलभला अष्टमीका दिन कीर्तिपुर नःगाउँमा सीजा (मरण भात) खुवाएर विधिपूर्वक वाघभैरव नाचको विसर्जन गरिन्छ (महर्जन, २००३) ।

वान्नीकोट : वद्रीनारायणधामवाट निलो रंगको शिलाको रूपमा वझांग ल्याइएको देवता हुनाले सम्भवतः वद्रीनारायणको अपभ्रंशबाट वान्नी भन्ने नाम रहेको र त्यो मष्टोदेवता स्थापना गरिएको ठाउँमा वनेको किल्ला पनि वान्नीकोट भनिएको प्रतीत हुन्छ (श्रेष्ठ, २०४४, पृ. ९८) ।

वालकुमारी : दोलखामा वालकुमारीको मन्दिरको रूपमा अग्लो गारोभित्र डेढ हात जति लामो छपनी ढुंगो ओछ्याइएको छ । उहिले यी कुमारीलाई नरवलि दिने प्रथा थियो भन्ने जनधारणा छ (भट्टराई, २०३०, पृ. ६८ : ७३) । ललितपुरमा पनि वालकुमारीको मन्दिर रहेको छ । त्यहाँ वर्सेनि चैत्र कृष्ण औंसीका दिन वालकुमारी मन्दिरको मैदानमा एक्लो घोडा दौडाएर घोडाजात्रा सम्पन्न गरिन्छ ।

वालाचतुर्दशी (वालाचह्रे) : मार्ग कृष्ण चतुर्दशीका दिन वाग्मती नदीमा स्नान गरेर पशुपतिक्षेत्रमा सतवीज (सात प्रकारका अन्नहरू) छर्ने (नेवारीमा वालु वनेगु) मेला लाग्दछ । किम्वदन्तीअनुसार वृषसिंहले विश्वासघातपूर्वक आफ्नो मीत वालानन्द (वालासुर) को हत्या गरेको दिनको सम्झनामा मित्रहत्या लगायत पापमोचनका लागि पशुपतिक्षेत्रमा शतवीज छर्ने गरिन्छ । यस दिन वृषसिंहले आफू अर्को जुनीमा माछा वन्ने ठानेर स्थापना गरेको गुठीको तर्फवाट वर्षेनी माछावाट समेत शतवीज छर्न लगाइन्छ भन्दछन् (सिजापति, २०११, पृ. ६८) ।

वालापीठ : श्लेषमान्तकवन (पशुपतिक्षेत्र) मा वालाचतुर्दशीका दिन वावु, वाजे, छोरा समेत सात पुस्तासम्मले गरेको गो, व्राह्मण तथा मित्रहत्याको पापमोचनका लागि र मरेकाहरूको सद्‌गतिका लागि सदमी (शतवीज) छरिने इलाका (सिजापति, २०११, पृ. ६७) ।

विक्रमसम्वत् : ईशापूर्व ५७ वर्षदेखि राजा विक्रमादित्यवाट प्रारम्भ गरिएको मानिने संवत्सर । नेपाल अधिराज्यको यस औपचारिक सम्वत्को नयाँ वर्ष अप्रील महीनाको १३ वा १४ तारीखतिर मनाइन्छ ।

बिक्रमाजीत (बिक्रमादित्य) : चान्द्रसौर्य प्रणालीयुक्त बिक्रम सम्वत्का प्रवर्तक बिक्रमादित्यको पर्यायवाची नाम । सम्भवत: बिक्रमादित्य कुनै व्यक्तिवाचक नाम नभई नयाँ सम्बत् चलाउने मानिएका उज्जैन (भारत) का राजाको विशेषण हो कि भन्ने प्रतीत हुन्छ ।

बिज्यासद्यो (विजेश्वरीदेवी) : विजेश्वरी (विजयश्वरी) को अपभ्रंशवाट नेवारीमा बिज्यासद्य: भनिने देवीको बाह्रवर्षे जात्राको सन्दर्भमा भाचाखुसी (निर्मलतीर्थ) मा देवीलाई स्नान गराइन्छ र तान्त्रिक पद्धतिले पूजा गरी दुई तीन महीना गुप्त राखिन्छ । यस्तो जात्राको वेला विजेश्वरीको मन्दिरमा फहराउन चोखो भई एक छाक मात्र खाएर बुनिएको करीब ३६५ हात लामो र एक हात चौडाइ भएको पताकालाई खटमा राखी इटुंबहालदेखि बाजागाजासाथ फूल, अबीर छर्केर स्वागत गर्दै विष्णुमती किनारको उदयगिरि नीलपर्वत भनिने डाँडामा अवस्थित धर्मचक्र महाविहार पुर्‍याइन्छ र रातभर मन्दिरमा राखेर महादीप बाल्दै पूजा गरी देवीहरूको दशकर्म पूजा र प्रतिष्ठानपछि मन्दिरको गजुरदेखि तलसम्म फहराइन्छ। त्यसपछि सबैले देवीको दर्शन गर्न पाउँछन् । यस जात्रामा राजाको पनि उपस्थिति रहन्छ ।

बिस्केट (बिसिस्याट, बिस्यात) : नेवारीमा बि वा बिसि भनेको नाग वा सर्प, ख्याट भनेको लिंगो र स्यात भनेको मारियो हुन्छ । बिस्यात अर्थात् सर्प मारियो भन्ने अर्थ लगाएर किम्बदन्तीको रचना भएको प्रतीत हुन्छ । बिस्केटजात्रामा ठड्याइने दुईवटा लिगोलाई एउटा किंम्बदन्तीअनुसार रानीको नाकका पोरावाट निस्केका सर्पहरूको रूपमा विचार गरिन्छ भने अर्को किम्बदन्तीअनुसार चाहिं अजिंगरको रूप लिने शेखर आचाजू र उनकी पत्नी नररूपाको प्रतीक मानिन्छ । भक्तपुरमा लिंगो ठड्याएर वैशाख संक्रान्तिका दिन मनाइने जात्राको नाम विस्केट रहेको छ ।

बिस्केटजात्रा : लिंगो (नेवारीमा योसिं) अर्थात् विश्वध्वजा ठड्याएर मनाइने उत्सव हुनाले विश्वध्वजयात्रा भनिएको र यसैको अपभ्रंशबाट बिस्केटजात्रा भनिएको हो भन्ने विश्वास गरिन्छ । चैत्र मसान्तका दिन भक्तपुरको योसिंख्य (लिंगो ठड्याउने मैदान) मा ठूलो लिंगो र अर्को एउटा सानो लिंगो पनि ठड्याइन्छ । नयाँ वर्ष आगमनको चार दिनअघि तौमढीटोलस्थित न्यातपोल मन्दिर र भैरव मन्दिरको प्रांगणवाट उत्तर र दक्षिर दुईतिर रथ तानातान गरी जसले जित्यो त्यतैतर्फ रथ गुडाएर जात्रा गरिन्छ । रथ तान्ने डोरीलाई अष्टमात्रिकाको प्रतीक मानिन्छ । भक्तपुरवासीहरू नौ दिनसम्म धूमधामसित जात्रा गरी भोज खान्छन् ।

बिसेत : सम्भवत: नेवारहरूको एक थर ।

वुंगद्यो (मत्स्येन्द्रनाथ) : नेवार जातिकी छोरीबेटीले सम्पन्न गर्नुपर्ने सम्पूर्ण संस्कारहरू गरिने यस देवतालाई दक्षिणायनभरि वुंगमतीमा र उत्तरायणभरि चाहिं ललितपुरमा राखिन्छ । वर्षको दुईपल्ट (उत्तरायण र दक्षिणायनको आरम्भ हुने दिन) यस देवताको उत्सव मनाइन्छ ।

बुंगमती : वर्षेनी मत्सेन्द्रनाथलाई सूर्य दक्षिणायनको समयमा बुंगमतीमा र उत्तरायणको समयमा पाटनमा रथारोहण गरी ल्याइन्छ । कामरूपकामाक्षावाट ल्याइएको मानिने यस देवतालाई नेपालमा ल्याउने लिच्छवि राजा नरेन्द्रदेवको प्रतिनिधिस्वरूप खड्गलाई भक्तपुर दरवारवाट झल्लरवाल छाता ओढाएर पुरानो किसिमको बाजा बजाई ललितपुर पुर्‍याइएपछि मात्र मत्सेन्द्रनाथको जात्रा गर्ने चलन छ ।

बुमनाम : ओखलढुंगाको एक गाउँ जहाँबाट दहालहरू थक्ले गाउँमा पनि पुगे । मादी (संखुवासभा) मा पनि दहालहरूको बस्ती छ ।

बूढाछेत्री : बझाङको रीठापाटा नुवाकोटगाउँमा बूढाछेत्रीहरूको गाँजरा (घरघडेरी) मात्र रहेका देखिन्छन् । यहाँका बूढाछेत्रीका वंशजहरू हाल डँडेलधुरा जिल्लाको पीलकोट नीनालो भन्ने गाउँमा पाइन्छन् ।

बूढानीलकण्ठ (वृद्धनीलकण्ठ) : संस्कृतमा वृद्ध शव्दले विष्णुको र नीलकण्ठ शव्दले शिवको वोध गराउँछ । शिवपुरी पर्वतको फेदीमा एउटा पोखरीमा अवस्थित ईशाको छैटौं-सातौं शताव्दीमा विष्णुगुप्तद्वारा निर्माण गरिएको मानिने प्रस्तर मूर्ति हरिशंकरको हो भन्ने त्यसको अवलोकनवाट प्रष्ट हुन्छ । चतुर्वाहुयुक्त शेषशायी मूर्तिको दुई हातमा गदा र चक्र रहेकोवाट विष्णुको बोध हुन्छ भने वाँकी दुई हातमा विभूति र कलश समात्नुका साथै निधारमा त्रिपुण्ड, गलामा रुद्राक्षमाला र नाडीमा सर्पका वयलवाट शिवरूप प्रदर्शित हुन्छ (जोशी, २०३९, पृ. ३३ : ३४) । करीव १४ हात लामो वर्तुलाकार एउटै शिलामा एघारवटा टाउको भएको शेषनागको शरीरमा कुँदिएको भीमकाय जलशयन नारायणको यस मूर्तिको शिरोभाग नागको फणाभित्र पूर्णतया आसीन छ । शिर लिच्छविकालीक देवमुकुटले सुशोभित छ भने काँधसम्म जुल्फी वनेको छ । काँधवाट घुँडासम्म यज्ञोपवीत र कानमा चौगडी लट्किरहेका छन् भने घाँटीमा कौस्तुभादि मणिहरूले सुशोभित हारले शोभा दिएको छ । कम्मरमा वाँधिएको पटुकामुनि पातलो पीताम्बरको आच्छादनमा सूक्ष्म वुट्टाहरू समेत दिइएका छन् (वज्राचार्य, २०२७, पृ. १३३ : १३४) । यस मूर्तिको शिरोभागका वुद्धको प्रतीक पनि देख्न सकिन्छ । भूमिजलशयन वा भुम्भुक्किकवजलशयनको अपभ्रंशवाट नेवारीमा भुइजसि भनिएको हो (श्रेष्ठ, २०४४, पृ. ११०) ।

बौगत : लामो वाँसमा माटोका दियाहरू राखेर वालिने एक प्रकारको वत्ती जसलाई नागको रूपमा पनि विचार गरिन्छ । इन्द्रको छलद्वारा पृथ्वीमै छोडिएका मृतात्माहरूलाई त्यसको पिठ्यूँमा वालिएका वत्तीहरूले वाटो देखाउँदै स्वर्ग पुर्‍याउँछन् भन्ने जनधारणा छ । इन्द्रजात्राको पहिलो दिन साँझपख पनि मृतात्माहरूलाई स्वर्गको वाटो देखाउन भनी तिनका नातेदारहरूको तर्फवाट काठमाडौंको निश्चित वाटोमा ठाउँठाउँमा दियाहरू वाल्ने चलन छ र यसलाई नेवारीमा उपाकु अथवा वानागु भन्दछन् ।

व्याजानके पुन्ही : (शव्दार्थ : भ्यागुतोलाई भात ख्वाउने पूर्णिमा) :

श्रावण पूर्णिमाका दिन किसानहरू खेतमा भ्यागुतालाई वर्षाका देवता इन्द्रको दूत मानेर भात, रोटी, फलफूल आदि चढाउँछन् जसलाई नेवारीमा व्याँजानके पुन्ही भन्दछन् (श्रेष्ठ, ११०६, पृ. ४ : ६) । त्यस दिन खेतमा भ्यागुतालाई भात ख्वाउन जाने व्यक्ति घर नफर्केसम्म कसैले पनि भोजन गर्दैनन् र ४ दिनसम्म कोही खेत हेर्न पनि जाँदैन (वज्राचार्य, ११२०, पृ. ५२) । भ्यागुतोले घण्टासुर भन्ने दैत्यलाई मार्न मद्दत गरेको सम्झनास्वरूप यस दिन थान्कोटवासीहरू आदिनारायणस्थानमा विष्णुका पूजा गर्नुका साथै विशेष जात्रा पनि सम्पन्न गर्दछन् । त्यसमा दैत्यको टाउकोको प्रतीकस्वरूप एकजनाले राँगोको टाउको वोकेको हुन्छ भने दुईजनाले दैत्यपत्नीको भूमिका निर्वाह गर्नेलाई डोरीले वाँधेर डोऱ्याएका हुन्छन् । जात्राको सिलसिलामा दैत्यनीसंग रतिक्रीडाको अभिनय समेत गरिने हुँदा जात्रा हेर्न आउने आइमाईहरूलाई सिस्नोले पोलेर धपाउने गरिन्छ । यो जात्रा वालीनालीको उर्वराशक्ति बढाउने प्राचीन कालको अवधारणाको अवशेष प्रतीत हुन्छ । राम्रो फसल उव्जाउन मद्दत गर्ने हुनाले नै भ्यागुतोलाई भात ख्वाउने चलन चलेको हुनु सम्भव छ । उहिले किसानहरू भ्यागुतोको स्वर सुनेर वर्षा हुने, खडेरी पर्ने आदि मौसमको अनुमान लगाउने गर्दथे । यस दिन विभिन्न गेडागुडी उमालेर मसला हाली तयार पारिएको स्वास्थ्यको निम्ति लाभदायी मानिने क्वाँटी खाने चलन छ (श्रेष्ठ, १९९३, पृ. १२ : १४) ।

ब्रह्मपुत्रनदी : तिव्वतको भूभागमा पश्चिमवाट पूर्वतर्फ वग्दै अन्त्यमा हिमालय पर्वत श्रृंखला नाघेर दक्षिण मोडिंदै वंगालको खाडीमा खस्ने नदी । यो नदी पार गरिएमा धर्मच्यूत हुन्छ भन्ने धारणा हुँदा पहिले तिव्वत पुगेर भारत र नेपाल फर्कने हिन्दू धर्मावलम्वीहरूले पतिया लिने चलन थियो ।

ब्रह्मपुरी : मिथिलाको एक प्राचीन नगर जहाँ गौतम ऋषिको आश्रम रहेको मानिन्छ ।

ब्रह्मायणी : भक्तपुरवाट पूर्वतिर हनुमन्ते नदीतटमा रहेको भक्तपुरकी संरक्षिका देवीको शक्तिपीठ जुन नवदुर्गापीठ समेत मानिन्छ । यस पीठमा विजयादशमीका दिन नवदुर्गाका मखुण्डोहरूको प्रदर्शन गरिन्छ (मानन्धर, २००२, पृ. ३८) ।

भक्तग्राम (भादगाउँ) : आनन्द मल्लले आफ्ना जेठा दाजु जयदेव मल्ललाई कान्तिपुर र पाटनको राज्य छाडी काशीवाट अन्नपूर्णादेवीको आवाहन गरेर १२ हजार घर भएको अष्टकोणाकार नगर वसाए जुन भक्तग्राम (भादगाउँ) वा भक्तपुर भनियो । नेवारीमा ख्वप (ख्वपदे) भनिने यो नगर २४ टोलमा विभाजित छ जसको आठै दिशामा अष्टमात्रिका अवस्थित छन् ।

भाचाखुसी : संस्कृत नाम कुस्मावती ।

भान (संस्कृतमा वाहन) : प्रत्येक मष्टाका एक-दुई भान (वाहन) हुन्छन् । यिनीहरूका थला गाउँघरदेखि वाहिर खोलाका किनारामा वा मूल वाटोमा रुखको मुनि वा कुनै विशेष ढुंगानेर हुन्छन् । मानिसहरू त्यहाँ केही न केही चढाउँछन् (

जोशी, २०३५, पृ. १३२) । डढारमष्टोका दुई वाहनमध्ये फुटाशीलाको प्रादुर्भाव शिला (पत्थर) फुटेर भएको थियो भने छरीढुस्केको उत्पत्ति चाहिं छाँगो (झरना) वाट भएको छ । यी दुई वाहनले प्रकृतिका दुई तत्व (गुण) अर्थात् ठोस (कठोरता) र तरल (मृदुता) को प्रतिनिधित्व गरेको वोध हुन्छ ।

भीमफेदी : पहाडको फेदीमा बिहानै मानिसहरूले देखेको भीमसेन शीलामा परिणत भई यस ठाउँमा रहेको भन्ने जनधारणा छ । हिमवत्खण्ड पुराणमा समेत वर्णन गरिएको यस ठाउँमा भीमसेन र द्रौपदीको मूर्तिसहित मन्दिर वनाइएको छ ।

भीमसेन : पञ्चपाण्डवमध्येका एक, नेवार समाजमा व्यापारका अधिष्ठाता देवता । 'नेपालका अरु वर्गले भन्दा व्यापारीवर्गले भीमसेनको वढी पूजा गर्दछन् । व्यापारीहरू आफ्नो व्यापार सपार्न पर्‍यो भनें **भीमसेन जगाउनुपर्‍यो** भनी भीमसेनको उपासना गर्दछन् । उहिले भोट आदि दुर्गम क्षेत्रमा गई व्यापार गर्न जाँदा सुरक्षाको लागि वलको आवश्यकता परेको हुनाले बलवान् भनी प्रसिद्ध भीमसेनको उपासना गर्ने चलन व्यापारीवर्गमा वढी चलेको अनुमान हुन्छ' (वज्राचार्य, श्रेष्ठ, २०३१, पृ. ७३) । हरेक घर र पसलहरूमा आफ्नो लाभको कामना गरी व्यापारीहरूको मनोकामना पूर्ति गर्ने देवताको रूपमा भीमसेनको मूर्ति स्थापना गरेर पूजा गरिन्छ (वज्राचार्य, २०२७, पृ. १०२) । भोटमा व्यापार गर्न जाने वाटोमा पर्ने प्रमुख केन्द्र हुनाले दोलखामा भीमसेनको वढी प्रतिष्ठा भएको वुझिन्छ ।

भीमसेनस्थान : काठमाडौं, पाटन र उपत्यकाका अन्य स्थानहरूमा भीमसेनले दोलखातिर प्रस्थान गर्दा टेकेका ठाउँमा मूर्ति स्थापना गरी मन्दिरहरू वनाइएका हुन् भन्ने विश्वास गरिन्छ (वज्राचार्य, श्रेष्ठ, २०३१, पृ. ७४) । दोलखाका भीमसेन कान्तिपुर हेर्ने विचारले उपत्यकामा आई क्वाथवहालका वैश्यठकुरीका घरमा कामकाज गरिरहँदा प्रत्यक्ष दर्शन दिएको हुँदा तोयुख्वा भन्ने थकुजुजुले ने.सं. २६० मा देवालय वनाई भीमसेनको मूर्ति स्थापना गरेको वर्णन एउटा वंशावलीमा पाइन्छ (भाषवंशावली, २०२३, पृ. २८ : २९) । अर्को स्रोतअनुसार काठमाडौंस्थित भीमसेनस्थानको मन्दिर राजा जगत्प्रकाश मल्लका पालामा दारसिंह र वासिंह भारो नाउँका व्यक्तिहरूले वनाएका हुन् भनिन्छ । राजा महेन्द्र मल्लले ने.सं. ६६० (ई.सं. १५४०) मा भीमसेनको मूर्ति स्थापना गरेका हुन् (श्रेष्ठ, १०८०, पृ. ७६ : ७७, श्रेष्ठ, २०४४, पृ. १०८) ।

भीमेश्वर (भीमसेन) : दोलखास्थित भीमसेनस्थानमा वरिपरि ईंटले घेरिएको तर ह्वांग आकाश देखिने साधा पर्खालमा तीनवटा प्रवेशद्वारको वीचमा साना मन्दिरभित्र खुकुरी वा पन्यूंको प्रहारले काटिएको हो कि भनेझैं उत्तरतर्फ केही खुँडे देखिने करीव डेढ फुट अग्लो भीमेश्वरको मूर्ति रहेको छ । त्यस मूर्तिको दायाँ भागमा एक चोक्टा छैन जुन भात काँचै रहेको रीसको झोंकमा ढाक्रेले पन्यूंले हानेर फुटालेको भन्ने किम्वदन्ती छ । यस मूर्तिलाई एकातिर भीमेश्वरको नामले रुद्रीपाठ गरेर शिवको रूपमा पूजिन्छ भने अर्कोतिर विभिन्न पर्वहरू र खास गरी वडा दशैंको

महाअष्टमीको कालरात्रिमा चागुविगु भन्ने ठाउँबाट १२ वोका ल्याएर पशुवलि दिई भगवतीको रूपमा पनि पूजा गरिन्छ । यसरी शिव वा भगवतीको रूपमा पूजा गरिंदा भीमसेन चैत्यघाट (रामेछाप जाने बाटोमा पर्ने वन) वाट ल्याइएको ठूलो काठ गाडेर वनाइको लिंगोरूपी चूलकापसी भनिने खम्वाको टुप्पामा बसेर मूर्तिलाई हेरिरहन्छ भन्ने जनधारणा छ (जोशी, २०२७, पृ. ३६) ।

भुटनदेवी : हिडम्वा राक्षसकी बहिनी जससंग भीमसेनको गन्धर्वविवाह भएको मानिन्छ । हेटौंडास्थित यस देवीको मन्दिरमा वर्षेनी मेला लाग्दछ ।

भेडासिङ : काठमाडौं नगरको किलागल (किसिगल) टोलको दोवाटोमा एउटा सानो खाल्टोभित्र घुंगुरिएको सिङ भएको भेडाको टाउकोको प्रस्तरमूर्ति रहेको हुँदा त्यस टोलको नाम नै भेडासिङ पर्न गएको छ (सिजापति, २०११, पृ. ४०)

भेलु (भैरव) : संस्कृतमा भैरवको अपभ्रंशवाट नेवारीमा भेलु भनिएको हो (जोशी, ११०७, पृ.४६०) । नुवाकोट (नेवारीमा नक्वा:) को डाँडामा वि.सं. १७८२ तिर राजा जगज्जय मल्लको पालामा निर्मित भैरवीको मन्दिर र त्यसको नजिकै तल भेलुछें भनिने सत्तल रहेको छ । हरेक वर्ष वैशाख पूर्णिमाका दिन गणेश र कुमार अघिअघि लगाउँदै भेलु (भैरव) र भेलुनी (भैरवी) लाई जात्रा गर्दै देवीघाटसम्म पुर्‍याएर तादी तथा त्रिशुलीको संगममा रहेको ढुंगाको सत्तलमा राखिन्छ । त्यसै वेला धामी र धामिनी पनि दोभानमा स्नान गरेर सत्तलमा वास वस्ने चलन छ । त्यसै राति पञ्चवलि पूजा सम्पन्न गरिन्छ । भोलिपल्ट परेवाका दिन जलपामाईको मन्दिरअगाडि भेलु र भेलुनीको गहना लगाएर वज्राचार्यको विधिअनुसार कन्याकेटीहरूको इही (विवाह) सम्पन्न गरिन्छ । भोलिपल्ट वैशाख कृष्ण द्वितीयाका दिन भैरवमूर्ति सहित खटयात्राका साथ भेलु र भेलुनीको सिन्दुरजात्रा गर्दै भैरवी मन्दिरसम्म पुऱ्याइन्छ (प्रधान, ११२२, पृ. ७२ : ७३) ।

भैरे (संस्कृतमा भैरव) : नोकरको नाम पनि भैरवकै द्योतक प्रतीत हुन्छ ।

भोज : भनिन्छ, राजा भोज अत्यन्त हठी हुनाले नवसागर भगवती क्रुद्ध भई एउटा कुवावाट आगो निकालेर राजधानी विशालनगर भष्म गराइन् । नगरवासीहरू वाग्मती पार गरी भागेर गई मत्राज्य र इर्षाराज्य भन्ने नगर बसाएर वसे (राइट, १७८८, पृ. १०२) ।

भोटोजात्रा : मच्छिन्द्रनाथको रथ पाटन थतिटोलबाट तानेर जावलाखेल पुऱ्याएको चार दिनपछि रत्नजडित भोटो देखाउनुपर्ने परम्परा छ । मत्सेन्द्रनाथसंग नासोको रूपमा रहेको उक्त भोटोको शील खोल्ने राजाज्ञा लिएर मत्सेन्द्र गुठीका हाकिमाले रथको चारैतिर घुमेर सवैलाई देखाउँछन् र फेरि राजाज्ञा लिएर शीलवन्दी गरिन्छ र जात्रा समाप्त हुन्छ (कोइराला, २०५०, पृ. ७६) ।

भौल्वापुखु : नेवारी भाषामा भौ भनेको विरालो, ल्वा भनेको झगडा र पुखु भनेको पोखरी हुन्छ । विरालो र मूसाको द्वन्दवाट उत्पन्न खाल्डोमा पानी जमेर उत्पन्न भएको मानिने यो पोखरी हाल भक्तपुरमा अस्तित्वमा छैन, तर त्यसको ठाउँमा रहेको टोलले भौल्वाछें भन्ने नाम पाएको छ ।

म्यागुतो पुर्जे : हेर्नू. व्याँजानके पुन्ही ।

du/ : मगर रानाहरूका १२५ थरहरू छन् । मगर थापाहरूका १३५ थर छन् । अनि आले लामीछानेका सन्तानहरूको मात्र ११६ थर छन् (शर्मा, २०२६, पृ. २६ : ३२) । गोर्खा जिल्लामा अवस्थित मनकामना देवीको मन्दिरमा थापा थरका मगर पुजारी रहने चलन छ (श्रेष्ठ, २०६०, पृ. ४६) ।

मच्छिन्द्रनाथ (मत्सेन्द्रनाथ) : हेर्नु. वुंगद्यो वा मत्सेन्द्रनाथ ।

मजिपाट (मजिमपाट) : मञ्जुपट्टनको अपभ्रंशबाट यो स्थाननाम अस्तित्वमा आएको प्रतीत हुन्छ (श्रेष्ठ, ११०६, पृ. ८) ।

मजिपाःलाखे : पहिले ज्यापुहरूले इन्द्रजात्राको समयमा मजिपाःलाखे (मजिपाटमा बस्ने राक्षस) को नाच देखाउने प्रथा थियो, तर पछि यसलाई मजिपाटमै वस्ने रंजितकारहरूले सुचारु राखेका थिए । जे भए तापनि लाखे वन्ने मान्छेलाई लाखेको पोशाक लगाइसकेपछि मखुण्डो पहिराउँदा ज्यापुले नै पूजा गरेर उसमा लाखेको शक्ति उतार्ने चलन कायमै छ । कुमारीजात्राको समयमा गणेश, भैरव र कुमारीको रथलाई वाटो देखाउने भूमिका निर्वाह गर्दै मजिपाःलाखे रथको अघि अघि नाच्दै जाने चलन काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले चलाएको मानिन्छ (बज्राचार्य, २०५७, पृ. १०४ : १०५) ।

मञ्जुपत्तन : पद्मगिरिदेखि गुह्येश्वरीसम्म मञ्जुश्रीद्वारा बसाइएको पौराणिक नगर (राइट, १८७७, पृ. ७९) ।

मञ्जुश्री : महाचीनको पञ्चशीर्षबाट आई आफ्नो खड्गले पहाड काटेर नागह्रदको पानी सुकाई रमणीय र उर्वरा उपत्यकाको सिर्जना गर्ने मानिएका वोधिसत्व । संस्कृत भाषामा मञ्जुको अर्थ मनमोहक वा सरस्वती र श्रीको अर्थ शोभा वा लक्ष्मी हुन्छ । नेपालीहरू एकातिर मञ्जुश्रीलाई लक्ष्मी र सरस्वतीको प्रतीक मान्दछन् भने अर्कोतिर वरदा र मोक्षदा शक्तिसहित विष्णु अथवा मञ्जुनाथको रूपमा शिव ठान्दछन् (भट्टराई, २०१३, पृ. १६) । मञ्जुश्रीलाई कसैले चार हातमा खड्ग, अंकूश, वरद र पाश धारणा गरेको रूपमा त कसैले चाहिं दायाँ हातमा अज्ञान नष्ट गर्ने खड्ग र बायाँ हातमा पवित्र वौद्ध ग्रन्थ प्रज्ञापारमिता लिइराखेको रूपमा चित्रण गर्ने गरेका छन् । मञ्जुश्रीको खड्गलाई वौद्धमार्गीहरू अज्ञानरूपी अन्धकार नष्ट गर्ने ज्ञानको प्रतीक त सनातन धर्मावलम्वीहरू शक्तिको प्रतीक मान्दछन् । मञ्जुश्रीलाई वागेश्वरको रूपमा पनि पूजा गरिन्छ (सायमी, १९७२, पृ. १४८ : १४९) । सांखुनिवासीहरू मञ्जुश्रीलाई आफ्ना पुर्खा मान्दछन् ।

मञ्जुश्रीचैत्य : स्वयम्भू डाँडाको पश्चिमी चुलीमा मिर्मित चैत्य जहाँ एउटा प्रस्तरमा मञ्जुश्रीको पादुकाचिन्ह अंकित छ । वौद्धमार्गीहरू मञ्जुश्रीलाई ज्ञानप्रचारक मान्दछन् र विद्याकी अधिष्ठाता देवी सरस्वतीस्थानहरूमा झैं हरेक वर्ष श्रीपंचमी (माघ शुक्ल पञ्चमी) का दिन यहाँ पनि मेला लाग्छ ।

मञ्जुश्रीपाद : स्वयम्भूको पश्चिमतर्फको थुम्कोमा मञ्जुश्रीस्थानमा एउटा प्रस्तरमा पादचिन्हअंकित मण्डल रहेको छ जसलाई मञ्जुश्रीको पैतलाको

चिन्ह भन्ने गरिन्छ । श्रीपञ्चमीका दिन हिन्दूमार्गीहरू यसलाई सरस्वतीको रूपमा पूजा गर्दछन् । त्यहाँ दुवै पादचिन्हमा दुई आँखा पनि अंकित छन् जसलाई ज्ञानचक्षुको प्रतीक मान्न सकिन्छ । किम्वदन्तीअनुसार चाहिं मञ्जुश्रीका एक शिष्य सर्वज्ञमित्रले ज्ञानको प्रचार गरिरहँदा स्वयं मञ्जुश्री एउटा भीखमंगाको रूपमा त्यहाँ पुगेका थिए तर सर्वज्ञमित्रले भीखमंगालाई गुरु भनेर चिनाउन लाज मानेर बेवास्ता गरी सबै श्रोताहरू गइसकेपछि मात्र गुरुको पाउमा ढोग्न लाग्दा दुवै आँखा खसेको भन्ने जनधारणा छ (वज्राचार्य, ११२०, पृ. १८०) ।

मणिकुण्ड : साँखुनजिकै रहेको कुवा जहाँ बुद्धले आफ्नो पूर्वजन्ममा नरमणि धोएर इन्द्रलाई दान गरेको मानिन्छ । यहाँ श्रावण शुक्ल पूर्णिमा (जनैपुर्णे) का दिन मेला लाग्छ (श्रेष्ठ, २०४४, पृ. ११५) ।

मणिचूड : मणि अर्थात् नरमणि र चूडम अर्थात् कुण्डको योगबाट मणिचूड नाम बनेको हो । काठमाडौंबाट अन्दाजी ७ कोस उत्तरतिर रहेको यसै कुण्डनेर मणिचूड राजाले इन्द्रलाई आफ्नो शिरमा रहेको मणि दान दिएको किम्वदन्ती पनि प्रचलित छ । यसै कुण्डको आधारमा डाँडोको नाम पनि मणिचुड रहन गयो । कतै कतै मणिशैल भनिएको पाइन्छ (हेर्नुस् 'मणिशैल महावदान') ।

मणिजोगिनी : उग्रतारा र खड्गजोगिनीको नामले पनि प्रसिद्ध देवीको रातो, नीलो तथा सेतो मुहार भएको कल्पना गरिन्छ । नेवारीमा यसैको आधारमा ह्याउँख्वामैजु आदि नाम प्रचलित छन् । अग्निको ज्वालाको रूपमा त्रिमुखी देवीको स्वरूप तीन रंगहरूको आधारमा त्रिगुण (सत्व, रज, तम) को प्रतीक र त्रितत्वको वोधक त्रिमूर्तिको रूपमा पनि विचार गरिन्छ । साँखुस्थित मणिजोगिनी (वज्रजोगिनी) को मन्दिरमा दायाँ हातमा खड्ग र बायाँ हातमा पुष्पमाला लिइकी देवीको मूर्तिको अगलवगलमा सिंहिनी तथा व्याघ्रिनीका मूर्तिहरू रहेका छन् । यस मन्दिरमा पितृहत्या गर्ने मानदेवका पिता राजा विश्वदेवको टाउको अद्यापि रहेको छ भन्दछन् (सिजापति, २०११, पृ , राइट, १७७, पृ. १००) ।

मत्सेन्द्रनाथ (वुंगद्यो) : एउटा किम्वदन्तीअनुसार ब्रह्माले माछाको गर्भवाट उत्पन्न गराएको हुँदा मत्सेन्द्रनाथ भनिएको भनिन्छ भने अर्को किम्वदन्तीमा चाहिं विष्णुको मोहिनी रूपमा आसक्त भएका शिवको वीर्यवाट माछामा गर्भ रही मच्सेन्द्रनाथको जन्म भएको वर्णन पाइन्छ (भाषावंशावली, २०२३, पृ. ६) । शैव सम्प्रदायका जालन्धरनाथ मत्सेन्द्रनाथको गुरु मानिन्छन् भने गोरखनाथ चाहिं शिष्य (कोइराला, २०५०, पृ. ७३) । शैवहरू मत्सेन्द्रनाथलाई शिवरूप र सूर्यरूप मानेर पूजा गर्दछन् भने वौद्धमार्गीहरू चाहिं करुणामय, अवलोकितेश्वर वा पद्मपाणी लोकेश्वरको रूपमा मान्दछन् । कान्तिपुरका मत्सेन्द्रनाथलाई सेतो र पाटनको मत्सेन्द्रनाथलाई रातो भन्ने चलन छ । सम्भवत: मत्सेन्द्रनाथको मूर्तिको रंगको आधारमा यस्तो विशेषण लगाइएको हो, किनभने वुंगमतीमा रहेको मत्सेन्द्रनाथको मूर्ति रातो रंगको छ । शैव र वौद्धहरूको धर्मसमन्वयको प्रतीक मत्सेन्द्रनाथको मूर्तिमा रंगरोगनको काम राजा नरेन्द्रदेवका कान्छा छोराका सन्तान मानिने नेको

भनिने शैव धर्मावलम्वी श्रेष्ठहरूले र दशकर्म संस्कार तान्त्रिक विधिअनुसार आचाजुहरूले गर्दछन् भने नित्यपूजा चाहिं वौद्ध वज्राचार्य पानेजु (शाक्य) हरूले गर्दछन् (कोइराला, २०५०, पृ. ७५) । राजा श्रीनिवास मल्लको पालामा नीलकण्ठ नामक कविले संस्कृत भाषामा 'मत्सेन्द्रशतकम्' (वि.सं. १७३४) काव्यको रचना गरेका थिए ।

मत्सेन्द्रनाथ रथयात्रा : प्रत्येक वर्ष वैशाख शुक्ल प्रतिपदादेखि सुरु हुने मच्छिन्द्रनाथको रथजात्रा वुंगमतिवाट ललितपुरसम्म रथ तानेर सम्पन्न गरिन्छ । मच्छिन्द्रनाथको रथजात्रा अवलोकन गराउन पाटनका कुमारीलाई गाःवहालवाट ल्याई कुमारीपाटीमा विराजमान गराइन्छ । पाटनका राजा सिद्धिनरसिंह मल्ल (सत्रौं शताव्दी) को ऐतिहासिक खड्गलाई राजप्रतिनिधिको रूपमा मच्छिन्द्रनाथको रथमा राखिन्छ । रथ जात्रामा गुरुजूको पल्टनका साथै धिमे, नायखीं वाजाहरू सम्मिलित गरिन्छन् । मच्छिन्द्रनाथको रथ तान्दै ल्याएको संकेत दिन सांस्कतिक वाजाहरूका अघिल्लो पंक्तिमा च्यासल टोलका दुईजना व्यञ्जनकारले इन्द्रवाजा भनिने काहावाजा वजाउँदै आउँछन् । मच्छिन्द्रनाथको रथ तानेर ल्याउँदा वाटोमा परेका घरका झ्यालहरूवाट फूल र अच्छेताले पूजा गरिन्छ । जावलाखेलमा नेपालका राजाको उपस्थितिमा भोटो देखाउने दिन मच्छिन्द्रनाथका वावु भनिने मीननाथको रथलाई पनि चकवहिलस्थित मन्दिरवाट जावलाखेल पुऱ्याइन्छ । जावलाखेलमा भोटो देखाइसकेपछि त्यसै दिन मच्छिन्द्रनाथको मूर्तिलाई खटमा राखेर वुङ्मतीस्थित मच्छिन्द्रवहालमा र मीननाथलाई चकवहालस्थित आफ्नै मन्दिरमा पुऱ्याइन्छ । वुंगमती पुगेको चौथो दिनमा त्यहाँ पनि भोटो देखाइसकेपछि अधिराज्यमै सवभन्दा लामो अवधिसम्म सञ्चालन हुने जात्रा समाप्त हुन्छ ।

मत्स्यदेवता (न्याद्यः) : अन्नपूर्णको मन्दिर रहेको असनचोक (काठमाडौं) मा माछाको आकृतिअंकित एउटा प्रस्तरमूर्ति रहेकको छ (श्रेष्ठ, १९७१, पृ. २०५) । कुनै समयमा आकाशवाट माछा खसेको मानिने त्यो ठाउँ काठमाडौंको उपल्लो (नेवारीमा थने) र तल्लो (नेवारीमा कोने) खण्डको अर्थात् प्राचीन सुवर्णप्रणाली (थहिटी) र कान्तिपुरको सन्धिस्थल मानिएको छ (सिजापति, २०११, पृ. ३४) । नेपालीहरू मछालाई शुभसूचक मान्दछन् । नेवार समाजमा सगुन दिंदा एक हातमा रक्सीको प्याला र अर्को हातमा मासको रोटीमाथि उसिनेर तारेको कुखुराको फूल र तारेको सानो सिंगो माछा राखेर आशिर्वाद दिने चलन छ । नेपाल एकीकरणको क्रममा एकपल्ट त्रिशुलीनदी तर्न लाग्दा पृथ्वीनारायण शाहको डुंगामा माछा उफेर परेको घटनालाई साइतको शुभसंकेत मानिएको थियो ।

मध्यलखु : राजा अंशुवर्माले देवपाटनवाट दक्षिणतर्फ एक नयाँ सुन्दर दर्वार वनाई नयाँ राजधानी स्थापित गरे जुन मध्यलखु नामवाट प्रसिद्ध भयो (राइट, १८७७, पृ. १२२) ।

मन्सारामवावाः सिम्रौनगढस्थित कंकालीमाईको मन्दिरअगाडि मन्सारामवावाको समाधिस्थल छ । त्यहाँ मन्सारामवावाको खराउ हुनुका साथै अहोरात्र धुनी

जगाइन्छ जसको खरानी टीका लगाएमा मनले चिताएको पूरा हुने जनविश्वास रहेको छ । यहाँ रामनवमीका दिन मेला लाग्दछ (श्रेष्ठ, २०६०, पृ. ४२) ।

मरांबुरु (मरांगबुरु) : सतार भाषामा यसको शाब्दिक अर्थ हुन्छ : ठूलो पहाड । सृष्टिकर्ता ईश्वरको रूपमा सतारजातिले मरांबुरु (मरांगबुरु) लाई लिटः वा ठाकुर भनेर सम्मान जनाउँछन् (शर्मा, २०५४, पृ. ३३) ।

मष्टो : मस्तिष्क (खस भाषामा मान्ठ) शव्दबाट यस निराकार देवताको नाम रहन गएको प्रतीत हुन्छ । पन्द्रौं शताव्दीको एक वंशावलीमा सर्वप्रथम मष्टोको नामोल्लेख गरिएको पाइन्छ । पश्चिमी नेपाल (बझांग, जुम्ला, तिब्रीकोट) तिर शिवको रूपमा पूज्य यस देवताको कुनै निश्चित आकार हुँदैन । निलो रंगको शिलाको रूपमा बद्रीनारायणधामवाट यो देवता बझांग ल्याइएको र वान्नी भन्ने ठाउँमा स्थापना गरिएको किम्बदन्ती प्रचलित छ (श्रेष्ठ, २०४४, पृ. ९८) । विभिन्न स्थानमा रहेका मष्टोहरूलाई वान्नीमष्टोका भाइको रूपमा मानेर बाह्र भाइ मष्टो (ढँडार, कवाँ, कालोसिल्टो, धवलपुरी, दूधेसिल्टो, दाढे, लरिचाल, थार्प, बुड्ढ, कैलाश, लाँखुरी, सुकीलोहल आदि) को नामले तिनको परिचय दिइन्छ (जोशी, २०३५, पृ. १३१ : १३२) । पश्चिमबाट पूर्वतर्फ खस जातिको प्रसारका साथै मष्टो देवता पनि सर्दै केन्द्रीय नेपालसम्म पुगेको बोध हुन्छ । केही ठकुरीहरू मष्टोलाई आफ्नो कुलदेवता मान्दछन् (लेद्कोभ, २००१„ पृ. २८) । मष्टाहरू सौम्य वा निरामिष र असौम्य वा सामिष गरी दुई रूपका हुन्छन् र तिनको पूजा पनि दुई प्रकारले गरिन्छ (पाण्डेय, २०३५, पृ. १४२) । फूल र अक्षताले मात्र पूजा गरिने मष्टो देवताको अक्सर दुई थलाहरू हुन्छन् : गाउँनजिकै घरथान र एकान्त स्थलमा वनथान । माडु (मन्दिर) को गवीर (गर्भगृह) मा पुजारीबाहेक अरुलाई प्रवेशनिषेध छ । खुला कोठामा शंख, घण्ट, त्रिशूल, रुद्राक्ष, चमर, दियो, काठ र ढुंगाका मूर्तिहरूकै वगलमा ध्वजासहितको खामो ठड्याइएको हुन्छ । मष्टोदेवताले मानिसहरूसंग धामीको माध्यमवाट सम्पर्क स्थापना गर्दछ (श्रेष्ठ, २०६०, पृ. ८२) ।

महाकाली : मानसरोवर पीठकी अधिष्ठात्री देवी । महाकालीदेवीलाई भोटे लामाहरूले आफ्नो पूजापद्धतिअनुसार पूजा गर्ने हुँदा नेपालतिर भोटेकाली भन्ने चलन छ । तिव्वत क्षेत्रतिर हरेक गुम्बामा महाकालीको मूर्ति राखिएको पाइन्छ । नेपालकै रोल्पा, रुकुम जिल्लातिर धामीहरूको शरीरमा ध्यानावस्थामा महाकाली किंवा भोटेकाली उत्रिंदा धामीहरू तिव्वती भाषामै वोल्दछन् । महेन्द्रनगरमा महाकालीनदीको किनारैमा सीताको महाकाली स्वरूपको मूर्ति स्थापना गरिएको मन्दिर छ । दुर्गा शप्तशतीमा वर्णित महाकालीका दश भुजा छन् भने सीताको महाकाली रूपमा चाहिं चार हातले घण्टा, पाश, खड्ग र खप्पर (कपालपात्र) धारण गरेका हुन्छन् (गौतम, २०४८, पृ. ३३ : ३५) ।

महाकालीनदी (सौका भाषामा कुठीयाङदी) : मानसरोवर प्रदेशवाट प्रस्रवित भई नेपालको पश्चिमी सीमामा वग्ने नदी । सौका (तिव्वती) भाषामा यो

नदी कुठीयाङदी भनिन्छ, जसको अर्थ हुन्छ कालो नदी । यस नदीको शिर रहेको लिम्पियाधुरा तथा लिपुलेखतिर सबैजसो ठाउँमा कालोमाटो पाइन्छ र हिउँ पग्लेर बग्दा पानी नभन्दै कालो देखिन्छ । यसैको आधारमा नदीको नाम नै कालीनदी रहनु सार्थक छ (खनाल, १९९६, पृ. ६) यस नदीलाई तराईमा पुगेपछि भारततिर शारदा भन्दछन्, अनि तल बग्दै भेरी समेटिएको कर्णालीमा मिसिएपछि यो घागरा भन्ने नामले चिनिन्छ । किम्बदन्तीअनुसार सशरीर स्वर्ग जान खोज्दा घोप्टे परेर बीचैमा झुण्डिन पुगेको त्रिशंकु राजाको राल मिसिएको मानिने घागरानदीको जल छोएमा धर्म नष्ट हुनेहुँदा त्यसलाई कर्मनाशा पनि भनिन्छ । यही नदी अयोद्या पुगेपछि पतितपावनी सरयूनदी बन्न पुग्छ र उत्तर प्रदेशको बलिया जिल्लामा टोंस भन्ने नामले बग्दै गंगामा मिल्दछ ।

महासत्व : महारथ भन्ने राजाका चार वा तीन पुत्रहरूमध्ये सबभन्दा कान्छा राजकुमार जसले 'दिव्य अवदान' मा वर्णित कथाअनुसार सुवर्णगिरिमा जाँदा भोकी बघिनी र उसका डमरुहरूलाई आफ्नो मासु खुवाएर निर्वाण प्राप्त गरेका थिए । बुद्ध पुगेर नतमस्तक भएको त्यस स्थानमा धर्मधातुचैत्य र विहार बनेको छ जुन ठाउँ नमोबुद्ध (नमुरा) भनिन्छ (अमात्य, १९९१, पृ. ६६ : ६७, पृ. १००) । कार्तिक पूर्णिमाका दिन त्यहाँ तिब्वतीहरू चैत्यसामु बसेर आफ्ना मृत पुर्खाहरूको स्मृति गर्दै रुन्छन् । त्यसै दिन खटजात्रा पनि गरिन्छ, तर खटमा महासत्वको नभई हरिहरको मूर्ति राखिएको हुन्छ (अमात्य, १९९१, पृ. १००) ।

मातातीर्थ : चन्द्रागिरिको काखमा अवस्थित पोखरीमा मातृशोकमा परेको ग्वालाले आफ्नी मरेकी आमाको दर्शन पाएको हुनाले नेमुनिले पोखरीको नाम मातातीर्थ राखिदिए (राइट, १८७७, पृ. १०८) । यहाँ वैशाख अमावास्या (मातातीर्थ औंसी) का दिन आमा दिवंगत भइसकेका मानिसहरूको मेला लाग्दछ ।

मानदेव : लिच्छवि वंशका प्रख्यात राजा मानदेव (ईशाको चौथो शताब्दी) संग किम्बदन्तीका नायकको नाम जोडिएको प्रतीत हुन्छ । तर ऐतिहासिक मानदेवका पिताको नाम अर्कै छ । कतैकतै विक्रमकेसरीका पुत्र भूपकेसरीले पितृहत्या गरेको उल्लेख पाइन्छ (राइट, १८७७, पृ. १००) ।

मानसरोवर : हाल तिव्बतमा पर्ने पवित्र सरोवर जस्को उत्तरमा सतीदेवीको हत्केला पतन भएको मानिन्छ । दाक्षायणी भनिने त्यस पीठमा अवस्थित शिवको नाम चाहिं हाटकेश्वर हो ।

मिथिला : मन्थनवाट उत्पन्न भएका मिथि भन्ने राजाको देश हुनाले मिथिला भनिएको हो (श्रेष्ठ, २०४४, पृ. १२२) । विनयचन्द्र सेन (कलकत्ता विश्वविद्यालयका प्राध्यापक) को मतानुसार गण्डकीदेखि कोशीसम्म ३०९ किलोमीटर लामो र गंगादेखि हिमालयको वीचमा २०६ किलोमीटर चौडाई,, भएको भूभागमा मिथिला राज्य फैलिएको थियो । यो स्थल पवित्र मानिने हुनाले तिरभुक्ति (तिरहुत) भनिएको हो ।

मेचे : मेची नदीको किनारामा वसोवास गर्ने हुनाले मेचे जातिनाम

अस्तित्वमा आएको हुनु सम्भव छ ।

मृगस्थली : वाग्मतीनदीको वायाँ किनारमा रहेको गुह्येश्वरीको वन । एक सिङ र तीन आँखा भएको मृगको रूपधारी शिवलाई ब्रह्मा, विष्णु र इन्द्रले जोडले समात्दा सिङ तीन टुक्रा भएको स्थल हुनाले मृगस्थली नाम रहेको भन्ने स्वस्थानी ग्रन्थमा वर्णन गरिएको पाइन्छ (श्रेष्ठ, २०४४, पृ. १२६, श्रेष्ठ, १९९६, पृ. ४५ : ४६) ।

मृगेन्द्रगिरि : काठमाडौं उपत्यकाको उत्तरतर्फ रहेको शिवपुरी पर्वत जो मृगेन्द्रशिखर पनि भनिन्छ ।

म्हपूजा (शव्दशः देहपूजा) : नेपाल सम्वत्अनुसार नयाँ वर्षको सन्दर्भमा मार्ग कृष्ण प्रतिवदाका दिन नेवार जातिमा आत्मपूजाको रूपमा शरीरको पूजा गर्ने चलन छ । नेपाल सम्वत्को प्रादुर्भावभन्दा पनि पहिलेदेखि नै नेवार जातिको विशेषतास्वरूप म्हपूजाको चलन अस्तित्वमा रहेको थियो । म्हपूजाको तात्विक अर्थ लक्ष्मीलाई वशमा लिइराख्ने वलिराजाको पूजा वा शरीरको रूपमा पंचतत्वको पूजा मानिएको छ (वज्राचार्य, ११२०, पृ. १४४) ।

यल : किरात राजा यलम्वरको राजधानी हुनाले ललितपुर (पाटन) को नाम नेवारीमा यल रहेको हो भनिन्छ । अर्को धारणाअनुसार संस्कृत भाषाको यूप (मौलो अथवा इन्द्रध्वज) शव्दलाई नेवारीमा यलसिं भनिने हुँदा यूपग्रामबाट अपभ्रंश हुँदै यग्ला र पछि यल भनिएको होला (श्रेष्ठ, २०४४, पृ. १२७) । यो नाम अति प्राचीन प्रतीत हुन्छ ।

यलम्बर: प्रसिद्ध किरात राजा जो महाभारत युद्धका प्रत्यक्षदर्शी मानिन्छ ।

यें : काठमाडौंको नेवारी नाम जुन इन्द्र (नेवारीमा यें) वा यलम्वरको नामसित सम्वन्धित प्रतीत हुन्छ (श्रेष्ठ, २०४४, पृ. १२७) ।

योगाकुलगिरि (योगाकुलपर्वत) : नमोवुद्धस्तुप रहेको यस पहाडलाई सुवर्णगिरि पनि भनिएको पाइन्छ (अमात्य, १९९१, पृ. ९९) ।

योमह्री : चामलको पीठोवाट तयार पारिएका अंजीरको फलजस्तो आकारप्रकारका थरी थरीका डल्लाहरूभित्र चाकुको सिरपमा तिलको धूलो मिसाइएको लेदो पदार्थ हाली वफाएर पकाइएको विशेष किसिमको रोटी । यस्तो रोटीले वौद्धचैत्यको पनि प्रतिनिधित्व गर्दछ, । वौद्धमार्गीहरूले यसको गर्भमा तिल र चाकु मात्र नभई ५ गेडा अक्षता पनि हाल्दछन् जो पञ्चवुद्ध (अमिताभ, अमोघसिद्धि, अक्षभ्य, रत्नसम्भव तथा वैरोचन) को प्रतीक हो (वज्राचार्य, ११२०, पृ. १६४) ।

योमह्रीपुन्ही : मार्ग शुक्ल पूर्णिमाको साँझ काठमाडौं उपत्यकामा केटाकेटीहरू घर घरमा गई तिहारमा भैलो वा देउसी खेलेझैं लय हालेर विशेष किसिमको नारा भट्याइ योमह्री माग्दछन् । कुवेरका साथै गणेश, लक्ष्मी, वसुन्धरा आदि देवदेवीको पूजा गरी यस दिन मनाइने यस उत्सवलाई नेवारीमा योमह्रीपुन्ही भन्दछन् । पहाडका गाउँघरतिर गोठमा गैंडुपूजा गर्ने चलनअनुरूप यसै दिनलाई गैंडुपूर्णिमा भनिन्छ ।

रक्षावन्धन (राखी) : श्रावण पूर्णिमाका दिन पुरोहितले पुरुषलाई दायाँ हात र नारीहरूलाई बायाँ हातको नाडीमा पहेंलो रंगको रक्षासूत्र बाँधिदिन्छन् । तराईतिर राखी (सिंगारेर तयार पारिएको रक्षासूत्र) दिदीवहिनीले दाजुभाईहरूलाई बाँधिदिने चलन छ ।

रक्तचन्दनवन (नेवारीमा चासंगुं) : बनेपानजिकैको वन । त्यहाँ अद्यापि एउटा रुखको कुण्ड (तोडका) मा गुप्त रूपले चण्डेश्वरी (नेवारीमा चासंद्यः) को वास छ भन्ने जनधारणा रहेको छ ।

रत्नसागर : जनकपुरको एउटा ताल । जनकपुरको आसपास अग्निकुण्ड, विहारकुण्ड, धनुषाकुण्ड, दशरथ तलाउ आदि कैयौ तालतलैयाहरू छन् जो दैत्यहरूले एकै रातमा निर्माण गरेका थिए भन्ने विश्वास गरिन्छ । प्राचीन जनकपुरको वरिपरि योजनावद्ध ढंगवाट यी तलाउहरू खनिएको अनुमान हुन्छ । रत्नसागरका अतिरिक्त अन्य तालतलैयाहरूको सन्दर्भमा पनि विभिन्न किम्वदन्तीहरू प्रचलित छन् । उदाहरणार्थ, रामसंग विवाह हुनुभन्दा पहिले सीताले स्नान र श्रृंगार गरेको तलाउ सीताकुण्ड भनिन्छ भने गंगासागर र धनुकसागर चाहिं सौतासौतेनी मानिन्छन् ।

रत्नावती : वागमतीको दायाँपट्टिको सहायक नदी जुन हाल वल्खु भनिन्छ (राइट, १८७७, पृ. ९४) ।

राखी : हेर्नु. रक्षावन्धन ।

राघवदेव : मानदेवका पुत्र „राजा राघवदेवको पालामा नेपाल सम्वत् चल्यो„ (भाषावंषावली, २०२३, पृ. २५) भन्ने वंशावलीमा लेखिए तापनि कुनै तात्कालिक प्रमाण पाइएको छैन । ललितजंग सिजापतिले साख्वाःद्वारा नयाँ सम्वत् चलाइएको सन्दर्भमा भक्तपुरका राजा आनन्ददेव र ललितपुरका राजा जयदेवको नामोल्लेख गरे तापनि कान्तिपुरका राजाको नाम दिएका छैनन् (सिजापति, २०११, पृ. ४२) ।

रोसी (संस्कृत नाम रोषमती) : सुनकोशीको सहायक नदी (मेचीदेखि महाकाली, भाग २, पृष्ठ ४७४) ।

लक्ष्मीपूजा : तिहारको आश्विन कृष्ण औंसीका दिन घर घरमा दीपावली गरी लक्ष्मीपूजा गरिन्छ । यस अवसरमा समुद्रको सम्पदाकी देवी लक्ष्मी, पृथ्वीवाट उब्जने अन्नादिकी देवी अन्नपूर्णा, सुन, चाँदी, पन्ना आदि मणिमाणिक्यकी देवी वसुन्धरा, पशुधनकी देवी महालक्ष्मीको रूपमा अन्नको भकारी, रुपियापैंसा, गाईको समेत पूजा गरिन्छ । जनैपूर्णिमाका दिन बाँधिएको रक्षावन्धन यसै दिन गाईको पूजा गरी पुच्छरमा बाँध्ने चलन छ (वज्राचार्य, ११२०, पृ. १२७) । व्यापारीहरू यसै दिन वर्षभरिको आयव्ययको हिसाव गरेर त्यसको भोलिपल्ट (नेपालसम्वत् आरम्भको दिन) देखि नयाँ खाता सुरु गर्दछन् (वज्राचार्य, ११२०, पृ. १४२) ।

लखुतीर्थ : भद्रमती (लखुनदी) र विष्णुमतीको संगमस्थल (भाषावंषावली, २०२३, पृ. २५) ।

लगन : पाटनको लगनखेल जहाँ मत्सेन्द्रनाथ (नेवारीमा वुंगद्यो) को रथ पुग्दा लगनजात्रा सम्पन्न गरिन्छ ।

ललितपट्टन (ललितपुर, पाटन) : ललितारण्यमा वा ललित भन्ने ज्यापुले वनाएको शहर (राइट, १८७७, पृ. १३४ : १३६) । किरात राजा यलम्वरद्वारा वसाइएको नगर हुनाले नेवारी (नेपालभाषा) मा अद्यापि यल भनिन्छ । अर्को धारणाअनुसार कलिगताव्द ३५५५ मा राजा वीरदेवले अघिको मतिलिनगरको विस्तार गरी ९ हजार घर थपेर यस नगरको स्थापना गरेको मानिन्छ (भाषावंशावली, २०२३, पृ. १ : ३) ।

लाखे (संस्कृतमा राक्षस) : संस्कृतको राक्षस शव्दबाट अपभ्रंश भई नेवारीमा लाखे शव्द अस्तित्वमा आएको प्रतीत हुन्छ । मासु खाने भूत भन्ने अर्थमा नेवारी भाषामा लाखे (ला भनेको मासु र ख्या भनेको भूत वा ख्याक) भनिनु सार्थक नै छ ।

लामाथाडा : जुम्लाको हाटसिंजा गाउँनजिकै पूर्वतर्फ रहेको एक थुम्को । स्थानीय भाषामा लामाथाडाको अर्थ हुन्छ : लामो छाना । सम्भवत: कुनै समयमा यहाँ लामो छाना भएको प्राचीन दर्वार रहेको हुँदा खसान राज्यको राजधानीले यो नाम पाएको होला । अद्यापि यहाँ प्राचीन राजदर्वारको भग्नावशेष रहेको छ । त्यहाँ कनकासुन्दरी र त्रिपुरासुन्दरी (जालपादेवी) का मन्दिरहरू र आकाशवाट झरेका मानिने स्यूवाघ भनी प्रसिद्ध वाघका दुई प्रस्तर मूर्तिहरू रहेका छन् (श्रेष्ठ, २०४४, पृ. १३८) ।

लिम्वु : लिम्वुको अर्थ हुन्छ : धनुर्धारी । लिम्वुहरूको वासस्थान लिम्वुवान (कोशी अंचलको तेरथुम, धनकुटा, मेची अंचलको पाँचथर, ताप्लेजुंग र इलाम जिल्लाहरू) भनिन्छ जहाँ कुनै समयमा दसजना सर्दारहरूको आधिपत्य रहेको हुँदा दश-लिम्वुवान पनि भन्ने चलन थियो ।

लुकुमाद्यो (गुप्त महादेव) : नेपाल उपत्यकाभरि हरेक ठाउँमा वर्षको एकपल्ट चैत्र कृष्ण चतुर्दशी (पिशाच चतुर्दशी) को राति घरको संघारनेरै सडक र गल्लीको छेउमा जमीनमुनि गाडिएका गुप्त शिवलिंगहरू माटो खनेर वाहिर निकाली के शिवमार्गी र के बौद्धमार्गी सवै नेवारहरू मद्यमांस आदि वस्तुहरू चढाई पूजा गर्दछन् । संस्कृतकै पिशाच चतुर्दशीको अपभ्रंशको रूपमा नेवारीमा यो पर्व पाहाँचह्रे (अतिथि चतुर्दशी) वा पासाचह्रे (मित्र चतुर्दशी) भनिन्छ जुन किम्वदन्तीको भावनाअनुकूल पनि छ । शिवले पिशाचको रूप लिई गुप्त रूपमा मद्यमांस समेत ग्रहण गरेको परिप्रेक्ष्यमा प्रचलित किम्वदन्ती यस्तो छ : एकपल्ट पार्वतीले शिवसित आफूले जस्तै मानिसहरूले अर्पण गर्ने सबै वस्तुहरू ग्रहण गर्ने अनुरोध गरिन् । शिवले पार्वतीको चित्त वुझाउनको निम्ति पिशाचको रूप लिएर मद्य, मांस, लसुन, प्याज आदि मानिसहरूले अर्पण गरेका सवै पदार्थहरू अरुले नदेख्ने गरी लुकेर ग्रहण गरे ।

लुतिमरु (इन्द्रायणी देवी) : लुतिमरुदेवीको घर त्यौड टोलमा रहेको

भन्ने किम्वदन्तीमा उल्लेख गरिएको पाइन्छ । भोलि गणेश, ज्वलान्हायकं गणेश, स्वम्फू गणेश आदिलाई लुतिमरुदेवीको सन्तान मानिएको छ ।

लोटनी : सुर्मासरोवरनजिकै रहेको ठाउँ । तीर्थयात्रीहरू यस ठाउँमा पुग्दा लडिबुडी खेल्ने गर्दछन् ।

ल्हासा : तिव्वतको राजधानी जहाँ नेपाली व्यापारीहरू परापूर्वकालदेखि नै व्यापार गर्न जाने गर्दथे ।

वरदादेवी : सिंजापतिका इष्टदेवता त्रिपुरसुन्दरी । हरेक वर्ष कार्तिक पूर्णिमाका दिन वरदादेवीको पूजा गरेर केही राँगाहरूलाई छोडिन्छ र तिनको पीछा गर्दै खड्गले प्रहार गरी देवीलाई वलि दिने चलन छ ।

वाख्खै : यस नामको शाव्दिक अर्थ हुन्छ : 'ऊ खोई ?' वा 'राक्षस खोई ?' सम्भवत: मान्छेको भोग खाने राक्षस खोई भन्ने अर्थमा यो नामकरण गरिएको प्रतीत हुन्छ । मेलामा तरवार नचाएर नाच्दै गाइने गीत पनि वाख्खै भनिन्छ । यस्तो वाख्खै गीत मासिंदै गएको देखिन्छ (कक्षपति, २०४३, पृ. २८ : ३१) ।

वाडों : नेवारीमा वा भनेको धान र डों भनेको थुप्रो हुन्छ । चन्द्रागिरि र दहचोकको बीचमा अवस्थित थानकोट भेकमा खेतको माझमा रहेको एउटा थुम्को संस्कृतमा धान्यगिरि पनि भनिन्छ ।

वाणासुर : शोणितपुरमा राज्य गर्ने दैत्यराज (नेपालमाहात्म्य, अ. ८, श्लो. ७०) ।

विक्रमशीलविहार (नेवारीमा थवही) : काठमाडौको ठमेलमा रहेको प्रसिद्ध वौद्धविहार ।

विरूढक : कतै कतै ओक्काक (इच्छाकु) नामको उल्लेख पाइन्छ ।

विरूपाक्ष : संस्कृत भाषाका दुई शव्द (विरूप अर्थात् असामान्य वा नराम्रो रूप र अक्ष अर्थात् आँखा) को संयोगवाट यो नाम रहेको छ । विरूपाक्ष नामको अपभ्रंशवाट विदुपक्ष हुँदै इडिपस (Oedipus) नाम अस्तित्वमा आएको भन्ने पनि धारणा छ । पशुपतिनाथको मन्दिरको नजिकै वाग्मतीतटमा रहेको विरूपाक्षको मूर्तिसित सम्वन्धित किम्वदन्तीले ग्रीस (युनान) का राजा इडिपसको पुराकथाको सम्झना गराउँछ । जमीनमा आधा गाडिएको अनार्य या मंगोल वान्कीको यस मूर्तिलाई कुनै किरात राजाको प्रतिरूप पनि भनिन्छ । यस मूर्तिको निधारमा तेस्रो आँखा पनि अंकित हुनाले यसलाई स्वयं शिवको रूपमा समेत विचार गरिन्छ । भक्तजनहरू वग्मतीमा नुहाईवरी यस मूर्तिको टाउकोमा पानी खन्याई अर्चना गर्दछन् । यो मूर्ति रहेको सानो मन्दिरको एक कुनामा सूर्यमूर्ति पनि रहेको छ जसलाई विरूपाक्षकी आमा भन्ने गरिएको छ (श्रेष्ठ, २०४४, पृ. १४५ : १४६) ।

विशालनगर (वर्तमान हाँडीगाउँको भेक) : कलिगताव्द २९६० भन्दा पहिले ९९ हजार घर भएको वूढानीलकण्ठदेखि कोटवालसम्म फैलिएको मानिने पौराणिक नगर (सिजापति, २०११, पृ. ४) । काँचीका राजा धर्मदत्तले आफ्ना १० पुत्रमध्ये वालकेतुलाई राज्य सुम्पेर वागमती तटवर्ती सुन्दरीतीर्थमा तपस्या गरी वल

प्राप्त गरेर किराती राजा संकूलाई अपदस्थ गरी यो नगर बसाई चारै वर्णको रक्षा गरी हजार वर्षसम्म राज्य गरे भन्ने किम्वदन्ती छ (राइट, १८७७, पृ. ९२ : ९३)। कालान्तरमा ज्यादै हठी स्वभावका राजा भोजसंग क्रुद्ध भई नवसागर भगवतीले एउटा कुवाबाट आगो निकालेर नगर भष्म गरिदिएको किम्वदन्ती पाइन्छ (राइट, १८७७, पृ. १०२)।

वृजाभार : विजयभार नामको अपभ्रंश प्रतीत हुन्छ।

शंखदेव : जोगदेव वज्राचार्यले एउटा रुखमुनि पल्टिरहेको बालक घरमा ल्याई पालेका थिए जो पछि शंखपुरका राजा बनाइए (मानन्धर, १९८२, पृ. ७५)।

शंखधर साख्वाः : नेपालसम्वत्का प्रवर्तक मानिने सम्भवतः एक ऐतिहासिक व्यक्ति। ललितजंग सिजापतिले साख्वालाई उच्चारणसाम्यका कारण शाके भनी नेपालसम्वत्सम्वन्धी किम्बदन्तीलाई शाकेसम्वत्संग जोडेका छन्। वंशावलीमा भनिएको छ : 'साख्वा जातमा शुद्र थियो तापनि वुद्धि बडो हुनाले नेपाल पुरीमा ठूलो जस प्रख्यात गरी श्रीपशुपतिनाथका दक्षिण दर्वाजासन्मुख आफ्नू शिलामूर्ति वनाई स्थापना गरी अन्त्यमा उद्धार भै गयो' (भाषावंशावली, २०२३, पृ. २५)। वि.सं. २०५७ को मंसीर ३ गते (ने.सं. ११२० कछलाथ्व, एकादशी) का दिन श्री ५ को सरकारले शंखधर साख्वाःलाई राष्ट्रिय विभूतिको रूपमा राजकीय मान्यता प्रदान गरेको छ।

शंखपुर (साखु) : राजा शंकरदेवले उग्रतारादेवीलाई चढाउन शंखाकार नगर वनाएको हुनाले शंखपुर भनिएको र यसैको अपभ्रंशवाट हाल यो साँखु (नेवारीमा सक्व) भनिन्छ (राइट, १८७७, पृ. १५३)। कलिगत १८०१ मा सात गाउँलाई एकजुट पारेर शंखको आकारमा निर्मित गरिएको हो भनिन्छ। साँखुस्थित वज्रजोगिनीको मन्दिरमा उग्रताराको मूर्ति राखिएको छ (श्रेष्ठ, २०४४, पृ. १५५)। यस नगरका आठ द्वारहरूमा रक्षकको रूपमा अष्टमातृका स्थापित गरिएका छन्। वज्रयोगिनीको जात्रा साँखुमा चैत्र शुक्ल पूर्णिमाका दिन एक हप्तासम्म मनाइने रथयात्रा हुँदा नेवारीमा यसलाई सक्वयात्रा (सकोजात्रा) भन्दछन् (मानन्धर, १९८२, पृ. ७४ : ७५)।

शचीतीर्थ : इन्द्रकी पत्नी शची (इन्द्रायणी) ले शिवपार्वतीको तपस्या गरेको पद्मावतीको नदीतट।

शतवीज : मार्ग कृष्ण चतुर्दशीका दिन वर्षेनी पशुपति, गुह्येश्वरी, मृगस्थली आदि स्थानमा छरिने धान, गहूँ, जौ, तिल, भटमास, मास, केराउँ आदि सात प्रकारका अन्नहरू। नेपालमा वसोवास गर्ने विभिन्न जातिका बौद्धमार्गीहरू र हिन्दुहरू सबैले पितृउद्धारका लागि र भविष्यमा आफ्नो नाममा यसरी शतवीज छरिदिने कोही सन्तान नभएकाहरूले आफ्नै लागि समेत शतबीज छर्दछन्। यसरी शतवीज छरिसकेपछि कसैलें कैलाशपर्वतमा रहेको वसुन्धरा वा धनधान्य भनिने ढुंगामा त कसैले चाहिं वहिरो गणेशको स्थानमा वाकी सवै शतवीज खन्याएर पूजा गर्दै गणेशलाई हल्लाएर मरेका पुर्खालाई सुनाइद्यौ भनी उसको कानमा जोड जोडले

कराएर भन्ने चलन छ । त्यसपछि शतवीज छर्नेहरू सुन्दरीकुण्डमा स्नान गरेर कैलाशपर्वतमा वसी केही खाएर घर फर्कन्छन् । शतवीज छरेमा हरेक प्रकारको पापवाट मुक्ति पाइनुका साथै सात पुस्तासम्मका पितृहरूले अन्न खान पाउँछन् भन्ने जनधारणा छ (बज्राचार्य, ११२०, पृ. १५८ : १६१) ।

शशिपट्टन (शशिप्रभा) : सम्भवतः ललितपट्टन । कारण, वौद्धमार्गीहरू मुख्यतः यसै नगरमा नै मतया, नेकूजात्रा वा श्रृंगभेरीजात्रा आदिको नामवाट किम्वदन्तीमा उल्लेख गरिएको जात्रा मनाउँछन् ।

शाक्यवंश : शकवृक्षको वनको आधारमा शाक्यवंशको उद्भव भएको हो भन्ने विद्वान्‌हरूको धारणा छ । शाक्यवंशमा जन्मेका हुँदा नै सिद्धार्थ गौतम वुद्ध शाक्यमुनि कहलाए (प्रधान, २०४२ : पृ. १ :५) । जेठी वहिनी प्रियालाई मातृस्थानमा राखी जातिसम्भेद नहोस् भनी अरु चार विमातृ वहिनीहरूसंग राजकुमारहरूले विवाह गरेको सुनेर उनीहरूका पिता राजा ओक्काक (विरुढक) ले 'सक्या वत भो, कुमाराति' (हे राजकुमार हो, सक्छौ) भन्ने उद्‌गार प्रकट गर्दा शाक्यवंश नाम रहन गयो (भिक्षु, २०२९, पृ. ११७: १२१) । भारतमा बसोवास गरिरहेका शाक्यहरूका साथै काठमाडौं उपत्यकाका शाक्यहरू पनि गौतम वुद्धकै वंशज हुन् भनिन्छ ।

शान्तिकर : गौडदेश (वर्तमान वंगाल) का राजा प्रचण्डदेवले काश्यपवुद्धको आदेशअनुसार नेपालमा पुगी स्वयम्भू र गुह्येश्वरीको दर्शन गरी गुणाकर भिक्षुको उपदेशवाट प्रभावित भएर आचार्य शान्तिकर वा शान्तश्री नामले प्रख्यात भएको किम्वदन्ती प्रचलित छ (भण्डारी, २०१५, पृ. २२) । भनिन्छ, शान्तिकरले नै स्वयम्भू ज्योतिलिंग छोपेर महाचैत्य निर्माण गराएका थिए । उनैले त्यसको वरिपरि पाँच पुरहरू पनि निर्माण गराए (शाक्य, १११४, पृ. २ : ७) ।

शालिग्राम : विष्णुको रूपमा पूजा गरिने चिल्लो ढुंगा । पतिव्रता वृन्दाको श्रापवाट विष्णुले शालिग्राम वन्नुपरेको अनुश्रुति छ । सुदर्शन चक्रवाट घोटिएका शीला शालिग्राम वन्न गएका हुन् भनी कार्तिक माहात्म्यमा लेखिएको छ । नदीभित्र स्नान गरिरहेको हात्तीलाई ग्राहले पक्रँदा हात्तीको प्रार्थना सुनी विष्णुले सुदर्शन चक्रद्वारा ग्राहलाई मारेर शरणागत हात्तीको रक्षा गरेको पौराणिक प्रसङ्ग प्रसिद्ध छ । भारतवर्षका हजारौं नदीहरूमध्ये कृष्णगण्डकीमा मात्र शालिग्राम पाइने हुँदा नदीको नाम नै चक्रनदी वा शालग्रामीनदी रहन गएको छ ।

शिलादेवी (शैलेश्वरी) : शिलोत्पन्न देवी हुनाले या नाम रहेको किम्वदन्ती प्रचलित छ । डोटीको सदरमुकाम सिलगढीमा सातौं शताब्दीमै यस देवीको मन्दिर निर्माण गरिएको हो भन्ने जनधारणा रहेको छ । श्री शैलेश्वरी माहात्म्य (लेखक : तेजनारायण श्रेष्ठ) मा उल्लेख गरिएअनुसार यहाँ अगस्त्य, विश्वामित्र, वेदव्यास आदि ऋषिमुनिहरू तपस्या गर्न पुगेका थिए । यहाँ नै अगस्त्य मुनिलाई शिवपुत्र कार्तिकेय (कुमार) ले यस स्थलमा पार्वती शिलामा परिणत भएको कथा वताएको मानिन्छ । काशीवाट आएका सोम शर्मा (सातौं शताव्दी) भन्ने कुनै व्राह्मणले शीलादेवी (शैलेश्वरी) को दर्शन पाए भन्ने पनि किम्वदन्ती छ (सुव्वा,

२०३७, पृ. ४८ : ५३) । शिलादेवीको मन्दिरमा कार्तिक पूर्णिमाका दिन मेला लाग्छ (श्रेष्ठ, २०४४, पृ. १६१) ।

शिवरात्रि : फाल्गुण कृष्ण त्रयोदशीको राति मनाइने शिवको पर्व । शिवरात्रिका दिन व्रत बसी पशुपतिनाथलाई वेलपत्र (त्रिदल वेलपत्रलाई त्रिनेत्री शिवको रूपमा मान्दछन्) चढाउने, धुनी बाल्ने चलन छ । शिवरात्रिको पर्वमा केटाकेटीहरू समेत घरघर पुगी 'शिवलाई जाडो भयो, धुनी बाल्न दाउरा देऊ' भन्दै दाउरा मागेर शिवमन्दिरअगाडि धुनी बाल्दछन् । यस अवसरमा आठ दिनसम्म भारतका विभिन्न इलाकाहरूवाट समेत हिन्दूधर्मावलम्वी तीर्थयात्रीहरू पशुपतिनाथको दर्शन गर्न आउने मेला लाग्दछ । मेला भर्न काठमाडौं आउने साधुसन्तहरूलाई दानदक्षिणा दिई विदा गर्ने चलन छ ।

शिवल्हुति (सिलु) : शिव पल्टिरहेको कुण्ड भन्ने अर्थमा नेवारीमा गोसाइँकुण्डलाई सिलु (शिवल्हुति) भनिएको हो (श्रेष्ठ, ११०६, पृ. १) ।

शेखर आचार्य : लिच्छविवंशका राजा शिवदेवको पालामा किराँती राजाले २४००० फौज लिएर नेपालमा चढाइ गर्न आएको र तत्कालीन तान्त्रिक शेखर आचार्य (नेवारीमा आचाजु) ले सहस्त्र बाघको रूप लिई शत्रुलाई भगाएको किम्वदन्ती प्रचलित छ (सिजापति, २०११, पृ.६२) ।

शैलेश्वरी : हेर्नु. शिलादेवी ।

शोणितपुर : काठमाडौं उपत्यकाको दक्षिणपश्चिमस्थित वर्तमान थानकोटको प्राचीन नाम । आसाम (भारत) मा पनि यसै नामको स्थान रहेको छ । कतै कतै सुप्रभानगर (सुप्रभापुर) पनि भनिएको पाइन्छ ।

श्लेषमान्तकवन : त्रेतायुगको अन्त्य हुन लाग्दा वद्रीकेदारवाट आएका शिव प्रकट भएको वनमा लप्सीका रुखहरू प्रशस्त भएको हुनाले यो नाम रहेको हो (राइट, १८७७, पृ. ८२० ।

श्वेतकाली : कुनै जमानामा मान्छेको वलि चढाइने हुनाले नरदेवी भन्ने नामले प्रसिद्ध देवी । काठमाडौंमा यस देवीको मन्दिर रहेको ठाउँ नरदेवीटोल भनिन्छ ।

श्रृंगभेरीजात्रा (नेवारीमा नेकूजात्रा) : भाद्रकृष्ण द्विवतीयाका दिन सिद्धार्थ गौतमले मारहरूमाथि विजय प्राप्त गरी वोधिज्ञान हासिल गरेको उपलक्ष्यमा राँगाको सिङको वाजा वजाएर ललितपुरका सवै चैत्यहरूको प्रदिक्षणा गर्दै बत्ती वालेर मनाइने जात्रा हुँदा श्रृंगभेरीजात्रा भनिएको हो । नेवारी भाषामा सिङलाई नेकू भनिने हुँदा यो नेकूजात्रा भनिएको हो । प्रत्येक वौद्धमार्गी परिवारमा वर्षभरिमा मरेकाहरूको स्मृतिमा वौद्धचैत्यहरूमा वत्ती वालेर परिक्रमा गरिने हुनाले यसलाई मतया (दीपयात्रा) पनि भन्दछन् । ललितपुरका दश टोलहरूले वर्षेनी पालैसान्ति जात्राको आयोजना गर्दछन् । राजा वातार्चनदेवले ललितपुरको जेष्ठवर्ण महाविहार निर्माण भएको उपलक्ष्यमा १६ सय वर्षअगाडि यो जात्रा सुरु गरेका हुन् भन्ने पं. हेमराज शाक्यको भनाइ छ । राजा सिद्धिनरसिंह मल्लको पालामा ठूलो महामारी फैलिंदा

शान्तिस्वस्तिका लागि पाटनका दशै टोलका वज्राचार्यहरूको रायसल्लाहले सिङको वाजा वजाएर बत्ती बाल्दै बौद्धविहार र चैत्यहरूको प्रदक्षिणा गर्ने परम्परागत जात्राको पुनर्स्थापना गरिएको हो भन्ने जनधारणा छ (वज्राचार्य, ११२०, पृ. ६४ : ६८) ।

संकास्यनगरी : त्रेतायुग समाप्त भएपछि राजा सुधन्वाले इक्षुमतीको किनारामा निर्माण गराएको नयाँ राजधानी (राइट, १८७७,, पृ. ८३) ।

सक्वोयात्रा : श्रावण पूर्णिमाका दिन भनिने साँखु (नेवारीमा सक्व) मा मनाइने वज्रजोगिनीको जात्रा ।

सतार : पूर्वपुरुषको संख्या सात हुनाले सतार भन्ने जातिनाम रहेको अस्तित्वमा आएको हो । यिनको स्थायी वासस्थान हिहिडि पिपिडि (पञ्जाव वा विहार) मा थियो भनिन्छ । किम्वदन्तीअनुसार पिल्चू हाडम (बूढा) र पिल्चू बूढीका सातजना छोरा त्यहीं नै जन्मेका थिए जसबाट सतारवंशको उत्पत्ति भयो । कसैले यिनलाई सौताल भन्दछन् भने राजवंशीहरू चाहिं मितुआ (सम्भवत: मित्रको अर्थमा) भन्दछन् । सतारहरू आफूलाई होर भन्दछन् । यसबाट मध्य एशियाका होरजातिसंग उनीहरूको सम्बन्धवारे अनुमान लगाउन सकिन्छ (श्रेष्ठ, २०२८, पृ. ७८) । झापा र मोरंगतिर बसोवास गर्ने जनजाति जो किस्कु, मुर्मु, केमव्रोम, सोरेन, हासदा, मारन्दी, तुडुलाई आफ्ना पुर्खा मान्दछन् । सतारहरूमा हाल मुर्मू, मर्डी, किस्कू, हेम्बरम्, टुड्डू, बास्की, बेस्रा, सोरेन, हास्दा, पौरिया, चौडे र विदिया आदि १२ थर पाइएका छन् (शर्मा, २०५४, पृ. ५५ : ५६) । आदिकालदेखि निरन्तरपश्चिमबाट पूर्वतर्फ बसाईं सर्दै हिंडेका यिनको जातीय नाउँ सन्थाल मानिएको छ । आफ्ना इष्टदेवता मरांगबुरुलाई यिनीहरू ठाकुर पनि भन्दछन् (शर्मा, २०५४, पृ. १) ।

सत्यवती : कतै कतै धर्मागतदेव वा धर्मदत्त पनि भनिएको पाइन्छ (सिजापति, २०११, पृ. ४) । यो राजाको नाम नभएर विशेषण हो कि भन्ने प्रतीत हुन्छ ।

सन्तानेश्वर : शिवलिंगको रूपमा शिवले सन्तानेश्वर भन्ने नाउँ पाएको प्रतीत हुन्छ । नि:सन्तान स्त्रीहरू ठाडो बत्ती बाल्ने भनी लमजुङको करापुटारमा रहेको महादेवस्थानमा अक्सर मावत्ती भनिने नौसुते वत्ती वाली रातभर ठाडै उभिएर जाग्राम वस्दछन् भने कोही अठहत्तर सूत मिलाई आफना पतिको शिरदेखि नापी दोव्व्याएर वनाइने पुरुषवत्ती वाली रातभर जाग्राम वस्दछन् । कोही लाखवत्ती वाल्दछन् । सन्तानको कामना गरी रातभर वत्ती वालेर जाग्राम वसेमा मनोकांक्षा पूरा हुन्छ भन्ने जनधारणा छ (श्रेष्ठ, २०६०, पृ. ५) । हेर्नु, ईशानेश्वर ।

सर्वेश्वर : सर्वपादाचार्यले पूजा गर्दा जलघडावाट प्रकट भएका शिव हुनाले यो नाम अस्तित्वमा आएको हो भनिन्छ । १०८ कलात्मक टुँडालले सुसन्नित पाँछतले सर्वेश्वरको मन्दिरको निर्माण ने.सं. ५१२ (ई.सं. १३९१) मा जयभीम नामका महाजनले आफ्नी परलोकवासी पत्नी अनन्तलक्ष्मीको आत्माको चिरशान्तिका लागि गराएको वर्णन उन्मत्तभैरवको पेटीमा रहेको शिलापत्रवाट थाहा

पाइन्छ । नेपाली छाने शैलीमा निर्मित यस मन्दिरका भिंगटीका छानाको बनोट, ढोका, भ्याल, दलिन, तोरणका काष्ठकलाकृति उत्कृष्ट छन् । यस मन्दिरको गर्भगृहको बीचमा स्थापित लिंग नै सर्वेश्वर हो । यस मन्दिरभित्र उत्तरपूर्व कुनामा सानो कुम्भेश्वरको शिवलिंग पनि स्थापना गरिएको छ (पौड्याल, २६०, पृ. २ : ३) । हेर्नू, कुम्भेश्वर ।

सातदोबाटो : ललितपुरनेर सात दिशाबाट आउने बाटोहरूको संगमस्थल जहाँ हिजोआज मत्सेन्द्रनाथको रथजात्राको क्रममा नरिवल खसाल्ने जात्रा सम्पन्न गरिन्छ ।

सार्थवाह : संस्कृत भाषाबाट लिइएको तीन पदयुक्त (स अर्थात् सहित, अर्थ याने धन वा तात्पर्य एवं वाह अर्थात् बोक्ने वा धारण गर्ने) यस शब्दले व्यापारी दलको नेतालाई बुझाउँछ । दुर्गम बाटो पार गरी परदेशमा गई व्यापार गर्नेहरूका नेतालाई लिच्छवि कालदेखि सार्थवाह भनिन्थ्यो । नेपालमा यस शब्दको पहिलो प्रामाणिक उल्लेख लिच्छवि राजा मानदेव प्रथमको नालाको टेबहाल अभिलेख (ई.सं. ४८९) मा भएको पाइन्छ । त्यसमा गुहमित्र नाउँ भएका सार्थवाहले सूर्य देवतामा अति भक्ति गरी इन्द्र नामले सूर्य मूर्ति स्थापना गरेर केही खेत पनि दान गरेको उल्लेख छ । तिब्बतमा व्यापार गर्न गएका व्यापारीहरूका नेता सिंहसार्थवाहसम्बन्धी किम्वदन्ती पनि प्रचलित छ ।

सावाबु (नेपालीमा भगवान् खेत) : नेवारीमा सा भनेको गाई, वा भनेको जोत्नु र बुँ भनेको खेत हुन्छ । तसर्थ गोरुले जोतेको खेत भन्ने अर्थमा नेवारीमा सावाबुं भनिएको हो । भारतीय राजदूतावासको दक्षिणपश्चिमतर्फ रहेको यो खेत नेपालीमा भगवान् खेत भनिन्छ । हाल ठमेलका पुरोहितहरूको स्वामित्वमा रहेको यसै खेतमा उपत्यकामा सर्वप्रथम रोपाईं गरिन्छ (राइट, १८७७, पृ. ८५) .

सिंजा : सिंजाखोलाको फाँटमा दायाँ मैपानी कर्णाली, बायाँ तिलानदी कर्णाली, मध्य हिमनदीको आग्नेय कोणमा संवत् ११८० तिर खसराज्यको राजधानीको रूपमा नागराजाले बसाएको बस्ती (श्रेष्ठ, २०४४, पृ. १५८) ।

सिंजापति : जुम्लाका राजाको उपाधि ।

सिंहसार्थवाह : देशविदेशमा गएर पण्यवस्तुहरूको आदानप्रदान गर्ने व्यापारीदलको नाइके कुनै ऐतिहासिक व्यक्ति । सम्भवतः वर्तमान उत्तर प्रदेश (भारत) का एक व्यापारी जो किम्वदन्तीअनुसार ऊ प्राचीन राजधानी सिंहकल्पनगरका राजा सिंहकेशरको समयमा ५ सय व्यापारीहरूको दलको नेतृत्व गर्दै रत्नाकर (ल्हासा) गएको थियो र करुणामयको कृपाले सकुशल नेपाल फर्केपछि राजा समेत बनेको थियो । सिंहसार्थवाहले दशौं एघारौं शताब्दीतिर नेपाल हुँदै तिब्बतदेखि अरब देशहरूसम्म व्यापार गर्नेगरेको अनुमान हुन्छ । उसैले ठमेलटोलको उत्तरपूर्व कुनामा अवस्थित थबहिल (विक्रमशील महाविहार) निर्माण गराएको हो भनिन्छ । यस विहारको प्रवेशद्वारबाट दाहिनेतिर अजिमा (मातृदेवी) को एउटा सानो मन्दिर छ जुन किम्वदन्ती जनधारणाअनुसार सिंहसार्थवाहले ल्हासाबाट पछ्याउँदै

आएकी यक्षणी (राक्षस्नी) पत्नीको निम्ति दिइएको स्थान मानिन्छ (अमात्य, १९९१, पृ. १०५ : १०६)।

सिकन्द्र खड्का : सम्भवत: अछाममा जुम्लाका राजा सिंजापतिका प्रतिनिधि।

सिमरा : कुनै समयमा श्रृंगी ऋषिको आश्राम रहेको ठाउँ हुनाले श्रृंगीआश्रामको अपभ्रंशबाट सिमरा भनिएको प्रतीत हुन्छ।

सिम्रौनगढ (सिमाङ्गढ, सिमरनीगढ, सिमरौनगढ, सिमरावनगढ, सिमदवनगढ) : श्रृंगी ऋषिको आश्रम रहेको हुँदा सिमरा भनिएको वनमा कर्नाटकवंशी राजा नान्यदेव (राज्यकाल : ई.सं. १०९७ सम्म) द्वारा वनाइएको किल्ला हुनाले सिमरावनगढ (श्रेष्ठ, २०४४, पृ. १६० : १६१) वा पहाडखण्ड र मधेशखण्डको सीमान्तवर्ती दूर्ग हुनाले सिमाड गढ (सिजापति, २०११, पृ. ४९ : ५२) भन्ने नाम अस्तित्वमा आएको मानिन्छ। उच्चारणसाम्यका कारण नेवारी (नेपालभाषा) मा प्रचलित किम्वदन्तीकै अनुरूप यसको अर्थ „सिद्धिन नसकेको गढ„ भन्ने लगाइनु सार्थक नै देखिन्छ। वारा जिल्लाको सीमान्तमा अवस्थित गोलागञ्ज, उचिडी, अमृतगञ्ज र हरिहरपुरको संयुक्त नाउँ गढ रहेको छ जसको चारैतिर लगभग १४ कोसको क्षेत्रफललाई अग्लो ढिस्कोले बेह्रिएको छ। हाल रुख र वुट्यानहरू उम्रिएको यस ढिस्कोलाई बाही भन्दछन् (श्रेष्ठ, २०३३, पृ. १ : २, १० : १३)। यहाँ कर्णाटकवंशी सात राजाहरू (नान्यदेव, गंगादेव, नृसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भूपालसिंहदेव र हरिसिंहदेव) ले ईसाको एघारौं शताव्दीदेखि चौद्धौं शताब्दीसम्म शासन गरेको पाइन्छ। सिम्रौनगढमा ई.सं. १३१४ मा वंगालमा हमला गरी फर्कन लाग्दा दिल्लीका सुल्तान गयासुद्धिन तुगलकको सैन्यले आक्रमण गरी ध्वस्त पारिदिएको थियो (श्रेष्ठ, २०६०, पृ. ३८ : ४०)।

सिरिजंगा : ईसाको नवौं शताव्दीतिरका किरात शासक।

सिरिजंगालिपि : सिरिजंगा भन्ने किरात राजाले आविष्कार गरेको मानिने लिपि। यसमा पहिले २० अक्षर मात्र थिए, तर पछि ११ अक्षर थपिए। यसमा एउटै व्यंजन अक्षरले सघोष र अघोष दुवैको काम दिन्छ भने मात्रा चाहिं १० थरीका छन्। यसमा अकार छैन, तर आ, ओ तथा ए दुई दुई थरीका छन्। सातौं शताव्दींतिर मोरोड (मुड मावरोड) भन्ने राजाले आविष्कार गरेको मानिने रोड लिपि पनि किरातहरू प्रयोग गर्दछन् (चेमजोड, लिम्वू, नेपाली अंग्रेजी शव्दकोश, पृ. १६ :२०)।

सिलगढी : डोटी जिल्लाको सदरमुकाम। शिलादेवीको उत्पत्ति भएको स्थलमा किल्ला वनेको हुँदा सिलगढी नाम रहन गएको हो (श्रेष्ठ, २०४४, पृ. १६१)। यहाँ शैलेश्वरी (शिलादेवी) को मन्दिर रहेको छ।

सीता : राजा जनकले हलोले जोत्दा जमीनको डोववाट उत्पन्न भएकी हुनाले सीता नाम रहेको हो भनिन्छ। वैशाख शुक्ल नवमीका दिन सीताको जन्मजयन्ती मनाइन्छ। यस दिन जनकपुरको जानकी मन्दिरमा विशेष रूपले पूजा

गरिन्छ र त्यहाँ ठूलो मेला लाग्दछ । कर्णाली क्षेत्र (खास गरी दैलेख र जाजरकोट) मा प्रचलित लोकरामायणमा सोह्र सय ऋषिहरूले लंकाको राजा राउन्ने (रावण) लाई सिर्तो वुझाउन कान्छी औंला काटेर रगत निकाली भरेर दिएको चाँदीको विर्को भएको सुनको गवुवा गंगामा फ्याँकिएको र त्यसै गवुवावाट सीताको उत्पत्ति भएको कथा पाइन्छ (वन्धु, २०५८, पृ. २३०) ।

सुनखानी : दोलखा वजारवाट करीव तीन कोश पूर्वोत्तर भागमा अवस्थित एक गाउँ ।

सुनुवार : सुनुवार जातिको किम्वदन्तीअनुसार किरात जातिका पाँच भाइमध्ये क्रमश: जेठोवाट सुरेल, माहिलोवाट सुनुवार, साहिंलोवाट खम्वु (राई), काहिंलोवाट लिम्वु र कान्छोवाट हायु जातिको वंशक्रम चलेको हो भन्ने जनधारणा छ (मेचीदेखि महाकाली, भाग १, पृ. ६७८) । किरात वंशावलीअनुसार चाहिं मुक्तिक्षेत्रका राजा सूर्यमण्डपका छोरीपट्टिका नाति सुन्दरसिंहका ५ छोराहरू क्रमश: लालसिंहवाट हायु, सुरसिंहवाट सुरेल तथा जिरेल रामसिंहवाट सुनुवार, मानसिंहवाट राई तथा धनसिंहवाट लिम्वु जातिको उत्पत्ति भयो (जिरेल, १९९२, पृ. १४ : १६) । सुनुवारहरू विहावारीमा दशथर र वाह्रथर वार्दछन् । वाह्रथर सुनुवार सवर्ण हिन्दूहरूको सोझै सम्पर्कमा आएको हुँदा अधिकांश सामाजिक र धार्मिक कृत्य पनि व्राह्मणद्वारा नै गराउँछन् ।

सुप्रभा (सुप्रभानगरी) : थानकोट भेकतिर रहेको मानिने प्राचीन नगर । द्वापरयुग १६ हजार वर्ष वाँकी रहँदा पूर्वतर्फ वसेका किरातहरूले पश्चिमतर्फ सरेर यहाँ वसी देशको शासन गर्न थाले (राइट, १८७७, पृ. ८९) ।

सुरीक्षेत्र : दोलखा जिल्लाको सुरीतिनेखु हलेश्वरअन्तर्गत पर्ने सुनी खोलाको वायाँ किनारमा अवस्थित सुरी दोभान र खहरे भन्ने ससाना गाउँहरू । यहाँ ३२ घरपरिवारमा वस्ने सुरेलहरूको संख्या १५० जति पुग्छ ।

सुरेल : किरात जातिकै एक शाखा (वंशावलीअनुसार चाहिं सुरसिंहका सन्तान) मध्ये सुरी क्षेत्रमा वसोवास गर्नेहरू सुरेल भनी प्रसिद्ध भए । आफूलाई किराती अथवा सुनुवार वताउने सुरेलहरू पुरानो सुनुवार भाषा वोल्नछन् । हाल सुरीक्षेत्रमा दुर्विचा, चेस्पोचा (दरकात्च), रोंकु, गलेरुङ (गुरुङ) र याताजेठी भनिने पाँच थरका सुरेलहरू छन् । पहिले दिगर्चा, गौगग्चा, गोरोत्चा, कियोम्पत्रित्चा, कोनासु, लार्गली, लोंकुत्चा, परगत्चा, तोंपुत्चा इत्यादि थरहरू पनि थिए भन्ने सुनिन्छ ।

सुर्मासरोवर : वझांगे राजाहरूको दरवार रहेको चैनपुरवाट १६ कोस टाढा अवस्थित ताल । आँखाको आकार भएको कुण्ड हुनाले सुर्मा सरोवर भनिएको यस तालको भित्तामा रहेका पत्थरहरू सुनका ढिकाजस्ता देखिन्छन् भन्ने यात्रीहरू वताउँछन् । यसै सरोवरवाट वाहुलीगाड नामक खोला वगेको छ जुन सेती नदीमा मिल्दछ । ऋषितर्पणीका दिन यहाँ ठूलो मेला लाग्छ । चैनपुरमा रहेको सुर्मा रानीको मन्दिरमा चाहिं कार्तिक पूर्णिमाका दिन मेला लाग्छ ।श्रेष्ठ, २०४४, पृ. १६६) ।

सूर्यविनायक : सूर्यावलोकनबाट उत्पन्न भएको गणेश हुनाले सूर्यविनायक भनिएको हो । सन्तानप्राप्तिको निम्ति सूर्यविनायकको पूजा गर्ने चलन छ । बोल्न नसक्ने बालबालिकालाई सूर्यविनायकको समीपमा एक्लै छोडेमा बालकको चिच्याहटबाट बोली फुटेर बोल्न सक्छ भन्ने जनधारणा छ । मंगलवार परेको चतुर्दशीका दिन हनुमन्ते खोलाको मंगलघाटमा स्नान गरी त्यहाँबाट केही पर रहेको मंगलेश्वर महादेव तथा मंगलगणेशको दर्शन गरेर सूर्यविनायकको पूजा गर्ने मेला लागदछ ।

सुवर्णपुरी (सुवर्णनगरी) : सम्भवत: वर्तमान देउपाटन ।

सेरा : चौलाने र महाकाली नदीको संगमस्थल जहाँ श्मसानघाट रहेको छ । चौलाने र महाकालीलाई पतिपत्नीको रूपमा विचार गरिन्छ । चौलाने नदीको पानी चामल पखालेको जस्तो सेतो र महाकाली नदीको पानी चाहिं कालो हुनाले संगमस्थलनेर महाकाली नदी तल र चौलानेनदी माथि रहेको प्रतीत हुन्छ ।

सोरठी : नर्तनविद्यामा निपुण मानिने एक काल्पनिक सर्वश्रेष्ठ सुन्दरी । सोरठी नामले सोह्रको अंकसित सम्बन्ध राखेको प्रतीत हुन्छ । नृतकीहरूको श्रृंगारलाई सोह्रश्रृंगारको नाम दिइएझैं सोरठी नाच्ने ढंगलाई सोह्रताल भनिन्छ भने नृत्यको अभिव्यक्तिलाई सोह्रकला भनिन्छ (थापा, ? पृ. ५९) । गण्डकी प्रदेशका गुरंग समाजमा गाइने सोरठी (गीति काव्य) मा सोह्र महीनामा जन्मेकी मैंया हुनाले सोरटी नाम रहेको भन्ने जनधारणा छ (मल्ल, २०२७, पृ. ७) । नेपालमा प्रचलित राजा जयसिंह तथा रानी हैमतीकी पुत्री सोरठीको जीवनचरित्रमा आधारित लोकनाटकलाई पनि सोरठी नै भन्दछन् । थारु समाजमा प्रचलित लोकनाट्यको कथामा चाहिं कटकका राजा रोडमलकी पुत्री भनिएको छ (बन्धु, २०५८, पृ. २७१ : २७२) ।

सोरठीनाच : यो कथानक नृत्य प्राय: दशैं र तिहारतिर निकालिन्छ । सोरठीको कथामा राजा र रानीको बिलौनाको प्रमुख स्थान छ । सोरठीका धेरै खण्डहरूमध्ये एक जन्मको कथा अर्थात् पहिलो खण्ड नेपालको पहाडी भेगतिर र दोस्रो खण्ड तराई भेगतिर प्रसिद्ध छ, तर बाँकी जन्मका अन्य खण्डहरू चाहिं भारतका विभिन्न प्रदेशहरूमा प्रचलित छन् भन्ने जनधारणा छ । नेपालमा मेचीदेखि महाकालीसम्मको पहाडखण्डमा सिंगारु, ख्याली, टप्पा, मारुनी, झ्याउरे, बालुन, देउडा, भजन, संगिनी, पैसेरी, रोइला, चुड्का, फाक, सारंग र चरिभ समेत सोह्र नाचलाई सोरठी भन्दछन् ।

स्कन्दपर्वत (नेवारीमा चासंगुँ) : बनेपानजीकै चण्डेश्वरीको मन्दिरनेर रहेको पर्वत ।

स्यूबाघ (शिवावाहन : सिउबाघ) : सम्भवत: शिवावाहन अर्थात् संस्कृतमा पार्वतीको अर्को नाम शिवा देवीको वाहन सिंह भन्ने अर्थमा शिवावाहनको अपभ्रंशबाट नेपालीमा यो अलौकिक जीवको नाम अस्तित्वमा आएको हो । कर्णाली प्रदेशमा प्राचीन राजप्रासादमा द्वारपालको रूपमा स्थापित सिंहमूर्तिलाई पनि लोकले

स्यूवाघ भन्ने गरेको पाइन्छ (नेपाल, २०५०, पृ. ९८) । जुमलेश्वर वंशावलीमा लेखिएअनुसार मुगुका छिछिमलामा एकपटक एउटा पुतलीको नृत्य हेरेर हाँसेपछि त्रिपुरसुन्दरी तथा कनकसुन्दरी भनिने देवीहरू सिंहका रूपमा आकाशबाट अवतरित भई लड्न लागेको हुँदा छिनासिम राजधानी ध्वस्त भएको थियो -पाण्डेय, २०३५, पृ. १४६) ।

स्वप्नतीर्थ : टोखा शहरको उत्तर भागमा पर्ने एउटा खहरे कुलो । यहाँ हरेक वर्ष मेष संक्रान्ति (वैशाख १ गते) का दिन स्नानार्थीहरूको मेला लाग्छ (सिजापति, २०११, पृ. २४) ।

स्वयम्भूक्षेत्र : वाग्मती उपत्यका जहाँ विपस्वीबुद्धले नागह्रदमा रोपेको कमलमा ज्योतिस्वरूप स्वयम्भूनाथको प्रादुर्भाव भयो ।

स्वेतकाली : कुमारीदेवीकी आमा जो नरदेवीको नामले पनि चिनिन्छ।

हरिसिंहदेव : सिम्रौनगढका कर्नाटवंशी अन्तिम राजा । वंशावलीमा 'शाके सम्बत् १२४५ (वि.सं. १३८०) नेपाल सम्बत् ४४४ साल पौष मासका शुक्लपक्ष नवमी तिथि शनिश्चरवारका दिन आरम्भ गरी हरिसिंहदेव राजाले तुलजा भवानीसहित गरी नेपालपुरीमा प्रवेश गरी राजधानी शहर भक्तपुर गर्‍या' (भाषा वंशावली २, २०२३, पृ. ३०) भन्ने लेखिए तापनि वि.सं. १३८१ मा दिल्लीका सुल्तान गयासुद्दीन तुगलक बंगालमा आक्रमण गरी तिर्हुतको बाटो गरी दिल्ली फर्कंदा सिम्रौनगढमा आक्रमण हुन लाग्यो भन्ने सम्झेर हरिसिंहदेवले प्रजा उठाई लड्न तयार भए । गयासुद्दीनको फौजले सिम्रौनगढ ध्वस्त पारिदियो र हरिसिंहदेव ज्यान जोगाई भागेर नेपालको पहाडी भागमा पसे । दोलखातिर पुग्दा तीनपाटन (टिंपाट) भन्ने ठाउँमा उनको मृत्युभयो (भाषा वंशावली २, २०२३, पृ. ३०) । सम्भवतः ई.सं. १३२४ तिर यो घटना घटेको थियो ।

हरेलोदेवता : लमजुङ्गमा खेतीपाती सप्रोस्, कीराफट्यांग्राले वाली नोक्सानी नगरोस्, खेतमा मुसा नलागोस्, कुनै पनि बिघ्नबाधा आइ नपरोस् भन्ने कामना गर्दै दाईं गर्ने खलोमा कृष्णाष्टमीपछिको पहिलो मंगलवार हलीद्वारा पूजा गरिने देवता । यो पूजा गर्नुभन्दा पहिले भलायो भन्ने रुखका हाँगाहरू वा अन्य स्याउला ल्याएर खेतको प्रत्येक खलामा गाडेर राखिएको हुन्छ । त्यस दिन हलीले हाँडीमा धानको भुस वालेर दाईं गर्ने खेतमा लगी भलायोको हाँगा गाडिएको खेतको डिलमा राख्दछ र हरेलोको पूजा गर्दछ । हरेलोद्यौताको उत्पत्ति लमजुङ्ग राजपरिवारसंग गाँसिएको प्रतीत हुन्छ । यस देवताको पूजा गर्ने विधि तनहुँ र कास्कीतिर लमजुङ्गको भन्दा फरक पाइन्छ (श्रेष्ठ, २०६०, पृ. १३७ : १३८)

हारति : वुद्धकी पूर्वजन्मकी आमा मानिने हारतिलाई अजिमा अर्थात् वज्यै वा जिजुआमा भनेर सम्वोधन गरिन्छ । हारतिका मूर्तिहरू दुई प्रकारका पाइएका छन् : पंच ध्यानीवुद्ध वा पंचतत्वको प्रतीकस्वरूप पाँच सन्तानसहित वा दुई हातमा फूल र माछो लिइ राखेको एकल मूर्तिको रूपमा । अधिकांश प्रस्तरमूर्तिहरू लिच्छविकालीन भए तापनि हौगल (पाटन) स्थित मूर्तिचाहिं

किरातकालीन मानिन्छ । हारतिदेवी र शीलतादेवीलाई कसैले दिदीबहिनीको रूपमा मान्दछन् भने कसैले चाहिं शीतलादेवीकै रूपमा पनि मान्दछन् । नेवार समाजमा कुनै बच्चा बिरामी भएमा माथिको अजिमा लागेको ठानेर स्वयम्भूस्थित हारतिअजिमाको मन्दिरमा पूजा गर्ने चलन छ । हरेक दिन त्यहाँ बिहान चार बजेदेखि नै पूजाको थाल लाममा राखेर आफ्नो पालो पर्खनेहरूको भीड लाग्दछ । नेवारहरू धेरै विधिविधानद्वारा सम्पन्न घन्टौं लाग्ने 'छायकेगु' पूजा र राति सम्पन्न गरिने 'चा' पूजा गर्दछन् । (सायमी, २०२९, पृ. ?)

हिमालय : विश्वको सर्वोच्च पर्वतश्रृंखला । संस्कृतमा हिम भनेको हिउँ र आलय भनेको घर हुन्छ र सधैं हिउँ जमिरहने शिखरहरू हुँदा हिमालय (हिमाल) नाम रहन गयो ।

हेटौंडा : हिडम्वा राक्षसको क्षेत्र भन्ने अर्थमा यो स्थाननाम अस्तित्वमा आएको मानिन्छ । यहाँ भुटनदेवीको मन्दिर रहेको छ जहाँ वर्षेनी जात्रा सम्पन्न गरिन्छ ।

हेमवन्ती : अपभ्रंशबाट हेमैती पनि भनिएको पाइन्छ ।

ह्याउख्वाँमैजु : नेवारीमा वज्रजोगिनीलाई सम्भवतः अग्निको प्रतीकको रूपमा ह्याउँख्वा अर्थात् लालवदनी देवी भन्दछन् ।

सन्दर्भ ग्रन्थसूची

अमात्य, १९९१ : Amatya Saphalya, Art and Culture of Nepal (An attempt towerds preservation), Nirala Publications, Jaipur-New Delhi, 1991.

आन्डेरसन, १९७१ : Anderson Mary M. The Festivals of Nepal, George, Allen & Unwin Ltd., London, 1971.

इभानोभ, २००१ : इभानोभ बोरिस, नेपालमा कुमारी पूजा (कुल्त कुमारी भ नेपाले) ।।नेपालको संस्कृति : परम्परा र आधुनिकता (कुल्तुरा नेपाला : त्रादितिसिया इ सोभ्रेमेन्नोस्त), राजकीय कला अनुसंस्धान संस्थान, मास्को : सेन्टपीटर्सवर्ग, ई. सं. २००१, पृ. ३४ : ५४ । (रुसी भाषामा)

उदयानन्द, 2020 : उदयानन्द, कुल वणंन कविता ।।(पाँच शय वर्ष, काठमाडौं, वि.सं. २०२० (नेपाली, पूर्णांक १४) ।

उपाध्याय, २०५४ : उपाध्याय गोविन्दप्रसाद, नेपालको प्रजातान्त्रिक इतिहास-सन्दर्भ, रत्न पुस्तक भण्डार, काडमाडौं, वि.सं. २०५४ ।

उपाध्याय, २००८ : उपाध्याय रामजी, नेपालको इतिहास, काशी, वि.सं. २००८ ।

कक्षपति, २०४३ : कक्षपत सावित्री, प्यूठानको डल्ले सरायँ । गरिमा ४३, वर्ष ४, अंक ७, असार २०४३ । (पृष्ठ २८ : ३१)

कान्तिपुर, २०५९ : कान्तिपुर दैनिक, २४ माघ २०५९ : ७ फरवरी २००३) ।

केशरलाल, १९७१ : Keshar Lal, Lore and Legand of Nepal, Kathmandu, 1971.

कोइराला, २०५० : कोइराला कुलचन्द्र, श्री मत्सेन्द्रनाथको संक्षिप्त परिचय । नेपाली साहित्य वाटिका -पहिलो अंक), नेपाली साहित्य मन्दिर, काठमाडौं, वि.सं. २०५० । पृ. ७२ : ७६) ।

खनाल, १९९६ : खनाल केशवराज, लिम्पियाधुरावाट आएको नदी नै महाकालीको उद्गम हो । पौरख (मासिक), वर्ष १६, अंक ९, डिसम्बर १९९६ ।

गौतम, २०४८ : गौतम श्रीकृष्ण, सीता महाकाली । मधुपर्क : २७०, वर्ष २४, अंक ७, मंसिर २०४८ (नभेम्वर डिसम्वर १९९१) । (पृष्ठ ३२ : ३५)

घिमिरे, २०५८ : घिमिरे श्रीप्रसाद उपाध्याय (एस.पी. आसा), हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष (सवैले थाहा पाउनै पर्ने कुराहरू), प्रकाशक : सुरेशप्रसाद पराजुली, काठमाडौं वि.सं. २०५८ ।

चालिसे, २०३९ : चालिसे विजय, डोटेली लोकसंस्कृति र साहित्य, साझा प्रकाशन, काठमाडौं, वि.सं. २०३९ ।

चेमजोङ, ? : चेमजोड ईमानसिंह, किरातमुन्धुम (किरातको वेद), प्रकाशक : राजेन्द्र राम, चम्पारण (विहार, भारत), ?। (किराती तथा नेपाली भाषामा)

चेमजोङ, २०२१ : चेमजोड ईमानसिंह, किराती दन्त्यकथा, रायल नेपाल एकेडेमी, काठमाडौं, वि.सं. २०२१ ।

चेमजोङ, ? : चेमजोड ईमानसिंह, लिम्वू, नेपाली अंग्रेजी शव्दकोश ।

जिरेल, १९९२ : Jirel Suman Krishna, The Jirels Of Nepal, Jirel Community of Jiri-vally, Dolakha, 1992.

जोशी, २०२७ : जोशी बालकृष्ण, एक शीला, तीन अवतार । आँखा (सार्मयिक साहित्यिक संकलन), दोलखा, वर्ष २, अंक २, वि.सं. २०२७, पृष्ठ ३२:३६ ।

जोशी, २०३५ : जोशी सत्यमोहन, केही नेपाली लोक-देउताहरूको भूमिका । ।नेपाली लोकसंस्कृति संगोष्ठी, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, वि.सं. २०३५ ।

जोशी, २०३९ : जोशी सत्यमोहन, नेपाली चाडपर्व, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, २०३९ ।

जोशी, ११०७ : जोशी सत्यमोहन, ब:चाधंगु नेवा: खँग्व: धुकू (संक्षिप्त नेवारी शव्दकोश), पिकाम्ह : वैकुण्ठप्रसाद लाकौल, यें (काठमाडौं), ने.सं. ११०७ (वि.सं. २०४४) ।

जोशी, २०३७ : जोशी हरिराम, हाम्रो संस्कृति, श्री ५ को सरकार, सूचना विभाग, काठमाडौं, वि.सं. २०३७ ।

जुजु श्रेष्ठ, ११०५ : जुजु वलदेव, श्रेष्ठ सुरेन्द्रमान, नेपा:या तान्त्रिक द्य: व तान्त्रिक पूजा, यें (कान्तिपुर), ने.सं. ११०५ । (नेपालभाषामा)

तर्कनिलमू, १९६८ : तर्कनिलमू, निमा, लेप्चा जातिको उत्पत्ति औ सृष्टिको एक झल्को, श्याम व्रदर्स, दार्जीलिंग, ई.सं. १९६८ ।

तकनिलमू, छिरिङ, ? : तकनिलमू नीमा, छिरिड. सोनाम आदि, लेप्चा लोककथा संग्रह, श्याम व्रदर्स, दार्जीलिंग, ? ।

थापा, ?: थापा भैरववहादुर, सोरठीलाई खोज्दा । प्रज्ञा, काठमाडौं, अंक ८ ।

दिवस, २०३२ : दिवस तुलसी, नेपाली लोककथाको वर्गीकृत सर्वेक्षण (भूमिका) ।नेपाली लोककथा, नेपाल राजकीय प्रज्ञाप्र्रतिष्ठान, काठमाडौं, २०३२ । पृ. १ : ४७ ।

दिवस, २०३९ : दिवस तुलसी, धिमाल लोकधर्म र संस्कृति, नेपाल राजकीय प्रज्ञाप्र्रतिष्ठान, काठमाडौं, वि.सं. २०३९ ।

न:घ:भनी, ?: न:घ:भनी तीर्थलाल, विजास:द्य: । भ्री, दं १२, ल्या ११२, पृ. ७ : ८ ।

नेपाल, २०५० : नेपाल पूर्णप्रकाश यात्री, सीपकानादेखि स्यूनागाउँ रासकोठसम्म ॥नेपाली साहित्य बाटिका (पहिलो अंक), नेपाली साहित्य मन्दिर, काठमाडौं, वि.सं. २०५० । पृ. ९३ : १००) ।

नेपालमाहात्म्य, २०२८ : नेपालमाहात्म्य, अनु. मुक्तिनाथ खनाल, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, संस्कृति विभाग, काठमाडौं, वि.सं. २०२८ ।

नेपाली लोककथा, २०३२ : नेपाली लोककथा, सम्पादक : तुलसी दिवस, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, २०३२ ।

पाच शय वर्ष, २०२० : पाँच शय वर्ष (नेपाली गद्यसाहित्यको ऐतिहासिक संगालो), सम्पादक : बालकृष्ण पोखलेल, जगदम्वा प्रकाशन, ललितपुर, वि.सं. २०२० ।

पाण्डेय, २०३५ : पाण्डेय रामनिवास, पश्चिमी नेपालको शैव-शाक्त परम्परा । ।नेपाली लोकसंस्कृति संगोष्ठी, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, वि.सं. २०३५ ।

पौड्याल, २०३० : पौड्याल रामराज, प्यारो पोखरा । गोरखापत्र, ४ कार्तिक २०३० ।

पौड्याल, २०३४ : पौड्याल रामराज, हाम्रा जनजीवनका पक्षहरू, श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग, काठमाडौं, वि.सं. २०३४ ।

पौड्याल, २०६० : पौड्याल वीणा, सर्वेश्वर महादेव, प्रकाशक : डा. ठाकुरनाथ पन्त स्मृति गुठी, काठमाडौं, वि.सं. २०६० ।

प्रधान, ११२२ : प्रधान इश्वरमान, भ्रीगु तजिलजिइ नखः व जात्रा (हाम्रा चाडपर्व र जात्रा), नेपालभाषा एकेदमि, यें (काठमाडौं), ने.सं. ११२२ (वि.सं. २०५८, ई.सं. २००१) । (नेपालभाषामा)

प्रधान, २०४२ : प्रधान भुवनलाल, वुद्ध धर्म र शाक्यहरू, प्रकाशक : युवा वौद्ध समूह, काठमाडौं, वि.सं. २०४२ (वुद्धाव्ध २५२९) ।

प्रश्रित, २०६१ : प्रश्रित मोदनाथ, नागपञ्चमी र नागजाति : इतिहास खोजको खाँचो ॥कान्तिपुर, ५ भाद्र २०६१ (२० अगस्त २००४)

वज्राचार्य, २०१० : वज्राचार्य अमोघवज्र, कालक्रम । संस्कृतसन्देश, वर्ष १, अंक १० : १२, काठमाडौं, वि.सं. २०१० ।

वज्राचार्य, २०३३ : वज्राचार्य गौतमवज्र, हनुमानढोका राजदरवार, नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं, वि.सं. २०३३ ।

वज्राचार्य, ११२० : वज्राचार्य चुन्दा, नेवाः तजिलजिइ नखःचखः (नेवार जातिका चाडवाडहरू), नेपालभाषा एकेदमि, यें (काठमाडौं), ने.सं. ११२० (वि.सं. २०५७) । (नेपालभाषामा)

वज्राचार्य, श्रेष्ठ, २०३१ : वज्राचार्य धनवज्र, श्रेष्ठ टेकवहादुर, दोलहाको ऐतिहासिक रूपरेखा, नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं, वि.सं. २०३१ ।

बज्राचार्य, २०२० : वज्राचार्य पुण्यरत्न, रहस्यमय कञ्छपालपर्वत १ हिमानी (त्रैमासिक साहित्य संकलन), नेपाली साहित्य संस्थान, काठमाडौं, वर्ष १, अंक ३, चैत्र ज्येष्ठ २०२० ।

बज्राचार्य २०२० : वज्राचार्य पुण्यरत्न, हाम्रो चाडपर्व, रत्न पुस्तक भण्डार, काठमाडौं, वि.सं. २०२० (ने.सं. १०८३) ।

बज्राचार्य, २०२७ : वज्राचार्य मनवज्र, नेपालको मध्यकालीन कला, श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, काठमाडौं, वि. सं. २०२७ ।

बज्राचार्य, २०१९ : बज्राचार्य वर्णवज्र, श्री चण्डेश्वरीको कथा (परणामं सहित), काठमाडौं, वि.सं. २०१९ ।

बज्राचार्य, २०२५ : बज्राचार्य मनवज्र, हाम्रा चाडपर्वहरूको विवेचना, रत्नपुस्तक भण्डार, काठमाडौं, वि.सं. २०२५ ।

बज्राचार्य, २०१९ : वज्राचार्य वर्णवज्र, श्री चण्डेश्वरीको कथा (परणाम सहित) । काठमाडौं, वि.सं. २०१९ (

बन्धु, २०५८ : बन्धु, चूडामणि, नेपाली लोकसाहित्य, एकता बुक्स, काठमाडौं, वि.सं. २०५८ ।

वासुपासा, २०४९ : वासुपासा, कीर्तिपुर (इतिहास संगालो), पासा प्रकाशन, काठमाडौं, २०४९ ।

भट्टराई, २०१३ : भट्टराई मुरलीधर, नेवार और उनकी संस्कृति, काठमाडौं, वि.सं. २०१३ । (हिन्दी भाषा)

भट्टराई, ? : Bhattarai Muralidhar, Cultural History of Nepal, Sanatandharma Sabha, Kathmandu, ?.

भट्टराई, २०३० : भट्टराई, राधेश्याम, दोलखाका भीमेश्वर: एक परिचय । धर्म सन्देश, दिक्तेल, रावा लामीडाँडा (नववर्ष २०३०), वर्ष २, अंक १ । (पृ.ष्ठ ६८ : ७३) .

भण्डारी, २०१५ : भण्डारी ढुण्डिराज, नेपालको ऐतिहासिक विवेचना, प्रकाशिका : कृष्णकुमारी, वाराणसी, वि.सं. २०१५ ।

भाषा वंशावली, २०२३ : भाषा वंशावली, भाग २, प्रकाशक : श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं, वि.सं. २०२३ ।

भिक्षु २०२९ : भिक्षु अमृतानन्द, वुद्धकालीन राजपरिवार, भाग १, संग्रह ३, काठमाडौं, वि.सं. २०२९ (वुद्धाव्द २५१५) ।

मल्ल, २०२७ : मल्ल मोहनवहादुर, सोरठी (गीति काव्य) ॥हाम्रो संस्कृति (लोककथा विशेषांक, दोसो माला), श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, संस्कृति विभाग, काठमाडौं, वि.सं. २०२७, पृ. ५ : ८ ।

महर्जन, २००३ : महर्जन वसन्त, वाघभैरव नाच । स्पेसटाइम दैनिक,

स्पेसर्सविशेष, १८ अक्टोबर २००३।

मानन्धर, ११२३ : मानन्धर ज्ञानकाजी, कुमारी (पूधाः प्याखँ), प्रकाशिका : सुखवेती मानन्धर, बनेपा, ने.सं. ११२३। (नेपालभाषामा)

मानन्धर, ११२५ : मानन्धर ज्ञानकाजी, खड्गजोगिनी (पूधाः प्याखं), प्रकाशिका : सुखवेती मानन्धर, बनेपा, ने.सं. ११२५। (नेपालभाषामा)

मानन्धर, २०६१ : मानन्धर ज्ञानकाजी, नेपाल : आख्यान र नाटक (सांस्कृतिक तथा ऐतिहासिक पृष्ठभूमिसहितको एकांगीसंग्रह), प्रकाशक : सुखवेती मानन्धर, बनेपा, वि.सं. २०६१।

मानन्धर, १९८२ : Manandhar Jyan Kaji. Nepal – Legend & Drama. Banepa, 1982.

मानन्धर, २००२ : Manandhar Jyan Kaji. The Legends of Nepal. Banepa, 2002.

मुखर्जी १९०१ : Mukhrji Purṇachandra. A Report on a Tour of Exploration of the Antiquities in the Terai, Nepal, Archeological Survey of India, 1901.

मुनंकर्मी, २०४३ : मुनंकर्मी लीलभक्त, हाम्रा सांस्कृतिक पर्व र जात्राहरू, प्रकाशक : दयाराम शाक्य, काठमाडौं (दोस्रो संस्करण, वि.सं. २०४३ (ई.सं. १९८७)।

मेचीदेखि, २०३१ : मेचीदेखि महाकाली, भाग १-४, श्री ५ को सरकार संचार मन्त्रालय सूचना विभाग, काठमाडौं, बि.सं. २०३१ (१९७४)।

रञ्जितकार, १९९९ : Ranjitkar Siddhi B., KUMARI: The Virgin Goddess, Delhi, 1999 .

राइट १८७७ : Wright D. History of Nepal, Cambridge, 1877.

राजभण्डारी, १९६९ : Dwarika Prasad Rajbhandari. On the Way to Chepang Villages. -//Vasudha, sept. – okt. 1969. vol. XII, No 10, p. 35-37.

रूपाखेती, २०५४ : रूपाखेती श्रीहरि, चन्दनभराटेश्वर (पुराण, इतिहास र नवनिर्माण), चन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समिति, इटाखेल, काठमाडौं, वि.सं. २०५४।

लेद्कोभ, १९९९ : लेद्कोभ अलेक्सान्द्र, नेपाल : तलेजु ॥हिन्दूधर्मवृक्ष (द्रेभो इन्दुइज्मा), प्राच्य साहित्य प्रकाशनगृह, मास्को, ई.सं. १९९९, पृ. ३९२ : ४२५। (रुसी भाषामा)

लेद्कोभ, २००१ : लेद्कोभ अलेक्सान्द्र, पुरोहितहरू र पदाधिकारीहरू (ज्रेत्सी इ चिनोभनिकी) ॥नेपालको संस्कृति : परम्परा र आधुनिकता, राजकीय कला अनुसंधान संस्थान, मास्को, ई.सं. २००१। (रुसी भाषामा)

शर्मा, २०२६ : शर्मा एस.एल., खोजखाज, काठमाडौं, वि.सं. २०२६।

शर्मा, ? : शर्मा जनकलाल, नेपाली समाजमा भूतप्रेत। मधुपर्क, वर्ष १०,

अंक ३ ।

शर्मा, २०२८ : शर्मा जनकलाल, डोल्पा र अन्य केही स्थलहरूको पुरातात्विक उपलब्धि । प्राचीन नेपाल, अंक १५, वि.सं. २०२८ ।

शर्मा, २०५४ : शर्मा टीकाराम, नेपालका सतारहरू, प्रकाशिका : महेन्द्रलक्ष्मी शर्मा, वासुकीमार्ग, काठमाडौं, वि.सं. २०५४ ।

शर्मा, २०२२ : शर्मा वालचन्द्र, नेपालको ऐतिहासिक रूपरेखा, प्रकाशिका : कृष्णकुमारी देवी, वाराणसी, वि.सं. २०२२ (द्वितीय संस्करण) ।

शर्मा, २०३० : शर्मा रीता, नागवासको पौराणिक कथा । नेपाल, वर्ष ४, अंक २, कार्तिक २०३० ।

शाक्य, ११९४ : शाक्य हेमराज, स्वयम्भू स्थित शान्तिपुर : छगू अध्ययन, प्रकाशम: हेमवज्र बज्राचार्य आदि, यें (काठमाडौं), ने.सं. १११४ (वि.सं. २०५१, बु.सं. २५३७) । (नेपालभाषा)

श्रीतुलजाभवानी, १ : सचित्र तुलजाभवानी महात्म (कथासार आणि उपासना), मानस प्रकाशन, मानस मन्दिर, करौल बाग, दिल्ली ५ । (मराठी भाषामा)

श्रीमद्भागवत, २०४८ : श्रीमद्भागवत् महापुराण : दोस्रो खण्ड (नेपाली भाषामा छाषनुवाद), अनुवादक : स्वामी कृष्णानन्द परमहंस (भक्तकृष्ण नकर्मी), प्रकाशक : अमध्यात्मिक जनजागृति प्रकाशन, सिद्धार्थनगर, वि.सं. २०४८ ।

श्रेष्ठ, १९९३ : श्रेष्ठ कृष्णप्रकाश, नेपालमा पशुपक्षीको पूजा, मास्को, १९९३ । (रुसी भाषामा) ।

श्रेष्ठ, १९९६ : श्रेष्ठ कृष्णप्रकाश, स्वस्थानी (नेपालका पुराकथा र किम्वदन्ती), हिमाल प्रकाशन गुठी, मास्को । (रुसी भाषामा)

श्रेष्ठ २०४४ : श्रेष्ठ कृष्णप्रकाश, स्थाननाम कोश, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, विरसं. २०४४ ।

श्रेष्ठ, १९७१ : श्रेष्ठ कृष्णप्रकाश, यमलोकमा जिउँदो मान्छे : नेपाली लोककथा संग्रह (झिवोइ भ चारस्तभे म्योर्तभिख : स्काज्स्की नारोदोभ नेपाला), मास्को, ई.सं. १९७१ । (रुसी भाषामा)

श्रेष्ठ, २०६० : श्रेष्ठ गंगालाल, नेवा संस्कृतिइ गथामुग: । सन्ध्या टाइम्स, इन्टरनेट, ११ श्रावण २०६० (२९ जुलाई २००३) ।

श्रेष्ठ, २०३३ : श्रेष्ठ तेजप्रकाश, सिम्रौनगढ, लोक प्रकाशन, काडमाडौं, वि.सं.२०३३ ।

श्रेष्ठ, २०६० : श्रेष्ठ तेजप्रकाश, नेपाली लोकसंस्कृति: केही सम्पदा, केही परम्परा, साझा प्रकाशन, काडमाडौं, वि.सं.२०६० ।

श्रेष्ठ, १११५ : श्रेष्ठ वालगोपाल, सक्व देया देवी प्याखँ (साँखुको देवीनाच), पिकाक : रामभक्त भोंमि, सक्व (साँखु), ने.सं. १११५ (ई.सं. १९९५) ।

श्रेष्ठ, १०८० : श्रेष्ठ भगवतीप्रसाद, सामान्य ज्ञान, नेपालभाषा परिषद, कान्तिपुर, ने.सं. १०८० (ई.सं. १९६०) ।

श्रेष्ठ, ११०६ : श्रेष्ठ स्वयम्भूलाल, स्वयम्भूलाल श्रेष्ठया ल्यया च्वखँ (छगूगु व्वति), लोक साहित्य परिषद्, यल (ललितपुर), ने.सं. ११०६ (वि.सं.२०४३)।

श्रेष्ठ, २०२८ : झापाका सतार : एक परिचय ।।हामी नेपाली, श्रेष्ठ प्रकाशन, ललितपुर, वि.सं. २०२८, पृ. ७८ : ८०।

सायमी, २०१९ : सायमी धूस्वाँ, हारति अजिमा : एउटा परिचय। नेपाल, वर्ष १, अंक १, वैशाख १, वि.सं. २०१९।

सायमी, १९७२ : Sayami Dhooswan, The Lotus & the Flame (An Account on Nepalese Culture), Department of Information, Ministry of Communication, HMG, Nepal, Kathmandu, 1972.

सिजापति, २०११ : सिजापति ललितजंग, नेपाली ऐतिहासिक कथासंग्रह, नेपाली भाषा प्रकाशिनी समिति, काठमाडौं, वि.सं. २०११।

सुव्वा, २०३७ : सुव्वा मायादेवी, श्री शैलेश्वरी (ऐतिहासिक लोककथा)। रत्नश्री (द्वैमासिक), वर्ष १८, अंक २, असोज कात्तिक, वि.सं. २०३७। (पृष्ठ ४८ : ५३)

कृष्णप्रकाश श्रेष्ठ



व्यक्तिवृत्त :

जन्म : ई.सं. १९३८ (वि.सं. १९९५ मङ्सिर)
जन्म स्थान : चुनिखेल, शोणितपुर (थानकोट), काठमाडौं,
शिक्षा : एम.ए. (पत्रकारिता, मास्को), नेपाली साहित्यालोचनात्मक चिन्तनको विषयमा विद्यावारिधिको लागि अनुसंधान, मास्को, रुस),
संप्रति : रेडियो मास्कोको नेपाली सेवाको संचालक, उद्घोषक र अनुवादक (ई. सं. १९६३ अक्टोवरदेखि)मा कार्यरत। प्राच्यविद्या संस्थानअन्तर्गत भारतीय अध्ययन केन्द्रमा वैज्ञानिक सल्लाहकार (ई.सं. १९९९ जूनदेखि)।
पुरस्कार : जगदम्बा श्री पुरस्कार (२०५९)
सम्मान : साहित्यानुरागीप्रति पुश्किन स्वर्णपदक (रुसी वाङ्मय प्रज्ञाप्रतिष्ठान, मास्को)
ठेगाना : रुस, मास्को ११७४२१, लेनिन्स्की प्रास्पेक्ट, भवन नं. ९९, फ्ल्याट नं. ५०३।

साहित्यिक गतिविधि :

विभिन्न शव्दकोष र संग्रहहरूको सम्पादन, रुसी भाषामा कतिपय नेपाली कृतिहरूको अनुवादक, रुसी र नेपाली भाषाहरूमा मौलिक कृतिहरूको लेखन।

रुसी भाषामा प्रकाशित केही महत्वपूर्ण कृतिहरू :

१. नेपालमा पशुपक्षीको पूजा, मास्को, ई.सं. १९९३
२. नेवारी साहित्य, मास्को, ई.सं. १९९५
३. यमलोकमा जिउँदो मान्छे : नेपाली लोककथा संग्रह (सहअनुवाद)। मास्को, ई.सं.
४. कल्चौडी चरीको ठुंग र नंग्रा पहेंला किन : बाल लोककथा संग्रह (सहअनुवाद), ई.सं. १९८९
५. मात्र एक मित्र (लैनसिंह बांगदेलको लघुउपन्यास लंगडाको साथी)। प्राच्य साहित्य अंक १४, मास्को, ई.सं. १९८६,
६. टुहुराहरूका राजा (रमेश विकलको कथा फुटपाथ मिनिस्टर्स)। प्राच्य साहित्य अंक १४, मास्को, ई.सं. १९८६,

नेपाली भाषामा प्रकाशित पुस्तकहरू :

१. रुसमा नेपालको अध्ययन, नेपाल सोभियत सांस्कृतिक संघ, काठमाडौं, ई.सं. १९८०
२. स्थाननाम कोश, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, ई.सं. १९८७
३. नेपालभाषा साहित्य, हिमाल प्रकाशन गुठी, काठमाडौं, ई.सं. १९९७
४. रुसमा नेपालको छवि, हिमाल प्रकाशन गुठी, काठमाडौं, ई.सं. २०००
५. नेपाली समालोचक र समालोचना, तन्नेरी प्रकाशन, काठमाडौं, वि.सं. २०५७

सम्पादन :

१. रुसी नेपाली शव्दकोष, रुसी भाषा प्रकाशनगृह, मास्को, ई.सं. १९७५
२. नेपाली नेपालभाषा शव्दावली, विश्व साहित्यानुवाद संस्थान मास्को-काठमाडौं, ई.सं. १९७८
३. संक्षिप्त अंग्रेजी नेपाली पारिभाषिक शव्दावली, विश्व साहित्यानुवाद संस्थान, मास्को-काठमाडौं